CC-0. In Public Domain. Digitization by eGangotri

A3 51

नेपालका जातीय संस्कार

खण्ड दुई

सम्पादक

प्रा.डा. प्रेम खत्री

नेपाल प्रज्ञा-प्रतिष्ठान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालका जातीय संस्कार

[भाग २]

सम्पादक

प्रा.डा. प्रेम खत्री

नेपाल प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालका जातीय संस्कार

सम्पादक : प्रा.डा. प्रेम खत्री
संस्करण : पहिलो, वि.सं. २०७० (१२०० प्रति)
प्रकाशक : नेपाल प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौँ
टङ्कन : रञ्जन घिमिरे
आवरण सज्जा : वसन्तराज अज्ञात
मूल्य : रु. ३६०।-
मुद्रण : हिसि अफसेट प्रिन्टर्स

ISBN : 978-9937-589-38-3

NEPALKA JAATIYA SAMSKAR- PART TWO

Edited By : Prof. Dr. Prem Khatry

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुलपतिको मन्तव्य

नेपाल प्रज्ञाप्रतिष्ठान नेपालको सांस्कृतिक, भाषिक र धार्मिक विविधतालाई ध्यानमा राखी समग्र वाङ्मयको संरक्षण र संवर्धन गर्नाका निम्ति सङ्गठित संस्था हो । नेपालका दर्शन, संस्कृति, भाषा, साहित्य, सङ्गीत, कला, नाट्य, सामाजिक शास्त्र आदिको अध्ययनअनुसन्धान गराई तिनको प्राज्ञिक परम्परालाई सबल वनाउन २०१४ साल असार ९ गते नेपाल एकेडेमी (पछि रोयल नेपाल एकेडेमी र नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान)को स्थापना भएको थियो । २०६२/०६३ सालको जनआन्दोलनको सफलताबाट नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भयो र नेपाल प्रज्ञाप्रतिष्ठान नेपालका सबै जातिका भाषा, साहित्य, संस्कृति, दर्शन र सामाजिक शास्त्रजस्ता वाङ्मयसँग सम्बन्धित प्रज्ञाको केन्द्र बन्यो । नेपाली वाङ्मयका यी प्रत्येक विषय र यिनका विभिन्न विधामा अध्ययन-अनुसन्धान गराई प्रकाशनमा ल्याउनु, पुराना ज्ञानको संशोधन र विस्तारका साथै नयाँ ज्ञानको स्थापना गर्नु र नेपालका लोपोन्मुख जातिका भाषा, लिपि, संस्कृति, श्रुतिपरम्परा, जीवनपद्धति र साहित्यको खोजी गरी तिनलाई जोगाउनु पनि यस प्रतिष्ठानको प्रमुख दायित्व हो । एक्काइसौं शताब्दीको विश्वस्तरीय द्रुतवेगी ज्ञानप्रवाहबाट नेपाली प्राज्ञिक जगत्लाई र नेपालका नवीन प्राज्ञिक उपलब्धिबाट विश्वसमुदायलाई लाभान्वित तुल्याउनेतर्फ पनि यो प्रतिष्ठान सजग छ । वास्तवमा नेपालका सम्पूर्ण क्षेत्रको प्राज्ञिक उन्नयन र सृजनात्मक समृद्धिका निम्ति अग्रणी भूमिका खेल्दै राजधानी बाहिर पनि अनुकूल वातावरणको सिर्जना गरिदिनु यस प्रज्ञाप्रतिष्ठानको दायित्व र कर्मक्षेत्र पनि हो ।

नेपालभित्र तथा नेपाल बाहिरको सिङ्गो नेपाली प्राज्ञिक जगत्का सबै विद्वान्‌विदुषी, स्रष्टाद्रष्टा तथा प्रज्ञाकर्मीहरूको सद्भाव-सहयोग, गोष्ठी, विचार-मन्थनमा सहकार्य र प्राज्ञिक वैचारिक आदानप्रदानबाट नै नेपाली प्रज्ञाजगत् विश्वको ज्ञानलहरीसँग होस्टेमा हैँसे गर्दै नेपालका ज्ञानपरम्पराको समुन्नयन गर्न र राष्ट्रिय गौरवको श्रीवृद्धि गर्ने कार्यमा समयोचित योगदान गर्न नेपाल प्रज्ञाप्रतिष्ठान सफल हुनेछ भन्ने दृढ विश्वास लिएको छु ।

(बैरागी काइँला)
कुलपति
नेपाल प्रज्ञाप्रतिष्ठान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकीय

संस्कार कुनै पनि व्यक्तिले जीवन निर्वाह गर्ने क्रममा सामूहिक रूपमा पालन गर्नुपर्ने जातीय आचार-व्यवहार हो। जाति भनेको समान सांस्कृतिक जीवनपद्धति र संस्कारका अनुयायी व्यक्तिहरूको समूह हो। व्यक्ति कुनै जातजातिविशेषमा अनुबन्धित रहने गर्छ भने जाति कुनै खास राष्ट्रमा अनुबन्धित रहन्छ। यसरी व्यक्ति, जाति र समाज विशेष प्रकारका सांस्कृतिक व्यवहार एवं संस्कारले बाँधिएका हुन्छन्। त्यसैले कुनै पनि समाज बुझ्न त्यसमा रहेका जाति समूहको सांस्कृतिक आचार-व्यवहार बुझ्न सक्नुपर्छ। बहुलताको धरातलीय जगमा अडिएको समाजमा त समूहसमूहगत पहिचान र तिनका बीचमा स्वाभाविक रूपमा कायम रहेको अन्तर्सांस्कृतिक अन्तर्निर्भरता बुझ्न सक्ता मात्र समग्र समाज चिन्न सकिन्छ। यसरी हेर्दा बहुलताको जगमा अडेको हाम्रो नेपाली समाजभित्र रहेका जातजातिका जीवनपद्धति र त्यस्ता जीवनपद्धतिगत विविधताबीच रहेको अन्तर्निर्भरताले सृजना गरेको साझापनलाई पहिचान गर्न सक्ता मात्र समग्रमा नेपाली समाजलाई बुझ्न सकिन्छ।

नेपाली समाजको यो विशष स्थितिलाई चिन्न पहिला जातिजातिका संस्कारको पहिचान हुनु आवश्यक हुन्छ। यस्तो पहिचानले बहुलताको जगमा रहेको समाजको अन्तर्सांस्कृतिक निर्भरतालाई पनि देखाउँछ। यही कुरालाई ख्याल गरी नेपाल प्रज्ञाप्रतिष्ठानले नेपालमा रहेका विविध जातिका संस्कारलाई सर्वप्रथम सार्वजनिक गर्ने र पछि तिनका बीच रहने अन्तर्सम्बन्धलाई खोज्ने अभिप्रायले विभिन्न जातिका संस्कारहरूलाई सरोकारवाला जातिकै विज्ञहरूबाट लेखाउने र तिनलाई प्रकाशित गर्ने सोच बनाएको हो। यसरी वि. सं. २०५३ देखि नै विशेष परियोजना र कार्यक्रममार्फत नेपालका विविध जातजातिका संस्कारको परिचय खोज्ने कार्यको थालनी गरेको हो। यो कार्य वि. सं. २०५३ देखि आजसम्म निरन्तर रूपमा चलिरहेकै छ। यसबीचमा अध्ययन गरेर तयार पारिएका विविध संस्कारहरूलाई लिपिबद्ध गरी पुस्तकका रूपमा प्रकाशित गर्ने योजनाअन्तर्गत **नेपालका जातिय संस्कार खण्ड दुई** पाठकहरूका समक्ष प्रस्तुत गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालका विविध जातका संस्कारगत विविधतालाई खण्डखण्ड गरेर सार्वजनिक गर्न आर्थिक र अन्य प्राविधिक कारणले सहज ठान्यो– प्रज्ञाप्रतिष्ठानले । त्यसैले प्रस्तुत सामाजिक संस्कार भाग-एकमा नेपालका विभिन्न पन्ध्र जाति-जनजातिका संस्कारलाई समावेश गरिएको छ । यसपछि क्रमश: नेपालका सामाजिक संस्कारका अरू भाग पनि प्रकाशित हुँदै जानेछन् ।

प्रस्तुत भाग-दुईमा सङ्गृहीत पन्ध्र जातिका संस्कारहरूको अध्ययन र सङ्कलन सोही जातिका विज्ञहरूवाट गराइएको हो । सरोकारवाला जातिका विज्ञहरूवाट नै यस्ता जानकारी बटुल्दा अधिकतम प्रामाणिक र आधिकारिक हुने कुरामा विमति हुनै सक्तैन । सरोकारवाला विज्ञबाटै प्रत्यक्ष सूचना बटुल्ने प्रज्ञाप्रतिष्ठानको अभिप्रायलाई बुझेर प्रस्तुत पुस्तकका लेखहरू तयार पार्न सम्बन्धित विज्ञहरू तयार रहनुभयो र प्रज्ञाप्रतिष्ठानको अनुरोधलाई स्वीकार गरी यो सङ्ग्रहका लेखहरू तयार पारी प्रतिष्ठानलाई उपलब्ध गराउनुभयो । विज्ञहरूको यो सहयोगको सराहना गर्दै उहाँहरूप्रति नेपाल प्रज्ञाप्रतिष्ठान आभार व्यक्त गर्दछ । यस्तै विविध जातिका संस्कारहरू विविध विज्ञहरूद्वारा प्रस्तुत गर्दा प्रस्तुतिगत विविधता रहनु स्वाभाविक थियो । त्यस्ता विविधताबीच एकरूपता रहनु आवश्यक थियो । त्यही आवश्यकतालाई महसुस गरी यी सबै लेखहरूमा प्रस्तुतिगत एकरूपता कायम गर्दै तिनका विविध पक्षसमेतको सम्पादन गर्ने जिम्मा हामीले संस्कृतिविद् प्रा. डा. प्रेम खत्रीजीलाई सुम्पेका थियौँ । प्रा. खत्रीजीले पनि यथासमयमा नै आफ्नो सम्पादनकार्यको जिम्मेवारी पूरा गरी प्रस्तुत सङ्ग्रहको सम्पादित सामग्री प्रतिष्ठानलाई उपलब्ध गराउनुभयो र यो पुस्तक यो रूपमा पाठकसमक्ष आउन सकेको छ । यस सन्दर्भमा प्रा. खत्रीजीका सम्पादनकार्यको सराहना गर्दै प्रज्ञाप्रतिष्ठानका तर्फबाट उहाँलाई पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

यस्तै सामाजिक संस्कारको भाग-तीन पनि प्रकाशनार्थ आवश्यक तयारीमा छ । भाग-दुई प्रति पाठकहरूबाट देखाइने रुचिले भाग-तीन बजारमा ल्याउन हामीलाई प्रेरित गर्नेछ । यस अर्थमा प्रस्तुत भाग-दुई प्रति पाठकहरूका प्रतिक्रियाहरूको अपेक्षा हामीहरूले गरेका छौं । यस्ता प्रतिक्रियाले अरू खण्ड सार्वजनिक गर्न हामीलाई ताकेता लाउने कुरा अनुभूत गरी विज्ञ पाठकहरूले आफ्नो कर्तव्य निर्वाह गर्नुहुनेछ भन्ने अपेक्षा राख्दै यो प्रकाशकीय मन्तव्य टुङ्ग्याउँछु । इति ।

२०७०-३-१५

(गङ्गाप्रसाद उप्रेती)
उपकुलपति

कमलादी, काठमाडौँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालका जाति-जनजातिमा प्रचलित सामाजिक संस्कार दोस्रो भागको परिचयात्मक टिप्पणी

– प्रा. डा. प्रेम खत्री

सबै पछाडि परेका जातिहरू, समाज तथा संस्कृतिहरू उठ्नुपर्छ, जाग्नुपर्छ, भन्ने राज्यको, त्यसलाई सञ्चालन गर्ने संयन्त्रको अभीष्ट हुन्छ। स्थायी शान्ति, विकास तथा प्रजातन्त्रको सबलीकरणका लागि यो अपरिहार्य सर्त पनि हो। यस प्रयासको सफलताको लागि पूर्वसर्तचाहिँ जातिहरूको स्वपहिचानको ज्ञान हो।

नेपाल प्रज्ञा-प्रतिष्ठानले नेपालको संस्कृतिमा विविधता थपेर यसलाई विशिष्ट बनाउने, यस देशको एकीकरणदेखि सबै प्रकारका ऊहापोहका साक्षी र भागीदार रहेका सबै जाति, जनजाति, दलित, पिछडिएका लगायत स्वतन्त्र सांस्कृतिक अस्तित्व भएका नेपालीको पहिचानको रूपमा रहेका संस्कारहरूलाई बाहिर ल्याउने अभियान सुरु गरेको छ।

यो ग्रन्थ त्यस अभियानको दोस्रो कडीको रूपमा पाठकहरूको हातमा छ।

जातिहरूका सामाजिक संस्कारको विशेषता के छ भने सयौँको सङ्ख्यामा रहेका र भौगोलिक हिसाबले पनि देशभरि छरिएर रहेका जातिहरू ती सामाजिक संस्कार आ-आफ्नै परिवेशमा आफ्नै ढङ्गले मनाउँछन्। तिनमा मौलिकता छ, जातिहरूको सही पहिचान छ।

नेपाल प्रज्ञा-प्रतिष्ठानले २०५३ सालमा जातिहरूको त्यही पहिचानभावलाई बाहिर ल्याउने अभिप्रायले पहिलो पटक नेपालका विविध जातिहरूमा प्रचलित सामाजिक संस्कारको अध्ययन गर्न एक सामाजिक संस्कार गोष्ठीको आयोजना गर्‍यो। त्यस अवसरमा सम्पन्न गोष्ठीमा नेपालका नौवटा जाति-जनजातिहरूले मनाउने संस्कारका बारेमा विद्वान्हरूले कार्यपत्रहरू प्रस्तुत गर्नुभयो। अहिले लामो समयको अन्तरालपछि प्रतिष्ठानले त्यस अभियानलाई निरन्तरता दिने र ती सामग्रीलाई ग्रन्थको आकार दिने लक्ष्य लिएअनुसार प्रतिष्ठानको सामाजिक शास्त्र विभागको निर्णय तथा अगुवाइमा यो काम सम्पन्न भएको छ।

हालै मात्र यस शृङ्खलाको पहिलो खण्ड प्रकाशित भएको छ। जुन ढङ्गले पाठकहरूले त्यसलाई स्विकार्नुभयो, हामी त्यसबाट सन्तुष्ट भएका छौँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भने आउने भागहरूमा काम गर्न हामी उत्साही पनि भएका छौं । यो दोस्रो खण्डलाई आकारमा केही सानो बनाइए पनि यसले लुकेर रहेका विविध जातिहरूलाई उनकै समूहका सदस्यहरू वा अन्य विज्ञका लेखनीबाट प्रकाशमा ल्याएको छ । सतार, बाँतर, हायु वा खत्वेका बारेमा सामग्री जम्मा गर्न हामीलाई निकै हम्मेहम्मे परेको थियो तर त्यो काम पूरा गर्न सकियो । यसमा पनि हामीलाई सन्तुष्टि मिलेको छ । अबको हाम्रो अभियान बाँकी जातिहरूमा जाने र उहाँहरूको सहयोगबाट सामग्री सङ्कलन गरी तेस्रो भाग तयार गर्ने हो ।

यो काम अघि बढाउँदा प्रतिष्ठानको सामाजिक शास्त्र विभागले पत्रलेखकहरूलाई निम्नानुसारका विषयक्षेत्रमा रही आफ्नो मौलिकता तथा रचनात्मकता देखाउन अनुरोध गरेको थियो । समग्रमा प्रतिष्ठानले चाहेको तोकिएका जातजातिका प्रचलित सामाजिक संस्कारहरूको तथ्यपरक इतिवृत्त र वैज्ञानिक विश्लेषण नै हो । पत्र प्रस्तुतकर्ता लेखकहरूलाई मुलतः संस्कारका यी पक्षमा केन्द्रित हुन भनिएको थियो :

- प्रचलित संस्कारहरूमा जाति/समूहले मानिआएको धर्म वा धार्मिक मतको कस्तो प्रभाव पाइन्छ ? त्यहाँ लिखित शास्त्र (कर्मकाण्डजस्ता) वा मौखिक परम्पराको मान्यता र प्रयोग कति छ ?
- त्यस्तो शास्त्र वा परम्पराअनुसार संस्कार सम्पन्न गर्ने व्यक्ति/संस्था को हो ? पुरोहित, ध्याब्रु, मौलबी आदि । त्यस समाजमा र संस्कारमा उसको मूमिका र स्थान कस्तो छ ?
- वर्तमान समयमा संस्कारपर्वहरूमा परिवर्तनका सङ्केत, सम्भावना छन् छैनन् ? वा केके कुरा लोपोन्मुख वा लोप भए के बाँकी छन्, के थपिए ?
- संस्कार सम्पन्न गर्ने धारणाका पछि उद्देश्य के पाइन्छ ? वरिपरिका छरछिमेकका जातिहरूका संस्कारसित तुलना गर्न लायक केके पक्ष छन् ?
- संस्कारहरूको आर्थिक पक्ष कस्तो रहेको छ ? संस्कारहरू महँगा, रवाफिला त भएर गएका छैनन् ?

सङ्क्षेपमा समेट्नुपर्ने अन्य विवरण

१. जातिको परिचय- बसोबासस्थल, जनसङ्ख्या, इतिहास, उत्पत्ति कथा मुख्य जातिगत-संस्कृतिगत पहिचान

२. सामाजिक संस्कारहरू- (उद्देश्य, प्रकार, आपसमा भेद भए खुलाउने)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(क) जन्मसंस्कार-गर्भदेखि न्वारानसम्म, सुत्केरी, गर्भिणी अवस्था र संस्कृति, मूल्य-मान्यता, पवित्र-अपवित्र, मातृशिशु स्वास्थ्य, उपचार, पुरोहित, थकाली मूली, नामकरणबारेका धारणाहरू, नामकरण ।

(ख) वृद्धिसंस्कार (अ) छेवर, (आ) व्रतवन्ध, (इ) अन्य नाम भए दिने अनि तिनका उद्देश्य, कर्म, पुरोहित वा आफ्नतको भूमिका, केटाकेटीका लागि पृथक् संस्कार भए सो उल्लेख गर्ने ।

(ग) विवाहसंस्कार - उद्देश्य, प्रचलित प्रथा नियम/कानुन, विवाह कर्मकाण्ड शास्त्रीय, मौखिक कर्म, पुरोहितको भूमिका, थकाली, वरिष्ठहरूको भूमिका, विवाहको सामाजिक महत्त्व, विवाहविधिमा आएका परिवर्तन (हाल देखिएका) अन्तरजातीय विवाह, यसको मान्यता, प्रचलन, पारपाचुके प्रक्रिया, कारण, विवाहको बजेट ।

(घ) मृत्युसंस्कार- मृत्युलाई हेर्ने दृष्टिकोण, मृत्युअधिका संस्कार, दान आदि । मृत्युसंस्कार, गुठीफुकी वा दाजुभाइ, लास बोक्ने, लैजाने प्रचलन, गाड्ने, जलाउने, अन्य ? मृत्युपछि बार्नुपर्ने जुठो, किरिया, बर्खी, श्राद्ध, दान मृतकका नाउँमा हाल देखिने विज्ञापन, स्मृतिग्रन्थ, प्रतिष्ठान स्थापना आदि नयाँ र खर्चिला प्रचलन ।

सबै लेखकले यी सबै पक्षमा समान सोच पुऱ्याउन सक्नुभएन । सायद हामीले बढी माग गऱ्यौं । पाठहरूबाटै त्यो कुरा प्रस्ट हुन्छ । तापनि मूल कुरा नछुटाई जति सामग्री आउनुपर्ने थियो त्यो हामीलाई प्राप्त भयो ।

सामान्यतया 'संस्कार' शब्दलाई मानव समाजको धार्मिक, सामाजिक, सांस्कृतिक परिवेशमा बढी प्रयोग गर्ने र परिभाषित गर्ने गरिन्छ । यसो भए पनि यसलाई अलि खुकुलो अर्थमा जीवनका अन्य पक्ष र क्षेत्रमा पनि- प्रयोग गर्न सकिन्छ। संस्कार परिस्थितिहरूले निर्दिष्ट गरेको स्वीकार्य, प्रचलन, व्यवहारहरूको समष्टिगत क्रियाकलापको नाम हो। यो सामाजिक मानिसको सोच, उसले निर्दिष्ट गरेको वा पालना गरेको खासखास अवसरमा देखिने क्रियाकलाप पनि हो। यो मानिसको जीवनदर्शनको एउटा प्रतिविम्व, एउटा मान्य र प्रचलित व्यवहारको समष्टि हो ।

मानवसभ्यताको विकासक्रममा एउटा अवस्था थियो जुन वेला क्षुधातृप्ति मात्र मानिसको एउटा लक्ष्य र क्रियाकलापको केन्द्र थियो। कृषिको विकासबाट क्रमशः आफ्नो भौतिक जीवन व्यवस्थित र विकसित भएपछि र कृषिबाट अतिरिक्त खाद्यको निश्चितता भएपछि मानिसले आफ्नो अस्तित्वबारेको पहिलेको अस्पष्ट अवधारणालाई बढी प्रस्ट पार्दै सामाजिक संरचना, संस्कार-व्यवहार तथा धर्मको आदि स्वरूप (magic) को सृष्टि र विकास गऱ्यो । यो दृश्य संसारबाट पृथक् यस्तै अर्को संसार छ र त्यसले पनि आफ्नो जीवनमा सक्रिय भूमिका खेल्छ भन्ने मानिसको सोच भयो । यसरी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विकास भए मानिसका सामाजिक संरचनाको साथै देखा परेका विश्वास, व्यवहार, क्रियाकलाप र तिनलाई स्थायी एवम् संस्थागत गर्ने सोचहरू। त्यसैले प्रसिद्ध मानवशास्त्री गोर्डन चाइल्ड (V. Gordon Childe) ले नयाँ ढुङ्गे युगलाई एउटा क्रान्तिको समय भने। यस समयमा मानिसले नयाँ प्रस्तर हतियारका साथै जीवनलाई स्थायी, बढी सङ्गठित, दर्शनयुक्त, बहुआयामपूर्ण बनायो।

मानवले विकसित गरेका सामाजिक संस्कारहरूको जरा खोतल्दा पनि त्यही युगमा गएर नै रोकिन्छ। त्यही बेला मानिस विश्वका विविध कुनामा छरिए पनि सभ्यताको एउटा पाटो (Plain) मा पुगेको देख्न सकियो। नयाँ प्रस्तरयुगको यही सुदृढ जगबाट प्राचीन मानवले दिन दुगुना रात चौगुना भनेर उदाहरण दिन सकिने विकास गर्‍यो।

संस्कार, प्रतीक र सञ्चार

मानिसले आयोजना गर्ने संस्कारहरूमा प्रतीकको प्रयोग व्यापक पाइन्छ। त्यो भाषा, कला, धर्म र व्यवहारमा व्यक्त हुन्छ। यसले मानव संस्कृतिलाई अर्थ प्रदान गर्छ, यो एउटा सञ्चारको सशक्त माध्यम पनि हो। लौकिक जीवनमा प्रतीकात्मक व्यवहारका प्रशस्त उदाहरण छन्। कुनै घटना विशेषले मानिसमा तनाव उत्पन्न हुन्छ, मानिस त्यसबाट मुक्ति चाहन्छ। कतै सन्तुलन बिग्रेमा त्यसलाई कायम गर्न चाहन्छ। मानवशास्त्रीहरूले आफ्ना खोजबाट के निचोड निकाले भने दुई सम्भावित शत्रु समूहबीच नै मानिसले विवाहको परम्परा बसाल्यो। यसरी विवाह एउटा सामाजिक समस्याबाट सिर्जित तनावमुक्तिको प्रतीक भयो। त्यस्तै घरमा कसैको मृत्यु भयो भने हामी काजकिरिया, दान, उपवास, पूजा, श्राद्ध आदि उपक्रमबाट तनाव कम गर्छौं, सन्तुलन कायम गर्छौं। जीवन अगाडि बढिरहन्छ।

सामाजिक संस्कारलाई सञ्चारको सशक्त माध्यम मानिन्छ। सन् १९०९ मा प्रसिद्ध फ्रेन्च मानवशास्त्री Arnold Van Gennep ले संस्कारबारे खोज गरेर एउटा कृति प्रकाशित गरे (Rite de Passage)। यसअघि टेलर, मोर्गन, फ्रेजर आदि मानवशास्त्रीले धर्म, अभिचार (magic), संस्कारबारे प्रशस्त लेखिसकेका थिए तर जेनेपको (Van Gennep) को प्रस्तुति विशिष्ट रह्यो, रहेको छ। उनले लेखे- जन्मदेखि मृत्युसम्मका घटनालाई मानिसले विशेष अवसरको रूपमा आयोजना गर्छ। तिनलाई समग्ररूपमा हेर्दा तिनमा जम्मा तीनवटा मुख्य अवधारणा पाइन्छ। जस्तो - पृथकीकरण, रूपान्तरण र समावेशीकरण।

गर्भदेखि जन्मसम्म हुँदै मानिस हुर्कने क्रममा उसमा आउने रूपान्तरणलाई पनि मानिसले विविध क्रियाकलापको आयोजना गरेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मनाउँछ। विवाहअघि यो अवस्था पूरा हुन्छ। यसैले विवाह समावेशीकरणको उदाहरण हो जहाँ एउटा व्यक्ति अर्को परिवेशमा समावेश हुन्छ, उसलाई विधिवत् प्रवेश र स्वीकार गरिन्छ। यसै गरी मृत्यु पृथकीकरणको गतिलो उदाहरण हो। जेनेपले भने- *समाजका कुनै पनि व्यक्तिको जीवन एक उमेरको अवस्थाबाट आर्कोमा र एक व्यवसायबाट अर्कोमा जाने शृङ्खला नै हो।*

समाज र मानवशास्त्रीहरू एमिल दुर्खाएम, मार्सेल मस र ब्रोनिस्लाव मालिनोअस्कीले पनि आआफ्ना अध्ययन र खोजबाट संस्कारलाई मानिसले आफ्नो आवश्यकताको पूर्ति गर्ने अवसर र व्यवहार भनेर भनेका छन्। रेमन्ड फर्थले भने प्रतीकहरूलाई सञ्चारका माध्यम भनेका छन्। यसबाट संस्कारले हाम्रा कतिपय व्यवहारलाई औपचारिकता दिन्छन् भन्ने बुझिन्छ। प्रसिद्ध मानवशास्त्रीद्वय भिक्टर टर्नर र मेरी डगलसले अफ्रिकी विषयवस्तुमा आधारित रहेर संस्कार तथा प्रतीकहरूबीचको अन्तर्सबन्धबारे विस्तृत रूपमा लेखेका छन्। ती कृति हेर्दा ती हाम्रो जस्तो कृषि-पशुपालनमा आधारित समाजसित राम्रो मेल खाने देखिन्छ।

संस्कारले मानिसलाई एउटा अवस्था र उमेरबाट अर्कोमा सङ्क्रमित वा परिवर्तित गर्छ। एउटा व्यक्तिको जीवनमा यो विशेष घटना भएकोले त्यसलाई व्यापक सहभागितापूर्ण सबैको स्वीकृतिको सूचक र ऐक्यबद्धताको प्रतीक बनाउँदा नै संस्कारहरू पर्व र विशेष अवसर जस्ता हुँदै गए। धर्मको विकास भएपछि तिनले धार्मिक स्वरूप पनि ग्रहण गरे। हाम्रो जस्तै कृषिकर्ममा आधारित समाजमा ता संस्कार र धर्मको घनिष्ठ सम्बन्ध पाइन्छ।

आफू बसेको वातावरण यो दृश्य लोकबाहिर पनि यस्तो अस्तित्व छ र त्यसमा बस्ने प्राणीहरूका साथ तिनका शक्तिका साथ सन्तुलन आवश्यक छ भन्ने विश्वास पक्का र सुदृढ भएपछि मानिसले विकसित गरेका उपासनाका विविध पक्ष नै पछिका धर्म तथा संस्कारका स्रोत हुन्। दुई संसार- प्रत्यक्ष र अप्रत्यक्ष अर्थात् अदृश्य तर उत्तिकै शक्तिशाली- यी दुई थरी अस्तित्वबीच सन्तुलन बनाउने प्रयासस्वरूप मानिसले विविध क्रियाकलापको विकास गऱ्यो। ती क्रियाकलापको शृङ्खलाभित्र हामीले यहाँ चर्चा गर्न लागिएको नेपालमा अनादिकालदेखि बसोबास गरिएका आफूले मानिआएका वैदिक, गैरवैदिक वा वैदिकइतर पौराणिक मुन्धुम वा अन्य शास्त्रीय परम्पराले निर्दिष्ट गरेका संस्कार पर्वहरू पर्दछन्।

नेपाल राष्ट्रलाई हामीले अहिलेसम्म विविधतामा एकता भएको देश भनेर चिन्ने तथा चिनाउने गरेका छौँ। यो यहाँका जाति-जनजाति-आदिवासी तथा अन्य वर्ग र संरचनाका जातिको गणना तिनीहरूका मान्यता र प्रचलन, आस्था र व्यवहारबीच देखिने फरकपनका आधारमा भनिएको हो। भूबनौट र जनजीवनमा त्यसले पारेका प्रभावका कारण ती विविधताहरू पहिलेका एउटै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जाति वा वर्गमा पनि चुलिएर गएको पाइन्छ। नेपालीहरूले मानिआएका विकसित गरेका परम्परा संस्कारहरूमा खास सरी तिनलाई मनाउने प्रचलनमा व्यापक विविधता पाइन्छ। ती संस्कार, प्रचलनहरूमा कतिपयचाहिँ जाति र संस्कृतिवीच थोरै फरकपनालाई कायम गर्दै उनीहरूबीच बाँडिएका पनि छन्। एउटै विशेषज्ञ, शास्त्रीय परम्परा तथा समाज पर्यावरणीय स्थितिका कारण पनि त्यस्तो समानता र बाँडिएको अवस्था पाइएको हो। उदाहरणका लागि जन्म र वृद्धिका संस्कारहरू धेरै जाति, संस्कृति तथा क्षेत्रमा अत्यन्त थोरै फरकपना र धेरै समानताका साथ सम्पन्न गरिन्छन्। विवाह र मृत्युसंस्कारमा भने बढी फरकपना वा जाति-जनजातिहरूमा मौलिकता पाइन्छ।

धेरै संस्कारहरूमा परिवार, नातागोता, गुठी, पुरोहित, विज्ञ आदिको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ। संस्कारहरूबाट समाज कुन बेला मातृसत्तात्मक थियो र कुन बेला यो क्रमशः पितृसत्तात्मकतातर्फ उन्मुख भयो भन्नेबारेमा पनि केही अडकल काट्न सकिन्छ। उदाहरणको रूपमा बृद्धि संस्कारमा मामाको भूमिकालाई लिन सकिन्छ। धेरै आदिवासी जनजाति समाजमा आदिकालको प्रकृति र पितृपूजाको अवशेष पाइयो। सबैजसो संस्कारमा यी बाह्य शक्तिप्रतिको गहन आस्था र श्रद्धाभाव समानरूपले रहेको पाइयो। शिशुले हुर्किने क्रममा के सीप सिक्ने उसलाई कसले शिक्षा दिने, विवाह कसरी गर्ने वा मृत्युसंस्कारमा केकस्ता व्यवहार अवलम्बन गर्ने भन्ने कुरामा जातिहरूवीच समान धारणा पाइयो। आदिम समाजमा बाबुसितको नाता खुकुलो, अस्थिर र अस्थायी हुन्थ्यो। तर मामासितको नाता स्थायी। मामा नै शिशुको मुख्य अनुशासक हुन्थ्यो। यसले भानिजको जन्म वृद्धि आदि संस्कारमा मामालाई अगाडि देखिएको हो।

अहिले कतिपय रूढिवादी संस्कार भने परिवर्तनको सँघारमा भएको अध्ययनले देखाए। सबै लेखहरूले विविध जातिहरूमा प्रचलित संस्कारको वर्तमान स्वरूप र तिनमा समयले ल्याएको परिवर्तनबारे पनि प्रकाश पारेका छन्।

अन्तमा, यहाँ प्रस्तुत गरिएका लेखहरूमा विद्वान्हरूले सम्बन्धित जातिहरूमा प्रचलित 'संस्कार' शब्दभित्र समेटिएका व्यवहारलाई आ-आफ्ना ढङ्गले प्रस्तुत गर्नुभएको छ। तिनमा मौलिकता र संस्कारको समसामयिकताका साथै अन्य आवश्यक पक्ष समेटिएका छन् भन्ने हाम्रो बुझाइरहेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषयक्रम

कपाली नेवार समाजका सामाजिक संस्कार
✍ अमिता तुलाधर १५

काठमाडौँ तथा तराई मुस्लिमका सामाजिक संस्कारहरू
✍ अलाउद्दीन अन्सारी फलाही ३५

केवरतजातिका संस्कारहरू
✍ चतुर्भुजलालदास केवरत ७०

तराईका ब्राह्मणजातिको सामाजिक संस्कार
✍ सुरेन्द्र मिश्र ८८

दनुवारजाति र तिनका सामाजिक संस्कार
✍ गङ्गा खरेल १०३

दमाईजातिको सामाजिक संस्कार
✍ प्रकाश दर्नाल १३७

नेपालका पहाडी मुसलमानहरूको सामाजिक संस्कार
✍ डा. महेशकुमार आचार्य १५४

बाँतर संस्कार
✍ डा. सोमप्रसाद खतिवडा १७६

मुसहरजातिको सामाजिक संस्कार
✍ सन्तोषकुमार भगत २०९

ल्होमीजातिको सामाजिक संस्कार
✍ छेजाप थिकेपा ल्होमी
सहयोगी : खोक्का छेदर लोबाङ २२४

वज्राचार्य संस्कार
✍ चुन्दा वज्राचार्य २५२

सामाजिक संस्कारका परिवेशमा च्यामे, च्यामाखल, द्यौला, पोडे
✍ तेजेश्वरबाबु ग्वंगः २८३

हायूजातिको संस्कार
✍ विष्णुप्रसाद दाहाल ३१४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कपाली नेवार समाजका सामाजिक संस्कार

-अमिता तुलाधर

नेवार सामाजिक संरचनामा कपाली नेवार समाज

नेवारजाति काठमाडौं उपत्यकाको आदिवासी समुदाय हो। यिनीहरूका आफ्नै मौलिक भाषा, संस्कृति, रीतिरिवाज, परम्परा, भेषभूषा छन्। नेवारजातिभित्र पनि संरचनागत रूपमा विभिन्न जातहरू पाइन्छन्। यिनीहरू परम्परागत संस्कारगत रूपमा एकअर्कामा अन्तर्सम्वन्धित देखिन्छ। यद्यपि कतिपय रीतिरिवाज, परम्परा, संस्कृतिमा यी जातिभित्र समानता पाइन्छ भने कतिपय संस्कारहरूमा विभिन्नता पनि पाइन्छ। जुन समाजशास्त्रीय दृष्टिकोणबाट महत्त्वपूर्ण मान्न सकिन्छ। नेवारी समाजलाई संरचनात्मक रूपमा गोपालसिंह नेपालीले आफ्नो कृति द नेवार १९६५ मा हिन्दू वा बौद्धमार्गी गरी दुई किसिमले विभाजन गरेका छन्। हिन्दूमार्गीअन्तर्गत ब्राह्मणवर्गमा देवभाजु राजोपाध्याय, दोस्रो वर्गमा छ र पाँचथरे नेवार पर्दछ भने बौद्धमार्गीअन्तर्गत वज्राचार्य, शाक्य, उदास पर्दछन् भने ज्यापूजातिलाई उच्च तल्लो जातमा राखेको छ। तल्लो जातमा गथू, खूसः, चित्रकार, रञ्जितकार, मानन्धरलाई हिन्दूअन्तर्गत नै राखेको पाइन्छ। परम्पराअनुसार हिन्दू दुई वर्गमा विभाजित भएका छन्, एउटा पानी नचल्ने तर छोइछिटो हाल्न नपर्ने र अर्को पानी नचल्ने तर छोइछिटो हाल्न पर्ने वर्गमा बाँडिएको छ। पहिलो वर्गमा कुस्ले (कपाली) कसाईजातिहरू पर्दछन्। यसअनुसार कुस्ले अर्थात् कपालीजाति नेवार समुदायमा पानी नचल्ने तर छोइछिटो हाल्न नपर्नेमा परेको देखिन्छ।

कुस्ले, कपाली, दर्शनधारी शब्द पर्यायवाचीका रूपमा प्रयोग भएको देखिन्छ भने नेवारीमा यो जातिका व्यक्तिलाई 'जोगी' वा जुगी भनिन्छ। जोगीको अर्थ हो सन्न्यासी अर्थात् काम, क्रोध, लोभ मोहजालमा नफसी आध्यात्म चिन्तन गर्ने वा सांसारिक मोहजालबाट अलग रहिबस्नेलाई सन्न्यासी वा जोगी भनिन्छ। त्यस्तै समाजमा रोगव्याधि भइरहेका मानिसलाई आफ्नो तन्त्रमन्त्र विद्याको प्रयोग गरी निको पार्न सक्ने दर्शन धारण गर्न सक्ने शक्ति भएकालाई दर्शनधारी भनिन्छ। नेवार समुदायमा कपालीलाई 'त्वा जं' पनि भन्ने भनिन्छ। यसको शाब्दिक अर्थमा टोलकै मानिस पनि भन्ने वुझिन्छ। कापालिक सम्प्रदायका भएकाले पहिलापहिला आफ्नो टोलको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सत्तलमा बस्ने हुँदा टोलको हो भनेर जनाउन 'त्वा जँ' भनिएको हुन सक्ने विद्वान्हरूको राय छ (कुँवर २०६२ , पेज ७९)। कपालीहरूको परम्परागत काममा सूचीकारको र विशेष प्रकारको बाजा मुहाली (सनई) वजाउने काम हो। गोपालसिंह नेपालीले पनि कुस्लेहरूको मूल कार्यमा विवाह र दिवालीको शुभकार्यमा बजाउने, नेवारहरूको मृत्यु भएको सातौं दिनमा चढाएका 'न्हय्न्हूमा' भाग स्विकार्ने, मन्दिरमा द्यः पाला र पुरोहितको कार्य गर्ने अन्तमा सूचीकारको कार्य हो भन्ने कुरा उल्लेख पाइन्छ।

कुस्ले या कपालीजातिको उत्पत्तिको सम्बन्धमा विभिन्न कथन जोडिएको पाइन्छ। सुमति शास्त्रमा उल्लेख गरेअनुसार महादेवले कुशको मानव वनाई 'जीव' प्रदान गरी कुशलनाथ योगीको जन्म गरायो। यही कुशलनाथका अनुयायीहरूलाई कुस्ले कपाली, दर्शनधारी भन्न थालियो। (दर्शनधारी, सुदर्शना, नेवाः समाज ने.स.११२७, पेज २७) कुस्ले, कपाली र दर्शनधारी शब्दको उत्पत्तिको सन्दर्भमा 'कुस्ले' शब्द सिद्ध कुसुली पा अर्थात् कुलशनाथको नाम अपभ्रंश भएर हुन गएको देखिन्छ भने समाजमा प्रचलित जनश्रुति र अन्य प्रसङ्गमा कुशलनाथ र कुसुली पा-को नाम आउने हुनाले मध्यकालका अभिलेखहरूमा कुसित्या >कुसरिया हुँदै 'कुस्ले' भएको देखिएकाले कुसलीपा > कुसीपा> कुसित्या > कुसरिया > कुसल्याबाट 'कुस्ले' भएको देखिन्छ। 'कपाली' चाहिँ कापालिक शबदबाट वन्न गएको थियो (कुँवर, २०६२, २८५)

कपालीजातिको प्रवेश नेपालमा कुन बेला भयो भन्ने यकिन तिथिमिति नभए पनि पाशुपत सम्प्रदायवादी जोगीहरूको नेपाल प्रवेशको सन्दर्भमा लिच्छविकालमा राजा अंशुवर्माको पालामा नेपालको राजधर्म शैव धर्म भएको आधारमा यसै बेला कपालीहरू छन् भन्ने थाहा हुन्छ र शिवको रूप धारण गरी जटामुकुट, चल्लाको छालाले बेरी, खरानी घसी (चर्या व्रत गर्नेहरू) भैरवभैरवी उपासना गर्ने पाशुपत जोगीहरूको धर्म नै एकै ठाउँमा नवसी घुमन्ते जीवन यापन गर्नु हो। यसो हुँदा भारतबाट महाला शक्तिरूपी भगवती हरिसिद्धिको नेपाल प्रवेशसँगै शैव पाशुपतहरू पनि आएका हुन् भन्ने विद्वान् कुशचन्द्र कोइरालाको भनाइ छ। शैव सम्प्रदायका छवटा भेदमध्ये कापालिकलाई चारौंमा राखेको छ त्यस्तै पाशुपत सम्प्रदाय वामवार्गका उपासनापद्धति अवलम्बन गरेका एक शाखालाई कापालिक भनिन्छ भन्ने कुरा व्यक्त गरेका छन्। हठयोगी प्रदीपिकानामक पुस्तकमा एक्काइसौं लाइनमा 'कपाली' र तीसौंमा 'कापालिक' भनी उल्लेख छ भने डा. हजारीप्रसाद द्विवेदीको 'नाथ सम्प्रदाय' नामक पुस्तकमा कपाली र खण्ड कापालिकलाई ८४औं सिद्धमध्ये पर्दछ भन्ने उल्लेख छ। त्यस्तै कुस्ले ८४ औं सिद्धहरूमध्ये ३५औं सिद्ध कुसली पा का अनुयायीका सन्तान हुन् भनी भन्ने गरेका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मध्यकालीन नेपालको इतिहासमा हेर्दा पनि उग्र रूपमा साधना गर्ने कापालिकहरूलाई गुरु गोरखनाथ (इसाको चौधौँ शताव्दीपछि) आफ्नो गोरखपन्थमा (नाथ सम्प्रदाय) नै समावेश गरेको देखिन्छ। यसरी नाथ सम्प्रदायीलाई कानफट्टा दर्शनी, जोगी भनिन्छ भने यिनीहरू तान्त्रिक साधनातर्फ उन्मुख भइरहेका परमतत्त्वका उपासक योगी, सिद्धहरूकै सम्प्रदाय हो भन्ने गरिन्छ। (नेवा समाज, ने.स. ११२७, पेज २७, २८)

कपालीहरूको बसोवास कुनै एकै ठाउँमा मात्र केन्द्रित नभई छरिएर रहेको देखिन्छ। हरेक टोलछिमेकमा एकदुई घर रहेको छ। यसरी कपालीहरू छरिएर रहेको अवस्था रहनुमा इतिहासलाई हेर्दा यिनीहरू पहिले जोगी, योगीका रूपमा एकै ठाउँमा नवस्ने हुँदा घुमफिर गरी जीविका चलाउने कारण निश्चित टोल या क्षेत्रमा बस्ती नभएको देखिन्छ। यिनीहरू तान्त्रिक विद्या जान्ने हुँदा मन्दिर सत्तलहरूमा बस्ने गर्दथे। पछि जयस्थिति मल्लको पालमा सामाजिक नीतिनियममा बाँधिदिएपछि यी जातिहरूले गृहस्थी जीवन सुरुवात गरी कतिपयले यी सत्तलहरूलाई नै आफ्नो घरमा परिणत गरी वस्न थालेको उल्लेख छ। त्यस्तै अर्को पक्षलाई हेर्ने हो भने नेवार समुदायमा संस्कारगत रूपमा जन्म, मृत्युसंस्कारदेखि अन्य शुभकार्यहरूमा समेत उनीहरूको आवश्यकता पर्ने सन्दर्भमा नेवारहरूको बस्तीहरू बीचमा एकदुई घर रहेको हुन सक्दछ भन्ने विद्वान्‌हरूको रायलाई नकार्न सकिँदैन (गेल्नर १९९९ : २६५, कुँवर १३७ बाट उद्‌धृत)।

२०५६ सालमा कपाली युवा समितिबाट प्रकाशित पुस्तक 'कपाली सङ्क्षिप्त परिचय'मा काठमाडौं ३५ वडाहरूमा जम्मा १९८ घर बहालमा वसेका ३३ गरी जम्मा २३१ घरपरिवार देखाएका छन्। यिनीहरूको बसोबास काठमाडौँ, पाटन, भक्तपुर, दक्षिणकाली, चोभार, साँगा, नगदेश, गोकर्ण, साँखु थिमि, बोडे, कीर्तिपुर, बलम्बु, थेचो, लेले, बुलु, सुनाकोठी, थसि, थैँव, गोदावरी आदि ठाउँमा बढी सङ्ख्यामा छन् भने पूर्वतिर बनेपा, धौखेल, डाप्चा, पनौती, दोलखा, चरिकोट, जिरी, सिन्धुपाल्चोकको चौतारा, बारबिसेका छन्। त्यस्तै धादिङ, चित्तलाङ, हेटौँडा, त्रिशूली, नारायणघाट, पोखरा, भोजपुर, तानसेन, पाल्पा, धरान, भैरहवा, मोरङ, बाग्लुङ, उर्लाबारी(झापा), बन्दीपुर, धनकुटा, स्याङ्जा, नेपालगन्जमा गरी एक जिल्लामा ३ देखि ८ परिवार सङ्ख्या रहेको देखिन्छ।

नेवार समुदायमा कपालीजातिको महत्त्व

नेवार समुदायमा जन्मदेखि मृत्युसंस्कार एवं सामाजिक कृयाकलापमा पनि कपाली र नाउजातिको भूमिका देखिन्छ। नेवारहरूको संस्कृतिमा चाडपर्वहरू महत्त्वपूर्ण छन् र परम्पराअनुसार ठूलठूला चाडपर्वहरूमा पितृलाई पनि भोज (सिकि व्वः) चढाउने गरिन्छ जुन कपालीलाई दिइन्छ। त्यस्तै वर्षको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एक पटक दिवाली पूजा मनाउन परिवारका सदस्यहरू कुलको इष्टदेवता स्थान (दुगु द्यः ख्यः) जाने गर्दछ। यस वेला कपालीको आवश्यकता पर्दछ। काममा अमङ्गल, विघ्नबाधा नआई पर्व सम्पन्न होस् भनी म्वाय्लि (सनई) वजाएर जाने र फर्कने गर्दछ। जाने बेलामा बाहरा धुन र घर फिर्दा लिगरा धुन वजाइन्थ्यो। त्यस्तै विवाहमा पनि मङ्गलधुन यिनीहरूद्वारा नै बजाउन लगाइन्थ्यो। यद्यपि यो प्रचलन स्वतः हटेको छ किनकि यो पेसालाई कपालीहरूले पूर्णरूपमा छाडिसकेका छन्।

त्यस्तै नेवार समुदायमा कोही पनि व्यक्तिको मृत्यु भएमा उक्त व्यक्तिको अन्तिम संस्कार गरिसकेपछि विवाहित छोरी नातेदारहरूले ल्याउने सरसामान (चिपं थिइकेगू, प्यन्हू ब्याः, लोचा) लगायत दिनहुँ चिउरा, रोटी, चिनी, अदुवा, दही रक्सी आदि मृतकको नाममा चढाइने भागहरू, न्हयन्हूमा राखिने भात, १० दिनमा दु व्यंकेगू, १२ दिनमा गरिने घाःसु, ४५ दिन, ६ महिना, १ वर्ष र २ वर्षमा गरिने श्राद्धको भागसमेत कपालीलाई दिनुपर्ने परम्परा छ। यिनलाई खुसी पार्न ४५ दिनमा र वार्षिकीमा एक जोर लुगासमेत दिइन्छ। पितृको नाममा दिइने दान लिई कपालीले आफ्नो तन्त्रसाधनाबाट दिवङ्गत आत्मालाई मुक्ति दिलाइन्छ भन्ने जनविश्वास छ। नेवार समुदायभित्र पर्ने पुतुवारजातिमा व्यक्तिको मृत्युसंस्कारको कर्मकाण्ड गर्न पुरोहितको रूपमा कुस्ले वा कपालीबाट अन्तिम संस्कार गराउने प्रचलन छ। (श्रेष्ठ पदम, 'पुतुवारजाति', महानगर दैनिक पृ.३, २०५९ चैत्र ५, बुधवार; दर्शनधारी, नेवा समाज ने.स. ११२७, ४३ बाट उद्धृत)।

परम्परागत रूपमा नै कपाली महिलाहरू विभिन्न साधनामा दीक्षित हुनुका साथै दिदी अजिको पनि काम जान्नेहरू थिए जसलाई जोगिनी पनि भनिन्छ। पहिला अस्पताल, डाक्टरको राम्रो सुविधा नभएको अवस्थामा यो दीक्षा लिएका कपाली महिलाहरूले अजिको (सुँडेनी) रूपमा काम गर्दथे। गर्भवती अवस्थामा हेरचार गर्न, वच्चा जन्माउन मदत गर्नुका साथै सुत्केरी र शिशुको जन्मदेखि न्वारानसम्म तेलमालिस गरी सेवा दिइन्थ्यो साथै न्वारानका दिनमा पनि आफ्नो तान्त्रिक विधि प्रयोग गरि पूजाआजा गरिदिने, बिरामी भएमा विशेष गरी भूतप्रेतको दोष देखिएमा झारफुक गर्ने गर्दथे। यस्ता परम्परागत पेसाहरू एकातिर यिनीहरूले छोड्दै गएका छन् भने सेवा लिने व्यक्तिहरूले पनि आधुनिक सेवा नै लिने गर्दै आएका छन्। यहाँ यसरी नै कतिपय देवदेवी, भैरव, तलेजुमा 'द्यः पाला' (रेखदेख गर्ने) र पुरोहितको समेत काम गरिरहेका छन्। विशेष चाडपर्वमा बाजा बजाउने काम गर्दै नेवारी संस्कृतिका एक हिस्सेदारका रूपमा रहेको पाइन्छ।

गर्भधान र गर्भवतीसम्बन्धी अवधारणा

कपाली समाजमा पनि विवाहपश्चात् गर्भवती हुनुलाई खुसियालीका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साथै सामाजिक घटनाको रूपमा लिइन्छ। कपाली समाजमा दीक्षा लिएका जोगिनी अर्थात् दिदी अजिहरू भएको हुँदा गर्भवतीको समयदेखि सुत्केरी भइसकेपछिसम्म पनि उनीहरूकै रेखदेखमा बसेका हुन्थे जुन वेला डाक्टर, नर्स, अस्पताल सजिलैसँग पाउँदैनथे। यद्यपि अहिले पनि डाक्टरलाई जाँच गराउनुका साथै आफ्नै समुदायभित्र रहेका तान्त्रिक दीक्षा लिएका अजिहरूवाट पनि सेवा लिने गरिराखेका छन्।

यस समाजमा पनि गर्भवती आइमाईले नागदेवता, शक्तिपीठहरूका अगाडि रहने मण्डल (मन्दः) र वज्रलाई छुन नहुने भनिन्छ यदि छोएमा गर्भ तुहिन सक्छ भन्ने जनविश्वास छ। त्यस्तै डोरीले वाँधेर राखेका जोसुकै जनावरहरूको डोरी छुन नहुने र डोरीलाई नाघ्न नहुने, फूल पकाउन आफैँले फुटाल्न नहुने विश्वास छ यदि गरेमा सुत्केरी हुँदा गाहारो पर्ने जनधारणा छ। गर्भवती भएको समयमा ग्रहण लाग्ने छ भन्ने उक्त महिलालाई विशेष होसियारी हुन आग्रह गरिन्छ किनकि केही गरी हातले पेटमा छुन गएमा बच्चाको शरीरमा दाग बस्ने गर्दछ भन्ने चलन छ। गर्भवती महिलाले अल्छी गर्छे, मुख चम्किलो छ भने छोरी पाउँछे र जाँगरिलो छ, मुखमा चाया पोतो देख्न थाल्यो भने छोरो पाउँछे भनी अडकल काट्ने चलन छ। यति वेला महिलालाई धेरै गह्रौं वस्तु बोक्न नलगाउने र खानामा पनि बढी खान दिने गरिन्छ।

दही सक्खर खुवाउने (धौ बजि नकेगु)

सुत्केरी हुने समय नजिक आएपछि करिव एक हप्ता, चार दिनअगाडि माइतीबाट 'धौ वजि नकः वनेगु' भनी छोरीको घरमा गई चिउरा, दही, मासुका प्रकार, मिठाई, १०८ वटा योमरी (नेवारहरूको एक प्रकारको रोटी), छोरीज्वाइँलाई लुगा जोरका साथै सगुन पनि लग्नुपर्दछ। यस बेला छोरीज्वाइँलाई साथैमा वसाई सुकुन्दा राखी पूजा गरेर आमा र वच्चाको मङ्गल होस् भनी सगुन दिने गर्दछ। यसपश्चात् छोरी माइत आउन सक्छे यद्यपि रात बस्नु हुँदैन किनकि छोरीलाई माइतमा सुत्केरी हुन दिँदैन। यसरी नै गर्भवती महिलालाई घरतर्फका नातेदारहरूले उनलाई मन परेको खानेकुरा खुवाउन ल्याइन्छ भने माइततिरका दिदीवहिनी आफन्तले घरमा बोलाएर नै खुवाउने प्रचलन छ। यदि गर्भवती महिलालाई मन परेको खानेकुरा सन्तुष्ट हुने गरी ख्वाउन सकेन भने पाउने बच्चाको धेरै र्याल आउने गर्दछ भन्ने विश्वास छ।

सिसापालु क्यंकेगु

बुहारी सुत्केरी भएपछि माइतीतिर 'लमी'का साथमा घिउ, चाकु, नुन,। अदुवा, ज्वानो, केही सुन्तला रङको अविर (म्हसिन्हः), जाइफल राखी पठाउने गरिन्छ। जसलाई 'सिसापालु क्यंक ध्वयेग' भनिन्छ। यसलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सामाजिक रूपले बच्चा जन्मेको सूचना दिने परम्परा भन्न सकिन्छ। यदि छोरी भए चेप्टो चाकु र छोरा भए गोलो चाकु पठाइन्छ , यसबाट नै छोरा या छोरी भन्ने थाहा हुन्छ। यता माइतीवाट पनि ती सम्पूर्ण सामानहरूमा केही थपेर उही लमीमार्फत फिर्ता पठाइन्छ। यसलाई सूचना प्राप्त भएको सङ्केतको रूपमा लिन सकिन्छ। माइतबाट थपसहित फिर्ता पठाइएको सरसामान राखी आमा र शिशुलाई अजिबाट पूजा गराई अजिमालाई चढाउने प्रचलन छ जसलाई 'छाय्छिइ यायेगु'' भनिन्छ। यो पूजापश्चात् सुत्केरीले नुन बार्न पर्ने हुन्छ। अतः यो पूजाविधि न्वारान गर्नु एक दिनअगाडि मात्र गर्ने चलन छ। सुत्केरीलाई न्वारान नगरुन्जेल एउटा कोठामा परालमा सुताइन्छ। यद्यपि आजकाल ओछ्यानमै सुताउने गर्दछ र चिनोको रूपमा एकदुईवटा पराल ओछ्यानतल राख्ने प्रचलन भने अद्यावधि रहेको छ। यस वेला परिवारका सदस्यलगायत फुकीहरूलाई पनि सूतक लाग्ने गर्दछ। जसलाई 'खय्विलि क्यंगू' भनिन्छ। शिशुजन्मको कार्य आफ्नै समुदायका 'अजि' (सुँडेनी) द्वारा गरिन्छ र चोखो नभएसम्म अजिवाट नै स्याहारसुसार गरिन्छ। आजकाल अस्पतालमा जन्माउने प्रचलन बढ्दै गएकोले सुत्केरीको काम अजिबाट नगरे पनि अन्य परम्परागत पूजाआजा उनीहरूबाट नै गराइन्छ।

घिउ चाकु खुवाउने (घ्यः चाकु नकः वनेगु)

छोरी सुत्केरी भएको थाहा पाउनासाथ माइतीवाट 'घ्यः चाकु नकः वनेगु' भनेर छ माना चिउरा २ माना घिउसँग भुटेको चिउरा, घिउ, चाकु, जेरी, स्वारी गुँदपाक (सुत्केरीका लागि औषधी राखी वनाइएको) आदिका साथ छोरीको हेरविचार गर्न जाने प्रचलन छ।

न्वारान गर्नु (मचावु त्यंकेगु)

नेवारी समुदायमा प्रथम शिशुलाई 'नःलिम्ह' मचा भनिन्छ। कपाली समाजमा न्वारानका लागि यदि नंःलिम्ह शिशु छ भने ४ दिन र दोस्रोतेस्रो भएमा ६ दिनमा गरिन्छ। यस दिनमा घरमा लितपोत गरी परिवार एवं फुकीका सदस्यहरू पनि नुहाएर चोखो भइन्छ। सुत्केरी र बच्चालाई अजिले नुहाइदिई तेलसमेत लगाइदिन्छ। यस बेला आगम देवता, गणेशको पूजा गर्नुका साथै विशेष रूपमा 'छ्वास अजिमा'लाई पूजा गरिन्छ। न्वारान नसुकुन्जेल 'छ्वास अजिमा'ले बच्चाको हेरचाह गर्दछ भन्ने विश्वास पाइन्छ। यदि घरमै पाएको भए बच्चाको सालनाल यो दिनमा आफ्नै घरको पिँडीमा भऱ्याङको तल गाड्ने गरिन्छ जुन अन्य नेवार समुदायको भन्दा फरक प्रचलन छ अर्थात् यो सालनाललाई 'छ्वास'मा फ्याँकिने गर्दछ।

यो दिन अजिले चढाउन 'छाय्छिइ यायगू' भनी ज्वानो, नुन, चाकु, घिउ, चिउरा, अदुवा राखी गणेशलाई पूजा गर्नुका साथै अजिमालाई भोज भाग चढाएर पूजा गरिन्छ। यस भागलाई 'आगं व्वः' भनिन्छ। 'आगं व्व'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाचा लप्ते (दुईवटा पात उनेर वनाएको) मा चिउरा, बारा, सानो केराउको अचार, तोरीको साग, फर्सी, घिउ, चाकु, ज्वानो इत्यादि हुन्छ। यदि पहिलो वच्चा भए २४ भाग र दोस्रो, तेस्रो भए १२ भाग राखिन्छ। यो 'आगं व्वः' नाङ्लोमा राखेर टोलका बालवालिकाहरूलाई बाँडिन्छ। यस्तो भाग खाएमा बालबालिकालाई रुन्चे लाग्दैन भन्ने विश्वास छ भने शिशु नभएका महिलाले खाएमा बच्चा गर्भ रहन्छ भन्ने पनि गरिन्छ। यसरी उक्त दिन बच्चाआमालाई नयाँ लुगा लगाउन दिई अजिले पूजा गरिन्छ। बच्चाको टाउकोमा पाँच गेडा चामल र तेल राखेर बच्चा तेजिलो र बलियो होस् भनी टीका लगाइदिन्छ। त्यसपछि अजिले वच्चालाई बाबुको हातमा सुम्पिदिन्छे। यसलाई नेवारीमा 'अबुयात मचा लःल्ह्यायगुँ' भनिन्छ। यदि बच्चा सुम्पिँदा बावुले लिन अस्वीकार गरेमा आफ्नो सन्तान नभएको अभिव्यक्ति हो भन्ने कुरा प्रचलित छ। साँझमा अजि फेरि आएर गाजल बनाई शिशुलाई लगाइदिएपछि सो दिन शिशुलाई गाजल लगाइन्छ। यस वेला परिवारले अजिलाई आफ्नो क्षमताअनुसार चामल र दक्षिणा दिइन्छ त्यस्तै सेवा गरेबापत अन्य नातेदार, फुकीहरूले बच्चाको मुख हेर्दा चढाएको दक्षिणासमेत अजिको. भाग लाग्छ भनी दिने चलन छ। अजिलाई खुसी पारेन भने घरमा गई मन्त्र गरेर उल्टायो भने शिशु बिरामी पर्न सक्छ वा रुन्चे लाग्छ भन्ने जनधारणा पाइन्छ। यस बेला नै शिशुलाई सूर्य दर्शन गराई नामकरण गरिन्छ। साथै कान छेडी कापालिक धर्मअनुसार पूजाविधि गरिन्छ। (कपाली : सङ्क्षिप्त परिचय, ५४)

परम्पराअनुसार यस दिनमा माइतीबाट वच्चाको लागि ओछ्यान, सिरक, लुगा, जोर अजः सला (गाजल राख्ने भाँडो) मचाकठी, घोटीचौथी वासः (वच्चालाई खुवाउने वैद्य औषधी), आमालाई लुगा, क्वाँटी वासः (सुत्केरीमा खुवाउने औषधी)) पूजासामानका साथै राँगाको टाउको, मासु, कालो भटमास, भिजाएको सानो केराउ, मास, हरियो तरकारी, आलुलगायत मसलाहरू नुन, तेल, अन्य मसला र चिउरा राखी पठाउने चलन छ। जुन भोजका सरसामान नै भोजका लागि प्रयोग गरी भोज खुवाउने प्रचलन छ। यसलाई 'कुछवयग्‌र' यो पहिलो बच्चाको लागि मात्र पठाइने हो। कसैले पहिलो वच्चा छोरी भई पछि छोरा भएमा पुनः पठाइन्छ यद्यपि पछि छोरी भएमा पठाइँदैन। आजकाल यो चलनलाई कपाली समाजद्वारा वर्जित गरिएको छ। यद्यपि आफ्नो गच्छेअनुसार केही सामानहरू पठाउने गरिन्छ।

सुत्केरी स्याहार्न लग्ने : (मचावु लही यनेगु)

सबै नेवार समुदायमा आमा र शिशुको स्वास्थ्य राम्रो होस् भनी कम्तीमा एक महिना माइतमा ल्याई स्याहार्ने प्रचलन छ जसलाई 'मचावु लहीकमेगू' भनिन्छ। साधारणतया दुई महिनासम्म आमा र शिशुलाई दिनको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुई पटक तेलमालिस गराई, तीन छाक राम्रो खाना, घिउचाकु, मासु, क्वाँटी वास: ख्वाई स्याहार्ने गरिन्छ। शिशु महिना दिनको भएपछि राम्रै दिनमा आमा र बच्चालाई ल्याउने गर्दछ। शिशुलाई पहिलो पटक वाहिर ल्याउने हुँदा शिशुलाई भूतप्रेत नलागोस् भनेर दोबाटो, ढल, छ्वास र बाटोमा कनिका छर्दै आउने चलन छ। शिशु विरामी भएमा अहिले पनि अजिलाई बोलाएर पूजा गराई 'कुलेचा वा' राख्न लगाउने चलन छ।

पास्नी (मचा जंको)

बच्चाको (जंको) पास्नी छोरी भएमा छ महिना र छोरा भएमा ७ महिनामा गरिन्छ। बच्चा ठूलो हुँदै गएपछि आमाको दूधका साथमा थप ठोस खानाको आवश्यक पर्ने हुँदा पनि यो भातख्वाइ संस्कारको विकास भएको देखिन्छ। पास्नीमा मामाको अनिवार्य उपस्थिति चाहिन्छ। यस बेला पनि मामाघरवाट परिवारका सम्पूर्ण सदस्यहरूका लागि सगुन, रक्सी, दहीका साथै शिशु-आमालाई एक जोर लुगा पठाइन्छ भने सक्नेले शिशुका लागि सुनको वाला पनि दिने गर्दछ। नसक्नेले चाँदी या अन्य धातुको वाला भए पनि पठाउने चलन छ। साथमा फलफूल रोटी पनि पठाइन्छ।

यस वेला वच्चालाई आफ्नो घरकै थाकुलि नकिंले पूजा गरी 'सगुन' दिने गरिन्छ। यसै वेला थालमा धान, इँटा, माटो, कलम, कापी, पुस्तक, खेलौना, सुनको गहना आदि राखी बच्चालाई देखाइन्छ। बच्चाले जुन वस्तु हातले लिन्छ त्यहीअनुसार भावी पेसासम्वन्धी अडकल लगाउन सकिन्छ भन्ने विश्वास छ। बच्चालाई 'चिपं थिइकेगु' भनेर सुन या चाँदीको मोहर या चम्चाले खीर खुवाउने गर्दछ। परिवारका सवै सदस्यहरूले थाकुलीदेखि सुरु गरेर क्रमश: अन्य परिवारका सदस्यहरूले खुवाउने गर्दछ। यस बेला बच्चालाई तासको लुगाटोपी लगाइदिन्छ। कानमा 'चा:चा' र खुट्टामा चाँदीको 'कल्ली' हातमा बाला लगाइदिने गर्दछ। यस दिन बच्चालाई मामाले गणेशस्थान लगी पूजा गर्नुपर्ने चलन छ। यस अवसरमा पनि नातेदारलाई वोलाई आफ्नो गच्छेअनुसार भोज खुवाउने गरिन्छ।

बच्याको दुईवर्षे जन्मदिन (मचा निदं वुदिं)

नेवार समुदायमा तिथिअनुसार जन्मदिन मनाइन्छ हरेक (वुदिंमा) जन्मदिनमा देवीदेवताको पूजा गरी सगुन दिई मनाउने गर्दछ। यसमध्ये २ वर्ष, ४ वर्ष र १२ वर्षमा विशेष गरि मनाइने गरिन्छ।

वच्चा दुई वर्षको हुँदा गणेशलगायत अन्य देवीदेवतालाई योमरी, लोचामरी राखी पूजा गरिन्छ साथमा बच्चालाई पनि योमरी दुईवटा र लोचामरी दुईवटा राखी धागोमा उनेर माला लगाई, घरको नकिं या आमाले सगुन दिई मनाइन्छ। यस बेला वच्चाको सुस्वास्थ्यका लागि टोलका वच्चाहरूलाई दही चिउरा, फलफूल बाँडिदिने प्रचलन गर्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बच्चाको चारवर्षे जन्मदिन (मचा प्यदं वुदिं)

बच्चा चार वर्षको हुँदा पनि दुई वर्षको जस्तै गरी पूजा गरिन्छ। यस बेला चारवटा योमरी र चारवटा लोचामरी राखी माला लगाइदिन्छ।

त्यस्तै परम्परागत रूपमा १२ वर्षमा पनि गर्नुपर्छ भन्ने छ यद्यपि धेरैजसोले जन्मदिन मनाए तापनि १२ वटा योमरी र १२ वटा लोचामरीको माला लगाउँदैनन्।

वृद्धि संस्कार

कपाली समाजमा वृद्धि संस्कारअन्तर्गत छोरालाई 'नाद विगु' जुन व्रतबन्धसरह नै हो भने छोरीलाई 'वाह्रा तय्गु' गुफा राख्ने प्रचलन छ।

नाद विगु

कपाली समाजमा अन्य नेवार समुदायमा छोरालाई गरिने कय्तापूजा (व्रतबन्ध) गर्ने संस्कारभन्दा फरक देखिन्छ। छोराहरू ७, ९, ११, १३ बिजोर वर्षमा 'नाद विगु' भनेर गुरुवाट आफ्नो परम्परागत बाजा सिकाउने परम्परा छ। यस बेला चार प्रकारका बाजाहरू जस्तै बाह्रा धुन (मङ्गल, शुभकार्यमा बजाइने) ,छोहरा धुन (भूत वली, सङ्कल्प गर्ने बेलामा बजाइने), 'ग्वारा धुन (देवताहरूको स्तोत्र), लिगरा धुन (कीर्ति स्तोत्र) सिकाइन्छ। यसरी सिकाइने बेला चार दिनसम्म मास, भटमास, लसुन, प्याज वर्जित गरिन्छ। साथै गुरुहरूबाहेक अरूलाई पनि छुनु हुँदैन। चार दिनपछि राति नाटेश्वर (नासःद्यो) वा नित्यनाथकहाँ गई पूजा गरी शिष्यहरूलाई बाजा बजाउन लगाइन्छ। यसरी नाद लिइसकेपछि घरमा प्रवेश गर्नुभन्दा पहिला घरपरिवारले भिक्षा (धान, चामल, पैसा) दान दिइन्छ र घरमा भित्र्याइन्छ। कपालीहरूको 'नाद विगु' संस्कार नै व्रतबन्ध संस्कार हो (दर्शनधारी, नेवा समाज, पृ.३२)। यद्यपि आजकाल वाजा सिकाउने परम्परालाई हटाउँदै 'जोगी छुयेगु' संस्कार गरिन्छ जुन व्रतबन्ध संस्कारसँग मिल्दछ। यसरी परम्परागत संस्कृतिलाई युवापुस्तामा हस्तान्तरण गर्ने प्रचलन लोप हुँदै गएको देखिन्छ। यसको कारणमा युवापुस्तामा आफ्ना परम्परागत संस्कृतिप्रति नकारात्सक प्रभावका साथै अघिल्लो पुस्ताले पनि समाजले उनीहरूको पेसालाई गरिएको हेलाको भावनाले यी परम्परालाई छोड्दै गएको देखिन्छ।

'जोगी छुयेगु संस्कार'मा व्रतबन्धमा जस्तै बालकको मामाले टाउकोको बीच भागमा सुनको औंठीभित्र जति रौं राखेको हुन्छ त्योबाहेकका रौं सबै खौरिन्छ र बाँकी भएको टुपीलाई 'आगंसा' भनिन्छ। कपाल खौरिँदा तल नखसोस् भनी फुपूहरूले 'कंय्यागुदेमा' (पित्तलको थालमा) कपडा बिछ्याई थाप्ने चलन छ जसलाई 'सं फय्गू' (कपाल थाप्ने) भनिन्छ। उक्त खौरेको कपालमा दही र चिउरा राखी फुपूद्वारा खोलामा बगाउन लगिन्छ। बच्चालाई जोगी भेषधारण गराई झोली तुम्बा अर्पण गरिन्छ। चल्लाको छाला

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बेरेर धोती लगाई चिम्टा समात्न लगाई भिक्षा लिन लगाउने चलन छ। यस बेला बच्चालाई कानमा प्वाल पारी मन्त्र सुनाउने दीक्षा दिने पनि गरिन्छ। दिक्षा दिने बेलामा टाउको, कपाल, कान, घाँटी, छाती, नाभिमा विगुती र जल छुन लगाई बाँकी भएको जल उक्त बालकलाई पिउन लगाइन्छ। बालकलाई मामाले नासः द्यः कहाँ लगेर पूजा गराइन्छ र गुरुबाट आँगनमा दीक्षा ज्ञान दिने चलन थियो, यद्यपि यस्तो दीक्षा दिने चलन हराउँदै गई व्रतबन्ध गर्ने चलन छ। गणेशस्थानमा लगी सात पाइलासम्म हिँड्न लगाई बालकलाई भाग्न लगाइन्छ। यसको अर्थ अबदेखि एक्लै हिँड्न सकून् भनेर छोडेको हो भनिन्छ यसपछि मामाले समांती घर लगी थकाली नकिंले सगुन दिन्छ। यस बेला पनि फुकीको उपस्थिति चाहिन्छ। यो संस्कारले बच्चालाई ठूलो भएको र कपाली संस्कारमा भित्रचाइएको सङ्केत हो।

गुफा राख्ने (बाह्रा तयेगु)

कपाली समाजमा अन्य नेवार समुदायमा जस्तो बालिकाहरूलाई बाह्रा राख्नुपूर्व 'इहि' संस्कार गर्नु पर्दैन। आफ्ना छोरीहरूको प्रथम रजस्वला हुनुअगावै बिजोर वर्ष जस्तै ७, ९, ११, १३ वर्षमा शुभसाइतमा सूर्यको किरण पुरुषको दर्शन नहुने ठाउँमा लुकाएर राखिन्छ। जसलाई 'बाह्रा तयगु' भनिन्छ। कन्यालाई घरको नकिंले नुवाइधुवाइ गरी चोखो पारी दहीचिउरा खुवाएर फूल सगुन दिई साइतको समयमा बाह्रा राखिन्छ। यस बेला कपासको ख्याक (बाह्रा ख्याः) बनाई स्थापना गरिन्छ। खास गरी कन्यालाई बाह्राको समयमा उक्त ख्याकले रक्षा गरोस् भनी राखिन्छ। कन्याले खानुअघि हरेक खानेकुरा पहिला ख्याकलाई चढाएर मात्र खाइन्छ।

गुफा राखेको चार या छ दिनमा 'क्वं चिकं साय्केगु' भनी चामलको पीठो तेल राख्ने गरिन्छ। यसपछि कन्यालाई नुन खुवाइन्छ अर्थात् योभन्दा अगाडि नुन बार्न लगाइन्छ। क्वंचिक परम्परागत सौन्दर्य साधनको रूपमा प्रयोग गरिन्छ। यस विधिपश्चात् विवाहित छोरीहरू, फुकी, मामा, खलकहरू 'बाह्रा स्वः वयेंगु' भनी भुटेको मकै, भटमास साथै अन्य गेडागुडी, मिठाईका प्रकार, फलफूल राखी हेर्न आउने प्रचलन छ। 'क्वंचिक' साय्केगु विधि गरिसकेपछि घरका परिवारलगायत फुकीहरूसमेत पनि भोजभतेर जान नहुने र अन्य माङ्गलिक कार्यहरूसमेत गरिँदैन। यति बेला परिवारका 'जयविलिं काःगु' भनिन्छ।

एघारौं दिनको राति कन्यालाई स्नान गराई चोखो गरी घरमा पनि लिपपोत, लुगा धोई चोखो गरी कन्यालाई दुलही जस्तै शृङ्गार गराई मुख छोपेर बाहिर ल्याई सबभन्दा पहिला ज्वलान्ह्ययक्ं सिन्हःमु (परम्परागत ऐना, सिन्दूर राख्ने भाँडो) देखाई सूर्यको दर्शन गराइन्छ। कापलिक ग्रन्थअनुसार पुरोहितद्वारा पूजाआजा सम्पन्न गराइन्छ। यस बेला पनि गुरुमाबाट आगमिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूजाविधि, रोगव्याधि शिक्षा झारफुक शिक्षालगायत अन्य ज्ञान सिकाइन्छ यद्यपि यस्तो दीक्षा दिने प्रचलन हराउँदै गएको छ। यस वेला पनि आफ्नो आर्थिक अवस्थाअनुसार नातेदार, फुकी, गुफा वस्दा खेल्न आएका साथीहरूलाई बोलाएर भोज खुवाउने चलन छ।

यदि गुफा राखेको बेलामा संयोगवश मृत्यु भएमा कोठाबाट वाहिर नल्याई कोठाभित्रबाट नै प्वाल पारी तल छिँडीसम्म खसाली जमिनमा गाड्ने चलन छ जुन सबै नेवार समुदायमा यो प्रचलन छ।

(इहिपा) विवाह

कपालीजातिमा पनि विवाहलाई एक अनिवार्य र महत्त्वपूर्ण संस्कारका रूपमा लिइन्छ। उनीहरूमा मागी विवाहलाई प्राथमिकता दिइए तापनि आधुनिकताले गर्दा युवापुस्तामा प्रेमविवाह पनि प्रचलित देखिन्छ। अन्य जातिका वुहारी घरभित्र भित्रचाएमा सजिलैसँग आफ्नो संस्कारमा स्वीकारोक्ति गर्ने भनिए तापनि आफूभन्दा तल्लो जातका पानी नचल्ने जातलाई नरुचाउने गरेको स्थानीय व्यक्तिले व्यक्त गरेका छन्। यिनीहरूको जनसङ्ख्या धेरै नभएको कारण वावुपट्टि छ पुस्ता र आमापट्टि ४ पुस्तामा भित्र नै विवाह चल्दछ।

सुपारी दिने (ग्वय् वियेगु)

विवाहका लागि दुलही पक्का गरिसकेपछि 'ग्वय् वियगु' सुपारी दिने प्रचलन छ। सुपारी दिइसकेपछि उक्त कन्या पक्का भएको मानिन्छ। लमीमार्फत दुलाहाको घरपट्टि १/२ माना सुपारी पित्तलको छ भाँडोमा राखी पठाइन्छ। जुन त्यसकै लागि बनाइएको हुन्छ। जसलाई 'ग्वय् वाटा " भनिन्छ। यसका साथमा सिन्दूरवट्टा, लुगा, फलफूल, रोटीहरूका साथै सगुन पनि पठाइन्छ। यसै वेला 'लाखा' पनि साथैमा पठाइन्छ। लाखा भन्नाले विशेष किसिमले बनाइएका ठूला किसिमको रोटी पठाउनु हो जुन १० वटा १२ वटा सुपारीसँगै पठाइन्छ। यसको लागि साइत हेराई राम्रो दिनमा परिवारका अन्य सदस्यहरू पनि जान्छन् भने दुलाहाका बुबाको उपस्थिति अनिवार्य मानिन्छ। यस दिन कन्यालाई ससुराहरूले नै सगुन दिइन्छ भने दुलाहाका वुवाले दुलहीका बुबालाई सुपारी सुम्पिने गरिन्छ जसलाई 'ग्वय् लल्हाय्गु' भनिन्छ। यो विधिपछि कन्या बुहारीको रूपमा हक लाग्दछ।

पय्न जा नकेगु

विवाह गरेर जाने छोरीलाई विवाहपूर्व मामाघर विवाहित दिदीबहिनी, फुपूहरूले बोलाएर सगुनका साथ लुगाका केही जोर दिई भोज खुवाउने चलन गरिन्छ। जसलाई 'पय्न जा नकेगू' भनिन्छ। मामाघरमा अन्माउनु एक दिनअगाडि मात्र गइन्छ। किनकि मामाघरमा खाइसकेपछि घरमा केही हल्का

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खानेकुराबाहेक खाना खानु हुँदैन भन्ने प्रचलन छ।

दुलही लिन जाने (भौमचा का: वनेगु)

राम्रो लगनमा दुलाहासहित सक्नेले बाजा राखी नसक्नेले आफूहरू मात्र गई दुलही लिन जान्छन्। दुलाहालाई आमाले टीका लगाई, घरको ढोकावरपर पानीको घडामाथि दहीको कतारो राखी शुभसाइत गरी पठाउने चलन छ। दुलहीको घरमा पनि दुलाहालाई टीकाटालो गरी स्वागत गरिन्छ। दुलाहा र दुलही सँगै राखी 'थायभू नकेगु' भनी पुरोहितबाट पूजा गराई विधिपूर्वक पित्तलका थालमा भोज राखी खुवाउने गरिन्छ। त्यस्तै 'ह्वंकेगु' भनेर दुलाहा र दुलहीको टाउको जोडेर पूजा गरिन्छ। दुलहीलाई यस बेला नै स्वयंवर गरी माला लगाइदिने सिन्दूर हालिदिने गर्दछ भने आफ्नो आर्थिक स्थितिअनुसार सिक्री, औँठी दुलाहाले दुलहीलाई लगाइदिने गर्दछ। यद्यपि विवाहमण्डपमा जग्गे हाल्नु पर्दैन। दुलहीलाई अन्माएर पठाउनुअगाडि आफ्ना नातेदारहरूले दुलहीबाट सुपारी लिई दाइजो पनि दिन्छन्। कन्यादान गरिँदा घरको मूली (नकिं) ले दिन्छ भने बुबाले बोकेर अन्माउने चलन छ।

दुलही भित्र्याउने (छ्वें भौमचा दुकायेगु)

दुलहीलाई भित्रचाउनू अगाडि थाकुलि नकिंले फूल, अबिर, लावा, धान, स्वांवा, (विशेष धान) राखी पूजा गरिन्छ। लावा फूल पाथीमा राखी टाउकोमा खन्याई स्वागत गरिन्छ। वलिं पियूगु भनी धूलो चिउरा, सर्सिउँ तोरी जीउमा छुवाएर दायाँवायाँ फाल्ने गरिन्छ। सासूले दुलहीलाई साथैमा साँचो समात्न लगाई घर भित्रचाइन्छ। घरमा पनि दुलाहादुलही साथैमा राखी 'थाय्भु' खुवाउने चलन द्ध। यसको अर्थ आफ्नो परिवारमा स्वीकार गर्नु हो। विधि सकिएपछि 'थाय्भु' मामाले लगी 'छ्वास'मा फालिदिन्छ।

ग्वय् साय्केगु

परिवारजन र नातेदारहरूलाई दुलहीबाट सुपारी दिन लगाई दुलही चिनाउने परम्परा छ जसलाई 'ग्वय् साय्केगु' भनिन्छ। यस बेला आफूभन्दा थकाली मान्नुपर्ने व्यक्तिहरूलाई सुपारीका साथमा 'पुतु ग्वय्' (तासको) कपडामा छवटा सुपारी र तामाको पैसा हाली झोला जस्तै चारपाते (सिइराखेको) पनि दिइन्छ। दुलहीले यस्ता व्यक्तिलाई सम्मानस्वरूप ढोग्ने पनि गरिन्छ।

वञ्जला वनेगु

विवाहपछि भोलिपल्ट वा परिवारको अनुकूल समयमा नयाँ बुहारीलाई आफ्नो कुलदेवतालाई चिनाउने परम्पराअनुसार आफ्ना नातेदारलाई बोलाएर पिकनिक जस्तै बुहारीलाई पनि लग्ने परम्परालाई 'वञ्जला वनेगु' भनिन्छ। यस बेला पनि गणेश, भैरवको पनि पूजा गरिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जिलाजं दुचाय्केगु

छोरी अन्माएर पठाइसकेपछि ज्वाइँलाई पहिलोचोटि घरमा निम्तो दिने परम्परालाई 'जिलाजं दुचाय्केगु' भनिन्छ। यो दिन पारिवारिक सुविधाअनुसार छोरी अन्माएर पठाएको साँझमा नै वा अर्को दिनमा गर्न सक्दछ। यस दिनमा बेलुका ज्वाइँ, ससुरा, मामा ससुराका साथै साथी ल्याउने भनेर हरेकले एकएक जना आफ्नो साथमा साथी ल्याउने गर्छ। यस बेला पनि सगुन दिई ठूलो सत्कार गरिन्छ। भोजमा मासुका प्रकार, रोटी इ. राखेर खुवाउने प्रचलन छ।

कपालीजातिमा अन्य नेवारजातिमा प्रचलित 'ख्वा स्वय्गु' (मुख हेर्ने) चलन छैन।

बूढाबूढी पास्नी (ज्याः जंक्व)

नेवारी समुदायमा परिवारमा वर्ष पुगेका सदस्यहरूलाई सम्मानस्वरूप 'जंक्व' गर्ने परम्परा छ जुन कपाली समाजमा पनि गरिन्छ। व्यक्तिको उमेर ७७ वर्ष ७ महिना, ७ दिन, ७ घडी ७ पलामा पुगेपछि 'भीमरथारोहण' गरिन्छ। यस बेला जंक्वकै लागि विशेष किसिमले बनाइएको सिंहासनमा आसन ग्रहण गराई नवग्रह शान्ति पूजा गरिन्छ, तत्पश्चात् खटमा राखी आफ्ना छोरा, नातिहरूले बोकी गणेशस्थानको वरपर हुने गरी सहर घुमाउने गरिन्छ। यस बेला पनि (फूल सगुन) 'ख्वें संग' दिई पाहुना बोलाई भोज खुवाउने चलन छ। जंक्व गरिँदा यदि लोग्नेमान्छेको मात्र वर्ष पुगेको छ भने पनि उनकी पत्नीको वर्ष नपुगे पनि साथैमा जंक्व गरिन्छ।

दोस्रो पटकको जंक्व व्यक्तिले १००० पटक चन्द्रमा जन्मले देखिसकेपछि गर्दछ अर्थात् ८४ वर्षको आसपासमा गरिन्छ जसलाई 'चन्द्ररथारोहण' भनिन्छ। यस बेला साँझमा चन्द्रमाको पूजा र सहस्र चन्द्र दर्शन गराई 'धौ संग' दिइन्छ। मासुको प्रयोग गरिँदैन। पाहुनालाई पनि रोटीहरू राखी शाकाहारी भोजन गराइन्छ।

तेस्रो पटकको जंक्वे ८८ वर्ष, ८ महिना, ८ दिन, ८ घडी, ८ पला पुगेपछि गरिन्छ जसलाई देव 'रथारोहण' भनिन्छ। यस बेला पनि विशेष पूजाआजा गरी 'ख्वें सगँ' दिई रथमा राखी सहर घुमाउने गर्दछ। छोराछोरी, नातिनातिनीहरू सबैले तान्ने गरिन्छ। सहर घुमाइसकेपछि झ्यालबाट तान्ने गरिन्छ। यसको अर्थ बूढाबूढीहरू देवत्व लाभ भई स्वर्गको बाटोमा जान्छन् भन्ने जनधारणा छ।

अन्तमा ९९ वर्ष, ९ महिना, ९ दिन, ९ घडी ९ पला पुगेपछि गरिन्छ जसलाई 'महारथारोहण' भनिन्छ। यसले घ्याम्पोभित्र राखी पुनर्जन्म भएको सङ्केत गरी पूजा गरिने परम्परा छ।

मृत्युसंस्कार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कपालीहरूको मृत्युसंस्कार अन्य नेवार समुदायको भन्दा फरक छ। यिनीहरूको मृत्युविधिमा जलाउने नभई गाड्ने गरिन्छ। धार्मिक दृष्टिले सन्न्यास लिए योग धारण गर्ने जुनसुकै जातिका योगीहरू ध्यानमा नै समाधिस्थ हुने हुँदा जलाउने चलन नभएका कारणले कापालिक परम्पराका कुस्लेहरूको शवलाई गाड्ने परम्परा रहेको हो। कपालीहरू मन्त्रसिद्धि गर्न सक्ने तान्त्रिक चक्रविद्या भएका व्यक्तिहरूलाई जलाउनु हुँदैन समाधिस्थ गर्नुपर्छ सोहीअनुरूप शवलाई नजलाईकन ध्यान भावनामा बसिराखेको जस्तो गरी पद्मासनमा राखी गाड्ने प्रचलन छ। (कपाली संक्षिप्त परिचय, २०५६ पेज ५६)

यस संस्कारको सम्बन्धमा कुँवर २०६२ : १५६ मा उल्लेख गरेअनुसार भाषा वंशावलीमा 'जुठो ७ दिन मान्नू र मूर्दा जलाउनू' भनेर उल्लेख गरेको पाइन्छ (लम्साल, २०२३ : ४६) भने बाबुराम आचार्य, योगी नरहरिनाथद्वारा वि.सं.२०११ मा प्रकाशित दिव्योपदेशमा जयस्थिति मल्लको थितिलाई उल्लेख गर्ने क्रममा 'मुर्दा गाड्नु' भनिएको छ। (आचार्य, नरहरिनाथ, २०६१ : ४६) यसरी भाषा वंशावलीको आधारमा जयस्थिति मल्लको पालासम्म जलाउने चलन भएको यद्यपि गोरखनाथ सम्प्रदायको प्रभावपश्चात् गाड्ने प्रचलन भएको आशङ्का व्यक्त गरेका छन्। कपाली कुस्लेहरूको गाड्ने परम्परा भएको हुँदा उपत्यकाका तीनै सहरमा गाड्ने ठाउँको व्यवस्था छ। काठमाडौँमा पशुपति, स्वयम्भू, कुस्लेचउर र टेकु पचलीमा छन् भने कीर्तिपुर पाखामा पाङ्गा माजगाल र पाटन खटलमा रहेका छन्। पाटनमा गुइतल वालकुमारी, सिञ्चाहिटी, मचागाल र पुलचोकमा पनि चिहानस्थल थिए यद्यपि यी ठाउँहरू मिचिसकेका छन्।

कपालीहरूले मृत्युलाई एक संस्कारको रूपमा लिएको पाइन्छ। परिवारका कोही सदस्यको मृत्यु भएमा वा प्राण नछोड्दै सर्वप्रथम छिँडीमा ल्याइन्छ र तुलसीपत्रको जल खुवाउने प्रचलन छ। मृतकलाई लिपेर चोखो गरी जौ, तिल र तुलसीपत्र राखी दक्षिणतिर शिर पर्ने गरी सुताइन्छ। शवलाई कपडाले छोपेर शरीरमाथि चक्कु या अन्य फलामको हतियार राखिन्छ। ता कि मृतक भूत बनेर नउठून्। त्यस्तै टाउकोभन्दा माथि एउटा दियो (पाल्चा मत) र अर्को खुट्टातल धान राखी त्यसको माथि दियो बालिन्छ। त्यसपछि विवाहित छोरीहरू नातेदार सना गुठीका गुठियार र फुकी (दाजभाइ)लाई खबर गरिन्छ। मृतकलाई पद्मासनमा राख्नुपर्ने हुँदा मृत्यु हुनासाथ खुट्टा एवं हातका जोर्नीहरू खुकुलो पार्नलाई हरेक पाँचदस मिनेटमा खुम्चाउने, तन्काउने गरी चलाइराख्नु अनिवार्य हुन्छ। जसलाई 'थला: कुला: यायगु' भनिन्छ। मृत्युको खबर पाइसकेपछि नातेदार, फुकी एवं साना गुठियारहरू भेला भई त्यस वर्ष पालो परेको गुठियारले 'देवं' कपडाले लासलाई ढाकिदिन यो विधि एक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकारले सामाजिक रूपले मृत्युको स्वीकारोक्ति मान्न सकिन्छ । किनकि 'देवं' नओढाईकन मृत्युसंस्कार अगाडि बढाइँदैन ।

मृतकलाई चिहानस्थलसम्म लग्ने तयारीको क्रममा प्रथमतः जलस्नान गराइन्छ । मृतकको सम्पूर्ण लुगा खोली विभूति, सिन्दूर, पहेँलो, सुन्तला रङको टीका, चन्दनले मृतकको निधार, गला, दुवै हातको नाडी, नलिगोडाहरूमा शिवतिलक धारण गराइन्छ । सामान्यतः यो कार्य गुठीका मूलीले गर्दछ । मृतक दीक्षा लिएको व्यक्ति भए दीक्षा लिएकै व्यक्तिवाट सम्पन्न गरिन्छ । यसपछि मुर्दालाई 'कुत्वा' (मुर्दा खट) मा राख्नुपूर्व सेतो कपडा बेरेर खुट्टातिर सुरुवाल जस्तो गरेर बीचमा च्यातेर र कम्मरभन्दा माथि एकै धारमा सिएर खुम्चाएर पद्मासनमा राखिन्छ । सिउँदा तीनवटा मिलाएर बनाएको 'कचिका' (काँचो धागो) को प्रयोग गरी तीनतिरै सातसात टाँका हुने गरी सिइन्छ । अन्तमा मुखमा उमालेर फूल सगुनको रूपमा राखी 'लिखोल' (पित्तलको कचौरा) ले छोपेर सिइन्छ । यी सवै कार्यलाई (दुखांपिखां) तिगु भनिन्छ ।

मृतकलाई चिहानस्थलसम्म पुऱ्याउन गुठी गुठियारहरूले 'कुर्ता' वनाइन्छ । यो दुईवटा दायाँवायाँ लामो बाँसको बीचमा लहरै सातवटा बाँसको टुक्रा लहरै राखी छेउमा एकएकवटा खप्टयावियोको डोरीले वाँधेर वनाइन्छ । 'कुता' मा मृतकलाई राख्नुपूर्व क्रियाकर्म गर्ने व्यक्तिले माटोको भाँडामा गोवर र पानी राखी घेरी औँलातर्फका तीन औँलाले लासको टाउको ढाड र खुट्टा पर्ने ठाउँमा तेर्सा धर्का तीन ठाउँमा तानिन्छ । तीनै ठाउँमा सिन्दूर, पहेंलो केशरी र विभूति पनि राखिन्छ । यिनै धर्सामाथि 'पुलु' (मान्द्रो) राखिन्छ । त्यसमाथि लास राखिन्छ र मान्द्रोले मोडेर परालको डोरीले वाँधिन्छ माथि 'देवं' ले छोपिदिन्छ । त्यसपछि पहेंलो कपडा र फूल अबिर, पैसा, लावा (ताय्) छर्किन्छ । तत्पश्चात् लास उठाउनुपूर्व 'छ्वासय् वाय्गू वसः' भनेर पहिल नै लासमाथि राखिएका मृतकका लुगाहरू कूचो, पाचा सुकु (सानो सुकुल) मा पराल र पटुकाले वाँधेर थकाली नकिंले रुँदै छ्वासमा गई फाल्ने काम गर्छ । त्यसलाई 'ध्वास वाय्गु' भनिन्छ । त्यसपछि लास उठाउने बेलामा विवाहिता एवं गुफा राखिसकेका छोरीहरूले तीन पटक घुमेर तीनै पटक धान छर्दछन् । गुठियारहरूले तयार पारेको मुर्दा खटलाई चार कुनामा समातेर उठाउँदछन् र अरू गुठियारले मुर्दालाई उठाएर कोठामा राखिदिन्छ । तत्पश्चात् शवलाई चिहानस्थलतिर लगिन्छ र यस क्रममा छोरीहरू पनि खास्टो ओढेर रुँदै धान छर्दै अगाडिअगाडि हिंडेका हुन्छन् । जसलाई 'वा होलावनेगु' भनिन्छ । यी व्यक्तिहरू बिजोर सङ्ख्यामा हुनुपर्दछ । उनीहरूपछिपछि गुठियार मलामीहरू धूप लिएर अबिर र लावा (ताय्) छर्दै जान्छन् त्यसपछि छोराहरू भतिजाहरू, फुकी खास्टो ओढेर रुँदैरुँदै पछिपछि गएका हुन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लासलाई लगिसकेपछि क्रियाकर्म गर्ने व्यक्तिले लासलाई मान्द्रोमा राख्नुअगाडि प्रयोग गरेको गोबर राखिएको 'सौ' भेगः चा पनि साथैमा ल्याई घरबाहिर फुटाएर जान्छ। चिहानस्थलसम्म जाने सबै व्यक्ति गइसकेपछि 'थकाली नकिं' वा अन्य बुबाआमा नभएका महिलाले ढकीमा अर्को लुगा राखेर पुनः 'छ्वास'मा लगेर फाल्दछ। जसलाई 'सौ पिचा वायगु' भनिन्छ।

मृतकलाई समाधिस्थ गर्नको लागि खाल्डो बनाउनको लागि एक व्यक्ति शवमा राखिराखेको धान र पैसा लिएर खाली खुट्टा कसैलाई नबोली नछोई, फर्केर नहेरीकन चिहानमा गएर उपयुक्त स्थान निश्चित गरी धान पैसा सो ठाउँमा बिसाई कोदालोले धान पैसा माटोसमेत आउने गरी एक ढिक्का माटो झिकिन्छ। त्यसलाई 'भेलुपाय्' भनिन्छ। सो 'भेलुपाय्' लाई अति जतनका साथ राखी अन्तिममा त्यसको काम हुन्छ। खाल्डोको आकार गहिराइ ६ फिट, गोलाइ ४ फिट तयार भइसकेपछि मृतकको टाउको पर्ने ठाउँमा एक 'ग्वाखंचा प्वाः' (खोपा) पनि तयार गरिन्छ। आजकाल खाल्डो खन्ने मानिस जोकोही पनि नभएको हुँदा कपाली समाजले एक खाल्डो खन्ने मानिस तलबसहित व्यवस्था गरेको पाइन्छ।

शवलाई चिहानसम्म पुऱ्याएपछि क्रियाकर्म गर्ने व्यक्तिले खोलामा गई नुहाई बालुवा मिसिएको पानी अँजुलीभरि ल्याई खाल्डोको तीन पटक परिक्रमा गरी खोपाको सीधा अगाडि उक्त पानी अर्पण गरिन्छ। यो कापालिक धर्मअनुसार समाधिको लागि आसन दिई अन्तिम क्रिया गरेको हो (नेवाः समाज, ने.स. ११२७, ३४) मृतकलाई खाल्डोमा राख्नुपूर्व खटको डोरी काटी, मुख खोलेर कचौरा देवं कपडालगायत फूल आदि पाखा लगाइन्छ। कचौराले सर्वप्रथम 'भेलुपाय' खन्नेले पैसा राखेर तीन पटकसम्म पानी खुवाउँछ त्यसपछि क्रमशः लास बोकेर ल्याउने चार जना, गुठियारहरूले खुवाउँछन्। छोरीहरू, छोरा परिवारका अन्य फुकी सदस्यहरूले खुवाइसकेपछि अन्तिममा किरिया बस्नेले पाँचवटा दूबो र पैसाले पाँच पटक जल खुवाइन्छ र मलामीहरूले लासलाई अभिवादन गर्दछन् तर किरिया बस्ने व्यक्तिले भने खुट्टामा नै ढोग्ने गर्दछ।

त्यसपछि मृतकलाई खाल्डोमा बनाएको खोपामा पूर्व उत्तर ईशान हिमालतर्फ फर्काएर पद्मासनमा राखिन्छ, मृतकको दायाँ काखीमा झोला भिराइन्छ त्यसमा चिउरा, दही, खाजा (एक प्रकारको रोटी) राखिन्छ। साथै रूखबाट आउने एक प्रकारको कमन्दमूल जस्तै आकारको 'भूखाचा' पनि पानी राखेर छोडिन्छ यद्यपि आजकाल यो वस्तु सुलभ तरिकाले पाइँदैन। त्यसपछि पुरोहितले समाधि गायत्री धर्मशङ्ख मन्त्र मनमनै वाचन गर्दै माटो दिने भनेर नौ पटकसम्म लासमा माटो दिन्छ। पुरिसकेपछि चारैतिर चार कुनामा शिवलिङ्ग बनाई बीचमा पहिला निकालेको 'भेलुपांय्' राखी सम्पूर्ण परिवारजन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र मलामीहरूले दूबो रोपेर 'सतफल' भन्दै अन्तिम श्रद्धाञ्जलि अर्पण गर्ने गर्दछन् । लासलाई छिटो गलाउन नुनहरू प्रयोग गर्नु नपर्ने र उनीहरूको मन्त्रसिद्धिबाट नै लास माटोमा छिटै परिणत हुनेमा कपालीहरू विश्वास गर्दछन् ।

अत्येष्टि गरिसकेपछि सबै व्यक्तिहरू नजिकको खोला, नदी वा धारामा नुहाएर मृतकका घरको अगाडि लाम लागेर बस्दछन् । थकाली नकिंले चोखो पानीले हात धुन लगाई, दुवै हातमा बूढी औँला र चोर औँलाले व्कावजी (मसिनो चिउरा) लिई कुममा छुवाई तीन पटक दाहिने देब्रे, माथि तल फ्याँकिन्छ त्यसपछि हात धुन लगाई अदुवाको टुक्रा, नुन खाने जस्तो गराई फ्याँकेर हात धुवाइन्छ । अनि पालामा आगो सल्काई (रायो, सर्सिउँ) हाली आगो सेक्न लगाइन्छ र ताःचा (साँचो) सुम्पिन्छ र यो प्रक्रिया क्रमैसँग गरेर अन्तमा बसेकाले जमिनमा राखिदिन्छ । यही प्रक्रिया अन्तमा किरियाकर्म गर्ने व्यक्तिलाई दोहऱ्याइन्छ र उनले पनि साँचो छोडेपछि थकाली नकिंले पखालेर रुँदै साँचो राख्दछे । यसो गर्नुको तात्पर्य मसानघाटबाट आउँदा कुनै पनि प्रेतात्मा नआओस् भन्ने हो भने नुन खान हुने गरी स्वीकृति पनि दिएको हो । यदि मृतकलाई अस्पतालबाट सीधै घाटमा लगेको भएमा यी सबै विधि घाटमा नै पूरा गरिन्छ ।

दिवङ्गतको नाममा गरिने काजकिरिया

मृत्यु भएको दिनबाट सातौँ दिनसम्म प्रत्येक दिन बेलुका लास राखेको ठाउँमा बत्ती बालेर मृतकको नाममा चिउरा, अदुवा, नुन, रोटी, रक्सी राखेर छोपिन्छ र भोलिपल्ट बिहान वेपाली वा दन्या (कपालीभित्र नै पर्ने जात) लाई दिइन्छ । आजभोलि लिन नआउने हुँदा घरबाहिर 'पिखालखु' वा खोलामा लगेर राखिने गर्दछ । त्यस्तै किरिया बस्ने व्यक्तिले सात दिनसम्म चोखो भई भात पकाई नाङ्गो खुट्टाले कसैसँग नबोली मृतक गाडेको ठाउँमा गएर खुवाउनुपर्दछ । चढाएको भात कागले जुठो गर्न आएपछि मात्र फर्कनुपर्छ । यसमा भात, दाल, तरकारी, सानो केराउको अचार, चोखो पानी आदि हुन्छ । यसरी सात दिनसम्म 'भेलूपाय्' मा पिण्ड चढाई धर्मशङ्खमन्त्र पढी श्राद्ध गरी पूजा गर्नुपर्दछ ।

त्यस्तै विवाहित छोरीहरूले चिउरा, नुन, अदुवा, घिउ, सक्खर या चिनी, रोटी, केराउ, मूला, रक्सी इत्यादि लिई मृतकको घरमा ल्याउन्छन् । जसलाई 'चिपं थिइकः वय्गु' भनिन्छ । त्यस्तै छोरीहरूलगायत अन्य नजिकका नातेदारहरू छैटौँ दिनमा 'लोचा वय्गु भनेर चिउरा, नुन, चिनी, अदुवा, दही, रोटी, रक्सी, आदि ल्याउने चलन छ । यसरी ल्याएका सबैका खानेकुराहरू मृतकको नाममा पनि चढाउने गरिन्छ ।

मरेका व्यक्तिका परिवारमा एवं फुकी 'दुमाःगु' (सूतक परेको)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनिन्छ । यति बेला नुन वार्नु नपरे पनि तेल फुराएर (झ्वाइँ पारेर) तरकारी पकाइँदैन, त्यस्तै मास, गोलभँडा, फर्सी, भन्टा, मुसुरोको दाल, कोदो, गहतका साथै प्याज, लसुन, छ्यापी, माछा, मासु, अन्डा जस्ता खाद्य पदार्थ ६ दिनसम्म खाँदैनन् । विवाहित छोरीहरूले चार दिनमा माछामासु खान सक्दछ ।

बाह्र दिन (घः सु)

कापालिक मतअनुसार सातौँ दिनमा नै न्ह्य्यूमा र घःसु एकै दिनमा सकिन्छ । पहिला सातौँ दिनमा नै सिद्धिने वा चोखिने भए तापनि आजकाल अन्य नेवार समुदायमा जस्तै १२ दिनमा घःसु गर्ने, लत्या (४५ दिन), खुला (६ महिना) दकिला (१ वर्ष), निदंतिथि (२ वर्ष) गर्ने चलन बस्दै आएको छ । कपालीजाति अन्य नेवार समुदायमा जन्मदेखि मृत्युसंस्कारसम्ममा चाहिने हुँदा यिनीहरूलाई समाजले सातौँ दिनमा नै चोखिने परम्परा बसालेको देखिन्छ ।

सातौँ दिनमा मृतकका परिवार एवं फुकीहरू आआफ्नो घरमा लिपपोत गरेर सबै जना खोलामा गई नुहाउने गरिन्छ । त्यसपछि अमलाको धुलो, पिना, तिलले समेत चोख्याई गाईको दूध र दूबोले छर्केपछि चोखो भइन्छ । त्यस्तै किरिया बस्ने नेपालीलाई पनि दन्याजातिका मानिस आएर नङ र कपाल काट्ने गरिन्छ । अन्य सदस्यले जस्तै नुवाइधुवाइ गरी चोखिने प्रक्रिया गर्दछ र कन्याले नै वर्खी बस्ने लुगा सुम्पिने गर्दछ भने सूतक परेको बेलामा लगाइराखेको लुगा उनले नै लिने गर्दछ । लोग्नेमान्छे मरेको भए स्वास्नी र छोराहरू वर्खी (सेतो लुगा) बस्ने गर्दछ भने स्वास्नीमान्छे मरेमा छोराहरू मात्र वर्खी बस्दछन् र लोग्नेले टोपी मात्र बार्ने चलन छ ।

खोलाबाट फर्किसकेपछि मृतकको नाममा ६ प्रकारका खाना (खुना धासा) (गेडागुडी, आलु, तयार गरी साग, मासु, सानो केराउको अचार र कःमु) तयार गरी दहीरोटीका साथमा भात पकाई परिवारका सदस्यहरू ती खानेकुरालाई छोपी, कसैलाई नछोई, केही नखाई, नबोली, फर्केर नहेरी शव गाडिएको ठाउँमा पुरोहितसहित अन्तिम पटक कापालिक धर्मअनुसार पूजा गरिन्छ । 'भेलुपाय्' मा काँचो धागोले बेरेर वज्र लेपन गरी देवतापूजा गर्दछ । यो कपालीहरूको न्हयय्नुमा विधि हो । घरमा फर्केपछि तिल, जौ छर्केर चोखिने कार्य गर्दछ । यसरी पितृलाई भाग राखेर फर्किपछि वर्जित भएका खाद्य वस्तु फुकुवा हुन्छ । कसैले तेल, कपडा अविर पनि यसै दिनमा फुक्का गर्ने चलन छ । त्यसै दिन घरमा होम गरी पूजा गराई मलामी जानेहरू सबैले हात सेकेर चोखो गरिन्छ र पुरोहित, गुठियार, फुकी, मलामी आएकाहरूलाई बोलाई भात, दाल, मासुका परिकार, समयअनुसारको सागसबजी, गेडागुडी, रक्स आदि राखेर भोज खुवाइन्छ । जसलाई 'घःसु भ्वय्' भनिन्छ । त्यस दिन परिवार तथा फुकीले भोजमा खाएका जुठा टपरी बाँकी रहेका भोज भाग आदि लगेर अन्तमा छ्वासमा फालेपछि सम्पूर्ण भोज सकिन्छ । त्यही दिन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बेलुका घरबाहिर 'पारखाजा' भनेर विवाहित छोरीले राति चोखो गरी पकाइराखेको भात, दाल, तरकारी आदिसमेत एउटा भाँडामा बत्तीसहित डोरी लगाएर घरबाहिर झुन्ड्याइन्छ। यसपछि मूलढोका लगाई रुँदै बाहिर जान्छ। त्यस दिन मूलढोका बन्द गरेपछि खोल्नु हुँदैन भन्ने प्रचलन छ। भोलिपल्ट उक्त 'पाखाजा' खोलामा राख्न लगिन्छ। घरको पाखा (घरबाहिर) मा राख्ने भात हुँदा यसलाई 'पाखाजा' भनिएको हो। यस दिनदेखि मृतकलाई मृत धोषणा गरी घरभित्र नभई बाहिर भात राख्ने गरेको जनविश्वास रहेको छ।

पैंतालीस दिन (लत्या)

कपालीहरूमध्ये कसैले तेरौं दिनमा नै 'लत्या' मा गरिने पूजाविधि गरिन्५ भने धेरैजसोले पैंतालीस दिनमा पुरोहितलाई दिवङ्गत व्यक्तिको नाममा सुत्ने र भान्छाकोठाको लागि चाहिने सामानहरू आफ्नो आर्थिक अवस्थाअनुसार दान गरिन्छ। विशेष गरी कोठाका सामानहरू जस्तै खाट,ओछ्यान, सिरक, भान्छाका लागि चाहिने हिटर, भाँडाकुँडालगायत केही खानेकुराहरूसमेत दान दिइन्छ। यस दिन लोग्नेमानिस भए पुरोहितलाई लुगा जोर दिइन्छ भने स्वास्नीमानिस मरेको भए पुरोहितका स्वास्नीलाई एक जोर लुगा दिइन्छ। यसै दिन श्राद्ध गरी फुकी, गुठियार र छोरीहरूलाई बोलाई भोजभतेर खुवाउने चलन छ।

खुला (६ महिना)

दिवङ्गत भएको ६ महिनामा मृतकलाई वैतरणी तर्ने भनेर चाँदीको नौका (डुङ्गा) , छाता, खराउ पुरोहितलाई दान गरी श्राद्ध गरिन्छ। यस बेला पनि विवाहित छोरीहरू, फुकी, गुठियारलाई बोलाइन्छ।

दकिला (एक वर्ष)

दिवङ्गत भएको वर्ष दिनको तिथिमा पुरोहितद्वारा श्राद्ध गराई दानदक्षिणा दिइन्छ भने बर्खी बसेका छन् भने सगुन दिई सेतो लुगा फुकाइन्छ। यस बेला पनि कसैलाई नछुटाई भोज खुवाइन्छ।

निदं तिथि (दुई वर्ष)

दिवङ्गत भएको दुई वर्षको हुँदा पनि श्राद्ध गरी पुरोहितलाई दानदक्षिणा, खानेकुराका परिकार दान दिइन्छ। यस बेला पनि छोरीहरू, भान्जाभान्जी, फुकीलाई बोलाई भोज खुवाइन्छ। यसपश्चात् दिवङ्गत भएको व्यक्तिको नाममा सक्नेले वर्षवर्षमा श्राद्ध गर्दछ भने कसैले 'निस्ला दान' मात्र गरी सम्पन्न गरिन्छ।

सायाः छ्वव्वयेगु

मृत्यु भएको वर्षमा गुंपुन्हि (जनै पूर्णिमा) चाडको भोलिपल्ट सापारू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(सायाः) का दिनमा कपालीहरूका मृतकका परिवारले ३६५ मालपुवा, स्वारी, फलफूल टपरीमा राखी अन्य सा याः आउने व्यक्तिलाई दान दिने प्रचलन छ। यदि बच्चा भरेको छ भने दूध दान दिने चलन छ। यसका साथै आफ्नो घरबाट पनि एक बालकलाई 'साया छव्वयेगु' भनेर शिव वा कापालिक भेषधारण (जीउमा विभूति दलेर) धोती लगाई, झोला, तुम्बा, चिम्टा समात्न लगाई सायाः पठाउने गरिन्छ।

तिथि श्राद्ध

दिवङ्गत व्यक्तिको दुई वर्षको श्राद्धपछि हरेक वर्ष मरेको तिथिमा तीर्थमा गई श्राद्ध गर्ने चलन छ। श्राद्ध गर्न सक्नेले जल दान, निस्ला दान गर्ने चलन गर्दछ।

सोर श्राद्ध

हरेक वर्ष ञंला गाः प्रतिपदादेखि औंसीसम्ममा सोरश्राद्ध गरिन्छ। यस अवधिभित्र मृतकको तिथिमा श्राद्ध गरिन्छ। यो दिन परिवार र नातेदारका मृतक व्यक्तिहरूलगायत स्वर्गारोहण भएका राजाहरूको नाममा समेत पिण्ड चढाउने चलन छ।

निष्कर्ष

नेवारजातिको जातीय संरचनामा पानी नचल्ने भनेर राखिएका कुस्लेजातिलाई नयाँ मुलुकी ऐन वि.स. २०२० ले जातीय विभेदलाई हटाएको परिप्रेक्ष्यमा सामाजिक विभेदविरुद्ध चेतना जागृत भएको देखिन्छ। त्यस्तै आदिवासी उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन वि.स. २०५८ जारी भएपछि उत्पीडित जातिहरूको समानतामुखी हकअधिकारमा थप उत्साह मिलेको छ। यस प्रकार नेवारी समाजमा कुस्लेहरू संस्कारगत कार्यका लागि अत्यावश्यक भए तापनि नयाँ पुस्ताका व्यक्तिहरूले आफूलाई परिवर्तन गर्दै लग्ने सिलसिलामा आफ्ना पुर्ख्यौली पेसालाई छोडेर आर्थिक दृष्टिले सबल हुन सक्ने कामतर्फ उन्मुख भएको देखिन्छ। यसो हुनुमा एकातिर परम्परागत पेसा अँगालेर जीविकोपार्जन नहुने यर्थाथ छ भने अर्कोतिर समाजले ती पेसा गर्ने व्यक्तिहरूलाई हेय र घृणाको दृष्टिले हेर्न थालेकाले यस्ता कार्यहरू छोड्दै गएको पाइन्छ। त्यस्तै जातीय मौलिकता रहेका परम्पराहरू जोगी हुने, नाद वाजा बजाएर कपाली गुरुबाट दीक्षा लिई मुहाली बजाउन सिक्ने, विभिन्न तान्त्रिक विद्याहरू सिक्ने-सिकाउने परम्परालाई त्याग्दै उपल्लो जातिमा गरिने परम्परा जस्तै व्रतबन्ध गर्ने चलनले संस्कारगत कार्यमा प्रभाव पारेको देखिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काठमाडौँ तथा तराई मुस्लिमका सामाजिक संस्कारहरू

-अलाउद्दीन अन्सारी फलाही

पृष्ठभूमि

संस्कारको शाब्दिक अर्थ हुन्छ परिशोधन गर्नु वा परिमार्जन गर्नु र यसको पारिभाषिक अर्थ हुन्छ मानिसको मानसिक तथा शारीरिक शुद्धताका निम्ति विधिवत् गरिने धार्मिक अनुष्ठान ।

उर्दू भाषामा संस्कारलाई **मज्हबी रस्मो रिवाज** भनिन्छ । संस्कार गरिएमा यस लोकमा पनि बल, बुद्धि, सम्पत्ति, शक्ति तथा राम्रो भविष्य प्राप्त हुन्छ र परलोकमा पनि स्वर्ग प्राप्त हुनेछ भन्ने विश्वास छ । लौकिक जीवनमा सुख तथा दुख दुवै हुन्छ । सुख तथा सफलता प्राप्त भएमा खुसी तथा कृतज्ञता प्रकट गर्नु र दुखद क्षणहरूमा संवेदना तथा धैर्यधारण गर्नु स्वाभाविक तथा प्राकृतिक पनि हो । यी खुसी तथा दुखहरूलाई प्रकट गर्नको लागि विभिन्न जातिमा विभिन्न तौर तरिकाहरूको अवलम्बन गरिन्छ । यी तरिकाहरू तथा जीवन व्यतीत गर्ने तरिका तथा भक्तिहरूलाई "संस्कार" भनिन्छ । यस लोकमा सांस्कृतिक तथा नैतिक मूल्यको निरन्तर प्रवाह तथा मानवव्यक्तित्वको निर्माण र विकासका निम्ति संस्कारको निर्वाह अनिवार्य मानिन्छ भने अल्लाहको प्रसन्नता प्राप्त गरेर परलोकको सफलताको लागि पनि संस्कारको निर्वाह अनिवार्य मानिन्छ ।

हाम्रो देश नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक देश हो । नेपालको मुस्लिम समुदाय नेपालका महत्त्वपूर्ण जातिहरूमध्ये एक हो । नेपालको पहाड, तराई तथा केन्द्रीय सहर काठमाडौँमा मुस्लिमहरूको बाक्लो बसोवास छ, जहाँ तिनीहरू आफ्नो संस्कारअनुसार जीवन बिताउँदै आएका छन् ।

मुस्लिमहरूले पालना गर्ने धर्मको नाम इस्लाम हो, जसको पूर्ण पालना मुस्लिम हुनको लागि अनिवार्य हुन्छ । तर दुर्भाग्यवश अन्य जातजातिझैँ मुस्लिम जातिमा पनि कुरआन तथा हदीसको पूर्ण पालनामा कमि कमजोरी देखा पर्न थालेको छ र जन्मदेखि मृत्युसम्मको संस्कार सम्पन्न गर्दा उनीहरू केही यस्ता कार्य पनि गर्छन् जो कुरआन तथा हदीससित मेल खाँदैन वरु कतै त कुरआन तथा हदीसका निर्देशनविपरीत कार्य पनि गर्न थालेका छन् । यस दृष्टिकोणबाट हेर्दा नेपाली मुस्लिमले गर्दै आएको संस्कारलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इस्लामी संस्कार नभनेर मुस्लिम संस्कार भन्नु उचित हुन्छ । अरू जातिहरूको तुलनामा मुस्लिमजातिमा आफ्नो धर्मको बढी पालना र कुरआन, हदीस, नमाज तथा व्रत इत्यादिसित बढी लगाव पाइन्छ र साथै इस्लामी संस्कारको पालनामा पनि अगाडि छन्। यद्यपि गैरमुस्लिमहरूबीच लामो समयदेखि बसोबास गर्दै आएकोले यिनीहरूमा पनि केही हिन्दू र अन्य सभ्यताको प्रभाव परेको देखा पर्छ, जस्तै दाइजो प्रथा इत्यादि ।

काठमाडौँ तथा तराईका मुस्लिमहरूका संस्कार धेरैजसो मिल्दोजुल्दो छ। अलिकति विवाह प्रथामा फरक देखा पर्छ। **नेपाल प्रज्ञा-प्रतिष्ठानको निर्देशनमा** यस लेखमा **काठमाडौँ तथा तराई मुस्लिमका सामाजिक संस्कारहरू** को बारेमा केही लेख्ने जमर्को गरेको छु। आशा छ कि यो लेख पाठक वर्गको निम्न दृष्टिकोणबाट लाभदायक हुनेछः

१ मुस्लिम संस्कारबारे आधिकारिक जानकारी प्राप्त हुन्छ ।

२ अल्प ज्ञान तथा पश्चिमेली प्रभावले गर्दा समाजमा मुस्लिम समुदाय तथा संस्कारबारे धेरै भ्रमहरू पाइन्छ, यस लेखबाट ती भ्रमहरूको निवारण हुनेछ तथा सारांशमा यस छोटो प्रस्तुतिबाट पनि नेपालमा परापूर्वकालदेखि बसोबास गर्दै आएको इस्लाम धर्मावलम्बी समाजबारे केही तथ्यपरक जानकारी प्राप्त हुन्छ ।

३ नेपाल र विशेष रूपमा काठमाडौँमा पाइने "इस्लाम उल्टो धर्म हो वा मुस्लिम उल्टो जाति हो" भन्ने खालको भ्रमको पनि खण्डन तथा निवारण हुन्छ ।

४ काठमाडौँ तथा तराईका मुस्लिमहरूका सिद्धान्त, आस्था, धर्मकर्म, बसोवास, भाषा इत्यादिको बारेमा पनि जानकारी हुन्छ ।

अन्तमा म यो लेख लेख्ने मौका प्रदान गरेकामा नेपाल प्रज्ञा-प्रतिष्ठान, यसका पदाधिकारीहरू तथा विशेष रूपमा प्रा. डा. प्रेमकुमार खत्रीप्रति आभार व्यक्त गर्दछु जसको सल्लाह, सुझाव तथा निर्देशनअनुसार यो लेख लेख्ने अवसर प्राप्त भयो ।

पहिलो खण्ड

मुस्लिमजाति– परिचय

क. काठमाडौँ तथा तराई मुस्लिमको परिचय

मुस्लिम भन्नाले इस्लाम धर्मका अनुयायी बुझिन्छ चाहे ऊ काठमाडौँको मुस्लिम होस् वा तराईको मुस्लिम वा संसारको अन्य कुनै पनि भागको मुस्लिम। मुस्लिमलाई मुसलमान पनि भनिन्छ। तर मुस्लिम भन्नु उचित हुन्छ किनभने मुस्लिम शब्द नै सही अर्थ दिन्छ र अरब राष्ट्रमा मुस्लिम नै भनिन्छ, साथै कुरआनले यस जातिको नाम मुस्लिम नै रहेको छ। इस्लाम शव्दबाट मुस्लिम शव्द बनेको छ। इस्लामको अर्थ हुन्छ आत्मसमर्पण र मुस्लिमको अर्थ हुन्छ आत्मसमर्पण गर्ने व्यक्ति। इस्लामको अर्को अर्थ शान्ति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि हुन्छ। इस्लाम पूर्ण जीवनव्यवस्था हो। यो जीवनको हरेक क्षेत्र तथा भागको लागि पूर्ण मार्गदर्शन गर्छ। जीवनको आर्थिक, सामाजिक, राजनैतिक, भौतिक तथा आध्यात्मिक सबै क्षेत्रको लागि प्रस्ट निर्देशन दिन्छ। इस्लाम एउटा धर्म मात्र नभएर एउटा सिद्धान्त हो र यसरी मुस्लिम कुनै राष्ट्र, वंश, भाषा वा रङको आधारमा बनेको जाति नभएर एउटा सैद्धान्तिक समुदाय हो। जोसुकै व्यक्ति इस्लामी सिद्धान्तलाई स्वीकार गरेर मुस्लिम समुदायको सम्मानित सदस्य बन्न सक्छ। यो कुरा इस्लाम तथा मुस्लिम दुईवटै गुणात्मक शब्दबाट प्रस्ट छ। यी दुईवटै शब्द आत्मसमर्पण, आज्ञापालन तथा शान्ति जस्ता गुणहरूलाई दर्साउँछन्। इस्लामका दुईवटा स्रोतहरू छन्, एउटा कुरआन र अर्को हदीस। कुरआन भनेको जगत्‌को वास्तविक सृष्टिकर्ता अल्लाहको तर्फबाट अन्तिम ईशदूत मुहम्मद स.अ. व.[1] माथि अवतरित भएको अन्तिम ग्रन्थ हो र हदीस भनेको मुहम्मद स.अ. व. का कथन तथा व्यावहारिक जीवनको सङ्ग्रह हो। कुरआन तथा हदीसमा जन्मदेखि मृत्युसम्म जीवनका प्रत्येक कार्यको बारेमा स्पष्ट मार्गदर्शन, आदेश तथा निर्देशन दिइएको छ जसको पूर्ण पालना प्रत्येक मुस्लिमको कर्तव्य हुन्छ। यिनै आदेश तथा निर्देशनहरूको व्यावहारिक रूप नै इस्लामी संस्कार हो। मुस्लिमहरूका संस्कारको आधार कुरआन तथा हदीस हो साथै मुस्लिमहरूमाथि उनीहरूका धर्मगुरुहरूको निकै प्रभाव रहेको पाइन्छ।

काठमाडौँमा बसोबास गर्दै आएका मुस्लिमहरूलाई पहिचानको हिसाबले निम्न तीन किसिममा बाँड्न सकिन्छ :

१-कास्मिरी २- स्थानीय ३- तिब्बती

१ कास्मिरी मुस्लिम नेपालकै सबैभन्दा पुराना मुस्लिम हुन। पेसाको हिसाबले यिनीहरू व्यापारमा लागेका छन्। काठमाडौँमा यिनीहरूको छुट्टै मस्जिद "कास्मिरी जामे मस्जिद" र स्वयम्भूमा यिनीहरूको छुट्टै कब्रिस्तान (चिहानस्थल) छ। यिनीहरूको भाषा, तथा वेशभूषा अहिले पनि कास्मिरी नै हो। यिनीहरू गैरकास्मिरीमा बिहे गर्दैनन्। यिनीहरूभित्र सय्यद, ख्वाजा, शाह, पठान, उद्दीन इत्यादि।

२. गैरकास्मिरी मुस्लिमहरू ती मुस्लिमहरू हुन् जो कास्मिरी मुस्लिमहरू पछि भारतको विभिन्न भागबाट १८५७ इ. र त्यसपछि काठमाडौँ प्रवेश गरे। पहिला यिनीहरूलाई इन्डियन मुस्लिम र नेपाली जामे मस्जिदलाई इन्डियन जामे मस्जिदको नामले चिनिन्थ्यो। तर अहिले काठमाडौँका असल स्थानीय मुस्लिमको हैसियतले चिनिन्छन्। कास्मिरीहरूको

---

१ स. अ. व. को अभिप्राय हो सल्लल्लाहु अलैहि वसल्लम अर्थात् उहाँमाथि अल्लाहको तर्फबाट कृपा तथा शान्ति होस्। अन्तिम सन्द्रष्टा मुहम्मदको नाम पछि अनिवार्य रूपमा लेख्नुपर्छ। अगाडि पनि यो शब्द आएमा यही बुझ्नुहोला। मुहम्मदको सट्टामा नबी, सन्द्रष्टा र उहाँ शब्द पनि प्रयोग भएका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तुलनामा यिनीहरू बढी उदार छन् । यिनीहरूको भाषा उर्दूसित धेरै मेल खान्छ, यिनीहरूमध्ये अधिकांश चुरापोते तथा अन्य व्यापारमा संलग्न छन् । नेपाली जामे मस्जिद तथा स्वयम्भूको आधा कब्रिस्तान (चिहानस्थल) माथि यिनीहरूकै नियन्त्रण छ ।

३. तिब्वती : पेसाको हिसाबले यिनीहरू व्यापारमा लागेका छन् । यिनीहरू नेपाली जामे मस्जिदमा नमाज पढ्छन् । यिनीहरूको भाषा तथा वेशभूषा अहिले पनि तिब्वती नै हो । यिनीहरू गैरतिब्वतीमा बिहे गर्दैनन् ।

तराई क्षेत्रमा बसोबास गरिरहेका मुस्लिमहरूलाई समग्र रूपमा मधेसी मुस्लिमको रूपमा चिनिन्छन् । तिनीहरूमध्ये अधिकांश मधेसी शब्दलाई नै मन पराउँदैनन् । तराईमा लगभग २३ थरी (बिरादरी) का मुस्लिमहरू बस्छन् । जस्तै अन्सारी, खान, शैख, राईन, सिद्दीकी, मंसुरी, कुरैशी, इराकी, कबाडी, नदाफ, हलवाई, जट, इद्रीसी इत्यादि र तिनीहरू प्रायः आफ्नै बिरादरीमा विहे गर्न रुचाउँछन् ।

ख. बसोबास स्थल

काठमाडौँ : नेपाली मुस्लिम जनसङ्ख्याको ४.४९ प्रतिशत काठमाडौँ तथा पहाडमा बस्छन् भने ९५.५१ प्रतिशत मुस्लिमहरू तराई क्षेत्रमा बस्छन् । २००१ को तथ्याङ्कअनुसार नेपालको कुनै पनि क्षेत्रमा वा जिल्लामा १९ प्रतिशतभन्दा बढी मुस्लिम छैनन् तर विशेष रूपमा काठमाडौँको कुनै पनि इलाकामा १ प्रतिशतभन्दा बढी मुस्लिमको बसोबास देखिँदैन । काठमाडौँ उपत्यकाको तीनवटै जिल्लाहरू काठमाडौँ, ललितपुर तथा भक्तपुरका टोलटोलमा मुस्लिमहरू छरिएर बसेका छन् । काठमाडौँ जिल्लाका घण्टाघरको उत्तरतर्फ नेपालकै सबैभन्दा पुरानो पन्ध्रौँ शताब्दीमा निर्मित ऐतिहासिक कास्मिरी तकिया जामे मस्जिद छ भने दक्षिणतर्फ नेपालकै सबैभन्दा विशाल नेपाली जामे मस्जिद राष्ट्रको सान बढाइरहेको छ । सुनधारा, इन्द्रचोक, नयाँबजार, कालीमाटी तथा स्वयम्भूमा पनि मस्जिद तथा मदरसाहरू छन् । ललितपुरको गोदावरी हाँडीगाउँमा काठमाडौँ उपत्यकाकै सबभन्दा ठूलो मदरसा "मद्रसतुल हरमैन" अवस्थित छ भने मङ्गलबाजार, इमाडोललगायत अरू ठाउँमा पनि मस्जिद तथा मदरसाहरू छन् । जहाँजहाँ मस्जिद तथा मदरसाहरू छन् त्यसको वरिपरि मुस्लिमहरूको बसोबास बढी देखिन्छ ।

तराई : तराईमा मुस्लिमहरू पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म छरिएरै बसेका छन् । विकासक्षेत्रको हिसाबले मध्यमाञ्चलमा सबैभन्दा बढी मुस्लिम छन् भने मध्यमाञ्चलपछि पूर्वाञ्चल अनि पश्चिमाञ्चल र सबभन्दा कम सुदूर पश्चिमाञ्चलमा छन् । जिल्लाको हिसाबले रौतहट जिल्लामा सबैभन्दा बढी १९ प्रतिशत मुस्लिम छन् । तराई क्षेत्रका क्रमशः रौतहट, बाँके, कपिलवस्तु, पर्सा, बारा, धनुषा, महोत्तरी, सरलाही, सुनसरी, सिराहा, सप्तरी,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मोरङ, नवलपरासी, रूपन्देही, झापा इत्यादि जिल्लाहरूमा मुस्लिमको सघन बसोबास छ। तराईका जम्मा ५ वटा जिल्ला, २७८ गा. वि. स. मा उनीहरूको बाहुल्यता छ र ३६ वटा गा. वि. स. मा यिनीहरू ५० प्रतिशतभन्दा बढी छन्। यसरी तराई क्षेत्रलाई मुस्लिमजातिको प्रमुख बसोबास स्थल भन्न सकिन्छ।

ग. जनसङ्ख्या

२००१ को राष्ट्रिय जनगणनाले नेपाली मुस्लिमको जम्मा जनसङ्ख्या ४.२७ प्रतिशत अर्थात् ९७१०५६ देखाएको छ।[२] तर मुस्लिम बुद्धिजीवीहरूका अनुमानअनुसार नेपाली मुस्लिमको जम्मा जनसङ्ख्या १० प्रतिशत अर्थात् २० लाखको हाराहारीमा छ। यसको पुष्टि हालका तथ्याङ्कहरूबाट पनि हुन्छ।[३]

घ. राजनीतिक तथा आर्थिक अवस्था

राजनीतिक अवस्था : राजनीतिक क्षेत्रमा मुस्लिम अति पिछडिएका छन्। हाल सदनमा ६०१ जना सभासद्हरूमध्ये १८ जना मुस्लिम सभासद् मात्र छन्। राजनीतिक पार्टीहरूमा उच्च ओहदामा एकाधबाहेक कोही छैन। काठमाडौँ तथा तराईका मुस्लिमहरू सबै ठूला राजनीतिक पार्टीहरूमा छन्। नेपाली काङ्ग्रेस, ए.मा.ले., माओवादी, मधेसी फोरमलगायत अन्य पार्टीहरूका मुस्लिम भातृसङ्गठनहरू पनि कायम छन्। जस्तै नेपाली काङ्ग्रेसको भातृसङ्गठन नेपाल मुस्लिम सङ्घ, ए.मा.ले. को भातृसङ्गठन मुस्लिम इत्तेहाद सङ्गठन, माओवादीको मुस्लिम भातृसङ्गठन मुस्लिम मुक्ति मोर्चा इत्यादि। तराईका गाउँहरूमा राजनीतिक जागृति नहुनको कारणले निर्वाचनको समयमा बुद्धि नपुऱ्याउने, पैसा लिएर भोट दिने, कम पढेलेखेका लुच्चा लफङ्गा किसिमका खाऊ नेताहरूको कुरा मान्नेजस्ता परिपाटी कायम भएको देखा पर्छ, जो ती क्षेत्रहरूको पछौटोपनको मुख्य कारणहरूमध्ये हो।

आर्थिक अवस्था : काठमाडौँ तथा तराईका सहरी क्षेत्रका मुस्लिमहरू सानातिना व्यापारमा लागेका छन् भने तराईका गाउँका मुस्लिमहरूको आयस्रोत खेती तथा मजदुरीमा निर्भर छ। हालको दिनमा नयाँ पिँढीका लागि खाडी देश तथा मलेसियाको ढोका खुलेकोले आर्थिक अवस्थामा सुधार आएको देखिन्छ। तराईका गाउँका प्रायः मुस्लिमहरूको घर फुस तथा टिनको छाना भएको छ भने काठमाडौँ तथा सहरी इलाकाका मुस्लिमहरूको प्रायः घर इँटा, सिमेन्टको छ। समग्रमा हेर्दा कास्मिरी तथा तिब्बती मुस्लिम आर्थिक रूपमा

---

२ Gov. of Nepal , Central Bureau of Statistics.. Statistical Year Book of Nepal, 2009

३ The Himalayan Times (Kathmandu: International Media network, August 11, 2010

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सवैभन्दा बढी सम्पन्न छन् भने तराईका मुस्लिमहरूको अवस्था दयनीय छ ।

ङ. इतिहास

नेपालमा मुस्लिम जाति परापूर्वकालदेखि नै बसोबास गर्दै आएको र देशको निर्माणमा सुरुदेखि महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।

इतिहासकार बालचन्द्र शर्माअनुसार काठमाडौं उपत्यकामा सर्वप्रथम **काश्मीरबाट मुस्लिम** व्यापारीहरू राजा रत्न मल्लको पालामा १४९१ इ. मा आए ।[४] काश्मीरबाट मुस्लिम व्यापारीहरूको काठमाडौं आगमनको क्रम १७२२ इ. सम्म जारी रह्यो । नेपालकै सवैभन्दा पुरानो मस्जिद कश्मीरी जामे मस्जिद हो जसको निर्माण १६६४ इ. मा भयो ।

स्थानीय मुस्लिमहरू भारतको विभिन्न भागबाट चार सय सालअघि काठमाडौं प्रवेश गरे । यिनीहरू विभिन्न पेसासँग संलग्न थिए र तत्कालीन राजा महाराजाहरूको आह्वानमा यहाँ आएर बसेका थिए । काठमाडौं उपत्यकामा मल्लकालमा मुस्लिम सभ्यताको निकै असर देखिन्छ । महेन्द्र मल्लले (१५६०-१५७४) दिल्लीको भ्रमण गरेर मुगल सम्राट् हुमायूँसँग भेट गरेका थिए भने भास्कर मल्ल (१७०३ इ.) ले अदालतमा मुस्लिम अधिवक्ताहरूलाई बहाल गरेका थिए । न्यायपालिकामा फारसी तथा उर्दूको धेरै असर तथा धेरै शब्दहरू हालसम्म पाइन्छ ।[५] कुलमण्डनलाई शाहको उपाधि मुस्लिम सम्राट्ले नै दिएका थिए । पछि १८५७ इ. मा अङ्ग्रेजहरूविरुद्ध आठ सय वर्ष पुरानो सत्ता जोगाउने अन्तिम प्रयास असफल भएपछि वाजिद अली शाहकी पत्नी हजरत महल मर्हुमा बेगम र उनका साथमा ठूलो सङ्ख्यामा मुस्लिमहरू बुटवल हुँदै काठमाडौं प्रवेश गरेका थिए ।

तिब्बती मुस्लिमहरू १९६० मा त्यतिखेर काठमाडौं प्रवेश गरे जब चीनले तिब्बतमाथि कब्जा गर्‍यो ।

तराई मुस्लिमहरू : तराईमा मुस्लिमहरू परापूर्वकालदेखि नै बस्दै आएका छन् । तराई क्षेत्रका मुस्लिमहरूको इतिहास एकीकृत नेपालभन्दा पनि पुरानो छ । विशेष रूपमा नेपालले भारतको अङ्ग्रेज सरकारसँग प्राप्त गरेको नयाँ नेपाल भनेर चिनिने बाँके, बर्दिया, कैलाली र कंचनपुरमा पहिलेदेखि मुस्लिमहरूको बाहुल्यता रहेको थियो ।

आधुनिक नेपालको एकिकरण प्रक्रिया २०४६ को जनआन्दोलन, एतिहासिक जनयुद्ध र जनआन्दोलन नेपाली इतिहासमा जनताको अधिकार प्रत्याभूत गराउने र वास्तविक रूपमा यो मुलुक सबै जातजाति, वर्ग, लिङ्ग र धर्मको उन्नति र प्रगतिको साझा मञ्चको रूपमा विकास गर्ने ऐतिहासिक

---

४ Shamima Siddika, Muslims of Nepal P 105
५ Shamima Siddika, Muslims of Nepal P.106

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मोडहरू र आन्दोलनहरू हुन् जसमा मुस्लिम जातिको उल्लेखनीय सहभागिता र योगदान रह्यो ।

च. उत्पत्ति

इस्लाम धर्म ईश्वरीय धर्म भएकोले यसको सुरुवात पहिले मानिस आदम (मनु) बाट भयो । अनि हरेक युगमा आएका सन्द्रष्टाहरू यही धर्म लिएर आए तर नराम्रा खालका मानिसहरूले धर्म नष्ट गर्ने काम पनि गर्दै गरे । अन्तमा अल्लाहले मुहम्मद स.अ.व. लाई अन्तिम सन्द्रष्टाको रूपमा सम्पूर्ण संसारबासीको मार्गदर्शन तथा मुक्तिका लागि पठाए । उहाँमाथि कुरआननामक ग्रन्थ अवतरित भयो । उहाँ स.अ.व. ले कुरआनको व्याख्या जिब्रोले पनि गर्नुभयो र व्यावहारिक रूपमा पनि गर्नुभयो । मुहम्मद स.अ.व. ले गर्नुभएको यसै मौखिक तथा व्यावहारिक व्याख्याको सङ्ग्रहलाई "हदीस" भनिन्छ । मुहम्मद स.अ.व.ले सर्वप्रथम सउदी अरबको मक्का सहरमा १३ वर्ष अनि मदीना सहरमा १० वर्ष जम्मा २३ वर्ष इस्लामको प्रचारप्रसारको काम गर्नुभयो र मदीनामा इस्लामी राष्ट्रको निर्माणपछि बित्नुभयो । मुहम्मद स.अ.व. पछि उहाँ स.अ.व. का साथीहरूले प्रचारप्रसार गर्दै एसिया, अफ्रिका, युरोप तथा संसारका विभिन्न भागसम्म इस्लामलाई पुऱ्याए । दक्षिण एसियामा इस्लाम ७१२ इ. मै एक जना मुस्लिम अरबी शासक मुहम्मद बिन कासिम द्वारा प्रवेश गऱ्यो भने काठमाडौँमा १४९१ इ. र तराईका केही क्षेत्रमा त्योभन्दा पनि पूर्व र अन्य केही भागमा पछि इस्लाम तथा मुस्लिम समुदायको आगमन भयो ।

छ. मुख्य जातिगत तथा सांस्कृतिक पहिचान

काठमाडौं तथा तराईका मुस्लिमहरूको दुईवटा पहिचान छन् । एउटा इस्लाम धर्मावलम्वीको रूपमा र दोस्रो मुस्लिमजातिको रूपमा । इस्लाम धर्मावलम्वीको रूपमा हेर्दा इस्लाम धर्ममा सवैभन्दा बढी महत्त्व इमान अर्थात् आस्था तथा मौलिक धारणालाई प्राप्त छ । कुरआनका विभिन्न श्लोकहरू तथा बुखारी तथा मुस्लिमनामक हदीसका किताबहरूबाट सिद्ध हुन्छ कि मुस्लिम हुनको लागि निम्नलिखित कुराहरूमा दृढविश्वास राख्नु अनिवार्य छ :

१, **तौहीद** अर्थात् एक अल्लाह-वास्तविक सृष्टिकर्ता तथा मालिकमाथि आस्था कि उनीबाहेक कोही पूज्य छैन ।

२, **रिसालत** अर्थात् अल्लाहले मानवजातिको मार्गदर्शनका लागि लगभग एक लाख चौबीस हजार सन्द्रष्टाहरू पठाए र अन्तिम सन्द्रष्टा मुहम्मद स.अ.व. हुनुहुन्छ । मुस्लिम हुनका लागि यस कुरामा पनि विश्वास राख्नुपर्छ कि सबै सन्द्रष्टाहरू अल्लाहका सत्यवादी भक्त थिए ।

३, **आखिरत** अर्थात् यो सन्सार क्षणिक हो र परीक्षाको लागि हो । एक दिन सबैले मर्नु छ र मरेपछि फेरि सबैलाई जीवित गरिनेछ र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सबैका कर्मको लेखाजोखा तथा हिसाबकिताब हुन्छ। सच्चा आस्थावान् तथ सत्कर्मीहरू स्वर्गमा जानेछन् भने अधर्मी, बहुदेववादी तथा दुष्कर्मीहरू नर्कमा जानेछन्।

४, **ईशग्रन्थ** अर्थात् अल्लाहले मानवजातिको मार्गदर्शनको लागि केही सन्द्रष्टाहरूका साथमा ग्रन्थहरू पनि पठाए र अन्तिम ग्रन्थ कुरआन हो जो सन्द्रष्टा मुहम्मद स.अ.व. माथि अवतरित भयो। तौरात, इन्जील।

५, **फरिश्ता** (देवदूतहरू) प्रकाशबाट बनेका छुट्टै प्राणी हुन् जो अल्लाहको आदेशानुसार ठूला–साना कार्य गरिरहेका हुन्छन्।

६, **तक्दीर** राम्रो तथा नराम्रो भाग्य अल्लाहकै तर्फबाट रहेको छ।

आस्थापछि दोस्रो दर्जा कर्मलाई हासिल छ। कर्महरूलाई इस्लामका **पाँच स्तम्भ**को रूपमा चिनिन्छ। ती हुन् :

१, यो साक्षी दिनु कि अल्लाहबाहेक कोही पूज्य छैन र मुहम्मद स.अ.व.अल्लाहका भक्त तथा सन्द्रष्टा हुन्।

२, दिन-रातमा पाँचवटा समयमा नमाज कायम गर्नु।

३, धनी व्यक्तिले गरिबलाई जकात (अनिवार्य दान) दिनु।

४, रमजानको महिनामा व्रत राख्नु।

५, धनी व्यक्तिले जीवनमा एक पटक हज गर्नु।

उक्त मौलिक आस्था तथा आधार स्तम्भअनुसार काठमाडौँ तथा तराईका मुस्लिमको जातिगत पहिचान एकेश्वरवादी हुनु, मूर्ति पूजालाई घृणा गर्नु, नमाज पढ्नु र रमजानको महिनाको व्रत राख्नु हो। अन्य इस्लामी शिक्षाअनुसार भवनहरूमध्ये मस्जिद तथा मदरसा, पोसाकमध्ये कुर्ता, पाजामा, भाषामध्ये उर्दू, अनुहारमा दारी, इत्यादि काठमाडौँ तथा तराईका मुस्लिमको सांस्कृतिक पहिचान हो।

काठमाडौँ तथा तराईका मुस्लिमहरूको दोस्रो पहिचान मुस्लिम वा मुसलमानजातिको रूपमा छ। हुन त सबै मुस्लिमहरू आफू कुरआन तथा हदीसको पालना गर्ने दावी गर्छन् तर व्यवहारमा हेर्दा पहिला दुईवटा गुट सुन्नी तथा सिया अनि विभिन्न मत (मस्लक) अवलम्वन गरे देखा परिरहेका छन् जस्तै हनफी, मालिकी, शाफई, हम्बली तथा अहले हदीस। काठमाडौँ तथा तराईमा सिया छैनन्, सबै सुन्नी हुन् अनि सुन्नीमध्ये अधिकांश हनफी र केही अह्ले हदीस छन्। फेरि हनफीमध्ये पनि दियोबन्दी तथा बरेलवी छन्। यी सबै मतहरूबीच केही सानातिना कुराहरूमा मात्र मतभेद छ। आस्था तथा आधारस्तम्भमा कुनै मतभेद छैन। धर्मलाई आफ्नो व्यक्तिगत स्वार्थ प्राप्त गर्न खोज्ने केही पाखण्डी धर्मगुरुहरू यी मतभेदहरूलाई बढाइचढाइ गरेर पेस गर्छन् भने सत्यनिष्ठ धर्मगुरुहरू यी मतभेदहरूलाई सोचाइको फरकको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिणाम मान्छन् र यसको आधारमा मुस्लिम समुदायले मत वनाउनु, गुटवन्दी गर्नु तथा झगडा गर्नु हुँदैन भन्ने कुरा मान्छन् र यसको प्रचारप्रसार पनि गर्छन् । नेपालको सबैभन्दा सङ्गठित संस्था इस्लामी सङ्घ नेपालको यही धारणा छ । यस संस्थासित सम्बन्धित व्यक्तिहरू आफूलाई मुस्लिम मात्र भन्छन् न सुन्नी न सिया, न हनफी, न मालिकी, न शाफई, न हम्बली न अहले हदीस न देयाबन्दी न बरेल्वी । यो संस्था यी मतभेदहरूभन्दा माथि उभेर सबै मुस्लिमको उत्थानको लागि कार्यरत छ र विश्वास राख्छ कि यी सबै मतभेद, कमीकमजोरी तथा विकृतिको मुख्य कारण ईश्वरीय ग्रन्थ कुरआन तथा हदीसलाई व्यवहारमा नल्याउनु हो । यही कुरा हिन्दू, बौद्ध, इसाई तथा सबै धर्म तथा धर्मावलम्बीको बारेमा एउटा अकाट्य सत्य सत्य हो ।

नेपालको जिल्ला र गाविसमा जातीय संरचना

प्रमुख जात/जाति (१% भन्दा बढी जनसङ्ख्या भएको)	कुल जनसङ्ख्यामा रहेका प्रतिशत	जिल्ला		गाविस	
		बाहुल्य भएको जिल्लाको सङ्ख्या	५०% भन्दा बढी भएका जिल्लाको सङ्ख्या	बाहुल्य भएको गाविसको सङ्ख्या	५०% भन्दा बढी भएका गाविसको सङ्ख्या
क्षत्री	१५.८	२१	९	९२८	३८७ (९.६)
ब्राह्मण	१२.७	१०	-	४९२	१०२ (२.५)
मगर	७.१	७	१	३३२	१७५ (४.३)
थारू	६.७	४	१	३१०	१०६ (२.६)
तामाङ	५.६	७	१	३०१	१५९ (३.९)
नेवार	५.५	३	१	८४	२९ (०.७)
मुसलमान	४.३	५	-	२७८	३६ (०.९)
यादव	३.९	५	-	३०८	३८ (०.९)
राई	२.८	६	-	१८०	७६ (१.९)
गुरुङ	२.४	४	१	१३०	७७ (१.९)
लिम्बू	१.६	३	-	१२१	४४ (१.१)
दलित	१३.०८	-	-	२८७	१२ (०.२९)

-केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०५८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राज्यले मुस्लिमजातिलाई न त स्पष्ट पहिचान दिएको छ न यसको अस्तित्वलाई स्विकारेको छ। २०६३ को संविधानले समेत देशका मुस्लिमसँग आन्तरिक शरणार्थी तथा दोस्रो दर्जाको नागरिकसरह व्यवहार गरेको छ।

उच्च मृत्युदर र कम आयु बाँच्ने जातिमध्ये दलितपछि दोस्रो नम्बरको जाति मुस्लिम नै हो। यसको अर्थ यो भयो कि नेपालमा दलितपछि कमजोर मानव वकास सूचाङ्कमा मुस्लिम नै पर्दछ।

राज्यमा बनेका प्रायजसो संविधानमा "मुस्लिम" शब्दले प्रवेश पाएन। नेपालको वैधानिक कानुन २००४, नेपालको अन्तरिम शासन विधान २००७, नेपाल अधिराज्यको संविधान २०१५, नेपालको संविधान २०१९, नेपाल अधिराज्यको संविधान २०४७ र नेपालको अन्तिरिम संविधान २०६३ समेतले मुस्लिमजातिको परिचय र अस्तित्वलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अस्वीकार गरेका छन्।

नेपालको अन्तरिम संविधान २०६३ को धारा ३५ को उपधारा १४ मा राज्यका नीतिहरूमा अल्पसङ्ख्यक मुस्लिम समुदायलाई पनि विकसित गर्ने नीति उल्लेख गरिएको छ तर स्पष्ट रेखाङ्कन गरिएको छैन।

२०६५ साल चैत ३ गते सरकार तथा मुस्लिमबीच भएको संविधानमा मुस्लिमका मागसम्बन्धी ६ बुँदे सहमति भयो तर पारिवारिक कानुनबारे सम्बोधन गरिएन।

आदिवासी जनजाति, दलित, महिला, मधेसी आदिसँगै संविधानमा स्पष्ट रूपमा 'मुस्लिम' शब्द लेखिनुपर्छ। थारूजातिलाई आदिवासी जनजाति शब्दले समेटेको अवस्थामा थारू शब्द भिन्दै लेखिन्छ भने मुस्लिम समुदायको त झन् पृथक् पहिचान छ। उनीहरूको आफ्नै संस्कृति र संस्कार छ, धर्म छ, भाषा छ, लेख्य लिपि छ, भेषभूषा छ, सयौंको सङ्ख्यामा अधिराज्यभरि वर्षौंदेखि शिक्षण संस्थाहरू, मस्जिद, मदरसा, ईदगाह र कब्रिस्तान (चिहान) हरू छन्।

दोस्रो खण्ड

सामाजिक संस्कारहरू

१. जन्मसंस्कार

क. जन्म

इस्लामी कानुनअनुसार जोसुकै पुरुष वा महिलाले बिहे नगरीकन यौनसम्पर्क गर्न पाउँदैन र यौनसम्पर्क श्रीमान्श्रीमतीबीच मात्र हुनुपर्छ। विवाह भएपछि श्रीमान् तथा श्रीमती नयाँ पिँढी वा बच्चाको तयारी गर्छन् र यौनसम्पर्क गर्नुअघि मुहम्मद स.अ.व. ले सिकाउनुभएको दुआ गर्छन् : "अल्लाहको नामबाट, हे अल्लाह, हामी दुवैलाई सैतानबाट जोगाऊ र जो बच्चा तपाईंले दिनुहुन्छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसलाई पनि सैतानबाट जोगाऊ" यदि त्यस मिलनबाट शिशुको जन्म हुन्छ भने त्यसलाई सैतानले कहिल्यै हानि पुऱ्याउँदैन ।"[६]

श्रीमतीले गर्भ धारण गरेपछि श्रीमान् तथा श्रीमतीका साथसाथ परिवारका सबै सदस्यहरू खुसी हुन्छन् र अल्लाहप्रति कृतज्ञ हुन्छन् र प्रार्थना गर्छन्: "हे अल्लाह स्वस्थ्य तथा पुण्यकर्मी सन्तान प्रदान गर ।" गर्भिणीले गरेको राम्रो-नराम्रो कार्यको प्रभाव गर्भमाथि पर्छ भन्ने कुरालाई मध्यनजर राखेर यस अवस्थामा उसले बढीभन्दा बढी प्रार्थना, दुआ, कुरआन पाठ तथा नमाज पढ्छे ।

गर्भमा छोरा होस् वा छोरी गर्भपतन गराउनु ठूलो पाप मानिन्छ। गाउँघरमा अहिले पनि बच्चाको जन्म घरमै हुन्छ, अस्पताल लिएर जानु जरुरी ठानिँदैन । नजिकमा अस्पताल नभएको कारणले पनि यस्तो गर्छन् । काठमाडौँ तथा सहरी क्षेत्रमा भने अस्पताल नै लिएर जान्छन् । छोरा तथा छोरी दुवैमध्ये जोसुकै जन्मे पनि खुसी मनाइन्छ र मिठाई बाँडेर खाइन्छ। इस्लामी शिक्षाअनुसार छोरी जन्मँदा बढी खुसी हुनुपर्छ तर व्यवहारमा हेर्दा प्राय: छोराको जन्ममा बढी खुसी मनाउने गरिन्छ ।

ख. अजान तथा इकामत

बच्चाको जन्म भएपछि सर्वप्रथम उसको दाहिने कानमा "अजान" र देब्रे कानमा "इकामत" पढिन्छ। हदीसलाई आधार वनाएर यसो गरिन्छ जसमा मुहम्मद स.अ.व. ले भन्नुभयो : "जसको घरमा वच्चाको जन्म हुन्छ र उसले बच्चाको एक कानमा अजान र अर्को कानमा इकामत भन्छ त्यो वच्चा मृगीको रोगबाट सुरक्षित रहन्छ ।"[७]

अजान तथा इकामतले गर्दा बच्चा सैतानवाट पनि जोगिन्छ ।[८]

अजान भनेको अल्लाहु अक्बर (अल्लाह सवैभन्दा महान् छन्) ४ पटक, अश्हदु अल्ला इलाह इल्लल्लाह (म साक्षी दिन्छु कि अल्लाहबाहेक कोही पूज्य छैन) २ पटक, अश्हदु अन्न मुहम्मदर्रसूलुल्लाह (म साक्षी दिन्छु कि मुहम्मद अल्लाहका दूत हुन्) २ पटक । हैय्य अलस्सलाह (आउनुस् नमाजको लागि) २ पटक, हैय्य अलल्फलाह (आउनुस् सफलतातर्फ) २ पटक, अल्लाहु अक्बर (अल्लाह सबैभन्दा महान् छन्) २ पटक, लाइलाह इल्लल्लाह (अल्लाहवाहेक कोही पूज्य छैन) १ पटक पढिन्छ ।

अजान तथा इकामतमा फरक के छ भने अजानमा रहेका वाणीभन्दा इकामतमा दुईवटा वाणी बढि हुन्छ जो हैय्य अलल्फलाह पछि पढिन्छ। यो हो "कद्कामतिस्सलाह" (नमाजको जमात सुरु भयो) २ पटक ।

---

६ स:वुखारी, मुस्लिम

७ स:अबू यअ्ला

८ आदावे जिन्दगी, पृ. १६१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बच्चाको कानमा अजान र इकामत पढ्नुको उद्देश्य उसको कानमा सर्वप्रथम अल्लाहको नाम पुऱ्याउनु हो, साथै आमाबुबालाई यो अनुभूति गराउनु हो कि दुवैले आफ्नो बच्चालाई जीवनभरि अल्लाहको आदेशअनुसार चलाउने र उसलाई ईशभक्त बनाउने प्रयास गर्नेछन् ।

ग. तहनीक

तहनीक भनेको कुनै धर्मगुरु वा बुज्रुकले खजुर चपाएर बच्चाको मुखमा हाल्नु हो । यो संस्कार व्यवहारमा कमै देखिन्छ । यसको आधार पनि हदीस हो जसमा हजरत आइशा रजि. ले भनेकी छिन, "नबी स.अ.व.तहनीक गर्नुहुन्थ्यो र भलोको लागि दुआ गर्नुहुन्थ्यो ।"[९]

घ. सुत्केरी अवस्था

बच्चाको जन्म भएपछि आमाले स्तनपान गराउँछन् जो दुई वर्षसम्म जारी रहन्छ। इस्लाम धर्मले स्तनपानमा जोड दिइएको छ जो दुई वर्षको अवधिभन्दा बढी हुनु हुँदैन । अल्लाहले भनेका छन्, "जुन पिताहरूले यो चाहन्छन् कि पूरा अवधिसम्म (आमाहरूले आफ्ना शिशुहरूलाई दूध खुवाऊन्) ती आमाहरूले आफ्ना शिशुहरूलाई दुई वर्षसम्म दूध खुवाऊन्...... र श्रीमान् तथा श्रीमती दुवैले आपसी समझदारी तथा सल्लाहमा दूध छुटाउन चाहेमा पनि उनीहरूप्रति कुनै आपत्ति छैन र यदि तिमीहरूले आफ्ना शिशुहरूलाई (अन्य स्त्रीको) दूध खुवाउन चाहन्छौ भने यसमा पनि कुनै आपत्ति छैन ।"[१०]

यदि श्रीमानले गर्भावस्थामा वा शिशुको जन्मपछि श्रीमतीलाई तलाक दियो र श्रीमान्ले आफ्नो शिशुलाई तलाक दिएको श्रीमती अर्थात् शिशुको आफ्नै आमाको दूध खुवाउन चाहेमा र आमा दूध खुवाउन तयार भएमा त्यसअवधिमा शिशुको आमाको खाना तथा लुगाको जिम्मेवारी शिशुको बुवामाथि हुन्छ । अल्लाहले भनेका छन्, "र दूध खुवाउने आमाहरूको खाना अनि लुगा फाटोको जिम्मेबारी सामान्य नियमानुसार शिशुको पितामाथि रहन्छ ।"[११]

ङ शुद्धता तथा पवित्रता

इस्लामले शुद्धता तथा पवित्रतामा धेरै जोड दिएको छ र यसलाई आधा ईमान (आस्था) भनेको छ । पवित्रता तथा वुजु (अनुहार, हात, खुट्टा धुनु) बिना नमाज पढ्न र तिलावत गर्न मिल्दैन । शुद्धता तथा पवित्रताको अर्थ हुन्छ सफा रहनु अर्थात् दिसापिसाव गरेपछि विशेष अङ्गलाई पानीले धुनु पानी उपलब्ध नभएमा माटोले पुछ्नु ।

सुत्केरी अवस्थामा महिलाको योनिबाट एक प्रकारको रगत

---

९ हदीसः मुस्लिम
१० रआनः २:२३३
११ कुरआन:२:२३३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निस्किरहेको हुन्छ जसलाई, 'निफास' भनिन्छ, यो अपवित्रताको अवस्था हुन्छ। महिनवारीलाई "हैज" भनिन्छ र यो अवस्था पनि अपवित्रताको अवस्था हुन्छ। निफास तथा हैज बन्द भएपछि चोखो हुनको लागि नुहाउनुपर्छ वा गुसुल गर्नुपर्छ।

पुरुष तथा महिलाले सहवास गरेपछि वा जुनसुकै कारणले वीर्य स्खलन भएपछि चोखो हुनको लागि नुहाउनुपर्छ। पानी उपलब्ध नभएको खण्डमा शुद्ध माटोलाई स्पर्श गरेर अनुहार तथा हातमाथि फेर्नुपर्छ र यस कार्यलाई 'तयम्मुम' भनिन्छ।

च. नामकरण

जन्मको सातौँ दिन वच्चाको नाम राखिन्छ। यसको आधार हदीस हो जसमा मुहम्मद स.अ.व. ले भन्नुभयो, "सातौँ दिन वच्चाको नाम राख र अकीका गर।"[१२]

काठमाडौँ तथा तराई दुवै समाजमा प्रायः अरबी भाषमामा नाम राखिन्छ र नामको अगाडि मुहम्मद लेख्ने गरिन्छ। जस्तै मुहम्मद अब्दुर्रहमान, इत्यादि। यस्ता नाम राख्नु राम्रो मानिन्छ जसमा अल्लाहको गुणवाचक नाम होस जस्तै अब्दुल्लाह (अल्लाहको भक्त), अब्दुर्रहमान (परमदयालु अल्लाहको भक्त)। यसको आधार त्यो हदीस हो जसमा मुहम्मद स.अ.व. ले भन्नुभयो, "अल्लाहकहाँ तिम्रा नामहरूमध्ये सर्वोत्कृष्ट नाम अब्दुल्लाह तथा अब्दुर्रहमान हो।"[१३]

मुहम्मद नाम राख्नु पनि राम्रो मानिन्छ। मुहम्मद स.अ.व. ले भन्नुभयो "मेरो नाममा नाम राख।"[१४]

(छोरीको नाम मुहम्मद स.अ.व. की छोरी, श्रीमती तथा अन्य सहाबियात अर्थात् मुहम्मद स.अ.व. को समयमा रहेकी मुस्लिम महिलाहरूका नाममा राख्नु राम्रो हुन्छ र प्रायः यस्तै राखिन्छ।

इस्लामी शिक्षाअनुसार यस्ता नाम राख्नु वैध छैन जसबाट बहुदेववाद झल्कन्छ, जस्तै पीर बख्श, रामदेव, इत्यादि। भूलवश गलत नाम राखिएमा त्यसलाई सच्याउनुपर्छ र सच्याइन्छ पनि। यसको आधार हदीस हो, "मुहम्मद स.अ.व ले हजरत उमर (रजि.) को छोरीको नाम आसियालाई फेरेर जमीला राख्नुभएको थियो।"[१५] स्मरण रहोस् रजि.को अर्थ हुन्छ रजियल्लाहु अन्हु अर्थात् अल्लाह उनीसित

---

१२ हदीसःतिर्मजी

१३ हदीसःमुस्लिम

१४ हदीसःबुखारी, मुस्लिम

१५ हदीसःअबू दाऊद

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खुसी होऊन् । यो वाक्य मुहम्मद स.अ.व. को समयमा रहेका मुस्लिमहरू जसलाई सहावी, सहावा, सहाबिया तथा सहाबियात भनिन्छ को नामका साथमा लेखिन्छ ।

छ. उपचार

काठमाडौं तथा तराईका पढेलेखेका समुदायमा मुस्लिमहरू उपचारको लागि डाक्टरलाई नै सम्पर्क गर्छन् । तर धेरैजसो पिछडिएका गाउँमा र कतैकतै सहरी इलाकामा पनि केही अशिक्षत मुस्लिमहरू झारफुक गराउनको लागि इमाम, मौलवी तथा पीरहरूलाई पनि सम्पर्क गर्छन् ।

२. वृद्धिसंस्कार

क. अकीका

काठमाडौं तथा तराई दुवै स्थानमा जन्मको सातौं वा सातौं दिन नभ्याएमा सात वर्षभित्र बच्चाको अकीका गरिन्छ । अकीका गरेमा बच्चाको हकमा राम्रो हुन्छ र त्यो कुशल मङ्गल रहन्छ भन्ने मान्यता छ । अकीका गर्ने तरिका यो हुन्छ कि छोरा भएमा दुईवटा बाखा र छोरी भएमा एउटा बाखा उसको नाममा वध गरेर नातेदार तथा छरछिमेकीहरूलाई खुवाइन्छ । अकीकामा दोस्रो काम के गरिन्छ भने बच्चाको कपाल कोरिन्छ र कपालको तौलबराबर सुन वा चाँदी वा त्यसको मूल्य गरिबहरूमा बाँडिन्छ । यसको आधार हदीस हो जसमा मुहम्मद स.अ.व. ले भन्नुभयो, सातौं दिन बच्चाको नाम राख र अकीका गर ।[१६]

सुन्सरीको पक्ली गा. वि. स. मा अकीकाको लागि इस्लामी तरिकाबाट बाखा वध गर्दै ।

---

१६ हदीसःतिर्मिजी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ख. खत्ना (Circumcision)

खत्ना भनेको लिङको टुप्पोमा बढेर रहेको छालालाई काट्नु हो। तराईमा प्रायः ३ देखि ७ वर्षको उमेरमा नाईद्वारा खत्ना गराइन्छ भने काठमाडौँमा १ देखि ५ वर्षको उमेरमा नाई वा डाक्टरद्वारा खत्ना गराइन्छ।

खत्नाका फाइदाहरूमध्ये लिङको सफाइ तथा स्वास्थ्य हो। हालका अनुसन्धानबाट यो कुरा सिद्ध भइसकेको छ कि खत्नाले गर्दा एच. आइ. भी. एड्स जस्तो सङ्क्रमणबाट पनि जोगिन्छ। धार्मिक रूपमा यो महान् सन्द्रष्टा इब्राहीम (Abraham) अ. सुन्नत (तरिका) मानिन्छ जसलाई अन्तिम सन्द्रष्टा मुहम्मद स.अ.व.को शरीअतमा कायम राखिएको छ। बाइवलको पुरानो करारमा पनि खत्नाको आदेश छ जसको पालना यहुदीहरू गर्छन् तर इसाईहरू यो भनेर यसको पालना गर्दैनन् कि सेन्ट पालले यस आदेशलाई हटाएका छन्। स्मरण रहोस अ. को अर्थ हुन्छ अलैहिस्सलाम अर्थात् उनीमाथि शान्ति होस्। यो शब्द मुहम्मद स.अ.व.अघि वितेका ईशदूत तथा फरिश्ता वा देवदूत का नामका साथमा लेहिन्छ।

ग. शिक्षादीक्षा तथा इस्लामी प्रशिक्षण

बच्चाको वृद्धि तथा विकासका साथै उसको शिक्षादीक्षाको कार्य सुरु भइहाल्छ। सुरुदेखि नै राम्रो आचरण तथा बानी सिकाउने प्रयास गरिन्छ। सानैदेखि सत्य बोल्ने, आमाबुबा, अन्य नातेदार तथा ठूलाबडाको आदर गर्ने, आज्ञापालन, इमानदारी जस्ता नैतिक कुराहरू सिकाइन्छ भने झूट, बेइमानी, गाली, घमन्ड जस्ता अनैतिक कार्यहरूबाट मनाही गरिन्छ। बच्चाले बोल्न थाल्नबित्तिकै सर्वप्रथम अल्लाह तथा लाइलाह इल्लल्लाह (अल्लाहबाहेक कोही पूज्य छैन) भन्ने कुरा सिकाइन्छ। प्राथमिक शिक्षाको लागि बच्चालाई प्रत्येक गाउँमा रहेका मकतब (सानो पाठशाला) पठाइन्छ जहाँ मौलवीसाहबले कुरआन पढ्ने योग्य बनाउने किताब अनि कुरआन पढाउँछन्। मक्तबमा प्रायः बढीमा ४ कक्षासम्मको पढाइ हुन्छ। मक्तबको पढाइसकिएपछि मदरसामा भर्ना गराइन्छ। मदरसा टाढा भएमा छात्रावासमा राखिन्छ। मदरसामा शिक्षादीक्षाका साथसाथ घरमा आमाबुबा तथा अन्य ठूलाबडाले पनि प्रशिक्षणको लागि प्रयास गर्न थाल्छन्। काठमाडौं तथा तराईमा कायम मदरसाहरू प्रायः निम्नमाध्यमिक तहसम्म छन् भने केही मदरसाहरू माध्यमिक तहका छन्। देशभरिमा १२ क्लास वा आलमियतसम्म पढाइ हुने मदरसा ७ भन्दा बढी छैन भने स्नातक वा फजीलतसम्म पढाइ हुने मदरसा ४ वटा मात्र छन्। फजीलतसम्म पढ्नको लागि हरेक वर्ष सयौं विद्यार्थी छिमेकी देश भारतको नद्वतुल उलमा लखनउ, दारूलउलूम देयोबन्द, जामेअतुल फलाह आजमगढ आदि मदरसा वा जामेआ जान्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



दारूलकुरआन मुजहनी कपिलवस्तु र जोडिएको सानो मस्जिदको दृश्य ।

१० वर्षअघिसम्म सरकारी स्कुल तथा बोर्डिङ स्कुलमा गएर पढाइ गर्ने विद्यार्थीको सङ्ख्या न्यून थियो तर सरकारी स्कुल तथा बोर्डिङ स्कुलमा गएर पढाइ गर्ने विद्यार्थीको सङ्ख्यामा वृद्धि भएको छ । छोराहरूलाई स्कुल पठाउने र छोरीहरूलाई मदरसा पठाउने परिपाटी पनि चलेको देखा पर्छ । काठमाडौँ तथा अन्य सहरी क्षेत्रमा स्कुलमा पढाउने चलन बढी छ भने गाउँहरूमा मदरसामा पढाउने चलन बढी छ । मुस्लिम समाजले आफैँ यस्त स्कुल तथा बोर्डिङ स्कुल खोल्न थालेका छन् जसमा नेपाली, विज्ञान, गणित इत्यादि विषयहरूका साथसाथ धार्मिक पढाइ पनि हुन्छ । यसको उदाहरण एउटा शैक्षिक संस्था अल्हिरा एजुकेसनल सोसाइटीले स्थापना गरेको सुनसरीको हिलाल पब्लिक स्कुल र नेपालगन्जको आइडियल पब्लिक स्कूल हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आइडियल पब्लिक हाईस्कुल नेपालगन्ज बाँके जसमा नेपाली, विज्ञान, गणित इत्यादि विषयहरूका साथसाथ धार्मिक पढाइ पनि हुन्छ ।

इस्लामले शिक्षामा धेरै जोड दिएको छ । अन्तिम सन्द्रष्टा मुहम्मद स.अ.व.ले भन्नुभयो : "शिक्षा ग्रहण गर्नु प्रत्येक मुस्लिम पुरुष तथा महिलामाथि अनिवार्य छ ।"[१७] तर यति जोडका वावजुद काठमाडौं तथा तराई दुवै स्थानका मुस्लिम समाज अन्य समुदायको तुलनामा शिक्षामा पिछडिएका छन् । इस्लामले राम्रो प्रशिक्षणमा पनि जोड दिएको छ । मुहम्मद स.अ.व.ले भन्नुभया, "जो व्यक्तिकहाँ पनि वच्चाको जन्म हुन्छ उसले वच्चाको राम्रो नाम राख्नुपर्छ र उसलाई शिष्टाचार सिकाउनुपर्छ ।"[१८]

घ. नमाज, व्रत, जकात तथा हज

इस्लामी कानुनअनुसार छोरा वा छोरीमाथि वालिग भएपछि मात्र नमाज, व्रत तथा अन्य कुनै उपासना लागू हुन्छ । वालिग भएपछि छोरा तथा छोरी दुवैमाथि दिनरातमा पाँच समयका नमाज अनिवार्य हुन्छ । वच्चामा नमाजको वानी बसाल्नको लागि घुमफिर गर्ने उमेरदेखि नै नमाज पढ्न सिकाइन थालिन्छ । अन्तिम सन्द्रष्टा मुहम्मद स. अ.व. ले भन्नुभयो "जव वच्चा ७ वर्षको हुन्छ तव उसलाई नमाज पढ्ने आदेश देऊ र जब ऊ दस वर्षको हुन्छ तव कुटपिट गरेर पनि नमाज पढ्न लगाऊ ।"[१९]

कुरआनमा नमाजको वारेमा यसरी आदेश दिइएको छ, "मेरो स्मरणको लागि नमाज कायम गर ।"[२०]

व्यवहारमा हेर्दा तराई तथा काठमाडौं दुवैमा लगभग १० प्रतिशत मुस्लिम मात्र पावन्दीका साथ मस्जिदमा गएर पाँच समयका नमाज पढ्छन् । यो एउटा विकृति हो जो मुस्लिम समाजमा उत्पन्न भएको छ ।

व्रत भनेको मिरमिरे बिहानदेखि सूर्यास्तसम्म पानीसमेत केही नखाएर उपवास बस्नु हो । इस्लामी पात्रोअनुसार नवौं महिना रमजानको पूरै महिनामा व्रत राख्नु प्रत्येक मुस्लिममाथि अनिवार्य गरिएको छ । कुरआनमा भनिएको छ, "हे आस्थावान्हरूहो, तिमीहरूमाथि व्रत अनिवार्य गरिएको छ जसरी तिमीहरूभन्दा अघिका मानिसहरूमाथि अनिवार्य गरिएको थियो । आशा छ कि तिमीहरूभित्र ईशमय उत्पन्न हुनेछ ।"[२१]

व्यवहारमा हेर्दा तराई तथा काठमाडौं दुवैमा लगभग ९८ प्रतिशत

---

१७ हदीसः मुस्लिम
१८ हदीसःबैहकी
१९ हदीसःअबू दाऊद
२० कुरआनः२०:१४
२१ कुरआनः २:१८३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुस्लिम रमजानको महिनाको व्रत अति श्रद्धा तथा पाबन्दीका साथ राख्छन् । नाबालिगमाथि व्रत अनिवार्य हुँदैन र पनि आठनौ सालका केटाकेटीहरू पनि सौखमा व्रत राख्छन् ।

जकात भनेको अनिवार्य दान हो जो धनी व्यक्तिबाट लिएर गरिबमा बाँडिन्छ । यो हरेक धनी बालिगमाथि अनिवार्य हुन्छ । मुद्रा वा सुनचाँदीको रूपमा रहेको सम्पत्तिमा सालमा एक पटक साढे दुई प्रतिशत निकाल्नुपर्छ भने अनाजमा त्यसको कटाइ तथा तयारी हुनेबित्तिकै लागू हुन्छ । वर्षाको पानीबाट उब्जेको अनाजमा प्रत्येक दस किलो ग्राममा एक किलो ग्राम निकाल्नुपर्छ भने आफैँले सिञ्चाइ गरेको अनाजमा प्रत्येक बीस किलो ग्राममा एक किलो ग्राम निकाल्नुपर्छ । व्यावहारिक रूपमा हेर्दा लगभग ८० प्रतिशत धनी मुस्लिम जकात चुक्ता गर्छन् तर इमानदारीका साथ २० प्रतिशतले पनि चुक्ता गर्दैनन् जब कि कुरआनमा कडा शब्दमा जकातको आदेश दिइएको छ । "जुन व्यक्ति सुन तथा चाँदी थुपारेर राख्छन् र अल्लाहको मार्गमा खर्च गर्दैनन् (जकात दिँदैनन्) तिनीहरूलाई दुखदायी यातनाको शुभसूचना देऊ ।"[२२]

हज भनेको सऊदी अरबको मक्का सहरस्थित कअ्बाको दर्शन, परिक्रमा इत्यादि गर्नु हो । हज इस्लामी पात्रोअनुसार बाह्रौँ महिना जिल्हिज्जाको ८ तारिखदेखि १२ तारिखसम्म अदा गरिन्छ । यो पनि धनी व्यक्तिमाथि जीवनमा एक पटक मात्र अनिवार्य छ । हालका वर्षहरूमा ७०० का हाराहारीमा नेपालबाट हजको लागि सऊदी अरब जाने गर्छन् । जसमध्ये काठमाडौँका २० र तराईका ६०० को हाराहारीमा हुन्छन् । प्रत्येक वर्ष हजयात्रुहरूको सङ्ख्यामा करिब एक सयको हिसाबले वृद्धि हुँदै गइरहेको छ । हजको आदेश कुरआनमा यसरी दिइएको छ : "र मानिसहरूमा हजको घोषणा गरिदेऊ ।"[२३]

ङ. चाडपर्व (ईदुल फित्र, ईदुल अज्हा)

इस्लामी शिक्षाअनुसार मुस्लिमहरूका लागि दुईवटा चाड छन् ईदुल फित्र तथा ईदुल अज्हा । हजरत अनस (रजि.) भन्छन्, "जब अन्तिम सन्द्रष्टा मुहम्मद स. अ. व. मदीना पुग्नुभयो तव मदीनाबासीका लागि यस्ता दुई दिन थिए जसमा तिनीहरू खेलकुद गर्दथे । उहाँ स. अ. व. ले सोध्नुभयो : यी दुई दिन कस्ता हुन् ? सहाबा (रजि.) ले भने, "यी दुई दिनमा हामीहरू अज्ञानताको युगमा खेल्ने गर्थ्यौं । उहाँ स. अ. व. ले भन्नुभयो, "अल्लाहले तिमीहरूका लागि यी दुई दिनको सट्टामा तीभन्दा उत्तम दुई दिन अज्हाको

---

२२ कुरआन: ९:३४
२३ कुरआन: २२:२७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिन र फित्रको दिन प्रदान गरेका छन् ।"[२४]

संसारभरिका मुस्लिमझैं काठमाडौं तथा तराईका मुस्लिमहरू पनि हर्षोल्लासका साथ यी दुवै चाड मनाउँछन् । ईदुल फित्र रमजानको व्रत सकेको खुसीमा त्यसको भोलिपल्टै इस्लामी पात्रोअनुसार दसौं महिना शौव्वालको पहिलो तारिखमा एक दिन मनाइन्छ भने ईदुल अज्हा इस्लामी पात्रोअनुसार बाह्रौं महिना जिल्हिज्जाको १० तारिखदेखि १२ तारिख तीन दिनसम्म मनाइन्छ । ईदुल फित्रको दिन बिहानै खुल्ला मैदानमा भेला भएर दुई रकअत नमाज पढिन्छ, गरिबहरूलाई विशेष दान दिइन्छ जसलाई फित्रा भनिन्छ, सेवैं भन्ने मीठा परिकारहरू खाइन्छ र आफन्तहरू तथा साथीहरूसित भेटेर "ईद मुबारक" भन्दै खुसीको साटासाट गरिन्छ । ईदुल अज्हालाई "ईदे कुरवान" वा "बकरईद" पनि भनिन्छ । ईदुल अज्हाको दिन बिहानै खुल्ला मैदानमा भेला भएर दुई रकअत नमाज पढिन्छ, नमाज पढेपछि बाखा वा भैंसी वा पाडाको बलिदान दिइन्छ र त्यसको मासु स्वयम् पनि खाइन्छ, आफन्त, गरिव तथा छिमेकीहरूमा पनि बाँडिन्छ । आफन्तहरू तथा साथीहरूलाई भेटेर "ईद मुबारक" भन्दै खुसीको साटासाट गरिन्छ । काठमाडौं तथा सहरी क्षेत्रमा मस्जिदभित्रै यी दुइटै ईदका नमाज पढिन्छ ।

कुरआन तथा हदीसबाट यी दुईवटा चाडको मात्र पुष्टि हुन्छ तर व्ययहारमा हेर्दा काठमाडौं तथा तराईका केही मुस्लिमहरू मुहर्रम, शबेबरात तथा मुहम्मद स. अ. व.को जन्मदिन पनि मनाउँछन् । हाल मुहर्रम मनाउने क्रममा अलि कमि आएको छ । उक्त अवसरहरूमा पहिला नेपाली जामे मस्जिदमा पनि हल्वा बाँड्ने चलन थियो तर अब समाप्त भएको छ जब कि कास्मिरी तकिया जामे मस्जिदमा यो क्रम जारी नै छ ।

च. वेशभूषा

काठमाडौं तथा तराईका मुस्लिमहरू फरकफरक पोसाक लगाउँछन् । काठमाडौंका मुस्लिमहरूमध्ये पुरुष प्रायः प्यान्टसर्ट लगाउँछन् भने महिलाहरू सलवार कमिज लगाउँछन् । तराईका मुस्लिमहरूमध्ये पुरुष लुँगी कुर्ता लगाउँछन् भने महिलाहरू साडी तथा कमिज लगाउँछन् । हाल तराईका महिलाहरूको पहिरनमा केही परिवर्तन आउन थालेको छ र तिनीहरूको नयाँ पिँढी सलवार कमिज र बुर्का लाउन थालेका छन् ।

---

२४ हदीसःअबूदाऊद

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



सांस्कृतिक पोसाकमा हिलाल पब्लिक स्कुल घुस्की सुनसरीका छात्राहरू ।

इस्लाम धर्मले लुगा तथा पोसाकलाई विशेष महत्त्व दिएको छ। लुगाको उद्देश्य नै गुप्ताङ्गलाई ढाक्नु र राम्रो देखिनु बताइएको छ। अल्लाहले भनेका छन् :

"हे आदमका सन्तानहो ! हामीले तिमीहरूका लागि यस्तो पोसाक अवतरित गरेका छौं जसले शरीरका गुप्ताङ्गहरूलाई ढाकोस् र जो सजावटको साधन पनि बनोस् ।"[२५]

एक जना मुस्लिमले कस्तो पोसाक लगाउनुपर्छ ? कुरआन तथा हदीसको प्रकाशमा पोसाकको वारेमा निम्न कुराहरूलाई ध्यानमा राख्नुपर्छ :

१ पुरुषको लुगा नाइटोदेखि लिएर घुँडासम्म छोप्ने गरी हुनुपर्छ भने महिलाको लुगा कपालदेखि लिएर पैतालासम्म छोप्ने गरी हुनुपर्छ ।
२ यति पातलो नहोस् कि जीउ देखियोस् ।
३ यति कस्सिएको नहोस् कि पर्दा गर्ने योग्य अङ्ग प्रस्ट देखा परोस् ।
४ अन्य जातिको पहिचान भएको पोसाक नहोस् र महिलाले पुरुष तथा पुरुषले महिलाको पोसाक नलगाओस् ।
५ महिलाले घरबाट बारहर निस्कँदा पूरा जीउ विशेष रूपमा वक्षस्थल, वनावसिँगार पूर्णरूपमा छोपेर निस्कनुपर्छ। उसको वनावसिँगार उसको श्रीमान्, आमावुवा तथा अति निकटतम नातेदारबाहेक अरू

२५ कुरआन:७:२६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कसैले नदेखोस् । तपसिलको लागि हेर्नुस् कुरआनको सूरह २४ अन्नूर आयत (श्लोक) २७–३२

६ पुरुषको लागि सेतो लुगा लगाउनु राम्रो मानिन्छ । नबी स. अ. व. ले भन्नु भयो "सेतो लुगा लाउने गर किनभने त्यो पवित्र तथा राम्रो हुन्छ ।"[२६] तसर्थ धर्मगुरु तथा मदरसाका विद्यार्थिहरू प्रायः सेतो कुर्ता पाजामा लाउने गर्छन् ।



सांस्कृतिक पोसाकमा कुरआनलाई कण्ठ गर्दै मदरसा दारूलकुरआन मजह्नी कपिलवस्तुका विद्यार्थीहरू

छ. भाषा

यसमा केही सन्देह छैन कि नेपाली मुसलमानहरू बहुभाषी छन्, तर मेचीदेखि महाकालीसम्म र तराईदेखि पहाड हुँदै हिमालसम्ममा बसोबास गर्ने नेपाली मुसलमानहरूको एक मात्र आपसी सम्पर्क भाषा उर्दू हो । काठमाडौँका पुराना मुस्लिमहरूको भाषा त बिग्रेको उर्दू नै हो जब कि तराईका मुस्लिमहरूले बोल्ने मैथिली, भोजपुरी, अवधी भाषाहरू पनि उर्दूसित धेरै नजिक छ । पूर्व प्राथमिक विद्यालय स्तरदेखि स्नातक तहसम्मका करिब तीन हजार मदरसाहरूमा उर्दू अनिवार्य विषयको रूपमा अध्ययन-अध्यापन हुन्छ, यी सबै मदरसाहरूमा शिक्षाको माध्यम उर्दू भाषा नै हो । मस्जिदमा

२६ हदीसः अह्मद, मिश्कात

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुने धार्मिक प्रवचन, घोषणा तथा दुआ उर्दूमै हुन्छ, ठूलासाना सभा, गोष्ठी, कार्यक्रम, विवाह–भेलामा हुने भाषण तथा प्रवचन पनि उर्दूमै हुन्छ। नेपालमा उपलब्ध इस्लामी किताब तथा पत्रपत्रिकाको ९९ प्रतिशत उर्दू भाषामै छ। विवाह आदिको निमन्त्रणापत्र वा अन्य ग्रिटिङ कार्ड वा पर्चा पम्प्लेटहरू तथा निकाहनामा उर्दू भाषामा नै छपाउने चलन छ। अधिकांश शिक्षित मुसलमानहरू उर्दू बोल्न, पढ्न र लेख्न पनि सक्छन्, कसैले अन्य कुनै मुसलमानलाई चिठी लेख्दा उर्दू भाषामै लेख्छन्। सामुदायिक बैठक, मस्जिद, मदरसा आदिका कुनै निर्णय, अवधारणापत्र, योजना आदि उर्दूमै तयार गर्छन्। आफ्ना सङ्घ-संस्थाका बैठकका निर्णयहरू उर्दूमै लेख्छन्। सभा-सम्मेलन गर्दा बनाइने ब्यानर प्रायः उर्दू भाषामा हुन्छन्। नेपालमा १० देखि १५ हजारसम्म इस्लामी धर्मगुरुहरू भएको अनुमान लगाउन सकिन्छ जसको उर्दू भाषा अन्तर्राष्ट्रिय स्तरको छ। उनीहरूमध्ये अधिकांश उर्दू माध्यममा अध्ययन-अध्यापन हुने विभिन्न मदरसाहरूमा अध्यापनकार्यमा र मस्जिदहरूमा इमामको हैसियतमा छन्। यसरी नेपाली मुस्लिमको धार्मिक तथा सांस्कृतिक भाषा उर्दू नै हो। यो भाषा यहाँका मुस्लिमहरूको जीवनशैलीमा मिश्रित भइसकेको छ र नेपाली मुस्लिमको सांस्कृतिक पहिचान बनिसकेको छ चाहे ऊ काठमाडौँको मुस्लिम होस् वा तराईका।

काठमाडौँ तथा तराईका मुस्लिमहरू उर्दूबाहेक मुख्यतः निम्न भाषा बोल्ने गर्छन् :

कास्मिरी : यो कास्मिरी मुस्लिमहरूले बोल्ने भाषा हो।

तिब्बती : यो काठमाडौँमा बसोबास गरिरहेका तिब्बती मूलका मुसलमानहरूले बोल्ने भाषा हो।

मैथिली : झापा, मोरङ, सुनसरी, सप्तरी, सिराहा, धनुषा, सर्लाही र महोत्तरी आदि जिल्लाका मुस्लिमहरू मैथिली बोल्छन्।

भोजपुरी : बारा र पर्सा आदि जिल्लाका मुसलमानहरू भोजपुरी बोल्छन्।

अवधी : अवधी पश्चिम नेपालका नवलपरासी, रूपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया आदि जिल्लाका मुसलमानहरूले बोल्ने भाषा हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बङ्गाली : झापा जिल्लामा ठूलो सङ्ख्यामा बङ्गालीभाषीको बसोबास रहेको छ भने सुनसरीका केही गाउँमा पनि बङ्गालीभाषी रहेका छन् ।

३. विवाहसंस्कार

क. विवाह को अर्थ

विवाहलाई मुस्लिम समाजमा "शादी" भनिन्छ भने इस्लामी शरीअतमा "निकाह" भनिन्छ। निकाह भनेको पति र पत्नीबिचको एक सम्झौता हो ।

ख. विवाहको आदेश

इस्लाम धर्मअनुसार पुरुष तथा महिला दुवैले परिपक्वताको उमेरमा पुगेपछि बिहे गर्नपर्छ। विवाह गराउने जिम्मेबारी दुवैका अभिभावकहरूमाथि हुन्छ तर त्यसमा केटा तथा केटी दुवैको राजी हुनु जरुरी हुन्छ। कुरआनमा विवाहको आदेश यसरी दिइएको छ :

"तिमीहरू आफूलाई मन परेकी दुईदुई, तीनतीन, चारचार महिलासँग बिहे गर। यदि यी पत्नीहरूबीच न्याय गर्न सक्दैनौ भन्ने आशङ्का छ भने एउटीमा मात्र सीमित रहू।"[२७]

विश्व शान्तिदूत, अन्तिम सन्द्रष्टा मुहम्मद स. अ. व. ले विवाहलाई आफ्नो सुन्नत (तरिका) बताएका छन्।[२८]

विश्व शान्तिदूत, अन्तिम सन्द्रष्टा मुहम्मद स. अ. व.ले भन्नुभयो :

"जब एक जना भक्त विवाह गर्छ उसले आफ्नो आधा इमान (आस्था) पूरा गर्छ।"[२९]

अन्तिम सन्द्रष्टा मुहम्मद स. अ. व. ले युवाहरूलाई सम्बोधन गरेर भन्नुभयो, " हे युवाहरूहो, तिमीहरूमध्ये जो आफूभित्र शक्ति पाउँछ उसले अवश्य बिहे गरोस्।"[३०]

एक अर्को हदीसमा अन्तिम सन्द्रष्टा मुहम्मद स. अ. व.ले भन्नुभयो, " तिमीहरू बढी सन्तान जन्माउने र बढी माया गर्ने महिलासँग बिहे गर …।"[३१]

एक अर्को हदीसमा अन्तिम सन्द्रष्टा मुहम्मद स. अ. व. ले भन्नुभयो, " …तिमीहरू धार्मिक महिलासँग बिहे गर।"[३२]

---

२७ कुरआन:४:३
२८ हदीस:बुखारी
२९ हदीस:मिश्कात
३० हदीस:बुखारी, मुस्लिम
३१ हदीस:अबूदाऊद, नसई
३२ हदीस:बुखारी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उक्त आदेशबाट धर्मगुरुहरूले निम्न आदेशहरू निकालेका छन् :

१ यस्तो व्यक्तिमाथि निकाह गर्नु फर्ज वा अनिवार्य छ जसले बिहे नगरेमा व्यभिचारमा लिप्त हुने खतरा महसुस गर्छ ।

२ यस्तो व्यक्तिमाथि निकाह गर्नु सुन्नत वा पुण्यकार्य हो जो बिहे गर्ने शारीरिक तथा आर्थिक क्षमता राख्छ ।

३ शारीरिक तथा आर्थिक क्षमता नभएको व्यक्तिको लागि निकाह गर्नु हराम वा अवैध छ ।

४ विहेका लागि केटी वा केटा छान्दा उनका आमाबुबामा कति माया, राम्रो सम्बन्ध तथा बच्चा जन्माउने क्षमता छ भन्ने कुरा हेर्नुपर्छ ।

५ बिहेका लागि केटी वा केटा छान्दा उसको धन, सुन्दरता, वंशलाई आधार नबनाएर धर्मकर्म तथा गुणलाई हेर्नुपर्छ ।

६ श्रीमान्‌हरू तथा श्रीमतीहरू एकअर्काको लागि पोसाक हुन् । पोसाक मानिसको गुप्ताङ्गलाई छोपेर राख्छ, घाम तथा जाडोबाट जोगाउँछ र साथै शोभा तथा सुन्दरता पनि प्रदान गर्छ । ठीक यही काम श्रीमान् तथा श्रीमतीले एकअर्काको लागि गर्नुपर्छ र गर्छ ।

७ आवश्यकता परेमा निसाफ, शारीरिक तथा आर्थिक आवश्यकता पूरा गर्ने सर्तमा एकभन्दा बढी महिलासँग बिहे गर्न सकिन्छ ।

तर व्यवहारमा हेर्दा काठमाडौँ तथा तराईका प्रायः मुस्लिमहरूले सुन्दरता तथा धनसम्पत्तिलाई हेरेर बिहे गर्छन् । बहुविवाह गर्ने चलन न्यून छ । काठमाडौँ तथा अन्य सहरी क्षेत्रमा २-३ वटा सन्तान मात्र जन्माउने र परिवार नियोजन गर्ने गर्छन् । गाउँहरूमा परिवार नियोजन गर्ने चलन न्यून छ, जसले गर्दा बढी सङ्ख्यामा सन्तान हुन्छ, दुईवटा सन्तानबीचको अन्तराल कम हुन्छ र यसको नकारात्मक असर आमा तथा शिशु दुवैको स्वास्थ्यमा देखा पर्छ ।

ग. विवाहको उद्देश्य

इस्लामी शरीअत (कानुन) अनुसार विवाहको उद्देश्य जायज तरिकाले कामेच्छा पूरा गर्नु र नयाँ पिँढीलाई जन्म दिनु हो । सन्द्रष्टा मुहम्मद स. अ. व.ले भन्नुभयो:" हे युवाहरूहो, तिमीहरूमध्ये जो आफूभित्र शक्ति पाउँछ उसले अवश्य बिहे गरोस्, किनभने विवाह दृष्टिलाई जोगाउँछ र गुप्ताङ्गलाई सुरक्षित राख्छ ।"[३३]

एक अर्को हदीसमा अन्तिम सन्द्रष्टा मुहम्मद स. अ. व.ले भन्नुभयो, " तिमीहरू बढी सन्तान जन्माउने र बढी माया गर्ने महिलासँग बिहे गर ··· ।"[३४]

---

३३ हदीसःबुखारी, मुस्लिम

३४ हदीसःअबूदाऊद, नसई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

घ. विवाहअघिका संस्कार

इस्लामी शरीअत (कानुन) अनुसार विवाहअघि केटा तथा केटी दुवैले एकअर्कालाई देख्न सक्ने अधिकार राख्दछ तर एकान्तमा वस्न, सुत्न, सम्भोग गर्न र एकअर्कालाई स्पर्शसमेत गर्न पाउँदैनन्। तर व्यवहारमा देख्दा विशेष रूपमा काठमाडौँ, विराटनगर तथा वीरगन्जलगायत सहरी क्षेत्रमा बिहेअघि माया लाउने, एकान्तमा उठबस गर्ने, टेलीफोनमा घन्टौँ कुरा गर्नेजस्ता कुसंस्कार देखा परेका छन्।

ङ. विवाहप्रक्रिया

विवाहको पहिलो चरणमा काजी वा धर्मगुरुले, अभिभावक तथा साक्षीहरूको उपस्थितिमा प्रवचन, पति र पत्नीबीच इजाब तथा कबुल अर्थात् एकअर्कालाई स्विकार्ने तथा कबुल गर्ने कार्य गराउँछ र निकाहपत्रमा दुलाहा, दुलहिन, गवाह इत्यादिको हस्ताक्षर लिन्छ भने दोस्रो चरणमा पतिपत्नीले सुहागरात मनाउँछ र यस मिलनको खुसीमा भोलिपल्ट केटापक्षको तर्फवाट वलीमा अर्थात् सामूहिक भोज हुन्छ। वलीमाको आधार यस हदीसमाथि छ जसमा नबी स. अ. व. ले भन्नुभयो, "वलीमा गर यद्यपि एउटै वाखीवाट होस्।[३५]

च. महर, दाइजो तथा बारात

महर भनेको बिहे हुँदा केटापक्षले केटीपक्षलाई दिने विशेष धन हो चाहे त्यो मुद्राको रूपमा होस् वा गहना वा अन्य कुनै रूपमा। महर केटीपक्षको हक हो र यो महर केटापक्षको आर्थिक हैसियतअनुसार हुनुपर्छ।

व्यवहारमा हेर्दा काठमाडौँ तथा तराई दुवैमा बिहे हुँदा केटापक्षले केटीपक्षलाई विशेष रूपमा मुद्राको रूपमा र कहिलेकाहीँ गहनाको रूपमा महर दिन्छन्। यो महर नगद रूपमा दिनु राम्रो मानिन्छ तर अधिकांश मुस्लिमहरू उधारो राख्छन्। तराई क्षेत्रमा सधैँको लागि उधारो राख्ने र मृत्युको समयमा श्रीमतीसँग माफ गराउने चलन थियो तर हालका दिनहरूमा यसमा सुधार देखिन्छ।

दाइजो भन्नाले केटीपक्षले केटापक्षलाई दिने धन हो चाहे त्यो मुद्राको रूपमा होस् वा फर्निचर, मोटरसाइकल वा अन्य कुनै रूपमा। महरविपरीत दाइजो गैरइस्लामी प्रथा हो जो हिन्दू तथा अन्य दाइजोप्रेमी समाजको प्रभावले काठमाडौँ तथा तराई दुवै स्थानका मुस्लिम समाजमा प्रचलित भइसकेको छ। केटापक्षले केटीपक्षसँग नगद रुपैयाँ, मोटरसाइकल आदिइत्यादि माग गर्छन्। यस प्रथाले गर्दा महिलाको बिहे, मर्यादा तथा सम्मानमा नकारात्मक असरका साथै महिलाहिँसामा वृद्धि भएको देखा पर्छ।

---

३५ हदीसःबुखारी, मुस्लिम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ. अन्तरजातीय विवाह

काठमाडौं तथा तराईमा मुस्लिमका २५ भन्दा बढी थर तथा बिरादरीहरू छन्। उनीहरू प्रायः आ-आफ्नै थरमा बिहे गर्छन् तर अब कताकतै अरू थरमा पनि बिहे गर्न थालेका छन्। अन्सारी, खान, शैख इत्यादिबीच पनि बिहे हुन थालेको छ। अन्य धार्मिक समुदाय जस्तै हिन्दू, बौद्धको महिला वा पुरुषले इस्लाम धर्म स्विकारेमा मात्र मुस्लिम पुरुष वा महिलासँग बिहे गर्न पाउँछन्। हाल खाडी देशमा कार्यरत हिन्दू तथा बौद्ध नेपालीहरूले इस्लाममा आउन थालेका छन् यसरी अन्तरजातीय बिवाह हुन थालेको छ।

झापाको बङ्गलाभाषी श्रीमान् र काठमाडौंको नेपालीभाषी खान श्रीमतीबीच हालै सम्पन्न अन्तरजातीय विवाहको फोटो ।

ज. वैवाहिक जीवन

वैवाहिक जीवन जिम्मेवारीपूर्ण जीवन हुन्छ जसमा श्रीमान्–श्रीमती दुवैले मिलेर, प्रेम तथा मायाका साथ जीवन बिताउनुपर्छ। वैवाहिक जीवनलाई सफलीभूत तरिकाले बिताउनको लागि श्रीमान् तथा श्रीमती दुवैमाथि जिम्मेवारी आउँछ भने दुवैका केही हकअधिकार तथा सीमा पनि इस्लामले निर्धारित गरेको छ। दुवैले एकअर्कालाई भित्री मनले माया गर्ने, एकअर्काको आवश्यकतालाई ध्यानमा राख्ने, निर्धारित जिम्मेवारी पूरा गर्ने, एकअर्काको सम्मान गर्ने, धनसम्पत्ति तथा ज्यानको रक्षा गर्ने, पत्नीले परपुरुष तथा पतिले परस्त्रीसँग सम्बन्ध नराख्ने जस्ता निर्देशनहरू दिइएको छ। श्रीमान्, श्रीमतीको जीवनसाथीका साथसाथ अभिभावक पनि हुन् तसर्थ श्रीमती तथा सन्तानको आर्थिक बोझ पूर्णरूपमा श्रीमान्माथि हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीमतीको जिम्मेवारी घरको निगरानी गर्नु, बच्चा जन्माउन, उसको स्याहारसुसार गर्नु तथा श्रीमान्‌को सेवा गर्नु हो ।

झ. विवाहसम्बन्धी अन्य कुराहरू

१ इस्लामले निम्नलिखित निकटतम नातेदारहरूसँग बिहे गर्न हराम वा अवैध गरेको छ : आमा, छोरी, दिदी, बहिनी, फुपू, सानीमा, ठूली आमा, भतिजी, भान्जी, धाई आमा, धाई दिदीबहिनी, सासू, श्रीमतीकी छोरी, बुहारी, एकैसाथ दुई जना दिदीबहिनी ।[३६]

२ उक्त नातेदारहरूबाहेक अन्य नातेदारहरू जस्तै काका वा मामा वा सानीमा वा ठूली आमाकी छारीहरूसँग बिहे गर्न वैध छ यद्यपि टाढा गैरनातेदारमा बिहे गर्नु राम्रो मानिन्छ ता कि नातेदारीको परिधि फराकिलो होओस् ।

३ एक जना मुस्लिमका लागि कुनै पनि गैरमुस्लिमसँग बिहे गर्नु हराम (अवैध) गरिएको छ । तर कसैले आफ्नो धर्म छोडेर इस्लाममा प्रवेश गर्छ भने ऊसँग बिहे गर्न वैध छ ।

४ इस्लाममा विधवाहरूको विहेमा पनि जोड दिइएको छ । त्यसैले मुस्लिम समाजमा हिन्दू समाज जस्तो विधवाहरूलाई नराम्रो मानिँदैन । विधवाहरूको बिहे पनि सजिलैसँग हुन्छ ।

५ मुस्लिम धर्मगुरुहरूले पनि विहे गर्छन् । हिन्दू, बौद्ध तथा इसाई धर्मगुरुहरूझैं अवैवाहिक रहनु हुँदैन । हिन्दू, बौद्ध तथा इसाई धर्मगुरुहरूले अवैवाहिक रहनुको कारणले धेरैजसो मन्दिर, गुम्बा तथा गिरिजाघरहरूमा महिला तथा चेलीबेटीहरूसँग व्यभिचारको खबर आइरहेको हुन्छ । इस्लाममा पुरुष तथा महिलाको हेलमेलमा प्रतिबन्धको कारणले, मुस्लिम धर्मगुरुहरू विवाहित भएकोले र महिलाको लागि घरमै नमाज वा भक्तिको आदेश भएकोले मुस्लिम समाजमा यसतो घटना हुँदैन ।

६ इस्लामले नाचगानमा पनि प्रतिबन्ध लगाएको छ । बिहेको अवसरमा पनि नाचगान हुँदैन । सहरी क्षेत्रमा हिन्दू तथा अन्य समाजको प्रभावले कतैकतै नाचगान हुन थालेको छ ।

७ विवाहसंस्कारमा हिन्दू तथा अन्य समाजको प्रभावले गर्दा ठूलो जन्ती लिएर जाने, केटीपक्षले दाइजो दिनुपर्ने, बारातका साथमा गानाबजाना लिएर जाने, भोजभतेरमा धेरै खर्च गर्ने, केटीलाई सिन्दूर लगाइदिनेजस्ता कुसंस्कार अझै पनि तराईको केही भूभागमा देखिन्छ ।

ञ. तलाक (पारपाचुके), खुला, फस्ख

---

३६ कुरआन:४:२३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कहिलेकाहीँ श्रीमान्श्रीमतीबीच मतभेद उत्पन्न हुन्छ, सम्वन्ध बिग्रन्छ र यस्तो अवस्था उत्पन्न हुन्छ कि दुवैका लागि एकसाथ बस्नु असम्भव हुन पुग्छ। यस्तो अवस्थामा इस्लामले श्रीमान्श्रीमती दुवैलाई सम्वन्धविच्छेद गर्ने अनुमति दिन्छ। इस्लाम सम्वन्धविच्छेदलाई एउटा वाध्यताको रूपमा लिन्छ र तर यसलाई प्रोत्साहित गर्दैन।[३७]

तलाकलाई हलाल वा वैध कुराहरूमध्ये नराम्रो कुरा मानिएको छ।[३८]

तलाक–प्रक्रिया : इस्लाममा तलाकको तरिका पनि बताइएको छ। श्रीमान्ले श्रीमतीलाई पवित्रताको अवस्थामा अर्थात् महिनवारीको समय सकिएपछि एक तलाक देओस्, फेरि अर्को पवित्रतामा दोस्रो तलाक देओस् र फेरि तेस्रो पवित्रतामा तेस्रो तलाक देओस्। यी तीन तलाक दिएपछि पूर्णरूपमा सम्बन्धविच्छेद भइहाल्छ। तर यदि यी तीन महिनाभित्र श्रीमान्ले तेस्रो तलाक दिनुअघि रुजु गर्छ भने तलाक आफैँ बदर हुन्छ।

तलाकको उक्त तरिका नै इस्लामी तरिका हो। तर व्यवहारमा हेर्दा श्रीमान्ले एउटै सभा वा एकै पटक तीन तलाक दिन्छ जो नराम्रो तलाक (तलाके मुगल्लजा) हो। हनफी मस्लकअनुसार एउटै सभामा दिएको तीन तलाक तीन तलाक नै मानिन्छ र हलाला (अर्थात् महिलाले अर्को पुरुषसँग विहे गरेपछि तलाक भए) बिना एकअर्कासँग बिहे गर्न अवैध हुन्छ। तर अह्ले हदीस, शाफई, मालिकी तथा हम्वली मस्लकअनुसार एउटै सभामा दिएका तीन तलाकचाहिँ एउटै तलाक मानिन्छ र श्रीमान्ले चाहेमा रुजु गर्न सक्छ र यही कुरा कुरआन तथा हदीससित बढी निकट छ। तलाक पाएकी महिलाले तीन पटक महिनवारी आएसम्म इद्दत (विशेष अवधि) बिताएपछि मात्र अर्को विहे गर्न पाउँछे। गर्भवती महिलाको इद्दत शिशुको जन्मसम्म हुन्छ भने महिनवारी नहुने महिलाको इद्दत तीन महिना हुन्छ। कसैको श्रीमान् वितेको खण्डमा श्रीमतीले चार महिना दस दिनसम्म इद्दत विताउनुपर्छ।

खुला : कहिले यस्तो अवस्था पनि आउँछ कि श्रीमान् श्रीमतीमाथि अत्याचार पनि गरिरहेको हुन्छ र तलाक पनि दिन चाहँदैन, यस्तो अवस्थामा श्रीमती वा श्रीमतीपक्षले काजी (धर्मगुरु) सित सम्पर्क गरी खुला (केटीपक्षको तर्फबाट सम्वन्धविच्छेद) गराइदिने निवेदन गर्छ। काजीले श्रीमान्लाई वोलाएर तलाक दिन आदेश दिन्छ। अनि श्रीमान्ले तलाक दिएमा सम्वन्धविच्छेद भइहाल्छ। यस तरिकावाट गरिने सम्वन्ध विच्छेदलाई खुला भनिन्छ।

---

३७ कुरआन:२:२३६

३८ हदीस:अवू दाऊद

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फस्ख : श्रीमान्ले तलाक दिन नमानेमा काजीले आफ्नो अधिकार प्रयोग गरेर सम्बन्धविच्छेद गराइदिन्छ यस तरिकाबाट गरिने सम्बन्धविच्छेदलाई **फस्ख** भनिन्छ ।

उक्त बहसबाट यो कुरा प्रस्ट भयो कि तलाक, खुला तथा फस्ख तीनैको अर्थ पारपाचुके वा सम्बन्धविच्छेद नै हुन्छ तर यी तीनवटा शब्दमा अलि फरक छ । तलाक पतिको तर्फबाट हुन्छ, खुला पत्नीको तर्फबाट हुन्छ र फस्ख काजी वा धर्मगुरुको तर्फबाट हुन्छ ।

४. मृत्युसंस्कार

क. मृत्युलाई हेर्ने दृष्टिकोण

अल्लाहले कुरआनमा भनेका छन् :

"अल्लाहले जीवन तथा मृत्युको सृष्टि गरे ता कि तिमीहरूको परीक्षा लिएर हेरून् कि कसले राम्रो कर्म गर्छ ।"[३९]

अर्को ठाउँमा भनिएको छ :

"प्रत्येक जीवले मृत्युको स्वाद चाख्नैपर्छ। अनि तिमीहरूलाई हामीतिरै फर्काइनेछ ।"[४०]

अर्को ठाउँमा भनिएको छ :

"अतः के हामीले तिमीहरूलाई व्यर्थ सृष्टि गरेका छौं ? र तिमीहरू हामीतर्फ फर्केर आउने छैनौ ?"[४१]

अर्को ठाउँमा भनिएको छ :

"तिमीहरू जहाँसुकै बस चाहे त्यो मजबुत किल्ला नै किन नहोस् मृत्युले तिमीहरूलाई गाँज्ने नै छ ।"[४२]

अर्को ठाउँमा भनिएको छ :

"(अल्लाहबाहेक) कोही यो पनि जान्दैन कि उसको मृत्यु कहाँ हुन्छ ।[४३]

अन्तिम सन्द्रष्टा मुहम्मद स. अ. व. ले भन्नुभयो "स्वाद तथा मज्जालाई समाप्त पार्ने चीज (मृत्यु) लाई खुबै स्मरण गर ।"[४४]

उक्त श्लोक र अन्य थप श्लोकहरू तथा हदीसहरूअनुसार एक जना मुस्लिमले यस लौकिक जीवन तथा मृत्युलाई निम्न दृष्टिले हेर्छ :

१ एक जना मुस्लिमले आफ्नो वास्तविक गन्तव्य परलोकको जीवनलाई ठान्छ ।

---

३९ कुरआन:६७:२
४० कुरआन:२९:५७
४१ कुरआन:२३:११५
४२ कुरआन:४:७८
४३ कुरआन:३१:३४
४४ हदीस:तिर्मिजी, नसई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२ एक जना मुस्लिम यो संसार तथा जीवनलाई क्षणिक मान्छ र आफूलाई परीक्षा अवस्थामा ठान्छ।
३ एक जना मुस्लिम यस जीवनमा आइपरेका कष्ट तथा दुखमा र कसैको मृत्यु भएमा पनि अल्लाहको लागि धैर्य गर्छ र "हामी अल्लाह कै लागि हौं र अल्लाहतर्फ नै फर्केर जानु छ " भन्ने वाणी पढ्छ।
४ एक जना मुस्लिम सुख तथा खुसीको अवस्थामा अल्लाहप्रति कृतज्ञ हुन्छ र "सम्पूर्ण प्रशंसा अल्लाहकै लागि हो" भन्ने वाणी पढछ। कृतज्ञता व्यक्त गर्नको लागि दुई रकअत नमाज पनि पढ्छ।
५ मृत्युपश्चात्को जीवनको बढी चिन्ता गर्छ र स्वर्ग पाउनका लागि आस्थालाई दृढ पार्दै बढीभन्दा बढी सत्कर्म, भलो तथा पुण्यकर्म गर्छ।
६ नर्कवाट जोगिनका लागि मूर्तिपूजा, व्यभिचार, चोरी, डकेती, रक्सीसेवन, भ्रष्टाचार, ब्याज तथा अन्य दुष्कर्मबाट जोगिने प्रयास गर्छ।

ख. मृत्युअघिका संस्कार

इस्लामी शिक्षाअनुसार एक अल्लाहमाथि, मुहम्मद स. अ. व. लगायत अन्य सबै सन्द्रष्टाहरूमाथि, परलोक, देवदूतहरू, कुरआनसमेत अन्य ईश्वरीय ग्रन्थ तथा भाग्यमाथि इमान तथा आस्था राख्ने र साथै इस्लामी शिक्षाअनुसार कर्म गर्ने व्यक्ति (मुस्लिम) मात्र स्वर्गमा जानेछन्। तसर्थ काठमाडौं तथा तराईका मुस्लिमहरू आफ्नो जीवनलाई इस्लामी शिक्षाअनुसार विताउने प्रयास गर्छन्, बुढेसकालमा विशेष रूपमा बढी पुण्यकर्म गर्छन्, धनीले हज पनि गर्छन् र मर्नुअघि "कलिमए तैयियबा" अर्थात् राम्रो वाणी "लाइलाह इल्लल्लाह मुहम्मदुर्रसूलुल्लाह" अर्थात् अल्लाहबाहेक कोही पूज्य छैन र मुहम्मद स. अ. व. अल्लाहका रसूल वा सन्द्रष्टा हुन्" जपिराख्छन्, उसले नजपेमा आफन्तहरूले जप्न लगाउँछन्। नबी स. अ. व. ले भन्नुभयो: "आफ्ना मर्ने व्यक्तिलाई कलिम ए तैय्यीबा पढ्ने निर्देशन देऊ।"[४५]

केटा तथा नातिहरूले कुरआनको ३६ औं सूरह, सूरह यासीन पढिरहेका हुन्छन्। यो सूरहको पाठले मृत्युको कष्टलाई हलुको पार्छ भन्ने ठानिन्छ। नबी स. अ. व. ले भन्नुभयो "आफ्ना मर्न लागेका नजिक सूरह यासीन पढ्ने गर।[४६]

मरिरहेको व्यक्तिले छोरा छोरीहरूलाई ऋण चुक्ता गर्ने तथा धनसम्पत्ति कसैलाई दान दिने वा अन्य कुनै कुराबारे केही अन्तिम उपदेश दिन्छन्। निकटतम नातेदारहरू पनि भेला हुन्छन् र उनका लागि दुआ तथा प्रार्थना गरिरहेका हुन्छन्।

---

४५ हदीस:मुस्लिम
४६ हदीस: अहमद, अबूदाऊद

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ग. मृत्युपछिका संस्कार–कफन दफन

मृत्यु हुनेबित्तिकै माइक, टेलिफोनद्वारा वा मान्छेलाई पठाएर मृत्यु तथा अन्तिम संस्कार गर्ने समयको खवर पठाइन्छ। निर्धारित समयअघि नै मृतकलाई सम्मानपूर्वक नुहाइन्छ, वुजु गराइन्छ, तीनवटा ठूला नसिलाइएका सेता लुगामा वेरिन्छ। यो लुगालाई **कफन** भनिन्छ। लुगामाथि सुगन्ध छरिन्छ अनि सानो खाट जस्तो वस्तुमाथि मृत शरीरलाई राखिन्छ, चारैतिरबाट समातेर काँधमा राखेर सम्मानपूर्वक चिहानस्थल वा कब्रिस्तानसम्म पुऱ्याइन्छ, अनि निर्धारित समयमा सामूहिक रूपमा **जनाजहको नमाज** पढिन्छ।

यो विशेष नमाज बिनाअजान, बिनाइकामत , बिनारूकुअ (निहुरूनु) तथा विनासज्दा (नतमस्तक हुनु) को उभेर पढिन्छ। यस नमाजमा मृतकका लागि क्षमायाचना गरिन्छ, नमाजपछि पहिलेदेखि खनिएको चिहान वा कब्रमा "विस्मिल्लाह अला मिल्लते रसूलिल्लाह" अर्थात् "अल्लाहको नामबाट, अल्लाहका सन्द्रष्टाको समुदायमा" भन्दै मृत शरीरलाई राखिन्छ, माथिबाट काठको तख्ता वा बाँस र टाट राखिन्छ र त्यसमाथि माटो हालेर पुरिन्छ। चिहानमा राख्ने यस कार्यलाई **दफन** भनिन्छ। एक जना व्यक्तिले तीन अँजुली माटो चिहानमाथि राख्छ। पहिलो अँजुली राख्दा कुरआनको श्लोक "हामीले यसै माटोबाट तिम्रो सृष्टि गरेका छौं" दोस्रो अँजुली राख्दा "हामीले यसै माटोमा तिमीलाई फर्काउनेछौँ" र तेस्रो अँजुली राख्दा "हामीले यसै माटोबाट तिमीलाई फेरि निकाल्नेछौँ" पढ्छन्।

मृतकलाई पुण्य तथा शान्ति प्राप्त होस् भन्ने उद्देश्यले कुरआन पाठ गरिन्छ र गराइन्छ। साथै उसको नाममा कुरआन मस्जिदमा राखिन्छ, सार्वजनिक स्थलमा धारा तथा कलको व्यवस्था मिलाइन्छ।

मृत शरीरलाई चिहानस्थल लगिँदै।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

घ. ऋण चुक्ता तथा पैतृक सम्पत्तिको बाँडफाँड

मृतकको अन्तिम संस्कारपछि पहिलो काम मृतकको जिम्मामा रहेका ऋणहरूको चुक्ता हुन्छ। ऋण चुक्तापछि मृतकको नाममा रहेका चल तथा अचल सम्पत्तिको बाँडफाँड गरिन्छ। इस्लामी शरिअतअनुसार मृतकको सम्पत्तिमा छोरा, छोरी, श्रीमान्/ श्रीमती, आमा, बुबा, नाति, नातिनीहरूको हक लाग्छ। पैतृक सम्पत्तिमा छोरीको हक छोराको हकभन्दा आधा हुन्छ। अल्लाहले कुरआनमा भनेका छन्, "अल्लाह तिम्रा सन्तानको सम्बन्धमा तिमीहरूलाई निर्देशन दिन्छन् -एक जना पुरुषको हक दुई जना महिलाको बराबर हुन्छ।"[४७]

तर व्यवहारमा हेर्दा यदाकदाबाहेक काठमाडौँ तथा तराई कहीँका मुस्लिम पनि छोरीलाई त्यसको हक दिँदैनन्। विवाहको समयमा दिएको दाइजोलांई नै पर्याप्त सम्झन्छन्। जब कि अल्लाहले पैतृक सम्पत्तिमा अंश नदिनेलाई सदाको लागि नर्कको भागेदार बताइएको छ।

ङ. वक्फ

धेरैजसो मुस्लिमहरू आफ्नो जीवनमा वा मृत्युको बेलामा मस्जिद वा मदरसा वा गरिबगुरुवाहरूका लागि दान गर्ने गर्छन् जसलाई वक्फ भनिन्छ। तराईका धेरैजसो मदरसाहरू दान वा वक्फको जग्गामा बनेका छन्। नेपालको एउटा ठूलो मदरसा दारूल उलूम नूरूलइस्लाम जल्पापूर सुनसरी वक्फको जग्गामा बनेको छ। इस्लामी शिक्षाअनुसार वक्फ गरेको वस्तुबाट जति मानिस तथा प्राणीहरू लाभान्वित हुन्छन्। महाप्रलयसम्म बक्फ गर्ने व्यक्तिलाई पुण्य प्राप्त भइरहेको हुन्छ।

सारांश

हाम्रो देश नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक देश हो र यो धार्मिक, सांस्कृतिक, भाषिक, जातीय र भौगोकि विविधता हाम्रो देशको अमूल्य सम्पत्ति हो। इस्लाम नेपालको धर्महरूमध्ये महत्त्वपूर्ण धर्म हो भने मुस्लिम समुदाय नेपालका महत्त्वपूर्ण जातिहरूमध्ये एक महत्त्वपूर्ण हो, जो सात सय वर्षदेखि महत्त्वपूर्ण संस्कार बोकेर नेपालको मेचीदेखि महाकालीसम्म र हिमालदेखि तराईसम्म छरिएर बसेका छन्। नेपालका अन्य जातिको तुलनामा मुस्लिमजातिको आस्था, विश्वास, मानमर्यादा, जीवनशैली, भक्ति, उपासना, वेशभूषा, भाषा, जन्मसंस्कार, विवाहप्रथा, तलाक, वृद्धिसंस्कार, मृत्युसंस्कार पृथक् छ र अन्य जातिसँग यसको हेलमेल कम देखिन्छ। पश्चिमेली दुष्प्रचारले गर्दा मुस्लिम समुदायको बारेमा भ्रम पनि पाइन्छ।

---

४७ कुरआन: ४:११

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काठमाडौँ तथा तराईका मुस्लिमहरूका संस्कार धेरैजसो मिल्दोजुल्दो पनि छ भने केही कुराहरूमा अलिकति फरक पनि छ । जस्तै काठमाडौँ तथा तराईका मुस्लिमहरूका वेशभूषा, भाषा, पोसाक फरकफरक छ । काठमाडौँ तथा तराई दुवै स्थानका मुस्लिमहरू जन्मसंस्कारमध्ये बच्चाको जन्म हुनेवित्तिकै दाहिने कानमा अजान दिन्छन् र देब्रे कानमा इकामत भन्छन्, वृद्धिसंस्कारहरूमध्ये बच्चाको वृद्धि, विकास, समृद्धि, उन्नति तथा लौकिक तथा पारलौकिक सफलताका लागि अकीका गरेर नातेदार तथा छरछिमेकीलाई खुवाउँछन्, बच्चाको कपाल कोरेर त्यसको नापबराबर सुन वा चाँदी वा त्यसको सट्टामा रुपियाँ गरिब असहायमा बाँड्छन् । सानैदेखि बच्चालाई राम्रो आचरण, असल बानी, शिष्टाचार, सत्यता, इमानदारी, नमाज, दान तथा व्रतको बानी बसाल्छन् । काठमाडौँ तथा सहरी क्षेत्रका मस्लिम आफ्ना बच्चाहरूलाई प्रायः बोर्डिङ स्कुलमा पढाउँछन् भने गाउँका मुस्लिम प्रायः आफ्ना बच्चाहरूलाई पढनका लागि मदरसा पठाउँछन् । विहेसंस्कारहरूमध्ये विहेको प्रस्ताव, निकाह तथा वलीमा अर्थात् सामूहिक भोज गर्छन्, वैवाहिक जीवन आपसी प्रेम, समभ्रुदारी, त्याग, बलिदान, सम्झौताका साथ बिताउँछन् । श्रीमान्श्रीमतीमध्ये कोही नराम्रो सिद्ध भएमा वा आपसी सम्वन्ध बिग्रेमा र सम्बन्धविच्छेदबाहेक अन्य कुनै विकल्प नरहेमा तलाक वा खुला वा फस्खद्वारा सम्वन्धविच्छेद गराउँछन् ।

काठमाडौँ तथा तराई दुवै स्थानका मुस्लिमहरू मृत्युलाई यस लौकिक जीवनको अन्त मान्छन् भने पारलौकिक जीवनको आरम्भ मान्छन् । परलोकको जीवन नै असल, चिरस्थायी तथा सदाको जीवन भएको मान्यतले गर्दा काठमाडौँ तथा तराई दुवै स्थानका मुस्लिमहरू बाल्यकालदेखि नै त्यस जीवनको तयारी सुरु गरिदिन्छन् ।

मरेको व्यक्तिलाई त्रास, घृणाको दृष्टिले नहेरेर सम्मानको दृष्टिले हेर्छ । अन्तिम संस्कार नभएसम्म त्यसको वरिपरि निकटतम नातेदारहरू बसेका हुन्छन् र अन्तिम अवलोकन गर्ने व्यक्तिहरूलाई त्यसको अनुहारको अवलोकन गराइरहेका हुन्छन् । अन्तिम संस्कारको क्रमामा त्यसलाई नुहाइन्छ, तीनवटा सेतो लुगामा बेरिन्छ अनि सम्मानित तरिकाबाट चिहानस्थल लगिन्छ, जनाजाको नमाज पढिन्छ र चिहानमा राखेर यसरी माटोले पुरिन्छ कि चिहान सानो कोठा जस्तो बन्छ ।

समग्रमा हेर्दा

१ इस्लामी संस्कार वा मुस्लिम संस्कार सम्पूर्ण संसारबासी विशेष रूपमा सबै नेपालीको लागि उदाहरणीय संस्कार हो ।

२ इस्लामी संस्कार वा मुस्लिम संस्कार सम्पूर्ण संसारबासीका सृष्टिकर्ता अल्लाहको तर्फबाट रहेकोले मुस्लिम समुदायकोलागि मात्र नभएर सम्पूर्ण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संसारबासीको साझा संस्कार हो ।

३ इस्लामी संस्कार कुरआन तथा हदीसबाट निर्देशित संस्कार हो र काठमाडौं तथा तराई दुवै स्थानका मुस्लिमहरू प्रायः कुरआन तथा हदीसबाट निर्देशित संस्कारकै पालना गर्छन् । कुरआन तथा हदीसबाट हटेका वा विपरीत संस्कार धेरै कम छन् ।

सन्दर्भसामग्री

नेपाली

१ कुरआन करीम अलाउद्दीन अन्सारी फलाही इस्लामी सङ्घ नेपाल२००९ इ. दोस्रो ।

२ नेपालको ऐतिहासिक रूपरेखा, बालचन्द्र शर्मा, कृष्णकुमारीदेवी वि.सं.२००८ पहिलो ।

३ नेपालको इतिहास, प्रा. डा. गणेश क्षत्री, एसिया पब्लिकेसन्स बागबजार काठमाडौं २०६० दोस्रो ।

४ नेपालको इतिहास, डा. पेशल दाहाल, एम. के. पब्लिसर्स एन्ड डिस्ट्रीब्युटर भोटाहिटी काठमाडैं पहिलो ।

अङ्ग्रेजी

५ Gov. of Nepal , Central Bureau of Statistics.. Statistical Year Book of Nepal, 2009 Central Bureau of Statistics.. Statistical २००९

६ Nationalities of Nepal Bhujel Ghartis Bhujel Ghartis

७ Nepali Around the world Cindy L. Perry Ekta Books Kathmandu1997 First

उर्दू

८ तलखीस तफ्हीमुल कुरआन सैयि्यद अबुल अअ्ला मौदूदी इस्लामी संघ नेपाल २००६ पहिलो

९ मुख्तसर जादुलमआद मुहम्मद बिन अब्दुल वह्हाब प्र. शाखा, इस्लामी कार्य म.सउदी अरब१४२९ पाँचौं

१० जन्म से मौत तक मौलाना मुहम्मद असअद इसराईली मक्तबा अल्हसनात देहली२००२ पहिलो

११ हिन्दुस्तान पर इस्लामी हुकुमत मुफती शौकत अली फहमी दीन दुन्या पब्लिशिंग कम्पनी जामे मस्जिद देहली २००९ बाईसौं

१२ क्लामे नुबुव्वत मुहम्मद फारूक खाँ मर्कजी मक्तबा इस्लामी दिल्ली भारत १९८१ छैठौं

१३ अन्वारूल हदीस मुफ्ती जलालुद्दीन कुतुब खाना अम्जद्या बस्ती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भारत१९७१ पहिलो
१४ आदाबे जिन्दगी मुहम्मद यूसुफ इस्लाही मर्कजी मक्तबा इस्लामी दिल्ली भारत

पत्र पत्रिकाहरू

१ त्रैमासिक पत्रिका मुस्लिम आवाज राष्ट्रिय मुस्लिम मञ्च नेपाल अप्रिल, मे, जुन २०११ १
२ " " जुलाई, अगस्त, सितम्बर " २
३ " " अक्तुबर, नोभेम्बर, दिसम्बर ३
४ मासिक मधुर सन्देश अल्हिरा एजुकेशनल सोसाईटी नेपाल भाद्र २०६७ १२५
५ मासिक जिन्दगीए नौ दावतनगर दिल्ली जनवरी २०११ ३७
६ The Himalayan Times International Media network, Kathmandu August 11, 2010

वेबसाइट्स

१ www.cbs.gov.np/year_book_2009
२ www.islaminnepal.com
३ www.nepaldemocracy.org/ethnicity/nationalities_of_nepal.htm
४ www.irf.com

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

केवरतजातिका संस्कारहरू

– चतुर्भुजलालदास केवरत

१.केवरतजातिको परिचय

नेपालको तराई प्रदेशको मोरङ र झापा जिल्लामा छरिएर बसोबास गर्ने प्रकृतिपूजक जाति हो "केवरतजाति"। यस जातिका मानिसहरू विशेष गरी मोरङ र झापा जिल्लाका खण्डअन्तर्गत पर्ने महेन्द्र राजमार्गको दक्षिणी समथर भूभागमा छरिएर बसोवास गर्दछन्। प्रकृतिपूजक आदिवासीका विशिष्ट अभिलक्षणहरू यस जातिमा पाइन्छ। केवरतजातिको परम्परागत पेसा कृषि हो। निम्न आयस्रोत भएका केवरतहरू डोरी बाटेर विक्रीवितरण गर्ने गर्दछन्। त्यसै गरी केही केवरतहरू विराटनगर, इटहरी र दमक जस्ता सहरहरूमा रिक्सा चलाएर गुजारा चलाउँछन् भने अचेल केही केवरत युवाहरू गाउँघरमा साहूमहाजनसँग चर्को ब्याजमा ऋण लिएर खाडी मुलुक विशेष गरी अरब, कतार, दुबई र मलेसियातर्फ जान थालेका छन्। यस जातिका निम्न आर्थिक अवस्था भएका महिलाहरू भुजा (मुरही) भुटेर नजिकैका स्थानीय बजार (हाट) मा विक्रीवितरण गरेर अर्थोपार्जन गर्दछन्। केवरतजातिका पढेलेखेकाहरू थोरै सङ्ख्यामा विद्यालय तहको शिक्षण पेसामा आबद्ध रहेका छन्। राजनैतिक चेतनाको कमी, राज्यको उपल्लो तहमा पहुँचको अभावका, कारण केवरतहरू स्थानीय तहको शिक्षण पेसावाहेक अन्य अरू पेसामा संलग्न हुन नसकेको प्रस्ट हुन्छ (केवरत, २०६७ : १)।

पूर्वी तराईका मोरङ, सुनसरी र झापा जिल्लाका केही गा.वि.स. हरूमा छरिएर वसोवास गर्ने केवरतजातिको आफ्नो छुट्टै पहिरन रहेको छ। यस जातिका महिलाहरूले पहिलेपहिले दुई/अढाई मिटर लम्बाइ भएको रङ्गीन कपडाको टुक्रा छातीमुन्तिरवाट खुट्टा ढाक्नेसम्म प्रयोग गर्दथे जसलाई केवरत भाषामा "कापा" भनिन्छ। अचेल केवरत महिलाहरू साडी, ब्लाउज र पेटीकोट लगाउने गर्दछन्। युवतीहरू आधुनिक पहिरन सलवार, कुर्ता आदि लगाउने गर्दछन्। यस जातिको ससाना केटीहरू घाघ्रा कट्टु र फ्रक लगाउँछन्। यस जातिका महिलाहरू प्राचीन समयमा लगाउने गरेको कापा अचेल केही वृद्धाहरू मात्र लाउने गर्दछन्। वि.सं. २००३/०४ साल तिर तत्कालीन जमिनदार मुक्तिलालदास केवरतको नेतृत्व र चन्द्रप्रसाददास केवरतलगायतका अन्य अरू सहयोगी केवरतहरूको सक्रिय सहभागितामा चलाइएको "कापा खल सारही लगाव" अभियानपछि केवरतजातिका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महिलाहरू क्रमश : साडी, ब्लाउज र चोलो लाउन थालेको देखिन्छ। (जमिनदार, मुक्तिलालदास केवरतको जेठो छोरो नारायणलालदास केवरतसँग मिति २०६७ /१० /२० गते गरिएको कुराकानीबाट प्राप्त जानकारी)। केवरत पुरुषहरूले लाउने प्राचीन पोसाक धोती र कुर्ता हो। अचेल पनि बहुसङ्ख्यक केवरतहरू धोती र कुर्ता नै लाउने गर्दछन्। यस जातिका ससाना बच्चाहरू भने कट्टु र तौलिया लगाउँछन्। केवरतजातिले दैनिक खाजाको रूपमा प्रयोग गर्ने खाद्य सामग्री भुजा हो। केवरतजातिको आफ्नो छुट्टै पहिचान रहेको छ (केवरत, २०६८ : क)।

माथि उल्लिखित तराईका तीनवटै जिल्लाहरूमा यस जातिको जनसङ्ख्या १२१०० जाति रहेको छ। मोरङ जिल्लाको गोविन्दपुर, टकुवा, डाइनिया, अमरदह, सिजुवा, रङगेली, उहसन्दह महादेवा र बरडङ्गा गा.वि.स. हरू तथा विराटनगर उ.म.न.पा. मा केवरतजातिको जनसङ्ख्या १२,००० रहेको छ। त्यसै गरी झापा जिल्लाको गौरीगन्ज कुमरखोद र शरणामति गा.वि.स. हरूमा १०० जति केवरत जनसङ्ख्या रहेको छ। प्रस्तुत जनसङ्ख्या ११ औँ जनगणना सम्पन्न हुनुपूर्वको तथ्याङ्कमा आधारित रहेको छ।

केवरतजातिका वक्ताहरू परस्परमा आफ्नै मातृभाषा अर्थात् केवरत भाषा प्रयोग गर्दछन्। यो भाषा हालसम्म केवरत वक्ताहरूबीच कथ्य परम्परामै पुस्तान्तरण हुँदै आएको छ। यस भाषाको संरक्षण खातिर राज्यको तर्फबाट अभिलेखन कार्यको थालनी हुनु आवश्यक देखिन्छ (केवरत, २०६७ ४६-४७)।

केवरतजातिको आफ्नो छुट्टै पहिचानको मौलिक संस्कृति रहेको छ। यस जातिमा प्रकृतिका विभिन्न विषयवस्तुहरूको फरकफरक ढङ्गले पूजाआजा गर्ने परम्परागत चलन रहिआएको छ। केवरतजातिमा हिन्दूधर्मका सोर संस्कारहरू जस्तै न्वारान, अन्नप्राशन, यज्ञोपवित अरू यस्तैयस्तै रीतिरिवाजहरू छैनन् न त यिनीहरू हिन्दू धर्मावलम्बीहरू जस्तै घरमा नित्य पूजा नै गर्दछन्। यस जातिका मानिसहरू आआफ्ना आँगनमा तुलसीको मठ राख्तैनन्। यी विभिन्न आधारमा के भन्न सकिन्छ भने केवरतजाति प्रकृतिपूजक आदिवासी हो (केवरत २०६८ : ग)।

केवरतजातिका पर्व र सामाजिक संस्कारहरू

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक राष्ट्र हो। यहाँका हरेक जातजातिको आफ्नो छुट्टै पहिचान रहेको छ। हरेक जातजातिका आआफ्नै रीतिरिवाज, चालचलन र सामाजिक संस्कार हुन्छन् तिनै संस्कारले गर्दा त्यो जाति अरू जातिभन्दा पृथक् र विशिष्ट ठहर्दैन जान्छ। कुनै पनि जातजातिको सामाजिक संस्कार मानवसभ्यताको निर्माणकालदेखि नै निरन्तर पुस्तान्तरण हुँदै आएको हुन्छ। संस्कारले कुनै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निश्चित समुदायका सदस्यहरूलाई एकापसमा आबद्ध गराउने काम गर्दछ। त्यति मात्र नभएर त्यसैले अघिल्लो पुस्ताको धार्मिक शिष्टाचारी क्रियाकलापहरू समेत उत्तरवर्ती पुस्तामा हस्तान्तरण गर्दछ र साथै धार्मिक रीतिरिवाज एवम् रीतभाँतिका क्रियाकलापहरूको अविच्छिन्न प्रतिनिधित्वसमेत गर्दछ, (म्याकमिलन डिक्सनरी अफ एन्थ्रोपोलोजी, १९८६ : २५०)। कुनै पनि समाजमा हरेक जातजातिका आआफ्नै मौलिक पहिचानका रीतिरिवाज एवम् संस्कारहरू हुन्छन्। केवरतजातिको पनि आफ्नो पृथक् पहिचानका रीतिरिवाज एवम् संस्कारहरू हुन्छन्। केवरतजातिको पनि आफ्नो पृथक् पहिचानसहितका सामाजिक संस्कारहरू रहेका छन्। हिन्दूधर्म नमान्ने यस जातिमा कताकति हिन्दूधर्मको धेरथोर प्रभाव परेको देखिन्छ। केवरतजातिको आफ्नो छुट्टै शास्त्र कर्मकाण्ड भने छैन तर यस जातिका महाराज थानहरूमा पूजा गराउने व्यक्ति रहेको पाइन्छ जसलाई केवरतहरू "गसै" भन्ने गर्दछन्। वर्तमान समयमा सूचनाप्रविधिको प्रयोग र केवरतजातिका वहुसङ्ख्यक मानिसहरूको सांस्कृतिक चेतनाको अभावका कारण संस्कार र नयाँ पर्वहरू देखा पर्न थालेका छन्। केवरतजातिका कतिपय पृथक् र विशिष्ट पहिचानका संस्कार त लोप नै भइसकेका छन्। कतिपय संस्कार लोपोन्मुख अवस्थामा रहेका छन्। यहाँनेर केवरतजातिको चाडपर्वहरू अनि प्रकृतिपूजाका पक्षलाई सङ्क्षिप्त रूपमा चर्चा गर्ने जमर्को गरिएको छ। केवरतजातिमा आफ्नै किसिमका चाडपर्वहरू रहेका छन्। ती पर्वहरू हिन्दूधर्मभन्दा बिलकुल पृथक् किसिमका छन्। यस जातिमा केही खेतीपातीसँग सम्बन्धित प्रकृतिपूजाका छुट्टै प्रचलनहरू रहिआएका छन्। यस जातिमा केही खेतीपातीसँग सम्वन्धित प्रकृतिपूजाका छुट्टै प्रचलनहरू रहिआएका छन्।

सिरूवा पावन

पुरानो वर्षको चैत्र मसान्तको दिनदेखि वैशाख १ गतेसम्म यस जातिले सिरुवा पर्व मनाउने चलन रहेको छ। यो पर्व विभिन्न मेवामिष्टान्न एवम् व्यञ्जनपरिकारहरू तयार पारेर मनाइन्छ। चैत्र मसान्तको दिन पकाएको परिकार त्यसको भोलिपल्ट अर्थात् नयाँ वर्षको १ गते बिहान बासी खाने परम्परागत चलन रहेको छ। त्यसले यस जातिमा सम्पन्नताको कुरालाई सङ्केत गर्दछ साथै वर्षभरि अन्नको अभाव नहुने भनी विश्वास गरिन्छ। सोही दिन घरपरिवारकै जेष्ठ महिलाले करूतेल र पानी बिहान सबेरै सबैको निधारमा दलिदिने गर्छिन्। यसले शुभआशीर्वादको साथै वर्षभरि रिस, राग, द्वेष परित्याग गरेर शीतलता प्रदान गर्ने सोचाइ रहेको पाइन्छ। यस जातिले सिरुवा पर्वलाई बडो धूमधामसँग मनाउने गर्दछन्। साथै वैशाख १ गतेबाट नियमित १०/१५ दिनसम्म स्थानीय महाराजथानको गावैँपिच्छे पूजाआजा हुनुका साथै मेला भर्ने काम हुन्छ र आफन्तजनकोमा पैसा दिन जाने प्राचीन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चलन थियो जुन अहिले प्रचलनमा देखिँदैन ।

जितुवा पावन

केवरतजातिमा विवाह भएको वर्ष जितुवा पर्व मनाउने परम्परागत चलन रहिआएको छ । यो पर्व असोज/कार्तिक महिनामा मनाउने चलन रहेको छ । यस पर्वमा नवविवाहित दुलहीदुलाहाका आमा, सानीमा, माइजू, फुपू र दिदीबहिनीहरू व्रत बस्ने गर्दछन् । यो पर्व खास गरी नवदम्पतीको सुखसमृद्धिको कामनासँगसँगै सन्तान लाभको निम्ति मनाउने चलन रहेको छ । यस पर्वमा सूर्यलाई "राजा जितमल" भनेर पूजा गरिन्छ र सूर्यकै जस्तो राप, ताप र ऐश्वर्यमा वृद्धि होस् भन्ने कामना गरिन्छ ।

जत्रा पावन

केवरतजातिले मनाउने जत्रा पावन दसैँताका पर्दछ । यस पर्वमा केवरतजातिले घरआँगनमा लिपपोत गरेर प्रत्येक आँगनमा रहेको निराकार देवता ठाकुर ब्राह्मणीको पूजा गर्ने चलन रहेको छ । यसै पर्वबाट केवरतजातिमा विवाहको निम्ति कुराकानी गर्न मिल्ने भन्ने परम्परागत मान्यता रहेको छ । यस पर्वमा पनि सिरुवा पावनझैँ आफन्तजनकोमा पैसा दिन जाने प्रचलन थियो तर त्यो अचेल लोप भैसकेको देखिन्छ । हिन्दू धर्मावलम्वीहरूले दसैँमा घरघरमा घटनास्थापना गरे पनि केवरतजातिमा त्यस्तो किसिमको प्रचलन न थियो न त अहिले नै छ ।

हुक्का पावन

केवरतजातिको यो पर्व तिहारताका पर्दछ । यस पर्वमा केवरतजातिका मानिसहरूले गाई, गोरु, भैँसी र धानखेतीको पूजा गर्दछन् । कृषिपेसामा संलग्न केवरतजातिले पृथ्वीबाट प्राप्त अन्नको महत्त्वलाई सम्झेर यस धर्तीप्रति कृतज्ञता ज्ञापन गर्न हुक्का मनाउने गरेको देखिन्छ । खेतीकिसानी गर्ने केवरतहरूले वर्षभरि प्रत्यक्ष-अप्रत्यक्ष सहयोग गर्ने गाई, गोरु र भैँसीको पूजा पनि वास्तवमा प्रकृतिपूजाकै अंश हो । केवरतजातिमा भाइटीका प्रथा भने थिएन तर अचेल एकाध युवाले हिन्दूकरणको सिको गर्न खोजेको देखिन्छ जुन सांस्कृतिक महत्त्वको हिसाबले अत्यन्त दुखदै कुरा हो । केवरतजातिमा कताकति हिन्दूसंस्कारको सङ्क्रमण भएको देखिन्छ (केवरत २०६६: ४९) ।

होली पावन

यो पर्व फागुन शुक्ल पूर्णिमाको दिन मनाइन्छ । केवरतजातिले यस पर्वमा धूलो, रङ, अबिर एकापसमा छ्याप्नुका साथै चामलको पीठोको पुवा बनाएर ठाकुर ब्रह्माणीलाई चढाउने गर्दछन् । यो पर्व विगतका तीतामीठा बिर्सेर परस्परमा सौहार्द्रपूर्ण वातावरण कायम गर्ने एउटा राम्रो अवसर हो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने विश्वास गर्छन् । यसलाई वसन्त ऋतु आगमनको सङ्केत पर्वको रूपमा लिइन्छ । केवरतजातिका मानिसहरू होलीपर्व मनाइसकेपछि दलहन र तेलहन बाली थन्क्याउनेतर्फ व्यस्त हुन्छन् । यी त भए केवरतजातिका प्रचलनमा रहेका चाडपर्वहरू । केवरतजातिका केही पर्वहरू लोप भइसकेका छन् । तीमध्येका दुइटा पर्वबारे यहाँ उल्लेख गर्न खोजिएको छ, जुन निम्नअनुसार रहेका छन् र रछापछा पावन, बरिका पावन ।

रछापछा पावन

पहिलेपहिले वायुमार्गबाट आवागमन गर्ने देवताहरूको सम्मुख परेर पक्षघात (लकुवा) भन्ने रोग नलागोस् भनेर मनाइन्थ्यो । त्यसबाट जोगिनको निम्ति महिलाहरूले रछापछा पावन गर्ने प्रचलन थियो । यो पर्व ५० वर्षपहिलेदेखि नै लोप भइसकेको देखिन्छ । (शिवनारायणदास केवरतसँग मिति २०६८ /०५ /१७ गते लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी) परिवारको कुनै पनि सदस्यको पक्षाघात नहोस् भनेर यो पर्व मनाइन्थ्यो ।

बरिका पावन

केवरतजातिमा कसैलाई आँखा पाक्ने रोग लागेमा त्यसबाट निको हुनका लागि बरिका पावनको भाकल गरिन्थ्यो । सो रोग निको भएपछि पुवादीहरू घरको छानामा चढाएर पूजा गरिन्थ्यो । यो पर्व वर्षको दुई पटक मनाउने चलन थियो तर अचेल प्रचलनमा छैन (शिवनाराण केवरतसँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी) कृषिपेसामा आबद्ध केवरतजातिमा खेतीपातीसँग सम्बन्धित केही ऋतुगत संस्कार तथा परम्परागत उत्सवहरू छन् । जसलाई प्रकृतिपूजाको रूपमा लिन सकिन्छ । ती यस प्रकार रहेका छन् । घाँट पावन, आखरिया पूजा, खेत उतार पूजा, धनखम्हार पूजा, नयाँ खोकिया, महाराज पूजा आदि (केवरत २०६८ ग)।

घाँट पावन

यो पर्व चैत्रको अन्तिम हप्ताको अन्तिम तेस्रो/चौथो दिनबाट सुरु गरिन्छ र नयाँ वर्षको सङ्क्रान्तिको दिन पूजाआजा गरेर नजिककै पोखरी वा तलाउमा सेलाउने काम गरिन्छ । यस पर्वमा घरनजिकैको खेत र तलाउ आदिको बगरबाट विभिन्न प्रजातिका फूलहरू टिपेर ल्याई पूजा गरिन्छ । यो पर्व विशेष गरी परिवारका सदस्यहरूलाई चर्मरोग नलागोस् भन्ने कामनाका साथ गरिन्छ । यो प्रकृतिपूजाको ज्वलन्त उदाहरण हो ।

अखरिया पूजा

केवरतजातिका मानिसहरूले वर्षायाममा रोपाइ सुरुवात गर्दा प्रथम दिन रोपाइँ गर्ने खेतमा गएर कर्कलोको बोट, जुटको बोट, दूध, केरा र अक्षता लिएर पूजा गर्ने विशिष्ट चलन रहेको छ । जसलाई अखरिया पूजा भनिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस पूजाको खास तात्पर्य के हो भने धान खेती राम्रो होस् धेरै अन्न फलोस् र खेतमा हलो जोत्दा खेती सर्प, बिच्छी जस्ता विषालु प्रजातिहरूले हानिनोक्सानी नगरून् भन्ने हो । यस पर्वमा प्रत्यक्ष प्रकृतिको पूजा गरिन्छ ।

खेत उतार पूजा

यस जातिका मानिसहरूले विशेष गरी धानवाली थन्काउने वेला अन्तिम धान काट्नलाई खेत उतार पूजाको रूपमा मनाउने चलन रहेको छ । यसलाई धान थन्काउने उत्सर्वको रूपमा लिइन्छ । आजकल विकासे धानवाली उत्पादनको प्रचलन बढेकाले यो उत्सव क्रमशः ओझेलमा पर्न थालेको देखिन्छ ।

धनखम्हार पूजा

केवरतजातिका मानिसहरूले पहिलेपहिले काटेर ल्याएको सबै धान एउटा निश्चित ठाउँमा थुपारेर राख्ने चलन थियो जुन स्थानलाई धन खम्हार भनिन्थ्यो । दाइँ सुरु गर्नुपूर्व त्यस धनखम्हारको पूजा गरिन्थ्यो र सोही दिन दाइँ गर्ने बनाइएको मिह (मियो) को सिन्दूर, तेल लगाई धानको वाला झुन्ड्याई पूजा गर्ने चलन थियो । उक्त दिनको धानको ज्याला मजदुरलाई दिइँदैनथ्यो बरु त्यसको साटो जोडेरर अर्को दिन ज्याला दिने चलन थियो । अचेल विकासे धानवालीको उत्पादनमा वृद्धि र आधुनिक यन्त्र /उपकरणले धान चुट्ने (थ्रेसिगि गर्ने) प्रचलन बढकोले यो संस्कार लोपोन्मुख अवस्थामा रहेको छ भन्दा अत्युक्ति नहोला ।

नयाँ खोकिया

यस जातिले नयाँ अन्न बाली घरमा थन्काइसकेपछि मङ्सिरे चामल खानुपूर्व एउटा उत्सव मनाउने चलन थियो जसलाई "नयाँ खोकिया" भनिन्छ । यसमा पनि ठाकुर ब्राह्मणीको पुजा आगोको पूजा गर्ने प्रचलन थियो । तर अचेल यो प्रचलनमा पनि कमी आएको देखिन्छ । यसरी पुराना प्रचलनहरू लोपोन्मुख अवस्थामा रहेकाले यसप्रति वृद्धपुस्ता चिन्तित देखिन्छ भने युवापुस्ता उदासीन देखिन्छ ।

केवरतजातिमा अतिथि सत्कार

पहिलेपहिले केवरत समुदायमा कोही पाहुना आउँदा पाहुनालाई घरपट्टीले सर्वप्रथम आफ्नै हातले गोडामा पानी हाली धोइदिने चलन रहेको थियो । केही समयपछि त्यस परम्परामा केही परिवर्तन आएको देखिन्छ । पुरुष पाहुना आएको खण्डमा त्यसलाई हातगोडा धुनका लागि एक बाल्टिन पानी र एउटा अम्खोरा राखिदिने चलन छ । साथै तुरुन्तै ओछ्यान र सुपारी दिएर अभ्यागत सत्कार गर्ने चलन रहेको छ । त्यसै गरी नुहाउने बखत नुहाउनुपूर्व नै एउटा बट्टामा करूतेल वा नरिवल तेल राखिदिने चलन थियो जुन अहिले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रचलनमा खासै छैन । केवरत समुदायका महिलाहरू आफन्तजनकोमा जाँदा आआफ्नो सामर्थ्यअनुसार नरिवल तेल वा कुनै सुगन्धित तेल कपालमा लाइदिई कोरिदिने चलन थियो र यसै प्रचलनले अहिले पनि निरन्तरता पाएको छ ।

(नेपाल केवरत विकास सेवा समाजका संस्थापक अध्यक्ष महेन्द्रलालदास केवरतसँग मिति २०६९/१/१० गते लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारीका आधारमा)

गर्भसंस्कार

यस समुदायमा महिला गर्भवती भएपछि नातागोता र निकटका इष्टमित्रहरूले गर्भवतीलाई आफ्नै घरमा लगी गरिष्ट भोजन खुवाउने परम्परागत प्रचलन रहेको छ तर अचेल एकाध गर्भपातका घटनाहरू घटेकाले गर्भवतीका नातेदारहरूले घरैमा गरिष्ट भोजनका परिकार ल्याइदिने गरेको देखिन्छ । गर्भवती महिलाहरू खोला तर्नु हुँदैन, गाईगोरु बाँध्न प्रयोग गरिने दाम्लो र डोरी नाघ्नु हुँदैन भन्ने परम्परागत विश्वास रहेको छ ।

क) जन्मसंस्कार

केवरतजातिमा जन्मेपछि घरआँगन चोख्यानका निम्ति नवजात शिशुका फुपूहरूलाई घरआँगन लिपपोत गर्न निम्तो दिइन्छ जसलाई कन नुरानी (केवरत, २०६७ : ११) भनिन्छ । तिनीहरू आएर घरआँगन लिपपोत गरिदिन्छन् र पछि तिनलाई नवजात शिशुका पिताले आफ्नो सामर्थ्यअनुसार कपडा, मेवामिष्टान्न दिएर बिदाइ गर्छ । सुत्केरी भएको घरपरिवारलाई अशुद्ध मानिन्छ र चोख्याउनका निम्ति लौवा अर्थात् नाईलाई बोलाइन्छ । नाई आएर आफ्नो लहरिन (केवरत, २०६७ : ११२) ले नवजात शिशुको नङ र सुत्केरी आइमाईको नङ स्पर्श गरेर चोख्याउने प्रचलन रहिआएको छ । उक्त कार्य मङ्गलबार र शनिबारबाहेका दिनमा गरिन्छ । सुत्केरी बसेको घरमा पुरुषको प्रवेशलाई निषेध गरिएको हुन्थ्यो तर अचेल त्यस्तो कडा नियम अपनाइँदैन । नवजात शिशु र सुत्केरी बसेको घरको छाप्रोमा बयरको हाँगा पुरानो ठुटे झाडु पुराना थोत्रो छालाको जुत्ता राख्ने परम्परागत चलन रहिआएको छ । त्यसै गरी सुत्केरीको सिरानीमुनि हँसिया झाडु आदि राख्ने गरिन्छ । नवजात शिशु राखिएको कोठाको ढोकाछेउ हात्तीकनको बोट रोपिन्छ जुन छिटै सर्दछ । यस बोटको शीघ्र सराइप्रक्रियाले नवजात शिशुको वाधाव्यवधानरहितको स्वस्थ वृद्धितर्फ सङ्केत गर्दछ भने वयरको हाँगा आदिको रखाइले नवजात शिशु र सुत्केरीलाई भूतप्रेत र टुनामुना बोक्सीले केही बिगार्न नसक्ने जनविश्वास रहिआएको छ । यस जातिमा धामी-झाँक्री र तन्त्रमन्त्रको प्रयोगमा विश्वास गरिन्छ (केवरत , २०६६ : ४७) ।

केवरतजातिमा न्वारान, अन्नप्राशन, व्रतवन्ध जस्ता हिन्दूधर्म

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कारहरू थिएनन् र छैनन् पनि, न त चिना टिप्पणी बनाउने प्रचलन नै रहेको छ। यस जातिमा न्वारानको नाम र पछिको फरकफरक नाम राख्ने चलन भने छैन। सुत्केरीलाई कोसेली पात र अन्न आदि लिएर माइतीपक्षकाहरू भेट्न आउँछन् र बच्चा जन्मेको १५/२० दिनदेखि १ महिनाभित्र माइतीपक्षकाले चेलीलाई लिएर जान्छन्। माइत गएको सुत्केरी १/२ महिनापश्चात् शुक्लपक्ष हेरी घर फर्कने काम हुन्छ। त्यसपछि वृद्धिसंस्कार छैन। यहाँ जातिको एकाध युवाले ऐच्छिक रूपमा अन्नप्राशन र बर्थ डे मनाउन थालेको देखिन्छ जुन गैरसंस्कृतिको प्रभाव हो यसप्रति वृद्धवृद्धा तथा संस्कृतिप्रति चासो राख्नेहरू चिन्तित देखिन्छन् (केवरत, २०६६ : ४८)।

ख) विवाहसंस्कार

केवरतजातिमा उमेर पुगेका केटाकेटीहरूको सम्बन्ध कायम गरी सामाजिकीकरण गर्नुको साथै दाम्पत्य जीवनको सुरुवात र वंशपरम्परालाई निरन्तरता दिनु नै विवाहको मूल उद्देश्य देखिन्छ। अभिभावकहरू आफ्नो जिम्मेवारीपूर्ण गरेका अनुभव गर्छन्।

केवरतजातिको आफ्नो छुट्टै प्रकारका वैवाहिक रीतिरिवाज रहेको छ। जस जातिमा हिन्दूधर्मावलम्बी जस्तो चिनाटिप्पणी बनाउने प्रचलन छैन। त्यसैले केटा र केटीको चिनाटिप्पणी भिराएर ग्रहदशा हेर्ने प्रसङ्गै आउँदैन। पहिलेपहिलेको केवरत जातीय विवाह परम्परा र हालको विवाह परम्परामा धेरै अन्तर आएको देखिन्छ। पहिलेपहिले केटा र केटीको कुरा छिनिसकेपछि केटापक्षले केटीपक्षलाई तोरी तेलको टिन, गुर (सक्कर) र चिनीको पट्टा आदि दिने चलन थियो। त्यति बेला केटीपक्षकाले केटापक्षसँग केही सरसामान कोसेलीस्वरूप माग्ने चलन थियो तर त्यो प्रचलन भने हराइसकेको छ। त्यसै गरी बरु जन्ती जाँदाखेरि वरले रङ्गीन साडीको साटो बरहत्ती (सेतो सुतीको कपडा) अनिवार्य रूपमा लिएर जानुपर्ने प्रचलन थियो। पहिलेपहिले वरपक्षले बरहत्ती नलैजाँदा कतिपय ठाउँमा वैवाहिक कार्यक्रम रोकिन्थ्यो तर अचेल त्यो बरहत्तीको साटो रातो साडी लिएर जाने प्रचलन कायम भएको छ। (अधरचन्द्रदास केवरतसँग २०६७/१०/१५ गते लिइएको अन्तर्वार्तावाट प्राप्त जानकारी)।

केवरतजातिमा केटा वा केटी दुवै पक्षको मध्यस्थकर्ता भूमिका निर्वाह गर्ने एक जना व्यक्ति हुन्छ। जसलाई केवरत भाषामा करूहा/करहुआ (केवरत २०६७:१३) भनिन्छ। यसले नै केवरतजातिमा विवाहसम्बन्धको कुरो टुङ्गो लगाउँछ। यस जातिमा त्यस्तो निर्णायक भूमिका निर्वाह गर्ने जोकोही पनि हुन सक्दछ। त्यसपछि मात्र विवाहको कार्यक्रमको योजना बनाएर अगाडि बढ्ने काम हुन्छ। वैवाहिक सम्बन्धको कुरो निश्चित टुङ्गो लागेपछि वर र कन्या दुवै पक्षको सहमतिअनुसार कन्याको आफन्तजनकोमा केटापक्षबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कोसेली पात लिएर जाने चलन छ। कन्यालाई हुर्काएबढाएबापत तिनका आफन्तजनलाई खुसी पार्न लगिने कोसेलीलाई सनेस वा मेजुवानी भनिन्छ। केटीपक्षकोमा मेजुवानी जाँदा फलफूल मिठाई दही आदि लिएर जाने गर्दछन्। केटीपक्षकोमा मेजवानी गएकोहरूलाई राम्रोसँग स्वागतसत्कार गरिन्छ (केवरत २०६५ :५)। मेजुवानी कार्यक्रम सम्पन्न भएपछि दुवै पक्षको सहमतिमा वैवाहिक कार्यक्रमको मिति तोक्ने काम हुन्छ।

ग्रामितको डाली

केवरत समुदायमा केटा र केटी दुवैपट्टिमा वैवाहिक कार्यक्रम औपचारिक रूपले सुरु गर्नुअगाावै गाउँका सबभन्दा वृद्धहरूलाई वैवाहिक कार्यक्रम भएका घरपट्टिहरूले आफ्नो घरमा आउने निम्तो दिन्छन् र तिनीहरूलाई आफ्नो वैवाहिक कार्यक्रम राम्रोसँग सम्पन्न गरिदिनका निम्ति केराको पातमा ५ वटा पान र ५ टुक्रा सुपारी राखिदिई ढोगेर अनुरोध गरिन्छ र वृद्धहरूले उपस्थित अरूलाई सोधेर त्यो डाली स्वीकार गर्छन् जसलाई ग्रामितको डाली भनिन्छ। ग्रामितको डाली स्वीकार गरेको वृद्धले लाएअराएअनुसार कनिष्ठहरूले काम गरी सहयोग गर्दछन् तर पछिल्लो समयमा विविध समूह, गुट-उपगुट र दलगत स्वार्थका कारण यस्तो सौहार्द्रपूर्ण वातावरण हराएको देखिन्छ।

केवरतजातिका वैवाहिक कार्यक्रमहरू निम्नानुसार रहेका छन्। (क) सेजुम पानफेरि (ख) भन्डरा पूजा (ग) बरात (घ) कनिया दान (ङ) लौटानी (च) पल्की ओरहनिया (छ) विदै (ज) मेजुवान / वल्हाटी

अ) सोजुम-पानफेरी

यस जातिको वैवाहिक कार्यक्रमको पहिलो दिनलाई सोजुम पानफेरी भनिन्छ। यस कार्यक्रमा केटापट्टिवाट २०/२० जना आफन्तजनहरू पाँचवटा पान र केही सुपारीको डाली लिएर केटीपट्टिकोमा जान्छन् र त्यो पान सुपारी केटीका वावुआमालाई जिम्मा लगाउँछन् अनि दुवैपट्टिको वैवाहिक कार्यक्रमको औपचारिक थालनी हुन्छ। त्यहाँनेर दुवै पक्षका तीनपुस्ते प्रस्ट पारी वैवाहिक सम्वन्धको कुरोलाई पञ्च भलादमीसमक्ष सार्वजनिक गर्ने काम हुन्छ (केवरत, २०६६ : ४८)।

आ) भन्डरा पूजा

वैवाहिक कार्यक्रमको दोस्रो दिन कुलदेवता र ग्रामथानका पूजाआजासँगै वैवाहिक कार्यक्रममा लाग्ने सम्पूर्ण सरसामग्रीको पूजा गरिन्छ। रात्रिकालमा टोलछिमेकका मान्छेहरूलाई भोज खुवाइन्छ। यो पूजाको खास तात्पर्य के हो भने वैवाहिक कार्यक्रममा केही चीज वस्तुको कमी नहोस् यसलाई भण्डार (केवरत २०६८ : २०४) पूजा पनि भनिन्छ। भण्डारा पूजा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरिसकेपछि वैवाहिक कार्यक्रमलाई चाहिने आवश्यक सरसामग्री एउटै कोठामा सङ्कलन गरेर राखिन्छ र कुनै खास परिपक्व व्यक्तिलाई त्यसको जिम्मेवारी दिइन्छ। भण्डार घरबाट सरसामान निकाल्न जिम्मा लगाइएको व्यक्तिबाट पूर्वस्वीकृति लिनुपर्ने हुन्छ।

इ) बारात

वैवाहिक कार्यक्रमको तेस्रो दिन विहान सवेरै घरआँगन लिपपोत गरेर दिदीवहिनीहरूको समूह मिलेर वैवाहिक संस्कारको गीत गाउँदै विभिन्न ग्रामदेवताका स्थानहरूको पूजा गरिन्छ र पछि वेहुलालाई आँगनमा वसाइन्छ। त्यहाँनेर बेलुका आफन्तजन जेष्ठ महिला सदस्यहरूले वेहुलाको हातगोडामा कसइ (केवरत ,२०६७: १३) दली आशीर्वाद दिन्छन्। सोही दिन जन्ती जाने काम हुन्छ। वेहुलाले आफन्तजन महिलाहरूबाट आशीर्वाद थापी एउटा सेतो कपडाको टुक्रा सम्मानस्वरूप दिन्छ जसलाई पेहरान (केरवत, २०६७: ९५) भनिन्छ। पेहरानको कार्यक्रम सकिएपछि वेहुलाका भिनाजु र ज्वाइँहरूबाट वैवाहिक कार्यक्रम भएकै आगनमा खुर्पी लिएर सानो खाल्डो खन्ने काम हुन्छ। यसमा सालीहरूले भिनाजुहरूलाई रङपानी छ्यापिदिन्छन्। यस कार्यक्रमलाई पोखोर खुद्दा भनिन्छ। पोखोर खुद्दा कार्यक्रम सकिएपछि बेहुलासगै उसका ज्वाइँ र भिनाजुहरू खान बस्छन् त्यस भोजन कार्यक्रममा खीर, केरा, दही विभिन्न परिकारका मिठाई आदि खुवाइन्छ र वेहुलाको ज्वाइँ भिनाजुमध्ये कुनै एक जनालाई वेहुलाको रेखदेखको विशेष जिम्मेवारी दिइन्छ। पेहरान कार्यक्रम सकिएपछि लावालस्कारसहित जन्त जाने काम हुन्छ। लावालस्करसहित वेहुलाको जन्ती प्रस्थान भएपछि एक जना व्यक्तिले बेहुलीपट्टिमा सो कुरा जानकारी गराउन जान्छ जुन व्यक्तिलाई समदिया भनिन्छ। जन्ती बेहुलीको घरमा पुगेपछि बेहुलाले सबभन्दा पहिले केटीको वावुलाई र पछि क्रमैसँग केटीको सबै आफन्तजनलाई ढोगिदिनुपर्ने हुन्छ। त्यसपछि बेहुला र उसका भिनाजु र ज्वाइँहरूलाई राख्न छुट्टै विशेष व्यवस्था गरिन्छ। जन्ती गएका सबैलाई राम्ररी स्वागत सत्कार गरिन्छ, नास्ता र खाना खान दिइन्छ।

ई) कनिया दान

जन्ती गइसकेपछि केटीपट्टिमा ग्रामथानहरू पुज्ने र पेहरानको कार्यक्रम हुन्छ। अनि दिउँसो अथवा रात्रिकालमा अग्निलाई साक्षी राखेर विवाह सम्पन्न हुन्छ। वैवाहिक कार्यक्रममा केटीको वाबुले केटालाई कनियादान गर्दछ। यस कार्यक्रममा केटाका आफन्तजन, इष्टमित्र, सखासम्वन्धी र केटापक्षका आफन्तजनहरूसमेत उपस्थित हुन्छन्। कन्यादान कार्यक्रममा मैथिली ब्राह्मणको उपस्थिति हुन्छ। अन्य कुनै पनि पूजाआजामा बाहुन नवोलाइने यस जातिमा हिन्दूधर्मसंस्कारको धेरथोर प्रभाव परेको देखिन्छ। (केवरत, २०६६ : ४९) विवाहमा केटीलाई केटीका आफन्तजनले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आआफ्नो सामर्थ्यअनुसारको दाइजो दिन्छन्। केटाले केटीको बाबुलाई ढोगिदिने काम गर्दछ। कन्यादानपछि केटाले केटीको सिउँदोमा सिन्दूर हाल्ने काम गर्दछ र वैवाहिक कार्यक्रम सकिन्छ। केटापट्टिबाट आएका पाँच जना विवाहका निम्ति बनाइएको मण्डप/मरूवा (केवरत २०६७ : १०७) मा बसेर सम्धीभोजन गर्दछन् र त्यो दिनको विवाह कार्यक्रम सकिन्छ।

उ) लौटानी

विवाह सम्पन्न भएकै दिन अथवा त्यसको भोलिपल्ट बेहुलाबेहुलीलाई फर्काउने चलन रहेको छ। जसलाई लौटानी भनिन्छ। लौटानी कार्यक्रममा वेहुलीसँग वेहुलीको दाजुभाइ र ससाना बहिनीहरू जाने चलन रहेको छ। लौटानी केटापट्टिकोमा पुगेपछि केटाको आमाले नवदुलहीलाई सक्खर खुवाइदिने चलन रहेको छ र पछि केटाकेटी दुवैलाई आँगनमा लगी जुटको धुव (केवरत, २०६७ : ८६) मा राखेर आशीर्वाद दिने चलन रहेको छ। आशीर्वाद दिन गाउँका आफन्तजन ज्येष्ठ महिलाहरू सबै आउँछन् र वरवधू दुवैलाई आशीर्वाद दिन्छन्। आशीर्वाद दिन काम सकिएपछि बेहुलाका दिदीवहिनीहरू मिलेर वरबधूलाई अरतरा (केवरतः २०६८ : ५) नुहाइदिने काम गर्छन। लौटानी आएकै दिन वा त्यसको भोलिपल्ट केटीका दाजुभाइ, दिदीवहिनीहरू फलफूल दूध मेवामिष्टान्न लिएर भेट्न आउँछन्।

ऊ) पल्की ओरहनिया

लौटानीको भोलिपल्ट केटीपक्षंवाट बधूलाई लिन आउने जानकारी गराउने कामलाई पल्की ओरहनिया भनिन्छ। केटीपट्टिवाट वरबधूलाई लिन आउने काम नै पल्की ओरहनिया हो। वरबधू केटीको घरमा गइसकेपछि बधूका ज्येष्ठ आफन्तजन महिला तथा नातागोताका मानिसहरू वरबधूलाई आशीर्वाद दिन्छन् केटासँग गएको उसको दाजुसँगै केटो राति नै घर फर्कन्छ र बधूचाहिँ माइतमै बस्छे।

ऋ) विदै

पल्की आरहनियाँ सकेर माइत बसेकी बधूलाई लिन सुरुमा वरपक्षका दाजुभाइहरू घडामा दूध लिएर जान्छन् र आफूसँग वधूलाई लिएर आउँछन्। त्यही प्रक्रिया केटीपक्षले पनि दोहोऱ्याउँछ जसलाई विदै भनिन्छ र पछि वरबधूको आवतजावत सामान्य हुन जान्छ।

ए) मेजुवान बल्हाटी

केवरतजातिमा वरबधू दुवै पक्षले दुवै पक्षका आफन्तजनलाई बोलाएर छुट्टाछुट्टै भोजको आयोजना गर्दछन्। भोजमा प्रायजसो खसी काटेर विभिन्न परिकारसहितको भोजको आयोजना गरिन्छ। केटापक्षले विशेष गरी केटीलाई दाइजो दिने वरिष्ठ आफन्तजन सबैलाई निम्ताएर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्झनास्वरूप लुगाफाटो दिने गर्दछन् । बुबाआमा ठूली आमा, ठूला बा, काकाकाकी, मामामाइजू ,फुपूफुपाजु, दिदीभिनाजु, दाजुभाउजूलगायतका निकटतम आफन्तजनहरूलाई बोलाएर दुवै पक्षले लुगाफाटो दिएर सम्मान गर्छन् जसलाई मेजुवान बल्हाटी भनिन्छ ।

यस जातिको विवाहसंस्कारमा गाउँका वृद्धवृद्धाहरूले सहयोग र महत्त्वपूर्ण भूमिका निर्वाह गदछन् । केवरतजातिको विवाहमा पुरोहितको कन्यादान र सिन्दूरदानको समयवाहेक खासै भूमिका देखिँदैन । यस जातिमा विवाहलाई सम्वन्ध कायम र वंशपरम्परालाई निरन्तरता दिइने दृष्टिकोणवाट हेरिन्छ । केवरतको केवरतजातिवीचै विवाह हुन्थ्यो । यस जातिमा गोत्र आदिको खोजी गरिँदैन । ५/७ वर्षपहिलेसम्म अन्तरजातीय विवाहलाई राम्रो मानिँदैनथ्यो तथापि एकाध अन्तरजातीय विवाह हुन थालेको पाइन्छ । केवरतजातिमा पारपाचुके प्रक्रिया पहिलेदेखि अहिलेसम्म देखिँदैन । तर अचेलका विवाहमा दाइजो प्रथाको प्रारम्भ हुनुका साथै पहिलेको तुलनामा रवाफिला र महँगो वन्दै गएको देखिन्छ । जुन केवरत समुदायको निम्ति दुखद कुरा भएकोले समयमै सजग हुनु अपरिहार्य देखिन्छ ।

ग) मृत्युसंस्कार

यस जातिमा मृत्युलाई प्रारब्धको आधारमा हेर्ने गरिन्थ्यो तर अचेल स्वाभाविक रूपमा लिने गरिन्छ ।

यस जातिमा वाह्र वर्षमुनिका केटाकेटीहरूको मृत्यु भएमा सोही दिनमा वा त्यसको भोलिपल्ट दाहसंस्कार गरिन्छ । यस्तो केटाकेटीलाई जलाउनुभन्दा पनि गाड्ने चलन रहेको छ । मृतकका बुबा, काका, वडा वा, दाजुभाइ अर्थात् तेरौंदिने दाजुभाइ दियाद (केवरत, २०६७ : ७९) हरूले कपाल खौरन्छन् र दाहसंस्कार गरेकै दिन वा त्यसको भोलिपल्ट एक जना धामी (केवरत, २०६७ : ११३) लाई बोलाएर मृतकको आत्माको चिरशान्तिको निम्ति पूजा गरिन्छ । जसलाई प्रसाद चढाउनु भनिन्छ । प्रसाद चढाएपछि मृतकको आत्माले दु:ख नदिने भन्ने जनविश्वास रहिआएको छ (केवरत, २०६६: ४९) । विवाहित पुरुषको मृत्यु भएको खण्डमा मृतककी श्रीमतीको सिउँदोको सिन्दरुर पुछिदिने र हातको चुरा फोरी दिने हिन्दूधर्मी चलन भित्रिएको छ । विधवाले रातो पहिरनसमेत धारण गर्न नपाउने रूढिवादी मान्यता रहे पनि अचेल त्यसमा केही हदसम्म उदारता आएको देखिन्छ । त्यहींनेर पत्नीको मृत्यु भएको अवस्थामा विधुरले ६ महिना पनि नबित्दै अर्की श्रीमती भित्र्याउने सुरसार गर्ने गरेको पाइन्छ । जुन पुरुषप्रधान पितृसत्तात्मक समाजको अहम्को ज्वलन्त उदाहरण पनि हो ।

यस जातिका किशोरी युवायुवती तथा वृद्धवृद्धा मृत्यु भएको खण्डमा टोलछिमेकका सबै भेला हुन्छन् र टोलटोलमा छरिएर रहेका आफन्तजनलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मृत्युको जानकारी पठाइन्छ। उक्त जानकारी मलामी जानका निम्ति गरिन्छ। काँचो बाँस काटेर डोरीले बेरेर लास बोक्ने खाट बनाइन्छ। लास बोक्ने काम खास गरीकन छोरी, भतिजी, ज्वाइँहरूले गर्दछन् भने ज्वाइँहरू नभएको खण्डमा छोराभतिजाले समेत लास बोक्ने चलन रहेको छ। लास गाड्ने र जलाउने दुवै प्रचलन रहेको छ। (केवरत पूर्ववत्)

वयस्क पुरुष वा महिला मरेको चौथो दिन वा दाहसंस्कार गरेको दिनबाहेक तेस्रो दिन मलामीजति सबैलाई बोलाएर नजिकको नदी, तलाउ वा पोखरमा गई 'तरात' (श्राद्ध) कर्म सम्पन्न गरिन्छ। मलामीमा सहभागी भएका सवै र छरछिमेक तथा छोरी चेलीहरूसमेत सबै जना नजिकको तलाउमा गएर महिला र पुरुष छुट्टाछुट्टै छेउमा नुहाउँछन् र मृतकलाई खल्ली (पीना) र तेल अर्पन गर्दछन्। मृतकको जेठो छोराले दागबत्ती दिन्छ भने जेठोको अनुपस्थितिमा कान्छो छोराले दागबत्ती दिने प्रचलन रहेको छ। दागबत्ती दिनेलाई हल्का लुवा (किरिया पुत्री) भनिन्छ। अरू छोराहरू छन् भने ती पनि दाजु वा भाइसँगसँगै मृतकलाई पिण्डदान गर्दछन्। पहिलेपहिले किरियापुत्रीले १३ दिनसम्म नुन वार्ने चलन रहे पनि अचेल त्यस्तो कठोर नियम पालना गरेको देखिँदैन। तरातपछि दसौँ दिनमा मतकमनी अर्थात् कपाल खौरने काम हुन्छ। ज्वाइँ तथा भान्जाहरू तरातकै दिन कपाल खौरन्छन् भने दियादहरू (तेरदिने दाजुभाइहरू) मतकमनीको दिन मात्र कपाल खौरिन्छन् र सबै जना तलाउ वा पोखरीमा नुहाईवरी खल्ली तेल अर्पण गरिसकेपश्चात् मात्र आशौच शुद्धि हुन्छ। मतकमनीको दिन कन्टाहा (मृतकहरूको श्राद्ध कर्म गराउने व्यक्ति) ले नदीतटमा गई मृतकलाई पिण्डदान गर्दछ। पोखरीमा नुहाउन गएको सवैले शरीरमा करूतेल लगाउँछन् र उपस्थित सबैलाई भोज खुवाइन्छ। यो भोज खुवाउने काम तरातपछि पनि हुन्छ।

हुनेखानेहरू दस पिण्डदान गर्छन् भन्ने गरिबगुरुवाहरू मितव्ययीका हिसाबले पाँचदानी कर्म गर्दछन्। दस पिण्ड गर्नेलाई दसपिण्डा भनिन्छ। घाटपिण्डा गराउनेहरूले आफन्त मरेका भोलिपल्टबाट दस दिनसम्म लगातार तलाउ पोखरी वा नदीकिनारामा गएर आफ्नो मृतकलाई पिण्डदान गर्दछन्। त्यसमा कन्ठाको पनि उपस्थिति हुन्छ। साथै हजाम कीर्तनियाँहरूसमेत सहभागी हुन्छन्। घाटपिण्डा गराउनेहरूले समाजमा कमसेकम पाँचदस जना व्यक्तिहरूलाई प्रत्येक दिन भोज खुवाउनुपर्ने हुन्छ। बाह्रौं दिनमा कर्म हुन्छ जसलाई मूल श्राद भन्दा अन्यथा नहोला। दाहसंस्कारमा सहभागी हुने सवैलाई निमन्त्रणा दिइन्छ। विशेष गरी छोरी, चेली र ज्वाइँहरू त्यो दिन भार (दही, चिउरा, चिनी, मिठाई र कपडा) आदि लिएर सबेरै उपस्थित हुन्छन्। उक्त दिन पूजा गराउने वाहुन र श्राद कन्ठाहा लौवा, सुतिहार कीर्तनियाँ सबै जना उपस्थित भई श्राद कर्मको समाप्ति गर्दछन्। कर्म श्राद सम्पन्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भैसकेपछि उपस्थित सबैलाई भोज खुवाइन्छ। किरियापुत्रीले पुजा गराउने बाहुन, श्राद गराउने कन्टाहा, लौवा, सुतिहार, कीर्तनियाँ सबैलाई दानदक्षिणास्वरूप अन्न र द्रव्य दिएर विदाइ गर्छन्। तेरौँ दिनमा उपातेर भात (मृतकलाई भोगका लागि चोक चौराहमा पस्केर दिइने खाना) चढाइन्छ। गाउँघरका सबै जना उपस्थित हुन्छन् र किरियापुत्रीले सबैलाई पस्केर खाना खुवाइन्छ र त्यही दिनदेखि किरियापुत्री चोखिएको मानिन्छ। बर्खी गर्न चाहनेहरू एक वर्षसम्म आफ्ना ससुराली जान नपाउने साथै तेल र घ्यूमा भ्फानेको परिकार खान नमिल्ने प्रचलन रहेको छ। यसरी तेरौँ दिनको कर्मसँगै मृत्युसंस्कार पूर्ण हुन्छ।

केवरतजातिको संस्कारहरूको नाम, संस्कारविधिलाई हेर्दा यो जाति प्रकृतिक पूजक हो भन्न सकिन्छ। प्रकृतिपूजा आदिवासीहरूको सर्वमान्य पहिचान हो। यसो भए तापनि उनीहरूमा केही हदसम्म हिन्दूसंस्कारको सङ्क्रमण भएको पाइन्छ। यो राज्यसत्ता र शक्तिको प्रभावको परिणाम हो।

निष्कर्ष

केवरतजातिमा हल्का लुवा/किरिया पुत्रीले १० दिनसम्म नुन नखाने चलन थियो तर अचेल दाहसंस्कार गरेकै दिनबाट नुन, तरकारी खाने चलन छ। यस जातिका छोरी/चेली ज्वाइँ र आफन्तहरूले मरेका दिनदेखि तीन दिनसम्म माछा मासु खाँदैनन् भने तेरदिने दाजुभाइहरू आठ दिनसम्म माछा मासु जस्ता अमिष भोजन गर्दैनन्। छोरी चेली ज्वाइँ र आफन्तजन मरेको तेस्रो दिन अर्थात् तीन दिनपछि र तेरदिने दाजुभाइ मरेको आठौँ दिनमा कमनीको दिन चोखिन्छन्। यस जातिका मानिसले मरेको अर्को लगत्तैको वर्ष एक पटक श्राद्ध कर्म गर्दछ। जसलाई बर्खी भनिन्छ। मृतकका नाउँमा नाई, ब्राह्मण, कण्ठा, कामी र डुमलाई दानदक्षिणा दिने चलन छ। हालसम्म यस जातिमा मृतकको नाउँमा श्रद्धाञ्जलि, समवेदना, स्मृतिग्रन्थ र प्रतिष्ठान बनाउने चलन भने देखिँदैन। अतः वैदिक रीतिरिवाजअनुसार चाडपर्व, जन्म, वृद्धि, विवाह र मृत्युको संस्कार नमनाउने केवरतजाति पृथक् तर विशिष्ट प्रकृतिपूजक आदिवासी हो।

परिशिष्ट

केवरतजातिका केही संस्कारजन्य शब्दहरू

केवरत भाषाको शब्द	नेपाली अर्थ	संस्कारको पक्ष
निसि पुजा	महाराजा पूजामा मध्यरात्रिमा गरिने पूजा	महाराजा पूजा
छुतिया	आशौच बार्नु/अपवित्र हुनु	जन्म र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

		मृत्यु
कन नुरानी	शिशु जन्मिँदा शिशुका फुपूहरू आएर गरिने लिपपोत तथा सफासुग्घर	जन्म
करूहा	केटा वा केटी पक्षको निम्ति वैवाहिक सम्बन्धका लागि पहल गर्ने व्यक्ति/लमी	विवाह
कुटमाल्ती	वैवाहिक सम्बन्धसँग सम्बन्धित कुराकानी	विवाह
चुराखोकी	केटा र केटीको वैवाहिक सम्बन्ध पक्कापक्की तय भएपछि केटा र केटी दुवै पक्षवाट ५/१० जना दुवै पक्षमा गएर च्यूरा, दही खाई गरिने औपचारिक कार्यक्रम	विवाह
सानुस	विवाहको सम्बन्ध हुने सुनिश्चित भएपछि केटापट्टिबाट केटीको बाबु, काका, ठूला बा, मामा, फुपू, दिदी, सानो बुबाका घरमा लिएर जाने मरमिठाईको सन्देश	विवाह
सोजुम	वैवाहिक कार्यक्रमको प्रथम दिन केटा/केटीका बाबुआमा दिनभर उपवास बसेर बेलुकीपख गरिने पूजा	विवाह
पानेफेरि	सोजुमको भोलिपल्ट केटापट्टिबाट २०/२५ जना पान र सुपारी लिई केटीपट्टिको घरमा जाने कार्यक्रम विशेष	विवाह
भण्डरा	विवाहमा कुनै समस्यामा नआओस् भनी गरिने पूजा	विवाह
समदिया	वैवाहिक कार्यक्रममा केटा वा केटीपक्षको कुराकानी एकअर्काको पक्षमा सम्प्रेषण गर्ने व्यक्ति	विवाह
वल्हटिका	विवाह वा मृत्युको समाचार घरघरमा पुऱ्याउने व्यक्ति	विवह/मृत्यु
वरात	जन्ती	
लौटानी	विवाह सम्पन्न भएपश्चात् वरबधू वरको घरमा सँगै फर्कने कार्यक्रम	विवाह
लुकुन्दिया	लौटानी कार्यक्रममा दुलहीसँगै आउने	विवाह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

	दुलहीका दाजुभाइ र वहिनी	
वरलइक	जन्ती जाने वेला वेहुलासँगै जाने वेहुलाका भिनाजु र ज्वाइँ	विवाह
डालीधोरी	विवाहमा केटा/केटीको थानपूजालगायत सवै संस्कारजन्य कार्यक्रममा निम्ति सहभागी हुने दिदी वहिनी	विवाह
पल्की ओरहनियाँ	लौटानीपछि वरवधू दुवैलाई वेहुलीको घरमा नित्याई आशीर्वाद दिने कार्यक्रम	विवाह
कहवर	केटाकेटीको मूल घरको भित्री भागमा वरवधूको संस्कारजन्य कार्यक्रम गर्न रङ्गीचङ्गी पारी वनाइने स्थानविशेष	विवाह
मरूवा	केटीपक्षको आँगनमा कन्यादानका निम्ति ध्वजापताकासहितका रङ्गीचङ्गी कागजले वनाइने जग्गे/विवाहमण्डप	विवाह
फुलहर	जन्ती जाने दिन केटा/केटी दुवै पक्षमा केटा/केटीका भाउजूहरू जन्ती जानुपूर्व इनारवाट ग्राग्रीमा पानी भर्ने काम	विवाह
मउर	जन्ती जाने वेलामा टाउकोमा लाउने वनस्पति कागज र धागोले वनेको शिरपोसविशेष	विवाह
पगरी	वेहुलाको शिरमा वेरिने अव्वल दर्जाको सूती कपडावाट वनेको शिरपोस	विवाह
वरहत्ती	पहिलेपहिले केटापक्षवाट केटीको निम्ति लिएर जाने सेतो सूतीको कपडा (कम्तीमा १२ हात भएको)	विवाह
पेहरान	केटाकेटीपक्षका माइजू, फुपू, सानीमा, हजुरआमाहरूलाई सम्मानस्वरूप दिइने कपडाको सानो टुक्रा (पहिरनको अपभ्रंश ?)	विवाह
वरतिया	वेहुलासँगै जन्ती जाने जन्त	विवाह
गिधारी	वैवाहिक कार्यक्रममा वैवाहिक संस्कारका गीत गाउने छोरी चेली तथा महिलाहरू	विवाह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पोखर खुद्दा	जन्ती जानुपूर्व बेहुलाको आँगनमा खुर्पी लिएर सम्पन्न गरिने कार्यक्रममा भिनाजु तथा ज्वाइँ	विवाह
सम्धी भोजन	विवाह भएपछि जग्गेमा केटातर्फबाट पाँच जना बसेर गर्ने भोजन	
कठरिया	मलामी	मृत्यु
कान्दुवा/कन्हुआ	लास बोक्ने मानिस	मृत्यु
आँछि	चिता	मृत्यु
छर	लास लिएर मसानघाट जान लाग्दा आँगनमा छर्किने गोवरको घोल	मृत्यु
हल्का	किरियापुत्रीले घाँटीमा वेर्ने सेतो कपडाको डोरो	मृत्यु
तरात	मान्छे मरेको तेस्रो दिन गरिने श्राद्ध	मृत्यु
पाँचदानी	छोटकरीमा गरिने श्राद्ध कर्म	मृत्यु
घाटपिन्डा	मान्छे मरेको एघारौं दिन नजिकको पोखरी वा तलाउमा कण्ठासहितको उपस्थितिमा मृतकलाई दिइने पिण्डदानको श्राद्ध	
दसपिन्डा	दाहसंस्कार गरेको भोलिपल्टबाट क्रमशः दस दिन नजिकैको पोखरीमा गई मृतकलाई दिइने पिण्डदान	मृत्यु
कन्ठा	श्राद्ध कर्म गराउने पात्र	
मत्कमती	दाहसंस्कार गरेको आठौं दिन मृतकका तेर दिने दाजुभाइ कपाल खौरेर र नङ काटेर चोखिने प्रक्रिया	मृत्यु
करम	मान्छे मरेको बाह्रौं दिन ब्राह्मण र कण्ठा तथा चेलीबेटीहरूको सहभागितामा गरिने श्राद्ध कर्म	मृत्यु
उपात	मृतकको निम्ति पकाइने पिचास खाना	मृत्यु
डिम्ही जलुवा	ढिकुरो फुटाउनु	मृत्यु
बरहुआ	मृतकको नाउँमा केही चीज वस्तु अर्पण गर्नु	मृत्यु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भरिया	मृतकका छोरी/चेली ज्वाइँले ल्याउने उपहारस्वरूपको मिठाई चिनी वा दही आदि	मृत्यु
भार	भार गर्ने व्यक्ति	मृत्यु
वर्खी	मान्छेको देहावसान भएको ठीक वर्ष दिनमा गरिने श्राद्ध कर्म	मृत्यु

सन्दर्भसामग्री

१. केवरत, अधरचन्द्रदास , मिति २०६७/१०/१५ गते लिइएको वैवाहिक कार्यक्रमसम्वन्धी अन्तर्वार्ता ।

२. केवरत, चतुर्भुज, "केवरत आदिवासीको विवाहसंस्कार", तान्छोप्पा वर्ष १३, अङ्क ५ जेठ २०६५।

३. केवरत, चतुर्भुज, "आदिवासी केवरतका संस्कारहरू" **सेमी फक्ताङलुङ** वर्ष ६, अङ्क ९, वैशाख–श्रावण २०६६, पृष्ठ ४६–४९ ।

४. केवरत, चतुर्भुज, **केवरतजातिका शब्दहरूको सङ्कलन**, काठमाडौं: नेपाल प्रज्ञाप्रतिष्ठान २०६७ (अप्रकाशित शोधग्रन्थ)

५. केवरत, चतुर्भुज "प्राक्कथन" **भरौवा हयँगेल**, काठमाडौं: रमेश केवरत र हेमन्ती केवरत २०६८ क–च)

६. केवरत, चर्तुभुज केवरत "केवरत भासार पहिचान" **सयपत्री पूर्णाङ्क** २२ काठमाडौं: नेपाल प्रज्ञाप्रतिष्ठान, पृ. ४४-५३

७. केवरत, नारायणलालदास, मिति २०६७/१०/२० गते लिइएको केवरतजातिमा सामाजिक सुधार कार्यक्रमसम्वन्धी अन्तर्वार्ता ।

८. केवरत, महेन्द्रलालदास मिति २०६९/१/१० गते लिइएको केवरतजातिमा अतिथि सत्कारसम्वन्धी अन्तर्वार्ता ।

९. **म्याकमिलन डिक्सनरी अफ एन्थ्रोपोलोजी**, चारलोट सेयमोर स्थिम, द म्याकमिलन प्रेस लि. लन्डन: बेसिङस्टोक ।

१०. केवरत, शिवनारायणदास, मिति २०६८/५/१७ गते लिइएको केवरतजातिका चाडपर्वसम्बन्धी अन्तर्वार्ता ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तराईका ब्राह्मणजातिको सामाजिक संस्कार

–सुरेन्द्र मिश्र

१) जातिको परिचय

जातीय उत्पतिको दृष्टिकोणवाट सबै ब्राह्मण (तराई र पहाड) एउटै हुन् तर कालान्तरमा वसाइँसराइले गर्दा संस्कारमा परिवर्तन भै तराई र पहाडका ब्राह्मणहरूमा अन्तर देखिएका छन्। भागवतको अनुसार सृष्टिकर्ताको मुखबाट ब्राह्मण, बाहुबाट क्षत्रिय, जाँघबाट वैश्य र पादबाट शूद्र गरी चार वर्णको उत्पत्ति भयो। सृष्टिको आरम्भमा ब्राह्मणहरू एउटै थिए तर पछि यिनीहरू वसाइँ सरेपछि जुन ब्राह्मणहरू गौड देशमा निवास गरे तिनीहरू गौड ब्राह्मण र जुन ब्राह्मणहरू द्रविड देशमा निवास गरे तिनीहरू द्रविड भए। यसरी ब्राह्मणहरू दुई वर्गमा विभाजित भए। कालान्तरमा यी दुई ब्राह्मणहरू ५, ५ वर्गमा विभाजित भए। द्रविड ब्राह्मणहरू कर्णाटक, तेलङ्ग, महाराष्ट्र, द्रविड र गुर्जर प्रदेशमा निवास गर्न थाले जुन पञ्चद्रविड ब्राह्मणको नाउँवाट विख्यात भए र विन्ध्याचल पर्वतको दक्षिण देशमा निवास गर्छन। पञ्चगौड ब्राह्मण जुन विन्ध्याचल पर्वतको उत्तर दिशामा निवास गर्छन तिनीहरू पञ्चगौड ब्राह्मणको नाउँबाट विख्यात छन्। तिनीहरू हुन सारस्वत, कान्यकुब्ज, गौड, उत्कल र मैथिल। यी पञ्चगौड, ब्राह्मणहरू पाँच विभिन्न प्रदेशमा निवास गरेको हुनाले पाँच वर्गमा विभाजित छन्। कालान्तरमा पञ्चगौड ब्राह्मणहरू जस्तै कान्यकुब्ज, मैथिल ब्राह्मण नेपालमा बसाइँ सरे। मैथिल ब्राह्मणहरू विशाल मिथिला राज्य जसको राजधानी जनकपुर थियो। त्यस क्षेत्रमा आएर बसोवास गरे र हाल नेपालमा मैथिल ब्राह्मणको रूपमा प्रख्यात छन्। त्यस्तै कान्यकुब्ज प्रदेशबाट बसाइँ सारी नेपालको पहाडी प्रदेशमा बसोबास गरेका ब्राह्मणहरू हाल पहाडे ब्राह्मणको रूपमा प्रख्यात छन्। केही कान्यकुब्ज ब्राह्मणहरू नेपालको तराई प्रदेश विशेष गरी पश्चिम नेपालमा बसोबास गर्दछन्। (हरिसिंह देव १८२७ शाके संवत्)।

तराईमा बसोवास गर्ने ब्राह्मणहरूलाई गोत्र तथा वेदप्रतिको आस्थाको आधारमा दुई भागमा विभाजित गरिएका छन्।

१) बाजसनेयी

२) छन्दोगी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वाजसनेयी ब्राह्मण सामवेदलाई मान्दछन् भने छन्दोगी ब्राह्मण यजुर्वेदलाई मान्दछन्।

मैथिल ब्राह्मणका १५ गोत्र हुन्छ जस्तै शाण्डिल्य, वत्स, काश्यप, पराशर, भारद्वाज, कात्यायन, गौतम, कृष्णात्रेय, गर्ग, विष्णुवृद्धि, सावर्ण, कौशिक, वशिष्ठ, कौण्डिल्य, मौद्गल्य। साथै मैथिल ब्राह्मणहरू विभिन्न मूल र मूलग्राम मा विभाजित छन्। एउटै गोत्रका ब्राह्मण पनि विभिन्न मूल र मूलग्राममा विभाजित छन्। यो मूल र मूलग्रामले मैथिल ब्राह्मण कहाँवाट बसाइँ सरेर कुन ठाउँमा गएर वसोबास गरे भन्ने कुरा देखाउँदछ। ब्राह्मणहरू विभिन्न थरमा विभाजित छन् जस्तै मिश्र, झा, ठाकुर, पाठक, ओझा, चौधरी, तिवारी, त्रिपाठी, द्विवेदी, दुबे, त्रिवेदी आदि। ब्राह्मण समाजलाई व्यवस्थित गर्नका लागि यी थरहरू निर्माण गरिएका छन्। विवाहसंस्कार सम्पन्न गर्दा ब्राह्मण समाजमा अहिले पनि थर, गोत्र, मूल र मूलग्रामलाई विचार गरिन्छ। पहाडमा वसोवास गरेका ब्राह्मणहरूभन्दा भिन्न तराईका ब्राह्मणहरूमा विवाहसंस्कारमा गोत्र र मूललाई अनिवार्य रूपमा विचार गरिन्छ भने एउटै थरभित्र भिन्न गोत्र छ भने विवाहसंस्कार हुन सक्छ। जस्तै मिश्रको विवाह मिश्रसित हुन्छ तर भिन्न गोत्रको मिश्रसित मात्र।

राजा हरिसिंह देवको पालामा १२ शताव्दीतिर भारतमा मुसलमानहरूको आक्रमणवाट आक्रान्त भएर ब्राह्मणहरू नेपाल तराईमा वसाइँ सरे। तिनीहरू नेपालको पश्चिमी तथा पूर्वी भागमा प्रवेश गरेर कोही तराईमा वसोबास गरे भने कोही पहाडमा बसोवास गरे। मैथिल ब्राह्मण वंशावलीअनुसार राजा हरिसिंह देव (शाके संवत् १२४५) ले नेपालमा वसाइँ सरेर बसोबास गरेका मैथिल ब्राह्मणहरूको वंशावली तयार पार्न लगाएका थिए। (हरिसंह देव १२४५ शाके संवत्) नेपालको जनगणना तथ्याङ्कअनुसार (२०५८) नेपालमा मधेसी बाहुन, क्षत्रीको कुल घरधुरी ७८५५६ र कुल जनसङ्ख्या ४२७३४५ रहेको छ। मधेसी वाहुनहरूको छुट्टै तथ्याङ्क उपलव्ध छैन। वसोवास स्थलको दृष्टिकोणले हेर्दा नेपालको तराई प्रदेशको प्रत्येक जिल्लामा तराई ब्राह्मणहरूको बसोवास पाइन्छ। तर वासस्थानको घनत्वको आधारमा नेपाल तराईको जिल्लाहरू जस्तै सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, रूपन्देही र नवलपरासी जिल्लामा ब्राह्मणहरूको वासस्थान धेरै रहेको छ।

तराई ब्राह्मणहरूको मातृभाषा मैथिली, भोजपुरी र वज्जिका भए पनि वासस्थानको आधारमा यिनीहरू अवधी भाषा पनि वोल्छन्। नेपालको पूर्वी तराईमा बसोवास गर्ने ब्राह्मणहरू मैथिली भाषा वोल्छन् भने मध्यतराईमा बसोवास गर्नेहरू वज्जिका (मैथिली र भोजपुरीको मिश्रित भाषा) तथा पश्चिम तराईमा वसोबास गर्नेहरू अवधी भाषा बोल्छन्। प्रायजसो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तराईमा ब्राह्मणहरूको निवासस्थान अन्य दलित जातिहरूभन्दा टाढा हुन्छ। तराई ब्राह्मण जातीय संरचनामा सबैभन्दा उच्च जाति हो जसलाई मात्र पुरोहित कर्म गर्ने अधिकार धर्मशास्त्रले दिएको छ। तराईमा पुरोहित कर्म गर्ने काम मैथिल ब्राह्मणले मात्र गर्छ। क्षत्री र भूमिहारले गर्दैन। यो तराई ब्राह्मणहरू परम्परागत रूपले धोती, कुर्ता लगाउँछन् र ब्राह्मणबाहेक अन्य पानी चल्ने जातिको घरमा पनि पुरोहित कर्म गर्दा दालभात खाँदैनन्। यो तराई ब्राह्मणहरूको मुख्य पहिचान हो। यदि कुनै ब्राह्मण अन्य जातिको दालभात ग्रहण गर्छ भने त्यसलाई पुरोहितका रूपमा स्वीकार गर्दैन।

२) सामाजिक संस्कार

'जन्मना जायते शूद्रो संस्कागद्विजउच्यते'
वेदभ्यासाद्भवेद्विप्रो ब्रहमजानातिब्राहमणाः ॥

वेदका अनुसार जन्मको आधारमा सबै शूद्र हुन्छ त्यसलाई सामाजिक संस्कारले समाजमा उच्चजातिमा पदस्थापना गराउँछ। ब्राह्मण बन्नका लागि विभिन्न संस्कारहरूको पालना गर्दै वेदभ्यासले ब्रह्मज्ञान गराएपछि ऊ ब्राह्मण बन्छ। ब्राह्मणजातिमा अझै पनि यी सामाजिक संस्कारहरू कडा रूपमा पालना गराउँछ। ब्राह्मणजातिमा मानिने विभिन्न संस्कारहरूमध्ये व्रतबन्ध (यज्ञोपवित) संस्कारले उसलाई शूद्रबाट ब्राह्मण बनाउँछ जुन अरू जातिमा हुँदैन। यसैकारणले गर्दा ब्राह्मणलाई द्विज भनिएको हो। संस्कारले गर्दा नै ब्राह्मण कुलमा जन्मेका बच्चा शूद्रबाट द्विज र द्विजबाट विप्र र विप्रबाट ब्राह्मण बन्दछ। तराई ब्राह्मणमा मानिने विभिन्न सामाजिक संस्कारहरू यस प्रकार छन्।

(क) जन्मसंस्कार

ब्राह्मणहरूमा जन्मसंस्कार हिन्दू धर्मशास्त्रअनुसार मनाइन्छ। आजभन्दा २० वर्षअगाडि ग्रामीण क्षेत्रमा बच्चाको जन्म आफ्नै घरमा सुँडेनीको सहायताले गराइन्थ्यो। तराईमा विशेष गरेर यो काम चमारजातिकी महिलाले गर्छिन्। बच्चाको जन्म दिने आमालाई एउटा छुट्टै कोठामा ओछ्यान लगाएर राखिन्छ र उसको रेखदेख चमइन (चमारजातिकी महिला) ले गर्छिन्। बच्चाको जन्म भएपछि उसको सालनाल काट्ने काम चमइनले हँसियाले गर्छिन् र ६ दिनसम्म सुत्केरीलाई त्यै कोठामा राखिन्छ। उसको रेखदेख, सेवा गर्ने सम्पूर्ण जिम्मा चमाइनलाई हुन्छ। सुत्केरी र बच्चालाई तोरीको तेलले मालिस गर्ने कामदेखि लिएर बच्चाको लुगाफाटो सफा गर्ने सम्पूर्ण काम सुँडेनीको हुन्छ। ६ दिनसम्म सुत्केरीलाई सक्खर, अदुवा, ज्वानो, सूप, गुँद, मगरैल आदि मिसाएर हलुवा बनाएर ख्वाउने चलन छ। बच्चा जन्मेको छैटौं दिन छोराछोरी दुवैका लागि सुत्केरी चोख्याउने चलन छ। यो दिन सुत्केरी र बच्चालाई नुहाएर नयाँ लुगा लगाएर सूर्यदेवता तथा घरको कुलदेवताको पूजा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरिन्छ। सुत्केरी कोठालाई गोबरले लिपेर चोख्याइन्छ। नवजात बच्चाको सिरानमा कापी र कलम राखिदिने चलन छ। यसो गर्नुको जनविश्वास के छ भने यो दिन सृष्टिकर्ता ब्रह्माले बच्चाको भाग्य कोर्छन्। यो संस्कारलाई छठिहार भनिन्छ। यो संस्कारपछाडि सुत्केरीले घरको अन्य काम गर्न थाल्छिन्। सहरीकरण तथा शिक्षित बन्दै गएको कारणले गर्दा आजभोलि बच्चाको जन्म नजिकको अस्पतालमा हुने गरेकोले सुँडेनीको भूमिका नगण्य देखिन्छ। बच्चा जन्मेपछि पुरोहित अथवा ज्योतिषीले उसको चिना बनाउँछन् र चिनाअनुसार को नामकरण गर्छन। बच्चाको बोलाउने नाम घरको जेष्ठ व्यक्तिले घरको सल्लाहअनुसार गर्छन् तर आजभोलि आधुनिकीकरणले गर्दा आमाबुवाले आफ्नो बच्चाको बोलाउने नाम आफ्नो इच्छाअनुसार गर्छन्।

(ख) वृद्धिसंस्कार

(अ) अन्नप्राशन

मैथिल ब्राह्मण समाजमा जब बच्चा ६ महिनाको हुन्छ त्यसपछि त्यसलाई अन्न ख्वाउने गरिन्छ। एउटा शुभसाइतमा बच्चालाई नयाँ वस्त्र लगाएर नयाँ कचौरा र चम्चाले खीर ख्वाइन्छ तर सम्पन्नहरूले चाँदीको कचौरा र चम्चाले बच्चालाई खीर ख्वाउँछ। यो संस्कारलाई अन्नप्राशन संस्कार भनिन्छ। यस दिनदेखि बच्चालाई अलिअलि गरेर अन्न ख्वाउने काम सुरु गरिन्छ। मैथिल ब्राह्मण समाज रूढिवादी समाज हो। यस समाजमा यदि कुनै दम्पतीले छोरा मात्र जन्माएको छ भने उसलाई राम्रो दृष्टिले हेर्दछ। तर यदि छोरी मात्र जन्माएको छ भने उसलाई हीनता भावले हेर्दछ र पनि के भनिन्छ भने उसको सबै सम्पत्ति छोरीहरूको विवाह गरेरै सिद्धिन्छ। ऊ भविष्यमा गरिब हुनेछ किनभने ब्राह्मण समाजमा उच्च तिलक र दहेज प्रथा अहिले पनि व्याप्त छ।

(आ) मुण्डनसंस्कार

मुण्डनसंस्कार भनेको सर्वप्रथम बच्चाको कपाल काट्ने संस्कार हो। यो संस्कार छोराको लागि मात्र गरिन्छ तर कसैकसैले देउतालाई भाकल गरेको छ भने छोरीका लागि पनि गर्छन् तर फरक के छ भने शुभसाइतमा जब बच्चा २ देखि ३ वर्षको हुन्छ त्यसपछि उसको पूरै कपाल कैंचीले काटिन्छ छुरा अथवा ब्लेडले होइन् तर छोरीको कपाल कुनै देउता स्थानमा लगेर एकदुईवटा कपाल काटेर त्यहाँ चढाइन्छ। मैथिल ब्राह्मण समाजमा मुण्डनसंस्कार पनि दुई किसिमका छन्। जब छोराको कपाल कुनै देउता स्थानमा लगेर काटिन्छ र कुनै किसिमको समारोहको आयोजना गरिँदैन त्यस्तो मुण्डनलाई गोनौर मुण्डन भनिन्छ। तर जब शुभसाइतमा घरको कुलदेवताको पूजाअर्चना गरेर भाकलअनुसारको बलिप्रदान गरेर बच्चाको कपाल कैंचीले काटेर त्यो कपाल बच्चाको हजुरआमाले आफ्नो साडीमा राख्छिन् र पछि जलाशयमा प्रवाहित गर्छिन्। यस्तो मुण्डनलाई यज्ञमुण्डन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनिन्छ। यस अवसरमा टोलछिमेकका ब्राह्मणहरूलाई निम्तो दिएर भोज ख्वाइन्छ। मुण्डन हुने घरका आफन्त नातेदारहरूले बच्चाको लागि लुगा, खानेकुरा आदि र बच्चाको आमाको लागि कपडा, साडी लिएर गएका हुन्छन्। आजभन्दा २५ वर्षअगाडि यस्तो शुभअवसरमा आफन्त, नातेदारहरूले कोसेलीका रूपमा चिउरा, दही, मिठाई, केरा, लत्ताकपडा लिएर जाने चलन थियो तर आजभोलि कपडा र नगद रुपियाँ मात्र दिने गरिन्छ। यसरी कोसेली लिएर जानेलाई 'भार' भनिन्छ। ज्याला, मजदुरी गर्ने मानिसको कमी र ज्याला दरमा वृद्धि भएको कारणले गर्दा 'भार' लिएर जाने प्रथा हटेको देखिन्छ।

(इ) ब्रतबन्ध (यज्ञोपवीत संस्कार)

ब्राह्मणजातिको सबैभन्दा ठूलो संस्कार यज्ञोपवीत संस्कार हो। यो संस्कारले ब्राह्मण कुलमा जन्मेको बच्चालाई ब्राह्मण हुने अवसर प्रदान गर्दछ। यज्ञोपवीत संस्कार नभएको बच्चाले कुनै यज्ञकर्म, पितृकर्म र देवकर्म गर्ने अधिकारी हुँदैन। यो संस्कारपछि मात्र बच्चा शूद्रबाट ब्राह्मण बन्ने प्रक्रियामा अगाडि बढ्छ। व्रतबन्ध ५ वर्ष उमेरदेखि १६ वर्ष उमेर पुगेको बच्चाको हुन्छ। ब्राह्मणजातिमा गरिने व्रतवन्धसंस्कार सबै वैदिक रीतिअनुसार भए पनि लोकव्यवहारले पनि आफ्नो महत्त्वपूर्ण स्थान ओगटेको छ। ज्योतिषी वा कुल पुरोहितले बच्चाको जन्मतिथिलाई विचार गरेर व्रतवन्धको शुभमुहूर्त निकाल्छन्। शुभमुहूर्तअनुसार मड्वा, कुमरम र व्रतवन्धको दिन निर्णय गरिन्छ। कुमरम र व्रतबन्धको दिनसँगै हुन्छ (अघिल्लो दिन कुमरम र त्यसको भोलिपल्ट व्रतबन्ध) तर मड्वाको दिन १ महिनाअगाडि पनि हुन सक्छ। व्रतवन्ध संस्कारको सुरुवात मड्वा निर्माणबाट हुन्छ। मड्वा निर्माण गर्नका लागि बाँस काटनुपर्ने हुन्छ। त्यसको लागि हँसियाको पूजा गरी बाँस काट्ने चलन छ। हँसियाको पूजा कुलदेवता स्थानमा गरी त्यै हँसियाले वाँस काट्ने चलन छ। यो विधिलाई 'हँसिया नेयोतन' भनिन्छ। जसको व्रतबन्ध हुन्छ त्यसलाई 'बरूआ' भनेर सम्बोधन गरिन्छ। पूजा गरिएको हँसिया लिएर वाजागाजाका साथ बरूआकी आमा, हजुरआमा, फुपू र अन्य नातेदारहरू मङ्गलगीत गाउँदै बाँसघारीमा गई बाँस काट्ने काम गरिन्छ। वरूआले जुनजुन बाँसलाई छोइदिन्छ त्यै बाँसलाई ब्राह्मणले काटेर ल्याउँछ। अरू जातिकाले बाँस काट्न पाउँदैन र त्यो बाँसको बत्ती (काटेर पातलो वनाएर) वाट यज्ञमण्डप (मड्वा) बनाइन्छ। त्यो मड्वा निर्माणको सुरुवात ब्राह्मणले पाँच ठाउँमा आफ्नो हातले डोरीले बाँधिदिएपछि मात्र अरू पानी चल्ने जातिका ज्यामीले मड्वा निर्माणको काम सुरु गर्छन्। यसरी मड्वा निर्माण भैसकेपछि त्यसलाई लिपपोत गरेर त्यसको भित्तामा रङ्गीविरङ्गी चित्रहरू र देवीदेउताको तस्विर पेन्टिङ गरिन्छ। जुन दिन मड्वा निर्माण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरिन्छ त्यो दिन कम्तीमा पाँच ब्राह्मणलाई भोज ख्वाइन्छ। सम्पन्न परिवारले त्यस गाउँमा भएका सबै ब्राह्मणलाई निम्तो गरी भोज ख्वाउँछन्।

मड्वा निर्माण भैसकेपछि प्रत्येक दिन वेलुकी दियो वाली मड्वामा राख्ने र सन्ध्याको गीत महिलाहरूले गाउँछन्। यो प्रक्रिया व्रतवन्धको दिनसम्म भैरहन्छ।

ब्राह्मणजातिको संस्कारअनुसार व्रतवन्ध भैसकेपछि ब्राह्मणले अन्य जातिको भात, दाल, खानु हुँदैन, अन्य खानेकुरा मात्र खानुपर्छ। त्यसैले प्रचलित चलनअनुसार कुमरमको दिनभन्दा अगाडि नै बरूआलाई टोलछिमेकका पानी चल्ने जातिले भात खाने निम्तो दिन्छ र भात ख्वाउँछ। यो नै वरूआले अन्य जातिको घरमा भात खाने अन्तिम दिन हो। व्रतवन्धको पहिलो दिनलाई कुमरम भनिन्छ। यो दिन वरूआ आफ्ना नातेदारहरूको साथमा जलाशयमा गै स्नान गर्ने चलन छ। जलाशयमा जाँदा वरूआले चक्कुमा सुपारी लगाई त्यो भएको चक्कु हातमा लिएर जान्छ। जलाशयमा (पोखरी, नदी आदि) पुगेपछि वरूआलाई उसका नातेदार ,आमा, फुपू र अन्यले नाङ्लोमा पानी राखेर त्यै पानीले नुहाइदिन्छ। त्यसपछि ऊ आफूखुसी नुहाउँछ। नुहाइसकेपछि वरूआले एउटा लँगौटी मात्र लगाउँछ र उसले घरवाट लगाएर आएको सबै लुगा फुकाल्छ र त्यो फुकालेको लुगा हजामले आफ्नो घरमा लिएर जान्छ। कुमरमको दिन कुलदेवताका पूजा गरेर बोकाको वली दिने चलन छ। यो दिन टोलछिमेकका सबै ब्राह्मणलाई निम्तो गरेर मासु र भातको भोज ख्वाउने चलन छ। यो दिन ब्राह्मणवाहेक अन्य जातिलाई निम्तो गरिँदैन। भोज सम्पन्न भैसकेपछि राति बरूआ, पुरोहित र वरूआको गुरु (जसले व्रतबन्धको दिन मन्त्र दीक्षा दिन्छ) ले कुलदेउतालाई पूजा गरेर बरूआको टुप्पीमा आँपको पात धागोले बाँधेर मन्त्र पढेर बाँधिदिन्छ। यो संस्कारलाई 'झिट्का बन्धन' संस्कार भनिन्छ। यसरी झिट्का बन्धन संस्कार गरेर कुमरम सकिन्छ।

कुमरमको भोलिपल्ट व्रतबन्ध संस्कार सुरु हुन्छ। पुरोहित, वरूआ र गुरु र गुरुआमा (जसले बरूआको खौरेको कपाल आफ्नो साडीमा राख्छिन्) सबै मड्वामा यज्ञ कर्म गर्छन् वैदिक रीतिअनुसार व्रतवन्ध कर्म सुरु गरिन्छ। ब्राह्मणलाई नयाँ धोती, गम्छा लगाएर ब्रह्मा बनाएर मड्वामा व्रतवन्ध पूरा नहुन्जेलसम्म विराजमान गराइन्छ। बरूआलाई पहिले मुजको जनेउ, त्यसपछि मृग छालाको जनेउ, त्यसपछि कपासको जनेउ लगाइन्छ। यसपछि बरूआको कपाल काट्ने कार्य सुरु हुन्छ। यो दिन नयाँ छुराले कपाल काट्ने चलन छ। कपाल काट्नुभन्दा पहिला बरूआलाई दही, चिउरा र चिनी खान दिइन्छ। वरूआले दही चिउरा आधा खाएपछि हजामले त्यो पात खोसिदिन्छ त्यसपछि बरूवाले खाँदैन। यसले के कुरा देखाउँछ भने अबउप्रान्त उसले ब्राह्मणबाहेक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अरूले छोएको खानेकुरा खानु हुँदैन। ऊ ब्राह्मण भैसकेको छ। त्यसपछि हजामले कपाल काटेर गुरुआमा (जो कपाल लिन बसेकी हुन्छिन्) को साडीमा राखिदिन्छ। यो कपाल काट्ने कर्मको बेलामा बरूआका आफन्त नातेदारहरूले कपाल काटेबापत हजामलाई आफ्नो इच्छाअनुसार खुसी भएर रुपियाँ दिन्छन्। कपाल काट्ने कर्मभन्दा पहिला बरूआले हातमा लट्ठी, काँधमा झोला झुन्ड्याएर सन्न्यासीको भेषमा आमासित भिक्षा माग्छन्। यसरी तीनपल्ट भिक्षा मागेर ल्याएर मड्वामा राखिन्छ र त्यै भिक्षामा प्राप्त खानेकुरा ४ दिनसम्म खानुपर्छ। यो भिक्षा माग्ने संस्कारलाई 'भिखिअर' भनिन्छ। यो अवसरमा बरूआका जति नातेदार महिलाहरू आएका हुन्छन् ती सबैलाई गच्छेअनुसारको साडी दिनुपर्छ। त्यै साडी लगाएर आफन्तहरूले पनि बरूआलाई भिक्षा दान दिन्छन्। यसरी भिखिअर र कपाल काट्ने कर्म सम्पन्न भएपछि बरूआको टाउकोमा र जीउमा बेसार र दही, चन्दनको लेप लगाइन्छ। जसलाई 'उपटन' भनिन्छ। उपटन लगाइसकेपछि मड्वानजिकै साना घैँटाहरूमा राखिएको इनार, कुवा वा नदीको पानी, उपस्थित चेलीबेटीहरू बरूआको जीउमा खन्याइदिन्छन् र ती घैँटाहरू चेलीबेटी आफ्नो घर लिएर जान्छन्। यसरी बरूआको स्नान सम्पन्न भएपछि नयाँ वस्त्रविधि र मन्त्रअनुसार धारण गराइन्छ। त्यसपछि ५ जना ब्राह्मणद्वारा दुर्वाक्षत दिइन्छ। त्यसपछि सधवा महिलाहरूले अक्षताले आशिष् दिन्छन्। जसलाई चुमावन भनिन्छ। यो चुमावन संस्कारमा विधवा महिलालाई सामेल गराइँदैन। यस चुमावन संस्कारमा बरूआको नातेदारहरूले नगद रुपियाँ, लुगा, सुन, चाँदी आदि दिन्छन्। व्रतबन्ध संस्कार सम्पन्न भएपछि आफ्नो इच्छाशक्तिअनुसार ब्राह्मण र अन्य जातिलाई निमन्त्रणा दिएर चिउरा, दही, अथवा पुरी, जेरी र अन्य मिठाईको भोज ख्वाइन्छ। यो दिन भातको भोज ख्वाइँदैन।

आजभोलि आधुनिकीकरणको प्रभाव बढ्दै गएकोले, व्रतबन्ध संस्कारमा केही परिवर्तन भएको देखिन्छ। बाँस काटेर मड्वाको निर्माण गर्नुको सट्टा चारवटा केराको बोट रोपेर त्यसको माथि रातो कपडाले छोपेर मड्वा निर्माण पनि गरिन्छ। आजभोलि भोजको आयोजना गर्दा पहिला जस्तो धेरै सङ्ख्यामा ब्राह्मण भोजन गराउनुभन्दा अन्य जातिका इष्ट, मित्र र राजनीतिक सम्बन्धलाई बढी प्राथमिकता दिएको देखिन्छ।

(ग) विवाहसंस्कार

समाजलाई अविरल रूपमा सञ्चालित गरिराख्नका लागि विवाह संस्कारको ठूलो भूमिका हुन्छ। विवाहसंस्कारले मानिसलाई उसको जीवनमा आएको दायित्वको बोध गराउँछ। धर्मशास्त्रअनुसार ब्रह्माले सृष्टिको निर्माण गरेपछि प्रत्येक मानिसलाई उसको शेषपछि आफ्नो चिनो पृथ्वीमा छोडेर जाने आदेश दिएको हुन्छ। तराई ब्राह्मण समाजमा पितृको मोक्ष उसको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्तानबाट गरिएको श्राद्धकर्म र पिण्डदानबाट हुन्छ भने आस्था भएको हुनाले सन्तान उत्पादनकार्यमा पनि विवाहसंस्कारको ठूलो महत्त्व छ। छोराछोरी वयस्क भैसकेपछि उसको विवाहसंस्कार सम्पन्न गरिदिएर आमाबुवा आफ्नो जिम्मेवारी पूरा गरिदिएको अनुभूति गर्छन्। परम्परागत रूपमा तराई ब्राह्मणहरूमा केटाकेटीको विवाह कम उमेरमा गर्ने चलन भए पनि आजभोलि शिक्षाको प्रचारप्रसारले गर्दा केटाकेटी वयस्क भएपछि मात्र विवाह गर्ने चलन छ। आजभन्दा २५ वर्षपहिला ग्रामीण समाजमा केटीलाई धेरै पढाउने चलन नभएकोले १४ वर्षको उमेर पुगेपछि विवाह गर्ने चलन थियो जुन आजभोलि परिवर्तन भएर २० वर्षपछि मात्र विवाह गर्ने गरिन्छ। यसको अर्को कारण तिलक प्रथा हो। तराई ब्राह्मणजातिमा उच्च तिलक प्रथाले गर्दा छोरीलाई कम पढाउने चलन थियो। जति धेरै पढायो त्यसअनुसारको दुलाहा खोज्नुपर्ने र त्यसअनुसारको तिलक दिनुपर्ने प्रचलन छ।

तराई ब्राह्मणमा विवाहसंस्कारको आफ्नै महत्त्व छ। यद्यपि विवाहसंस्कार वैदिक रीतिथिति र शास्त्रीय छन्। तैपनि अन्य जातिभन्दा निकै फरक किसिमको हुन्छ। तराई ब्राह्मणहरूमध्ये मैथिल ब्राह्मणको विवाहसंस्कार आफ्नो छुट्टै किसिमको वैदिक रीतिअनुसार गरिन्छ। केटीको लागि योग्य वर खोज्न केटीपक्षले आफ्नो नातेदार, इष्टमित्रको माध्यमबाट केटाको घरमा विवाहको प्रस्ताव राख्छन्। केटापक्षले त्यो प्रस्ताव स्वीकार गरेपछि मात्र विवाहको प्रक्रिया अगाडि बढ्छ। मैथिल ब्राह्मणमा विवाहसंस्कार २ किसिमले गरिन्छ। एउटा आफन्तहरूको माध्यमबाट योग्य वर पत्ता लगाएर विवाहको प्रस्ताव अगाडि बढाउने जसलाई 'घरकथा' को माध्यमबाट विवाह गर्ने भनिन्छ। अर्को माध्यम जुन मैथिल ब्राह्मणमा मात्र पाइन्छ त्यो हो 'सभा' को माध्यम विवाह गर्ने। प्रत्येक वर्ष भारतको उत्तरी विहार राज्यको ससौला र सौराठ भन्ने ठाउँमा मैथिल ब्राह्मणको वरहरूको १ महिनासम्म आषाढ महिनामा सभा लाग्छ। त्यस सभामा अविवाहित केटाहरू विवाह गर्ने उद्देश्यले जान्छन्। त्यस सभास्थलमा केटीपक्षले आफ्नो सामर्थ्यअनुसारको केटा रोज्छन् र तिलक दहेजको कुरा मिलेपछि सभास्थलबाट जन्तीको तयारी गरी विवाहको लागि प्रस्थान गर्छन्।

सभाको माध्यमबाट हुने विवाहमा जन्तीको सङ्ख्या कम हुन्छ। तर आधुनिकीकरणले गर्दा सभाको माध्यमबाट विवाह गर्ने प्रथामा निकै कमी आएको देखिन्छ। किनभने सम्पन्न परिवारका शिक्षित केटाहरू सभामा जान चाहँदैनन्। सभाबाट विवाह हुनुलाई बेइज्जतीका रूपमा लिन्छन्। मैथिल ब्राह्मणमा केटा र केटीमा विवाह हुन सक्छ कि सक्दैन भन्ने कुराको अन्तिम निर्णय दिने एक जना आधिकारिक व्यक्ति हुन्छन् जसले केटा र केटीको पाँच पुस्ताको मूल र गोत्र केलाएर दुवै पक्षमा यदि कुनै सम्वन्ध छैन भन्ने विवाह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुने कुराको लिखित निर्णय दिन्छन् । जसलाई 'सिद्धान्त' भनिन्छ । त्यो लिखित निर्णय केटीपक्षले केटापक्षलाई दिन्छ अनि मात्र विवाहको प्रक्रिया अगाडि बढ्छ । यो आधिकारिक निर्णय दिने व्यक्तिलाई पञ्जकार भनिन्छ । पञ्जकारसित नेपाल तराईका प्रत्येक ब्राह्मणको वंशावलीको लिखित दस्तावेज हुन्छ जसको आधारमा उनी मूल र गोत्रको अन्तरको निर्धारण गर्दछन् । मैथिल ब्राह्मणबाहेक अन्य ब्राह्मण जस्तै कान्यकुब्ज, सकलदिपी, सरयुपारी ब्राह्मणमा केटीको विवाहको निर्णय भएपछि केटापक्षलाई केटीपक्षले केही फल र लुगा र गहना दिन्छ जसले त्यो केटाको विवाह निश्चित भएको जनाउँछ । यो संस्कारलाई फलदान भनिन्छ र त्यसपछि अर्को उत्सवमा केटीपक्षले कबोल गरेको तिलक (नगद रुपियाँहरू) लिएर एउटा समारोहमा केटाको घरमा केटापक्षलाई बुझाउँछ । त्यसलाई तिलक भनिन्छ । तिलक भैसकेपछि विवाहको कार्यक्रम पक्का भएको ठानिन्छ ।

मैथिल ब्राह्मणमा केटीपक्षले स्विकारेको रकम केटापक्षलाई बुझाइसकेपछि एउटा शुभमुहूर्तमा केटीपक्षबाट प्रायजसो केटी (दुलही) को दाइ अथवा भाइ केटाको घरमा गएर एउटा समारोहमा केटाको हातमा पान, सुपारी, जनै र केही रुपियाँ राखेर केटाको हात समातेर उठाउँछ । यस उत्सवलाई उपस्थित भनिन्छ । यस बेला पाँच ब्राह्मणले दुलाहालाई अक्षता, दही र दूबो मिसाएर आशीर्वाद (दुर्वाक्षत) मन्त्रोचारण गरेर छर्किदिन्छन् । त्यस पछि दुलाहा घर नफर्केर सोझै विवाहको लागि प्रथान गर्दछ ।

उपस्थित समारोहपछि दुलाहासँगै जन्ती प्रस्थान गर्दछ । प्राचीन चलनअनुसार मैथिल ब्राह्मणको जन्तीमा मैथिल ब्राह्मण र हजाम मात्र जाने गर्दथ्यो । तर आजभोलि पानी चल्ने, नचल्ने सबै जाति जन्ती जान थालेका छन् । ब्राह्मणको विवाहमा बाजागाजा, नाच पूर्णरूपले निषेधित मानिन्थ्यो भने आजभोलिको विवाहमा यसैले प्राथमिकता पाएको छ । जन्ती केटीको घरमा पुगेपछि प्रत्येक जन्तीको गोडा पखाल्ने प्राचीन चलन आजभोलि हराएर गएको छ । जन्ती केटीपक्षको घरमा पुगिसकेपछि विवाहकर्म सुरु गर्नका लागि केटापक्षबाट स्वीकृति लिनका लागि केटीपक्षले एउटा बाँसको टोकरीमा मकलमा धूप बालेर जन्तीको माझमा सम्धीको अगाडि राखिदिन्छ । त्यो टोकरीमा सम्धीले आफ्नो गच्छेअनुसार रुपियाँ राखिदिएपछि विवाहको कार्य शुभारम्भ गरिन्छ । यस संस्कारलाई आज्ञा दिनु भनिन्छ । विवाहको आज्ञा लिइसकेपछि जन्तीको माझबाट केटालाई लिन केटीपक्षबाट हजामिन, विवाह अवधिभरि विवाहकार्यमा सहयोग गर्ने महिला जसलाई विधकडी भनिन्छ तिनी र केही अन्य महिलाहरूको समूह आई केटाको नाक पानले छोपेर समातेर लिएर घरभित्र जान्छन् जहाँ विवाहको आसन बनाइएको हुन्छ । विवाहको आसनमा पुगेपछि दुलाहाले लगाएको सम्पूर्ण वस्त्र फुकाली केटीपक्षबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिइएको रातो धोती मात्र लगाई रातभरि विवाहकर्म गर्नुपर्दछ। विवाहकर्मको सुरुवात आठ ब्राह्मण (दुलाहासमेत) ले ओखलमा मुसलले धान कुटेर गरिन्छ। जसलाई अठङ्गर कुट्ने भनिन्छ। यसरी दुलाहालाई नुन नभएको खानेकुरा खान दिएर विवाहकर्मको सुरुवात गरिन्छ। विभिन्न शास्त्रीय वैदिक रीतिअनुसार गोत्राध्या, सिन्दूरदान र अग्निमा धानको लावा हाल्दै अग्निको परिक्रमा गरेर विवाह कर्म सम्पन्न गरिन्छ। मैथिल संस्कारअनुसार विवाहको राति जन्तीलाई भातबाहेक अन्य खानेकुरा खान दिइन्छ। खानाको परिकारमा मिठाई, तरकारी र फलफूलको प्रधानता हुन्छ। खानाको अन्तमा दही विशेष रूपले दिने मैथिल ब्राह्मणको संस्कार हो। विवाहको भोलिपल्ट पनि जन्तीलाई भात खान दिइँदैन। भातबाहेक अन्य खानेकुरा खान दिइसकेपछि एउटा समारोहको आयोजना गरी दुलहीको मुख हेर्ने चलन छ।

दुलाहाबाहेक सम्पूर्ण जन्तीले दुलहीको हातमा रुपियाँ राखेर मुख हेर्ने चलन छ। यसरी मुख हेरेबापत पैसा दिइन्छ। यस समारोहलाई सुहाग दिने भनिन्छ। सुहाग दिसकेपछि केटीपक्षले सम्पूर्ण जन्तीलाई खाना ख्वाइसकेपछि एकएक जोर रातो धोती पहिराएर बिदा गर्छन्। तर दुलाहा आफ्नो ससुरालीमै बस्छ। ससुरालीको एउटा कोठामा चार दिनसम्म दुलाहादुलहीले गौरीको पूजाअर्चना गर्दै बिताउँछन् र चौथो दिन बिहान फेरि पुरोहितले विवाहकर्म वेदशास्त्रअनुसार पढाएर दोस्रोपल्ट दुलाहाले दुलहीको मागमा सिन्दूर राख्छन्। यस संस्कारलाई चतुर्थी भनिन्छ। यो संस्कारपछि मात्र मैथिल ब्राह्मणमा विवाह पूर्ण भएको मानिन्छ। अन्य ब्राह्मणहरूमा चतुर्थी संस्कार हुँदैन। तिनीहरूमा विवाहको पर्सीपल्ट दुलही लिएर जन्ती घर फर्कन्छ। जुन कुरा अरू जातिमा पनि हुन्छ। चतुर्थी संस्कारले मैथिल ब्राह्मणलाई अन्य जाति र अन्य ब्राह्मणभन्दा छुट्टै श्रेणीमा राखेको छ। चतुर्थीको राति मात्र दुलाहा र दुलही नुन खान सुरु गर्छन्। चार दिनसम्म ब्रह्मचर्य पालना गर्दै खीर, दही, फलफूल र मिठाई मात्र खाएर बिताउँछन्। चौथो दिन चतुर्थी कर्म सम्पन्न गरेर मात्र नुन मिसिएको विभिन्न परिकार र भात खान्छन्। त्यो दिन मात्र दुलाहादुलहीको भेटघाट हुन्छ। अहिलेसम्म छुट्टाछुट्टै बस्दै आएका दुलाहादुलहीका भेटघाट हुन्छ। अहिलेसम्म छुट्टाछुट्टै बस्दै आएका दुलाहादुलही चौथो दिनदेखि सँगै सुत्न थाल्छन्। जसलाई सुहागरात भनिन्छ। यो दिन केटाको घरबाट केटी र केटीको सम्पूर्ण परिवारको लागि लुगा, कपडा, गहना र शृङ्गारका सामान लिएर आउँछन्। जसलाई सगुनको भार भनिन्छ। एवं प्रकारले मैथिल ब्राह्मणमा विवाहसंस्कार १ वर्षसम्म चलिरहन्छ। एक वर्षभित्रमा फेरि जन्ती (सानो आकारको) लिएर केटापक्षले केटी लिन जान्छ। विवाहको समयमा गरिने विधि जस्तै फेरि सुहाग दिइन्छ र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसपालि जन्तीलाई भात ख्वाएर दुलहीको साथमा विभिन्न दहेज सामग्री दिएर बिदा गर्छन् जसलाई द्विरागमन (गौना) भन्ने चलन छ ।

गौना हुनुभन्दा पहिले एक वर्षभित्र विभिन्न किसिमका संस्कारहरू दुलाहा र दुलहीले पूरा गर्नुपर्छ । जस्तै जेष्ठ महिनाको औंसीको दिन दुलहीले वरको रूखको पूजा गर्छिन् । यो पूजाको दिन पनि दुलाहाको घरबाट दुलहीको लागि लुगा, पूजा गर्नका लागि फलफूल र बाँसको पङ्खा लिएर जान्छ यो पूजालाई वटसावित्रि भनिन्छ । यो पूजाले श्रीमान्को दीर्घायु हुन्छ भन्ने विश्वास छ । यस्तै प्रकारले विवाह भएको पहिलो श्रावण महिनाको शुक्लपक्षमा १५ दिनसम्म नवविवाहिता दुलहीले नागको पूजा गर्नुपर्दछ । यो पूजाको सम्पूर्ण सामग्री, खानको लागि अरूवा चामल, लाउने साडी आदि सवै केटापक्षको घरबाट आउँछ । यो पर्वलाई मधुश्रावणी पर्व भनिन्छ जुन मैथिल ब्राह्मणमा मात्र गरिन्छ । यो पर्व सुरु भएपछि प्रत्येक दिन बेलुका आफ्ना सहेलीहरूको साथमा दुलहीले फूल, दूबो र बेलपत्र १५ दिनसम्म टिपेर ल्याउँछिन् । बिहान स्नान गरेर नागको पूजा गरी नागको कथा सुन्छिन् । एवं प्रकारले १५ औं दिनमा दुलाहा र दुलही सँगै बसेर पूजा गर्छन् र त्यै दिन बलेको दियोले दुलाहाको खुट्टामा पोल्ने चलन छ । यदि घाउ भयो भने दुलाहादुलहीमा अगाध मायाप्रेम हुन्छ भन्ने विश्वास छ ।

यसै प्रकार विवाह भएको पहिलो असोज महिनाको शुक्लपक्षको पूर्णिमाको दिन कोजाग्रत् पर्व मनाउने चलन छ । यो दिन केटीपक्षले केटा र उसको सम्पूर्ण परिवारका लागि लुगा कपडा लिएर जान्छ । साथै मखान, पान, दही, मिठाई र केराको भार पनि लिएर जान्छ । यो कोजाग्रत्को राति केटाले नयाँ वस्त्र लगाएर आफ्नो सालाको साथमा कौडी खेल्ने चलन छ । यो संस्कार पूरा भएपछि केटापक्षले ब्राह्मणलाई निम्तो गरेर भोज ख्वाउँछन् । उक्त भोजमा पान, मखान र केरा पनि वितरण गर्छन् । मैथिल ब्राह्मणमा मात्र यो कोजाग्रत् पूर्णिमा मनाउने चलन छ ।

समयअनुसार शिक्षाको विकास, सहरीकरण, आधुनिकीकरण, चेतना, रोजगारीको अवसर आदिले गर्दा मैथिल ब्राह्मणका विवाहसंस्कारमा निकै परिवर्तन आएको देखिन्छ । मैथिल ब्राह्मणको विवाहसंस्कारअनुसार विवाह हुनुभन्दा पहिले केटा र केटी एकअर्कालाई हेर्ने चलन थिएन । नातेदार र आफन्तहरूको विश्वासमा विवाह सम्पन्न हुन्थ्यो । अहिले केटा र केटी आमुन्नेसामुन्ने बसेर एकअर्कासँग वार्ता गरेर विवाह हुन्छ । बाजागाजाबिनाको जन्ती जाने चलनको ठाउँमा अन्य जातिको जस्तै बाजागाजा नाचगान गर्दै जन्ती जाने चलन सुरु भएको छ । साथै जन्ती केटीको घरमा पुग्नेबित्तिकै केटा र केटीले एकअर्कालाई माला पहिराई फोटो खिचाउने, स्वयंवर गर्ने चलन चलेको हेर्दा एकछिन सोच्न वाध्य बनाउँछ कि यो मैथिल ब्राह्मणको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विवाह हो कि अन्य जातिको विवाह हो। यस्तो प्रचलनको सुरुवातले मैथिल संस्कार नै विस्तारै लोप हुँदै जाने खतरा बढ्न थालेको छ। यति मात्र हैन जन्ती गएको भोलिपल्ट भात, माछा, मासु र अन्य नशालु पदार्थको सेवनको सुरुवातले गर्दा अब मैथिल ब्राह्मण अरूभन्दा उच्च छन् भन्ने आधार समाप्त भएको देखिन्छ। जन्तीमा अन्य पानी चल्ने र नचल्ने जातिको मनिसहरू जन्ती जानु, महिलाहरू जन्ती जानु सुहाग दिने चलन बिस्तारै बन्द गर्दै जानु, जन्तीमा गएका ब्राह्मणलाई धोती नपहिराएर विदा गर्नु, बिहे भएको भोलिपल्ट दुलहीलाई विदा गराएर लिएर आउनु र केटाकै घरमा चतुर्थी मनाउने प्रचलनले मैथिल ब्राह्मणको संस्कारअनुसारको बिहे नै नभएको भन्न वाध्य हुन्छ। आजभोलि चतुर्थीभन्दा पहिला नै दुलाहादुलहीको भेटघाट हुन्छ र चार दिनसम्म जुन नुन नखाने चलन थियो त्यो पनि बिस्तारै हट्दै गएको छ। यो परिवर्तन मैथिल ब्राह्मणजातिको लागि अशुभ लक्षण हो। यसले मैथिल संस्कृतिलाई पतनको वाटोमा धकेल्छ।

मैथिल ब्राह्मण जस्तो पम्परावादी ब्राह्मण समाजमा अन्तरजातीय र सगोत्री विवाह भएको घटना पनि घटेको देखिन्छ। शिक्षाको बढ्दो प्रभावले गर्दा मैथिल ब्राह्मण केटा अन्य जातिको केटीसँग विवाह गरी समाजले स्विकारेको घटना पनि देखा परेको छ भने, उमेर पुगेर आर्थिक विपन्नताले गर्दा बिहे हुने स्थिति नरहेकोमा आफन्तको सल्लाहअनुसार समाजलाई सूचित नगरीकन समान गोत्रको वाहुनी केटीलाई विवाह गरी समाजको अगाडि आफ्नो गल्ती स्वीकार गरी सामाजिक दण्ड भोगी समाजमा बसिरहेको घटना पनि सर्वविदित भैसकेको छ। सन्तानको अभावमा बहुविवाह गर्ने चलन पनि चलेको देखिन्छ भने विधवा विवाहको घटना अहिलेसम्म सुन्नमा आएको छैन। डाक्टरको नक्कली प्रमाणपत्र देखाएर असली डाक्टर केटीलाई बिहे गरेपछि विवाहको केही समयपश्चात् असली प्रमाणपत्रको भेद खुलेपछि श्रीमान्श्रीमतीको बीचमा छुटपत्र भएको घटना पनि मैथिल ब्राह्मणमा देखा परेको छ। भनाइको अर्थ सहरी संस्कृति र पश्चिमीकरणको प्रभाव विस्तारै मैथिल ब्राह्मण समाजमा पर्न थालेको कुरा यी घटनाहरूबाट प्रस्ट हुन्छ।

मृत्युसंस्कार

मृत्यु जीवनको अन्तिम सत्य हो। ब्राह्मणजातिमा मृत्युअघि र पछि गरिने संस्कारहरू प्रायः एकनासको छ। मृत्युसंस्कार उमेरअनुसार मनाउने गरिन्छ। पाँच वर्षभन्दा माथि उमेर पुगेको पुरुष, महिला जोसुकैको मृत्यु भयो भने मृत शरीरलाई खाल्डो खनेर गाड्ने चलन छ। त्यस्तो मृतक शरीरको आत्माको शान्तिको लागि मृत्यु भएको तेस्रो दिनमा क्रियाकर्म गरेर शान्ति गरिन्छ। जसलाई तिराती भनिन्छ। उमेर पुगेर स्वाभाविक रूपले वृद्धवृद्धाको मृत्यु हुनुअघि वेदपुराणमा उल्लेख गरिएअनुसारको दान गर्ने चलन अहिले पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ तर यो चलन क्रमिक रूपमा घट्दै गएको देखिन्छ। मृत्यु हुन भन्दा अगाडि अन्नदान, गोदान, सुनदान गर्ने चलन छ। ठीक मृत्यु हुने अन्तिम लक्षण देखा परेपछि मृत्यु हुने व्यक्तिलाई वैतरणी गराइन्छ। यो संस्कारमा मृत्यु हुन लागेको व्यक्तिलाई बाच्छीको पुच्छर समात्न लगाइन्छ र बाच्छी र व्यक्तिको बीचमा एउटा कृत्रिम खोला जस्तो बनाएर त्यो पार गर्न लगाइन्छ। मृत्युपछिको जीवनको बारेमा पौराणिक विचार के छ भने मृत्युपछि आत्मा भगवान्समक्ष पुग्ने बाटोमा वैतरणी नदी पर्छ र त्यो नदी वैतरणी दान गरिएको बाच्छीले पार गराउँछ। यस प्रकार मृत्युपछिको यात्रा सहज बनाउनको लागि दान र वैतरणी दान गर्ने पौराणिक विचारधारा छ।

ब्राह्मणजातिमा मृत्यु भएपछि बाँसको फर्की बनाएर लासलाई सेतो कपडाले बेरेर फर्कीमा राखिन्छ। चार जना ब्राह्मणले फर्कीलाई काँधमा राखेर नदी, खोला, तलाउसम्म पुर्‍याउँछ। यी चार जना ब्राह्मण आफ्नै रगत सम्बन्ध भएको हुनुपर्छ जसलाई देयाद भनिन्छ। देयाद नभएपछि मात्र अरू ब्राह्मणले लास बोक्छन् र जेठो छोराले मात्र किरिया बस्छ। छोरा नभएको व्यक्तिको किरियाकर्म उसको सबैभन्दा नजिकको नातेदारले गर्ने चलन छ। मृतकको परिवारको तर्फबाट गाउँमा आफन्त र इष्टमित्रलाई मलामी जाने निम्तो गरिन्छ। मलामी जाँदा बाटोमा शङ्ख र घरी घण्टा बजाउँदै जाने चलन छ। यसो गर्नाले मृतकको आत्माको शान्ति हुन्छ भने जन विश्वास छ। मृत शरीरलाई जलाउनुभन्दा पहिला उसलाई नुहाइन्छ र पुरानो वस्त्र फुकालेर नयाँ सेतो कपडा लगाएर चितामा उत्तरतिर टाउको गरेर सुताइन्छ त्यसपछि किरियापुत्रीले मुखमा आगो लगाएर लास जलाउने काम गरिन्छ। जसलाई दागबत्ती भनिन्छ।

तराईमा मलामी जानेहरू सबै आफ्नो घरबाट सानो, ठूलो जस्तो भए पनि एक टुक्रा दाउरा हातमा लिएर गएका हुन्छन्। त्यो दाउरा चितामा राखिदिन्छ। लास जलाएर अन्तमा सबै नदीमा स्नान गर्छन् र घर फर्केर आउँछन्। मृतकले प्रयोग गरेको सबै कपडा श्मशान घाटमा फालिदिने चलन छ। जुन तराईको सबैभन्दा तल्लो जाति डोमले उठाएर लिएर जान्छ। मलामी घर फर्कंदा घरभित्र प्रवेश गर्नुअघि मुख्य प्रवेशद्वारमा राखिएको बन्चरो, आगो र पानी छोएर खुर्सानी टोकेर चोखो भएर मात्र छिर्नुपर्छ। त्यो दिन राति मृतकको परिवारमा सबैले दूधभात खानुपर्छ। यो संस्कारलाई दूधमुख भनिन्छ। मृत्यु भएको चौथो दिन चिताको खरानीलाई नदीमा फालेर अस्थि जमा गरेर एउटा सेतो कपडामा राखिन्छ। यो संस्कारलाई अस्थिसञ्चय भनिन्छ। यो अस्थिलाई एक जना ब्राह्मणले लिएर गएर गङ्गा नदीमा विसर्जन गर्ने चलन छ। गङ्गामा विसर्जन गरिसकेपछि गङ्गा स्नान गरेर अनि मात्र खानुपर्छ। चौथो दिनदेखि प्रतिदिन दस दिनसम्म हजाम र महापात्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्राह्मणको सहायताले नदीकिनारमा स्नान गरेर पिण्डदान गर्नुपर्छ। त्यसपछि दसौँ दिनमा एउटै रगतसम्वन्ध भएकाहरूले कपाल काट्नुपर्छ। महिलाहरूले नङ काटेर नुहाएर मात्र खाना पकाउनुपर्छ। यसरी एघार दिनसम्म नित्यकर्म गरी किरियापुत्रीले नुन नखाई कुशको आसनमा कम्वल ओछ्याएर भुइँमा छुट्टै सुत्नुपर्छ।

मृतात्माको शान्तिका लागि चौथो दिनदेखि ब्राह्मण पण्डितवाट मृतकका परिवारका सबै सदस्यहरूले किरियापुत्रीसँगै बसेर गरुडपुराण सुन्ने चलन छ। मलामी जाने अन्य जातिका मानिसहरू त्यै दिन आफ्नो कपाल कटाएर स्नान गरेर चोखो हुन्छन्। मलामी जाने सबैलाई एक छाक खानाबराबरको चामल, दाल, नुन र तरकारी उनीहरूको घरमा पुऱ्याउने चलन छ। एवं प्रकारले एघारौँ दिनमा ठूलो श्राद्धकर्म गरिन्छ र १२ औँ दिनमा पनि श्राद्धकर्म गरेर मृतात्माको शान्ति गरिन्छ। मृतात्माको नाउँमा वाच्छोलाई श्राद्धकर्मको दिन फलाम तताएर उसको जीउमा डाम्ने चलन छ। त्यस दिनदेखि त्यो बाच्छो साँडेका रूपमा पूरै समाजको हुन जान्छ त्यसलाई कसैले बाँधेर राख्दैन। १२ औँ दिनमा श्राद्धकर्म सम्पन्न भैसके पछि वेलुकी किरियापुत्रीले स्नान गरेर नयाँ वस्त्र र जनै धारण गरेर आँगनमा बस्छन्। किरियापुत्रीको टाउकोमा सोतो कपडाको पगडी बाँधिन्छ र आफन्त र अन्य इष्टमित्रहरूले उनलाई धोती, गम्छा र रुपियाँ दिन्छन् जुन कुरा लिखत गरेर राख्ने चलन छ। किनभने जसले जति पैसा र कपडा दिएको हुन्छ त्यति नै फेरि उसलाई पनि उक्त अवसरमा दिने चलन तराईमा अहिले पनि प्रचलनमा छ। यसरी पगडी र चुमावनसंस्कार सम्पन्न भएपछि किरियापुत्रीले नुन भएको खाने कुरा खान्छ। त्यसपछि निम्तो गरेका सबै व्राह्मण र अन्य जातिका महिलापुरुष सबैलाई भोज खुवाइन्छ। भोजमा ११ औँ दिनमा भात खुवाइन्छ भने १२ औँ दिनमा भातबाहेक आफ्नो शक्तिअनुसारको भोज खुवाउने चलन छ। अहिले पनि हुने खानेले श्राद्धमा लाखौँ रुपियाँ खर्च गर्छन् जुन सामाजिक प्रतिष्ठाको रूपमा तराईमा लिने गरिन्छ। यसरी १२ औँ दिनमा श्राद्धकर्म सम्पन्न भएपछि १३ औँ दिन माछा खाने चलन छ। यो दिन आफन्त, नातेदारहरू सबैलाई निम्तो गरी भात र माछाको भोज खुवाउने चलन छ। जसलाई माछमास भनिन्छ। यो गरेपछि श्राद्धकर्मको पूर्णाहुति भएको वुझिन्छ। यसपछि मृतकको तिथिअनुसार प्रत्येक वर्ष श्राद्धकर्म पाँच वर्षसम्म अनिवार्य रूपले गर्नुपर्छ जसलाई वर्खी भनिन्छ। त्यसपछि असोज शुक्लपक्ष (जसलाई पितृपक्ष भनिन्छ) मा पितृका लागि विशेष श्राद्धकर्म गर्नुपर्छ जसलाई पिण्डदान (पार्वण) भनिन्छ। एवं प्रकारले तराई ब्राह्मणहरूको श्राद्धकर्म सम्पन्न हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तराईको ब्राह्मण जातीय संरचनामा सर्वोच्च जाति हो। यिनीहरूले गर्ने संस्कार शास्त्रीय भए पनि लोकव्यवहारको दृष्टिकोणले पनि महत्त्वपूर्ण छ। समयानुसार संस्कारको व्यवहारमा परिवर्तन आए पनि शास्त्रीय कर्म भने यथावत् नै छ। खर्च गर्ने, भोजभतेरमा धेरै सङ्ख्यामा मानिसलाई निम्तो गर्ने प्रचलन बिस्तारै कमी आएको देखिन्छ। तराईको ब्राह्मण अन्य जातिको पुरोहित भएको हुनाले जातीय भेदभाव, छुवाछुतको भावनालाई बढी प्राथमिकता दिएको पाइन्छ। तराईको ब्राह्मण पुरोहित अन्य जातिको घरमा अहिले पनि भात खाँदैन। अन्य जातिको घरमा भात खानु ब्राह्मणजातिको अपमान हो भन्ने धारणा छ। ५

सन्दर्भग्रन्थ

Bista Dor Bahadur, 1967, people of Nepal, Ratna Pustak Bhandar Kathmandu .

Dahal Dilli Ram ,1978, Indian Ethinick Grup in the Nepal Trai : CNAS T.U Kritipur .

Dwivedi Pshaupati Kumar 1982 Nepalese Society HMG .Ministry of Education and culture, National Museum of Nepal

Dev Hari Singh : Maithil Brahamanasya Banshawali (in Sanskrit and Hindi)

राय गणेश : १९८३ मैथिल ब्रहमण एवं कर्ण कायास्थक पन्जीकरण , अशोक कुमार राय दरभंगा, भारत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दनुवारजाति र तिनका सामाजिक संस्कार

–गङ्गा खरेल

१. परिचय

नेपालका विभिन्न भागमा बस्ने विकासका दृष्टिले पिछडिएका आदिवासी जनजातिहरूमध्ये दनुवारजाति पनि एक हो। दनुवारजाति खोलानदीका किनाराछेउका दून-प्रदेश र चुरे पहाडका तल्लो (समथर) उपत्यकामा बसोबास गर्ने भएकाले तिनलाई दनुवार भनिएको हो भन्ने विद्वान्हरूको भनाइ छ। विद्वान्हरूले दनुवारजातिलाई थारू, माझी तथा दराईजाति समुदायको नजिकको मानेका छन्।

समाजशास्त्री/मानवशास्त्री तथा भाषाविद्हरूले दनुवारहरूलाई जङ्गली क्षेत्र, नदीको छेउ, गाउँको पुछार, दून तथा रापिलो ठाउँमा बसोबास गर्न मन पराउने जातिका रूपका मानेका छन्। यो जाति मूलतः तराई मूलका भए पनि नेपाल अधिराज्यको ७५ जिल्लामध्ये करिव ५७ जिल्लामा छरिएर रहेको पाइन्छ। यो जातिको घना बस्ती तराईका सिराहा, धनुषा, चुरेको सिन्धुली कमलाखोँच, मारिनखोला, काभ्रेको इन्द्रावती नदीक्षेत्र र पाँचखाल उपत्यका उदयपुरको गाईघाट क्षेत्र (पहाडमा) नुवाकोटको चौघडाक्षेत्र, धादिङ एवम् काठमाडौँ उपत्यकाको दक्षिणी भेक डुकुछाप (ललितपुर जिल्ला) मा पाइन्छ। यसरी दनुवारहरूको बसोबास तराईदेखि भित्री मधेस हुँदै पहाडी क्षेत्र तथा उपत्यकासम्म फैलिएको पाइन्छ।

नेपालका धेरैवटा जिल्लामा छरिएर बसेको लामो इतिहास, विभिन्न जाति-जनजातिसितको सान्निध्य, उनीहरूसितको सामाजिक, आर्थिक एवम् सांस्कृतिक आदानप्रदानका कारणले पनि दनुवारहरूको जीवनशैली उनीहरूको विश्वदृष्टिकोण र रहनसहनमा बाह्य वा अन्य जातिहरूको प्रभाव पर्नु स्वाभाविक हो। अतएव, कुन पक्ष वास्तवमै परम्परागत र मौलिक दनुवार संस्कृति हो, कुन मिश्रित, आयातित वा परिवर्तित हो भन्ने निक्यौंल गर्न सजिलो छैन। अहिलेसम्म दनुवारहरूभित्र शिक्षित र आफ्नो बारेमा आधारिक रूपले बोल्ने अनुसन्धान-खोज गर्नेहरूको सङ्ख्या पनि नितान्त नगण्य नै छ। अतएव द्वितीय मौलिक स्रोतको कमी छ। तथापि गैरदनुवारले तयार गरेका केही विद्यावारिधि तथा एम.ए. (स्नातकोत्तर)तहका शोध प्रबन्धहरू उपलब्ध छन्। यस लेखमा तिनको प्रयोग गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विभिन्न भौगोलिक विविधतामा बसोबास गरेका दनुवारहरू अनेक श्रेणीमा विभक्त रहेका पाइन्छन् । जस्तै तराई, भित्री मधेस, दून उपत्यका तथा पहाडी प्रदेश ।

तराई र भित्री तराई क्षेत्रका दनुवारहरूमा विविध थर पाइन्छ तथापि उनीहरू आफूलाई दनुवार भन्न रुचाउँछन् जस्तो राई, कुँवर वा अधिकारी दनुवार (सिन्धुली पाँचखालका दनुवार) परिचय सामान्य छ भने नुवाकोट चौघडातिर उनीहरू आफूलाई 'राई' भन्न मन पराउने र दनुवार भन्न लेख्न हिचकिचाउने प्रवृत्ति बढेको छ ।

तराई क्षेत्रका कतिपय दनुवारजाति समूहमा राय (राई), आफूलाई सिंह भनेर पनि चिनाउने गरिएको पाइन्छ । तराईमा बस्ने केही दनुवारहरू आफूलाई अन्यत्रको भन्दा उपल्लो र उच्च हिन्दू राजपूत राजघरानाको दनुवारको रूपमा गर्व गर्दछन् । यिनीहरूलाई राफन र रजहन पनि भन्ने गर्छन् । यिनीहरू जनै लाउने गर्छन् । यो जातिले आफ्ना सामाजिक कर्मकाण्डहरू मैथिलीमूलका ब्राह्मणवाट चलाउँछन् । त्यस्तै भित्री मधेसमा बस्ने दनुवारहरू कच्छाडे वा कछारे र राई दनुवारका रूपमा चिनिन्छन् भने पहाडमा बस्ने दनुवारहरू पनि आफूलाई राई भन्न मनपराउँछन् । शारीरिक अवस्था, छालाको रङ, उनीहरूको भाषा (भारोपेली समूह) हेर्दा उनीहरूले आफूलाई 'किरात राई' को नजिक भएको दाबी अहिले गर्न थाले पनि यो सत्य देखिँदैन । दनुवारलाई तराईका थारू वा माझीजातिसित भने तुलना गर्न सकिन्छ । सिन्धुलीलगायत रामेछाप, काभ्रे, सिन्धुपाल्चोक क्षेत्रमा दुवारहरू माझीका छिमेकीकै रूपमा बसोबास पनि गर्दै आएका पनि छन् ।

यसरी विभिन्न प्राकृतिक एवम् सामाजिक परिवेशमा बसिआएकाले दनुवारहरूका सामाजिक संस्कारमा पनि स्थानभेद पाइन्छ । प्रस्तुत लेखमा ती स्थानभेदलाई यथाप्रसङ्ग प्रस्ट पार्ने प्रयास गरिएको छ । स्थानभेदबाट संस्कारहरूमा केही फरकपना देखिए पनि दनुवारजाति समग्रमा आफ्नो धार्मिक विश्वास, आसथा, परम्परागत मूल्य-मान्यता र रीतिहरूलाई राम्ररी मान्ने जाति हो । यो जाति सामाजिक संस्कारलाई जीवनको अपरिहार्य अङ्ग मान्दछ र तिनको आयोजना गर्दछ । धेरै जाति-जनजातिहरूले आफ्ना पर्व-संस्कार पुरोहित वा विज्ञप्रथा जस्ता प्रचलनलाई परित्याग गर्दै वा परिवर्तन गर्दै आए पनि नेपालको दनुवारजाति आफ्ना संस्कारहरूलाई आफ्नो जातीय पहिचानको रूपमा कायम राख्न सक्षम छ भन्ने कुरा प्राप्त अध्ययनहरूले देखाएका छन् ।

एक थरी दनुवारहरू जाँड, रक्सी, कुखुरा, सुँगुरको मासु प्रयोग गर्छन् भने तराईमा बस्ने थारू दनुवारहरूले भने सुँगुरको मासु खाँदैनन् । भौगोलिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विविधताले उनीहरूको भाषा, संस्कृति, संस्कार, रीतिरिवाजमा प्रभाव परेको देखिए तापनि नेपालका दनुवारहरूमा भाषा, संस्कृति, संस्कार, रीतिरिवाजमा आपसमा सामञ्जस्यता तथा समानता रहेको पाइन्छ ।

२. नामकरण तथा उत्पत्ति

दनुवारजातिको नामकरण विषयमा विविध धारणाहरू पाइन्छन् । एक थरी विद्वानहरू दनुवारलाई 'दलवार' शव्दको अपभ्रंश मान्दछन् । दलवार शव्दको अर्थ हो 'लडाकु' । दनुवारको सम्वन्ध खुंज प्रान्त (मकवानपुर राज्यअन्तर्गत) सानासाना राज्यका लडाकु ठाकुर राजपरिवारसित गाँसिएको पाइन्छ ।

नेपाली वृहत् शव्दकोशमा दनुवार शव्दको अर्थ "मध्यपहाडी एक अल्पसङ्ख्यक जाति"को रूपमा गरिएको छ ।

'दनुवार' नाम कसरी हुन गयो भन्नेवारेमा विविध किंवदन्ती पाइन्छन् । कुनै एक जना धनी क्षत्री पुरुष मर्दा उसकी स्वास्नीचाहिँलाई नमान्दानमान्दै पनि सती पठाउन लागेको वेला चितामा आगो सल्काउन लाग्दा सती उम्केर भागिछन् । भाग्ने सतीलाई सवैले लगार्दै जाँदा कुनै देवर नाता पर्नेले नदीकिनारको जङ्गलमा फेला पारेछन् । भेट भएपछि भाउजू र देवरबीच एकआपसमा मायाप्रीति वस्यो र त्यसै नदीकिनारामा खोरिया फाँडी घरबार गर्न थालेछन् । पछि तिनैका सन्तान दनवार कहलिए । त्यसैले दनुवार समाजमा देवरभाउजूको पुनर्विवाह पनि प्रचलित छ । पछि दनुवारको राज्यमा वस्ने अरू जाति पनि 'दनवार' नै कहलिन थाले र दनुवारको सङ्ख्यामा वृद्धि भयो ।

अर्को कथनअनुसार कुनै एउटी गर्भवती महिलाको लोग्ने मरेकोले सती गइछन् । चितामा आगोले पोल्दा सहन नसकेर भागेर गइछन् । भाग्दाभाग्दै अर्को राज्यमा पुगेर एक ठाउँमा बास बसिन् र त्यहीं उनले वच्चा जन्माइन् । त्यसरी डढेकी आइमाईवाट जन्मेको वच्चा भएको हुँदा 'डुँदवार' भनिएको र डुँदवारबाटै दनुवार शव्द बनेको हो ।

त्यस्तै कुनै एक व्यक्तिका दुइ छोरामध्ये एकलाई थालमा र अर्कोलाई दुनामा खाना दिने गरिन्थ्यो । पछि थालमा खानेलाई थारू र दुनामा खानेलाई 'दुनुवार' भन्न थालियो र तिनै दुनुवार पछि गएर दनुवार कहलिन थालेका हुन् ।

डुकुछाप गा.वि.स. अन्तर्गत रहेका दनुवार गाउँका एक दनुवार सूचनादाताको कथनअनुसार पनि दनुवार उत्पत्तिसम्वन्धी एक रोचक प्रसङ्ग पाइन्छ । उनले बताएअनुसार धेरै वर्षअगाडि कुनै एक समयमा एक राजकुमार शिकार खेल्दै कोटवाल दह नजिकै आइपुगे । त्यहाँ उनले एउटी राम्री केटी भेटे । वास्तवमा ती केटी कुमारी देवी थिइन् । राजकुमारलाई त्यो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुरा थाहा थिएन। उनीप्रति मोहित भई ती केटीसँग शारीरिक संसर्गमा आउन खोजे। तर संसर्गमा आउनुभन्दा अगाडि नै राजकुमारको वीर्य स्खलन भयो। तब उनले हतपत्त एउटा पातको दुनामा सो हाली केटीको गर्भमा प्रवेश गराए र पछि ती केटीबाट बच्चा जन्मे। पातको दुनामा राखी बच्चा जन्मेको हुँदा 'दुनुवार' भएको हो। यसरी डुकु गाउँका मानिसहरू आफूलाई कुमारीका सन्तान मान्दछन्।

यी भनाइहरू सत्यताभन्दा अनुमान र कथाहरूमा आधारित भएकाले पत्यारिला छैनन्।

सारांशमा, दनुवारजातिको रहनसहन र जीवनपद्धतिलाई हेरेर खोला छेउका दून प्रदेश र तल्लो उपत्यकामा बसोबास गर्ने भएकोले तिनलाई 'दनुवार' भनिएका हुन् भन्ने पनि विद्वान्हरूको भनाइ छ। अरू कथाको तुलनामा यो नामाकरण विशेष पत्यारिलो लाग्छ। अर्को शब्दमा, प्रचलित कथा अनश्रुतिमा जे भनिए पनि यो जाति खोँच-उपत्यका वा 'दून' प्रदेशमा नै मूलतः बसोबास गरिआएको देखिनाले 'दूनवार' बाट 'दनुवार' नाम हुनु स्वाभाविक लाग्छ भन्ने प्रस्तुत अनुसन्धानकर्ताको राय छ।

३. जनसंङ्ख्या

नेपालको २०५८ सालको जनगणनाअनुसार नेपालमा दनुवारहरूको संख्या ५३,२२९ (०.२३) रहेको छ। जसमध्ये पुरुषको सङ्ख्या २६,१९२ र महिलाको सङ्ख्या २७,०३७ रहेका छन्। दुनवारहरूको सबैभन्दा बढी जनसङ्ख्या सिन्धुली जिल्लामा भएको पाइन्छ भने दोस्रो स्थानमा काभ्रेपलान्चोक जिल्ला रहेको देखिन्छ। त्यसपछि बसोबासका दृष्टिले सिन्धुपाल्चोक, उदयपुर, धादिङ, नुवाकोट, मोरङ, सर्लाही, धनुषा, झापा, ललितपुर, सिराहा, सुनसरी आदि जिल्लाहरू रहेका छन्। मातृभाषाअनुसार यिनीहरूको सङ्ख्या भने ३१,८४९ मात्र रहेको पाइन्छ।

४. इतिहास

नेपालमा दनुवारजातिको प्राचीनताबारे अध्ययन गर्दा यो जाति नेपालको किरातकालदेखि नै बसोबास गर्दै आएको कुरा पाँचखाल, काभ्रेका दनुवारहरू बताउँदछन्। उनीहरूको भनाइअनुसार यो जाति लिच्छविकालमा निकै विकसित थियो। उक्त कालका केही माटाका भाँडा, माटाका मुद्रा तथा इँटाहरू जस्ता पुरातात्त्विक महत्त्वका सामग्रीहरू उपलब्ध भएबाट उक्त कुराको अनुसमान गरिएको प्रतीत हुन्छ तर नेपालमा दनुवारजातिको प्राचीनताबारे पर्याप्त खोज भएको पाइँदैन।

दनुवारजातिको नेपाल आगमनबारे चर्चा गर्दा दनुवारलाई थारूजातिकै एक शाखा मानी दनुवारजातिका पुर्खाहरू पशिचम भारतको सिन्धुघाटी क्षेत्रको थार मरुभूमिबाट आएका हुन् भन्ने एक थरी विद्वान्हरूको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनाइ छ। तर यिनीहरू नेपालमा कहिले र कसरी प्रवेश गरे भन्ने तथ्यचाहिँ अझै प्रस्ट गर्न बाँकी नै छ। दनुवार स्वयम्लाई पनि आफ्ना पुर्खाबारेमा राम्ररी जानकारी छैन। हाल थारू लेखक विद्वान्हरूले आफ्नो जातिको इतिहास उत्पत्तिको खोजीबारे कलम चलाउन थालेका छन् तर दनुवारहरू यस कार्यमा अझै निकै पछि छन्। अतः यो काम इतिहासकार र मानवशास्त्रीबाट हुनु जरुरी छ। आफ्नो जातिको सम्बन्ध थारू र ठाकुर परिवारसित भएको र ती आर्यमूलका भएको कुरा भने दनुवारहरू मान्दछन्।

काभ्रेको पाँचखाल क्षेत्रमा बसोवास गर्ने दनुवारहरू आफूलाई राजपूत परिवारका मानी आजभन्दा ४०० वर्षअगाडि सुनकोसीको किनारैकिनार माछा मार्ने र सिकार खेल्ने क्रममा उक्त ठाउँमा आइपुगेका र त्यही बसोबास गरेको कुरा दावी गर्दछन् (लामिछाने : २०५२, पृ.१३)।

कर्णाटवंशीय शासकसित पनि दनुवारजातिको उत्पत्तिको कथा गाँसिएको पाइन्छ। चौधौँ शताब्दीतिर नेपाल तराईको सिमरौनगढका अन्तिम कर्नाटवंशीय राजा हरिसिंह देवको पतनपछि राजा र राजपरिवारसहित आफ्ना सेनामेना आदि अनुयायीका साथ सिमरौनगढबाट नेपालको पहाडी क्षेत्र हुँदै कमला नदी क्षेत्रमा पसेर त्यहाँबाट पनि उँभो लागे। सिन्धुली-रामेछाप क्षेत्रको तीनपाटनमा पुग्दा राजा हरिसिंह देवको मृत्यु भयो। यसै क्रममा विविध जातिहरू तराईबाट पहाड र खोँचतिर बसाइँ सर्दै आउँदा दनुवारजाति पनि आएको हुन सक्ने देखिन्छ। यसरी चौधौँ शताब्दीमा सिमरौनगढ राज्यबाट यो जाति नेपालमा फैलिएको हो भनेर यदाकदा उल्लेख गरेको पाइए तापनि त्यस बखत त्यहाँ डोयहरूको चहलपहल रहेको, तर डोयहरू दनुवार हुन् वा को हुन् भन्ने कुरा प्रस्ट गर्न नसकेको कुरा इतिहासकार धनवज्र वज्राचार्यले बताएका छन् (वज्राचार्य : पृ.२०-३१)।

प्रचलित एक मतानुसार दनुवारका पुर्खा किरात हाङबाका दस छोरामध्ये कान्छा छोरा धिरूकपाका सन्तान हुन्। तर दनुवार यिनीहरू इन्डोआर्यन मूलको भाषा बोल्छन्। यो जाति मङ्गोल मूलका मानिने किरातजातिभन्दा फरक देखिन्छ। यसमा भोजपुरी, हिन्दी, मैथिलीको प्रभाव परेको पाइन्छ। यद्यपि यिनीहरूको छुट्टै साहित्यिक विकास भने देखिएको छैन। भाषाविद् बालकृष्ण पोखरेल भाषाको हिसाबले दनुवारी भाषालाई भारोपेली परिवारको मगधी भाषाबाट आएको मान्छन्। केही विद्वान्हरू भारतको अवधी वा मगधी भाषा बोलिने क्षेत्र दून प्रदेशको निश्चित स्थान विशेषको प्रथम बसोवास र त्यहाँबाट अन्यत्र फैलिए भन्ने मान्छन् तर कसरी फैलिए भन्नेबारे निर्क्यौल गर्न बाँकी नै छ। अर्काथरि विद्वानका विचारमा भारतमा मुसलमानी आक्रमणबाट बच्नका निम्ति नेपालको जङ्गलभित्र पसेका राजपूतहरू नै यिनका पुर्खा हुन् भन्ने प्रसङ्ग प्रस्तुत गरे पनि दनुवारहरूको रहनसहन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृतिबाट उनीहरू हजारौँ वर्षअघिदेखि यहाँ बसोबास गरेको अनुमान गर्न सकिन्छ ।

ललितपुर जिल्लाका डुकुछाप गाउँका दनुवारहरूलाई आफ्नो उद्गम स्थानबारे ज्ञात छैन । उनीहरू सुरुदेखि नै यहीँ बसोबास गर्दै आएका कुरा बताउँछन् । तर पौराणिक कथाअनुसार यिनीहरूको आगमन नेपालमा मच्छिन्द्रनाथको प्रवेशसँगसँगै भएको थाहा हुन्छ । यहाँका दनुवारहरू आफ्ना पुर्खाले मच्छिन्द्रनाथलाई डोकोमा बोकेर कोटवाल दह ल्याएको कुरा बताउँछन् । यहाँका दनुवारहरूको शारीरिक, संस्कृति तथा भाषाको अवलोकन तथा अध्ययनबाट तराई तथा मधेसबाट यतातिर प्रवेश गरेको थाहा हुन्छ । मत्स्येन्द्रको प्रवेश उपत्यकामा हुँदा त्यस दलमा समावेश भएर उनीहरू यता आएको हुनु अस्वाभाविक लाग्दैन । पृथ्वीनारायण शाहले शक्तिसम्पन्नहरूले निमुखालाई दुःख दिँदा नियम बसाली यस जातिलाई आइन्दा दुःख नदिनू भनी उल्लेख गरेका जातिमध्येमा दनुवार पनि एक पर्दछन् ।

दनुवारजातिमा सम्पन्न गरिने सामाजिक संस्कारहरू

नेपाली समाजमा रहने हरेक जाति वा समुदायको आ-आफ्नै प्रकारका संस्कारहरू छन् । सबै जाति र समाजमा गरिने संस्कारहरू उत्तिकै महत्त्वपूर्ण छन् र एकबाट अर्कोमा भिन्न देखिन्छन् । संस्कारहरू जीवनलाई शुद्ध पार्नु, जीवन तथा परलोकमा सुधार गर्ने, उद्धार तथा परमात्मा प्राप्तिको लागि गरिन्छ । संस्कार भनेको गर्भाधानदेखि मरणपछिसम्म पनि शरीर पवित्र पार्ने साधन हो भन्ने मनु तथा अरू विद्वान्हरूको भनाइ छ । प्रत्येक संस्कार साङ्केतिक आहुतिद्वारा सम्पन्न हुन्छन् । विभिन्न धर्मसूत्रहरूमा समाजमा गरिने संस्कारहरूको सङ्ख्या भिन्नभिन्न उल्लेख गरे तापनि मानिसले जन्मदेखि मृत्युसम्म गर्ने महत्त्वपूर्ण १६ वटा संस्कारलाई मात्र अपनाएका छन् । हरेक जातिभित्र विशेष खालका संस्कार हुन्छन् जसको आ-आफ्नै प्रकारका साङ्केतिक विशेषता हुन्छन् । त्यस्तै दनुवारजाति पनि आफ्नै ढङ्गले संस्कारहरू सम्पन्न गर्ने प्रचलन छ । यहां हिन्दू जातिहरूको बाहुल्यता रहेको र दनुवार पनि हिन्दूधर्मबाट प्रभावित भएकाले यहीअनुसार नै संस्कारहरू रहेको पाइन्छ–

१. जन्म

प्रत्येक समाजको संस्कृतिको आधारको रूपमा संस्कारहरूको जन्म र विकास भएको पाइन्छ । दनुवार समाजमा छोराछोरी जन्मनुभन्दा अगाडि गर्भवती अवस्थामा त्यति केही संस्कार भएको पाइँदैन । गर्भवती आइमाईको स्वास्थ्यलाई ध्यानमा राखी गर्भवतीले जहाँ पायो त्यहाँ, जे पायो त्यो खानु हुन्न, घ्यू, मह र कुभिन्डो खानु हुन्न, त्यसको पेटको बच्चालाई असर पर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अरूको वच्चालाई छोएमा रुन्चे लाग्छ। पेट ठूलो भएपछि मेला र भीर-पहरातिर जानु हुन्न, घरैमा बसेर सानोतिनो काम गर्नुपर्छ। तेलमा भुटेको खानेकुरा खानु हुँदैन। अमिलो पिरो खाएमा बच्चाको घाँटी पाक्छ र अकालमा मृत्यु हुन्छ। अर्काको वस्तुभाउलाई छुनु हुन्न। बच्चा जन्मिँदा रीत नपुऱ्याए नकारात्मक प्रभाव पर्छ भन्ने दनुवारहरूको लोकविश्वास छ। त्यसैले वच्चा जन्मिँदा कोठा सफा गर्ने, कुलायन पुकार्ने, मन्त्रोच्चारण गर्ने र घडीपला हेर्ने काम गर्दछन्। यसो गर्नुको अर्थ जन्मिने बच्चा वा जन्म दिने आमाको सुस्वास्थ्यको कामना गर्नु हो।

कच्छाडी दनुवार समुदायमा बच्चा जन्मिने दिन हजाम वोलाएर नङवारी गरी रङ लगाइदिए सुत्केरी सुरु हुने र सुत्केरीको वरिपरि माछाको जालले वेरी मकला र बहिया गाड्दा सुत्केरीलाई चोरा भन्ने राक्षसले सताउँदैन भन्ने विश्वास छ।

बच्चा जन्मेपछि माछा मार्ने जालले कुना घेरेर सुत्केरी बस्नका लागि ठाउँ बनाइन्छ। सुत्केरीको छेउमा भाला वा धान वोक्ने वहिया गाडिन्छ। दनुवार भाषामा भालालाई *मकला* र वहियालाई *सुगार* भनिन्छ। सुत्केरीको छेउमा माछा मार्ने जालले घेर्ने र भाला तथा वहिया गाड्ने कारण चोरा भन्ने राक्षसले नछोओस् भनेर गरिन्छ। बच्चाको नाभी काट्नेलाई *डगर्नी* भनिन्छ र नाभीलाई *पुरेन* भनिन्छ। डगर्नीले बच्चाको पुरेन काटेर माटोमा गाड्ने चलन छ। यसरी क्षत्रीबाहुनले वच्चाको न्वारान गरेजस्तै कछाडीहरूले वच्चा जन्मेको छैठी दिनमा छठियार गरेर जन्मसम्बन्धी विधि सकाउँछन्।

सुत्केरी सुत्ने ओछ्यानलाई दनुवारी भाषामा 'सोइरीघर' भनिन्छ। छठियार संस्कार सकिएपछि मात्र सुत्केरी सोइरीघरबाट बाहिर आउँदछन्। यसअघि सुत्केरी र बच्चालाई वाहिर निकाल्ने गरिँदैन। छठियारमा सुत्केरी आमा र बच्चालाई नुहाइदिइन्छ र हातखुट्टाको नङ हजाम वा लौवाद्वारा कटाइन्छ। विधिअनुसार धागोको पाँच टुक्रा बनाइएको हुन्छ, जुन सुत्केरी आमाले नारीमा एक टुक्रा कुइनोमा, एकटुक्रा खुट्टामा, एकटुक्रा ढाडमार गर्धनमा एक टुक्रा लगाउनुपर्ने हुन्छ।

बच्चा जन्मेको १२ दिनमा सुत्केरी आमाले नुहाइधुवाइ गर्नुपर्दछ र नयाँ लुगा लगाउनुपर्दछ। घरको इनार यदि विवाहित छ भने पूजा तथा सिँदुर र दान गर्ने चलन छ। यदि अविवाहित इनार रहेको खण्डमा पूजा गरी हर्दिदान, धान दान गर्नुपर्दछ। यसरी इनारको पूजा गरी चोखिने चलन दनुवारजातिमा रहेको पाइन्छ। बच्चाको जन्ममा बाबुको पनि केही विधि रहेको पाइन्छ। जस्तो छैटौं दिनमा बाबुले कपाल खौरिनुपर्दछ साथै हात गोडाको नङ काट्नुपर्दछ। सुत्केरी आमाले छैटौं दिनको दिन भात पकाउँछिन्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र पाँच जना केटाकेटीको टाउको छुवाइदिन्छिन्। यसको उद्देश्य बच्चालाई सधैं सुख राम्रो होस् भन्नु हो।

काभ्रेका राई दनुवारहरूको जन्मसंस्कार कछाडीहरूको भन्दा अलि भिन्न प्रकारको पाइन्छ। यस समुदायमा बच्चा जन्मनासाथ कुखुरा काटेर त्यसको रगतले नुहाइदिने चलन छ। नाल वेडाउने कार्य कि त सासूले कि त आमाले गर्दछिन्। अनि सो माललाई माटोमा गाड्दछन्। सुत्केरीलाई कम्तीमा ३ दिन र बढीमा ११ दिनमा चोख्याउने चलन छ। दनुवारहरू बच्चा जन्मेको दिनदेखि न्वारान गर्दासम्म घरको मूलढोकामा भूतप्रेतबाट आमा र बच्चाको रक्षा गर्न आगो बाल्छन्, लट्ठी, हतियार र माछा मार्ने जाल राख्छन्।

ललितपुर जिल्ला डुकुछाप गा.वि.स.को दनुवार समाजमा बच्चा जन्मिँदा अलग्गै कोठा वा घरको कुनै निश्चित ठाउँमा गुन्द्री बिछ्याउँछन्। छोरा जन्मेमा यसले काजकिरिया गर्छ भनेर खुसी हुन्छन्। पहिलो पटक बच्चा जन्मिए मावली र गाउँघरमा कोसेली बाँडछन्। बच्चा जन्मिँदा बच्चाको शरीरमा फोका नआऊन् भनेर सालनाल कमिला नलाग्ने ठाउँमा गाड्ने चलन छ। बच्चा जन्माउने वेलामा अप्ठयारो भए वा जन्माउन नसके झाँक्री वोलाउँछन्। झाँक्रीले पानी मन्त्रेर उल्टो खान दिन्छन्। जन्मिने बेलामा झाँक्रीहरूले बत्तीस कोठारा खुलासा गरेर ल्याऊन् भनेर मन्त्र पढछन्। मन्त्र पढ्दा दक्षिणकाली, भैरव र मच्छिन्द्रलाई पुकार्छन्। बच्चा जन्मिँदा माइतीपट्टिकाले आफ्नो खलको रगत देख्नु हुन्न भन्ने लोकविश्वास छ। सुत्केरीलाई चामलको पीठो पिँधेर त्यसलाई पड्काएर ज्वानोसँग मिसाई त्यसैको झोल खान दिन्छन्। सुत्केरीले भाला (सुत्केरी भएको बेला विछ्याएको पराल) नडढाएसम्म पानी छुनु हुँदैन। बच्चा जन्मेको ३ दिनसम्म सूतक बार्छन् र ३ दिनपछि नाऊले सम्वन्धित दाजुभाइको नङ काटिदिन्छन्।

सुत्केरीले कुलदेवता नरिसाऊन् भनेर घरको मझेरी (भुइँतला) मा बस्नुपर्ने हुन्छन्। यो चलन आजभोलि हराउँदै गएको छ। बच्चा जन्मेपछि घरमा ६ दिनसम्म बत्ती निभाउँदैनन्। न्वारान गर्ने दिनसम्म सुत्केरीले चुलो र पानी छुँदैनन्। चोख्याउने दिन आमा र बच्चालाई नुहाइदिइसकेपछि सुनपानी छर्कने चलन छ। सुनपानी छर्कंदा वालबच्चाको रक्षा गर तेत्तीसकोटी देवदेवता र धर्तीमाता भनी पुर्खाछन् जसलाई दसा काट्ने भन्छन्।

गर्भवतीको अवस्था सामान्य रूपमा छ भने धेरैजसोले घरमै सुत्केरी गराउँदछन्। सुत्केरी हुने गर्भवती आमाको अवस्था अलि चिन्ताजनक छ र घरमा वच्चा जन्माउँदा आमा तथा वच्चालाई खतरा हुने देखिएमा नजिकको अस्पताल वा स्वास्थ्य चौकीमा लगिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दनुवार समाज परम्परामा आधारित हुनाले गाउँमा पुरानै चलन रहेको पाइन्छ। पहिले वच्चाको नाभी हँसियाले काट्ने गरिन्थ्यो जसले गर्दा बच्चालाई घाउ भई धनुषटङ्कारको डर हुन्थ्यो। अहिले दनुवारहरूमा चेतनाको विकास बढ्दै गएको हुँदा तालिम प्राप्त सुँडेनीवाट वच्चा जन्माई बच्चाको नाभी सफा नयाँ ब्लेड, चक्कू वा छुराको प्रयोग काट्ने गरेको पाइन्छ।

हाल दनुवार गाउँका केही महिलाहरूले नजिकको अस्पताल स्वास्थ्य चौकीहरूमा सुँडेनी तालिम लिएका पाइन्छन्। यसले गाउँघरमै वैज्ञानिक पद्धतिवाट बच्चा जन्माउन सजिलो भएको कुरा स्थानीय दनुवार महिला बताउँछन्। यसरी दनुवारजातिमा चेतनाको विकास हुँदै गएको प्रतीत हुन्छ।

२. न्वारान

वच्चा जन्मेको ७ अथवा ११ दिनमा न्वारान गरिन्छ। न्वारान गर्ने दिन घरभरि लिपपोत गरिन्छ। घरकी बूढी आमाले नाङ्लोमा माटो हँसिया, कपडा आदि राखेर बच्चालाई लिन लगाउने चलनसमेत कसैकसैमा छ। पहिलो वच्चाको न्वारान गर्दा आफन्त गाउँलेलाई खप्रीपीठा (चामलको रोटी) बाँड्ने चलन छ। पहिले सुत्केरी बच्चा र उसको वाबुले नुहाउँछन्। त्यसपछि बच्चाको नङवारी गरेर कुखुरा काटी टीकाभैरवको पूजाआजा गर्छन्। बच्चा जन्मिँदा सहयोग गर्ने झाँक्री र सुँडेनीलाई 'छेवरा देमिला' (छेवर हुँदा दिउँला) भन्छन् र छेवरमा जन्मिँदाको भाग भनेर लत्ताकपडा दिन्छन्। चुलाले पिराए वच्चाले आँखा नदेख्ने लोकविश्वास भएकोले 'झुनपिराउ' भनेर न्वारानका दिन चुलामा कुखुराको वलि, चामल, फूल र अक्षता चढाउँछन्।

बच्चाको न्वारानको दिनमै नाम पनि राख्ने गरिन्छ। घरको मूली मान्छेले वच्चाको नाम राख्ने चलन छ। नाम राख्दा कुनै शिशु जन्मेको दिन र वारको हिसाबले राखिन्छ भने कसैको देवताको नामवाट राख्ने गरिन्छ। जस्तो – बुधबारको दिन जन्मेको वच्चाको नाम बुधलक्ष्मी, शुक्रवार जन्मेकोलाई सुख, मङ्गल आदि। त्यस्तै देवताको नामबाट रामकृष्ण, विष्णुहरि, किशन आदि नाम राख्ने चलन छ। पहिलापहिला बच्चाको न्वारान गर्दा दनुवारहरू सक्नेले आफन्त, इष्टमित्रहरूलाई सेलरोटी बाँड्ने, मामाहरूलाई बोलाई खुवाउने प्रचलन थियो। अचेल पहिलो बच्चा जन्मेपछि मात्र उक्त नै आइमाईहरू घरधन्दामा लाग्ने गरिन्छ। माइतीमा सुत्केरी पाल्ने चलन दनुवार समाजमा पाइँदैन। कसैकसैले मात्र आफुखुसी छोरीलाई माइतीमा ल्याई सुत्केरी स्याहार्ने गरेको पाइन्छ।

राई दनुवार समुदायमा छोराको नाम राख्दा वाबुले छोराको माथिल्लो ओठमाथि दूबोको जुगा र निधारमा मोहरको टीका लगाई दिन्छन् भने छोरीलाई दूबोको माला, फूल र पैसाको टीका लगाई दिने चलन छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

न्वारानको दिन बेलुका नाङ्लोमा ६ पाथी धान राखी त्यसमाथि टपरीमा १ माना चामल र पैसा राखी बत्ती बाल्ने गर्दछन्। यसपछि केराको पातमा चामल लिएर न्वारान भायो भनेर बुढि आमाले भन्ने गर्छिन्। यस दिन सबै आफन्तहरूलाई निम्ता गर्दछन्। निम्ता मान्न प्रत्येक घरबाट १/१ जना महिलाहरू आउने गर्दछन्। यिनीहरूले दुई माना धान र दक्षिणा ल्याई बत्ती बालेको ठाउँमा मिसाइदिने गर्दछन्। त्यो धान सुत्केरीले मात्र खानुपर्दछ भन्ने यिनीहरूको धारणा छ। न्वारानको दिन यिनीहरूले कुखुरा काटी नामकरण भोजको आयोजना गरेको हुन्छ। निम्तालुहरूलाई जाँड, रक्सी, मासु खान दिइन्छ।

यस प्रकार कछाडी र राई दनुवाहरूको जन्म संस्कारमा पूर्णरूपमा भिन्नता रहेको पाइन्छ तापनि जन्मले अपवित्रता ल्याउँछ, निश्चित समयमा शिशु र सुत्केरीलाई चोख्याई सामान्य रूपमा ल्याउनुपर्छ भन्ने मान्यताचाहिँ सबै दनुवारमा समान रूपले रहेको छ।

३. पास्नी (अन्नप्राशन)

दनुवार समाजमा भात खुवाउने संस्कार त्यति प्रचलित छैन। आर्थिक स्थिति कमजोर भएको वा पास्नी गर्ने समयभन्दा पहिले नै बच्चालाई भात खुवाइदिने गरेकोले यो संस्कार केही दनुवार समुदायमा मात्र छ। हिन्दूसंस्कारमा छोरी जन्मेको भए ५ महिनामा र छोरा जन्मेको भए ६ महिनामा पास्नी (भातखुवाइ) गर्ने प्रचलन छ। ब्राह्मण, क्षत्री, ठकुरी, नेवार आदि जातजातिका सम्पर्क र सामिप्यमा रहेका दनुवारजातिले मात्र ब्राह्मण पुरोहितकै सहयोगले पास्नी वा भातखुवाइ संस्कार सम्पन्न गर्ने गरेको पाइन्छ।

यो संस्कारमा मावलीको प्रमुख भूमिका हुन्छ। पास्नीको दिन मामाले बच्चालाई खीर वा पकवान खुवाइदिन्छन्। भानिजलाई खुवाएपछि मामाले खाने अनि अन्य सहभागीले खाने गर्दछन्। मामाले सो दिन भानिजलाई चरेसको थाल र सुनको मुन्द्री दिने चलन छ। इष्टमित्रहरूले सगूनको रूपमा फुल, सेल, तरकारी र जाँड ल्याउने गर्दछन् र कापी कलम र कपडा उपहार दिन्छन्। यो दिन दियो बाली धर्तीपूजा गरेर चारै दिशामा मिल्काई बच्चाको ग्रहदशा काट्ने चलन छ।

४. छेवर संस्कार (मठमरानी)

दनुवारी भाषामा छेवर (मुण्डन) संस्कारलाई 'मठमरानी' भनिन्छ। यो संस्कार कछाडिहरूले बच्चाको उमेर कम्तीमा १ वर्षको हुँदा सम्पन्न गर्छन्। खास गरी यो संस्कार गर्ने समय कार्तिक पूर्णिमा हो। दोस्रोमा मङ्सिर पूर्णिमामा पनि यो संस्कार गर्ने गरेको पाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लौवा ठाकुरबाट बच्चाको अलिकति कपाल काट्न लगाइन्छ। सो काटेको रौँ बोकेर बावु नदीमा जानुपर्दछ। काटेको रौँ पूजाको ठाउँमा राखिन्छ। छोरा जन्म हुँदा पाठी चढाइन्छ भने छोरी हुँदा परेवा पूजा गरी चढाउने गरेको पाइन्छ। यस छेवर संस्कारको दिन बच्चाकी आमाले नयाँ कपडा फेरेर शृङ्गार गर्दछिन्, सिन्दूर लगाउँदछिन्। यस दिन समाजको सबैजसोलाई प्रसादीको रूपमा खानपिन गराइन्छ। अन्यथा सबैजसो दनुवारहरूले नदीमा गएर नै यो संस्कार सम्पन्न गर्दछन्।

राई दनुवारमा यो संस्कार ३ वर्षपछि विवाह हुनुअघिको बिजोर वर्षमा गर्ने चलन छ। यस संस्कारमा मामाको मुख्य भूमिका रहेको हुन्छ। महिनादेखि एक हप्ताअगाडि नै मामा र दाइभाइहरूलाई सिङ्गो सुपारी र एउटा पैसा राखी निम्ता पठाउँदछन्। छेवरको अघिल्लो रात मामालाई भोज खुवाउन बोलाउनुपर्दछ जसलाई ध्याम्पो फुटाउने भन्ने गरिन्छ। भोलिपल्ट माामाहरू भोकै आउनुपर्दछ। सकेमा सबै मामाले नसके मुख्य मामाले छेवर गरिने भान्जाको लागि दौरा सुरुवाल, टोपी, मुन्द्री, फेटा, पटुका, जुत्तामोजा ल्याउनुपर्दछ। सबै मामाहरूले थाल अनिवार्य ल्याउनुपर्दछ। साथै मुख्य मामाले २ वटा सोली र गुन्द्री ल्याउँछन् भने अरू मामाले १/१ वटा सोली ल्याउँछन्।

मामाले केराको पातको छुराले कपाल काटेजस्तो गदर्छन्। पछि धातुको छुराले काट्दछन्। यसरी काटेको कपाल भुइँमा नराखी दिदी वा बहिनीले टपरीमा थाप्दछन्। त्यस कपाललाई घरमै राखिन्छ। कुमारको टिक (टुप्पी) र पगरीमा बाँधेको पैसा आमाको हुन्छ। थालमा राखेको दक्षिणा घरकोषमा जान्छ। यो संस्कार गरिँदा कुनै मन्त्र फुकिँदैन। गाउँको जेठोबाठो व्यक्तिले परम्परादेखि गर्दै आएको विधिहरू बताएअनुरूप कर्म गरिन्छ।

छेवर भएको ३/५/७ दिनमा छुरा फर्काउने विधिको लागि मामा तथा मावलीतर्फको बूढापाकाहरूलाई बोलाइन्छ र मामा तथा मावली सबैलाई भोज खुवाइन्छ। यो विधि खासगरी काभ्रे जिल्लामा रहने राई दनुवारहरूले चलाएको पाइन्छ। तर अन्य राईहरूको विधि पनि यस्तै किसिमको रहेको पाइन्छ।

५. विवाहसंस्कार

हिन्दूसंस्कृतिमा विवाहलाई एक महत्त्वपूर्ण संस्कार मानिएको छ। हिन्दूधर्ममा व्यक्तिले चुकाउनुपर्ने तीन मुख्य ऋृणहरू –देवऋृण, ऋृषिऋृण र पैतृक ऋृणको. उल्लेख गरिएको पाइन्छ। हिन्दूधर्मको मुख्य उद्देश्य व्यक्तिले पितृऋृण चुकाउनु हो। पितृऋृण चुकाउन र वंशलाई निरन्तरता दिन विवाहसंस्कारलाई एक महत्त्वपूर्ण पक्ष मानिन्छ। हिन्दूशास्त्रअनुसार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गृहस्थाश्रम विवाहपछि मात्र सुरु हुन्छ। प्राचीन ग्रीस र रोमन सभ्यतामा पनि विवाहलाई एक सम्मानित र पवित्र रूपमा लिइन्थ्यो।

हिन्दूसंस्कारमा विवाह आठ प्रकारका रहेका छन् भने दनुवार समाजमा विवाह केही आफ्नै प्रकारको विवाहको संस्कार रहेको पाइन्छ। तल तिनको चर्चा गरिएको छ :

(क) मागी विवाह

नेपालमा सर्वत्र प्रचलित विवाहको नाम हो मागी विवाह। यसमा विवाह हुने केटा र केटीको भन्दा उनीहरूको बाबुआमा र नाता-कुटुम्बको निर्णयको भूमिका महत्त्वपूर्ण हुन्छ। निश्चित उमेर पुगेपछि केटा र केटी कुनै पक्षले पनि आफ्ना छोरा वा छोरीको विवाहको लागि योग्य जोडी खोज्ने प्रक्रिया सुरु गर्न सक्छ। तर नेपाली संस्कृतिमा यस्तो काम केटातर्फबाट हुने अथवा केटाका अभिभावकले अमूक परिवारमा गई योग्य कन्या आफ्नी वधूको लागि माग्ने हुनाले यस विवाहलाई मागी विवाह भनिएको हो। माग स्वीकृत भएपछि स्थान र प्रचलनअनुसार विभिन्न विधिहरू पूरा गर्दै अन्तमा विवाह सम्पन्न हुन्छ। यसमा जातिअनुसार पुरोहितको संलग्नता हुन्छ र शास्त्रअनुसार विधि पुऱ्याई यो विवाह धार्मिक रीतिले सम्पन्न हुन्छ।

नेपालका आदिवासी समुदायमा पनि मागी विवाहको प्रचलन छ। तर डुकुछापका दनुवारहरूमा यो विवाह खर्चिलो हुनाले त्यति लोकप्रिय छैन। सिराहाका दनुवारहरू छोरा जन्मिँदा रुन्छन्, किनभने छोराको विवाहमा धेरै आर्थिक भार बेहोर्नुपर्ने हुन्छ। दुलहीकी संगिनीलाई पनि साडी र चोलो अनिवार्य दिनुपर्छ, दिन नसके अपमान सहनुपर्छ। तराईका दनुवारहरूमा भने मैथिली संस्कृतिको प्रभाववाट मागी विवाह गर्ने चलन छ।

(ख) केटी भगाई विवाह गर्ने अथवा तान्ने विवाह

यस प्रकारको विवाह दनुवार समाजमा लोकप्रिय तथा अत्यधिक प्रचलित रहेको पाइन्छ। यस विवाहमा केटा र केटीबीच माया बसेपछि उनीहरू विवाह गर्ने स्थितिमा पुग्दछन् र एकआपसमा सल्लाह गरी घरबाट भाग्दछन्। यस प्रकारको विवाहमा सुरुमा आमा बाबुको स्वीकृति लिइँदैन। केही दिन वाहिर लुकेर बसी पछि समय र परिस्थिति मिलाएर केटाले केटीलाई आफ्नो घरमा लैजान्छन्। गाउँघरमा यस विषयमा थाहा भएपछि केटा र केटीका दुवैतर्फका बाबुआमाहरू आपसमा भेटी सल्लाह गर्छन्। दुवै परिवारबीच सल्लाह मिलेपछि केटाले केटीको सिउँदोमा सिन्दूर हालिदिन्छन्। यो कार्य सकेपछि बेहुलापक्षले बेहुलीको माइतीमा सगुन लानुपर्छ। सगुनमा कुखुराको मासु, सेलरोटी, आधी माना रक्सी, जाँड आदि कोसेली लग्नुपर्छ। त्यसपछि बेहुलापक्षले पनि बेहुलीको माइती दाजुभाइ, सम्धीलाई बोलाएर भोज खुवाउँछ र वेहुलीपक्षले पनि वेहुलाको आमावाबु, दाजुभाइलाई भोज

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खुवाउँछन् । यसरी दुई परिवार नातेदारीमा परिणत हुन्छन् । यस्तो विवाहमा दाइजो दिने चलन नभएको देखिन्छ । कम खर्च, सरल विधि, कम जनसहभागिता नै यस विवाहको विशेषता हो । यस प्रथाले दनुवार समाजमा प्राचीन वा कृषिपूर्व युगको सरल वैवाहिक विधिले निरन्तरता पाएको बुझ्न सकिन्छ ।

तान्ने विवाह प्रचलनमा कुनै केटी मन परी र माग्न जाँदा दिएनन् भने केटाहरू मिलेर केटी मेलापात वा पानीपँधेरो गएको मौका छोपी केटीलाई तानेर एउटा घरमा राख्ने गर्दछन् । विवाह गर्न आउनुपूर्व फलानो ठाउँमा तान्न आउनू भनेर सल्लाह गरी विवाह गरेका उदाहरण पनि पाइन्छन् । केटी राम्री छ र केटाले मन पराएको छ भने सरसल्लाह बमोजिम आफ्ना साथीभाइहरू बोलाई केटीको वाटो ढुकेर केटीलाई तानी कुनै एउटा घरमा राख्छन् । आमावावुलाई कहिलेकाहीँ फलानो केटोले हाम्री छोरीलाई तानेछ भन्ने जानकारी पनि हुन्छ र केटालाई सजायस्वरूप लौराले हिर्काउने चलन छ । केटाले आफ्नी छोरीलाई त्यसरी तानेर लगी कुनै घरमा राखेको थाहा पाएमा पछि लमी अथवा केटा वा केटीका सँगिनीहरूले आमावावुलाई सम्झाई उनीहरूको विवाह गराउन खुसीराजी भएमा केही दिनपछि केटापट्टिवाट रक्सीजाँड, कुखुरा र अन्य कोसेली लगेर जरिवानास्वरूप माइतीलाई खुवाउँछन् ।

(ग) जारी विवाह

नेपाली समाजका अन्य समुदायमा जस्तै अर्काकी श्रीमतीलाई उसको पहिलेको लोग्ने हुँदाहुँदै भगाएर गरिने जारी विवाह यहाँका दनुवार समाजमा पनि स्वीकृत विवाहको रूपमा छ । तर यसको प्रचलन निकै कम पाइन्छ । जारी विवाह गर्नेले पीडित पक्षलाई रु. एक हजार एक तिर्नुपर्ने दनुवार पञ्चहरूले निर्धारण गर्थे । हाल सो रकम रु. ५,००० पुगेको पाइन्छ ।

(घ) प्रेमविवाह

दनुवार समाजमा प्रेमविवाह पनि प्रसिद्ध छ । मेलापात जाँदा, घट्ट पिँध्दा, स्कुल पढ्दा, काम गर्न जाने ठाउँमा सँगै भेट्दा केटा र केटीबीच प्रेम हुन्छ र विवाह गर्छन् । आजकाल सञ्चारसुविधा र पारस्परिक सम्बन्धले गर्दा अन्य ठाउँका गैर दनुवारसँग विवाह गरेका उदाहरण बढ्दै छन् । प्रेमविवाह ढाडखोला र धुनीबेसीका दनुवार, पहरी र नेवारसँग गरेको देखिएको छ । दनुवारजातिमा जति पटक विवाह गरे पनि 'नेग' बुझाउने चलन छ । 'नेग' एक प्रकारको विवाह दस्तुर हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(ङ) अन्तरजातीय विवाह

अचेल दनुवार समुदायमा अन्तरजातीय विवाहको प्रभाव र प्रचलन पनि बढिरहेको छ । सञ्चारको प्रभाव र बाहिरी समाजसँगको सम्पर्क यसको मूल कारण हो । दनुवार केटी वा केटाले अन्य जाति क्षत्री, बाहुन, तामाङ , नेवार आदि जातिसँग विवाह गरेका उदाहरण पाइन्छन् ।

माथि दनुवार समाजमा हुने विवाहका विविध प्रकारको सामान्य चर्चा गरियो । यस समाजमा परम्परागत रीतिथिति र मान्यताले अहिलेसम्म बलियो जरो गाडेको पाइन्छ । वरिपरि गैरदनुवार समाज भए पनि दनुवारहरूको आफ्नै सामाजिक परिवेश छ । उदाहरणका लागि केही दनुवार समाजमा अन्तरजातीय विवाह शून्यप्राय छ । यहाँका युवायुवती दनुवार समाजभित्र नै वैवाहिक सम्वन्ध हुनुपर्छ भन्ने मान्यता अहिले पनि राख्दछन् । दनुवार समुदायमा विधवा भाउजूलाई देवरले स्वास्नी बनाएको पनि पाइन्छ । तर जेठाजुले बुहारीलाई स्वास्नी बनाउन नियमले वञ्चित गरिएको पाइन्छ। दनुवारहरूले अन्य जातिसँग विवाह गरेको पाइँदैन ।

यसै गरी धर्मसंस्कारका विषयमा पनि दनुवारहरू आफ्नो परम्परा र रीतिलाई परिवर्तन नगरी मान्दै आएका छन् ।

दनुवारहरूको विवाहसंस्कारमा आफ्नै प्रकारको विधिविधानअनुसार विवाहविधि सम्पन्न गर्ने गरेको पाइन्छ । दनुवारहरूको विवाहका महत्त्वपूर्ण केही विधिहरूको यहाँ चर्चा गरिएको छ–

(क) कछाधान (भर्ना)

कछाडी दनुवारी भाषामा विवाहको कुरा चलाउनेलाई *कुटुनी* भनिन्छ । केटापक्ष र केटीपक्ष दुवैको तर्फवाट यसले एकअर्कोसँग कुरा गराई विवाह गराउनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । केटापक्षले केटीपक्षकहाँ कुटनीलाई विवाहसम्बन्धी कुरा लिई पठाउँछन् । विवाहको कुरा टुङ्गो लागेपछि केटीपक्षले केटासँग केही माग राख्दछन् जसअनुसार अवस्था हेरेर धान र अन्य सामग्री पनि मागिन्छ । जस्तो– नौ पाथी चाम, दुई पाथी दाल, तेल, सेतो मार्किन साडी दुई थान (१६ हाते साडी, ३९ वटा सुपारी जसमध्ये ७ वटा सुपारी गीत गाउनेलाई, ७ वटा पञ्चहरूलाई र २५ वटा केटी पक्षको हुन्छ । उपरोक्तबमोजिमको माग स्वीकार भएपछि केटापक्षहरू केटीको घर आउँछन् । यस बखत विवाहको कुरा छिनोफानो गरिन्छ जसलाई दनुवारी भाषामा *भर्ना* भनिन्छ ।

केटीको घरमा पुगेपछि केटाको पक्षको ३ जना र केटी पक्षको २ जना गरी जम्मा ५ जनाले चाँदीको रु.२।- गम्छामा बाँधी लट्ठीमा झुन्ड्याएर केटीको घरको देवता कोठासम्म जान्छन् । घरको आइमाईले थालकाट पानीले ५ पल्ट पर्सिन्छन् । यसपछि सगुनको रूपमा दिइने रु.२।- बुझाइन्छ । यी पाँच

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जनालाई खाना खुवाइन्छ र हर्दी तेल लगाइदिइन्छ। यसपछि कुटुनीले केटापक्ष र केटीपक्ष दुवैलाई राखी कसम खुवाउँछन्। यदि छोरा भाग्यो भने दुई छोरा, यदि छोरी भागी भने दुई छोरी चाहिन्छ। यो कुरा दुवै पक्षलाई स्वीकार भएपछि कुरो पक्का गरिन्छ। यसरी विवाहको कुरा पक्का गरिने विधिलाई दनुवारी भाषामा *कथावान* भनिन्छ। यस प्रकार विवाहमा गरिने प्रतिज्ञालाई राजादैवको रूपमा अर्थाइन्छ। जसअनुसार राजा भनेको मागेर जानु र दैव भनेको दैव लाग्नु तथा बिरामी हुनुलाई बुझिन्छ। राजा लाग्यो भने विवाहमा दिएको सबै कुरा फिर्ता गर्नुपर्दछ। दैव लागेमा यो नियम मान्य हुँदैन। कथावान पूरा भएपछि भर्नाको सरसामान लिएर गोष्ठी गर्नको लागि अधिकारीको घर जानुपर्दछ। अधिकारीको घरमा पुगेपछि सो ठाउँबाट दुईजना भर्नाको सूचना लिएर केटाको घर जान्छन्। केटीका घरपट्टिले भर्नामा गएका दुई जना मानिसलाई अनेक कुरा सोधी जिस्काउँदछन् र ४ पटकसम्म फिर्ता पठाउँछन् र पाँचौं पटकमा भर्नाको लागि बोलाइन्छ। भर्नाकाम शुरू हुँदा सवैभन्दा पहिले तेल जोखिन्छ। किनकि यसलाई सगुनको रूपमा मानिन्छ। यसपछि अन्य भर्नाका सामान जोखिन्छ। दनुवारहरूको विवाह प्रायजसो माघ, फागुन, वैशाख महिनामा र दिनचाहिँ सोमबार र बुधबार तोकिन्छ तर हिजोआज जुनसुकै दिनलाई पनि विवाहको दिन तोकिएको पाइन्छ। कथावान र भर्ना सकिएपछि कुनै पक्षले विवाहको लागि नामन्जुर गर्‍यो भने जोखाउ सामानको दण्डजरिवाना लाग्दछ।

राई दनुवारहरूले विवाहलाई एक संस्कारको रूपमा भन्दा पनि घरजमका लागि आवश्यक कार्यको रूपमा मान्दछन्। विवाहको कुरा छिन्न जाँदा पूर्णिमाको दिन मान्नुपर्दछ। विवाहसम्बन्धी कुरो चलाउन एकपल्ट वा सोभन्दा बढी पल्ट जानुआउनु पर्दछन्। विवाहको कुरा मिल्नेजस्तो रहेछ भने केटीपक्षले 'आउँदै गर्नु' होला भनेर जवाफ दिन्छन् भने छोरी नदिने विचार भएमा "फेरि नआउनु म विवाह गर्न सक्दिनँ" भनेर पठाउने चलन छ। विवाहको कुरो मिलेपछि केटापक्षले केटीपक्षको बाबुआमालाई विवाह गर्ने केटीको जीउडाल रूप हेरी रु. ६००।- देखि २०००।- सम्म नगद बुझाउँछन्। जसलाई दनुवारी भाषामा *दुधौली* भनिन्छ। दुधौली बुझाएको विवाहलाई वैध विवाह मानिन्छ। कछाडीहरूको कथावन र भर्ना विधि जस्तै राई दनुवारहरूमा घैला बुझाउने विधि सम्पन्न गरिन्छ। वरपक्ष र बधूपक्ष दुवैतर्फबाट मन्जुर भएपछि यो विधि गरिन्छ। जुन तागाधारीका लागि अठोट गर्ने विधि जस्तै हो।

सरदर ४/५ पाथी चामल रित्तो गाग्रोमा, ३ वटा भर्ना, एक बोतल रक्सी लिएर पूर्णिमाको दिन साइत पारेर बुझाउन लगिन्छ। प्रायः गरेर विवाह फागुन महिनामा सम्पन्न गरिन्छ। विवाहको दिन निश्चित गर्दा छोरीको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जेष्ठता क्रमलाई ध्यान पुऱ्याइन्छ। एक महिनामा हुने बुधबारलाई जेठो, माइलो, साइलो र कान्छो गरी (४) चार भागमा विभाजन गरिन्छ। घरको जेठी छोरीको विवाह गर्नुपरेमा महिनाको दोस्रो बुधबारको दिन तोकिन्छ। माइली छोरीको विवाह भए महिनाको जेठो बुधवार, साइँली छोरीको विवाह भए महिनाको अन्तिममा र कान्छीको भए महिनाको साइलो, तेस्रो बुधबारको दिन विवाह तोकिन्छ। काइँली छोरी भए जेठी छोरी जस्तै माइलो बुधबारको दिन तोकिने गरिन्छ। यसरी नै क्रमनुसार अरू छोरीहरूको बुधबारको दिन तोकिने प्रचलन रहेको पाइन्छ।

यस प्रकार राई दनुवारहरूको विवाहको दिन तोकिने प्रचलन आफ्नो मौलिक किसिमको रहेको छ। साथै विवाह गरिने विधि पनि मौलिक रहेको पाइन्छ।

(ख) कसा कुट्ने विधि

कछाडीहरूले यो विधि विवाहको १ दिनअगाडि वर र बधू दुवै पक्षतर्फ गरिन्छ। वरबधू दुवै पक्षले आ-आफ्नो घरमा पाँच मुठी चामल, पाँच टुक्रा हर्दी, केही मेथी ओखलीमा हालेर कुट्नुपर्ने विधि आउँदछ। ओखली राखिएको पश्चिम दिशाको छेउमा स-सानो थुप्रो चामल र दुई टुक्रा हर्दी राखिन्छ। जसलाई बेहुला वा बेहुलीले *(ठोक्नु)* पर्दछ।

बेहुलाले थालबाट ५ मुठी चामल र ५ टुक्रा हर्दी ओखलीमा राख्छ। साथै ५ जना आइमाईलाई ५ वटा मुसुरा दिनुपर्दछ। जसबाट सो चामल हर्दी कुटिन्छ। चामलको धूलो भएपछि निफनेर धूलो देउता कोठामा राखिन्छ र कुटिएको छोक्रालाई ५ जनाले जम्मा पाँच पटक कुटेपछि कुट्ने काम बन्द गरिन्छ। ओखली कुट्ने ५ जनामध्ये एक जनाले आ-आफ्नो (कपडा) अवराले ओखली छोप्दछे र बाँकी ४ जनाले मुसुरा माथि उचाल्छन्। यसपछि घरको मुख्य मान्छेले इच्छानुसार तिनिहरूलाई पैसा दिन्छन्। यस विधिपछि ती आइमाईहरूले ओखली मुसुरा देवता कोठामा लैजान्छन्। यो विधि गर्दा दिइएको लुगा खोली आ-आफ्नो लुगा लगाएर घर जान्छन्।

राई दनुवारमा कसा कुट्ने विधि हुँदैन। यस्तो खालको विधि जस्तो मिल्दोजुल्दो विधि पनि अरू कुनै रहेको पाइँदैन।

(ग) ऐलवेल विधि

कछाडी दनुवारहरूले विवाहको एक दिनअगाडि साँझपख यो 'ऐलवेल' विधि सम्पन्न गर्छन्। बेलुका भएपछि देउता घरमा ११ (एघार) रोटी पकाइन्छ जसलाई घुमाउने भनिन्छ। दुई थालमध्ये एक थालमा ५ थान रोटी र अर्को थालमा रोटी अलिकति चिउरा पनि राखिन्छ। बेहुला हुनेलाई आँगनमा बसाएर अचराले आँखा छोपिन्छ। अचराको बाहिर आँपको पात राखेर छोपिन्छ। यस विधिमा बेहुलाकी भाउजू वा अरू कोही नाता पर्ने जोकोहीले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बेहुलाको खुट्टामुनिबाट वरिपरि ५ पटक रोटीको थाल घुमाउँछन्। यो दृश्य बेहुलाले हेर्न नहुनाले आँखा छोपिएको हुन्छ सो थालको रोटी केटीहरूले अर्को कोठामा लगेर राख्दछन्। यसपछि बेहुला उठी देउता कोठामा ढोगेपश्चात् यो विधि सम्पन्न हुन्छ।

(घ) कत्रा विवाह (उमरघैला)

यो विधि पनि दनुवारहरूको मौलिक विधि हो। यसमा विवाह हुने दिनको बिहानै कुखुरा बास्ने समयमा गाउँका केटीहरूलाई विवाहघरमा बोलाइन्छ। यस विधिका लागि फूलहरूको बुट्टाबाट सजिएको सानो एउटा रङ्गीन घैला हुन्छ जसलाई दनुवारी भाषामा *फुरर* भनिन्छ। यस विधिमा अर्को एउटा ठूलो घैला र एउटा ढकी चाहिन्छ। फुररमा पातसहितको आँपको एउटा डाँठ राखिन्छ। घैलाको मुखमा दिया राख्ने बनाइएको हुन्छ, जहाँ बत्ती बालिन्छ।

फुरर घैला बोकी एकजना अगाडि हिँड्दछ भने बेहुलासहित अन्य केटीहरू पछिपछि हिँडेर खोलातिर जानुपर्दछ। खोलामा पुगेपछि विधि गर्ने ठाउँ बनाइन्छ। सो ठाउँमा दुइटा स-साना चामलको थुप्रो राखिन्छ साथै काँचो हर्दी पनि राखी पूजा गरिन्छ। बेहुलाले पूजा गरिसकेपछि बेहुलासहित पाँच जनाले ठूलो घैलामा पानी भर्दछन्। खोलामा हुने विधि समाप्त भएपछि फुरर घैलाअगाडि र अरू पछिपछि लागेर घर फर्कन्छन्। घर र खोलाको बीचतिर आएपछि कत्रा बाँधिने विधि आउँदछ। कत्रा भनेको एक किसिमको झार हो। कत्राको गाँठोमा बेहुलाले ५ पटक नै कत्रा विवाह भनेर जबाफ दिनुपर्दछ। यो विधि सकिएपछि सबै जना घर फर्कन्छन् र सबै सामानहरू देउता कोठामा राखिन्छ। बेहुलाले देउता कोठामा गई ढोगेपश्चात् कत्रा विवाहविधि सकिन्छ। कत्रा विवाहमा हुने सम्पूर्ण विधि केटीको पक्षतिर पनि हुन्छ। एउटा विधि फरक के छ भने कत्रा विवाह वा (समर घैला) विधि सकेर आउँदा केटीका बाबुले सो नभएर घरमूलीले ५ पठिया (ढाकी) माटो ल्याई आँगनमा राख्छन्। जसबाट घरको आँगनमा विवाहको वेदी (मण्डप) बनाइन्छ। वेदीको चारै कुनामा घैला भाँडा राखिन्छ। गाउँको मुख्य व्यक्ति वा अधिकारीले विधिपूर्वक वेदीमा सिमल गाड्दछन्। वेदीको उत्तर पश्चिम कुनामा चामलमाथि जगद्दिप भाँडो राखिन्छ भने वेदीको उत्तर पूर्व कुनामा खाली घैला र पूर्व दक्षिणमा हाँडी र दक्षिण पश्चिममा समरघैला (फुरर) राखिन्छ। यी सबैको मुनि धान राखेको हुन्छ। यसरी कत्रा विवाह केटीपक्षतिर वेदी बनाउने कार्य थप विधि सम्पन्न गरिन्छ अन्य विधिहरू दुवै पक्षतर्फ एउटै किसिमको हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(ङ) मडकोर विधि

मडकोर विधिलाई दनुवारजातिको विवाहमा महत्त्वपूर्ण विधिको रूपमा लिइन्छ। यस विधिअनुसार ११ अन्डा, ११ टुक्रा हर्दी, ११ वटा सुपारी र १ माना चामल थालमा राखी गाउँको अधिकारीसहित बेहुला र अन्य मानिसहरू विधिका निम्ति खेतबारीतिर जानुपर्दछ। सो ठाउँमा पूजाको स्थान बनाएर आँपको हाँगा (ठार) छेउमा गाडिन्छ। हाँगोलाई धागोले बेरिन्छ र ११ अन्डा, ११ टुक्रा हर्दी, ११ वटा सुपमडी पूजा गर्ने ठाउँमा राखी विधिअनुसार पूजा गरिन्छ। बेहुलाले आफ्नो कान्छी औँलाले ५ पटक घुम्दै सिन्दूर तेल हाँगोमा लगाई पूजा गर्दछ। मडकोर विधिअनुसार कुन विवाह भनी बेहुलालाई ५ पटक सोधिन्छ र बेहुलाले ५ पटक नै आँप विवाह भनी जवाफ दिनुपर्दछ। पूजा गरिएको ठाउँको चारैतिरबाट माटो सोरेर ४ वटा ढकीमा राखिन्छ र अर्को एक ठूलो ढकीमा पूजाको सरसामान राखी केटाको घर फर्किनुपर्दछ।

पूजाको सामान भएको ढक्की अगाडि र अरू माटोको ४ ढक्की बोक्ने पछिपछि हिँड्नुपर्दछ। चार पठिया र एक ढक्कीमा एउटै नयाँ वस्त्रले छोपिन्छ। घर पुगेपछि सो ढक्कीहरू केटीको घरभए वेदीको दक्षिणतिर ल्याएर राखिन्छ भने केटापट्टिचाहिँ आँगनमा राखिन्छ।

बेहुलापक्षतिर यो विधि सकेपछि गाउँमा बेलौकी माग्न जान्छन्। बैलौकी भनेको गाउँको घर-घरमा ढोगभेट गरी आशीर्वाद लिनु हो साथै आफू बेहुला भएको अरूलाई देखाउनु पनि हो। बेहुला बेलौकी माग्नु गए पनि घरमा अन्य विधि जारी नै रहन्छ। विधिअनुसार ११ वटा रोटी बनाई २ वटा माला गाँसिन्छ। बेहुलाले बेलौकी मागेर आएपछि हाँडीमा लावा भुट्ने विधि सुरु हुन्छ। भाउजू, दिदी, बहिनीहरू गरी ४ जना र बेहुलासहित ५ जनाले ५ मुठी धान ५ पटक भुट्नुपर्दछ। लावा भुट्दा केटाको आँखा छोपिदिने चलन छ। एक दिनअगाडि बनाएको कसा (चामल हर्दी मेथीको मिश्रण) बेहुलालाई लगाइदिन्छन्। लावा भुट्ने भाउजूले बैलौकी पानी (लोटाको पानी) बेहुलाको टाउको नगाएर फ्याँकिदिनुपर्दछ। यसपछि भाउजूले बेहुलालाई बोकेर घरभित्र ल्याउँछिन्। बेहुला देवताघरमा गई खराउमा उभिन्छ। एघार रोटी दुईवटा थालमा राखी बेहुलाको टाँगमुनिबाट भित्र-बाहिर हुने गरी ५ पटक घुमाएपछि यो विधिको कार्य सकिन्छ। यो विधि अर्थात् लावा भुट्ने विधि केटीपक्षतिर पनि केटापक्षको घरमा गरेको जस्तै विधि गरिन्छ।

मडकोर विधिअन्तर्गत केटापक्षतिर थप विधि पनि सम्पन्न गरिन्छ। पाँच जना केटामध्ये अगाडि र पछाडि हिँड्ने दुई जना केटाले ११ रोटीको ६ वटा र ५ वटाको दुईवटा माला लगाउँदछन् र सिमलको रूख बोकी ५ पटक वेदीवरिपरि घुम्नुपर्दछ। यसपछि गाउँको अधिकारीले देवताको अगाडि पर्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरी वेदीको पश्चिमपट्टि सिमल रूख विधिअनुसार गाड्छन्। वेदी घुम्ने ५ जना केटाले मालामा गाँसिएको रोटी बेहलीलाई नदेखाई बाँडीचुँडी खान्छन्।

(च) राईमाला विधि

मडकोर विधिपछि राईमाला विधि सुरु हुन्छ। एउटा माटोको भाँडामा आगो राखिन्छ। जसलाई दनुवारी भाषामा *सिखी* भनिन्छ। यस विधिमा पनि बेहुलाको खुट्टा तलवाट भित्र बाहिर गरी सिखी ५ पटक घुमाइन्छ र अन्तमा घोप्ट्याइन्छ। यस विधिअनुसार वेहुलालाई भुजभित्र राखिन्छ। *भुज* भनेको दनुवारी भाषामा एक किसिमको बिरुवालाई भनिन्छ।

गाउँको अधिकारीले देवताको नाम संस्कार गरेर ४ माना चामल, हसुलि, मुगामाला, रुपियाँको माला वेहुलालाई लगाइदिन्छ। घर, गाउँले तथा आफन्तहरूलाई खाना खुवाइन्छ र जन्ती जाने तयारी गरिन्छ।

जन्ती सीधै केटीको घरमा नगएर सो गाउँको अधिकारीको घरमा जान्छ। जहाँवाट विवाहको तयारी भए नभएको समाचार बुझ्नका लागि *गौरुङ* (जातीय पद) लाई केटीको घर पठाइन्छ। सम्पूर्ण विवाहको कार्यक्रम भएको खबंर पाएपछि जन्ती केटीको घर जान्छ।

केटीको घर गएपछि बेहुलालाई पहिले देवता कोठाको ढोकाअगाडि ल्याइन्छ। बेहुलीको आमाले वेहुलाको चरण पखाल्दछिन्। ढोकामा केटीहरू उभिएर ढोका छेकिरहेका हुन्छन्। जसलाई दनुवारी भाषामा *दुवार छेकनी* भनिन्छ। दुवार छेकनीमा उभिएका केटीहरूले वेहुलालाई *फकडा* (मुक्तक) सुनाउन आग्रह गर्दछन्। विधिअनुसार बेहुला वा उसका साथीहरूले ५ वटा मुक्तक (कठक) भन्नुपर्दछ। उदाहरण–

(१) श्री चनमनी दवारा
पूर्वी लेखत कन्या हमारा
सार ढेल्कै सर धोती
ससुरा देल्कै धेनु गाई
सास देल्कै अपनी वेटी
लियो बाबु किड.रिया अड.ली चढाई।

(२) सीता दुल्हिन राम वर
दाता जनक समान
सोचन लागे वशिष्ट मुनी
विधि चरीत्रको जान।

(छ) कोइली विधि

यस विधिमा एउटा सेतो कपडा तूल ल्याइन्छ। कपडाको एकपट्टि वेहुलापक्षका मानिसहरूले समातेका हुन्छन् भने अर्कोपट्टि छेउमा वेहुलीपक्षका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानिसले समातेका हुन्छन्। बेहुली कपडाको पश्चिमतिर बसेको हुन्छे भने बेहुला कपडाको पूर्वपट्टि बसेको हुन्छ। यस विधिअनुसार कपडाको मुनि लावा राखिन्छ। यो विधिमा (लौवा) ठाकुरको आवश्यक पर्दछ। ठाकुरले बेहुला र बेहुली लहरी (हतियार) द्वारा रगत निकाल्दछ। सो समयमा तानिएको कपडामाथि पानी खन्याइन्छ। जुन पानीलाई जानीजानी लौवाको जीउमा पारिन्छ। यसरी लोवालाई पानीले भिजाई रमाइलो गरिन्छ।

यसपछि लौवाले बेहुलालाई वेदीमा लगेर विधि गराउँदछ। जसअनुसार बेहुला र बेहुलीपक्ष दुवै पक्षसँग ८।८ वटा सुपारी लिइन्छ। सो विधिमा एउटा नयाँ धोती पनि चाहिन्छ। यस विधिमा ५ जना केटीपक्षका र ५ जना केटापक्षका गरी १० जना र बेहुला गरी ११ जनाले वेदीको वरिपरि ५ पटक घुम्नुपर्दछ। बेहुलाले प्रत्येकपल्ट वेदीमा रहेको सिमलमा सिन्दूर तेल लगाउँदछ र ५ पल्ट कुन विवाह भनेर सोधिन्छ। बेहुलाले ५ पटक नै 'सिमल विवाह' भनेर जवाफ दिनुपर्दछ।

केटीपक्षको लावा पुज्ने व्यक्तिले नयाँ धोतीले तलवारलाई बाँधी गाडिएको सिमलमा दावासहित बाँध्नुपर्दछ। यस विधिपश्चात् बेहुला वेदीमा आउँछ र विवाहमा दिइने लुगा एकअर्कोलाई दिएर पहिरन गराइन्छ अर्थात् बेहुलाले ल्याएको लुगा बेहुलीलाई र बेहुलीपट्टिको लुगा बेहुलालाई दिइन्छ। यसै विधिमा बेहुलालाई माउर लगाइदिइन्छ। दनुवारहरूको विधिअनुसार केटीपक्षको लावा भुट्नेले माउर केटीलाई छुवाउँछ यसपछि अन्य ५ जनालाई पनि खुवाइन्छ। यसपछि बाहुनको निर्देशानुसार लौवाले माउर केटालाई दिन्छ।

राई दनुवारहरूमा यस खालको विधिहरू मुडौली भन्ने विधिमा केही अंशको रूपमा आएको पाइन्छ। बेहुला र बेहुलीपछि चारचार मुडौली हुन्छन्। मुडौलीहरूलाई जेठी, माइली, साइली र कान्छी गरी ४ भागमा विभाजित गरी आ-आफ्नो काम तोकिएको हुन्छ। मुडौलीद्वारा बेहुलाको लुगाफाटो बेहुलीलाई र बेहुलीतर्फको लुगाफाटो बेहुलालाई दिइन्छ। भोलिपल्ट बेहुलीको आमाबाबु नाताकुटुम्वहरू बेहुलाबेहुलीसँग वेहुलाको घर जान्छन्। जसलाई संघा भनिन्छ। यसरी वेहुलाको घरमा गएर विवाह यज्ञ सुरु गरिनु यस समुदायले नौलो उदाहरण दिएको छ।

(ज) अठमङ्गल विधि

अठमङ्गल विधिअनुसार एकएक मुठी धान ओखलीमा राखेर जम्मा ५ मुठी धान बेहुलासहित ५ जनाले कुट्नुपर्दछ। बाहुनले मुस्लामा धागो बाँधेर छेउ आफूले समातेका हुन्छन्। बाहुनले वैवाहिक कर्मकाण्डको विधि पढेर धान कुट्न भनेपछि मात्र कुट्न सुरु गरिन्छ। यसरी धानकुटाइ विधि ५ पटक गरिन्छ। यसपछि वहुलाबेहुली वेदीको नजिक रहेको सानो वेदी (मडुवा)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

घुम्दछन्। बेहुला बेहुलीले भुटेको लावा छर्दै वेदी वरिपरि ५ पटक घुम्दछन्। यसरी छरेको लावा केटापक्षकाहरूले टिप्दै जानुपर्दछ। यो विधिअनुसार बेहुलाबेहुली घुम्ने क्रममा सानो मडुवाको एउटाको खाल्टोमा आगो बाली खुर्सानी हालिदिन्छन्। जसले गर्दा बेहुलाबेहुली दुवैलाई छिंकछिंक आउँदछ। यो रमाइलाको लागि गरिन्छ।

सानो मडुवा माटोले खनेको हुन्छ जहाँ बाँसको लिङ्ग गाडिएको हुन्छ। यस सानो मडुवामा गरिने विधि रमाइलो तर महत्त्वपूर्ण छ। सानो मडुवाको घुम्ने विधि सम्पन्न भएपछि एउटा आँपको पात ल्याइन्छ। जसलाई बीचमा दुई चिरा पारिन्छ। एउटामा केटा पक्षको ३ पुस्ताको नाम लेखिन्छ भने अर्कोमा केटीको ३ पुस्ताको नाम लेखिन्छ। सो चिरिएको पातलाई पुरिया बनाई केटीको तीन पुस्ता लेखिएको पुरिया केटीलाई लगाई दिइन्छ भने केटाको ३ पुस्तै लेखिएको पुरिया केटीलाई लगाइदिने चलन छ। यसपछि ओखलमा कुटिएको धान बाहुनले ठूलो मडुवामा ल्याउँदछ। यहाँ दुवै सम्धीहरू उपस्थित हुन्छन्। यस बेला गेठसार बाँधिने विधि आउँदछ। एक टुक्रा हर्दी, एकवटा सुपारी, एउटा पैसा, नयाँ कपडामा राखिन्छ। कपडाको एक छेउ एकातिर एउटा सम्धीले भने अर्को छेउ अर्को सम्धीले खुकुलो गाँठो बनाएर समातेका हुन्छन्। यस विधिअनुसार दुवै सम्धीले कपडाको छेउ आफूतिर तान्नुपर्दछ। यसरी तान्दा बलियो गाँठो बन्दछ। जसलाई दनुवारहरू गोठसार बधाई भन्दछन्। गोठसार विवाहको १० दिनपछि विधिअनुसार बेहुला ससुराली गएपछि फुकाउनुपर्ने विधि सम्पन्न हुन्छ।

(झ) कन्यादान विवाह

दनुवार विवाहमा कन्याको कन्यादान दालपटि (मावली) ले गर्दछन्। दालपटिले भान्जी बेहुलीलाई वेदीमा लान्छन् र दालपटिले यो कन्या आजदेखि तपाईंको भयो भनेर केटालाई कन्यादान गर्दछन्। मामाले तसला, वटुको, थाली, लोटा पनि दान गर्दछन्। दालपटिले कम्तीमा दुईदुई थान लोटा र थालचाहिँ दान दिनैपर्दछ। कन्यादानसम्वन्धी विधि राई दनुवारमा माहुर विधिमा पर्दछ। यस विधिअनुसार दूबो र पञ्चरत्न एउटा टालोमा गुटमुट्याएर धागोले बेहुलीका बाबुले लिन्छन्। त्यसमुनि बेहुला र सबभन्दा तल बेहुलीको हात रहन्छ। माथिबाट पानीको धारा दिएर फलानोको *बेटी रछिक पकालत पुन्य मारत पाप आ जसै सम्भिलिक* भनी ३ पल्ट पानी पनि छर्किदिन्छन्। टालामो बाँधिएको पञ्चरत्न क्रमशः खस्तै बेहुलीको हातमा पुग्दछ। यो विधि हेर्दा अन्य हिन्दू समाजमा प्रचलित कन्यादान जस्तै लाग्छ।

(ञ) सिन्दूरदान

वेदीको सिमलमा बाँधिएको (रवाण) तलवार निकालेर सोको टुप्पोमा सुपारी गाँसिन्छ र रवाणलाई केटा र केटीको बीचमा सिमाना गरेझैँ राखी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

केटाकेटी दुवैले आफ्नो कान्छी औँलाले सिन्दूर तेल ५ पटक तलवारमा लाउँदछ। यस विधिमा कुन विवाह भनेर सोधिन्छ र केटाकेटी दुवैले रवाण विवाह भने जबाफ दिनुपर्दछ। बेहुलाले ५ पटक खाणमा सिन्दूर लगाएपछि छैटौं पटक बेहुलाले जम्मा ५ पटकसम्म केटीलाई सिन्दूर लगाइदिनुपर्दछ। जसलाई 'सिन्दूरदान' भनिन्छ। यस प्रकार कछाडी दनुवारहरूको महत्त्वपूर्ण सिन्दूरदानविधि सम्पन्न हुन्छ। विवाह कर्म काण्डमा यो विधिको धेरै नै महत्त्व रहेको छ र यो अन्य जातिसित पनि मेल खान्छ।

राई दनुवारमा माहुर विधिअन्तर्गत नै सिन्दूरदानविधि पर्दछ। बेहुलाको भाइले पातमा सिन्दूर राखी ३ पल्ट आकाशतर्फ छर्किन्छ। यसपछि भाइद्वारा दाजुलाई सिन्दूर दिइन्छ। वेहुलाले बेहुलीलाई अँगालो हालेर सिन्दूर लगाइदिई भण्डार कोठाभित्र बोकेर लान्छ। बेहुलाबेहुली भण्डार कोठाबाट नउठे मुडौलीहरू वत्ती रुँगेर वस्नुपर्दछ। वेहुलाबेहुलीलाई दहीको जुठो खुवाएपछि दुवै जना वाहिर आउँछन्। यसरी राई दनुवारहरूको सिन्दूरदानविधि सम्पन्न हुन जान्छ।

(ट) मडुवा पूजा (वेदी पूजा)

यो विधिमा गाउँको अधिकारीले ११ रोटी, ५ अन्डा, एउटा बोका, १ जोर परेवा र ५ थान सुपारी राखी पूजा गर्दछ। यो पुजा विधि सम्पन्न गरेवापत अधिकारीलाई एउटा धोती दिनुपर्दछ।

(ठ) डालाहारी (गोडलगाई)

बेहुलाले ससुराली गाउँको घर घरमा गई मान्यजनलाई ढोगी दिनुपर्दछ। यस विधिलाई दनुवारी भाषामा *गोड लगानी* भनिन्छ। आफ्नो ससुरालीका सासु, ससुरा, जेठान, काका सासू ससुरा तथा अन्य आफन्तहरूलाई तथा गाउँलेहरूलाई ढोग्ने चलन छ। यस विधिलाई *धरभरा* पनि भनिन्छ। बेहुलालो ढोगेपछि आफन्तहरूले लुगाफाटो तथा पैसा दक्षिणास्वरूप दिनुपर्दछ साथै घर गाउँलले लुगाफाटो पैसा दिन्छन्। यसरी परेको रकमलाई *डालाहारी* भनिन्छ।

यसअन्तर्गत मान्द्रो नाघ्ने, तलवार गाड्ने काम गरेपछि विधि पूरा हुन्छ। जन्तीहरू घर नजिक आएपछि मसाल बालेर सबै जनाको स्वागत गरिन्छ। केराको पातको डाँठीको टुप्पोमा लुगा बाँधेर तोरी तेल हालेर मसाल तयार गरी बालिन्छ। बेहुलाबेहुली आँगनमा आएपछि दुवैको खुट्टा थालमा राखी ५ पटक धोइन्छ। यसपछि *चुमरान* विधि सुरु हुन्छ।

(ड) चुमरानविधि

घरको आँगनमा सानो पोखरी खनेर हलोको जुवाविधिको लागि राखिन्छ। जुवामा बेहुला उत्तरपट्टि र वेहुली दक्षिणपट्टि आमने सामने गरी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बस्दछन्। सवैभन्दा पहिले आफ्नो घरको आफन्तहरूले त्यसपछि गाउँको आइमाइहरूले चुमरानविधि सम्पन्न गर्दछन्। चुमरान भनेको पुज्नु हो। यस विधिअनुसार धान दूबो तथा दहीबाट पालो पालो गरी चुमरान गरिन्छ।

यस विधिपश्चात् देवताको कोठा अगाडि पारेर थालमा पानीले ५/५ पटक खुट्टा धोएपछि देवता कोठाभित्र गई घुँडा मारेर बस्नुपर्दछ। बेहुलाबेहुलीले देवतालाई ढोग भेट गरिसकेपछि विवाहको विधि सकिन्छ।

बेहुली घर आएको भोलिपल्ट बेहुलीका माइतीबाट केही सयाँतीहरू (मान्छेहरू) बेहुलाको घर आउँछन् र सो दिनेको साँझपख बेहुलीलाई माइत लान्छन्। बेहुलालाई विवाहको ९ दिनको दिन ससुराली आउन निम्तो पठाइन्छ।

दनुवारहरूका विधिअनुसार बेहुला नवौं दिनको दिन ससुराली जान्छ र दसौं दिनमा गेव्सार फुकाउने विधि आउँछ। बेहुला नदीबाट नुहाएर फर्की घर नजिक आएपछि विवाहको दिन दुवै सम्धीले बाँधेको गेव्सार सालोले फुकाउँदछ र बेहुलाले आफ्नो कान्छी औंलाले गेव्सार हुत्याउनुपर्दछ। सो गेव्सार सालाले टिप्ने विधि आउँदछ। यस विधिपश्चात् बेहुला आफ्नो घर फर्कन्छ। यसपछि गौना र *छारी छपरी* विधि आउँछ। बेहुली ५ रात वसी माइत गएको ९ दिनको दिन बेहुलाको आमाबुवा र कुटुनी केटीको घर जान्छन्। सो दिन केटी घर फर्कने दिन ठेगान गरिन्छ। ठेगान भएको दिन केटीका माइतीहरू केटी लिई पुऱ्याउन केटाको घर आउँछन्। केटीका माइतीहरू आएका हुँदा खसी काटेर भोज भर गरिन्छ। यस पटक केटी आफ्नो घर ९ दिन बस्दछे। यसपछि पुनः माइती जान्छे।

(ढ) पिछला जात्रा

केटाको प्रतिनिधि वा कुटुनी केटकिो घर गई दुलान फर्काउने दिन ठेगान गर्दछन्। समय र दिन ठेगान भएपछि माइतीहरू दुलही लिई केटाको घर आउँछन्। साथमा आफूहरूलाई खाने खर्च चामल, दाल, तरकारी, दही, चिउरा सँगै ल्याउँछन्। यो पटक केटापट्टिले खुवाउनुपर्ने अनिवार्यता नभएकोले खाने खर्च बोकेर आउने चलन छ। यो विधि सकिएपछि माइत वा ससुराली कुनै पनि समयमा आवतजावत गर्न सकिन्छ। कुनै विधिको बन्देज रहँदैन।

राई दनुवारहरूको विवाहविधिहरू कछाडीहरूभन्दा फरक रहेको पाइन्छ। राई दनुवारहरूको विवाह विधिअनुसार बेहुलाबेहुलीको घर जान्छ तर विवाहसम्बन्धी विधि केटीको घरमा गरिँदैन। बेहुलाबेहुलको घर पुगेपछि धानद्वारा जन्ती पर्सिने कार्य हुन्छ। वेहुलीको घरको आँगनमा आगो बालिरहेको हुन्छ जहाँ बेहुलाका बाबु ५ दाना सुपारी लिई आगो वरिपरि ३ फन्का घुम्दछन्। अर्कोपल्ट यसै गरी बेहुलीका बाबु पनि घुम्दछन्। बेहुला र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बेहुली दुवैतर्फ हाक्रे (स्वयंसेवक) रहेका हुन्छन् । विवाहमा दुना टपराको प्रयोग र हुनेले जाँड, रक्सी र भैंसीको मासुभात खुवाएर त्यस दिन जन्तीलाई बिदा दिन्छन् । भैंसी काट्न नसक्नेले फर्सीको तरकारी भात खुवाएर जन्तीलाई बिदा गरिन्छ ।

बेहुलाको घर पुगेपछि पुनः बेहुलातर्फबाट जन्ती पर्सने कार्य गरिन्छ । बेहुलाको घरमा नै विवाह यज्ञविधि, माहुरविधि, सिन्दूर दानविधि तथा अन्य विधिहरू सम्पन्न गरी विवाह समापत गरिन्छ ।

कछाडीहरूको विवाहविधि केटीको घरमा नै सम्पन्न गरिन्छ । राई दनुवार र कछाडी दनुवारहरूको विवाहविधि पनि फरक रहेको पाइन्छ ।

कछाडी र राई दनुवारका विधि संस्कारहरू फरक भए तापनि यिनीहरूले आफूहरूलाई एउटै जातिका मानेका छन् । हिजोआज यी दुई जातिबीच विवाह पनि सम्पन्न हुने गरेको पाइन्छ । यसै गरी दनुवारहरूको विवाह तराईका थारूजातिमा पनि हुने गरेको पाइन्छ । जस्तै धनगढी सिराहाको दनुवार केटीको विवाह सप्तरी जिल्ला (मटही) का दनुवार केटासँग भएको थियो । यसरी फरक फरक ठाउँका, फरकफरक थरका दनुवारहरूबीच विवाह सम्पन्न भएको कारण उनीहरूबीच अपनत्वको भावना बढिरहेको अनुमान गर्न सकिन्छ ।

अन्य विवाह

(अ) बालविवाह

दनुवारजातिमा बाल विवाहको प्रचलन अहिले पनि विद्यमान रहेको पाइन्छ । आजभन्दा १०।१५ वर्षअगाडि केटाकेटी छँदै विवाह गरिन्थ्यो तर हिजोआज वयस्क भएपछि विवाह गर्न थालिएको छ । सानै उमेरमा विवाह गरिँदा कतिपय दनुवार महिलाहरूको ज्ञान नआउँदै विधवा हुनुपर्दथ्यो भने केटाले विधुर हुनुपर्दथ्यो । बालविवाहको उमेर केटीका ५ वर्ष भने केटाको ५–७ वर्षभित्र गरिन्थ्यो । समयको परिवर्तनले गर्दा हिजोआज बाल विवाह नगण्य रूपमा रहेको पाइन्छ ।

(आ) बहुविवाह तथा पुनर्विवाह

दनुवारहरूले एकभन्दा बढी श्रीमतीहरू ल्याउँदछन् त्यसमा जातीय सामाजिक कानुनले कुनै कडा प्रतिरोध गर्दैन । कुनै दनुवार महिलाको लोग्ने मरेर विधवा भएको छ भने कुनै दनुवारले विवाह गरी लान चाहेमा लान सक्दछ । त्यसमा पनि जातीय सामाजिक कानुनले कुनै प्रतिरोध गरेको पाइँदैन । कुनै व्यक्तिले जारी ल्याएमा वा कुनै विधवा दनुवार आइमाईले पुनः विवाह गरेमा विवाहमा गरिने संस्कारहरू गरिँदैन । गाउँको अधिकारीको घरमा केटाकेटी आएर सिन्दूर हाल्दिने काम गरिन्छ । यसपछि गाउँलेहरूलाई खसी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काटेर भोज खुवाउनुपर्दछ। यति कार्य गरेपछि गाउँलेहरूले जोडीलाई सधैँका लागि मान्यता दिन्छन्।

(ई) जारी विवाह

जारीप्रथा अहिलेसम्म पनि कछाडी दनुवार समुदायमा विद्यमान रहेको पाइन्छ। कुनै दनुवार आइमाईले लोग्ने छाडी अर्को दनुवारसँग पोइल गएको खण्डमा पहिलो लोग्नले आफ्नी स्वास्नी कहाँ गइछ भनेर पत्ता लगाउनुपर्दछ। स्वास्नी पोइला गएको गाउँले थाहा पाएपछि सो गाउँको अधिकारीलाई भेट्नुपर्दछ। यसपछि अधिकारीले गौरुङलाई सोबारेमा वुझ्न पठाउँदछ। यस प्रकार थाहा भएपछि पहिलो लोग्ने आफ्नो घर गई आउँदा आफन्तहरूलाई बोलाएर ल्याउँदछ। सो दिन पोइला गएकी दनुवार आइमाई र नयाँ लोग्नेलाई उपस्थित गराइन्छ। अधिकारीको घरमा उपस्थित पञ्चहरूले केटीलाई आफैँ खुसीले आएको हो वा जबरजस्ती ल्याएको बारेमा सोधपुछ गरिन्छ। यदि जबरजस्ती ल्याएको भए निज अभियुक्तलाई शारीरिक तथा आर्थिक दण्ड सजाय गरिन्छ। यदि दनुवार आइमाई आफैँ खुसी आएको हो भने आर्थिक दण्ड सजाय गरिन्छ र पहिलो लोग्नेलाई जारी रकम दिइन्छ। केटीलाई विवाहमा दिएको बाहेक अरूपछि दिइएका सरसामानहरू पहिलो लोग्नेले फिर्ता दिनुपर्दछ र उसले जारी स्वरूप रू. १८६।- पाउँदछ। तर हिजोआज जारी रु. ५००।- गरिएको छ। पहिलो लोग्नेले कम र पछिको नयाँ लोग्नेले बढी खर्च दिएर गाउँलेहरूलाई खसी काटी ठूलो खुसियाली भोज गराइन्छ।

राई दनुवारमा पनि जारी लिने प्रचलन रहेको छ। कछाडीहरूको जस्तो अनिवार्यता भने पाइदैन। पहिलो लोग्नेले माग्न गएमा गाउँ समाजको वैठकले निर्धारण गरेबमोजिम पाउने चलन राई दनुवार समुदायमा पाइन्छ।

६. मृत्युसंस्कार

मृत्यु स्वाभाविक घटना हो। दनुवारहरू मृत्युलाई अपरिहार्य घटनाको रूपमा लिन्छन्। केही भिन्नभिन्न ठाउँका दनुवार समुदायमा हुने मृत्युसंस्कारबारे यहाँ चर्चा गरिन्छ। जस्तो धनुषाधाम गा.वि.स. का कछाडी दनुवारहरूको मृत्युसंस्कारविधि आफ्नै प्रकार रहेको पाइन्छ –

कछाडी दनुवार समाजमा कुनै व्यक्तिको मृत्यु भएमा लासलाई पहिला नुहाउने काम गरिन्छ। त्यसपछि लासमा तेल लगाइन्छ साथै मुखमा वत्ती बालेर राखिन्छ। दाहसंस्कारका लागि लास घाटमा लानका लागि बाँसको मचिया बनाइन्छ। सो माथि लास राखेर विधिपूर्वक चिहानघाट लगिन्छ। कछाडीहरूको धार्मिक विधिअनुसार पहिले पहिले लासलाई गाड्ने चलन थियो तर हिजोआज जलाउने कार्य गर्दछन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धनुषा, जिल्ला, धनुषाधाम गा.वि.समा बस्ने दनुवार समाजमा लास जलाउनको लागि ७ (तले) चित्ता बनाउनुपर्दछन्। सुरुको पहिलो तला पृथ्वीलाई मानिन्छ, दोस्रो तलामा ढुङ्गा राखिन्छ। यसको माथि काठको ५ तला बनाई यसको माथि लास राखिन्छ। चित्तामाथि लास राख्नुअगाडि लासलाई ५ पल्ट चित्ताको वरिपरि घुमाउनुपर्दछ। लास घुमाउने क्रममा चित्ताको चारै कुनामा पैसा राखिदिनुपर्दछ। साथै उल्टो बन्चरो पारेर चारै कुनामा छुवाउनुपर्दछ। चित्तामा आगो सल्काउन ५ जनाले ५ वटा पोठीवान (सल्काउने वस्तु) लिएका हुन्छन्। पोठीवानलाई ७ ठाउँमा बाँधिएको हुन्छ। पोठीवानलाई आगो सल्काएर चित्ताको चारै कुनामा आगो लगाउँदै ५ पल्ट घुम्नुपर्दछ। प्रत्येकपल्ट घुम्दा यो "कसको चित्ता" भनेर सोधिन्छ। लास बोक्नेहरूले फलानाको चित्ता भनेर उच्चारण गर्नुपर्दछ। यी जातिको विधिअनुसार लास घुमाउने, सोध्ने र जवाफ दिने क्रम ५ पल्टसम्म गरिन्छ। यस प्रकार लास जलाउने कार्य सम्पन्न गरिन्छ।

काभ्रे जिल्लाको बालुवा गा.वि.स.मा बस्ने राई दनुवारहरूको समाजमा विरामीको मृत्यु भएपछि छोराहरू भए छोराहरू नभएमा दाजुभाइहरू मिलेर ८ (आठ) हातको सेतो कपडाले लासलाई बेरी अबिर छरेर घाटमा लगिन्छ। लासलाई चित्तामाथि राखेपछि मलामी जानेजति सबैले पानी ल्याई खुवाउने गर्दछन्। यसपछि सबै छोराले एकसाथ दागबत्ती दिन्छन्। लास जलाई सकेपछि चित्ता पखालेर तिल छरी झन्डा गाड्ने गर्छन्। यसपछि हाँडीमा १ माना चामलको भात पकाई बालुवामाथि घोप्ट्याउँछन् र त्यसलाई १६ कोठा पारेर पैसा राखी हाँडी फोर्छन्। अनि मलामीजतिले खल्को हाल्छन्।

राई दनुवारको विधिअनुसार किरियापुत्री तथा मलामी घर फर्कंदा प्रत्येक मलामीको अगाडि ३ ठाउँमा चुपी वा खुकुरीले बाटोमा धर्सो काटी हिँड्छन्। मलामीहरू आ-आफ्नो घर फर्किएपछि सो दिन नुन, तेल, माछा, मासु, भात खाँदैनन् मात्र रोटी चिनी, दूध, दही खान हुन्छ।

तर कछाडी दनुवारहरूको विधिअनुसार लास जलाएपछि नुहाएर शुद्ध हुनु जरुरी भएको हुँदा सबै मलामीहरू नुहाउँछन्। घर फर्कंदा बाटोमा बैरी काँडा उल्टो पारेर ढुङ्गाले थिचेर बाटामो राखिन्छ। किरिया गर्ने व्यक्तिले उल्टो बन्चरोले बाटो चिरेर ढुङ्गामा टेकेर नाघ्नुपर्दछ। एवम्प्रकारले अन्य मलामीहरूले पनि ढुङ्गो नाघ्नुपर्दछ। यो विधि गरेपश्चात् भूतप्रेत पिचास आफैँसँग घर फर्किंदैन भन्ने विश्वास गरिन्छ। कछाडीहरूमा बाबुआमाको क्रिया बस्दा कुनै एउटा छोरा किरियामा बसेको पाइन्छ। प्रायजसो घरको जेठो वा कान्छो छोरो मात्र किरियामा बसेको पाइन्छ। किरिया बस्नेले माछामासु खानु हुँदैन। पानी छुनु हुँदैन। उडितको दाल, कोदो खानु हुँदैन। सो दिन अन्य छोराहरूले पनि तारा हेरेर भुजा चिउरा खान्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राई दनुवारको मृत्युसंस्कारसम्वन्धी विधिहरू भौगोलिक फरकपनले गर्दा फरकफरक रहेको पाइन्छ। उदयपुर जिल्ला मयरसुवा गा.वि.स.मा वस्ने दनुवारहरूको किरियापुत्री सबै छोराहरूले बस्नु पर्दैन। उनीहरूको चलनअनुसार एक छोरा मात्र बसे पुग्दछ। अन्य छोराहरूले नुनतेल भने खाँदैनन्। किरियापुत्री बस्नेले नङ, कपाल, जुँगादारी र आँखीभौँको रौँसमेत काट्दछन्। यी दनुवारहरूले ५ दिन जुठो बार्छन्। किरियाको अन्तिम दिन चेलीबेटी भान्जाभान्जी, ज्वाइँ, दिदीवहिनी, भिनाजुहरूलाई टीका लगाई दक्षिणा दिन्छन्। किरिया कर्मको अन्तमा मलामीको गोडामा चिल्लो लगाई बिदा दिइन्छ।

कछाडीहरूमा दाहसंस्कारको भोलिपल्ट मस्कको (हडी) *फुला* लिन चिहानघाट जानुपर्दछ। लास जलाएको ठाउँमा कुनै सर्प, छुचुन्द्रो, छेपारो कुनै चीज देखियो भने मरेपछि यही जीवजन्तुको जुनी भएछ भन्ने विश्वास गरिन्छ। चिहानघाट पुगेर खरानीलाई एक ठाउँमा थुप्रो बनाइन्छ र चित्ताको ढुङ्गा तोडेर खरानीमा नै मिसाइन्छ। यसरी बनाइएको खरानीको थुप्रोमाथि काँडा र ढुङ्गा राखी उल्टो कोदालो पारी खरानीलाई चिरी दिनुपर्दछ र लासको फुला लिएर घर फर्किन्छन्। कमलाखोँचमा गारिने संस्कार पनि मिल्दोजुल्दो छ।

किरियापुत्रीले लास छोपेको कात्रोको धरो बनाई दुईतिर गाँठो पारी घाँटीमा लगाउँदछ भने अर्को दुईवटा धरोको लँगौटी बनाइएको हुन्छ। सावेको डोरी दुईवटा बनाइन्छ। जसमध्ये एउटा कन्दनी बनाइन्छ भने अर्को डोरीमा प्रत्येक किरिया दिनमा एक/एक गाँठो पार्दै जानु पर्दछ। यो डोरीलाई ग्वालीमा झुन्ड्याएर राखिन्छ। कछाडीहरूमा पहिले पहिले ३० (तीस) दिनमा किरियाकाज सम्पन्न गरिन्थ्यो भने हिजोआज १३ दिनमा सिद्ध्याउँछन्। किरियापुत्रीले लगाएको कात्रोको माला र सावेको डोरीहरू तीस दिनको क्रियाकाज भए सत्ताइसौँ दिनमा र तेर दिनको भए मरेको १२ दिनमा खोलामा लगेर बगाइन्छ। किरियाकाज ३० दिनको भए मरेको २७ औँ दिनमा र १३ दिनको किरियाकाज भए १२ औँ दिनमा कपाल खौरिनुपर्दछ। १२ औँको दिन उपरोक्त विधि गरेपछि किरियापुत्री घर आउँदा नयाँ धोती लगाउनुपर्दछ र पुरानो धोतीको कुनै एउटा त्यान्द्रो धागो तानेर माला लगाइन्छ। किरियाकाजको २७ औँ अथवा १२ औँ दिनमा पिण्ड चढाइने विधि आउँछ। एउटा पिण्ड नदीमा चढाइन्छ भने अर्को पिण्ड घरको ग्वाली गोठमा चढाइन्छ। कछाडीहरूको विधिअनुसार पिण्डलाई बीचमा चिरेर दूधको अर्पण गरिन्छ।

किरियाकाजको अन्तिम दिन काजकिरियाको विधिसम्पन्न गरी नदीमा सुन बगाउनुपर्दछ। किरियाकाजको अन्तिम दिनलाई दनुवारी भाषामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुडीपुछी (पितरपक्ष) भनिन्छ। मुडीपुछीको दिन किरियापुत्री खोलाबाट नुहाएर आँगनमा आउँदछ। त्यहाँ उसलाई रेखी हालेको पिरामाथि बस्न लगाइन्छ। यसपछि चुमन (पूजा) कार्यको लागि कपडाले टाउको छोपिन्छ। क्रियाकाज ३० दिनको भए २७ औँ र १३ दिनको भए १२ औँ दिनमा लगाएको कपडाको त्यान्द्रो (धागोको डोरी) बाहुनले छिनाइदिन्छ। यसपछि किरियापुत्रीको आफन्तहरू तथा गाउँलेहरूले क्रमशः दही चामलको टीका लगाइदिन्छन् र धान दूबोले छेक्छन् साथै किरियापुत्रीको टाउकोमा कपडा चढाउँछन्। यसरी चढाउने कपडालाई दनुवारी भाषामा *डोप्टा* भनिन्छ। यसै दिन आफन्तहरू तथा मलामीहरूलाई किरियाभोज खुवाउनुपर्दछ यसरी किरियाकाज विधि सम्पन्न गरी किरियापुत्री शुद्ध (फुको) हुन्छ।

तर राई दनुवारको अन्त्येष्टि किरिया अलि फरक छ। अन्त्येष्टिको अन्तिम दिन किरियापुत्रीलगायत मलामीहरू सबै जना खोलामा जान्छन्। यस समुदायको कोराबाट चोखिने दिन मासु नभैनहुने हुँदा खोलामा पाठी लैजान्छन्। किरियापुत्रीले कपाल काटेपछि नुहाएर गाईको गहुँत खाने गर्दछन्। यसपछि एक माना चामल मात्र पकाएपछि दुईवटा केराको पातमा दुई ठाउँमा बराबरी भाग लगाइन्छ। कान्छी औँलामा कुशको औँठी लगाएपछि उनीहरूको पुरोहितद्वारा केही विधि गरिन्छ। दुईतर्फ भाग लगाएको भातलाई एकतर्फ ८ चिरा र अर्कोतर्फ १६ चिरा गरी ती केराको पातमा भातेको चिराचिरा गरिन्छ।

ती भागहरूमा माछा, मासु, निगार, रोटी र रक्सी चढाइन्छ। त्यसपछि दुबै हातले दुवै भाग तानेर मृतको नाउँमा नदीमा सेलाइन्छ। यस दिन किरियापुत्रीले एउटा राहु र एउटा बाबुको लागि भनी २ वटा पिण्ड चढाउँछन्।

यसरी किरियाकर्म सकिएपछि सबै मलामीहरूले लगेको रोटी, अचार, जाँड एकै ठाउँमा मिसाएर त्यही बगरमा बसेर दालभात, मासु खाने गर्दछन्। खोलामा काटेको मासु घरमा पठाइदिएको हुन्छ तर बगरमा पठाएको मासु घरमा लग्नु हुँदैन। यसरी राई दनुवारको किरियाकर्म विधि सकिन्छ।

ललितपुरको डुकुका दनुवारहरूको आफ्नै आध्यात्मिक र भौतिक संसार छ। बाह्य संसारसित उनीहरूको सम्बन्ध सीमित र कारोबारी रूपमा छ, जसबाट उनीहरूमा चेतना तथा परिवर्तनको लागि प्रेरणा प्राप्त हुँदैन। अतएव, पौष्टिक आहारको कमी, उपचारको कमी जस्ता कारणले उमेर पुगेका वृद्ध मात्र नभई नौजवान, वा कम उमेरकाहरूको पनि उपचार देख्न नपाई मृत्यु हुन्छ। यसैले सबै मृत्युलाई सहज मान्ने प्रचलन कायम छ।

मानिस मरणासन्न घडीमा पुगेपछि परिवार र आफन्त सतर्क हुन्छन्। बिरामीलाई अलग्ग सुताउने र यो अन्तिम अवस्था नै हो भन्ने थाहा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएपछि बाहिर दलानतिर सार्ने काम हुन्छ। त्यहाँ आफन्तहरूको माझमा व्यक्तिले आफ्नो अन्तिम श्वास लिन्छ।

मृतकलाई घाट लैजाने व्यवस्था गर्न सर्वप्रथम दाजुभाइ-बन्धु खलक, आफन्तहरू जम्मा हुन्छन्। दाजुभाइले मलामी जानु अत्यावश्यक नै छ। अतएव मरेको सूचना पाउनासाथै उनीहरू तयार भएर मृत्यु भएको घरमा उपस्थित हुन्छन्। लासलाई गाउँनजिकै वग्मती किनारामा लगी जलाउने चलन छ। यो घाट मच्छिन्द्रको ढुकुटी डाँडाको पश्चिमपट्टि छ। नजिकै बालकहरूको लागि बनाइएको मसान छ।

मानिस मरेपछि ज्वाइँहरूले विशेष भूमिका निर्वाह गर्छन्। मृतकलाई घाटमा लैजाने बाँस काट्ने काम ज्वाइँ चेलाको हुन्छ। लासलाई घरबाट मसानतर्फ लैजाँदा ज्वाइँ मलामीको लस्करको अन्तमा हिँड्छन्। उनलाई प्रेतबाट रक्षा गर्ने काम जिम्मा दिइन्छ। दाहसंस्कार गरेर फिरेपछि पनि ज्वाइँहरू सबभन्दा पछाडि हिँड्छन् र प्रेत पछि नलागोस् भनेर बाटामा काँडा थिची फिर्छन्।

ललितपुर जिल्ला, डुकुछाप गा.वि.स. का दनुवार समुदायमा दाहसंस्कार गरिँदा केही विधिहरू छन् जो अन्य जातिसित मिल्छन्। दागवत्ती छोराले दिने आदि। तर धेरै विधिहरू आफ्नै प्रकारका छन्। तिनको छोटो चर्चा यहाँ गरिन्छ।

मृतकको दाहको काम सकेपछि मलामीहरू नुहाउँछन्। दाजुभाइ खलकका महिलाहरू पनि घाटमा नुहाउन जान्छन्। घाटमा नै केही चामल पकाई पिण्डको रूपमा चढाउने काम हुन्छ भने घाटमा जानेलाई चिउरा, त्यहाँ बलि दिइएको एउटा कुखुरा र एउटा बाखाको मासु पनि बाँडेर खान दिइन्छ।

मलामी घर फिरेपछि आँगनमा पङ्क्तिबद्ध हुन्छन्। प्रेतको प्रभाव हटाउन सबैले धूप लिन्छन्। धूप बालेपछि सबै आआफ्ना घर लाग्छन्।

किरियाकर्म

दनुवार किरियापद्धति हिन्दूसरह १३ दिने कार्यक्रममा आधारित छ। पहिलो दिन घाटबाट फिरेपछि मृतकका छोराहर अलग कुनामा बस्छन्। नुन-मसाला, मासु आदि खान बार्नुपर्छ। गैर दनुवारसित सम्पर्क गर्न वर्जित हुने हुनाले यस अवधिमा नेपाली भाषा बोल्न मनाही छ, दनुवार भाषा मात्र बोलिन्छ।

१३ औं दिनमा मृत्युको किरिया सकिई चोखिने दिन हुनाले किरियापुत्रीहरू २ दिन पहिलेदेखि एक छाक खाने र मृतकको नाउँमा पानी दिने चलन छ। मृतकको परिवारका पुरुष महिला सबैले पँधेराबाट चोखो पानी ल्याई काब्राको पातमा राखी मृतकलाई सम्झेर तर्पण गरिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तेरौँका दिन हजामको विशेष भूमिका हुन्छ। हजाम (नाई) दनुवार मृत्युसंस्कारको पुरोहित नै हो। सिन्धुलीमा मृत्युको पहिलो दिन घाटमा दिइने पिण्डमा नै हजामको भूमिका हुन्छ। उसले पिण्ड दिलाउँछ र दान लिन्छ। डुकुका दनुवारहरू बुङ्गमतीबाट हजाम बोलाउँछन्। बिहानै नङ, केश काट्ने, हात पैताला रङ्ग्याउने जस्ता नेवारी संस्कार गरिन्छ।

यस दिन प्रत्येक जुठो लाग्ने दाजुभाइले ६।६ वटा रोटी पकाई घाट जान्छन् र नदीनजिकको पाटीनिर रोटी वितरण गर्ने, चढाउने गर्छन्। यस अवसरमा बाखा र कुखुरा पनि काटिन्छ र नुन-मासु फुकाइन्छ। लुगा धुने काम पनि हुन्छ। यहाँ पनि ज्वाइँको भूमिका महत्त्वको छ।

तेरौँ दिन महत्त्वपूर्ण दिन हो। यस दिनको कार्यक्रम घर तथा घाट दुवै स्थानमा सम्पन्न हुन्छ। घाटमा हुने कार्यक्रममा ज्वाइँको भूमिका पुरोहित जस्तै हुन्छ। गाउँको उत्तरतर्फ वाग्मती किनारामा बनाइएको पाटी र चयरमा घरपरिवारका सबै जना जम्मा हुन्छन्। यहाँ ज्वाइँ र हजामसमेत पाँच जनालाई खाना ख्वाउँछन्।

घर पुगेपछि ज्वाइँ र चेलीहरूले सबैलाई टीकाटालो गर्छन्। यो जुठो चोख्याउने विधि हो। क्रियाको समयमा नाङ्गै बसेकाहरूले सेतो एकसरो लुगा लाउँछन्। महिलाले सेतो सारी लगाउनु पर्दैन।

दनुवार छोराहरू बाबुआमा मरेपछि पुरा १ वर्ष सेतो लुगा लगाउँछन्। व्रतबन्ध गरेपछि कर्म चलेको मानिने हुनाले साना केटाहरू पनि सेतो वस्त्रमा देखिन्छन्। अन्य जातिमा यो प्रथा हट्दै गएको अवस्थामा पनि दनुवारहरूमा यो नियम पालना हुन्छ। खानपानमा अमिलो खानेकुरा १ वर्ष बारिन्छ तर कसैकसैले पशुपतिनाथ गएर सो फुकाउने पनि गर्छन्। तेरौँका दिन बेलुका ज्वाइँ-छोरी, भान्जा, भान्जी आदि नातालाई भोजन गराइन्छ।

बर्खी कार्य

दनुवारहरूको बर्खी सरल छ। बर्खीका दिनको विशेष कार्यक्रम जुवाइंबाट सुरू हुन्छ। घर र शरीर चोखो गरेपछि आफन्त-परिवार एकत्रित हुन्छन्। ज्वाइँले बर्खी बार्नेलाई एकसरो सेतो लुगा फुकाल्न लगाई रङ्गीन र दोहोरो सिलाएको (सामान्य) लुगा लगाउन दिन्छन्। खानपान पछि काम सकिन्छ।

किरियादान

किरियादान गर्ने परम्परा कमलाखोँचमा वस्ने कछाडीहरूको रहेको पाइँदैन तर सोही ठाउँबाट बसाइँसराइ भई आएर तराई बसोबास गर्ने कछाडीहरू मैथिली संस्कृतिको प्रभावमा परेर किरियादान गर्ने गरेको पाइन्छ। मैथिली ब्राह्मण, भूमिहार राजपूत कायस्थहरूले गरेझैँ तराईको दनुवारहरूले ३ किसिमले किरियादान गर्दछन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१. पञ्चदान, २. वेरीदान र ३. खोर्सी दान

धनुषाधाममा बस्ने दनुवार समुदायमा कुन किसिमको किरियादान गरिने हो सोको जानकारी गाउँलेहरूलाई अगाडि नै दिनुपर्ने प्रचलन रहेको छ। किरियापुत्रीले कवुल गरेबमोजिम निम्नबमोजिमको दान दिइन्छ साथै गाउँलेहरूलाई भोज खुवाइन्छ।

१.१. पञ्चदान

यो किरियादान गर्दा जोडा जुत्ता, जोडा लोटा, जोडा थाली, जोडा धोती, तथा अन्य विभिन्न सामानहरू ब्राह्मणहरूलाई दान दिइन्छ।

१.२. वेरी दान

यस किरियादानमा बाहुन र बाहुनी दुवैलाई बोलाइन्छ। यस दानमा एक बाछा र तीन बाछी दिइन्छ। जसमध्ये २ बाछी बाहुनलाई र एक बाछा र एक बाछी छाडा छोडी दिनुपर्दछ। यस किरियादानमा दैनिक प्रयोग हुने चीजबीजहरू दिनुपर्दछ। यस दानअन्तर्गत गाउँका मानिसहरूलाई भोज बोलाई खुवाउने चलन छ। यसमा सुन पनि दान गरिने हुनाले यो किरियादान महँगो हुन्छ।

१.३. खोर्सीदान

यो किरियादान सर्वसाधारणका लागि उपयुक्त हुन्छ। ब्राह्मणलाई बोलाएर आफ्नो शक्तिअनुसार खान दक्षिणा गरिन्छ।

(ख) पुनर्जन्म

कछाडीहरूले मानिसको पुनर्जन्ममा ठूलो विश्वास गर्दछन्। अहिलेको मानव जुनीमा राम्रो कार्य अर्थात् परोपकार, समाज सेवाको कार्य, पूजापाठ धार्मिक कार्य गरेमा अर्को जन्ममा धनी तथा सम्पन्न मानिसको कोखमा बास हुनेछ भन्ने धार्मिक विश्वास रहेको छ। पाप तथा आपराधिक कार्य गरेमा नर्कमा पुगिन्छ र अर्को जन्ममा गरिब तथा असहाय हुन पुगिन्छ भन्ने विश्वास गरिन्छ। गाईलाई कुटेमा गाईको रूपमा पुनर्जन्म हुनेछ भन्ने विश्वास गरिन्छ। दाहसंस्कार गरेको भोलिपल्ट लासको (मस्तक) फुला लिन चिहानघाट जाँदा यदि त्यहाँ सर्प, छुचुन्द्रो, छेपारो, माकुरा कुनै चीज देखियो भने मरेपछि सोहीको जन्म भएछ भन्ने धार्मिक विश्वास गरिन्छ।

(ग) गैरदनुवारीजातको मृत्युमा हुने संस्कार

कुनै कछाडी दनुवारको केटाले गैर दनुवार केटी विवाह गरेको रहेछ र ती केटीको कुनै कारणवश मृत्यु भएमा दाहसंस्कार जातीय कानुनअनुसार बेग्लै किसिमले गरिने प्रचलन रहेको छ। गैरदनुवार आइमाईलाई मृत्युपश्चात् सिन्दूर टीका लगाइन्छ। गाउँका दनुवारहरूले लास बोकेर लान्छन् र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दाहसंस्कार गरी दिन्छन् यसरी गैरदनुवारको लास बोकेबापत आर्थिक दण्ड सजाय गर्ने जातीय नियम रहेको पाइन्छ। यसरी हुनजाने दण्ड सजायको रकम लोग्ने वा सासू ससुराले तिरिदिने कबुल गरेको हुन्छ तर यसरी कबुल गर्दा पनि गैरदनुवार आइमाईको लास बोक्न कसैले मानेनन् भने अर्को उपाय गरिन्छ। जसअनुसार लासको खुट्टामा डोरीले बाँधेर अर्को डोरीको छेउले गोरुको सिंहमा बाँधेर गोरुलाई खोलातिर धपाइन्छ र खोलामा पुगेपछि लासलाई फालिन्छ र गैरदनुवार आइमाईबाट जन्मेको सन्तानलाई *दरी* (शुद्ध पारेर) विधि गरेर दनुवार समाजमा भित्र्याइन्छ। यसरी गैरदनुवारजातिको आइमाईले दनुवारसँग विवाह गरेमा घृणित तरिकाले दाहसंस्कार गरेको पाइन्छ, तर हिजोआज जातीय कानुन तोडिएको छ र कुनै पनि जातिको केटा ल्याए पनि *दरी* गर्ने चलन बढेको छ। साथै सरकारी नियमकानुनले पनि अन्यथा हुन दिएको छैन।

उपसंहार

नेपालका विभिन्न आदिवासी जनजातिहरूमध्ये दनुवारजाति एक हो। यिनीहरू नेपालका तराई, भित्री मधेस हुँदै चुरे-महाभारत, दून उपत्यकासम्म फैलिएर रहेका छन्। नेपालमा करिब ५३/५४ हजारको सङ्ख्यामा रहेको यो जातिको आफ्नै भाषा, संस्कृति, रहनसहन छ। दनुवार समाज हिन्दूधर्मबाट प्रभावित छ र यिनीहरू हिन्दूधर्म-संस्कृतिअनुसार आफ्ना संस्कारहरू सम्पन्न गर्दछन्। हरेक जातिभित्र विशेष खालका संस्कार हुन्छन् जसको आ-आफ्नै प्रकारका साङ्केतिक विशेषता हुन्छन्। त्यस्तै दनुवारजातिको पनि आफ्नै ढङ्गले संस्कारहरू गर्ने प्रचलन रहेको पाइन्छ। दनुवार समुदायमा जन्मदेखि मृत्युसम्मका संस्कारहरू सम्पन्न गर्ने आफ्नै प्रकारको रहेको पाइन्छ। दनुवारका सामाजिक संस्कार पारम्परिक रीतिरिवाज, धार्मिक मूल्य-मान्यतामा आधारित रहेको पाइन्छ।

सन्दर्भसामग्री

१. ईश्वर बराल, *"थारूजाति र तिनको संस्कृति"* नेपाल सांस्कृतिक परिषद्, पत्रिका (त्रैमासिक) वर्ष १, अङ्क १, २००९, वैशाख , पृ. ४७
२. उमानाथ शास्त्री, *"दनवार"*, पारिजात, विराटनगर : हिमालचुली प्रकाशन माला - ९, २०२५, पृ. ३६-३८।
३. कमलदीप ढकाल, *"कमला खोँचका दनुवार"*, मधुपर्क, २०३६, पृ. ६०।
४. कृष्णप्रसाद उपाध्याय, *दनुवारजाति : एक अवलोकन*, हाम्रो संस्कृति, वर्ष ५, अंक १, २०२७।
५. गंगा खरेल, डुकुछाप, ललितपुरका दनुवार : सामाजिक परिवेश र परिवर्तनका प्रभावहरू, (अनुसन्धान प्रतिवेदन) कीर्तिपुर : नेपाल र एसियाल अनुसन्धान केन्द्र, २०५६।
६. जनकलाल शर्मा,– "नेपालका थारूहरू" हाम्रो समाज एक अध्ययन , काठमाडौं : साझा प्रकाशन, वि.सं. २०३९, पृ. ४०८।
७. *दनुवारजातिको संस्कार संस्कृति*, मधुपर्क मासिक, २०५१, पृ. ४९-५१।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

८. दामिनी वैद्य, चुन्दा वज्राचार्य र नन्दमाया नकर्मी, *"दनुवार महिलाको सामाजिक आर्थिक तथा शैक्षिक स्थिति : एक अध्ययन"*, अनुसन्धान पत्र, कीर्तिपुर : ने.ए.अ. केन्द्र २०५४ ।
९. दुर्गा खरेल, *वालुवा गा.वि.स. का दनुवारजातिको सामाजिक र आर्थिक जीवन,* भिलेज प्रोफाइल, २०४९, पृ. १५ ।
१०. डोरवहादुर विष्ट,– सबै जातको फूलवारी, साझा प्रकाशन– हामी दनुवार माझी र दरै, पृ. ९२ ।
११. धनवज्र वज्राचार्य-प्रधान सम्पादक– "नेपालका विभिन्न भाषा भाषीहरूको संख्या" इतिहास संशोधनको प्रमाण प्रमेय, पहिलो भाग, पृ.१८० ।
१२. …………, डोयहरू को हुन्? पूर्णिमा, अङ्क ४, पृ. २०-३१ ।
१३. नगेन्द्र शर्मा, *"दनुवार"* नेपाली जनजीवन, खोजग्रन्थ, दार्जलिङ्ग: अचला भगवती प्रकाशन, ई. १९७५, पृ.५९
१४. नरेन्द्र पौडेल, *दनुवारजाति,* हाम्रो संस्कृति, वर्ष २, अंक ३, २०२५, जेष्ठ ।
१५. प्रेमकुमार खत्री, *"नेपालको दनुवार समाज र संस्कृतिवारे केही चर्चा"* प्रज्ञा, पूर्णाङ्क ८२, ने.रा.प्र.प्र, २०५१/०५२, पृ. १०१
१६. ------------, *सिन्धुली-कमला दनुवार : एक संक्षिप्त चिनारी (मृत्युसंस्कार),* समर्पण, वर्ष ६, अंक २, २०५२ ।
१७. प्रेम खत्री, पेशल दाहाल, *नेपाली संस्कृति र सभ्यता,* विराटनगर : श्रीमती कमला दाहाल, २०५२ ।
१८. वलामी, माझी, दनुवार र सुनुवार, मुर्मी, भोट्या, चेपाङ पहरिवरै, कुम्हाल, वरानु गैरहरूले जानाजानी भाउज्यू विराउ गऱ्या भन्या मारिदिनु, इति संवत १८९३ साल मिति आषाढ सुदी ७ रोज्, ४ शुभम् ।
श्री ५ सुरेन्द्र विक्रम शाहदेवका शासनकालमा बनेको मुलुकी ऐन परिशिष्ट (ख)– श्री ५ को सरकार कानुन तथा न्याय मन्त्रालय– प्रकाशक: कानुन किताव व्यवस्था समिति २०२२ साल जेष्ठ २९, पृ. ७०१ ।
१९. वालकृष्ण पोखरेल, *राष्ट्र भाषा,* काठमाडौं: साझा प्रकाशन, २०४० ।
२०. विनोद जोशी, *पाँचखाल गा.वि.स. का दनुवार,* भिलेज प्रोफाइल, कीर्तिपुर, त्रि.वि.रा.वि.से. निर्देशनालय, २०५२ ।
२१. भरतप्रसाद लामिछाने, *पाँचखाल गाविसका दनुवार जातिको सामाजिक अवस्था,* स्नातकोत्तर शोधपत्र, ने.इ.सं. तथा पुरातत्व विभाग, कीर्तिपुर, २०५२, पृ. ३६-४० ।
२२. मेचीदेखि महाकाली, भाग २, मध्यमाञ्चल विकास क्षेत्र, श्री ५ को सरकार, सन्चार मन्त्रालय, सूचना विभाग, २०३१,पृ २२१ ।
२३. राजेन्द्रप्रसाद पौड्याल र सुषमा वाँसकोटा, *कमलाखोँच क्षेत्रका दनुवार जातिको सांस्कृतिक एवम् राजनैतिक अवस्थाको अध्ययन,* अनुसन्धान पत्र, सिनास: २०५५.
२४. रामनिवास पाण्डे, *पिपल्स अफ नेपाल,* भ्वाइस अफ हिस्ट्री, *भाग ७, नं. १, ई. १९८१ ।*
२५. रामप्रसाद गुरागाईं, *"चौघडा गा.वि.स. का दनुवार जातिको छोटो चिनारी"* पाठ्यक्रम विकास पत्रिका, पूर्णाङ्क ३१, २०५१, पृ. २१ ।
२६. रोहिणी कुमार के.सी.,– " दनुवार" पिछडिएका जनजाति सम्वन्धि आर्थिक तथा सामाजिक सर्भेक्षण, श्री ५ को सरकार २०४३, पृ. ११२ ।
२७. *"श्री ५ पृथ्वी नारायण शाहको उपदेश",* इति सम्वत् १८३०, पृ. १०४१ ।
२८. हरिवहादुर क्षेत्री, *दनुवार जातिको जन्मदेखि मृत्युसम्मको संस्कारहरू एक अध्ययन,* स्नातकोत्तर शोधपत्र, ने.इ.सं. तथा पुरातत्व विभाग, कीर्तिपुर, २०५२, पृ. ४३-८२ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पत्रिका

१. मोहनलाल अधिकारी,– दोनवार जातिको सूचना, जयनगरः वद्रि नारायण प्रेस, वि.सं.२०२० ।

२. कमलदीप ढकाल,– कमलाखोंचका दनुवार, मधुपर्क, काठमाडौंः गोरखापत्र संस्थान, वर्ष १२, अंक १०, २०३६ ।

३. दनुवार जागरण समिति, दनुवार जागरण समितिको विधान, जनकपुर, २०४९

४. लालकर्ण रवेतीरमण– कमलाखोंचका दनुवार संस्कृति, मधुपर्क, काठमाडौं : गोरखापत्र संस्थान, २०४३ भाद्र ।

५. ...., दनुवार जातिमे विवाहा प्रथा, मैथली मासिक भाखा पटना, पटना प्रिटिङ प्रेस, १९८९ अप्रिल ।

६. राजेन्द्र नारायण सिंह, संसद मे मधेश की आवाज, लक्ष्मी प्रिटिङ वर्कस, वालाजु चक्रपथ, २०..

अङ्ग्रेजी

१. B.H. Hodgson, "Essays on the Languages, Literature and Religion of Nepal and Tibet," first published, London, 1974, p. 62.

२. Bista, Dor Bahadur, "People of Nepal ", Kathmandu: Ratna Pustak Bhandar, 1980.

३. -s_ Kirkpatrick : An Account of the Kingdom of Nepaul Classes of Inhabitants, first published. 1811, p.183.

५. Francis Hamilton, An Account of the Kingdom of Nepal, p.21

४. Gopal Singh Nepali, "The Newars", Asia Publishing House, Bombay, 1964 p.32

५. Hermann Strasser and Susan C. Randall, "An Introduction to Theories of Social Change", London : Routledge and Kegan Paul, 1981

६. Pashupati Kumar Dwivedi, "Other Sundry Groups of the Terai" - Nepalese Society, 1975, p. 151

७. Ramesh M. Shrestha with Mark Lediard, "Faith Healers : A æorce for Change", UNICEF, n.d.

८. Robert A. Nisbet, "Social Change and History : Aspects of the Western Theory of Development", New York: Oxford Univ. Press, 1969.

९. Sameer Chandra Upadhyaya, "A Study on Demographic Variable and Their Analysis Dukuchhap VDC", Lalitpur, A Village Profile submitted to NDS Office, T.U. Kirtipur.

१०. Shrestha, D. B. and others, "Ethnic Groups of Nepal and their way of Livings," Himal Bookseller,1971, p.22

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दमाईजातिको सामाजिक संस्कार

–प्रकाश दर्नाल

दमाईजातिको परिचय

नेपालको दमाईजाति पहाडी क्षेत्रका अति पिछडिएका दलितजातिमा पर्दछ। फैलावटका हिसावले यो जाति नेपालका सवै भूक्षेत्रमा पुगेको जाति पनि हो। परम्परागत हिन्दू जातीय संरचनामा यो जातिलाई शूद्र दर्जा दिइएको छ र थुप्रै शूद्रभन्दा तल राखिएको छ तर हिन्दूहरूका अनेक संस्कार तथा पर्वहरूमा र सिलाइका समेत दमाईजातिको समाजशास्त्रीय अध्ययन ब्राह्मणक्षत्री मूलको आनुवंशिक उत्पत्तिको अध्ययन जस्तै गरी गर्न सकिन्छ। यसको मुख्य आधार त सामाजिक तथा धार्मिक संस्कार, भाषा, चाडपर्व, रीतिरिवाज, थरगोत्र आदि नै हुन्। यही आधारमा दमाईजातिको उत्पत्ति र आनुवंशिक विकासको बारेमा मोटामोटी रूपमा चर्चा गर्ने जमर्को गरिएको छ।

उत्पत्ति

वर्तमान नेपाली भाषाको उत्पत्तिको थलो कर्णाली क्षेत्रलाई मानिँदै आएको छ। यसको इतिहास एघारौँ शताब्दीदेखि सुरु हुन्छ र नेपालको इतिहासमा यसको महत्त्वपूर्ण स्थान छ, किनभने नेपालका भाषा, जाति र संस्कृतिको स्रोत नै कर्णाली प्रदेश हो। वाहुनक्षत्रीको बोली नेपाली भाषा भएजस्तै दमाईजातिको वोली पनि नेपाली नै हो। वाहुनक्षत्रीको भाषा र दमाईजातिको भाषामा कुनै फरक छैन। कर्णाली अञ्चलको नामकरण हुनुमा पनि दमाईजातिले बजाउने 'करनाल' बाजाबाट नै भएको हो[४८] भनी इतिहासकारहरूले स्वीकार गरेका छन्। नेपाली भाषा चौधौ-पन्ध्रौँ शताब्दीमा सिञ्जाली भाषाबाट छुट्टियो।[४९] यसै समयमा खसहरू नुवाकोटतिर वसाइँ सरे। दमाईजाति पनि खस संरचनाभित्रकै भएकाले यसै समयतिर उनीहरू जुम्लाबाट यता आएको हुनुपर्छ। यसरी दमाईजातिहरूको उत्पत्ति इतिहास केलाउँदा खसबाहुनकै इतिहास केलाउनु आवश्यक पर्दछ। बाहुनक्षत्रीको उत्पत्तिलाई भिन्दाभिन्दै रूपमा केलाउने हो भने आफ्नै शरीरको महत्त्वपूर्ण

---

४८ सत्यमोहन जोशी, कर्णाली लोकसंस्कृति" इतिहास- १ पृष्ठ ३
४९ चुडामणि बन्धु, " " " भाषा- ४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अङ्गलाई बेवास्ता या उपेक्षा गरेको भैँ हुनेछ। बाहुनक्षत्रीबाटै दमाईजातिको सृष्टि कसरी भयो तथा बाजा बजाउने काम दमाईजातिमा कसरी भाग लाग्यो भन्नेबारेको एउटा जनश्रुति यस प्रकारको छ :

"पहिले गाउँघरमा उत्सवको बेलामा बाजा बजाउने मान्छे कोही थिएनन्। एक दिन एक जना गाउँलेको घरमा उत्सव मनाइने भएको थियो। उसले त्यस बेला बाजा बजाएर रमाइलोसँग उत्सव मनाउने इच्छा गर्‍यो र एउटा तामाको दमाहा बनाउन लगायो। त्यस दमाहामाथि उसले दुइटा गजा (दमाहा बजाउने लट्ठी) पनि राख्यो। त्यसपछि आफ्ना समाजका सबै मान्छेहरूसँग उसले भन्यो- हेर, जसले पहिलोपल्ट गजाले हान्ला, त्यसले नै हाम्रो समाजमा सधैँ बाजा बजाउने काम गर्ला।

उत्सवको दिन उसको घरमा धेरै पाहुनाहरू जम्मा भएका थिए। उसकी छोरी पनि आफ्नो सानो छोरा लिएर त्यस घरमा आएकी थिई। त्यसै सानो केटोले पहिलोपल्ट आएर त्यो दमाहा बजाएछ। गाउँलेहरूले त्यसै केटालाई बाजा बजाउने काम सुम्पे। दमाहा बजाएकोले ऊ दमाई भयो। आमाचाहिँले रुँदै गाउँलेहरूसँग भनी, मेरो छोरालाई दमाई नबनाइदेओ। मेरो बिन्ती लागोस्। उसको दाजुले उसलाई सम्झाउँदै भन्यो, पीर नमान बहिनी, तिमीलाई खान पुग्ने धान दिउँला, नयाँ लुगाहरू सिउन लाउँला, बिहे-व्रतवन्धमा अघि लाउँला, म भान्जालाई हलो जोताउन्न, बाउसो खनाउन्न, देवताको पिंढीमा ल्याउँला, राजाको अघिअघि लाउँला। यति भनेर दाजुले बहिनीको चित्त बुझायो।"[५०]

काठमाडौँका बूढा दमाईहरूले पनि बाहुन मामा, दमाई भान्जा भएको लोककथन प्रचलित छ। वास्तवमा जन्म एवं व्यवसायमा आधारित जाति व्यवस्था नेपाल र नेपाल रहेको प्रायद्वीपमा मात्र होइन, प्राचीन समयमा फारस, रोम र जापानमा पनि प्रचलित थियो। तर जस्तो परम्परा हामीकहाँ चल्यो र त्यसको व्यावहारिक रूप प्रयोगमा आयो, त्यस्तो कुरा अन्यत्र दुर्लभ थियो। यस्तै कारणको परिणामस्वरूप प्राचीन जातिव्यवस्था वा वर्णव्यवस्था जे भनौँ हाम्रो प्रायद्वीपमा जस्तो अन्य मुलुकका फस्टाउन सकेन र त्यो समयको प्रवाहमा लुप्त भएर गयो।

हिन्दूहरूको प्राचीन ग्रन्थ ऋग्वेदिक कालमा पनि आपसमा परस्परविरोधी दुई दल थिए - आर्य र अनार्य। यिनीहरूलाई आपसमा छुट्याउने कुरा छालाको रंग, भाषा र पूजापाठ नै थिए। यसरी प्राचीन कालमा वर्ण शव्दको अर्थ आर्य र अनार्य छुट्याउने कुरामै सीमित रह्यो। ब्राहमण जन्मजात हुँदैनथ्यो। एउटै बाबुका दुई छोरा एउटा पुरोहित अर्को राजा भएको उदाहरण हामी ऋग्वेदमा पाउँछौँ। ऋग्वेदमा जुन दास जातिको

---

५० प्रदीप रिमाल, " " " भाग- ५ पृष्ठ ३५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उल्लेख भएको छ, ती आर्यका विरोधी थिए र पछि आर्यहरूबाट विजित भएपछि उनीहरू आर्यका दासमा परिणत भए र यसै जातिलाई शूद्र मानियो ।

तैतरीयसंहितामा उल्लेख भएअनुसार प्राचीन समयमै शूद्र पनि समाजको एक अंग नै थियो । ऋग्वेदमा चर्मम्न अर्थात सार्कीको, कर्मार अर्थात् फलामको काम गर्ने कामी, गन्धर्व अर्थात् गीत गाउने , बजाउने गाइने आदिको उल्लेख पाइन्छ । तर जन्मदेखि शूद्र कोही होइन । कुनै व्यवसायको आधारमा जातिमा परिवर्तन भए, कुनै श्रापबाट शूद्रमा परिवर्तन भए भन्ने तथ्य निम्न उदाहरणले यसरी बताउँछ ,

"ऐतरेय ब्राह्मण ग्रन्थअनुसार राजा हरिश्चन्द्र सन्तानहीन थिए । उनले वरुण देवलाई पुत्र भएमा बलि चढाउँछु भने । छोरा रोहित जन्म्यो । तर राजाले बलि चढाएनन् । वरुणदेवको धम्कीले अजीगर्त नामका ऋषिका माहिला छोरा शुन:शेपलाई एक सय गाई दिएर बलिको लागि खरिद गरे । तर शुन:शेपलाई दाजुभाइ मान्न अस्वीकार गरेकाले विश्वामित्रले उनीहरूलाई अन्घ्र, पुण्ड, शवर, पुलिन्द, मृतिव जातिमा परिणत हुने श्राप दिए । स्मृतिग्रन्थले यो जातिलाई क्षत्रिय मान्यो र कालान्तरमा वैदिक संस्कार नभएको कारण तथा ब्राह्मणको सम्बन्धबाट अलग रहेको हुँदा शूद्रको श्रेणीमा आए भनिन्छ । अन्त्यमा मनुले चार वर्णका अतिरिक्त अन्य जाति आर्यको भाषा बोलुन् वा नबोलुन्, ती सबै शूद्र हुन् भनी पनि भनेका छन् ।"[५१]

दमाईहरू तामाङ, राई, लिम्बु, मगरभैँ छुट्टै जाति मानिएका छैनन् । यिनीहरूलाई बाहुन, क्षत्रीकै जातिमा राखिन्छन् । त्यसैले दमाईहरूको उत्पत्ति कतै बाहुनक्षत्रीकै संयोगबाट भएको त होइन ? यस प्रसङ्गमा नगेन्द्र शर्माको भनाइ यस्तो छ, 'बाहुनक्षत्रीलाई कामी, दमाई र सार्कीसँग एकै लङमा राखेकोमा कट्रपन्थी समाजबाट ठूलो र सानो जातको आधारमा विरोध हुन सक्ने सम्भावनाचाहिँ स्पष्टै छ । तर आजको विश्वमा जातभातका थोत्रा परम्पराका पृष्ठपोषकहरूको विचारलाई मान्यता दिइरहनैपर्छ भन्ने पनि केही छैन । योबाहेक एकातिर कामीका कतिपय थरहरू (जस्तै सापकोटा, घिमिरे, अधिकारी र आचार्य) लाई दृष्टिमा राखेर विवेचना गर्न हो भने यिनीहरूको पुर्खा बाहुनक्षत्री नै थिए र तिनले हाडफोरा काम गरेको सजायस्वरूप मात्र पानीबाट हटाएर तिनका सन्तानको उपाधि पनि कामी भएको हो भन्ने हाम्रो दृढ धारणा छ, भने अर्कोतिर यस्तै कुनै सामाजिक अपराधको आधारमा दमाहा बजाउने पेशा लिनु परेका दमाई (दमाही) हरू र पुर्ख्यौली धर्म आचरणको विरुद्ध गएर अभक्ष्य पदार्थ (सिनो ?) खाएको अपराधको फलस्वरूप पानीबाट

५१ जनकलाल शर्मा, हाम्रो समाज एक अध्ययन, पृष्ठ ६२-६३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हरेर छालाको काम गर्नुपरेका सार्कीहरूका पूर्वज पनि बाहुनक्षत्रीबाहेक अरू कोही थिएनन् होला भन्ने अड्कल पनि छ।"[५२]

अर्का नेपाली भाषाशास्त्री महानन्द सापकोटाका अनुसार पनि यस्तो जानकारी पाइन्छ। हाम्रो तथाकथित अछुती जातहरूमा यसो हेर्दा दमाईहरू आनीबानी र वोलीचालीमा अरू तथाकथित अछुतहरूभन्दा तलका मानिन्छन्। हाम्रा अछुत जातहरूको उत्पति कहिले र कसरी भएछ अनि यो भिन्नाभिन्नै तह किन भएछ, यी सबै कुरामा राम्रो अनुसन्धान आवश्यक छ। दमाही शब्द फारसी मूलक हो। नगरा तुर्केल भाषावाट आएको हो र ढोल कतावाट आयो ? स्पष्ट भएको छैन। दमाहीहरूलाई नै चिनाउने शव्दहरू हुन् यी- दमाहा वजाउने दमाई, नगरा वजाउने नगर्ची र ढोल बजाउने ढोली। ढोली पश्चिम नेपालमा पाइन्छन्। ढोली शव्द दमाई शव्दभन्दा जेठो हो। यसवाट वाजा वजाउने काम पहिलेबाट थियो र ढोलीहरूले नै दमाहा वजाएर दमाई भएका हुन् कि ?

ढोल शव्द अनार्य मानिन्छ। के त्यसो भए नगरा, दमाहा, ढोल बाहिरैवाट आएको हो त ? वा बजाउने पनि बाहिरबाट आए ? वाजामात्र विदेशी हुन् भने, यी वजाउने मान्छे ती बाजा बजाउनाले अछुत भएका हुन् कि अघि नै अछुत थिए ? अघिनै अछुत थिए भने किन र कसरी अछुत भए ? हाम्रो शास्त्रहरूमा (उनले पढेजतिमा) चार जातको उल्लेख पाइन्छ, तर छत्तीस वर्णको सुइँकोसम्म पनि पाइँदैन। ती चार जातका पारस्परिक सम्मिश्रणबाट उत्पन्न भएका सङ्कर जातिको अनुसन्धान गर्दा नाम र सङ्ख्या दुवैको प्रमाण पाइँदैन।[५३]

दमाईजाति सोझा र सरल प्रकृतिका हुन्छन्। यिनीहरूमा पनि संयुक्त परिवारमा बस्ने चलन छ। घरमा लोग्नेमान्छेको प्रभुत्व हुने भएकोले दमाई परिवारलाई पितृसत्तात्मक परिवार भन्न सकिन्छ। दमाईजातिको मुख्य पेसा लुगा सिउने, बाजा बजाउने र कृषि कार्य आदि हुन्। लुगा सिउने काम घरका सबै सदस्यहरूले जानेका हुन्छन्, तर बाजा बजाउने कामचाहिँ लोग्ने मान्छेहरूले मात्र गर्छन्। दमाईहरूको घर एकतले वा दुईतले, ढुङ्गा र माटोले वनाएको, खर वा झिंगटिले छाएको छानो भएको हुन्छ। हुनेखानेको खेत र वारी पनि हुन्छ। तर धेरैजसोको धेरथोर बारीचाहिँ भएकै हुन्छ। लुगा सिउने र वाजा वजाउनुबाहेक कृषि र पशुपालन पनि दमाईजातिको मुख्य पेशा हो। दमाईजाति परिश्रमी र इलमी जाति भएकोले एक छाक खानलाई दुःख हुँदैन। वर्षैभरि विष्टहरूकहाँ लुगा सिउने, बाजा बजाउने आदि कार्य गर्ने भएकाले विष्टहरूवाट वर्षमा एक पटक बालीस्वरूप धान, मकै, गहुँ, कोदो

---

५२ नगेन्द्र शर्मा, नेपाली जनजीवन (भूमिका) पृष्ठ ग

५३ महानन्द सापकोटा," दमाई", मधुपर्क वर्ष ३ अंक ३ पृष्ठ ६४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आदि अन्न सङ्कलन गरी उनीहरू जीवन निर्वाह गर्दछन्। त्यसवाहेक काम गरेको दिनको विहानको खाना, दिउँसोको खाजा र रातिको खानाको लागि पुन्की सामलको रूपमा पाउँछन्। विष्टहरूको पास्नी, न्वारान, विवाहमा दमाईहरूले नेगी (नाइके) भाग पाउने पनि चलन छ। यस वाहेक प्रत्येक चाडवाडमा दमाईहरू आफ्नो विष्टकहाँ भाग माग्न जान्छन्।

भाषा र लवाईखवाईको दृष्टिकोणवाट पनि दमाई जातिहरू वाहुन क्षेत्रीभन्दा भिन्नै देखिन्नन्। यहाँसम्म कि उच्चारण र शाब्दिक अर्थ एउटै हुन्छ। नेपाली भाषा नै दमाईजातिको पहिलेदेखिको मातृभाषा रहिआएको छ। खानपिनको चर्चा माथि नै उठाइसकिएको छ। लवाइ अथवा वेशभूषा पनि दमाईहरूको दौरा, सुरुवाल, इस्टकोट, कोट, जुत्ता, गलबन्दी, टोपी, भोटो, कछाड मुख्य रहिआएका छन्। स्वास्नीमान्छेहरू फरिया, चोलो, खास्टो ओढछन्। उनीहरू सुनको गहना लगाउन पनि रुचाउँछन्। ढुङ्ग्री, फूली, मुन्द्री, वाला, शिरबिन्दु आदि तिनीहरूको प्रिय गहना हुन्।

संस्कृति

नेपाली संस्कृतिको जन्म एउटै जाति वा धर्मवाट सिर्जना भएको होइन। यो त नेपालभित्रका अनेक जाति र धर्मको मिश्रणवाट निस्केको नेपाली मात्रको साझा सम्पत्ति नेपाली संस्कृति हो। यस संस्कृतिको वनौटमा दमाईजातिको महत्त्वपूर्ण योगदान रहेको पाइन्छ। दमाईहरूले मात्र पञ्चे वाजा र नौमतीवाजा बजाउने भएकोले दमाईको पर्यायवाची शब्द मान्न सकिन्छ। पञ्चेवाजामा ढलकी, दमाहा, झ्याली, सनई र ट्याम्को हुन्छ भने नौमती बाजामा सनई दुई, ढलकी एक, दमाहा दुई , झ्याली एकजोर, ट्याम्को एक, नरसिङ्गा एक र कर्नाल एक हुन्छ। हुन पनि नेपाली संस्कृतिमा बाजाले एउटा सामाजिक मान्यता नै पाइसकेको छ। हाम्रो समाजमा यसको ठूलो महत्त्व छ। जति महत्त्व हाम्रो समाजमा वाजाले प्राप्त गरेको छ,

त्यति नै महत्त्व अन्य समाजमा नपाइएला। जन्मदेखि मृत्युसम्म समाजका विविध पक्षमा वाजाले आफ्नो स्थान प्राचीन कालदेखि सुरक्षित राख्दै फराकिलो पारेको छ।

दमाईहरूले धर्मकर्मदेखि लिएर जीवनका यावत् पक्षमा वाजा वजाउने गर्दछन्। घरमा नवजात शिशुको जन्म भयो भने पनि दमाई वाजा नै चाहिन्छ। छैटी, न्वारान, पास्नी, व्रतबन्ध र विवाह जस्ता कर्मकाण्डमा पनि वाजा बजाउन दमाईकै आवश्यक पर्छ। यसबाहेक विभिन्न पूजाआजा, चाडपर्व, जात्रमात्रा र तीर्थ आदिमा पनि वाजा बजाउने दमाईहरू नै हुन्छन्। यसरी दमाईहरूले समाजका विभिन्न थरीका रीतिथितिलाई जिउँदो राखिराखेका हुन्छन् - विभिन्न धुन र सङ्गीतमा। त्यसैले दमाईलाई सगुनी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जात भनेको हुन सक्छ। कुनै काममा जान लागेको बखत दमाईलाई भेटे काम सप्रन्छ भनेर खुसी हुने लोकविश्वास छ।

अन्धविश्वासअनुसार दमाईहरूले पन्चेबाजा नबजाई ल्याइएकी दुलहीले पँधेराका आइमाईहरूको व्यङ्ग्यवाण सहनुपर्छ। मन नमिलेको खण्डमा उनीहरू छेड हान्न चुक्तैनन्- जे भए पनि आफू त त्यसै आइएको हैन, झ्याइँझ्याइँ पञ्चेबाजा घन्काएर भित्र्याइएको बुहारी पो हुँ त। कसैले हेला गर्न पाउँछन् यहाँ।

२००७ सालको क्रान्तिले व्यापक जनचेतना ल्याएअनुसार दमाईजातिहरू पनि शिक्षातिर उन्मुख भए। केही सहर र विकसित जिल्लाहरू छोडेर बाँकी नेपालको दमाईजातिलाई हेर्ने हो भने अझै पनि अशिक्षित र पीडित छन्। यस्तो हुनाको अनेकौं सामाजिक कारणहरू छन्, मुख्य कारण दमाईहरू अछुत भनी समाजवाट अलग्ग गर्नमा पनि छ।

यिनीहरू सँगुरको मासु, राँगाको मासु, कुखुरा, खसी, हाँसबाहेक अरू मासु खाँदैनन्। जाँडरक्सी खान्छन्। भात, दाल, तरकारी सबै सम्पन्न घरमा हुन्छ भने ढिंडो प्रायः सबैजसोकहाँ पाकेकै हुन्छ।

दमाईजातिहरू हिन्दू धर्मावलम्वी भएकाले कृष्णाष्टमी, रामनवमी, शिवरात्रि, मातातीर्थ औँसी, असार १५ वेठी, संसारीमाई, साउने सङ्क्रान्ति, जनै पूर्णिमा, तीज, ऋषि पञ्चमी, दसैं, तिहार, माघे सङ्क्रान्ति, वसन्तपञ्चमी, फागु पूर्णिमा, चैते दसैं, सत्यनारायणको पूजा, एकादशी र नित्य पूजासमेत गर्ने गर्छन्। धर्ममा आस्थावान् भएकाले नै यस्तो तीर्थ गर्ने, व्रत बस्ने, पूजा लगाउने आदि गर्ने गरेका हुन्। आफ्नो घरको देवतालाई दैनिक बिहान नित्य पूजा र साँझ आरती गर्छन। धर्मकर्मदेखि सारा विधि-विधान गर्दा यिनीहरू पनि संस्कृतवाट नेपालीमा तयार गरिएका स्तोत्र नै प्रयोग गर्छन्।

दमाईजातिमा पनि प्रत्येक थर-गोत्रको आआफ्नो कुलदेवता र वायुदेवता अवश्य हुन्छन्। प्रत्येक वर्षको चण्डी पूर्णिमा, माघे सङ्क्रान्ति तथा वुद्धजयन्तीको पञ्चमीका दिन देवाली गरिन्छ। यस्तो पूजामा आफ्नो थर-गोत्रका लोग्नेमान्छेबाहेक अरूले पूजा गर्ने ठाउँमा जान मनाही हुन्छ। कसैकसैको वर्षको दुई पटक वैशाख पूर्णिमामा र माघे सङ्क्रान्तिमा पनि देवाली पूजा हुन्छ। यस्तो पूजामा आ-आफ्ना चेलीबेटीलाई वोलाउने पनि गर्दछन्। यस जातिको संस्कृतिमा संसारी पूजा गर्ने पनि चलन छ जो भूमिपूजाकै अर्को नाम हो।

दमाईजातिको केही गोत्रहरू कर्ण, काश्यप, काशी, रामशाही, व्रह्मशाही कौशल्या, सर्वरा शाखा शिलाल, मध्यम शाखा शिलाल, मुरला शाखा, मुकाकुल्य, उद्यमशाखा मध्यम गोत्र, अत्रि, भारद्वाज, वशिष्ठ, काशी गोत्र कौशल्या शाखा, कौशिक गोत्र आदि भएको पाइन्छ। नेपालको विभिन्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जिल्लाहरूको भ्रमणक्रममा दमाईजातिको थरहरूको पनि सङ्कलन गर्दा ती थरहरू निम्नानुसार सूचीमा आएका छन्–

१. राईगाई	२. परियार
३. सेवा	४. चाहार
५. कर्णबेरी	६. मोहरा
७. जैरू	८. सुनाम
९. सुन्दास	१०. ठटाल
११. तिखात्री	१२. भित्रिकोटी
१३. सँगुरे	१४. बाघदास
१५. सुजी	१६. रनपहेंली
१७. लावर	१८. नौबाग
१९. मोते	२०. माले
२१. वर्देवा	२२. छिनाल
२३. कार्कीढोली	२४. बैजू
२५. पन्चकोटी	२६. हिङमाङ
२७. बुढापिर्थि	२८. कणाल
२९. छडिगेल	३०. गुईदे
३१. कालीकोटी	३२. मुडुलाकार्की
३३. आउजी	३४. ढोली
३५. हुड्के	३६. भुसाल
३७. गौतम	३८. पोखेल
३९. खतिवडा	४०. घिमिरे
४१. नेपाल	४२. कोइराला
४३. थपलिया	४४. अधिकारी
४५. तिवारी	४६. खाती
४७. कार्की	४८. शाही समुद्र
४९. दास	५०. घले
५१. दर्नाल	५२. सिवाकोटी
५३. रैका	५४. चौलागाई
५५ ज्ञवाली	५६. पाठक
५७ गैरापिपल	५८. भुर्तेल
५९. सुनचिउरी	६०. बराल
६१. त्रिपाठी	६२. कटुवाल
६३. कडेल	६४. खड्का
६५. गुरागाई	६६. थापा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६७. नेगी — ६८. पन्त
६९. भण्डारी — ७०. भेडुवाल
७१. अछामे परियार — ७२. खुलाल
७३. खपतरी — ७४. दर्लामी
७५. बस्नेत — ७६. सिलवाल
७७. रिजाल — ७८. लुँइटेल

सङ्कलित थरहरूमध्ये निम्नलिखित थरहरू निम्नलिखित जातिहरूसँग मिल्दोजुल्दो देखिन आउँछन्–

(क)	**बाहुनजातिको थर**	**दमाईजातिको थर**
	१. गौतम	१. गौतम
	२. पोखेल	२. पोखेल
	३. खतिवडा	३. खतिवडा
	४. घिमिरे	४. घिमिरे
	५. नेपाल	५. नेपाल
	६. कोइराला	६. कोइराला
	७. अधिकारी	७. अधिकारी
	८. तिवारी	८. तिवारी
	९. सिवाकोटी	९. सिवाकोटी
	१०. चौलागाई	१०. चौलागाई
	११. भुसाल	११. भुसाल
	१२. थपलिया	१२ थपलिया
	१३ ज्ञवाली	१३ ज्ञवाली
	१४ पाठक	१४ पाठक
	१५ बराल	१५ बराल
	१६ त्रिपाठी	१६ त्रिपाठी
	१७ कँडेल	१७ कँडेल
	१८ गुरागाई	१८ गुरागाई
	१९ पन्त	१९ पन्त
	२०. भण्डारी	२०. भण्डारी
(ख)	**गुरुङ्जातिको थर**	**दमाईजातिको थर**
	१. घले	१. घले
(ग)	**कायस्थजातिको थर**	**दमाईजातिको थर**
	१. दास	१. दास

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(घ)	**क्षत्रीजातिको थर**	**दमाईजातिको थर**
	१. खाती	१. खाती
	२ कार्की	२. कार्की
	३. शाही	३. शाही
	४. खड्का	४ खड्का
	५. बस्नेत	५. बस्नेत
	६. थापा	६. थापा

(ङ)	**मगरजातिको थर**	**दमाईजातिको थर**
	१. दर्नाल	१. दर्नाल
	२. दर्लामी	२. दर्लामी

यसरी दमाईजातिहरूको थर बाहुन, क्षत्री, गुरुङ, कायस्थ, मगर आदिसँग मिल्नाले नृवंशको अध्ययन अनुसन्धानकर्तालाई अवश्य जिज्ञासा बढाएको छ। यसबाट कतै दमाईहरूको पुर्खा तिनै बाहुन, क्षत्री त होइनन् भन्ने प्रश्न उठ्नु स्वाभाविकै हो। अझै कति थरहरूबारे अनुसन्धान र खोजी गर्नु बाँकी नै छ। खोजीपछि अनेक नौला र आश्चर्य लाग्दा तथ्यको उद्घाटन हुने सम्भावना छ।

जनसङ्ख्या

दमाईजाति नेपालको ७५ जिल्लामा छरिएर रहेका छन्। व्राह्मणक्षत्रीपछि कामी तथा दमाईको बसोबास नेपालभरि रहेको पाइन्छ। दमाईजाति सवभन्दा बढी झापा र कम मनाङमा बसोवास गरेको पाइन्छ। यिनीहरूको जनसङ्ख्या सन् २००१ को जनगणना अनुसार ३,६७,९८९ छ।

इतिहास

ऐतिहासिक प्रमाणअनुसार जुम्लाका पृथ्वी मल्लको शाके संवत् १२७९ अभिलेखमा दमाईजातिलाई सबै कर त्यागिदिएको उल्लेख पाइन्छ। छत्रशाहले वि.सं. १६६६ मा राखेको नगराको अभिलेख शाहावंशकै पहिलो अभिलेख भनिएको छ। त्यस्तै पृथ्वीनारायण शाहको एकीकरण अभियानमा महत्त्वपूर्ण भूमिका खेल्ने बिसे नगर्ची थिए। रणबहादुर शाहले हनुमान्ढोकामा एक जोर दमनगरा राखेका थिए भने गीर्वाणयुद्ध वक्रम शाहले वि.सं. १८६९ मा र राजेन्द्रविक्रम शाहले वि.सं. १९०० मा नगरा राखेको भेटिन्छ।

सामाजिक संस्कारहरू

दमाईजातिको प्रचलित संस्कारहरूमा हिन्दूधर्मको गहिरो प्रभाव परेको देखिएक तापनि जनजातिहरूको संस्कारहरू पनि कताकतै देखिन्छ। समाजमा छुवाछुट र जातीय बन्धनको कडा नियम भएकोले दमाईजातिको के कुरा समस्त स्त्रीजातिले नै वेद पढ्नबाट वञ्चित थिए रूढिवादको कारणले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पढ्न लेख्न दमाईजातिलाई बन्देज थियो । त्यस्तो समयमा उनीहरूको आफ्नै लिखित शास्त्र थिएन । वेदकै श्लोकलाई नेपालीमा उल्था गरी परम्परागत कर्मकाण्ड चलाइराखेका छन् । सबै संस्कारहरू सम्पन्न गर्न आ-आफ्नो पुरेत (पुरोहित) हुन्छन् । दमाईजातिले आफ्नो धार्मिक परम्पराअनुसारको सामाजिक संस्कारहरू गर्दै आएको देखिन्छ । दमाईजाति पनि हिन्दू धर्मावलम्बी भएको हुनाले यिनीहरूले आफ्नो धर्मअनुसारको संस्कार अँगाल्दै आएका छन् । त्यसैले यिनीहरूको चालचलन रीतिरिवाज आदि संस्कार बाहुनक्षत्रीसँग मिल्न आउछ । दमाईजातिको पुरोहित आफ्नै कुटुम्बभित्रका हुन्छन् । कुटुम्ब नभेटिए भान्जाबाट वा ज्वाइँबाट पनि पुरोहितको काम चलाउँदछन् । उनीहरू आफ्नै जातिका भान्जा वा ज्वाइँ खलक हुने हुँदा सम्मानित हुने नै भए । हाल ब्राह्मण पुरोहितद्वारा पनि धार्मिक कार्य तथा श्राद्ध गर्ने चलन चलेको छ । गर्भाधान भएपछि पुरेतले गर्ने त्यस्तो खास कुनै संस्कार दमाईजाति नभएको पाइयो । गर्भवती महिलाले आठ महिनासम्म पूजा गर्न हुन्छ । नौ महिना पछि पूजा गर्न नपाइने । तर हिजोआज स्वास्थ्यको बढ्दो सचेतनाको कारणले गर्दा स्वास्थ्यको ख्यालमा विषेश ध्यान दिन थालिइएकोले अस्पताल तथा स्वास्थ्य केन्द्र जान थालेका छन् ।

वर्तमान समय भनेको ज्ञान, विज्ञान र सञ्चारको युग भएकोले अन्धविश्वास र रूढिवाद बिस्तारै हराउँदै गइरहेको छ । कतिपय संस्कारहरू आर्थिक रूपमा थाम्नै नसकिने भएकोले पनि लोप हुँदै छ भने कतिपय अवैज्ञानिक र कुसंस्कार भएकोले पनि विस्थापित भइरहेको छ । तर कतिपय भने पुर्खाको सम्मानमा चलीरहेको पनि पाइन्छ । प्रजातन्त्र आउनुभन्दा अगाडि दमाईजातिले सत्यनारायण पूजा र रुद्री गर्न परेमा पनि बडागुरुज्यूको स्वीकृति चाहिन्थ्यो ।

जन्म, जीवन र मृत्युसँगका संस्कारहरू अझै पनि कुनै न कुनै रूपमा चलिरहेको छ भने जात्रा पर्व, धार्मिक संस्कार तडकभडक तथा विसङ्गतिहरू छोडिँदै छन् । समाजमा सद्भावना तथा सहयोगको भावना बढ्ने क्रियाकलापको विकास भइरहेको छ देखिन्छ । जातीय कट्टरपन मत्थर हुँदै मान्छेमान्छेको सम्बन्ध प्रगाढ हुँदै गइरहेको छ । देशभित्रका सबै जातिहरूको सामूहिक चासोको पहिचान नेपाली हुन थालेको पाइन्छ । यो नै पक्ष तुलना गर्न र प्रशंसायोग्य छ ।

पुरेत

दमाईजातिमा पुरेतको ज्यादै महत्त्वपूर्ण स्थान रहेको छ । विभिन्न धार्मिक कार्यमा होस् वा सामाजिक संस्कारहरू सबैमा पुरेतको उपस्थिति अनिवार्य हुन्छ । छैंटी, न्वारान, पास्नी, छेवर, रजस्वला, बिहे, मृत्यु, आशौच, श्राद्ध आदि कार्यमा पुरेतको महत्त्वपूर्ण भूमिका रहन्छ । त्यसैले सामाजिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कारहरूमा पुरेत नभई हुँदैन। पुरेतले कर्मकाण्ड गर्दा नेपालीमा गर्छन। पहिले वेद पढ्न नपाउने हुँदा नेपालीमा पढ्न बाध्य थिए तर अहिले कसैकसैले संस्कृतमा समेत पढेको पाइन्छ।

जन्मसंस्कार (छैंटी)

दमाईहरूको छोरा जन्म्यो भने एघार दिन र छोरी जन्मी भने सात दिनसम्म सूतक वार्ने चलन छ। बालक जन्मेको छैटौं दिनलाई छैंटी भनिन्छ। छैटौँ दिनको राति बालकको सिरानीमा काँचो इँटामाथि फलफूल, अक्षता, धूप, दीप र कलशसहित गणेशको पूजाआराधना गरी जागरण वस्छन। यस दिन आ-आफ्ना जात र वर्गले आ-आफ्ना पेसाअनुरूप नै बालकको कर्म निर्धारित होस् भनी सिरानीमा केही न केही वस्तु राखिदिने चलन छ। छैंटीको रातमा भावीले बालकको निधारमा उसको भविष्य लेखिदिन्छ भन्ने धारणा रहेको पाइन्छ। पहिले आ-आफ्नु जातिको पेसाअनुरूप वस्तु राख्थे भने अहिले सबैको सिरानीमा ज्ञानको प्रतीक पुस्तक नै राख्ने चलन चलेको छ।

न्वारान

नामकरण गर्ने दिनलाई न्वारान भनिन्छ। यस दिन बाबुको उपस्थिति अनिवार्य हुन्छ। न्वारान छोरी र छोराको एघार दिनमा नामकरण गरी सुत्केरीलाई चोख्याउने गरिन्छ। न्वारान पूरा कर्मकाण्डसाथ जग्गे (यज्ञ) गरेर, सूर्य पूजा गरी, नवग्रहलाई बलि दिइन्छ। पीपलको पातमा नक्षत्रअनुसार जुराएको नाम केसरीले लेखिन्छ। पुरेतले पात्रो हेरेर नक्षत्र राशि मिलाई नाम जुराउँछन्। यो नामलाई पुरोहित (पुरेत) ले बालकको कानमा तीन पटक आजदेखि तिम्रो नाम यो रह्यो भनी सुनाउँछन्। न्वारानमा पात्रोअनुसार नाम जुराए तापनि तर बोलाउने नाम भनेपछि पनि राख्ने चलन छ। यसै दिन बच्चाको कान पनि छेडी दिने प्रचलन छ। सुत्केरीलाई त्यसै दिनदेखि (न्वारानको दिनदेखि) नै चोखो पारिन्छ।

भातखुवाइ (पास्नी)

दमाईजातिमा पनि अन्य जातिमा जस्तै बच्चाको भातखुवाइ गर्ने परम्परा रहेको पाइन्छ। यी जातिहरूमा छोरा भए छ महिनामा र छोरी भए पाँच महिनामा भातखुवाइ गर्ने प्रचलन छ। भात खुवाउने साइत पुरेतले निकाल्दछ। त्यसपछि आफ्ना इष्टमित्रलाई बोलाइन्छ। बच्चालाई नयाँ लुगा, गहना लगाइदिनुका साथै उक्त दिन साइतको समय पारेर सुरुमा घरका सबैभन्दा जेठा व्यक्तिले असर्फी वा पैसाले खीर खुवाइदिएपछि पालैसँग बुवा, आमा, मावली, दाजु, भाइ तथा अन्य आफन्तहरूले खीर (भात र दूधको परिकार) खुवाउँछन् र बच्चालाई नगद या जिन्सी उपहार पनि दिन्छन्। बालकलाई नजिकको तीर्थस्थल लगी देवताको दर्शन गराउने चलन पनि छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस दिन आमन्त्रित इष्टमित्रहरूलाई भोज खुवाइन्छ। बच्चालाई हनुमान जस्तो बनाउने चलन पनि रहेको छ।

गुन्युचोली दिने

छोरी रजस्वला हुनुअगाडि नै छोरीलाई गुन्युचोली दिने प्रचलन छ। यसका लागि ९,११,१३ वर्षको उमेरमा गुन्युचोली दिइन्छ। गुन्युचोली लगाएर मन्दिरमा गई पूजा गरेर मीठो खाना, सगुन दिइन्छ।

महिनावारी (रजस्वला)

छोरीको पहिलो पटक महिनावारी हुँदा लुकाएर राख्ने चलन छ। बुबा तथा दाजुभाइको मुख हेर्नु हुन्न भन्ने प्रचलनअनुसार २१ दिनसम्म छिँडीमा घाम नपर्ने ठाउँमा लुकाएर राखिन्छ। २१ दिनको दिन नुहाई चोखो लुगा लगाई सूर्य तथा नवग्रहको पूजा गरी ठूलाको हातबाट टीका थापी मुख देखाइन्छ। यस दिन छोरीलाई नयाँ लुगा, गहना पनि दिइन्छ।

छेवर

व्रतबन्ध वा उपनयनलाई दमाईहरू छेवर भन्छन्। छोरा किशोरावस्थामा प्रवेश गर्ने समयमा मामा वा त्यस्तै साइनो परेका इष्टमित्रद्वारा छेवर गरिन्छ। छेवर नगरी विवाह गर्नु हुँदैन भन्ने मान्यताअनुसार यसो गरिएको हो। कसैकसैले विवाह गर्दा नै छेवर गर्ने गरेका छन्। मामाले छेवर गर्दा भानिजको कपाल काटिदिनुका साथै भानिजलाई लुगा र टोपी अनिवार्य रूपमा दिनुपर्छ। दिदीबहिनीहरूले उक्त कपाल थाप्छन् र दक्षिणा लिन्छन। छेवर भएको दिन निमन्त्रितहरूलाई भोज खुवाउनुपर्छ। व्रतबन्ध वा उपनयनमा जस्तो उनीहरूले जनै लगाउँदैनन्। हातमा डोरो बाँध्छन। छेवर गरिसकेपछि नजिकको तीर्थस्थलमा गई पूजा दर्शन गर्छन्।

विवाह

आजकाल विवाहका अनेक रूपरङ देखिन थालेका छन्। अदालती दर्ता विवाहदेखि लिएर मन्दिरमा टीका लगाएर गरिने विवाह वा केटाकेटीको राजीखुसीसित गरिने प्रेमविवाह मात्र होइन अन्तरजातीय विवाह पनि चल्तीमा आइसकेको छ। विवाह प्राकृतिक भएकोले सभ्य समाजका लागि पनि आफ्नो कुलवंश चलाउन मानिआएको चलन हो। तर खासमा विवाह भनेको कर्म चलाउने नै हो। विवाहपछि गृहस्थी तथा कुल चल्छ। यस जातिमा पनि मागी विहेको प्रचलन छ। कुनै लमीद्वारा कुरा चलाउँछन र दुवै पक्षका चिना हेरी, चिना मिली दुवै पक्षलाई मन्जुर भएमा बिहेको साइत हेरेर बिहे गर्दछन्। बिहे गर्दा आफ्नै थर गोत्रमा गर्दैनन्। फुपू चेला र मामा चेलीमा पनि बिहे हुन्न। बाजा बजाई स्वयंवर गरेपछि बाजा र जन्तीको साथ दुलाहादुलहीको घर जान्छन्। दुलहीको घर जाँदा साईपाटा, ठेकी, दही, उखु तथा दियो कलश

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लानुपर्छ । दुलहीको घरमा जन्तीलाई वरणी गर्दछन् । त्यही दिनमा जग्गेको काम हुन्छ । कन्यदान दिई माइतीहरूले गोडा धोई दक्षिणा तथा उपहार दिन्छन् । त्यसपछि दुलहीले केटापक्षले दिएको गहना तथा लुगा लगाउँछिन् भने दुलाहाले केटीपक्षले दिएको कपडा जुत्ता लगाउँछन् । जग्गेमा माहुर खेल्ने सिन्दूरपोते लगाउने काम हुन्छ । भोलिपल्ट जन्तीहरू जन्तीबाखा खाई साँझतिर दुलही ल्याउँछन । खाँडो भन्ने चलन पनि छ । खाँडो भन्ने चलन वीरताको गाथा हो । दुलाहा लगेको रात केटापट्टि घरमा रत्यौली खेल्छन ।

यसरी पहिले गरिने विधिवत् वैदिक विवाह जसलाई अग्निसाक्षी राखी पञ्चेबाजा झ्याइँझ्याइँ पारी गरेकोलाई नै परम्परागत विवाह पनि भन्दछन् । त्यही विवाहपद्धतिबारे संक्षेपमा व्याख्या गरिएको हो ।

दमाईजातिले पहिलेदेखि नै वैदिक विवाहपद्धतिअनुसार पुरोहितसामु विवाह सम्पन्न गर्दै आएका छन् । विवाह कर्मकाण्ड विधिअनुसार विवाहको पूर्वाङ्ग र उत्तराङ्गका सबै विधि यज्ञमा अग्नि प्रज्वलित गरी सम्पन्न गरिन्छ । यसमा पुरोहितको महत्त्वपूर्ण भूमिका हुन्छ । विवाहमा जेष्ठ उमेरका हजुरबा, बुबा, काका, मामाको उपस्थिति अनिवार्य मानिन्छ । विवाहमा कुनै समस्या बाधाविघ्न अवरोध आएमा मान्यजनहरूबााट मिलाउँदछन । मान्यजन उपस्थिति नभएको विवाहमा कतिपय विवाह भङ्ग भएको पाइन्छ । त्यसैले मान्यजन तथा जेष्ठजनहरू विवाहमा हुनैपर्ने चलन छ । चोखो माटो भित्र्याउने कामदेखि लिएर नाङ्लोमा लुगा छेक्ने साइत र विवाहमा बाजा बजाउने, नाच्ने, गाउने आदि कार्य विवाह कर्मकाण्डमा गरिन्छ । विवाहको उत्तराङ्ग (भोलिपल्ट) माहुर सेलाउने र टाउके भोज खुवाउने चलन छ । यसपछिका कार्यमा रुन्चे खाजा खाने, सम्धी भेट गर्ने, दुलही फर्काउने आदि कार्य सकेपछि दुलाहादुलहीले नयाँ घर गृहस्थी बसाउन थाल्दछन् । हुनेखानेले छोरीको विदाइ गर्दा दाइजो दिने चलन छ । यसरी विधिवत् विवाह सम्पन्न भएपछि आमाबुबाको सामाजिक दायित्व पूरा गरेको ठानिन्छ ।

दमाईजातिमा वैदिक विधिअनुसार गरिएको विवाहमा अझ पनि गहिरो आस्था र विश्वास रहेको पाइन्छ । आजकाल समयको बचत र आर्थिक दृष्टिकोणले पनि विवाहसमारोह एकै दिनमा छोटो मीठो गरी गर्ने गरेको पाइन्छ ।

समयको परिवर्तनसँगै आजकाल मन मिलेको खण्डमा घरले मन्जुर नदिएमा पनि अदालत गई दर्ता गरी विवाह गर्ने चलन पनि चलेको छ । यो विवाह सबभन्दा छिटो र सस्तो हुन्छ ।

दमाईजातिमा पुरोहित (पुरेत जो आफ्नै जातको हुन्छ) ले वैदिक विधिअनुसार विवाह सम्पन्न गरिदिन्छन् । पुरोहितका अभावमा पढेलेखेका भानिज वा छोरीज्वाइँले पनि पुरेतको कार्यसम्पादन गरेको पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आजभोलि अन्तरजातीय विवाहको प्रचलन बढ्दै गइरहेको छ। यसले गर्दा दुई जातिको बीच सांस्कृतिक र धर्मको समन्वय भई सद्भावना बढ्ने गर्छ। अनि मेल नहुँदा दुई घरमा फाटो आएको पनि पाइन्छ। तर मान्छेमान्छेको बीचको भेदभाव हटाउन अन्तरजातीय विवाह राम्रो भएकोले नै होला सरकारले पनि आर्थिक सहायता दिई प्रोत्साहन गरिरहेको छ।

सम्बन्ध विच्छेद (पारपाचुके)

विवाहपश्चात् यदि कुनै कारणवश लोग्नेस्वास्नीबीच मनमुटाव भएमा र दाम्पत्य जीवन असफल हुने स्थिति देखिएमा अन्य जाति जस्तै दमाईजातिले पनि सम्बन्धविच्छेद गर्ने गरेका छन्। आजकाल कानुनी व्यवस्थाअनुसार अदालतमा गई सम्बन्धविच्छेद गर्ने पनि चलन छ।

मृत्युसंस्कार

अन्तिम संस्कार (दाहसंस्कार)

जन्मपछि मृत्यु अवश्यम्भावी भएकोले यो स्वाभाविक मानिन्छ। अकाल वा अस्वाभाविक मृत्यु भएमा वायुमा परिवर्तन हुने विश्वासले वायु उतार्ने चलन छ। वायु नउतारेसम्म वायुले दुःख दिने, काम सफल नबनाउने हुँदा वायु उतार्नु आवश्यक मानिन्छ। वायु उतार्दा बाइस भारी दाउरामा डाङ्ग्रेहरू ढ्याङ्ग्रो ठोकी आगोमा नाच्ने गर्दछन्। दमाईजातिमा मृत्युपछि लासलाई नदीका घाटहरूमा लगी जलाउने चलन छ। हिन्दू पद्धतिअनुसार लासको दागबत्ती छोराहरूमध्ये जेठो छोराले वा सबै छोराहरूले दिन्छन्। छोराहरू नभएको अवस्थामा श्रीमती वा छोरीले पनि दागबत्ती दिने चलन छ। लास जलाइसकेपछि छोराहरूले नदीमै कपाल खौरेर नुहाइधुवाइ गरी सेतो धोती, नातो, आङ छोप्ने कपडा लगाएर नदीदेखि नै भार बोकी किरिया बस्छन्।

किरिया गर्ने वा बस्ने किरियापुत्रीले तेर दिनसम्म नदीकिनारमा रहेको ढिकुरीमा गई पूजा गरी पिण्ड तर्पण गर्नुपर्छ। त्यसपछि क्रिया बसेको ठाउँमा आई आफैँले पकाएको भात, घिउ, चिनी, कागती, अदुवा आदिसँग खाने गर्दछन्। तेर दिनसम्म नुन खाँदैनन्। किरियापुत्री बसेको ठाउँमा गरुडपुराण सुनाइन्छ। यसरी बाह्रौँ दिन पूरा गरी तेरौँ दिनमा पुरेतलाई पितृदान, शय्यादान, भाँडाकुँडा, ओढ्ने ओछ्याउने, सुन, चाँदी, लुगा, (लोग्नेमान्छे भए लट्ठी, छाता), (स्वास्नीमान्छे भए धोती, टीकापोते) आदि दान दिन्छन्। तेरौँ दिन किरियापुत्रीहरू चोखिने काम सम्पन्न हुन्छ। कसैकसैले तेर दिनको काम दस दिनमै सक्ने चलन पनि छ। आशौच बार्दा १ वर्ष, ६ महिना, ४५ दिन वा वर्ष दिनसम्म आफूले सक्नेजति बार्दछन्। यस प्रकारको आशौच (सेतो लुगा लगाउने) चलन आजकाल कम हुँदै गएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सगोत्रीले किरिया बसेमा विचार लग्ने चलन छ। विचारमा फलफूल, कागती, मरिच, मिस्री, चामल, घिउ आदि लग्नुपर्छ। चेलीकहाँ विचार लग्दा दक्षिणासमेत लग्नुपर्छ।

तर जसको कोही सन्तान हुँदैनन्, उनीहरूले आफू मर्नुभन्दा पहिले नै दानदक्षिणा पुरेतलाई दिएर जाने पनि चलन छ।

मासिक श्राद्ध

दसौँ दिनपछि एक महिना पुगेको दिन मासिक सिदादान गर्ने चलन छ। मासिकको अघिल्लो दिन एक भक्ति वा छाक खाई भोलिपल्ट सिदादान गरी श्राद्ध गरी सात्त्विक खाना खाने गर्दछन्। यसै गरी ४५ दिन, ६ महिना तथा वर्ष दिनको श्राद्ध गरी चोखिन्छन्। आशौचको वर्ष दिन पुगेपछि वार्षिक श्राद्ध गर्ने चलन छ। यसै दिनदेखि किरियापुत्रीहरूले लुगा फेर्ने गर्दछन्। अबउपरान्त छोराहरूले वर्षेनी श्राद्ध गर्ने गर्दछन्। विशेष अवरोध वा बाधा नपरेसम्म श्राद्ध गर्न छोड्नु हुँदैन भन्ने धारणा रहेको छ। पितृपूजाका रूपमा छिन्ने तिथि वर्षेनी गरेपनि दसैँअगाडिको सोरसरादमा एउटा अतिरिक्त श्राद्ध गरिन्छ। यसलाई सोरसराद (श्राद्ध) भनिन्छ। दमाईजातिले अन्तिम संस्कारहरूलाई पनि परम्परागत रूपमा मान्दै आएका छन्। आजकाल श्राद्धको रूपमा पुस्तक निकाल्ने, असहायलाई दान दिने आदि कार्य गरिँदै आएको पाइन्छ।

नेपालमा अहिलेसम्म मानशास्त्रीको दृष्टिकोणले कुनै पनि जातिहरूको अध्ययन-अनुसन्धान भएको छैन। भाषा, आकार र वर्णको रूपमा मात्र आर्यन, मङ्गोलियन र द्राविडिएन भनी छुट्टाइँदै आएको पाइन्छ। दमाईजातिको उत्पत्ति स्थान जुम्लामा गएर यसबारे विस्तृत अध्ययन गर्न सकिएमा अझै थुप्रै नयाँ अध्यायहरू पत्ता लाग्ने सम्भावना छँदै छ। दमाईजातिले नेपाली समाजको सांस्कृतिक तथा धार्मिक क्षेत्रमा महत्त्वपूर्ण स्थान राखे तापनि अन्धविश्वास, सामन्ती विचार तथा मानवमानवबीच भेद राख्ने ऐनकानुन तथा सोचले यो जाति शूद्र भनी सामाजिक तथा आर्थिक रूपमा अत्यन्त अपमानजनक र शोषित भई बाँच्न विवश पारिएका थिए। तर २००७ सालपछि देश र समाज खुल्ला भयो। २०१९ को संविधान र २०२० को मुलुकी ऐनले नेपाली समान भनिए तापनि छुवाछुत प्रथा कायम नै थियो। २०६३ जेष्ठ २१ गते संविधानसभाले नेपाललाई छुवाछुत मुक्त राष्ट्र घोषणा गऱ्यो भने २०६८ जेष्ठ १० गते जातीय भेदभाव तथा छुवाछुत कसुर र सजायसम्वन्धी विधेयक २०६६ पारित गरेको छ।

कुनै बेला पञ्चेबाजा र नौमती बाजाको पर्यायवाची दमाईजाति थिए भने अहिले ती बाजा उनीहरूले बजाउन छोडेकोले मगर र ब्राह्मणजाति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृति जोगाउन लागिपरेका छन। सिलाइको काम हरेक जातिले जान्ने भइसकेका छन्। यसले उद्योगको रूप लिइसकेको छ।

समयको परिवर्तनसँगै बालीघर प्रथा हराउदै गइरहेछ। संसारी पूजा, घोडेजात्रामा गरिने कङ्केश्वरी पूजा, लुतो फाल्ने पूजा, लक्ष्मीपूजाको दिन खेलिने भैली लोप हुँदै छ। देवालीमा कुलदेवता, वायुदेवता तथा देउती बज्यैको पूजा हुन्छ। पहिले केटाहरूले मात्र प्रवेश पाउँथे। डाङ्ग्रीलाई देवता चढ्थ्यो। पछि केटीहरूले पनि प्रवेश पाए। रानीवनमा पूजा गरी त्यही खानपिन हुन्थ्यो। घरभित्र ल्याइन्नथ्यो। तर पछि बालाजुमा पूजा गरी प्रसाद घरमा पकाएर खान हुने गरियो।

नेपालका सबै जातिहरूको आ-आफ्नै बाजा छ र उनीहरू नै बाजा बजाउने गर्दछन्। तर बाहुनक्षत्री मात्र यस्ता जाति हुन जो शङ्ख र डमरु त बजाउँछन् तर मनोरञ्जनका बाजा दमाईलाई बजाउन लगाउँछन्। उनीहरूले जानीजानीकन बाजा बजाउने कार्य आफ्नै समूहका जातिबाट गराउन लगाई दमाईजाति बनाइएको पुष्टिमाथि उल्लिखित भान्जाको कथनबाट थाहा हुन्छ। यस सम्बन्धमा खोजी गर्नुपर्ने देखिन्छ।

सन्दर्भग्रन्थहरू

- एन्जेला सुन्दास दर्नाल - २०६० - दमाईजातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्था, काठमाडौं जिल्ला थली डाछी गा.वि.स. का दमाईजातिको एक समाजशास्त्रीय अध्ययन- त्रि.वि, मा. तथा स. सं.अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिको लागि त्रिचन्द्र बहुमुखी क्याम्पस समाजशास्त्र मानवशास्त्र विभागमा प्रस्तुत अप्रकाशित शोधपत्र
- चूडामणि बन्धु - २०२८ - कर्णाली लोकसंस्कृति, भाग ४ - ने.रा.प्र.प्र. कमलादी
- जनकलाल शर्मा - २०३९ - हाम्रो समाज एक अध्ययन - साझा प्रकाशन पुलचोक
- डोरबहादुर विष्ट - २०३९ - सबै जातको फूलबारी - " " "
- धर्मप्रसाद श्रीस (थापा) - २०३८ - मगराती संस्कृति - श्रीमती दुर्गा श्रीश, बाग्लुङ
- धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ - २०३७ -शाहकालीन अभिलेख - नेपाल तथा एसियाली अनुसन्धान केन्द्र, काठमाडौं
- नगेन्द्र शर्मा - २०३२ - नेपाली जनजीवन - साझा प्रकाशन पुलचोक
- प्रदीप रिमाल - २०२८ - कर्णाली लोकसंस्कृति भाग- ५ - ने.रा.प्र.प्र. कमलादी
- महानन्द सापकोटा - २०२७ - दमाई, मधुपर्क वर्ष ३, अङ्क ३ - गो.प.संस्थान काठमाडौ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

- प्रकाश दर्नाल - २०४१ - चण्डेनी मण्डन गाँउ पंचायत र त्यहाका दमाई जातिको संस्कृति - मानविकी तथा सामाजिक शास्त्र अध्ययन संकाय (इतिहास), त्रि.वि.मा प्रस्तुत अप्रकाशित शोधपत्र
- योगी नरहरिनाथ -२०२२ - इतिहास प्रकाशमा सन्धिपत्र सङ्ग्रह भाग १
- सत्यमोहन जोशी -२०२८ - कर्णाली लोकसंस्कृति भाग १ - ने.रा.प्र.प्र. कमलादी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

✗ नेपालका पहाडी मुसलमानहरूको सामाजिक संस्कार

–डा. महेशकुमार आचार्य

१. जातीय परिचय

नेपालका मुसलमानहरू धार्मिक रूपले सबै इस्लाम धर्मावलम्बी हुन् । सांस्कृतिक रूपले भने उनीहरूलाई तराईका मुसलमान, काठमाडौं उपत्यकाका मुसलमान र पहाडी मुसलमान जस्ता मुख्य तीनवटा सांस्कृतिक समूहमा विभाजित गर्न सकिन्छ । यीमध्ये नेपालको पहाडका शिखरहरूमा बसोबास गर्ने, चुराको निर्माण र व्यापारलाई विगत कालमा आफ्नो मौलिक पेसा ठान्ने, चुरौटी नामको मौलिक भाषा बोल्ने, नामको पछाडि थरको रूपमा मियाँ शब्द लेख्ने र पहाडमा बसोबास गर्ने हिन्दूहरूले जस्तै वस्त्र, आभूषण धारण गर्ने मुसलमानहरू नै पहाडी मुसलमानहरू हुन् । स्थानीय मानिसहरूले उनीहरूलाई चुरौटे मुसलमान भन्ने गर्दछन् तर उनीहरू स्वयंले भने आफूलाई चुरौटे भनेको रुचाउँदैनन् र पहाडी मुसलमानको रूपमा परिचित हुन चाहन्छन् । नेपाल आगमनको आफ्नो अलग्गै इतिहास, अलग्गै बसोबास क्षेत्र, मौलिक भाषा र स्थानीय मौलिक संस्कृतिका कारणले उनीहरू नेपालका तराई एवं काठमाडौंका मुसलमानहरूभन्दा सांस्कृतिक रूपले भिन्न रहेका छन् ।

उनीहरूको प्रमुख प्राचीन बसोबास क्षेत्र गण्डकी प्रस्रवण क्षेत्र नै हो । गण्डकी क्षेत्रका चौबीसे राजाहरूले सौन्दर्य सामग्रीको आपूर्ति, युद्धसामग्रीको निर्माण र तालिम, घरायसी औजारको निर्माण र व्यापार तथा इस्लामी विधिको उपचारका लागि सोरौँ शताब्दीको पूर्वार्धतिर भारतबाट ल्याएर दरबारआसपासको क्षेत्रमा बसोबास गराएका थिए । उनीहरू पनि भारतको राजनैतिक अस्थिरताबाट आत्मरक्षा हुने, सौन्दर्य सामग्रीको एकलौटी व्यापार हुने, यहाँको राज्य एवं समाजबाट सामाजिक सुरक्षाको प्रत्याभूति हुने आदि कारणले यहाँ बसोबास गर्न आइपुगेका थिए । गण्डकी क्षेत्रबाटै उनीहरू पूर्व र पश्चिमी पहाडमा विस्तार हुन पुगेका हुन् । सन् १९७२ तिर नेपालको मध्य र पश्चिमी पहाडका ४५ गाउँमा उनीहरूको बसोबास रहेको थियो (Gaborieau,1972,p.84) । हालको अध्ययनअनुसार भने उदयपुर, गोरखा, तनहुँ, स्याङ्जा, कास्की, अर्घाखाँची र सुर्खेत जिल्लाहरूमा अधिक बसोबास रहे तापनि पूर्वमा इलामदेखि पश्चिममा बाजुरासम्मका पहाडी गाउँमा उनीहरूको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बसोवास विस्तारित देखिन्छ (आचार्य, २०१०, पृ.१३३)। सन् २००१ को जनगणना प्रतिवेदनमा चुरौटे मुसलमान जातिको सङ्ख्या जम्मा ४,८९३ जना मात्र रहेको देखिन्छ (CBS Report , 2001)। यो तथ्याङ्क ज्यादै अविश्वसनीय देखिन्छ। आफूलाई निम्न सामाजिक स्तरको, अछुत स्तरको र निम्न धार्मिक स्तरको देखाउन हिन्दूहरूले चुरौटे शब्दको प्रयोग गर्ने ठानेर उनीहरूले आफूलाई चुरौटे भनेको मन पराउँदैनन्। त्यसैले उनीहरूले जनगणनाको समयमा आफूलाई चुरौटे भन्न नचाहेको हुँदा यस्तो जनसङ्ख्यासम्वन्धी भ्रम उत्पन्न हुन गएको हो। वास्तवमा उनीहरूको जनसङ्ख्या हाल करिब ५० हजारजति रहेको छ (आचार्य, २०१०, पृ.३९९)।

मुसलमान संस्कृतिको आधारभूत तत्त्वमा विश्वव्यापी समानता रहेको पाइन्छ। सबै मुसलमानहरूले कुरआन र हदीस (मौखिक परम्पराका नियम सङ्ग्रह गरिएका धर्मग्रन्थहरू)ले निर्देश गरेअनुसारकै संस्कृति अवलम्वन गर्दछन्। कुरआन र हदीस मौन रहेका विषयमा मात्र मुसलमान संस्कृतिमा स्थानीय मौलिकता देख्न सकिन्छ। पहाडी मुसलमानहरूका सामाजिक संस्कारका आधारभूत पक्षमा विश्वव्यापी समानता रहे तापनि कतिपय विधिविधानहरूमा मौलिकतासमेत रहेको पाइन्छ।

संस्कार(Secraments) शब्द गर्भाधानको अवस्थादेखि मृत्युसम्मको अवधिमा सम्पन्न गर्ने शारीरिक, बौद्धिक र मानसिक शुद्धीकरण वा परिमार्जनका धार्मिक विधिहरूलाई बुझाउन विशेष गरेर हिन्दूहरूले प्रयोग गर्दछन्। मुसलमान समुदायमा भने यस्ता संस्कारजन्य धार्मिक कार्यलाई *सुन्नत* वा परम्परा भन्ने गरिन्छ। गैरमुसलमान समुदायमा पनि विषयको बोधगम्यताका लागि यहाँ संस्कार शब्दकै प्रयोग गरिएको छ। प्रत्यक्ष अवलोकन, अन्तर्वार्ताका एवं कतिपय द्वितीय स्रोतबाट प्राप्त तथ्यहरूका आधारमा नेपालका पहाडी मुसलमान बस्तीहरूमा निम्न किसिमका जीवन संस्कारहरू अर्थात् *सुन्नत*हरू सम्पन्न गर्ने प्रचलन रहेको पाइएको छ।

१.जन्मसंस्कार

मुसलमानहरू नवजात बालकलाई *अल्लाह*ले दिएको नयाँ उपहार ठान्दछन्। प्रत्येक सृष्टिको कार्यलाई कुरआन (४२ :४९-५०)मा ईश्वरीय कार्य भनेको छ। यहाँ "..उनी(*अल्लाह*)जे चाहन्छन् सृष्टि गर्छन्। उनी जसलाई चाहन्छन् छोरीहरू प्रदान गर्दछन् र जसलाई चाहन्छन् छोराहरू प्रदान गर्दछन् उनी जसलाई चाहन्छन् छोरा तथा छोरी दुवै प्रदान गर्छन्, अनि जसलाई चाहन्छन् निःसन्तान राख्दछन् .." भनिएको छ (कुरआन मजीद, २००८, पृ.८०२)। *अल्लाह*को यो कार्यलाई मानिसले विभिन्न बहानामा अवरोध पुऱ्याउन नहुने बताउँदै कुरआन(६ :१५१)मै " ..निर्धनताको आशङ्काले आफ्ना सन्तानको हत्या नगर्नु किनभने तिमीलाई र उनीहरूलाई पनि हामीले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नै जीविका प्रदान गर्छौं ..” पनि भनिएको छ(कुरआन मजीद, २००८, पृ.२३५)। यसै आधारमा *अल्लाह*को सिर्जनात्मक कार्यमा अवरोध(नियोजन) गर्न नहुने विश्वास गरिन्छ। जन्मको यस्तो ईश्वरीय घटनालाई हार्दिकताका साथमा स्वीकार गर्नु, *अल्लाह*लाई धन्यवाद दिनु र नवजात बालकलाई *अल्लाह*कै मार्गमा समर्पित हुन उत्प्रेरित गर्ने आशयबाट मुसलमान समुदायको जन्मसंस्कार निर्देशित रहेको पाइन्छ। पहाडी मुसलमान समुदायमा पनि जन्मसंस्कारलाई यस्तै उद्देश्य र आशयका साथ पूरा गरिन्छ। उनीहरू जन्मको अवसरमा निम्नलिखित विधिहरू सम्पन्न गर्दछन्।

२.१. स्नान(*घुसल*) गराउनु

योनिरसले शारीरिक अशुद्धता ल्याउने विश्वासका कारण नवजात बालक पनि जन्मको अवस्थामा अशुद्ध हुने ठानिन्छ। उसलाई शुद्ध र पवित्र तुल्याई *अल्लाह*को मार्गमा समर्पित बनाउन जन्मनासाथ उसको नाभीच्छेदनको कार्य गरिन्छ र इस्लामिक परम्पराअनुसार स्नान गराइन्छ। यस्तो परम्परागत स्नानमा हात, खुट्टा, नाक, मुख, अनुहार आदिको सफाइ गर्नु र तीन पटक पूरै शरीरमा पर्ने गरेर पानी खन्याउनु अनिवार्य मानिन्छ। प्रार्थनाको अवसरमा मुसलमान जसरी शुद्ध र पवित्र रहनुपर्दछ त्यसै गरेर जन्मको अवसरमा गरिने धार्मिक कृत्यमा सरिक गराउनुअघि पनि शिशुलाई स्नान गराउनु अनिवार्य मानिन्छ। स्नानपछि शिशुलाई मुसलमान समाजले हार्दिक स्वागत गर्दछ।

२.२. आह्वान गर्नु (*अजान*)

स्नानपछि गरिने दोस्रो कार्य प्रार्थनाको लागि गरिने आह्वानका वाक्यहरू सुनाउने कार्य हो। यस कार्यलाई यहाँ *अजान* दिने भनिन्छ। बालकका पिता, अन्य वरिष्ठ पुरुष अभिभावक, अथवा गाउँको मस्जिदमा दैनिक नमाजको आह्वान गर्ने व्यक्ति(*मुअजिन*)ले बालकलाई काखमा लिन्छन् र दाहिने कानमा स्पष्ट सुनिने आवाजमा यी वाक्यहरू उच्चारण गर्दछन् “*अल्लाह* महान् छन् (४पटक)। म *अल्लाह*बाहेक प्रार्थना गर्न योग्य अरू कुनै नभएको स्वीकार गर्दछु (२ पटक)। म मुहम्मद(*सल्ल.*) *अल्लाह*का सन्देष्टा भएको स्वीकार गर्दछु (२पटक)। प्रार्थनाका लागि आऊ (२पटक)। सफलताका लागि आऊ(२पटक)। *अल्लाह*बाहेक अरू कुनै ईश्वर छैन”। यी वाक्यहरू वास्तवमा दैनिक नमाजका लागि मस्जिदमा गरिने आह्वानका वाक्यहरू नै हुन्। सुरुमा *अल्लाह*कै नाम सुनाउन *अंजान* दिने कार्य जतिसक्दो छिटो गरिन्छ। तनहुँ हुक्का गाउँमा भने यस्तो अजान दिने कार्य छोराको मात्र गर्ने प्रचलन रहेको छ।

अनिवार्य रूपमा गर्नुपर्ने धार्मिक कार्यको रूपमा कुरआनमा यसकार्यको स्पष्ट वर्णन पाइँदैन। यो वास्तवमा परम्पराको रूपमा चलिआएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इस्लामिक अभ्यास हो जुन यहाँका मुसलमान समुदायमा पनि महत्त्वपूर्ण परम्पराकै रूपमा अभ्यास गरिँदै आएको छ। वास्तवमा यो केही मिनेटमै सम्पन्न हुने र कुनै सामाजिक सहभागिताबिना नै व्यक्तिगत रूपमा सम्पन्न गर्ने विधि हो (Gatrad,A.R. & Aziz Sheikh, 2001, p.F6)। यहाँ पनि यस कार्यमा अधिक सामूहिक सहभागिता रहेको पाइँदैन।

२.३. इश्व प्रशंसा सुनाउनु *तक्बीरे तहरिम*

नमाजको आरम्भ गर्ने समयमा "*अल्लाहु* अकबर" अर्थात् *अल्लाह* नै सबैभन्दा महान् छन् भन्ने वाक्य उच्चारण गर्ने र प्रार्थनाको लागि मानसिक र शारीरिक रूपले तयार रहने अवस्था नै *तक्बीरे तहरिम* हो(खाँ, १९८५, पृ.५६८)। *अजान*को लगत्तै पछि बालकको बायाँ कानमा उच्चारण गरी सुनाइने *अल्लाह*को प्रशंसासम्बन्धी यो वाक्यलाई नै यहाँका मुसलमानहरू *तक्बीरे तहरिम* भन्दछन्। यो वाक्य बालकको कानमा उच्चारण गर्नु जन्मसंस्कारकै एक अभिन्न अङ्ग मानिन्छ।

२.४. जुठो खुवाउनु *तहनिक*

जन्मसंस्कारकै एक अभिन्न अङ्गको रूपमा गरिने अर्को विधि वा क्रिया *तहनिक* पनि हो। यो वास्तवमा बालकलाई परिवारको वरिष्ठ सदस्यको जुठो खुवाउने एक विशष्ट विधि हो। यो कार्य बालकलाई *अजान* र *तक्बीरे तहरिम* सुनाइसकेपछि सामान्यतया नामकरणको अवसरमा सम्पन्न गरिन्छ। यस अवसरमा परिवारको सबैभन्दा वरिष्ठ सदस्य (विशेष गरेर धार्मिक विद्वान् पुरुष)ले आफूले खाएको वा चपाएको मिठाई, मह वा छोकडा नवजात बालकको उपल्लो गिँजामा दल्ने वा चटाउने कार्य गरिन्छ (Geldart, 1999, p.98)। कुरआनमा यस विषयमा कुनै चर्चा गरिएको पाइँदैन। यो वास्तवमा मुहम्मद(*सल्ल.*)ले गरेको एक परम्पराको निरन्तरता मात्र हो। हदीस बुखारी(७ :६६ ३६७)मा " अबु मूसाले वर्णन गरेअनुसार - उनको जेठो छोरा जन्मिएपछि उनले छोरालाई *पैगम्बर* मुहम्मद(*सल्ल.*) भए ठाउँमा लगे। मुहम्मद(*सल्ल.*)ले छोराको नाम इब्राहीम राखिदिनुभयो र छोकडाको *तहनिक* दिनुभयो .." भनिएको छ (The Translation of Sahih Bukhari, 2005)। हदीस मुस्लिम(०२५ : ५३४०-५३५०)मा पनि मुहम्मदले विभिन्न व्यक्तिका सन्तान जन्मिएको अवसरमा यस्तो छोकडा चपाएर बालकलाई खुवाएको र नाम राखिदिएका विवरणहरू दिइएको छ ((The Translation of Sahih Muslim, 2005)। यही परम्परा मुसलमान जन्मसंस्कारका रूपमा स्थापित हुन पुगेको देखिन्छ।

समीमा सिद्धिकीले आफ्नो पुस्तक Muslims Of Nepal मा नेपाली मुसलमानहरूको जन्मसंस्कारको चर्चा गर्ने क्रममा यो विधिको कुनै चर्चा गरेकी छैनन् (Siddika, 1993)। गण्डकी क्षेत्रको तनहुँ जिल्लाका मुसलमानहरूको सामाजिक पक्षको अनुसन्धान गर्ने अर्का एक शोधकर्ताले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समेत यस्तो *तहनिक* विधिको कुनै उल्लेख गरेका छैनन् (Sharma, 2000)। शोधको क्रममा कास्की जिल्लाको रूपाकोट गाउँमा आंशिक रूपमा यो प्रचलन रहेको पाइएको छ। यहाँ अधिकांश व्यक्तिले (सबैले होइन) बुज्रुगहरू (परिपक्क विद्वान्)बाट छोकडा चपाएर नवजात बालकलाई खुवाएमा उसको जस्तै धार्मिक चेतना र बौद्धिकता बालकमा पनि आउने विश्वास रहेको र जन्मको छैटौं दिनको अवसरमा यो *तहनिक*को कार्य गरिन्छ। त्यसैले यहाँ ज्यादै सीमित रूपमा मात्र यो परम्परा प्रचलनमा रहेको देखिन्छ।

२.५. सूत्रबन्धन *तावीज*

सानो आकारका कलात्मक धातुका बट्टा वा कपडाको बन्द पोकोभित्र कुरआनका *आयत्*हरू लेखिएको कागजलाई राखेर तयार पारिएको र कालो धागोमा बाँधिएको एक वस्तुलाई *तावीज* भनिन्छ। यो वस्तु बाँधिएको धागो बालकको शरीरमा बाँध्दा कुरआनका वचनहरू यसभित्र राखिएको कारणले सैतानहरूले बालकलाई बिरामी पार्न सक्दैनन् भन्ने विश्वासका साथमा यस्तो *तावीज* वा सूत्र बाँध्ने प्रचलन कतिपय मुसलमान समुदायमा संस्कारकै रूपमा रहेको देखिन्छ। यस्तो *तावीज* बाँध्न हुने वा नहुने भन्ने विषय मुसलमान समुदायमा निकै विवादको विषय मानिन्छ। हदीसहरूमा एक पटक मुहम्मद(*सल्ल.*) समक्ष इस्लामी शासनव्यवस्था(*बैयत*) स्वीकार गर्न ९ जना मानिसहरू उपस्थित भएकोमा मुहम्मद(*सल्ल.*)ले ८ जनाको अनुरोध स्वीकार गर्नुभयो तर एक जनाले जन्तर बाँधेको हुनाले उसको अनुरोध स्वीकार गर्नुभएन। उसले त्यो जन्तर झिकेर फालेपछि मात्र स्वीकार गर्नुभयो भनिएको हुनाले कतिपय मुसलमान यो कार्यलाई अपराध मान्दछन् भने कतिपय मुसलमानहरू *तावीजमा अल्लाह*कै नाम र कुरआनकै *आयत्*हरू लेखिने हुँदा यसलाई पाप सम्झँदैनन्। भारतीय उप-महाद्वीपमा भने जन्मसंस्कारकै रूपमा बालकलाई *तावीज* लगाइदिने प्रचलन रहेको देखिन्छ (Gatrad,A.R. & Aziz Sheikh, 2001, p.F6)।

पहाडी मुसलमान समुदायमा जन्मसंस्कारकै रूपमा नभए तापनि बालक बिरामी पर्दा वा मातापिताले बालकलाई खंराब तत्त्वबाट असुरक्षित महसुस गर्दा गाउँका *हाकिम* (इस्लामिक विधिले उपचार गर्ने व्यक्ति) बाट यस्ता *तावीज*हरू निर्माण गराएर बालकको घाँटीमा बाँध्ने गरेको देखियो। अवलोकनको क्रममा गोरखा, तनहुँ र लमजुङका गाउँहरूमा समेत मुसलमान बालबालिकाहरूले यस्ता *तावीज* बाँधेको देखिएको थियो।

२.६. नामकरण

अन्तिम न्यायदिवसमा, *अल्लाहबाट* 'तिमीलाई तिम्रो नामबाट वा तिम्रा पिताका नामबाट बोलाइने छ त्यसैले सकेसम्म राम्रो (ईश्वरलाई मनपर्ने वा इस्लाम अनुकूलको) नाम राख भन्ने कथन हदीस अबुदाउतमा पाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसै आधारमा मुस्लिम समुदायमा बालकको नाम *अल्लाह*को, *रसूल* वा *पैगम्बर*हरूको, अथवा ऐतिहासिक मुसलमान पुरुषहरूको नामबाट राख्नुपर्ने र बालिकाहरूको भने प्रायः मुहम्मद (*सल्ल.*)का पत्नीहरू तथा छोरीहरूकै नामबाट जुराउने परम्परा रहेको देखिन्छ।

संसारका कुनै पनि मुसलमान समुदायमा नामको पछाडि पारिवारिक थर लेख्ने प्रचलन रहेको पाइँदैन तर नेपालका पहाडी मुसलमानहरूले भने नामको पछाडि मियाँ शव्दलाई थरकै रूपमा लेख्ने गरेका छन्। नामकरणसम्वन्धी यो प्रचलन यहाँका उल्लेखनीय मौलिकता हो। महिलाहरूले समेत प्रायः मुहम्मद(*सल्ल.*)का परिवारका महिला सदस्यको नामबाट अगाडिको नाम राखेर थरको रूपमा सरकारी कागजपत्रहरूमा समेत मियाँ लेख्ने गर्दछन्। बालकको नाम राख्ने काम प्रायः बाबु वा आमाको सल्लाहमा हुने गर्दछ।

तनहुँको पुर्कोट, खातथोक, चोक र हुक्का गाउँ , गोरखाको बज्रे, गोब्रे तथा डुम्रे गाउँ, कास्कीको रूपाकोटगाउँ र स्याङ्जाको भिरकोट उपल्लो गाउँमा यस्तो खुसियाली प्रदर्शन गर्ने परम्परा अहिलेसम्म पनि छोराको जन्म भएको छैटौं रातमा गाउँका सवै मुसलमान तथा छिमेकी गैरमुसलमानसमेत जम्मा भएर रातभर नाचगान गर्ने, खानपिन गर्ने र वालकको जन्मको खुसियाली मनाउने परम्परा रहेको छ। कतिपय पहाडी मुसलमान गाउँहरूमा यस्तो उत्सव र नाचगान गैर इस्लामिक आचरण भएको ठानेर बन्द गरिएको छ। बालक जन्मेको सातौं दिनमा बालक तथा आमालाई स्नान गराउने र इस्लाम परम्पराअनुसार शिशुहरूको नाम राख्ने प्रचलन रहेको छ। तनहुँ हुक्का गाउँमा भने परिस्थितिअनुसार सातौं, चौधौं वा एक्काइसौं दिनमा नामकरण गर्ने प्रचलन रहेको छ।

२.७. *अक़ीका*

सन्तानप्राप्तिको अवसरमा *अल्लाह*प्रति कृतज्ञता प्रदर्शन गर्दै पशुबलि चढाउने र अशक्तहरूलाई खौरेको केशको तौलबराबरको चाँदी दान गरेर हर्ष एवम् खुसी व्यक्त गर्ने इस्लामिक परम्परा नै *अकीका* हो। हदीसहरूमा यो कार्य सातौं दिनमा अर्थात् नामकरणको अवसरमा पूरा गर्नुपर्ने सङ्केत पाइन्छ।

पहाडी मुसलमान समुदायमा भने *अकीका (हकीका पनि भनिने)* संस्कारलाई आफ्नो जीवनकालमा कुनै पनि अनुकूल समयमा पूरा गर्न सकिने संस्कारको रूपमा लिने गरिन्छ। सातौं दिनमा नामकरण मात्र गर्ने र अन्य कुनै अनुकूल समयमा केश मुण्डन र दान गरेर *अकिका* सम्पन्न गर्ने प्रचलन बढ्दै गएको देखिन्छ। समयका विषयमा केही खुकुलो प्रचलन रहे तापनि पशुवलि चढाउने, केश मुण्डन गर्ने र केशको तौलबराबरको धातु (विशेष गरी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चाँदी)वा नगद दान गर्ने प्रचलन भने यहाँ पनि अनिवार्य नै मानिन्छ। कतिपय मुसलमान समुदायमा छोराको जन्ममा दुईवटा बाखा र छोरीको जन्ममा एक मात्र बाखाको बलि चढाउने परम्परा रहेको पाइन्छ। तर यहाँ भने छोरा र छोरीको जन्ममा खासै कुनै भेदभाव गरिँदैन। क्षमताअनुसार एउटा मात्र बाखा, भेडा वा भैँसीको बलि चढाउने परम्परा देखिन्छ।

उनीहरूमा जन्मको अवसरमा सामाजिक अशुद्धिको भावना भने हुँदैन। सुत्केरी आमा योनिद्रव उत्सर्जन हुने समयसम्म वा सात दिनसम्म अल्लाहको प्रार्थना गर्ने प्रयोजनका लागि मात्र अशुद्ध हुने विश्वास गरिन्छ। अन्य प्रयोजनका लागि आमा र बच्चा तथा घरपरिवार अशुद्ध भएको ठानिँदैन। यस कार्यमा कुनै धर्मगुरुको भूमिका अनिवार्य पनि हुँदैन।

२.वृद्धिसंस्कार

मुसलमान समुदायमा हिन्दूहरूको जस्तो विविध किसिमका वृद्धिसंस्कारहरू सम्पन्न गर्ने प्रचलन रहेको पाइँदैन। जन्मकै सातौँ दिनमा गरिने केश मुण्डनबाहेक छेवर नामको अलग्गै संस्कार वा व्रतवन्धसंस्कार पनि सम्पन्न गरिँदैन। पहाडी मुसलमान समुदायमा वृद्धिसंस्कारको रूपमा खत्ना संस्कार मात्र सम्पन्न गर्ने प्रचलन रहेको छ।

२.१. यौनाङ्गको छाला काट्ने (*खत्ना*)

पहाडी मुसलमान समुदायमा प्रचलित ज्यादै महत्त्वपूर्ण संस्कार *खत्ना* हो। यसलाई उनीहरू संस्कार नभनेर परम्परा वा *सुन्नत* भन्न रुचाउँछन्। अरबी भाषाको *खत्ना* शब्दले एक त्यस्तो धार्मिक वा सांस्कृतिक कार्यलाई बुझाउँछ, जसमा एक सांस्कृतिक समारोहबीच पुरुषको लिङ्गको शिश्नभागको बाहिरी छाला अथवा महिलाको योनिभित्रको भगाङ्कुर (clitoris)भाग काटेर फालिन्छ। यस्तो कार्यलाई नै मुसलमानहरू *खत्ना* भन्ने गर्दछन्। हाल संसारका विभिन्न देशमा बसोबास गर्ने यहुदी तथा इस्लाम धर्मावलम्बी समुदायमा पुरुष तथा कतिपय ठाउँमा महिलाहरूले समेत यो संस्कार सम्पन्न गरेको पाइन्छ। मुसलमान पुरुषहरूमा यो कार्य एक अनिवार्य संस्कारको रूपमा विश्वभर प्रचलनमा रहेको देखिन्छ भने महिलाहरूमा भने नाइजेरिया, सुडान, सोमालिया, इरिट्रिया, घाना आदि केही अफ्रिकी देशहरूमा यो संस्कार प्रचलनमा रहेको पाइन्छ। नेपालका पहाडी मुसलमान समुदायमा भने पुरुषहरूले मात्र *खत्ना* संस्कार सम्पन्न गर्ने गर्दछन्।

इस्लाम धर्मको उत्पत्ति कालभन्दा अघिदेखि नै पुरुष *खत्ना*को परम्परा सेमेटिक क्षेत्रमा (अरब, मध्यपूर्व र उत्तर अफ्रिका) प्रचलनमा रहेको थियो। प्राचीन मिश्रको सभ्यतामा पनि यो प्रचलन रहेको देखिन्छ। इजिप्टको एक मन्दिरको भित्तामा इसापूर्व १३६० (अनुमानित) तिर खोपिएको एक रेखाचित्रमा *खत्ना* गरिएको पुरुष लिङ्गको आकृति देखाइएको छ (

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Circumcision, n.d.)। यसबाट संसारमा *खत्ना* परम्पराको प्राचीनता आकलन गर्न सकिन्छ। हदीस बुखारी (८ :७४ :३१३) मा "अबुहुरैराको बयानको रूपमा - *अल्लाहका पैगम्बर* मुहम्मद(*सल्ल.*)ले बताएअनुसार, (पूर्व *पैगम्बर*) इब्राहीमले आफ्नो ८० वर्षको उमेरमा आफैंले बसिलाको प्रयोग गरी आफ्नो खत्ना गर्नुभएको थियो" भनिएको छ (The Translation of Sahih Bukhari, 2005)। यसबाट पनि *खत्ना*को परम्परा इस्लाम धर्मको उत्पत्ति हुनुपूर्व नै सुरु भएको स्पष्ट हुन्छ।

सेमेटिक धर्मअन्तर्गतका यहुदी तथा इसाई समुदायमा यो प्रचलन अनिवार्य धार्मिक कार्यको रूपमा लिइँदैन। इस्लाम धर्मावलम्बीहरूले भने *खत्ना*लाई ज्यादै महत्त्वपूर्ण र अनिवार्य धार्मिक र सांस्कृतिक परम्परा मान्दछन्। हाल संसारका सबै मुसलमान पुरुषहरूले अनिवार्य रूपले यो सम्पन्न गर्दछन्। मुहम्मद(*सल्ल.*)को जन्म हुँदा उहाँको लिङ्गको शिश्नभाग ढाक्ने छाला नभएको अर्थात् स्वंतः *खत्ना* भएको विश्वास आम मुसलमान समुदायमा रहेको पाइन्छ। मुहम्मद (*सल्ल.*)को अनुसरण गर्नुपर्ने इस्लमिक मान्यता र हदीसहरूमा यसलाई आवश्यक कार्य बताइएको हुँदा मुसलमान समुदायमा यो परम्परा अनिवार्य बन्न पुगेको देखिन्छ। इस्लाम धर्मग्रन्थहरूले भने यस कार्यलाई ज्यादै कम महत्त्व दिएको देखिन्छ। कुरआनमा *खत्ना* शब्द मात्रको पनि उल्लेख गरिएको छैन। कतिपय मुसलमान विद्वान्हरू कुरआन (२ :१२४मा " .. इब्राहीमका पालनकर्ताले केही कुराहरूद्वारा उनको परीक्षा लिए र उनी त्यसमा उत्तीर्ण भए" (कुरआन मजीद, २००८, पृ.३३) भन्ने कथनलाई इब्राहीमले ८० वर्षको उमेरमा पनि खत्ना गरेर परीक्षामा उत्तीर्ण भएका कुराको सङ्केत ठान्दछन्। तर यहाँ स्पष्ट शब्दमा खतना गर्न प्रेरित गरिएको भने देखिँदैन। हदीसहरूमा भने शारीरिक सफाइ *(फित्रा)*को एक कार्य गर्नुपर्ने बताइएको पाइन्छ। हदीस मुस्लिम (००२ : ०४९५) मा "अबुहुरैराले बयान गरेअनुसार पाँच कार्य मुख्य *फित्रा* (गर्नुपर्ने सफाइ)का कार्य हुन्, जसमा खत्ना गर्नु, गुप्ताङ्गका रौँहरू खौरनु, नङ काटनु, काखीका रौँहरू उखेल्नु, र जुँगा छाँट्नु पर्दछन् भनिएको छ (The Translation of Sahih Bukhari, 2005)। अन्य हदीसहरूमा पनि खत्नाको कार्यलाई नङ, गुप्ताङ्गका रौँ तथा काखीको रौँ फाल्नु सरहको सफाइको कामकै रूपमा बताइएको पाइन्छ। हदीसको यो बयानमा खत्ना पुरुषले मात्र गर्नुपर्ने उल्लेख नगरे तापनि अर्को एक हदीस अबुदाउतमा भने यो कार्य महिलाले गर्नु आवश्यक नभएको सङ्केत गरिएको छ। यस हदीस(४१:५१५२) मा उमा अतीया अल अन्सरीयाको बयानको रूपमा "मदिनामा एक महिलाले खत्ना गर्दै थिइन्। मुहम्मद(*सल्ल.*)ले ती महिलालाई त्यसरी नकाट यद्यपि यो महिलाको लागि उत्तम र पतिका लागि ज्यादै शोभनीय रहेको छ भन्नुभयो"

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने कुरा उल्लेख गरिएको छ (The Translation of Abu Dawed, 2005)। हदीसको यो भनाइलाई हेर्दा इस्लाम धर्मले महिलालाई भन्दा पुरुषहरूलाई यस कार्यमा वढी प्रोत्साहित गरेको देखिन्छ। यसैकारणले पनि प्राय: यो संस्कार पुरुषहरूले मात्र गर्दै आएको पाइन्छ। नेपालका पहाडी मुसलमान समुदायमा पनि पुरुषले मात्र खत्ना गर्नुको प्रमुख कारण हदीस अवुदाउतको यही भनाइ जिम्मेवार रहेको देखिन्छ। यहाँ *खत्ना* गर्नु र जबह् गरेको मासु मात्र खानुलाई मुसलमान हुनुको सबैभन्दा महत्त्वपूर्ण आधार मान्ने परम्परा रहेको छ। एक शोधकर्ताले आफ्नो प्रतिवेदनमा पहाडी मुसलमानहरूले विशेषज्ञको अभावले खत्ना गर्दैनन् भन्ने विवरण उल्लेख गरेका छन् (शर्मा, उ.न, पृ.२९) स्थलगत अध्ययनबाट यो भनाइ पूर्णरूपमा असत्य देखिएको छ। यस अध्ययनबाट यहाँका उमेर पुगेका शत-प्रतिशत मुसलमान पुरुषहरूले *खत्ना* गरेको पाइएको छ।

यहाँ *खत्ना* कार्यलाई सामाजिक सहभागिताको साथमा, विशेष सांस्कृतिक उत्सवको रूपमा र प्राय: सामूहिक रूपमा पूरा गर्ने प्रचलन रहेको देखिन्छ। यहाँका पहाडी मुसलमान गाउँहरूमा खत्ना गराउने विशेषज्ञ (हजाम)हरू नभएको तथ्य भने साँचो हो। प्राय: जाडो महिनामा भारतबाट आउने हजामहरूले यी दुर्गम गाउँहरूमा खत्नाको कार्य गर्दछन्। उनीहरू आएपछि गाउँमा सामूहिक *खत्नाको* समय निश्चित गरिन्छ। अध्ययनका क्रममा ६ महिनादेखि ४ वर्षको उमेरसम्मका बालकलाई *खत्ना* गराइएको दृश्य अवलोकन गरिएको थियो। यी सबै बालकहरूलाई मस्जिद वा अन्य कुनै स्थानमा जम्मा परिन्छ, स्नान गराइन्छ,, नयाँ पोसाक धारण गराइन्छ र शिरमा हरियो वा सेतो रङको पगरी गुथाइन्छ। यसपछि *मिलादको* (धार्मिक प्रवचन) कार्यक्रम गरिन्छ। यस अवसरमा *खत्नाको* महत्त्व, मुसलमान हुनुको गौरव तथा इस्लाम धर्मको महानताका विषयमा प्रवचन गर्ने र बालकको नाममा *अल्लाहसँग दुआ* (याचना) माग्ने गरिन्छ। प्रवचनपछि सामूहिक भोजको आयोजना गरिन्छ। यस्तो भोज प्राय: अभिभावकहरूले सामूहिक रूपमा आयोजना गर्ने र सबै मुसमलमान दाजुभाइहरूलाई सहभागी गराउने प्रचलन रहेको छ। सम्पन्न व्यक्तिहरूले भने यस्तो भोज व्यक्तिगत रूपमा आयोजना गर्ने र छिमेकी गैरमुसलमानहरूलाई समेत सहभागी गराउने पनि प्रचलन रहेको पाइन्छ।

अन्त्यमा गोप्य स्थलमा हजामले स्थानीय औजारहरूकै प्रयोगले बालकको *खत्ना* गराउँछन्। बालकको लिङ्गको शिश्नभागलाई ढाकेको छालालाई हजामले छुराले काटेर फ्याँकिदिन्छन् अनि काटिएको घाउमा सेतो कपडा डढाएर बनाएको खरानी राखिदिन्छन्। यस अवसरमा स्थानीय व्यक्तिहरूले हजामको गर्धनमाथि दुवैतर्फबाट तरबार ताक्ने परम्परा पनि रहेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ। *खत्ना* गर्दा कुनै गल्ती नहोस् भन्ने चेतावनी दिन तरवार ताक्ने प्रचलनको विकास भएको देखिन्छ। भारतको उत्तर प्रदेशस्थित बरेली गाउँको *खत्ना* संस्कारको अवलोकनका क्रममा एक लेखकले त्यहाँ महिला हजामले खतना गराउने अनौठो प्रचलन रहेको उल्लेख गरेका छन् (Mehta, 1996)। यहाँ भने पुरुष हजामले मात्र यस्तो कार्य गर्दछन्। खतनाको कार्य सकिएपछि हजामलाई क्षमताअनुसार नगद दान गरेर यो संस्कार सम्पन्न हुन्छ। आजभोलि हजामलाई पाँच सय रुपियाँ वा सोभन्दा धेरै दान गर्ने प्रचलन रहेको छ।

३. विवाह /विवाहविच्छेद(*निकाह/ तलाक*)

विवाह र वैवाहिक सम्बन्धको स्थापना, सञ्चालन र अन्त्यका विषयमा संसारमा अनेकौं मूल्य, मान्यता, विश्वास र विधिहरू निर्धारण गरिएको पाइन्छ। यस संस्कारले समाजको संरचना निर्माण, व्यवस्थापन र सञ्चालनमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। यहाँ पहाडी मुसलमानहरूमा प्रचलित विवाह तथा विवाह विच्छेदसम्वन्धी मान्यताहरू, विश्वासहरू र विधिहरूको खोजी गरिएको छ।

३.१.*निकाह*को अर्थ

विवाहलाई अरवी भाषामा *निकाह* र फारसी भाषामा *शादी* भनिन्छ। यौनसन्तुष्टि, सन्तान उत्पादन, तिनको पालन पोषण र प्रेम एवम् सद्भाव विनिमयका उद्देश्यले *अल्लाह*ले तोकिदिएको विधि र सीमाभित्र रहेर राजीखुसीले स-सर्त रूपमा स्वीकार गरिने महिला र पुरुषवीचको खुला करार वा सम्झौतालाई नै मुसलमान समुदायमा *निकाह* वा *शादी* भन्ने बुझिन्छ। नेपालका पहाडी मुसलमान समुदायमा भने हिन्दू समाजको प्रभावले गर्दा विवाहलाई वैधानिक र पवित्र करारको साथसाथै एक स्थायी पवित्र वन्धनको रूपमा पनि हेर्ने गरेको पाइन्छ। फलस्वरूप यहाँका अधिकांश वैवाहिक सम्बन्धहरू जीवनपर्यन्त स्थायी रूपमा स्थापित भएको पाइन्छ।

३.२. *निकाह*को सीमा

इस्लाम धर्मले विवाहलाई ज्यादै महत्त्व दिएको छ। प्रत्येक वयस्क मुसलमानलाई विवाह गर्न प्रोत्साहित गरिएको छ। मुहम्मद(*सल्ल.*)ले पटकपटक ब्रह्मचर्यको निन्दा गर्नुभएको छ र परम्परा (हदीसमा)मा उल्लेख भएअनुसार मुहम्मद(*सल्ल.*)ले -जब एक *अल्लाह*को भक्त(मुसलमान)ले विवाह गर्दछ तव उसले आधा धर्म पूरा गर्दछ भन्नुभएको छ (Siddika, 1993)। कुरआन (२:२३५) मा उल्लिखित "..तिमीहरूको मनमा स्त्रीहरूको चाहना अवश्य नै उत्पन्न हुनेछ भन्ने कुरा *अल्लाह*लाई राम्ररी थाहा छ " भन्ने भनाइ र यसैको अर्को प्रसङ्ग(३०:२१)मा "..उनले(*अल्लाह*ले) तिमीहरूका लागि तिमीहरूकै सहजातिबाट तिमीहरूका जोडी वनाए ता कि तिमीहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तिनीहरूबाट(आफ्ना जोडीबाट) सन्तुष्टि प्राप्त गर" भनिएको (कुरआन मजीद, २००८) कथनलाई हेर्दा, हरेक मुसलमानहरूलाई विवाह गर्न कुरआनले प्रेरित गरेको देखिन्छ। यसो भए तापनि इस्लाम धर्मले विवाह गर्न मिल्ने सम्बन्ध, विवाह गर्न मिल्ने पत्नीको सङ्ख्या तथा विवाह गर्न मिल्ने जोडीको आस्थाका विषयमा धेरै सीमाहरू निर्धारण गरिदिएको छ। नेपालका पहाडी मुसलमानहरू पनि इस्लाम धर्मले निर्धारण गरिदिएको सीमा वा परिधिभित्र रहेर मात्र विवाह गर्दछन्।

कुरआनअनुसार कुनै पनि मुसलमान पुरुषले एक पटकमा बढीमा चार जना पत्नीसँग विवाह गर्न सक्दछ। यो व्यवस्था अनिवार्य भने होइन। कुरआन (४:३)मा " यदि तिमीलाई अनाथप्रति न्याय गर्न नसकिएला कि भन्ने डर छ भने तिमीहरू आफूलाई मन परेकी स्त्रीहरूमध्ये दुई-दुई, तीन-तीन वा चार-चार जनासँग विहे गर। तर यदि यी पत्नीहरूबीच न्याय गर्न सक्दैन भन्ने आशङ्का छ भने एउटीमा मात्र सीमित रहू वा तिम्रो अधीनमा रहेकी कुनै दासीमा (चित्त बुझाऊ) .." भनिएको छ (कुरआन मजीद, २००८ ,पृ.१२३)। यसैले गरिब वा अनाथ महिलालाई सुरक्षा दिने उद्देश्यले र सबैलाई उचित न्याय गर्न वा पालन पोषण गर्न सक्ने अवस्थामा मात्र बहुविवाह गर्न सकिने कुरा कुरआनमा बताइएको पाइन्छ। महिलाहरूले भने एक पटकमा एक जना मुसलमान पुरुषसँग मात्र विवाह गर्न सक्दछन्।

यहाँका पहाडी मुसलमानहरू धर्मले छुट दिए तापनि बहुविवाह गर्न रुचाउँदैनन्। पत्नी जीवित रहँदासम्म वा पत्नीले वैवाहिक सम्बन्धविच्छेद नगर्दासम्म यहाँ दोस्रो विवाह गर्नेहरूको सङ्ख्या ज्यादै नगण्य रहेको देखिन्छ। विगत केही दशकदेखि यहाँका मुसलमान पुरुषहरू वैदेशिक रोजगारीको क्रममा अरबक्षेत्रमा काम गर्न जाने हुँदा पतिको लामो अनुपस्थितिले महिलाहरूले पुनर्विवाह गर्ने क्रम वढेको देखिन्छ। यस्तो बाध्यात्मक अवस्थामा गरिएको बाहेक यहाँ एकसाथ धेरै पत्नी राख्ने प्रचलन भने पाइँदैन।

इस्लाम धर्मले सकेसम्म आफ्नै धर्मभित्र विवाह गर्न निर्देश गरेको छ। आफ्नो धर्ममा प्रतिकूल असर नपर्ने अवस्थामा "किताबवाला स्त्री (यहुदी र इसाई) पनि (विवाहका लागि) वैध गरिएको" कुरा कुरआन(५ :५)मा उल्लेख गरिएको छ , तर कुनै पनि हालतमा बहुदेववादमा विश्वास गर्ने महिला वा पुरुषसँग विवाह गर्न नसक्ने गरी कुरआनले वैवाहिक जोडीको सीमा निर्धारण गरिदिएको छ। *सूरह* २ *आयत्* २२१ मा "*मुश्रिक*(बहुदेववादी) स्त्रीहरूसँग तिनीहरूले इमान नल्याउन्जेल (इस्लाम नस्विकार्दासम्म) बिहे नगर। ...त्यस्तै मुश्रिक पुरुषसँग तिनले इमान नल्याउन्जेल विवाह नगर" भनिएको छ (कुरआन मजीद, २००८, पृ.१७३ र ५८)।

नेपालका पहाडी मुसलमानहरू भने प्राय: आफ्नै गाउँका र आफ्नै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मभित्रको जोडीसँग नै विवाह गर्दछन् । मुसलमान कन्या विवाह गर्ने कतिपय गैरमुसलमान पुरुषहरूले विवाहपछि इस्लाम धर्म ग्रहण गरेका उदाहरणहरू तनहुँको समजुर, हुक्का पुर्कोट तथा गोरखाको आरुस्वारा जस्ता केही गाउँमा पाइएको छ । हिन्दू तथा बौद्ध स्त्रीहरू मुसलमानसँग विवाह गरेमा गृहप्रवेश गराउनुअघि नै उनलाई विवाहकै विधिको रूपमा इस्लाम धर्म स्वीकार गर्न लगाई कुरआनका वचनहरू (*कल्मा*)वाचन गर्न लगाइन्छ । यसरी इस्लाम धर्म ग्रहण गरेर मुसलमान पुरुषसँग विवाह गर्ने स्त्रीहरूको समाजमा उच्च र सम्मानित स्थान रहन्छ । मृतकलाई स्नान गराउने कार्यमा, धार्मिक र संस्कारजन्य कार्यमा प्राथमिकताका साथमा यस्ता महिलालाई सहभागी गराइन्छ ।

इस्लाम धर्मले विवाह गर्न मिल्ने जोडीका विषयमा पनि स्पष्ट सीमा निर्धारण गरिदिएको छ । कुरआन र हदीसमा केही नाता सम्बन्धहरूमा विवाह गर्न नमिल्ने गरी प्रतिबन्ध लगाएको छ । कुरआन(४ :२२ र २३) मा आफ्नी जन्म दिने आमा, बाबुका पत्नी (सौतेनी आमाहरू), दिदीबहिनीहरू, आफ्नी छोरी, आफ्ना दाजु वा भाइका छोरीहरू, दिदी वा बहिनीका छोरीहरू (भान्जीहरू), बाबु र आमाका दिदी-बहिनीहरू (फुपू र सानीमाहरू), आफूलाई दूध चुसाएका धाईआमाहरू, त्यस्ता धाईआमाका छोरीहरू, पत्नीकी आमा (सासू), आफूले यौन सम्पर्क गरेकी पत्नीले (अन्य पुरुषबाट) जन्माएका छोरीहरू र आफ्नो वास्तविक छोराकी पत्नी (बुहारीहरू)सँग विवाह गर्न नहुने कुरा बताएको छ साथै धेरै पत्नी विवाह गर्दा एकैसाथ दुई जना दिदीबहिनी (साली)सँग पनि विवाह गर्न नहुने बताइएको छ (कुरआन मजीद,२००८) । हदीस मुस्लिम (८ :३२६७)मा यीबाहेक एकैसाथ पत्नीकी फुपू (उनकी बाबुकी बहिनी) र पत्नीकी सानीमा (उनकी आमाकी बहिनी)सँग पनि विवाह गर्न नहुने उल्लेख गरिएको छ(The Translation of Sahih Muslim, 2005) । यीबाहेक अन्य सबै सम्बन्धहरूमा विवाह गर्न इस्लाम धर्म बाधक नरहेको देखिन्छ ।

कुरआनको यो निर्देशनको आधारमा इस्लाम धर्ममा मामा तथा फुपूका सन्तानहरूमा(cross cousin) र दाजुभाइका सन्तानहरूमा(Parallel cousin) समेत विवाह गर्न सकिने प्रावधान रहेको देखिन्छ । यहाँ पहाडी मुसलमान समुदायमा भने मामा तथा फुपूको सन्तानहरूमा विवाह गर्ने प्रचलन रहेको छ तर दाजुभाइका सन्तानहरूबीचमा भने धर्मले छुट दिए तापनि विवाहको प्रचलन रहेको छैन ।

३.३. विधवाविवाह

इस्लाम धर्मले विधवा विवाहलाई स्वीकृति मात्र नभई प्रोत्साहनसमेत गरेको छ । मुहम्मद(*सल्ल.*)ले विवाह गरेका १२ पत्नीहरूमध्ये धेरैजसो विधवा थिए । कुरआन(२ :२३४)मा "तिमीहरूमध्ये कसैको मृत्यु हुन्छ र आफूपछाडि पत्नीहरू छोड्छ भने ती जीवित रहेका पत्नीहरू चार महिना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दस दिनसम्म पर्खिऊन् । र *इद्दत* (प्रतीक्षा अवधि) पूरा गरेपछि उनीहरूले आफ्ना लागि सामान्य नियमअनुसार जे (अर्को विवाह)गरेमा पनि उनीहरू माथि कुनै दोष लाग्ने छैन" भनिएको र पुरुषहरूलाई यस्ता विधवाहरूलाई *इद्दत* कालमा विवाहको सङ्केतसम्म देऊ तर वचन नदेऊ तर यो अवधि पूरा भएपछि भने विवाह गर्न कुनै आपत्ति छैन भन्ने आशय यसै *सूरह*को *आयत्* २३५ मा उल्लेख गरिएको छ(कुरआन मजीद, २००८) । यसै आधारमा यहाँका पहाडी मुसलमान समुदायमा पनि विधवा विवाह प्रचलनमा रहेको पाइन्छ । सामान्यतया दोस्रो विवाह गर्नुपर्ने अवस्थामा यहाँका कतिपय पुरुषहरू विधवासँग पनि विवाह गर्दछन् ।

३.४. *अस्थायी विवाह (मुटा विवाह)*

मुसलमानहरूमध्ये सिया सम्प्रदायका मुसलमानहरूमा केही दिन, हप्ता, महिना वा वर्षको अवधि तोकेर कुनै महिलालाई उचित *महर** दिएर राजीखुसीले विवाह गर्ने प्रचलन रहेको पाइन्छ जसलाई *मुटा विवाह* भनिन्छ (Mulla, 1972, p265) । समय अवधिको यकिन भएको र खुसीसाथ *महर* स्वीकार गरिएको अवस्थामा सिया इस्लाम कानुनले यस्तो विवाहलाई वैधानिकता प्रदान गर्दछ । कुरआन(४ :२४)मा धन खर्चेर प्राप्त गर्न सकिने महिलाहरूलाई भोग गर्नु पनि मुसलमानका लागि वैध रहेको बताइएको छ र यस्ता महिलाहरूबाट दाम्पत्य जीवनको आनन्द लिएको वदलामा उनीहरूलाई *महर* भने अनिवार्य बुझाउनुपर्ने बताइएको छ (कुरआन मजीद, २००८)। यस आधारमा सिया कानुनमा यस्तो विवाह वैध मानिएको हो । सबै पहाडी मुसलमानहरू सुन्नी सम्प्रदायमा आस्था राख्ने भएको र नेपालको कानुनले समेत नमिल्ने यस्तो *मुटा* विवाह यहाँ भने प्रचलनमा रहेको छैन ।

३.५. *निकाह*को विधिविधान

विवाहयोग्य जोडीका अभिभावकले अनौपचारिक रूपमा सम्बन्ध राख्न स्वीकार गरेपछि शुक्रवार, बुधवार तथा सोमवार जस्ता पवित्र मानिने बारहरूमा बधूको घरमा दुवै पक्ष जम्मा भई विवाह र विवाहको तिथि निश्चित

---

* इस्लाम धर्मशास्त्रअनुसार विवाह हुँदा दुलाहापक्षले दुलहीलाई अनिवार्य रूपमा दिनै पर्ने तिरो, अर्थात् पतिले पत्नीलाई दिने धन वा रुपियाँलाई *महर* भनिन्छ । कुरआन (४:४)मा " (आफूले विवाह गरेका) महिलाहरूलाई उनीहरूको महर खुसीखुसी प्रदान गर " भनिएको छ । यस आधारमा यो दुलाहाले दुलहीलाई अनिवार्य रूपमा बुझाउनैपर्ने रकम हो । शोधको क्रममा आर्थिक स्तर हेरेर १ देखि १० हजारसम्म यस्तो महर बुझाएको देखिएको थियो । महर नबुझाएसम्म विवाहले मान्यता नपाउने र पत्नीले पतिलाई यौनसम्वन्धका लागि स्वीकृति दिन बाध्य नहुने विश्वास गरिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरिन्छ। हदीसमा(मुस्लिम ८ :३३१२) विवाहको लागि सहवाल(हिजरी स)वत्को दसौँ महिना) उत्तम महिना हुने बताइए तापनि यहाँ प्रायः सबै महिनाका कुनै पनि उत्तम बारहरूमा विवाहको तिथि निश्चित गरिन्छ। विवाहका दिनमा वरपक्षका महिला र पुरुषहरू जन्तीको रूपमा बधूका घरमा जान्छन्। जन्तीको स्वागतपछि अत्यन्त सङ्क्षिप्त वैवाहिक विधि पूरा गरिन्छ। यसमा १ जना वकिल (समाजले स्वीकार गरेको कुनै पनि प्रमुख व्यक्ति) र अन्य दुई जना साक्षीहरू बधूको कोठामा जान्छन् र साक्षीको उपस्थितिमा वकिलद्वारा वरको पूर्ण परिचयसहित ऊसँग विवाह गर्न राजी भए नभएको विषयमा सोधनी गरिन्छ। यसै सोधनीलाई यहाँ *निकाह* पढाउने भनिन्छ। पटकपटकको सोधाइमा उनले स्वीकृति प्रदान गरेपछि उनलाई दुलाहाको तर्फबाट प्रदान गरिएको *महर* बुझाइन्छ। बधूले महर स्विकारेपछि र विवाहको लागि मौखिक स्वीकृति दिएपछि उनीहरू बाहिर आएर यसको जानकारी गराउँछन्। यसपछि वरलाई पनि यस्तै बधूको परिचयसहित उनलाई पत्नी स्वीकार गर्न र उचित संरक्षण एवम् पालनपोषण गर्न राजी भए नभएको कुरा कुनै एक आधिकारिक व्यक्तिले (विशेष गरेर धर्मगुरुले) सोध्ने गर्दछन्। उनको पनि सार्वजनिक मन्जुरी भएपछि विवाह भएको घोषणा गरिन्छ। कतिपय मुसलमान समुदायमा विवाहको लिखित मन्जुरी लिने प्रचलन पनि पाइन्छ। तर यहाँ सामाजिक उपस्थितिमा मौखिक मन्जुरी मात्र लिने परम्परा रहेको देखिन्छ। यस अवसरमा केही धार्मिक वचन (*कल्मा* तथा *खुत्वा*) पढाउने कार्य गरिसकेपछि विवाहको औपचारिकता सम्पन्न हुन्छ। यसपछि बधूको घरमा भोजको आयोजना गरिन्छ। बधूलाई वरको घरमा भित्र्याउँदा घरका महिलाहरूले चामल, एक जोडी दियो, कलश आदि सामग्रीहरूको साथमा स्वागत गर्ने प्रचलन तनहुँको समजुर क्षेत्रमा रहेको छ। यस अवसरमा वरको घरमा पनि भोज (*बलीमा*)को आयोजना गरिन्छ। दाम्पत्य जीवनको सफलताको लागि *दुआ* माग्ने कार्य गरिन्छ। अनुकूल समयमा दुवैतर्फ परिचय र सलाम आदान-प्रदान गर्ने कार्य पनि विवाहकै एक अङ्ग मानिन्छ। यसरी यहाँका पहाडी मुसलमान समुदायमा हुने विवाहमा अभिभावकको स्वीकृति, बधू र वरको मन्जुरी, मन्जुरीको सार्वजनिकीकरण, साक्षीहरूको उपस्थिति र *महर* भुक्तानी जस्ता प्रक्रिया नै विवाहका आधारभूत विधि वा प्रक्रिया मानिन्छ।

३.६. विवाहविच्छेद *तलाक*

इस्लाम धर्मले व्यक्तिको वैवाहिक जीवन सकेसम्म स्थायी रहोस् भन्ने चाहेको देखिन्छ। मुहम्मद(*सल्ल.*)का धर्मपुत्र जैदले आफ्नी पत्नी जैनवसँग विवाह विच्छेद गर्न चाहेको कुरालाई सङ्केत गर्दै कुरआनको एक *आयत्*(३३ :३७)मा "आफ्नी पत्नीलाई नछोड र *अल्लाह*सित डराऊ" भनिएको छ (कुरआन मजीद, २००८, पृ.६९८)। यहाँ अकारण पत्नी त्यागदा. *अल्लाह*ले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दण्डित गर्ने कुराको सङ्केत गरिएको देखिन्छ। *पैगम्बर* मुहम्मद(*सल्ल.*) स्वयंले पनि विवाह विच्छेदलाई वैधानिक तर ईश्वरलाई मन नपर्ने कुरा बताउनुभएको थियो (Siddika, 1993)। यस्तो ईश्वरलाई अप्रिय लाग्ने कुरा भए तापनि पति र पत्नीको बीचमा असमझदारी बढेको अवस्थामा र उनीहरूबीचमा राम्रो सम्बन्धका लागि गरिने प्रयासहरू विफल भएको अवस्थामा निश्चित कार्यविधि पूरा गरेर विवाहलाई विच्छेद गरी स्वतन्त्र रहन अथवा अर्को वैवाहिक सम्बन्ध कायम गर्न इस्लाम धर्मले दुवैलाई स्वतन्त्रता प्रदान गरेको छ। पुरुषको इच्छाअनुसार गरिने विवाहविच्छेदलाई अरवी भाषामा *तलाक* भनिन्छ। पुरुषहरूले आफ्नी पत्नी छाड्न चाहेमा तोकिएको विधिपूर्वक मौखिक रूपमा तीन पटक '*तलाक*' शब्द उच्चारण गरेर सम्बन्ध बदर गर्न सकिने व्यवस्था रहेको छ। महिलाको चाहनाअनुसार विवाहविच्छेद गरिने अवस्थालाई भने *खुलअ्* भनिन्छ (Mulla, 1972)। यस्तो *खुलअ्का* लागि इस्लाम कानुनमा हरेक पत्नीलाई इस्लामिक अदालत, न्यायाधीश वा सम्बन्धित अधिकारीसमक्ष जानुपर्ने व्यवस्था रहेको हुन्छ (कुरआन मजीद, २००८, पृ.६०)। विवाहविच्छेद र यस अवस्थामा सम्बन्ध सुधारको प्रयासको चर्चा गरिएको कुरआनकै अर्को एक *आयत्* (२ :२२८)मा " महिलाहरूलाई पनि पुरुषहरू जस्तै सामान्य नियमअनुसार अधिकार छ। तर पुरुषहरूलाई उनीहरूमाथि एक दर्जा बढ्ता (अधिकार) प्राप्त छ" भनिएको छ (ऐजन)। यस अधारमा महिलालाई भन्दा पुरुषलाई *तलाक* गर्नका लागि पनि केही सजिलो मौखिक विधि अपनाउन पाउने अधिकार दिएको देखिन्छ।

आवेश र उत्तेजनामा *तलाक* नहोस्, *तलाक*पूर्व सम्बन्ध पुनः सुधारको उचित प्रयास गरियोस्, *तलाक*पछि महिलाले सन्तान जन्माउँदा सन्तान कसको हो भन्ने विषयमा विवाद नहोस् र *तलाक* प्राप्त महिलाको उचित व्यवस्था होस् भन्ने आशयले इस्लाम धर्मले *तलाक*को स्पष्ट कार्यविधि तय गरेको देखिन्छ।

३.६.१. तलाकविधि

पत्नीले गर्ने विवाहविच्छेद (*खुलअ्*)का लागि कुरआन (२ : २२९)मा "... *अल्लाहका* सीमाहरूलाई कायम राख्न (सम्बन्धलाई उचित किसिमले पूरा गर्न)सक्दैनन् भन्ने डर छ भने पत्नीले केही दिएर अलग भएमा दुवै माथि कुनै पाप छैन्" भनिएको छ (कुरआन मजीद, २००८, पृ.६०)। यसबाट सम्बन्धविच्छेदपछि पत्नीले पतिलाई केही धन दिनुपर्ने देखिन्छ। यस्तो *खुलअ्*को लागि राज्यले तोकिदिएको प्रशासनिक कार्यविधि पूरा गर्नुपर्दछ।

पुरुषले आफ्नी पत्नीलाई दिने *तलाक* भने निकै लामो र व्यवस्थित प्रक्रिया पूरा गरेर मात्र हुनुपर्ने व्यवस्था इस्लाम धर्मग्रन्थहरूले गरेका छन्। कसैको मनमा विवाहविच्छेदको अठोट उत्पन्न भएमा यस्तो विचारलाई बढीमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चार महिनाभित्रमा उचित निकास दिइसक्नुपर्ने कुरा कुरआन(२ :२२६)मा बताइएको छ। यहाँ " आफ्ना पत्नीहरूसँग अलग बस्ने कसम खानेहरूका लागि चार महिनासम्मको *मोहलत* (समयसीमा) छ " भनिएको छ (कुरआन मजीद, २००८, पृ ५९)। यो अवधि सम्वन्ध सुधारको प्रयासका लागि निर्धारण गरिएको देखिन्छ। यसबीचमा सम्बन्धविच्छेदको दृढता मनमा उत्पन्न भए तापनि निश्चित अवधिको परीक्षणकाल नविताएसम्म कसैले पत्नीलाई दिएको तलाक वैध नहुने व्यवस्था पनि कुरआनले गरेको छ।

मासिक धर्मको अवस्थामा नरहेकी र शुद्ध भएपछि पनि यौनसम्पर्क नभएकी पत्नीलाई मात्र पतिले तलाक दिन सक्ने कुरा हदीस(मुस्लिम ९ : ३४७३)मा उल्लेख गरिएको छ। सर्वप्रथम तलाकको अठोट गरेका पुरुषहरूले दुई पटकसम्म *तलाक* शब्द उच्चारण गर्दछन्। यसको अर्थ म तिमीसँग विवाह विच्छेद गर्दछु भन्ने हो। यसपछि एक निश्चित समयको परीक्षण अवधि सुरु हुन्छ। यसैलाई *इद्दत* भनिन्छ। यस्तो *इद्दत*को अवधि पत्नीको मासिक धर्म नै सुरु नभएको भए तीन महिनाको हुने र पत्नी गर्भवती रहेको अवस्थामा गर्भ समाप्त नहुँदासम्मको हुने कुरा कुरआनमा(६५:४) वताइएको छ। त्यसै गरी साधारण अवस्थाकी पत्नीको भने तीन पटक मासिक धर्म नहुँदासम्म यस्तो परीक्षणकाल (*इद्दत*)रहने कुरा कुरआन (२ :२२८) मा बताइएको छ (कुरआन मजीद, २००८)। यो अवधि आपसी सम्वन्ध सुधारका लागि प्रयास गरिने अन्तिम अवधि हो। यसबीचमा उनीहरू सम्वन्ध सुधार गरी पूर्ववत् सम्बन्ध स्थापित गर्न सक्दछन्। यसबीचमा पतिले पत्नीलाई घरबाट निकाल्न नहुने र पत्नीले अरूसँग सम्बन्ध राख्न नहुने वताइएको छ। यदि यसवीचमा पनि राम्रो सम्वन्ध कायम गर्न सकिएन भने तेस्रो पटक *तलाक* शब्द उच्चारण गरिन्छ। यस्तो तेस्रो तलाकपछि भने उनीहरूबीचको वैवाहिक सम्बन्ध पूर्णरूपले विच्छेद भएको विश्वास गरिन्छ। कुरआन(२ :४१) मा स्पष्टसँग "*तलाक* पाइसकेका स्त्रीहरूलाई सामान्य नियमानुसार खानाखर्च दिनु ईशभय राख्नेहरूमाथि (मुसलमानहरूलाई) अनिवार्य छ" भनिएको छ (कुरआन मजीद, २००८, पृ.६४)।

इस्लाम धर्ममा तेस्रो पटक *तलाक* दिनेकार्य ज्यादै जोखिमपूर्ण देखिन्छ। किनभने यस्तो *तलाक*पछि वा *खुलअ्* गरिएको अवस्थामा पुनः विवाह गर्नु असम्भव देखिन्छ। तलाक दिइएकी पत्नीले अर्को पुरुषसँग विवाह गरेर नयाँ पतिसँग पनि विधिपूर्वक तलाक भएर एक्लै बसेको अवस्थामा मात्र पुनः विवाह गर्न सकिने कुरा कुरआन(२ :२३०)मा उल्लेख गरिएको छ (कुरआन मजीद, २००८)। यसरी गरिने विवाह वैधानिक वनाउन पुनः *महर* बुझाउनुपर्ने र नियमअनुासर पुनः *निकाह कबुल*गर्ने विधिहरू पूरा गर्नुपर्दछ। यी प्रक्रिया पूरा गर्नु असम्भव प्रायः देखिन्छ। त्यसैले इस्लाम धर्ममा *तलाक* ज्यादै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संवेदनशील मानिन्छ ।

३.६.२. जिहार

इस्लामपूर्वको अरबक्षेत्रमा विशेष किसिमको विवाहविच्छेदको प्रचलन रहेको बुझिन्छ। धेरै पत्नी हुने कुनै व्यक्तिले आफूभन्दा परिपक्व उमेरकी अथवा उच्च व्यक्तित्व भएकी कुनै पत्नीलाई मैले आजदेखि तिमीलाई आमा समान मान्दछु भन्ने उद्घोष गर्ने विधिलाई अरबी भाषामा *जिहार* भनिन्छ। *जिहार*पछि पति र पत्नीको सम्बन्ध आमा-छोराको जस्तो अर्थात् यौनसम्बन्ध गर्न नमिल्ने किसिमको हुन्छ। यो पनि एक किसिमको विवाहविच्छेद नै हो। यसमा पत्नीलाई घरमै राखेर पनि पत्नीको व्यवहार गरिँदैन। कुरआनमा यस्तो *जिहार*को प्रचलनलाई अनुचित ठानिएको छ। कुरआन(५८ :२) मा कसैले पत्नीसँग *जिहार* गर्दैमा पत्नीहरू आमा बन्दैनन् र जन्म दिने मात्र आमा हुन्छन् भनिएको छ। यसका साथै *आयत्* ३ र ४ मा यस्तो *जिहार* गरिसकेपछि यदि कसैले पुनः उनीसँग यौनसम्पर्क गर्न चाह्यो भने दासलाई मुक्त गर्नुपर्ने, यो नसक्नेले दुई महिनासम्म व्रत गर्नुपर्ने र त्यो पनि नसक्नेले साठी जना गरिबलाई खाना खुवाएर *जिहार* भङ्ग गरी पुनः पति पत्नी बन्न सक्ने बताइएको छ (कुरआन मजीद, २००८)। यो कुरा कुरआनमा उल्लेख भएको हुँदा यस्तो विवाहविच्छेदले पनि मुसलमान कानुनमा स्थान पाएको छ। भारतमा यस्तो घटना नभएको भए तापनि त्यहाँको शरिया कानुन १९३७ को सेक्सन २ मा यस्तो विवाहविच्छेदलाई पनि वैधानिकता दिइएको छ (Mulla, 1972)। यहाँका पहाडी मुसलमानहरू यस्तो विवाहविच्छेदको बारेमा आफूले सुन्दै नसुनेको बताउँछन्। त्यसैले यस्तो अभ्यास यहाँ देख्न पाइँदैन।

नेपालको कानुनले सम्बन्धविच्छेदको इस्लामी विधिलाई मान्यता दिँदैन। यहाँ महिलालाई विवाहविच्छेदको सरल अधिकार छ भने पुरुषलाई जटिल र लामो विधि निर्धारण गरिएको छ। यससम्बन्धी मुलुकी ऐनमा महिलाले चाहेमा सोझै अदालतमा गई विवाहविच्छेदको अपिल गर्न पाउने तर पुरुषले स्थानीय निकायमार्फत मेलमिलापको धेरै चरण पार गरेर मात्र अदालतमा पुगी विवाह विच्छेद गर्न पाउने नियम रहेको छ। यसैकारणले यहाँका पहाडी मुसलमानहरूमा *तलाक* तथा *खुलअ्* जस्ता दुवै मुसलमान विधिका विवाहविच्छेद हुने गरेको पाइँदैन। पहाडी गाउँका मुसलमान दम्पतीमा सम्बन्धविच्छेदका घटना अवश्य हुन्छन्। कामको खोजीमा विदेसिएका पतिलाई छोडेर महिलाहरूले अर्को विवाह गर्ने घटनाहरू पनि पाइन्छ। यस्तो अवस्थामा उनीहरूबीचको सम्बन्ध स्वतः विच्छेद हुने गर्दछ। दुवैको उपस्थितिमा हुने यस्ता कार्यहरू सामान्य सामाजिक समझदारी र सहमतिमा नै हुने गरेको देखिन्छ। यहाँ हुने सम्बन्धविच्छेदका सीमित घटनाहरूमा इस्लाम विधिहरू पूर्णरूपले पालन भएको देखिँदैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४. अन्त्येष्टि

अन्त्येष्टिका विषयमा कुरआनमा विस्तृत विवरण पाइँदैन। हदीसहरूमा भने मुहम्मद(*सल्ल.*)ले मृतकहरूको शव विसर्जनका विषयमा भनेका र गरेका धेरै कुराहरूको वर्णन गरिएको छ। मुहम्मद(*सल्ल.*)स्वयंको अन्तिम संस्कारको वर्णन पनि हदीसहरूमा पाइन्छ। हाल विश्वभरका मुसलमानहरूले हदीसका यस्तै भनाइलाई अनुसरण गरेर अन्त्येष्टि सम्पन्न गर्दछन्। ज्यादै सूक्ष्म कुराहरू हदीसमा पनि उल्लेख गरिएका छैनन्। यस्ता कुराहरू स्थानीय परम्पराका आधारमा पनि प्रचलित रहेका हुन्छन्। त्यसैले अन्त्येष्टिसंस्कारका प्रमुख पक्ष विश्वव्यापी मुसलमान संस्कृतिको रूपमा विकसित भएका छन् भने यसका कतिपय सूक्ष्म कुराहरू स्थानीय संस्कृतिको रूपमा पनि स्थापित भएको पाइन्छ।

मुसलमानहरूको दृष्टिमा मृत्युको घटना यस लोकका क्रियाकलापबाट मानिसले लिने विश्राम, अन्तिम न्यायदिवससम्मका लागि चिहानमा गरिने प्रतीक्षा र चिहानबाट पुनः जीवित हुनका लागि गरिने तयारीका घटनाको रूपमा लिइन्छ। इस्लाम धर्मग्रन्थहरूले मृतकहरू कुनै दिन पुनः जीवित हुने र आफ्ना चिहानहरूबाट यथा अवस्थामा उठेर ईश्वरको सामुन्नेमा उपस्थित हुने बताएको छ। त्यसैले इस्लाम धर्ममा मृत्यु, शरीरको विघटन वा समाप्ति होइन। यो केही समयका लागि शारीरिक निष्कृयता मात्र हो। मृत्युसम्बन्धी यही आधारभूत मान्यताबाट उनीहरूको अन्त्येष्टिसंस्कारका विधि र प्रक्रियाहरू निर्धारित भएका छन्।

४.१. शवस्नान

यहाँ मृत्युपछि गरिने सबैभन्दा पहिलो कार्य शवलाई स्नान गराउनु हो। यो प्रचलन इस्लामपूर्वकै अरबी परम्परा हो। न्यायदिवसको प्रतीक्षामा चिहानभित्र बस्दा पवित्र र शुद्ध अवस्थामा बस्नु उपयुक्त हुने विश्वासले गर्दा जीवित मानिस नमाजको लागि शुद्ध र पवित्र भएजस्तै, विधिपूर्वक शवलाई स्नान गराई पवित्र बनाइन्छ। शवका गोप्य अङ्गहरू ढाकेर गोप्य स्थल मै स्नान गराइन्छ। स्नान गराउनुअघि सफा माटोका डल्ला तथा पातहरूले मलद्वार र यौनअङ्गलाई पुछेर सफा गरिन्छ। यस्तो सफाइलाई *इस्तीन्जा* भनिन्छ। *इस्तीन्जा*पछि हात, खुट्टा एवम् मुख धोइदिने (*वुजू गराउने*) कार्य गरिन्छ। स्नान गराउने पानी तताउँदा बयरका पातहरू पनि राखिन्छ। यस्तो पातले पानीलाई पवित्र बनाउने विश्वास रहेको छ। स्नानपछि शवलाई सफा कपडाले पुछेर सुगन्धित पदार्थ लगाइदिने प्रचलन पनि रहेको पाइन्छ। यी सबै शव विसर्जनअघिका शुद्धीकरणका प्रक्रिया हुन्।

४.२. वस्त्रप्रदान

हदीस बुखारी (२ : २३ : ३७०) मा मुहम्मद(सल्ल)को भौतिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अवसानको अवसरमा उहाँलाई तीन टुक्रा वस्त्रले बेरिएको उल्लेख गरिएको छ(The Translation of Sahih Bukhari, 2005) । हदीसको यही भनाइलाई आधार बनाएर यहाँ पनि मृतक पुरुष भए उसलाई अधोवस्त्र (लुँगी), माथिल्लो शरीर छोप्ने वस्त्र (*कमिज*) तथा पूरै शरीर ढाक्ने वस्त्र (*सूट*) गरेर तीन टुक्रा सेतो वस्त्रले ढाक्ने काम गरिन्छ । महिलाका विषयमा हदीसमा स्पष्ट उल्लेख नभए तापनि उनीहरूको शिर ढाक्ने(*शिर पट्टी*) र र स्तनहरू ढाक्ने (*छाती पट्टी*) समेत थप दुई टुक्रा गरी जम्मा पाँचवटा सेतो वस्त्र लगाइदिने प्रचलन रहेको छ। यसरी स्नान गराइएको र वस्त्रले वेरिएको शवलाई काठबाट निर्माण गरिएको *तावीजमा* राखिन्छ । *तावीज* एक कलात्मक खाट हो जुन शव बोक्ने उद्देश्यले निर्माण गरिएको हुन्छ । *तावीजमा* राखिएको शवलाई कालो रङको कपडाले तल र माथिबाट छोपिन्छ ।

४.३. मृतकका लागि प्रार्थना

यसपछिका थप कार्यमा पुरुषहरूको मात्र सहभागिता हुने गर्दछ। शवयात्रामा मृतकका लागि प्रार्थना गरिने भएका हुँदा त्यस कार्यमा जाने सबै मुसलमानहरूले *वुजू* वा आवश्यकताअनुसार स्नान गरेर मात्र सहभागी हुने प्रचलन रहेको छ । पुरुषहरूले *तावीजमा* राखिएको शवलाई चिहानस्थलतर्फ लैजान्छन् । पोखराको मियाँपाटन तथा गोरखाको बयापानी बज्रे गाउँ जस्ता केही गाउँमा चिहानस्थलमै मृतकको नाममा प्रार्थना गर्नका लागि छुटै मस्जिदहरूको पनि निर्माण गरिएको छ। अन्य कतिपय गाउँमा भने चिहानस्थलका खुला चउरहरूमा मृतकको नाममा सामूहिक प्रार्थना गरिन्छ। यस प्रार्थनालाई *जनाजाको नमाज* भनिन्छ। शवको अगाडि उभिनुलाई मुसलमानहरू शवप्रति प्रकट गरिएको श्रद्धा ठान्दछन्। जुनसुकै मानिसको शवयात्रा देख्नासाथ उभिनुपर्ने कुरा हदीस बुखारी(२:२३ :३९८)मा उल्लेख गरिएको छ (The Translation of Sahih Bukhari, 2005) । यसै आधारमा अन्त्येष्टिको नमाज उभिएको अवस्थामै पूरा गरिन्छ। यस क्रममा चार चरण (*तक्बीरका)* मा अनेकौं मन्त्र एवम् *दुआ* पढिन्छ। यी मन्त्र एवम् *दुआ*को आशय-*अल्लाह* महान् छन्। उनको प्रशंसा नाम र प्रार्थना महान् छ। उनीवाहेक प्रशंसा गर्न योग्य ईश्वर कोही छैन । हे *अल्लाह* , मुहम्मद(*सल्ल.*) र उनका अनुयायीहरूलाई तथा इब्राहीम र उनका सन्तानहरूलाई दया गर। हे *अल्लाह* हामी जीवितलाई, मृतकहरूलाई, उपस्थितहरूलाई, अनुपस्थितहरूलाई, युवाहरूलाई, वृद्धहरूलाई, महिलाहरूलाई र पुरुषहरूलाई क्षमा गर । हे *अल्लाह* तिम्रो कृपाले जीवित रहेका हामीहरूलाई इस्लाम धर्ममै जीवित रहन र जसलाई तिमीले मृत्यु प्रदान गऱ्यौ उनीहरूलाई इस्लाम आस्थामै मर्न सहयोग गर। हे *अल्लाह* मृतकको क्षतिबाट हामीलाई सहनशीलताको पुरस्कारबाट वञ्चित नगर र हामीलाई यसको परीक्षणको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय नबनाऊ भन्ने रहेको हुन्छ (Abdalati,1998)।

४.४. गाड्ने कार्य

मृतक न्यायदिवसमा पुनः जीवित हुने विश्वासको कारणले यहाँ पनि मृतकलाई जलाइँदैन। मृतकको अनुहार मक्कातर्फ हुने गरी शवलाई गाडिन्छ। गाड्ने अवसरमा दक्षिण एसिया तथा नेपालका मुसलमानहरूमा कुरआन(२० :५५)को "यसै (माटो)वाट हामी (अल्लाह) ले तिमीहरूलाई सृष्टि गरेका छौं र यसैमा तिमीहरूलाई फर्काउनेछौं। अनि फेरि यसैवाट तिमीहरूलाई दोस्रो पटक निकाल्नेछौं" भनिएको अंश पढ्ने प्रचलन छ (Siddika, 1993)। पहाडी मुसलमानहरू पनि यो आयत पढ्ने गर्दछन्। महिलाहरूलाई यसरी गाड्दा पर्दाले ढाक्ने प्रचलन रहेको छ। खाडलमा राखिएको शवलाई माटोले नथिच्ने गरेर काठका फलेक वा चौडा ढुङ्गाले छाप्ने गरिन्छ। यहाँ माटोले थिच्दा मृतकलाई कष्ट पुग्ने विश्वास रहेको देखिन्छ। त्यसैले चिहानमाथि यस्ता काठ वा ढुङ्गा छापेर मात्र माटोले पुर्ने कार्य गरिन्छ। चिहानमाथि स्मारकहरू बनाउने प्रचलन यहाँका मुसलमानहरूमा पाइँदैन। यसरी शवलाई माटोले पुरिसकेपछि पुनः मृतकका नाममा *दुआ* पढेर मानिसहरू घर फर्कन्छन्।

४.५. शोक अभिव्यक्ति

इस्लाम धर्ममा मानिसको मृत्युमा उग्र किसिमले शोक प्रकट गर्न नहुने बताइएको छ। आफ्नै गाला चिथोर्ने, छाती पिटेर रुने तथा आफ्ना कपडाहरू च्यात्नेजस्ता कार्य गर्न नहुने कुरा हदीस (वुखारी २:२३:३८४) मा उल्लेख गरिएको छ (The Translation of Sahih Bukhari, 2005). यस कुरालाई यहाँका मुसलमानहरूले पनि निकै महत्त्व दिएको देखिन्छ। मृत्युको घटनालाई ईश्वरनिर्मित नियमित घटना हो भन्ने विश्वास रहेको हुँदा मुसलमानहरू मृत्युवाट कुल वा परिवारमा अशुद्धता आउने कुरामा विश्वास गर्दैनन्। खानपिन त्यागेर, वस्त्र आभूषण त्यागेर तथा अन्य कुनै पनि तरिकाले शोक प्रकट गर्ने प्रचलन मुसलमान समुदायमा रहेको पाइँदैन। त्यसैले यहाँका पहाडी मुसलमानहरू पनि जुनसुकै निकटसम्वन्धी वा आफन्तहरूको मृत्युको समयमा इच्छा लागेमा कुनै पनि खानेकुरा खान स्वतन्त्र रहेका हुन्छन्। अन्त्येष्टिकै दिनमा कब्रिस्तानवाट फर्केपछि मलामीहरूलाई छिमेकीहरूले खाना तयार पारेर शोकमा रहेका परिवारजनलाई खान प्रोत्साहित गर्दछन्। उनीहरू यस अवस्थामा जुनसकै पोसाक लगाउन पनि स्वतन्त्र हुन्छन्। घरभित्र नै बस्ने, काममा सक्रिय नहुने, कुरआन पाठगर्ने र मृतकलाई स्मरण गर्दै *अल्लाह*सँग उसका लागि *दुआ* माग्ने कार्य नै यहाँका मुसलमानहरूले अपनाई आएका शोक प्रकट गर्ने तरिका हुन्।

शोक प्रकट गर्ने विधि जस्तै मृत्युशोकको समय अवधि पनि इस्लाम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मले स्पष्टसँग तोकिदिएको छ। लोग्नेको मृत्युमा बाहेक, कुनै पनि आफन्त मानिसहरूको मृत्युमा मानिसले जम्मा तीन दिन मात्र शोक गर्नुपर्ने कुरा हदीस (बुखारी,२ :२३ :२७०) मा स्पष्ट उल्लेख गरिएको छ (The Translation of Sahih Bukhari, 2005). यही तीन दिनपछि नै यहाँका पहाडी मुसलमानहरू पनि शोक र वियोग व्यवस्थापनका सबै धार्मिक र सामाजिक नियमहरू पूरा गरेर नियमित काममा संलग्न हुने गर्दछन्। लोग्नेको मृत्युमा पत्नीले भने ४ महिना १० दिनसम्म शोक गर्नुपर्ने आशय कुरआन (२ २३४र२३५) मै उल्लेख गरिएको छ (कुरआन मजीद,२००८)। यहाँ विधवाहरूलाई यस अवधि (*इद्दतकाल*) मा परपुरुषसँग सम्बन्ध राख्न, विवाह गर्न वा विवाहको खुला प्रस्ताव राख्न नहुने बताइएको छ। यस कुरालाई आधार बनाएर यहाँका विधवाहरू पनि यस अवधिमा घरबाहिर निस्कन नहुने र विवाहयोग्य पुरुषहरूसँग कुनै किसिमको सम्पर्क गर्न नहुने विश्वास गर्दछन्। तनहुँ हुक्का गाउँमा भने विधवा महिलाहरूले *इद्दत* कालमा सेतो वस्त्र लगाउने, अरूले पकाएको नखाने, अरूको घरमा नपस्ने प्रचलन रहेको छ। *इद्दत*काल समाप्तिलाई उनीहरू धागो फाल्ने भन्दछन्। यसपछि मात्र उनीहरू आफूखुसी पोसाक लागाउन र खानपान गर्न स्वतन्त्र हुने कुरा अवलोकनको क्रममा देखिएको छ। काममा घरबाहिर निस्कनुपर्ने बाध्यता रहेको कारणले यहाँका कतिपय विधवा महिलाहरू काममा भने निस्कने गरेको पाइएको छ। यस अवधिमा उनीहरू मनोरञ्जनात्मक कार्यमा वा सार्वजनिक कार्यक्रमहरूमा भने सहभागी हुँदैनन्।

४.६. मृतकको स्मरण र *दुआ*

अन्त्येष्टि गरिसकेपछि निश्चित दिनहरूमा मृतकलाई स्मरण गर्ने र *अल्लाह*सँग उनको नाममा *दुआ* माग्ने प्रचलन पनि रहेको छ। तेस्रो दिनमा शोक समापन गर्दा अन्त्येष्टिमा सहभागीहरू सबैलाई मस्जिदमा वा मृतककै घरमा आमन्त्रण गरिन्छ। यस अवसरमा मृतकको नाममा कुरआन वाचन गरिन्छ। मृतकको नाममा *अल्लाह*सँग सामूहिक *दुआ* (याचना) मागिन्छ। प्रसाद(*नीयाज*) तयार पारिन्छ र सबै उपस्थितहरूलाई प्रसाद खुवाइन्छ। यसलाई *कुरआनखानी* भन्ने परम्परा रहेको छ। यो क्रम मृत्युको दसौँ, बीसौँ र चालीसौँ दिनमा पनि गरिन्छ। यी सबै अवसरमा सक्षम मानिसहरूले आफन्तहरू र गरिबहरूलाई खानपान गराउने र वस्त्र तथा नगद दान गर्ने प्रचलन पनि रहेको छ। यस्तो दान समयक्रममा गाउँ घुम्दै आएका फकिरहरूलाई प्रदान गरिन्छ। सक्षम मानिसहरू आफन्तजनको मृत्यु भएको ६ महिनामा र एक वर्षमा पनि मृतकको नाममा कुरआन पढ्ने, सामूहिक *दुआ* माग्ने, खानपिन गराउने र दान गर्ने गर्दछन्। यस्ता विभिन्न दिनमा हुने कार्य अनिवार्य रूपमा नभई स्वैच्छिक रूपमा सक्षमहरूले मात्र गर्नुपर्ने सांस्कृतिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यवहार मानिन्छन् ।

सन्दर्भसामग्री

Abdalati, Hammudath (1998). *Islam in focus.* Jeddha: World Assembly of Muslim Youth.

Circumcision (n.d.)Retrieved May 25 2009 from http://en.wikipedia.org/circumcision Gaborieau, Mark. (1972) Muslim In The Hindu Kingdom Of Nepal. Contribution to the Indian Sociology. 6,84. 84-105 Retrieved November 15, 2007 from http://cis.sagepub.com

Gatrad,A.R. & Aziz Sheikh (2001), Muslim birth customs. *Journal of Arch. Dis. Child Fetal Neonatal Edition. 84, 6-8.* Retrieved September 18,2007, from http://fn.bmj.com

Geldart,Anne(1999) *Islam* (n.m) : Heinemann. Retrieved May 5 2009 from http://books.google.com.np/bookszid

Mehta, Deepak (1996) Circumcision, body and community. *Contribution to the Indian sociology* .30,2. 215-243 Retrieved November 16, 2007 from http://cis.sagepub.com

Mulla, D.F.(1972). *Principles of Mahomedan law* (17th ed.). Bombay: N.M. Tripathi Private LTD .

Sharma, Kamal Raj (2000) *Socio economic study of the Muslim community : A case study of Tanahun district* (Unpublished research report submitted to the UGC Nepal) University Grant Commission. Kathmandu

Siddika, Shamima (1993). *Muslims of Nepal*. Kathmandu : Gazala Siddika.

The translation Abu Dawed (2005) Retrieved March 28 ,2009, from http://www.iiu.edu.my/deed/hadith/abudawood/index.html

The translation Sahih Bukhari (2005) Retrieved March 28 ,2009, from http://www.iiu.edu.my/deed/hadith/bukhari/index.html

The translation Sahih Muslim (2005) Retrieved March 28 ,2009, from http://www.iiu.edu.my/deed/hadith/muslim/index.html

आचार्य, महेशाकुमार*(२०१०) गण्डकी क्षेत्रका पहाडी मुसलमानहरूको संस्कृति र सांस्कृतिक परिवर्तन* (अप्रकाशित विद्यावारिधि शोध प्रतिवेदन) मानविकी सङ्काय डिनको कार्यालय. त्रिभुवन विश्वविद्यालय .काठमाडौं.

कुरआन मजीद (२००८).नेपाली भाषामा अनुवादित कुरान मजीद.काठमाडौं : इस्लामी संघ नेपाल .

शर्मा, चोलराज (उ.न.) *नेपालगन्ज बजारका मुसलमानहरूको सामाजिक तथा आर्थिक जीवन एक अध्ययन.*(अप्रकाशित शोध प्रतिवेदन) मानविकी सङ्काय डिनको कार्यालय. त्रिभुवन विश्वविद्यालय .काठमाडौं.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाँतर संस्कार

– डा. सोमप्रसाद खतिवडा

१. संस्कारको अर्थ

संस्कारको अर्थ शुद्धि, परिष्कार र स्वच्छता भन्ने हुन्छ । अङ्ग्रेजीको सेक्रामन्टभन्दा नेपाली संस्कृतिमा प्रचलित संस्कार शब्दले केही भिन्न रूपमा भौतिक र आध्यात्मिक दुवै प्रकारका शुद्धतालाई स्पष्ट पार्दछ । यसलाई विधिवत् शुद्धि (क्षत्री र खतिवडा, २०५४: २३३) तथा जीवन परिस्कृत बनाउने माध्यम मानिन्छ । यसालई मानवका २० वटा गुणमध्येको एक र भावलाई व्यक्त गर्ने आत्मवाचक शक्ति पनि भनिएको पाइन्छ । संस्कार शब्द सम्+कृ+घञबाट बनेको मानिन्छ, जसको प्रयोग भारतवर्षमा पछिल्लो वैदिक कालदेखि मात्र भएको हो । तसर्थ ऋग्वेदमा यस शब्दको बदला संस्कृत शब्दको प्रयोग भएको छ (ऋग्वेद ६।२८।४) । यता सतपथ ब्राह्मण र छान्दोग्योपनिषदमा भने संस्कारका बदलामा संस्कृत र संस्कारोक्ति शब्द प्रयोग भएको पाइन्छ । प्रथम पटक संस्कार शब्दको प्रयोग भने जैमिनीसूत्रमा भएको पाइन्छ । यस सूत्रमा संस्कार शब्दलाई यज्ञ पवित्र पार्ने माध्यमका रूपमा चर्चा गर्दै उपनयनलाई संस्कार भनिएको देखिन्छ । शवरले भने जैमिनीसूत्रको व्याख्या गर्दै संस्कार भनेको कुनै कार्यलाई योग्य बनाउने कर्म भनेका छन् (उद्धृत, काणे, १९८०: १७६) ।

विभिन्न धर्मग्रन्थहरूमा संस्कारलाई योग्यता प्रदान गर्ने रीति र विलक्षण योग्यता भनिएको पाइन्छ । त्यस्तै यसलाई शिक्षा, संस्कृति, प्रशिक्षण, पूर्णता, प्रभाव, स्वाभाव, शुचिक्रिया र धार्मिक विधि पनि भनिएको पाइन्छ (मिश्र, १९८०:२६५) । यसरी विभिन्न धर्मग्रन्थहरूले मानिसको शारीरिक र आध्यात्मिक शुद्धताको प्रतीकका रूपमा संस्कारलाई लिइएको छ । संस्कारबाट मानिस कुनै पनि कार्य गर्न योग्य हुने मान्यता छ । हर्ष र विस्मातका भावना अभिव्यक्त गर्ने, विघ्नबाट जीवनलाई रक्षा गर्ने, लौकिक समृद्धि, इच्छापूर्ति, सामाजिकीकरण, नैतिकता, व्यक्तित्व र आध्यात्मिक विकास संस्कारका उद्देश्य मानिन्छन् (अल्टेकर, १९७३:१५) ।

हिन्दूहरूका लागि संस्कार कति महत्त्व छ भने अन्य कुनै पनि धर्म र सम्प्रदायमा त्यति धेरै महत्त्व रहेको पाइँदैन । तसर्थ उनीहरूमा संस्कारको सङ्ख्या पनि ज्यादा नै छ । हिन्दूहरूमा संस्कारको सङ्ख्या ४० वटासम्म रहेको उल्लेख पाइन्छ (गौतमधर्मसूत्र १।८२२) । तर प्रख्यात संस्कार भने १६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वटा मात्र छन्। अनिष्ट संस्कारलाई संस्कारको सूचीमा नराख्ता यसको सङ्ख्या घटेको हो। कतिपय ग्रन्थले त मृत्युसंस्कारलाई समेत अनिष्ट संस्कार मान्दै संस्कारको सूचीमा राखेको पाइएको छैन (अल्टेलक, उही)। संस्कारले शारीरिक, मानसिक र बौद्धिक शुद्धता प्राप्त हुन्छ र यसबाट मात्र पुरुषार्थ सम्पादन गर्न सरल हुने बताइएको छ। यसले हिन्दू जीवनलाई नियमित, सङ्गठित र अनुशासित गर्दछ। यसले अशुभ र दोषलाई हटाउने र शुभ तथा हितकर विषयवस्तु प्राप्त हुने मान्यतामा संस्कार महत्त्वपूर्ण मानिन्छ। प्रत्येक संस्कारमा यज्ञ गरी आहुति दिइने र त्यसबाट अदृश्य शक्ति तथा दुष्टात्मा भाग्ने मान्यता छ। धन, धान्य, दीर्घायु, समृद्धि, शक्ति, बुद्धि र सन्तानप्राप्तिका लागि संस्कार अनिवार्य ठानिन्छ। यसलाई मानवीय आकांक्षा देवतासम्म सजिलै पुऱ्याउने माध्यम पनि मानिन्छ (साङ्ख्यालायन गृहसूत्र १।१४।५)। रङहरूको अभावमा चित्रकारिता नरहेजस्तै संस्कारका अभावमा चरित्र निर्माण हुँदैन भनिएको छ।

हिन्दूहरूका संस्कार ४० वटासम्म भए पनि व्यवहारमा भने १६ वटा मात्र प्रचलित छन्। यसभित्रका पनि कतिपय भने हराउँदै गएको पाइन्छ। यिनीहरूलाई जन्मअघि गरिने, बाल्यकालमा गरिने, शिक्षासँग सम्बन्धित र वृद्ध उमेरमा तथा मृत्युपछि गरिने संस्कार गरी विभिन्न भागमा वर्णीकरण गर्न सकिन्छ। प्रत्येक संस्कारको आआफ्नै प्रकारका विधान र महत्त्व रहेको पाइन्छ। विशेष गरी यी सबै संस्कार हिन्दूमार्गीका भए पनि नेपालका आदिवासी जनजाति हिन्दूले भने यी सबै प्रकारका संस्कारहरू सम्पन्न गर्दैनन्, केही महत्त्वपूर्ण संस्कार मात्र सम्पन्न गर्ने गर्दछन्। यस्तो संस्कारहरू पूरा गर्ने विधिविधान पनि जातजातिअनुसार अलगअलग प्रकारका हुन सक्तछन्। तसर्थ यहाँका बाँतरहरूमा पनि हिन्दूहरूका सबै संस्कार सम्पन्न गर्नुको बदलामा केही मुख्यमुख्य संस्कारहरू मात्र सम्पन्न गर्ने चलन छ। यो समुदायमा प्रचलित मुख्यमुख्य संस्कारहरूलाई निम्नानुसारले वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ।

२. प्रारम्भिक संस्कारहरू

गर्भावस्था र संस्कार

बाँतर समुदायमा बालकको जन्मभन्दा अगाडि गरिने संस्कारहरूको अभाव छ। यसका लागि सामान्य प्रकारका विधिविधानहरूमात्र पूरा गरे पुग्दछ। बाँतर श्रीमान् र श्रीमतीले स्वच्छन्दताका साथ यौनक्रिया गर्न सक्तछन्, महिनावारी बार्दैनन् र महिनावारीको समयमा पनि रतिक्रिया गर्न सामाजिक रोकटोक छैन। औँसी, एकादशी र अन्य कुनै पनि प्रकारका तिथि र बार तथा अवसरहरू बार्नुपर्दछ भन्ने नियम पनि यिनीहरूमा रहेको पाइँदैन। तर गर्भवतीको गर्भ पाँच महिनाको भएपछि, सुत्केरी भएको एक महिनाभित्र र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आशौच बारेको १३ दिनसम्म कर्ताले रतिक्रिया गर्न नहुने नियम छ। यसबाहेक यौनक्रीडाका लागि निश्चित नियम तथा बन्देज रहेका पाइँदैनन्।

बाँतरहरूमा उमेर पुगेपछि मात्र बिहेबारी गर्ने प्रचलन रहेकाले उनीहरूका महिलाहरू चाँडो गर्भवती हुन पाइयोस् भन्ने मनोविज्ञानमा रहन्छन्। साथै गर्भवतीका लागि पहरेज र निस्तेज पनि यो समुदाया निकै कम छन्। राति एक्लै हिँड्न, मलामी जान र मृत्युसंस्कार पछिको भोज खान भने गर्भिणीलाई निस्तेज गरिन्छ। नदी तर्न नहुने, गर्भवतीको लोग्ने पनि मलामी जान नहुने तथा उसले जीव हिँसा तथा काटमार गर्न नहुने मान्यता राखिन्छ। समय पुग्नुभन्दा अगाडि लेबर पेन भएमा भूत र प्रेत लागेको मानिने, गर्भिणी माथिबाट चमेरो उडेको देखिएमा जन्मने बालकको अनुहार चमेराको जस्तो हुने मान्यता रहने, गर्भिणीले घोडा टाँगिएको डोरी नाघ्न नहुने र यदि नाघेमा उनको गर्भको बच्चा घोडाको जस्तै १२ महिनापछि मात्र जन्मने जस्ता परम्परावादी शौचहरू गर्भ र गर्भिणीका बारेमा रहेका पाइन्छन्। यस्तै गर्भवतीको साडीले तुलसीको बिरुवा छोएमा गर्भपतन हुने आदि कैयन् प्रकारका धारणा, शौच, पहरेज र निस्तेज गर्भवतीका बारेमा रहेका छन्। यस्तो धारणा र शौच कतिपय आज आएर हराउँदै गए पनि अन्य कतिपय भने समुदायमा आजसम्म पनि प्रचलनमा रहेका पाइन्छन्।

बालक आमाको गर्भमा आएपछि ऊ नजन्मेसम्म कुनै पनि संस्कारहरू सम्पन्न गर्ने चलन बाँतर समुदायमा रहेको पाइँदैन। तर पनि यस समयमा पनि केही नीतिनियमहरू भने पूरा गरिन्छन्। सामान्यतया पहिलो गर्भमा आमा बच्चा जन्माउन माइत जान्छे भने दोस्रो या तेस्रोदेखि ऊ आफैँ अनुभवी हुने हुँदा घरैमा बसेर बच्चा जन्माउँछे। तर घरैमा बच्चा जन्माउँदा पनि परिवारकी जेठी महिला तथा अन्य सहयोगीहरूले उसलाई सहयोग गर्ने गर्दछन्। गर्भ रहेको तेस्रो या चौथो महिनापछि गर्भवतीलाई **थोथिया र बौरी**नामक माछा खान दिन हुँदैन भन्ने मान्यता छ। किनकि ती माछाले गर्भिणीको स्वास्थ्यमा नराम्रो असर गर्दछ भन्ने सोचिन्छ। यिनीहरू छोरा र छोरीमा खासै विभेद नगर्ने भए पनि छोरा नै भए हुन्थ्यो भन्ने कामनाचाहिँ गर्दछन्। तर छोरी जन्मिए पनि ऊसमेत परिवारको आयआर्जनको सहायक हुने हुँदा छोरी जन्मिनुलाई नराम्रो नमान्ने गरिएको हो। यता गर्भिणीको शरीरको लक्षण हेरेर गर्भको बच्चाको लिङ्ग अन्दाज गर्ने परम्परा यस समुदायमा रहेको छ। यदि गर्भिणीको दाहिने खुट्टा सुन्निएको भएमा छोरा र देब्रे खुट्टा सुन्निएको भएमा छोरी जन्मने लख काट्ने चलन यिनीहरूमा प्रचलित छ।

छोराको चाहना हुने श्रीमान्ले आफ्नो गहवर घरमा गएर गर्भको बालक छोरा नै जन्मियोस् भनी अनेक प्रकारका भाकलहरू गर्दछन्। यसलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कवोल गर्नु भनिन्छ। यसै गरी तिनले ग्रामथानमा गएर पनि पूजाआजा र भाकल गर्ने गर्दछन्। यता कोसी, कमला र बलन नदी तथा गङ्गो, सोसिया, बतैर र सुकैतैर जस्ता देवताको पनि भाकल गर्दछन्। भाकलमा बोका, पाठी, हाँस, कुखुरा र सुँगुरको वलि दिने रहेको हुन्छ। यता शाकाहारी या दास बाँतरले भने यस्ता पशुका वदलमा टीका, खीर, गाजल, पुरी, अविर, पान र सुपारीको भाकल गर्दछन्। यसमा विभिन्न प्रकारका खाना र सिंगारका सामान हुने गर्दछन्। भाकल पूरा भएपछि त्यसैअनुरूप पशुबलि दिने या कवोलेका सामान चढाउने गर्दछन्। यसरी भाकल गरेर जन्मिएको वच्चालाई भने **मगनीया** भन्ने चलन छ।

बाँतर महिलाहरू सन्तान जन्मिएन भने सौता खेप्नुपर्दछ भन्ने शौचका साथमा चाँडो गर्भ रहोस् भन्ने मनसायमा रहन्छन्। परम्परागत रूपमा उनीहरूले यसका लागि अनेक प्रकारका जडीवुटीको प्रयोग गर्ने तथा धामी लगाउने पनि चलन देखिन्छ। धामीले अर्काको गर्भ सार्न पनि सक्ने मान्यता राख्तै गर्भ सार्ने कार्यलाई **कोखकतना** र यसबाट जन्मिएको वच्चालाई भने **कोखकदम** भनिन्छ। यता जसको गर्भबाट बच्चा सारिने हो, उसको भने गर्भ बाँझो रहने सोच यिनीहरूमा रहेको छ। गर्भिणी बिरामी भएमा त्यस्तो कार्य अदृश्य शक्तिबाट भएको हो भन्ने मान्यता राख्तै उसलाई जडीबुटी खान दिने तथा धामी लगाएर झारफुक गराउने चलन छ। यस्तै गर्भिणीले फलामको टुक्रा या चक्कु साथमा बोक्ता आमा र गर्भको वच्चा अदृश्य शक्तिबाट सुरक्षित रहने सोचिन्छ। आरोग्यताका मनसायले नै गर्भिणीको सुत्ने ओछ्यानमा पनि माछा मार्ने जाली, झाडु र फलामको टुक्रा राखिदिने गरिन्छ।

नवजात शिशु मूर्छा परेमा मामाले वच्चालाई पिठ्यूँमा राखेर हलो जोत्नुपर्ने, अविवाहिता कन्या गर्भवती भएमा उसको विवाह गर्भ बोकाउनेसँग गराउने, त्यस्तो व्यक्ति विवाहिता भएका भए या छाडेर भागेमा अर्को व्यक्ति खोजेर उनको विवाह गराउने, यदि अविवाहिताले माइतैमा वच्चा पाई भने वच्चा र आमाको संस्कार माइतीपक्षले गराई दिने र अर्को लोग्नेमान्छे खोजेर उनको विवाह गरिदिने, अविवाहिता गर्भवती भए पनि विवाहका लागि अयोग्य नमानिने, गर्भपतन गर्ने चलन परम्परागत रूपमा नरहेको तथा गर्भ पतन गर्नैपर्ने भएमा परम्परागत रूपमा गर्भवतीलाई कडा मदिरा सेवन गराउने, पेट मडारिदिने तथा डगरिनलाई पाठेघरमा हात हालेर गर्भ तान्न लगाउने आदि परम्परा रहेका थिए। त्यस्तै अविवाहिता कन्या गर्भवती भएमा त्यसको दण्डस्वरूप उसका बाबुआमाले घरमा भोजको व्यवस्था गर्नुपर्ने र गाउँका सवै सरदारहरूलाई भोज खुवाएपछि मात्र उनीहरूले उक्त कन्याको विवाहको चाँजोपाँजो मिलाउने गरेको पाइन्छ। बाँतर समुदायमा छोरा जन्मनु राम्रो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानिए पनि छोरी जन्मनुलाई पनि नराम्रोचाहिँ मानिँदैन । किनकि छोरीहरूले पनि छोरासरह जनबनी गरेर परिवारको आर्थिक सङ्कट टार्ने गर्दछन् र छोरी जन्मनुलाई परिवारका लागि बोझको विषय मानिँदैन ।

सुत्केरी अवस्था र संस्कारहरू

बाँतर समुदायमा जन्मभन्दा अगाडिका प्रायः कुनै पनि संस्कारहरू नरहेजस्तै बच्चा जन्मेका समयका संस्कारको पनि अभाव छ । बच्चा जन्मनु प्रायः खुसीको विषयवस्तु मानिए तापनि त्यस अवसरमा खासै संस्कार भने गर्ने चलन छैन । सामान्यतया सामान्य प्रकारका विधिविधान पुरा गरेर सुत्केरी अवस्था उकास्ने तथा त्यसबाट शुद्ध हुने मात्र गरिन्छ । त्यसका लागि पुरोहितको आवश्यकता नभए पनि घरका सदस्यहरूले गहवरमा पूजा गर्ने तथा अन्य प्रकारका विधिविधानहरू सम्पन्न गर्ने गर्दछन् ।

सुत्केरी घरलाई बाँतरहरू सौरीघर या डगरिन भन्दछन् । गर्भवतीलाई सुत्केरी गराउनका लागि घरमा बेग्लै कोठा चाहिन्छ भन्ने मान्यता रहेको भए पनि यस समुदायमा परम्परागत रूपमा बेग्लै कोठा उनका लागि दिन नसकिने भएमा भान्साघरको एउटा कुनालाई सौरीघरका रूपमा प्रयोग गर्ने चलन छ । सौरीघरको निर्माणका क्रममा त्यसलाई सर्वप्रथम गोबरले लिपेर सफा गर्ने र त्यसैमा सुत्केरी गराउने गरिन्छ । बच्चा जन्माउन अनुभवी महिला बोलाउने चलन यस समुदायमा छ, जसलाई डगरिन भनिन्छ । डगरिन नपाइएको अवस्थामा भने घरकी जेठी स्त्रीले गर्भवतीलाई सुत्केरी गराउन सहयोग गर्दछिन् । सुत्केरी सौरीघरमा पसेपछि त्यहाँ आगो बालिन्छ, उनको लिभर पेन सुरु भएपछि डगरिन या वृद्धा र अनुभवी महिलालाई बोलाउने गरिन्छ भने बच्चालाई खाली भुइँमा जन्मन दिने, उसको सालनाल काट्नका लागि एक जना चमार महिलालाई बोलाउने तथा तिनैले सुत्केरीको स्याहारसुसार गर्ने चलन छ । यसरी बालकको सालनाल काट्ने या सुत्केरीलाई स्याहार गर्ने महिलालाई **पोल्हेन** भनिन्छ ।

बाँतर समुदायमा बच्चा जन्मन ढिला गरेमा गहबर घरमा गएर भाकल गर्ने, नाल झर्न ढिला गरेमा डगर्नीले सुत्केरीको पेट माड्ने तथा धामीले मन्त्र गर्ने, सुत्केरीको उल्टी गराउने र श्रीमान्ले सौरीघरको छानोमा बेहङ्ग (बाँसको भाटा) फाल्ने, जन्मनासाथ बच्चा रोएन भने धातुको कचौरालाई छडीले हानेर सारोसारो आवाज आउने गरी बजाउने, बच्चा जन्मँदै मरेमा त्यसलाई पुनः आमाको गर्भमा आउन सजिलो होस् भनी घर नजिकै पुर्ने र बारम्बार गर्भपतन भएमा या नवजात शिशुको जन्मँदै मृत्यु भएमा त्यो सबै खराब आत्माका कारण भएको मान्यता राखेर पुन त्यस्तो प्रकोप आफ्नो घरआँगनमा नआओस् भनी घरभन्दा धेरै टाढा लगेर मृत बच्चालाई पुर्ने चलन बाँतर समुदायमा रहेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नवजात शिशुस्याहार र संस्कारहरू

बाँतर भाषामा बच्चा जन्मनुलाई **उप्टन** भनिन्छ। **पोल्हेन**ले चाँदीको पाता, हँसिया, माटाको सुराहीको टुक्रा या छुरा बालकको नाल काट्नका लागि परम्परागत रूपमा प्रयोग गर्दछिन्। बालकको नाल एक इन्चजति छाडेर काट्ने, त्यसलाई पटुवाको डोरोले बाँध्ने र त्यसमा खरानी छर्कने, बेलनामक फल आगोमा डढाएर त्यसको धुवाँ नवजात शिशुको शरीरमा लगाउने आदि विधिविधान बच्चाको जन्मका अवसरमा गर्ने चलन परम्परागत बाँतर समुदायमा रहेको पाइन्छ। वेलको धुवाँ वालकको शरीरमा लगाउनाले पछि उसलाई कुनै पनि प्रकारको फलबाट एलर्जी नहुने मान्यता राखिन्छ।

बाँतर भाषामा बालकको सालनाललाई **लारपुराइन** भनिन्छ। पोल्हेनले काटेको नाल र साल सुराही या हाते पंखामा राखेर खेततिर लैजाने र खुल्ला स्थानमा फाल्ने गर्दछिन्, जसलाई चरा या जनावरले खाने गर्दछ। पोल्हेनले सुत्केरीलाई सेकताप गर्ने, सुत्केरीघर सफा गर्ने, सुत्केरीको लुगाफाटा धुनेदेखिका विभिन्न प्रकारका सेवाहरू गर्दछिन्, जसबापत उनलाई निश्चित तथा समझदारीअनुसारको पारिश्रमिक पनि दिने चलन बाँतरहरूमा रहेको पाइन्छ। बाँतर समुदायमा नवजात शिशुलाई साल र नाल काटेपछि नुहाएर आमाको छेउमा सुताउने, बच्चाको ओछ्यानमुनि चक्कु र कूचो राख्ने तथा दुई दिनसम्म नवजात शिशुलाई बाख्राको दूध खान दिने चलन यस समुदायमा परम्परागत रूपमा रहेको छ।

बाँतर समुदायमा डगरिन र पोल्हेनले १२ दिनसम्म सुत्केरीको स्याहारसुसार गर्दछन्। यता सुत्केरीलाई सात दिनसम्म माछामासु खान नदिने, बतिसालगायत पोसिला र तागतिला खानेकुरा दिने, छट्टीभन्दा अगाडि सुत्केरीलाई घरबाहिर निस्कन नदिने, भरसक दिसापिसाब **चुकी**नामक भाँडामा घरभित्रै गरी पोल्हेनले वाहिर फाल्ने तथा कोहीकोही घरबाहिरै गएर दिसापिसाब गर्ने भए पनि साथमा फलाम र आगो लिएर मात्र घरबाहिर जाने चलन छ। यसो गरेमा भूतप्रेत र अदृश्य शक्तिको प्रकोपवाट सुत्केरी आमा र वच्चा बच्न सकिने मान्यता रहेको छ।

बालकलाई दुई महिनाको नहुन्जेलसम्म दिनमा दुई पटक तोरीको तेल लगाइदिने चलन बाँतरहरूमा प्रचलित छ। उनीहरू यस्तो तेल राख्ने भाँडोलाई **छन्छी** र तेल लगाउनुलाई **उतकना** भन्दछन्। बालक जन्मँदैमा उसका दाँत रहेमा तथा पहिले माथिल्लो वङ्गारा उम्रिएमा उक्त बालक कि त छोटो आयुको हुन्छ या उसका बाबुआमाको मृत्यु हुन्छ भन्ने धारणा यिनीहरूमा रहेको पाइन्छ। उनीहरू छोरीको निश्चित उमेरमा नाक र कान छेड्ने गर्दछन्। तर यसका लागि कुनै पनि प्रकारका विधिविधानहरूको अनुसरण गर्ने चलन छैन। यसै गरी बच्चाको सुरक्षाका लागि तिनीहरूलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साङ्केतिक रूपमा चमार या चमारनीलाई बेच्ने चलन छ। परम्परागत रूपमा बच्चाको मृत्यु दर घटाउने माध्यम धामी मानिन्छ। यस समुदायमा धामीले बच्चाको सुरक्षा गर्ने मनसायले गला, कम्मर र खुट्टामा बुटी बाँधिदिने गर्दछन्। **चौरभूत**नामक भूतको प्रकोपबाट बच्चालाई जोगाउनका लागि बुटी बाँध्ने विश्वास यिनीहरूमा छ। यसलाई बाँध्नका लागि डोरी भने नाटाले लगाउने बोराबाट ल्याइन्छ। कार्तिक महिनातिर नाटा जातका मानिसहरूले छौडा नृत्य गर्ने तथा त्यसपछि उनीहरू पैसा उठाउन पटुवाको बोरा लिएर घरघरमा आउने हुँदा त्यसै अवसरमा नाटाको पटुवाको लुगाबाट जन्तर या बुटी बाँध्नका लागि डोरो निकाल्ने चलन छ।

छठीसंस्कार

बाँतरहरूको समुदायमा जीवनमा गरिने पहिलो संस्कार छठी हो। बच्चा जन्मेको छैटौँ दिनमा गरिने संस्कार भएकाले यसलाई छठी भनिएको हो। हिन्दूहरूको नामकरण तथा न्वारान जस्तो संस्कारका रूपमा छठी रहेको छ। वास्तमा न्वारान सरह नै बच्चा र आमाको शुद्धता तथा बच्चाको नामकरणका लागि यो संस्कार सम्पन्न गर्ने गरिन्छ। यो संस्कार सम्पन्न गर्ने दिन गाउँको हजामले बच्चा र आमाको नङ काटिदिने र नङमा नेलपोलिस लगाइदिने गर्दछ। यसलाई **अल्टा** भनिन्छ। आमा र बच्चा दुवैलाई नुहाइदिने तथा बच्चाकी सानीमाले गाईको गोबरले घरआँगन लिप्ने चलन छ। यसो गरेबापत हजाम र सानीमा दुवैलाई गच्छेअनुसार दक्षिणा दिने तथा बाँतरका वृद्ध महिलाहरू आएर बच्चाको घाँटी, कम्मर र खुट्टामा बेसारले रङ्ग्याएको डोरो बाँधिदिने गर्दछन्।

छठीका दिन बालकको नाम राख्ने चलन पनि यस समुदायमा रहेको छ। बालक आफ्नो नामका आधारमा नै संसारमा चिनिने हुँदा यो संस्कार प्राय सबै समुदायमा आवश्यक छ। तर बाँतर समुदायमा यो संस्कार पनि सामान्य रूपमा सम्पन्न गर्ने गरिन्छ। यसका लागि जन्मको साइत जुराउने तथा नक्षत्र र घडीपला हेर्न आवश्यक मानिँदैन। यसका लागि बेग्लै साइत र पुरोहितको पनि आवश्यकता पर्दैन, बालकको नाम सामान्य रूपमा राखिन्छ। नामकरणका लागि सर्वप्रथम सुत्केरी घरका बीचमा नवजात शिशुका पिता एउटा पिरामाथि बस्तछन् भने त्यसको वरिपरि परिवारका आइमाई सदस्यहरू बस्ने गर्दछन्। बच्चाको नाम राख्ने जिम्मा भने परिवारको बृद्धा आफन्त हुन्छिन्। त्यसका लागि कुनै विधि अवलम्बन गर्न या मन्त्र पढ्न आवश्यक हुँदैन। बृद्धाले त्यस बच्चाको नाम उ जन्मदाको बार, महिना, त्यस बेलाका महत्त्वपूर्ण घटना, बच्चाको रङ, रूप र चालको आधारमा राख्ने गर्दछिन्। बाँतर समुदायमा राखिने त्यस्ता प्रख्यात नामहरू निम्नानुसारका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क) अस्वाभाविक र मृत जन्मिएको अवस्थामा चुतहरू (अछुत) र डोमरू (डोम) आदि ।

ख) बच्चाको रङका आधारमा रूपलाल, कलिया (कालो) र कलि आदि ।

ग) जन्मबारका आधारमा सोमिया, रविया, शुक्रैता र शनिया आदि ।

घ) जन्म महिनाका आधारमा फागु, पौषिया र भदैया आदि ।

ङ) जन्मदाको हाउभाउका आधारमा गडकु (जीउ हल्लाउने), छट्पटु (हातखुट्टा हल्लाउने) आदि ।

च) अनुहारका आधारमा बेंगावा (भ्यागुतो) र वङ्ग्रु आदि ।

छ) देवताका नामका आधारमा रामा, किसन र विषन आदि ।

बाँतर समुदायमा छोरीहरूको नाम पनि छोराहरूको सरह नै उही विधिबाट दिने चलन छ । उनीहरूमा छोरीको नामको पछाडि भने ती, वी र नी प्रत्यय लगाउने चलन पाइन्छ । पुर्नी, कीर्ति, कारी, सोमनी, बुधिनी, चैती र पुषी उनीहरूको समुदायमा प्रचलित छोरीहरूलाई दिइने प्रख्यात नामहरू हुन् । तर आज आएर भने बच्चाको नाम परम्परागत रूपमा भन्दा पनि अन्य समुदायको प्रभावमा आएर देवीदेवताका तथा फिल्मी कलाकारका नामका आधारमा राख्ने चलन पनि चलेको छ । उनीहरू परिवारका सदस्यहरूको नाम नदोहोरियोस् र कसैको परिचयमा पनि अलमल नहोस् भन्ने कुरामा निकै सचेत रहेका पाइन्छन् ।

बाँतर समुदायमा बच्चालाई नाम दिएपछि अशुद्धि हट्तछ भन्ने मान्यता राखिन्छ र परिवारका सबै जनाले बच्चालाई बोक्न र छुन हुने मान्यता राख्तछन् । छठीकै दिन बेलुकातिर घरकी जेठी महिलाले बच्चाकी आमा र बच्चालाई खानेपानीको स्रोत या इनारका वरिपरि घुमाउँछे र अक्षता, दूबो र बेसारले पूजा गर्न लगाउँछे । इनार नभएको स्थानमा भने नजिकको खोला या नदीको पूजाआजा गर्ने चलन छ । बाँतर समुदायमा सुत्केरीले छठीका दिनमा गर्ने इनार या खोलाको पूजा जलकुमारीको पूजाको प्रतीकका रूपमा रहेको हुन्छ । इनारको पूजामा इनारको एक भागमा बेसारका पाँचवटा रेखा लगाइन्छ भने इनार नभएको स्थानमा खोला या नदीको किनारमा बेसारको रेखा बनाएर पूजा गर्ने चलन छ । त्यस्तै इनार या खोला र नदीको पूजा सकेर सुत्केरी घरमा फिर्ने तथा गहबर घरमा खीर चढाएर पूजाआजा गर्दछिन् । त्यहाँ चढाउने र खाने खीरमा सक्खर हाल्नुपर्ने नियम परम्परागत बाँतर समुदायमा रहेको पाइन्छ । यो उनीहरूको पानी छुने संस्कार हो, जुन कृत्य पूरा भएपछि सूतक सकिएको मानिन्छ र सुत्केरीले पानी भर्ने तथा खाना बनाउने कार्यसमेत गर्दछे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजा बाँतरहरूमा भने सुत्केरी उकास्ने कार्यमा केही अन्तर रहेको पाइन्छ । उनीहरूमा छटीका बदलामा १२ दिनसम्म सुत्केरीलाई सौरीघरमा राखेर बारही विधि गर्ने तथा सुत्केरी चोख्याउने या बच्चाको नाम राख्ने चलन छ । उनीहरूको पनि बच्चाको नाम राख्ने र चोख्याउने चलन भने एकै हो । उनीहरूमा बच्चाको नामकरण १२ दिनमा मात्र गर्ने चलन स्थानीय थारू र राजवंशीहरूको प्रभावमा सुरू भएको मान्यता छ । उनीहरू जन्मका आधारमा बालकको भविष्य निर्धारण हुने सोच्तछन् र विद्वान्, बहादुर र अन्य कुन प्रकारको बच्चा हुन्छ भन्ने कुराको निर्धारण उसको जन्मको बार र महिनाले निर्धारण गर्ने धारणा राजबाँतरहरूमा रहेको छ । जुम्ल्याहा बालबच्चाका लागि भने उस्तैउस्तै नाम दिने गरिन्छ, जस्तो सलिया- मलिया र सिनु -मिनु आदि ।

बारही विधि र संस्कार

राजबाँतरले सुत्केरी १२ दिनमा चोख्याउन गर्ने विधिलाई बारही विधि भनिन्छ । उनीहरूमा सुत्केरी भएको या बच्चा जन्मिएको बाह्र दिनमा घर र आगनका साथै सौरीघर पनि गोबरले लिप्ने तथा सुत्केरी र नवजात शिशुलाई नुहाई दिएर तिनीहरूलाई गहबर घरमा लगी पूजा गर्न लगाउने चलन छ । गहबर बाँतरहरूका घरका देवता हुन् । बारही संस्कारका अवसरमा उनीहरू सुत्केरीलाई गहबर घरमा खिर चढाउन लगाउँछन् । यो कुलको या गृहदेवताको पूजा हो । साथै उक्त दिन सुत्केरी र नवजात शिशु दुवैलाई यस भेगमा पाइने सिङ्गीनामक माछा खान दिइन्छ । यसबाट बालकलाई जनावरको डसाइले पनि विष नलाग्ने सोच रहेको छ भने सुत्केरी आमालाई पनि यो माछा खानाले निकै फाइदा गर्ने सोचिन्छ । कसैकसैले बारही संस्कारका अवसरमा नङ काट्ने तथा कतिपय स्थानमा भने पुरुषहरू केश मुण्डन गर्नेसमेत चलन छ । यसबाहेक राजा बाँतरमा पनि थप अन्य प्रकारका विधिविधान यस संस्कारका अवसरमा रहेका पाइँदैनन् ।

पुषौत या पुसही संस्कार

बाँतरहरूले बच्चा जन्मेको पहिलो सालको पौष महिनामा पुषौत या पुसहीनामको संस्कार सम्पन्न गर्ने गर्दछन् । उक्त संस्कार सम्पन्न गर्न यही गते र तिथि उपयुक्त हुन्छ भन्ने कुनै पनि नियम रहेको छैन । उनीहरू पुष महिनाको आफूलाई उपयुक्त लाग्ने दिनमा बच्चाका लागि यो संस्कार सम्पन्न गर्दछन् । पुषही गर्ने दिनको टुङ्गो लागेपछि सर्वप्रथम नवजात शिशुको मामालाई बोलाइन्छ । किनकि यो संस्कार गर्न मामाको उपस्थिति अनिवार्य ठानिन्छ । मामा पनि यस संस्कारका लागि दिदी र बच्चका लागि लुगाफाटा र खानेकुरा लिएर आउन आवश्यक हुने गर्दछ । त्यस अवसरमा खीर, च्यूरा, दाल, भात, पुरी, तरकारी, पान र सुपारीसहितको खाना तयार पारी खाने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरिन्छ । यो संस्कार गर्दा वच्चाको शरीरमा तातो पानीको वाफ लगाउने कार्य गरिन्छ र त्यसपछि मात्र खाना खाने चलन छ ।

३. बाल्यकालमा गरिने संस्कार र विधिहरू

बाँतर समुदायमा वालकको विधिपूर्वक पास्नी गर्ने चलन रहेको छैन । उनीहरूमा बालकलाई आमाको दूध नपुग्ने भएपछि र उसले ठोस आहारा पचाउने तथा ५-६ महिनाको भएपछि आमाले वच्चालाई हातलै खाना मिचेर नरम बनाउँदै खुवाउन थाल्दछे । यसरी बालकलाई प्रथम पटक कहिले खाना खुवाउने भन्ने कुरा आमाको इच्छामा भर पर्दछ । उनीहरू एक वर्षसम्म वालकको मुण्डन पनि गर्दैनन् भने एक वर्ष वितेपछि भने गाउँको हजामलाई वोलाएर मुण्डन गराउने गर्दछन् । तर यसका लागि चूडाकर्म संस्कार जस्तो कुनै विधिविधान भने पूरा गर्न आवश्यक ठानिँदैन । तसर्थ चूडाकर्मलाई पनि बाँतर समुदायमा संस्कारका रूपमा लिन सकिँदैन । यस्तै यस समुदायमा छोरीहरूको भने मुण्डन गर्ने चलन रहेको पाइँदैन । बालकको टाउकामा जुम्रा पऱ्यो या खटिरा आयो भने पनि आवश्यकताअनुसर हजाम बोलाएर मुण्डन गर्ने चलन यस समुदायमा रहेको छ । वास्तवमा बाँतर समुदायमा जन्मदेखि विवाहसम्मका बीचमा गरिने संस्कार या विधिमा मुख्य रूपमा छैटी या वारही र पुसैत मात्र रहेका छन् ।

बाँतर समुदायमा छोरीहरूका लागि प्रथम पटक रजस्वला हुँदा एउटा सामान्य प्रकारको विधि गर्ने चलन छ । यसमा कन्याले अचेतननामक स्नान गर्नुपर्ने नियम रहन्छ । यो विधि पूरा गर्दा कन्याले पुचेई भनिने माटाको सुराहीमा पानी लिने र टाउकावाट जिउ भिज्ने गरी खन्याउने गर्नुपर्दछ । उसले दुई पटक भाँडाभरि र अर्को पटक भने आधा भाँडा पानी राखेर टाउकादेखि खन्याएमा उनी शुद्ध भएकी मानिन्छिन् । यसपछि भने बाँतर समुदायमा बाल्यकालमा गरिने थप संस्कारहरू छैनन् । विवाह नै यसपछिको महत्त्वपूर्ण संस्कार या विधि मानिन्छ ।

बाँतरहरूको बाल मनोविज्ञान हेर्दा के देखिन्छ भने ८ वर्षको उमेरसम्म खेल्ने मात्र र त्यसपछि आमावाबुलाई घरपरिवारको काम सघाउने, १४-१५ वर्षसम्म बाबुआमासँगै बस्ने हुँदा उनीहरूवाट खेतीपाती र अन्य सीपहरूका साथै धेरै व्यावहारिक कुराहरू सिक्ने, वालखेलहरू खेल्ने तथा स्कुल जान मन नगर्ने गरेको पाइन्छ । तर पनि व्यावहारिक काम, खेतीपाती तथा अन्य हस्तकलाका काममा भने यिनीहरू बाबुआमावाट दीक्षित भई दक्ष रहने गरेको पाइन्छ । आजकल विभिन्न प्रकारका बालखेल खेल्नुका साथै विद्यालय जाने र उच्चशिक्षासम्म अध्ययन गर्ने परिपाटी यस समुदायमा पनि बढेर गएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४. वयस्क अवस्थामा गरिने संस्कार (विवाहसंस्कार)

विवाहसम्बन्धी मनोविज्ञान

बाँतरहरू छोरी घरको महत्त्वपूर्ण सदस्य मानिने र उनले जनबनीका साथै सीपमूलक कार्यहरू गरेर आयआर्जन गर्ने तथा घरपरिवारको हित र उन्नतिमा उनको भूमिका महत्त्वपूर्ण रहने हुँदा परम्परागत रूपमा बाँतरहरूको छोरीको विवाह कम उमेरमा गर्न चाहँदैनन्। उनी बाली लगाउने, अन्न भित्र्याउने, ज्याला कमाउने र सुकुल र गुन्द्रीलगायतका घरबुना वस्तुको उत्पादन र बिक्री गरी घरपरिवारको आयआर्जनमा महत्त्वपूर्ण योगदान दिने व्यक्तित्व भएकाले विवाहपश्चात् पनि बाँतरहरू छोरी लामो समयसम्म माइतमा नै बस्नु उपयुक्त ठान्दछन्। यसै गरी घरमा बुहारी भित्र्याउँदा पनि घरमा एक जना कामदार थपिने हुनाले उनीहरू छोराको विवाह कम उमेरमा नै गर्न र घरमा बुहारी भित्र्याउन चाहन्छन्। तसर्थ कामधन्धाको खातिर छोराको विवाह चाँडो गर्ने भन्ने राय उनीहरूमा रहेको पाइन्छ।

सन् १९९० मा ६०० जना बाँतरहरूमा गरिएको एउटा सर्वेक्षणमा १५ वर्षमुनिका कोही पनि केटाकेटीको विवाह भएको नपाइएको उल्लेख छ। यसमा ८० प्रतिशतको विवाह १५ - २० वर्षको उमेरमा भएको देखिन्छ भने २० प्रतिशतको भने २० वर्ष कटेपछि मात्र भएका उल्लेख पाइन्छ। विवाहका लागि बेहुला जेठो र बेहुली जेठी पनि हुन सक्ने देखिन्छ। यसै गरी विधवा पनि विवाहका लागि योग्य मानिन्छिन्। यस अवस्थामा केटाको तुलनामा केटीको उमेर ज्यादा हुन सक्तछ। बाँतरहरू विधवालाई **मसोमता** विधुरलाई **घेना** भन्दछन्, जसमा धनसम्पत्तिका लागि ४०-५० वर्षको घेनालाई १८-२० वर्षकी केटी पनि विवाह गरिदिएको पाइन्छ। प्रेमविवाहमा **घरढुकी प्रथा**का कारण कहिलेकाहीं केटाका तुलनामा केटीको उमेर ज्यादा हुन सक्तछ। तर विवाहका लागि उमेरले भने कुनै पनि प्रकारको प्रभाव पार्दैन।

बाँतर समुदायमा आफ्नै समुदायभित्र मात्र विवाह गर्ने चलन रहेकाले यदि कसैले अर्को जात र समुदायसँग विवाह गरेमा त्यसलाई छुटाउने परम्परा रहेको देखिन्छ। यसरी अर्को समुदायसँगको विवाहलाई छुटाउन नसकिएमा त्यसलाई आफ्नो समुदायले स्वीकार गर्दैन र भित्र्याउँदैनन् तथा अछुत मान्ने गर्दछन्। सन् १९७० मा सप्तरीको हनुमाननगरको गङ्गो सरदारकी छोरीले टोटोसाहेबकी सहायक पत्नीका रूपमा विवाह गरेकाले गङ्गो सरदारलाई परिवारसहित बाँतर ज्ञान सरदारले दण्ड गरेका र उनीहरूले छोएको खाना खान पनि बन्द गरिएको थियो। तत्काल गङ्गो सरदारले छोएको खानेलाई पनि सरदारले कारबाही गरेको विवरण पाइन्छ। यसै गरी छोरीले अर्को जातको केटासँग विवाह गर्नु भनेको परिवारले दण्ड

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाउने विषयवस्तु मानिन्छ। यस्तो अवस्थामा त्यस्तो परिवार नै बाँतर समुदायबाट काढिने गर्दछ। यसले कम्तीमा ६ महिना अशुद्ध बनाउने कुरा बाँतरहरूको सन् १९६८ मा भएको सम्मेलनले निर्णय गरेको छ। तसर्थ त्यस्तो परिवारलाई ६ रुपियाँ दण्ड गर्ने चलन छ। यसै गरी छोरीले अन्य जातको केटासँग विवाह गरेमा उसको बाबुलाई घाँटीमा काठको मुढा झुन्ड्याएर बाँतर वस्ती घुमाउने प्रचलन यदाकदा परम्परागत रूपमा चलेको थियो।

वास्तवमा बाँतर समुदायमा अन्तरजातीय विवाहलाई निस्तेज गरिएको छ। तर पनि आर्थिक कारणले गर्दा त्यस्ता कडा नीतिनियमका बावजुद पनि कतिपय बाँतर कन्याहरूले क्षत्रीब्राह्मणसँग समेत बिहेवारी गरेको देखिन्छ। यस्तो अवस्थामा भने स्वयम् बाँतर समुदाय केही उदार रहेको देखिन्छ। हिन्दूहरूको एकै गोत्रमा विवाह नचलेसरह उनीहरूको पनि एकै पङ्क्तिमा भने विहावारी चल्दैन, जस्तो सोडेवाला पङ्क्तिका केटाकेटीको विवाह यस पङ्क्तिभन्दा बाहिरका पङ्क्तिमा मात्र चल्दछ भन्ने नियम छ। त्यस्तै उनीहरूको गहवार घरमा एकै प्रकारका देवीदेवताको पूजाआजा हुने घरपरिवारका बीचमा पनि बिहावारी चल्दैन। यसलाई हिन्दूहरूको सपिण्डी जस्तो मानिन्छ र उनीहरूमा आमा र बाबुतिर ६ पुस्तासम्म विवाह गर्न हुँदैन भन्ने मान्यता छ।

माथि चर्चा गरिएअनुसार बाँतर समुदायमा एकै पङ्क्तिमा विहेवारी चल्दैन। उनीहरूमा जम्मा २७ प्रकारका पङ्गैत रहेका र एकै प्रकारको पङ्गैत भएको व्यक्तिलाई **दियादी** भनिन्छ। यहाँ उनीहरू एकै दियादीका मानिसहरू एकै रक्तसमूहका मानिस रहेको विश्वास गर्दछन् र तिनीहरूका बीचमा एकआपसमा बिहेवारी चल्दैन। बाँतरहरूको माझी पङ्गेताले गहबरघरमा दुवै समूहको देवता एउटै भए नभएको हेर्दछ र दियादीका आधारमा एकै रक्तसमूहभित्र विवाह हुनबाट जोगाउँछ, जसमा ६७ प्रकारका माझी पङ्गेता पाइएकाले ६७ प्रकारका समूहमा आपसमा विवाह हुनसक्ने देखिन्छ।

बाँतर समुदायमा मामाचेला र फुपूचेली तथा जेठी सासूसँग विवाह चल्दैन। यता जेठी सासूकी छोरीसँग भने विवाह गर्न सकिने मान्यता यस समुदायमा रहेको पाइन्छ। अघिल्लो बाबुकी सौतेनी आमासँगबाट जन्मेका सन्तानसँग पनि विवाह चल्दछ। तर पनि यसलाई भने समाजले राम्रो ठान्दैन। दियादीभित्र भएको विवाह अवैध र त्यसबाहेकको वैध मानिन्छ।

विवाहका लागि योग्यता

वेहुलामा कुनै दीर्घरोग र अपाङ्गता रहेछ र त्यसलाई लुगाएर विवाह गरिएको रहेछ भने त्यस्तो विवाह दण्डयोग्य मानिन्छ। तर विवाहअगाडि यस्तो कुरा एकअर्कालाई थाहा भएको अवस्थामा भने त्यो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दण्डयोग्य मानिँदैन । यता कन्याका सवालमा भने उनी कुमारी हुनु र नहुनुले कुनै पनि प्रकारको असर गर्दैन । तर उनको उमेर कम्तीमा १५ वर्ष काटेको हुनुपर्दछ भन्ने कुरा तिनीहरूको चौरासी या सप्तरीमा भएको धर्मसभाले निर्णय गरेको छ । विवाहका लागि तिनको महिनावारी (फूल) भैसकेको हुन पनि त्यत्तिकै आवश्यक छ । यस समुदायमा महिलाको महिनावारी अपवित्र मानिँदैन भने यसले कन्यालाई काम गर्न सक्ने तथा अझ मजबुत बनाउने विश्वास छ । यता पुरुषहरूमा अपाङ्ग, लुलो र रोगी व्यक्ति भने विवाहका लागि अयोग्य मानिन्छ । हस्तकलाको सीप भएकी कन्या विवाहका लागि अझ योग्य मानिन्छिन् ।

बाँतर समुदायमा विवाहका लागि यो महिना उचित र यो अनुचित भन्ने केही पनि बन्देज रहेको पाइँदैन । तर पनि खेतीपातीको समयमा भने विवाह गर्नु उचित मानिँदैन । तसर्थ जेठ, असार, श्रावण, कार्तिक र मङ्सिर जस्ता खेतीपाती गर्ने र अन्नपात भित्र्याउने मौसममा विवाहको आयोजना बाँतरहरू गर्दैनन् । सामान्यतया फुर्सदिला महिनाहरू जस्तो माघ, फागुन र चैततिर फुर्सद पनि हुने हुँदा विवाहको आयोजना गर्ने चलन यो समुदायमा रहेको छ । परम्परागत रूपमा भदौ, असोज, कात्तिक, पुस र चैत महिना पनि विवाहका लागि उपयुक्त मानिँदैनन् । त्यस्तै विवाह हुने महिनामा पनि कुनै पात्रो या क्यालेन्डर तथा तिथि र नक्षत्र हेरेर विवाहको मिति तय गर्न आवश्यक ठानिँदैन । आफ्नो कामकाजको उपयुक्त समयलाई मिलाएर विवाहको मिति तय गरिन्छ । विशेष गरी विवाह रातको समयमा गर्ने चलन यो समुदायमा आजसम्म पनि रहेको पाइन्छ ।

विवाहका विधिविधानहरू

बाँतर समुदायमा प्रचलित विवाहपद्धतिमा केटाको बाबु केटीका घरमा केटी माग्नका लागि जाने गर्दछ, जुन अवसरमा उसले शिरमा पगरी लगाएर हातमा छाता बोक्ने गर्दछ । त्यसपछि केटा र केटीतिरका एकदुई जना मानिसहरू बसेर विवाहको प्रसङ्गमा कुराकानी गर्दछन् । बाँतरहरू यस विधिलाई **दूरा** या **देखासुनी** भन्दछन् । वास्तवमा केटीका आफन्त नभएका समयमा केटीलाई सुटुक्क हेर्ने काम देखासुनी हो, तर पनि यसमा केटीका घरमा नै केटी हेर्न केटाको अभिभावक जाने र केटी हेर्ने तथा विवाहको कुरा चलाउने चलन छ । यता केटी मन परेमा मात्र केटाका बाबुले केटीको बाबुलाई रु. ५।- र पाँचवटा सुपारी दिएर केटीको विवाहका लागि कुरा चलाउँछ, जसलाई बाँतरहरू **कथाभनी** भन्ने गर्दछन् । यसै गरी तिनीहरूलाई केटी मन नपरेमा भने कुरा नचलाई अरू नै कुराकानी गरी फिर्ने चलन छ ।

बाँतरहरूको परम्परागत विवाह प्रथाका विधिहरूमा कथाभनी विधि सकिएको केही दिनपछि केटातिरका ५ जना मान्छे केटाका बाबुको अगुवाइमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विवाह छिनोफानो गर्न केटीका घरमा जाने चलन छ । त्यहाँ केटीका घरमा पहिले खाना खाइन्छ, जसलाई **भातखानी** भनिन्छ । यसरी केटीका घरमा भातखानी नगरी केटीको विवाहका लागि कुरो चलाउने चलन छैन । यस दिनको खानामा धेरै स्थानमा एघार प्रकारका सागसब्जी बनाएर दिने चलन छ । त्यसपछि पाहुनालाई सुपारी दिने र विवाहको कुरो अगाडि वढाउने गरिन्छ । यसमा गहबर र नातागोता पर्ने या नपर्ने विषयमा छलफल गर्ने गरिन्छ र सबै कुरा मिलेपछि विवाहको मिति तय गर्ने परम्परा पाइन्छ । त्यस पछिको विधि **बैथाकी** हो, जसका लागि केटापक्षका मानिसले केटीलाई एकदेखि पाँच रुपियाँसम्म नगद दिने गरिन्छ, जसलाई भने वैथाकी भनिन्छ । यसलाई विवाहको कुरा पक्कापक्की भएको सङ्केत मानिन्छ ।

बाँतर समुदायमा भातखाइ र घरदेखा विधि एउटै पनि मानिन्छन् । भातखाइ विधि गरेपछि विवाह कहिले गर्ने, विवाहमा केटीलाई केके ल्याउने तथा भारमा केके ल्याउने आदि विषयमा केटा र केटीपक्षका मानिसहरूबीच छलफल हुने गर्दछ । राजा बाँतर समुदायमा भने घरदेखा विधि पछि **चुमौना** या हर्दी **लगौना** विधि पनि पूरा गर्ने चलन छ । यो विधिमा केटीले केटाको बाबुको अगाडि उभिनुपर्दछ र उसले केटीलाई ५ रुपियाँ पैसा तथा पाँचवटा सुपारी दिने तथा त्यसपछि केटीपक्षका मानिसहरूलाई उसको घरमा आउनका लागि निम्ता दिने गर्दछ । त्यसपछि केटी पक्षका मानिसहरू केटाको घरमा जाने तथा त्यहीअनुसारको विधि पूरा गरेर विवाहको विधिलाई अगाडि बढाउने परम्परा यस समुदायमा विद्यमान रहेको छ । यस अवसरमा पनि केटीका बाबुले केटालाई ५ रुपियाँ दिने गर्दछ, जसलाई भने **केटाचुमौना** भनिन्छ । तर यो विधि राजबाँतरहरूले मात्र पूरा गर्ने गरेका छन् । यसरी राजबाँतरका विवाहका केही विधिहरू स्थानीय थारूहरूसँग पनि मिल्दाजुल्दा प्रकारका छन् । तर थारूहरूमा भने चुमौना, मिथाकी र हर्दि लगाना विधि पूरा गर्ने चलन रहेको पाइँदैन ।

देवगीत र कसकुटी या कसतैला

बाँतर समुदायमा प्रचलित विवाहका दुई दिनअगाडि केटा र केटी दुवैका घरमा गीतहर्नीहरूले गाउने गीतलाई देवगीत भनिन्छ । बाँतर समुदायमा गीत गाउने महिलाहरूलाई भने गीतहर्नी भन्ने गरिन्छ । यो गीत महिलाहरूले मात्र गाउने हुनाले उनीहरूलाई गीतहर्नी भनिएको हो । देवगीतको सम्बन्ध देवीदेवतासँग गाँसिएको हुन्छ, जसमा वर र वधूको सुखद दाम्पत्य जीवनको कामना पनि गरिन्छ । यस्तो गीत गाउने बाँतर समुदायका महिलाहरूको समूह नै हुन्छ, जो केही उमेर पुगेका तथा अनुभवी हुन्छन् । उनीहरूले देवगीत आफूले गाउने मात्र नभएर तल्लो पिंढीका युवतीहरूलाई सिकाउने पनि गर्दछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कसकुटी या **कसतैला** बाँतर विवाहको अधिल्लो दिन या देवगीत गाएको भोलिपल्ट पूरा गरिने विधि हो। बाँतर भाषामा कस र तैलको मतलब पीठो र तेल भन्ने हुन्छ। यो विधि केटा र केटी दुवैको घरमा सम्पन्न गर्ने चलन छ। यो विधि सम्पन्न गर्दा केटा र केटी दुवैलाई तिनीहरूको घरमा पाँचपाँच जना स्त्रीहरूले पाँचपाँच मुठी धान दिने गर्दछन्। त्यसलाई ओख्लीमा कुटेर चामल बनाउने र त्यसपछि पुनः त्यसको पीठो पिस्ने कार्य गरेपछि उक्त पीठोमा तोरीको तेल र हर्दी हालेर लेप बनाउने तथा त्यसलाई बेहुला र बेहुलीको शरीरमा पूरै दलिदिने चलन छ। विवाहका अधिल्ला दिन केटा र केटी दुवैका घरमा सम्पन्न गरिने यो विधिमा तिनीहरूका भाउजूहरूले शरीरमा तेल लगाइदिने कार्य गर्दछन् भने यदाकदा यो कार्य जेठी फुपू या दिदीले पनि गर्ने चलन छ।

तिलक प्रथा

सामान्यतया बाँतर समुदायमा केटीका बाबुआमाले केटो किन्ने या तिलक प्रथा प्रचलनमा रहेको पाइँदैन। तर पनि यस समुदायमा भार बुझाउने सामान्य विधि भने प्रचलित छ। बाँतर समुदायमा प्रचलित तिलकस तथा तिलक विधिमा केटीका बाबु या जेठो दाजुको नेतृत्वमा केटीका घरबाट भार बोकेर केटाको घरमा जाने चलन रहेको छ, जसलाई तिलकस भनिन्छ। यस्तो भार बोक्ने मानिसहरूलाई तिलकिया भनिन्छ, किनकि तिनीहरूको निधारमा भार बोक्ताका बखत टीका लगाइदिने गरिन्छ। सामान्यतया तिलकका लागि भार बोक्ने मानिसहरूको सङ्ख्या ५, ७ या ९ जनाको बिजोर सङ्ख्यामा रहनुपर्दछ भन्ने मान्यता यस समुदायमा रहेको पाइन्छ। भारका नामका लगिने उपहारलाई **पानचुदिया** अर्थात् **सुपारी उपहार** भन्ने चलन छ। भारमा रोटी, मिठाई, दही, चिउरा, धोती, कुर्ता, केरा, औँठी र सुपारी जस्तो खाने र लगाउने कुरा राख्ने चलन छ। त्यसपछि प्रत्येक तिलकियाले बेहुलालाई पाँचपाँच पटक दहीको टीका लगाइदिने गरिन्छ।

मातामौग्रा

मातामौग्रा केटा र केटी दुवैको घरमा विवाहको अधिल्लो दिन सम्पन्न गरिने विवाहसम्बन्धी विधि हो। यस विधिमा केटा र केटीलाई दायाँ काँधमा सेतो कपडा बाँध्न दिइन्छ। त्यसपछि केटा र केटीलाई अआफ्नो घरबाट एकएकवटा ढाकी बोकेर नजिकको इनार या खोला तथा नदीमा जान लगाइन्छ, जसको साथमा आमा या गाउँका अन्य नातेदार मानिसहरू पनि हुन्छन्। उनीहरूले बोकेको ढाकीमा चामल, पीठो, बेसार, काँचो धागो, सिन्दूर, तोरीको तेल र माटाको दियो राखिएको हुन्छ। उक्त अवसरमा आइमाईहरूले गीत गाउने तथा चमारले ढोल बजाउने गर्दछन्। बाँतरका संस्कार र चाडपर्वमा चमारलाई नै ढोल बजाउन लगाउने चलन छ। त्यस्तो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उत्सवका अवसरमा बाँतर आफैंले भने बाजा बजाउँदैनन्। इनार छेउमा ढाकी लिएर पुगेका केटा या केटी विवाहका विधि पूरा गर्ने क्रममा त्यसलाई इनारको उत्तरतिर बिसाउने, कोदालोले अलिकति जमिन खन्ने र इनारवाट पानी ल्याएर खनिएको माटोमा पूजा गर्ने चलन यो समुदायमा रहेको पाइन्छ। चामल, अबिर र सिन्दूरले उक्त माटोको पूजा ३, ५ र ७ पटकसम्म गर्ने परम्परा बाँतर समुदायमा प्रचलित छ।

बाँतर विवाहको मातामौग्रा विधिमा इनारको माटोको पूजाआजा गरेपछि केटा या केटीका आमाले उनीहरूलाई एउटा हाते पङ्खा दिएर टाउकामा राख्न भन्दछिन् र उनीहरूको टाउकामाथिवाट पङ्खामा पानी खन्याइदिने चलन छ। उक्त पानी दाहिनेतिर बाट ३ पटक र देब्रेतिरवाट २ पटक खन्याइन्छ, जुन अवसरमा हर्दी, पीठो र तेलको लेप निधारमा लगाउँदै पानी शिरबाट खन्याउने चलन पाइन्छ। आमा नहुनेको भने जेठी दिदी या सानी आमाले यस्तो विधि गरिदिने चलन छ। त्यस पछि केटा र केटीले सूतीको धागोले दूबो बाँध्ने, आमालाई पाँच मुठी चामल दिने, आमाले पनि एक मुठी चामल अर्को सहयोगी स्त्रीलाई दिने तथा त्यसपछि पूजाआजा गरेको माटो साथमा लिएर सबै घर फिर्ने चलन रहेको पाइन्छ। यसै अवसरमा ढोल बजाउने र देवगीत गाउने कार्यका साथमा घर फिर्ने परम्परा बाँतरहरूको विवाहमा रहेको छ। घरमा पुगेपछि भने केटा या केटीको नुहाउँदा प्रयोग गरिएको हाते पङ्खाका छेउमा तिनी उभिने र उनका भाइ या बहिनीले तिनको अनुहार सेतो कपडाले छोपिदिने तथा त्यस अवसरमा पनि देवगीत गाउने गरिन्छ। यसलाई **आखिर झम्पा विधा** भनिन्छ, जसको अर्थ आँखा छोप्ने विधि भन्ने हुन्छ। यो विधि पूरा गरेपछि दिदीबहिनी र नातेदारलाई केटा या केटीले लुगाफाटा र पैसा दिने गर्दछन्। यो विधि केटा र केटी दुवैका लागि दुवैका घरमा पूरा गरिन्छ।

बब्सागदा या लिङ्गो गाड्ने विधि

बाँतरहरूको विवाहका अवसरमा बेहुला तथा बेहुली दुवैको घरमा विवाहका अघिल्लो दिन गहबर घरको दक्षिणतिर छेउमा नै एउटा लिङ्गो गाड्ने चलन छ, जसलाई **बब्सागदा विधि** भनिन्छ। यस विधामा बाँसको लिंगो या केराका थाम गाड्नुपर्ने मान्यता राखिन्छ। यो विधि सम्पन्न गर्दा लिंगाको छेउमा इनारबाट ल्याएको माटो राखी त्यसमा एउटा माटाको दियोमा बत्ती बालिन्छ। यो बत्ती विवाहका कार्यक्रम नसकियुन्जेल लगातार रातको समयमा बाल्नुपर्ने मान्यता बाँतरहरूमा रहेको देखिन्छ।

श्रीविधा

बाँतरहरूको विवाहका विभिन्न विधिहरूमा श्रीविधा पनि निकै महत्त्वपूर्ण मानिन्छ। यस विधिमा घरको हनुमान्स्थान छेउमा एउटा काठको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

टुक्रा राखी त्यसमाथि चामलको पीठो, बेसार र दूबोले रेखी हाल्ने तथा त्यसको छेउमा केटा या केटी र तिनका आमा उभिने गर्दछन्। केटा या केटीकी आमाले हातमा चामल, खीर र पाँचपाँचवटा रोटी र सुपारी लिएर उभिनुपर्ने विधान छ। त्यसपछि आमाले केटा या केटीको निधारमा बेसार र दूबोको सहायताले सानो चिन्ह लगाउने गर्दछिन्। त्यस्तो चिन्ह पाँच पटकसम्म लगातार रूपमा लगाउँदै पुछ्दै गरिन्छ, जसलाई **श्रीविधि** भन्ने चलन छ।

लाभा भुट्ने

बाँतहरूको समुदायमा विवाहका अघिल्लो दिन केटा र केटी दुवैको घरमा लाभा भुट्ने कार्य चल्दछ। उक्त कार्य दिदी भिनाजु या फुपूफुपाजुले गर्ने चलन गर्दछन्। यसका लागि भिनाजुले पाँच मुठी धान दिने र दिदीले भुट्ने तथा त्यस अवसरमा गीतहर्नीहरूले गीत गाउने गर्दछन्। गीतहर्नीले गीतमा कस्तो भाषा प्रयोग गर्दछन् भने लाभा ढिलो भुटेकाले विवाह पनि ढिला भयो भन्ने भाकाको गालीगल्लौज गरेजस्तो हुने गर्दछ। त्यसपछि ढोले, गीतहर्नी, लाभा भुट्ने र केटा या केटी खेतमा जान्छन् र त्यहाँबाट खनेर जमिनभित्रको सफा माटो निकालेर घरमा ल्याउँछन्। उक्त माटोलाई घरको आँगनको बीचमा सानो खाल्टो खनेर दूबो र लाभाका साथमा पुर्ने चलन छ। त्यसपछि लाभा भुट्ने विधि पूरा भएको मानिन्छ, जुन अवसरमा पनि गीतहर्नीले गीत गाउन तथा ढोलेले ढोल बजाउन अनिवार्य मानिन्छ।

अन्य विधिविधानहरू

विवाहको निम्ता

बाँतरहरू विवाहका लागि आफन्त तथा छरछिमेकलाई सुपारी निम्ता गर्दछन्, जसमा सुपारी टुक्रा पारिएको तथा सिङ्गो पनि हुन सक्तछ। यसै विधिले सरदार, जबार, महाजन, हजाम र दानकर्नीलाई पनि निम्ता दिन आवश्यक हुने धारणा बाँतरहरूमा रहेको पाइन्छ। निम्तालुहरू विवाहका अवसरमा दही, चामल, च्यूरा, मिठाई, चिनी र अन्य विभिन्न प्रकारका आवश्यकीय वस्तुहरू उपहारका रूपमा लिएर विवाहको निम्ता मान्न आउने गर्दछन्, जसले गर्दा बाँतर समुदायमा विवाह एउटा सामूहिक कार्यका रूपमा रहेको पाइन्छ। यसबाट कर्तालाई आर्थिक भार पनि कम मात्रामा पर्ने गर्दछ।

अग्नि स्थापना

बाँतर समुदायमा विवाहका दिन बिहानै केटा र केटी दुवैको घरमा अग्नि स्थापना गर्ने र विभिन्न प्रकारका पकवानहरू पकाउने चलन रहेको पाइन्छ। उक्त दिन खाना पकाउने आगो विशेष प्रविधिबाट बालिन्छ र खाना बनाउनका लागि प्रयोग गरिन्छ। त्यस दिन दुईवटा सुकेका बाँसलाई घोटेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आगो निकाल्ने र त्यसै आगोले खाना बनाउने चलन छ। त्यसरी आगो निकाल्न घोटिने बाँसलाई भने **बेहङ्गा** भनिन्छ। यसरी खानपिन गराएपछि केटातिरका मानिसहरू जन्ती जाने गर्दछन् भने यही रीतले केटीतिर पनि आफन्त र निम्तालुलाई जन्ती आउनुभन्दा अगाडि नै खाना वनाएर भोज खुवाउनुपर्ने नियम छ। बाँतरहरूको विवाहमा बहनोई (भिनाजु या वहिनी ज्वाइँ) र मामाको उपस्थिति अनिवार्य ठानिन्छ। बाँतरहरू तिनलाई **लोकन** भन्दछन्। यता राज बाँतरमा भने लोकनका रूपमा माइजु र फुपू रहने गर्दछन्। राजबाँतरले लोकनको यस्तो प्रथा थारू र राजवंशीहरूबाट लिएको हुन सक्ने मान्यता छ (क्षत्री, १९९३: १४८०। जन्तीका साथमा चमारले ढोल बजाउँदै जाने गर्दछ। बाँतर समुदायका विवाहका अवसरमा बजाउने परम्परागत जातीय वाजागाजा नरहेकाले चमारलाई नै यस्तो बाजा बजाउन लगाउने चलन रहेको छ।

जन्तीप्रस्थान र आगमन

वाँतर समुदायमा बेहुला जन्ती हिँड्नुभन्दा अगाडि बेहुलालाई उसका भाउजू, माइजू र फुपूले सिंगार्ने चलन छ। बेहुलालाई कुर्ता, धोती, गम्छा र औंठी लगाउन दिने र आँखामा गाजल पनि लगाउने चलन रहेको पाइन्छ। सिँगारिए पछि उसले जन्ति हिँड्नुभन्दा अगाडि गहवर कोठामा गएर बेहुलाले ढोग्ने र विवाहको सफलताको कामना गर्ने गर्दछ। उनीहरूको बेहुला गरिव नै भए पनि यस समुदायमा पैदल हिँड्ने र खडखडिया प्रयोग गर्नुका बदलामा गाडी र त्यस्तो गाडी नभएमा गोरु गाडीको प्रयोग गर्दछन्। बेहुलाले जन्ती जाँदा आफ्ना साथमा चक्कु बोकेको हुन्छ भने राजबाँतरहरूमा भने चक्कुका बदलामा तरवार नै बोक्ने चलन रहेको पाइन्छ। विवाहका समयमा जन्ती हिँड्न लाग्दा गाउँलेले बाटो छेकेमा तथा बेहुलीका घरमा पुग्दाका अवस्थामा बेहुला र जन्तीलाई केटीतिरकाले बाटो छेक्ता पनि सुपारी दिने चलन रहेकाले बहनोईलाई सयौंको सङ्ख्यामा सुपारी बोक्न दिने चलन यस समुदायमा प्रचलित रहेको छ। जन्ती जाने बेलामा केटाका गाउँलेलाई दिने सुपारीलाई **बेटा गमनी** भनिन्छ।

बेहुला केटीका घरमा पुगेपछि महिलाहरूले गीत गाउँदै केटाको बाटो छेक्ने गर्दछन्। तिनीहरूलाई केटाले १८ वटा सुपारी दिनुपर्दछ। यसै गरी केटीका गाउँका महाजन, जेवार र बूढापाका नातामा पर्ने प्रत्येक व्यक्तिलाई केटाले पाँचपाँचवटाका दरले सुपारी दिनुपर्ने विधि रहेको पाइन्छ। केटाले विवाहका समयमा देखासुनी विधिका अवशरमा निश्चित गरिएअनुसारका गरगहना लैजान आवश्यक हुने गर्दछ। यसका अलावा उसले लाभा या **लाभाथिनामक** लाहाको चुरा भने अनिवार्य रूपमा लैजानुपर्ने सोचिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मण्डपनिर्माण

विवाहका अवसरमा बाँतरहरूले आफ्नो घरको अगाडि गेट बनाएर त्यसलाई रङ्गस्चङ्गी बनाउने गर्दछन् । यसै गरी यस समुदायमा केटीका घरमा विवाहका लागि एउटा मण्डप पनि बनाउने चलन छ, जसलाई **मधुवा** भनिन्छ । मधुवा सामान्यतया बाँसको बनाइन्छ, जसको तीनतिर बार लगाएर एकातिर भने खुला छाडिएको हुन्छ । मधुवा पाँच जना विवाहिता पुरुषले बनाउँछन् भने त्यसलाई लिपपोत गर्नका लागि माटो भने बेहुली स्वयम्ले ल्याउनुपर्दछ भन्ने मान्यता छ । विधुर, विधवा र पुनर्विवाहवालाले मधुवा बनाउन नहुने मान्यता यस समुदायमा रहेको पाइन्छ ।

विलौकी प्रथा

बाँतर समुदायमा बेहुला केटीको घरमा पुग्नुभन्दा अगाडि गीतहर्नीहरूसँगै गीत गाउँदै बेहुली टाउकामा ढक्की र हातमा कचौरा बोकेर बाँतहरी घुम्दछे । त्यस अवसरमा बाँतहरूका प्रत्येक घरबाट ढाकीमा चामल र कचौरामा पैसा हालिदिने चलन छ । यसलाई **विलौकी** भनिन्छ । यो एउटा विवाहका अवसरमा गरिने आपसी सहयोग पनि हो । यसरी उठेको चामलको पीठो पिस्ने, रोटी पकाउने र बाँतहरीका प्रत्येक घरमा बाँड्ने चलन यस समुदायमा रहेको पाइन्छ ।

आमविवाह

बाँतर समुदायमा प्रचलित एउटा विवाहसम्वन्धी महत्त्वपूर्ण विधा यो पनि रहेको छ कि यो समुदायमा केटा र केटी दुवै जनाले विवाहका दिन विहान आँपको रूखसँग पनि विवाह गर्दछन् । यस चलनलाई यस समुदायमा **आमविवाह** भन्ने चलन छ । यसका लागि बेहुला र बेहुली अआफ्ना आमा र दिदीबहिनीका साथमा अआफ्नो घरवाट सिन्दूर, दूबो, धान, पीठो र सुपारी लिएर आँपको बोट भएको स्थानमा जाने गर्दछन् । त्यसपछि उनीहरूले आँपको रूखलाई सूतीको धागोले तीन पटक बाँध्ने र तीन पटक सिन्दूर लगाउने चलन छ । त्यसपछि दूबो र चामलले त्यस रूखको पूजा गरी वाजागाजासहित घर फिर्ने गर्दछन् । बाँतरहरूमा मात्र नभएर पूर्वी तराईका थारू, राजवंशी, मुसहर र दूसाधहरूमा पनि यस्तो चलन रहेको पाइन्छ ।

सगुनिया भार प्रदान

बाँतर समुदायमा विवाहका अवसरमा जन्ती वेहुलीका घरमा जाँदै गर्दा वेहुलाभन्दा केही अगाडि एक या तीन जना मानिसहरू देखासुनीका समयमा कवुल गरेअनुसार केटाका तर्फवाट वेहुलीका आवश्यक सामान वोकेर वेहुलीका घरमा जाने गर्दछन् । उनीहरूले लगेका सामानलाई **सगुनिया भार** भन्ने गरिन्छ । उनीहरूले लाने सामानमा १२ जोडी लुगा, लाभाका चुरा,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धागो (कपाल बाँध्ने खोपाडोरी), सिन्दूर, वेहुलीका बावु र दाजुलाई धाती तथा आमा र विदाकर्नी (विवाहका कर्ता महिला) लाई साडी लग्नुपर्दछ भन्ने मान्यता छ। त्यसमा दही र चिउरालगायतका विभिन्न प्रकारका खानेकुरा पनि रहने गर्दछन्। यस्तो सगुनिया भार कवुल गरेअनुसारका नभएमा वेहुलीका तर्फबाट स्वीकार गरिँदैन र यसलाई स्वीकार नगरिएमा विवाह रोकिने पनि सम्भावना रहन्छ। तसर्थ त्यस्तो अवस्थामा मध्यस्थकर्ताले त्यसलाई मिलाउने तथा कमी भएको कुरा वेहुलाका तर्फबाट पूरा गर्ने कवुल गराएर विवाहका कार्यक्रमलाई अगाडि वढाउने चलन छ। यस्तो मेलमिलाप गराउने कार्य दुवैतिरका गाउँ प्रमुखले गर्दछन्।

जन्ती स्वागत

वेहुला र जन्तीहरू वेहुलीका घरमा पुगेपछि केटीका तर्फबाट जन्तीको स्वागत गर्ने कार्य चल्दछ। यसमा जन्तीहरूलाई वस्नका लागि गुन्द्रीहरूको व्यवस्था गरिएको हुन्छ। स्वागत गर्दा एक जनाले पाहुनालको खुट्टा धुने पानीको व्यवस्था गर्दछ, जसलाई **हजरा** भनिन्छ। जन्तिलाई वसाएपछि सप्तरी भेगमा तिनीहरूलाई घरगाउँलेले अनेक प्रकारका प्रश्नहरू सोध्ने गर्दछन्, जसलाई **सामफाइटिङ** भनिन्छ। यो प्रचलन सप्तरी भेगमा बाँतरहरूले स्थानीय वनिया र यादवहरूवाट सिकेको बताइन्छ। यता वेहुलालाई घरभित्र लैजाने, वेहुलीका दाजुभाइ र दिदीवहिनी ढकीमा भात, गोबर, दुवो र धान हालेर त्यसमाथि माटाको वलिरहेको दियो लिएर आउने तथा वेहुलालाई पटुवाको डाँठले वनेको अङ्कुश जस्तो वस्तुले साङ्केतिक रूपमा घाँटीमा वाँधेर तानेजस्तै गरी आँगनभित्र लैजाने र उसलाई अक्षताले पूजा गर्ने तथा तीन पटक उसको वरिपरि वत्ती घुमाउने चलन यस समुदायमा रहेको छ। यस्तो विधिलाई **चुमौनी** र बेहुलालाई तान्न प्रयोग गरिएको पटुवाको डाँठलाई भने **नोस्की** भनिन्छ।

बाँतरहरूको विवाहमा चुमौनी विधि पूरा गरेपछि घरगाउँले र जन्ती दुवै पक्षका मानिसहरूले एकअर्कामा जन्ती पर्सिएजस्तै गरी एकअर्कामा चामल छर्कने पनि चलन छ, जसलाई शिरधारा भनिन्छ। प्रारम्भमा युद्ध जित्नेले कन्यालाई विवाह गर्ने चलन भएकोमा त्यसैको प्रतीकस्वरूप आज पनि विवाहका अवसरमा एकआपसमा चामल छर्ने चलन चलेको हो भन्ने धारणा उनीहरूमा रहेको पाइन्छ। यसै गरी वेहुलाले लगाउने रातो रङको धोती र गम्छाले पनि रगत र युद्धको सङ्केत गरेको छ भन्ने मान्यता राखिन्छ। यस्तै वेहुलालाई आँगनमा राखिएको सुकेको बाँसको भाटा घोटेर आगो वाल्न लगाइन्छ। यदि उसले त्यसवाट आगो निकाल्न नसकेमा उसलाई पाँचवटा सुपारी दण्ड गरिन्छ र वेहुलीतिरका मानिसहरूले आगो निकाल्ने गर्दछन्। यदि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उनीहरूले पनि आगो निकाल्न सकेनन् भने उक्त विवाह दिगो हुँदैन भन्ने मान्यता राखिन्छ ।

देहरी छेकन

विवाहका अवसरमा बाँतर कन्याका घरको भित्री आँगनमा गोलो तथा अन्डाकारको करिब ६ इन्च अग्लो एउटा वेदी बनाइएको हुन्छ, जसलाई **जगवेदी** भनिन्छ । यो वेदीको निर्माण विवाहिता स्त्रीहरूले आफैँले माटो ल्याएर गर्ने चलन छ । वाँतरहरूको विवाहको अगिन यसैको छेउमा बाल्ने गरिन्छ भने राजबाँतरले चाहिँ यस वेदीमाथि नै आगो बाल्ने गर्दछन् । वेदीको चारतिर चार कुनामा चारवटा केराका बोट गाड्ने, तिनको उत्तरपूर्व र दक्षिणपूर्व कुनामा दुई थुप्रा धान राख्ने र धानका थुप्रा माथि रङ्ग्याइएका कलस राख्ने चलन छ । यी कलशलाई उनीहरू **पूराहर** भन्दछन् । यसको दक्षिणपूर्व कुनामा एउटा हण्डी पनि राख्ने चलन छ र त्यसको छेउको कलशलाई भने **लगहरा** भनिन्छ । यसमा माटाको बल्दै गरेको दियो राखिन्छ । वेदीको छानाको पूर्व र पश्चिममा भने एकएक मुठी कुश सिउरिने चलन छ, जसलाई भने **पूर्वपछिया** भनिन्छ ।

विवाहका अवशरमा बाँतर समुदायमा माथि वर्णित वेदीलाई वेहुलाले तीन पटक परिक्रमा गरेपछि विदकर्नीको पछि लागेर वेदीभित्र पस्नुपर्दछ । त्यसपछि उसले शसुराबाट धोती, कुर्ता र गाम्छा पाउँछ, जसलाई भने **दानपति** भनिन्छ । अब वेहुलाले लगाएको सबै लुगा भने हजामले पाउने गर्दछ । यसै वेला वेहुली पनि सिँगारिएर गहबर घरमा पुगेकी हुन्छे, जसलाई लिन वेहुला त्यहाँ पुग्दछन् । तर त्यहाँका महिलाहरूले वेहुलालाई गहवर घरमा पस्नबाट छेक्तछन्, जसलाई **देहरी छेकन** भनिन्छ । त्यसपछि वेहुलाले तिनलाई सुपारी र सारी दिएर गहबर घरभित्र पस्ने मौका पाउँछ र उसले वेहुलीलाई फकाएर वेदीमा ल्याउँछ । त्यसपछि मात्र विवाहका अन्य विधिविधानहरू सुरु हुने गर्दछन् ।

बाँतरहरूको परम्परागत विवाहका अवसरमा वेदीका छेउमा वेहुला, वेहुली, वेहुलाका भिनाजु र दानकरनी बस्ने गर्दछन् । वेदीको उत्तरतिर काठको एउटा चक्का राख्ने, पाँच जनाले पाँचपाँच मुठीका दरले हुने २५ मुठी धान काठको चक्कामा राख्ने, त्यही धानले एकआपसमा हानाहान गर्ने, त्यही धान टिपेर आँपको पातमा राख्ने र धानले केटा र केटीका अआफ्ना बाबु, बाजे र बूढा बाजेको समेत तिन पुस्ते नाम दुवैले लेख्ने तथा ती दुवैले नाम लेखेका पात साटासाट गरी डोरीले कम्मरमा बाँध्ने गरिन्छ । यसलाई **कंगन** भनिन्छ भने यस्तो कंगन बाँध्ने पद्धतिलाई चाहिँ **गोंगार** भन्ने चलन छ । त्यस पछि **दानविदा विधा** पर्दछ, जसमा दान करनीले वेहुलालाई हात पसार्न लगाएर उसका हातमा उसलाई दिइने सामानहरू राखिदिन्छे । यो क्षत्री ब्राह्मण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समुदायको कन्यादान जस्तो विधि हो, जस विधिमा कन्याका पिताले केटालाई यथाशक्य सामानहरू दिने गर्दछ। यो विधि सम्पन्न गर्दा गीतहर्नीहरूले लगातार रूपमा गीतहरू गाइरहेका हुन्छन्।

सनेनवन्ता विधा

विवाहका अवसरमा केटीका घरमा केटा र केटी दुवैको औँलावाट हजामले सानो चोट लगाएर रगत निकाल्ने विधिलाई बाँतर समुदायमा **लहर्नी विधा** भन्ने गरिन्छ। त्यसपछि केटाको रगत केटीलाई र केटीको केटालाई दहीमा मिसाएर खान दिइन्छ। यसलाई भने **सनेनवन्ता विधा** भनिन्छ। यस विधिलाई अन्य समुदायमा प्रचलित सिन्दूर हाल्ने विधिसमान मानिन्छ र यो विधि पूरा नगरी बाँतरहरूको विवाहको विधि पूरा भएको मानिँदैन। त्यसपछि सिन्दूर दान गरिन्छ, जसमा केटी पूर्व र केटा पश्चिम फर्किएर बस्ने गर्दछन्। यस अवसरमा केटा एउटा काठको पिरामा बस्तछ भने केटीले भने टाउको सेतो कपडाले छोपेको हुन्छ। त्यसपछि विधाकरणीले माटाको भाँडामा राखेको सिन्दूर केटालाई दिने तथा केटाले केटीको शिरमा तीन पटक सिन्दूर हाल्ने गर्दछ। त्यसपछि केटा र केटीको पूजा हुने गर्दछ। यस अवसरमा केटातिरका पाँच जना लोग्नेमानिस तथा केटीतिरका पाँच जना आइमाई मानिसहरू एक ठाउँमा उभिने तथा तिनले दूवोले वेहुला र वेहुलीतिर दही छर्कँदै पूजा गर्ने गर्दछन्।

होम विधा

वेहुला र बेहुलीको पूजाआजा गरेपछि बाँतरहरूको विवाहमा जग वेदीमा आगो बाल्ने कार्य चल्दछ। वेदीको पश्चिमतिर रङ्गीन गुद्रीमा बेहुला र वेहुली वस्तछन्, जहाँ केटीको भतिजाले दही, चामल, नौनी, सिसम र जौ मिसिएको चरु केराको पातमा राखेर बेहुला र बेहुलीलाई दिन्छन्। त्यसपछि ती जोडीले त्यसलाई पाँच पटक आगोमा होम गर्दछन्, जसलाई **होम विधा** भनिन्छ। त्यसपछि भने उनीहरूको विवाहको विधि पूरा भएको मानिन्छ। अन्तमा जन्तीहरू सबैलाई केराको पातमा **कदही** खान दिइन्छ, जुन सोलर जस्तो दहीबाट पकाएर वनाइएको खाना हो। त्यसपछि वेहुला र वेहुलीका बाबुहरू नुहाइधुवाइ गरेर एकआपसमा अङ्कमाल गर्दछन्, जसलाई भने बाँतरहरूको भाषामा **मर्जयत** भनिन्छ। अन्तमा वेहुला र बेहुलीलाई वेदीमा राख्ने तथा उनीहरूलाई वेहुलीतिरका मानिसहरूले निधारमा दहीको टीका लगाएर गच्छेअनुसार दक्षिणा र उपहार दिने चलन छ। यसलाई भने **चुमौना विधा** भनिन्छ।

होम विधा सकेर बेहुला र वेहुलीलाई पूजा गर्ने तथा उपहार दिने कार्य सकिएपछि केटाकेटी दुवैलाई दही र चिउरा खान दिने चलन बाँतरहरूमा प्रचलित छ। तर बेहुलाले केही कुरा माग गरेर उक्त खाना खान नमान्ने तथा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उसको माग पुरा गर्ने र उसले खाना खाने चलन पनि पाइन्छ। गाउँलेहरूले ढक्कीमा पैसा उठाएर बेहुलाका बाबुलाई दिने, केटा र केटीका बाबुहरूले पाँचपाँचवटा सुपारी काटेर गाउँलेहरूलाई बाँड्ने र केही गल्ती भएका माफ पाऊँ भन्ने, केटा र केटी दुवै जना गहवर घरमा गएर पूजा गर्ने, बाबुले छोरीलाई लुगा र उपहारहरू दिने तथा छोरी र जन्तीलाई बिदा दिने कार्यपछि बाँतर समुदायमा विवाहको कार्यक्रम समाप्त भएको मानिन्छ।

जन्तीहरू वेहुली लिएर आफ्नो घरमा फिरेपछि त्यहाँ पुनः केटाका घरका कार्यक्रम सुरु हुने गर्दछन्। यस क्रममा केटाका घरमा वेहुला र वेहुलीलाई गाउँलेले गाडीबाट ओर्लन सहयोग गर्ने तथा केटा र केटीलाई आँगनमा राखेर तिनीहरूलाई पैसा र सामान दिने गर्दछन्। यसलाई भने **चुमौनी** विधा भनिन्छ। त्यसपछि केटा र केटी हाते पङ्खा हल्लाउँदै घरभित्र पस्ने र माटाको घैला फुटाउने चलन छ। यसमा पाँच पटकसम्म हाते पङ्खा हल्लाउँदै आँगनभित्र र वाहिर गर्ने गरिन्छ, जसलाई श्रीमतीले पाँच पटकसम्म गल्ती गरे पनि छुट दिन्छु भन्ने सङ्केत मानिन्छ। त्यसपछि केटा र केटीले गहवर घरमा गएर देवीदेवताको पूजाआजा गर्दछन्। अन्तमा बेहुली अन्य स्त्रीहरूसँग र बेहुला वेग्लै कोठामा सुत्ने हुँदा उनीहरूले हनीमुनको मौका पाउँदैनन्। भोलिपल्ट विहानै बेहुली माइत फिर्ने चलन रहेकाले अर्को दसैँमा वेहुली फर्काएपछि मात्र तिनीहरूले वेग्लै कोठामा एकै ठाउँमा सुत्ने मौका पाउँछन्।

विवाह र मनोरञ्जन

बाँतरहरूले विवाह कार्यक्रमलाई पनि मनोरञ्जनको माध्यमका रूपमा लिने गर्दछन्। त्यस अवसरका मुख्य मनोरञ्जनका माध्यम ढोल बजाउने तथा गीतहर्नीले विभिन्न प्रकारका गीतहरू गाउने कार्यक्रम हुन्। यसका साथै अन्य प्रकारका मनोरञ्जनात्मक क्रियाकलापहरू पनि विवाहका अवसरमा गर्ने चलन यो समुदायमा प्रचलित छ। यस्ता थप कार्यक्रममा वेहुलासहित जन्तीहरू बेहुलीका घरमा पुगेपछि एउटा बाँसको टोकरीमा कुनै व्यक्तिले टाउको छिराएर खुट्टा ठाडो पारी उभिनुपर्ने र उक्त टोकरीसँगै सीधा उभिनुपर्ने हुन्छ। यस्तो कार्यमा उक्त मानिस असफल भएमा उसले केटी पक्षलाई पाँचवटा सुपारी दण्ड तिर्नुपर्ने र त्यस्तो कार्य केटीपक्षका मानिसहरूले गर्नुपर्ने तथा उनीहरू पनि यसमा असफल भएमा उक्त सुपारी फिर्ता गर्नुपर्ने नियम रहेको छ। यसका साथै डलर पैसा खुट्टाले हुत्याएर यसैअनुरूप प्रतिस्पर्धात्मक रूपमा हातले समाउने तथा यस्तो कार्य पनि दुवै पक्षकाले गर्ने जस्ता मनोरञ्जनात्मक कार्यक्रमहरू विवाहका अवसरमा केटीका घरमा गर्ने चलन बाँतर समुदायमा प्रचलित छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाँतर समुदायमा परम्परागत रूपमा नाचगान गर्ने मानिसहरू रहेका हुन्छन्, जसलाई देखासुनीको अवशरदेखि नै नाचगान गर्न लगाइन्छ। उनीहरूलाई दिइने पारिश्रमिक बेहुलीपक्षकाले अगाडि नै तय गरिएअनुसार तिर्नुपर्दछ। तिनीहरूले राजा नल, चन्द चकोरी र समचखेवाको गीत गाउने तथा त्यसैमा नाच्ने पनि गर्दछन्। जन्ती हिँड्ने, बेहुली अन्माउने र अन्य मुख्यमुख्य अवसरमा बारुद पड्काउने चलन छ। विशेष गरी बारुदलाई बाँसको टोकरीमा खाँदेर राख्ने तथा त्यसमा आगो लगाएर पड्काउने चलन यस समुदायमा रहेको देखिन्छ। सामान्यतया धनीमानी बाँतर समुदायमा मात्र यस्तो बन्दुक पड्काउने चलन रहेको छ। यसै गरी कतिपयले भने विवाहका अवसरमा एउटा दियो राखिएको रङ्गीन कागज आकाशमा उडाउँछन्, जसलाई भने **आकाश तारा** भनिन्छ।

बेहुली ल्याउने कार्यक्रम

बाँतर समुदायमा विवाहको भोलिपल्ट बेहुली घर फिर्दछे र लामो समयसम्म माइतमा नै बस्तछे भने उसलाई घरमा लैजानका लागि अर्को सालको दसैं पर्खनुपर्दछ। विशेष गरी दसैँका टीकाको दिन मात्र पहिलो पटक बेहुली विधिपूर्वक दुलाहाका घरमा पठाइने हुनाले बेहुली ल्याउने कार्यक्रम पनि विवाहसँग नै गाँसिएको मानिन्छ। दसैँको अवसरमा बेहुली लिन ससुराली जाँदा बेहुलाले दसैँको नवमीका दिन दही, चिउरा, मिठाई, केरा र खीरलगायतका खाद्यवस्तुहरूसहितको भार लैजान आवश्यक ठानिन्छ। यदि उक्त सालको दुर्गापूजामा बेहुली लैजान बाधा परेमा उसले पुन अर्को सालको दुर्गा पूजा पर्खनुपर्ने हुन्छ। एक पटक नियम गरेपछि भने निमान (मङ्सिरको चाड), श्रीपञ्चमी, मकरसङ्क्रान्ति या होलीमा पनि बेहुलीलाई घर पठाउन सकिन्छ। बेहुली लिन जाँदा केटाले बेहुली र उनकी आमालाई साडी र बोटिस लैजानुपर्दछ, जसलाई **मैयेघैये सारी** भनिन्छ। उसले बेहुलीका लागि सिन्दूर, चुरा र बाला पनि साथमा लैजान आवश्यक हुन्छ।

बेहुली लिन जाँदा केटाले केटीका घरमा लैजाने भारलाई **लियन बुझाउनु** भनिन्छ। कुनै साल लियन बुझाउन जानु छ भने केटापक्षकाले केटीपक्षका मानिसहरूलाई कम्तीमा १५ दिनअगाडि नै यसको सूचना गर्नुपर्दछ। बाँतरहरू विवाह भएका केही वर्षसम्म छोरी घरमा नै राख्तछन्। तसर्थ उनीहरूलाई कुनै साल छोरी पठाउन मन भएन भने ज्याइँलाई लियन नल्याउन भन्दछन्। तर उनीहरूको सभाले विवाह भएको दुई वर्षपछि भने अनिवार्य रूपमा लियन पठाउनुपर्ने नियम बनाएको छ। यदि त्यसो नगरिएमा भने समितिलाई रु. २०० दण्ड तिर्नुपर्ने पनि नियम छ।

लियन लिएर केटाकेटीका घरमा जाँदा सर्वप्रथम केटा बेहुलीको घरको ढोका अगाडि उभिन्छन्। त्यसपछि घरका महिला सदस्य आएर भार र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भार बोक्नेलाई पानी छर्केर स्वागत गरेपछि मात्र तिनीहरू घरको भित्री आँगनमा गएर बस्ने गर्दछन्। त्यस दिन भार बोक्ने र केटालाई मीठो खानेकुरा दिने तथा भोलिपल्ट सन्देशका साथमा छोरी घर पठाउने चलन यस समुदायमा प्रचलित छ। यहाँ सन्देशको मतलब छोरी प्रथम पटक घर पठाउँदा दिइने कोसेली हो। यसमा खीर, मिठाई, रोटी, दही र चिउरा आदि रहन्छन्। यसमा सन्देश बेहुलीले आफैंले ढाकीमा राखी टाउकोमा बोकेर लैजानुपर्दछ भन्ने नियम छ। यता छोरीलाई घर पठाउँदा बाबुआमाले उनलाई एक रुपियाँ पैसा र एक पसर धान पनि दिने चलन छ। उक्त धान घरमा लगेर बेहुलीले गहवर घरमा राख्तछिन्। पहिलो पटक दाजुभाइ या मामा पनि केटीका साथमा लोकनका रूपमा उनको घरमा जान्छन्। यस पटक भने बेहुली कोठा (कोहबरा)मा केटा र केटी सँगै सुत्छन्। त्यसको दसौं दिन पुनः केटी लोकना साथमा माइत फिर्छिन् र अर्को लयन गरेपछि मात्र उनी नियमित रूपमा उनको घरमा बस्तछिन्। तर दोस्रो लयनमा भने केटाले भार लैजाने तथा भारको साटासाट गर्न आवश्यक ठानिँदैन।

गोलता विवाह

बाँतर समुदायमा परिवारका छोरा तथा छोरीहरू साटासाट गरेर पनि विवाह गर्ने परम्परागत चलन छ, जसलाई गोलता या सट्टा विवाह भनिन्छ। यस प्रथामा कतैकतै घरको जेठो छोराका लागि अर्को घरकी जेठी छोरी विवाह गर्ने तथा आफ्नी छोरी पनि त्यस घरको छोरालाई दिने चलन यदाकदा रहेको पाइन्छ। यो प्रथा वास्तवमा श्रमको साटासाट पनि हो। छोराका लागि छोरी तथा छोरीका लागि छोरा दुवै साटासाट गरेर विवाह गर्नुलाई पनि यस समुदायमा इज्जतको विवाहपद्धति मानिएको छ।

मैना प्रथा

बाँतरहरूमा दहेजप्रथा चलनचल्तीमा रहेको पाइँदैन। तर यदाकदा केटीपक्षका मानिसहरू छोरीको विवाह गर्न असमर्थ भएमा केटापक्षका मानिसहरूले विवाह खर्च दिएर पनि केटीको विवाह गर्ने चलन छ, जसलाई मैना पद्धति भनिन्छ। तर यसमा पनि धेरैजसो अवस्थामा भने यसरी दिएको सहयोग निश्चित समयपछि ऋणको रूपमा फिर्ता गर्नुपर्दछ। सारै नसक्नेले मात्र मैना लिएर छोरीको विवाह गर्दछन्। तर बुहारी घरमा ल्याउनु आर्थिक दृष्टिले समेत उपयोगी ठानिने हुँदा केटीका बाबुआमालाई मैना दिएर विवाह गर्नुपर्दा पनि उसलाई भार हुने गरेको पाइँदैन।

घरढुके प्रथा

बाँतर समुदायमा विधवा, विवाहित या अविवाहित जोसुकैलाई पनि एकआपसमा विवाह गर्न मन लागे केटी एक्कासि केटाका घरभित्र पसेर घरका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कामकाज गर्न थाल्दछे। त्यसपछि गाउँलेले उनलाई त्यसका वारेमा सोधनी गर्दा उनले त्यस घरको जुन लोग्ने मानिसलाई श्रीमान् वनाउने भन्दछिन्, उसले उक्त कुरा स्वीकार गरेमा उनी त्यसैको श्रीमती भएर बस्तछिन्। विवाहको यस पद्धतिलाई **घरढुके प्रथा** भनिन्छ। तर यदि त्यस घरका पुरुषले तिनलाई श्रीमती मान्न तयार भएन भने उनी इज्जतका साथ आफ्ना बाबुआमाका घरमा फिर्दछिन्। यसमा लेनदेन हुँदैन र यस्तो विवाह प्रायः सफल हुने गरेको पाइन्छ। सामान्यतया श्रीमती मरेका लोग्ने मानिसका घरमा घरढुके ज्यादा चल्दछ। यसमा लोग्ने मरेकी स्त्री र कन्या केटीले पनि घरढुके गर्ने गरेको पाइन्छ।

पुनर्विवाह र विधवा विवाह

बाँतरहरूमा विधवा विवाह मान्य छ र कुनै पनि जवान स्त्रीको लोग्नेको मृत्यू भएमा उनकी विधवाले घरढुकेबाट तथा प्रेमविवाह र मागी विवाह जस्ता जुनसुकै प्रकारको विवाह गर्न सक्ने प्रावधान छ। घरढुकेमा उनले मन पराएको केटाले उनलाई स्वीकार गरेमा पुनः व्यवस्थित विवाह गरिन्छ। तर विधवाले पहिलेको लोग्नेको गरगहना र सम्पत्ति भने अघिल्लो लोग्नेका नातेदारलाई फिर्ता गर्न आवश्यक हुने गर्दछ। सामान्यतया विधवालाई **मसोमता** भनिन्छ र सप्तरी जिल्लातिर बाँतर समुदायमा विधवाले आफ्नो देवरसँग विवाह गर्ने छुट परम्परागत रूपमा पाएको देखिन्छ। यस्तो अवस्थामा अघिल्लो श्रीमान्को सम्पत्ति फिर्ता गर्न पनि महिलालाई आवश्यक हुँदैन। विधवा विवाहमा पनि ढोकेवाला वाँतरले तीन पटक र राजवाँतरले पाँच पटक विधवाको शिरमा सिन्दूर हालेपछि विधवाको विवाह भएको ठहर्दछ। यस्तो विवाहमा पनि गीतहर्नीहरूले गीत भने गाउन आवश्यक हुने सोचिन्छ। विधवाको अवस्थामा वाहेक अन्य अवस्थामा पनि महिलालाई परम्परागत रूपमा पुनर्विवाह गर्ने छुट छ। पुनर्विवाह गर्ने स्त्रीलाई यस समुदायमा **धेमनी, समदाही र उर्री** भन्ने गरिन्छ।

बाँतर समुदायको विवाहमा अनेक प्रकारका विधाहरू पूरा गरिन्छन्, जसले उनीहरूको पुरानो परम्परा झल्काएको हुन्छ। उनीहरूमा पुरुषका तुलनामा महिलाहरू निकै स्वतन्त्र रहन्छन्। वाँतरहरू परम्परागत रूपमा विवाह, पुनर्विवाह, विधवा तथा प्रेमविवाहका लागि स्वतन्त्र रहन्छन्। सामान्यतया यस समुदायमा आफ्नै समुदायभित्र मात्र विवाह गर्ने चलन छ। तर पनि आर्थिक कारणले अन्य समुदायसँग पनि यिनीहरूको विवाह हुने गरेको पाइन्छ। बाँतर समुदायमा विवाहका अवसरमा गहवर घरमा पूजाआजा गर्ने, आँपसँग केटा र केटी दुवैको विवाह गर्न सक्ने, घरढुकी विवाह गर्ने र त्यस्तै विभिन्न प्रकारका आफ्नै प्रकारका विशेषताहरू रहेका पाइन्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वास्तवमा यही विशेषताका कारण यिनीहरूको संस्कृति पनि जीवन्त रहेको छ।

५. वृद्धअवस्था र संस्कारहरू

बाँतर समुदायमा बूढापालाई इज्जतको विषयवस्तु मानिन्छ। उनीहरूको धर्मसभा या चौरासीमा यस्तै वृद्धहरू सदस्य रहने गरेका छन्, जसले समाजका नीति, नियम र संस्कारका बारेमा जानकारी राख्तछन्। पुरुष मात्र नभएर बाँतरका महिलाहरू पनि बुढेसकालमा अनुभवी हुन्छन् र इज्जतिला मानिन्छन्। जस्तो गीतहर्नीका रूपमा बाँतर वृद्धाहरू नै रहेको हुन्छन्। उनीहरूले विभिन्न कार्यक्रममा गीत गाउने मात्र नभएर युवतीहरूलाई त्यस्तो काम सिकाउने पनि गर्दछन्। वृद्धवृद्धालाई बाँतर समुदायमा परम्परा र संस्कृतिका अनुभवी शिक्षकशिक्षिकाका रूपमा लिन सकिन्छ। विवाह गराउने विधकर्मी वृद्धा महिला नै रहने व्यवस्था यस समुदायमा रहेको पाइन्छ। बच्चाको रेखदेख गर्नेदेखि लिएर सामाजिक व्यवस्थाको निरन्तरताका लागि यस समुदायका वृद्धवृद्धाको नै महत्त्वपूर्ण योगदान रहने हुँदा उनीहरू समाजमा निकै मर्यादित पनि हुन्छन्। तर वृद्धअवस्थामा जीवित रहुन्जेलसम्म यस समुदयमा कुनै पनि प्रकारका संस्कारहरू गर्ने चलनचाहिँ रहेको पाइँदैन।

मृत्युसम्बन्धी धारणा

बाँतर समुदायमा मृत्युसम्वन्धी आफ्नै प्रकारको धारणा रहेको पाइन्छ। उनीहरू वृद्धवृद्धा अशक्त भएर बुढेसकालमा मर्नुलाई स्वाभाविक ठान्दछन् भने त्यसबाहेकका मृत्यूलाई भूत, प्रेत र बोक्सीका कारणले मृत्यु भएको सोच्तछन्। गहवर घरमा केही भाकल गरेर त्यसलाई पूरा गर्न भुलेमा, अनेक प्रकारका अपराधका साथमा हाडनाताकरणीलगायतका कार्य गरेमा अकालमा मृत्यु हुने सोच्तछन्। वोक्सी र भूत तथा प्रेतले पनि मानिस मर्दछ भन्ने धारणा उनीहरूमा रहेको पाइन्छ भने अनैतिक कार्य गर्ने मानिस भने औलो, टिवी र कुष्ठरोगका प्रकोपले मर्दछ भन्ने धारणा यस समुदायमा रहेको छ।

बाँतरहरू पुनर्जन्ममा विश्वास गर्दछन् र उनीहरू मृतकको यस्तो जन्म अन्य जीवका रूपमा नभएर मानिसमा नै हुने मान्यता राख्तछन्। उनीहरू जीवनमा गरेको कर्मका आधारमा उच र नीच जातमा पुनर्जन्म हुने मान्यता राख्तै उसले जनावर र अन्य जीवनका रूपमा भने जन्मनु नपर्ने मान्दछन्। मृतक अकालमा मरेको नभएमा ऊ भूत नहुने, कर्मअनुसार कि स्वर्ग तथा कि नर्कमा गएर केही समय बसेपछि पुनः मानवका रूपमा यस पृथ्वीमा जन्मने सोच्तछन्। तर पनि अकालमा मरेमा, अनेक प्रकारका अपराध गरेको भएमा या पाप गरेमा उसको मृत्यु भएपछि भूत, प्रेत र पिचास भएर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

घुम्ने धारणा यस समुदायमा रहेको देखिन्छ। मृतकको आत्मा १२ दिनसम्म घरको छेउछाउमा घुमिरहने र त्यसपछि स्वर्ग या नरक जाने, फटाहाको आत्मा भने डरलाग्दो भूत भएर गाउँघरमा घुमिरहने, अविवाहिता केटी सहेलीनी नामक भूत बन्ने, केटाकेटीको छौराभूत हुने, गर्भवतीको भूतले केटाकेटी र गर्भवतीलाई मार्ने तथा सवै प्रकारका भूतहरू आँप, जामुन र बाँसका रूखमा बस्ने मान्यता यस समुदायमा रहेको पाइन्छ।

मृत्युका समयमा पूरा गरिने विधिविधान र संस्कार

मृत्यु हुन लागेको मानिसलाई तुलसीको पात र पानी दिने चलन बाँतर समुदायमा रहेको पाइन्छ। मृत्यु शय्यामा रहेकालाई ओछ्यानमा नै मर्न दिने, मृत्युपश्चात् गाउँघरमा खवर गर्ने, शवलाई सेतो कपडा कफनले ढाक्ने तथा यदाकदा शवलाई नुहाएर श्मशानतिर लाने कार्य पनि गरिन्छ। तर सामान्यतया बाँतर समुदायमा लासलाई नुहाउने चलन भने निकै कम छ। मृतकलाई बोक्नका लागि बाँसको थोरी या थथरी बनाउने, लाससँगै मृतकका लुगा र अन्य निजी सामान पनि बाँधेर श्मशानमा लैजाने चलन छ। यिनीहरूको शवयात्रामा कुनै पनि प्रकारको वाजा वजाउने तथा गीत गाउने र अन्य प्रकारका शब्दहरू उच्चारण गर्ने चलन छैन। शवसँगै एउटा सुराही, तोरी, घिउ, वन्चरो र कोदो लाने, महिला मलामी नजाने, लास लगेपछि घरआँगन गोबरपानीले लिपपोत गर्ने र लास लाँदा बाटामा तोरी छर्दै जाने आदि चलन रहेका पाइन्छन्।

बाँतर समुदायमा मृतकको लासलाई डढाउने, पुर्ने र वगाउने पनि प्रचलन छ। हाल आएर दाउरा महँगो हुँदै जाँदा सक्नेले लास डढाउने र नसक्नेले पुर्ने पनि गर्दछन्। उनीहरूको बेग्लै चिहान स्थान भने रहेका हुँदैनन्। चिहान कसले खन्ने भन्ने र चिहानको नाप कति हुनुपर्दछ भन्ने पनि कुनै नियम यस समुदायमा रहेको पाईंदैन। उनीहरूको भाषामा चितालाई अचिया भनिन्छ। दाहसंस्कार यस समुदायमा पनि जेठो छोराले गर्ने चलन छ। दविया र बन्चराको विंड तथा माटाको सुराही चितामा राख्ने तथा चिहानको छेउमा छाड्ने गरिन्छ। सापले टोकेको व्यक्ति र दाँत आउनुभन्दा अगाडि मर्ने बच्चाको शव भने नाङ्गै बनाएर पानीमा वगाउने परम्परा यस समुदायमा प्रचलित छ।

छरपतरी विधा

बाँतरहरूको मृत्युसंस्कारको एउटा विधाको नाम छरपतरी विधा हो। मृतकको लास हिंडाएपछि घरका महिलाहरूले घरका साना ठूला सबै माटाका भाँडाकुँडाहरू भेला पारेर नजिकको नदीमा लगेर फाल्ने चलन बाँतर समुदायमा प्रचलित छ, जसलाई छरपतरी विधा भनिन्छ। मृतकका ओड्ने र ओछ्याउने तथा लगाउने लुगाका साथमा अन्य वस्तुहरू पनि फाल्ने चलन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ । यदि नदी नजिकमा नभएमा ती सामानहरू नजिकको बाँसा या आँपको रूख भएको ठाउँमा फालिन्छन् । लास सेलाएपछि मलामीले खोला या नदीमा नुहाउने, यदि त्यहाँ नुहाउन उपयुक्त नभएमा घरमा आएर नुहाउने, दाहसंस्कारका समयमा छोराले सेतो कपडा घाँटीमा बाँध्ने र सेतो लुगा लगाउने, मलामीले हातमा ससाना सिन्का लिएर तिनलाई पछाडितिर फाल्दै घर फिर्ने, घरमा मलामी फिरेपछि भित्री आँगनमा धान र दूबो राखी आगो बाल्ने तथा मलामीलाई ती वस्तुहरू छुन लगाउने परम्परा यस समुदायमा प्रचलित छ । यदाकदा मलामी घर फिरेपछि तिनीहरूका खुट्टामा गोबर र पानी छर्कने पनि चलन छ । बाँतरहरूको मृत्युसंस्कार गर्ने कर्ताले लगाउने सेतो कपडालाई **भगुभा**, घाँटीमा बाँध्ने सेतो कपडालाई **उत्तरी** र मलामीले दाहसंस्कार पछि घर फिर्दा हातमा लिएर शिरपछाडि फाल्ने सिन्कालाई **पञ्चकथिया** भनिन्छ ।

आशौच बार्ने

बाँतरहरूको मृत्युमा घरतिरका दाजुभाइलाई १३ दिन तथा विवाहित छोरी, ज्वाइँ र ससुरालीलाई ३ दिन जुठो लाग्ने विश्वास छ । तर व्यवहारमा भने जेठो छोराले दाहसंस्कार गर्ने र १३ दिनसम्म जुठो पनि वार्ने गर्दछ भने अन्य सदस्यहरूले कडाइका साथ यस्तो नियमको पालना गर्ने गरेको पाइँदैन । यस समुदायमा विधवाले भने पति मरेको अर्को दिन चुरा फुटाउने तथा १३ दिने उसको जुठो बार्ने गर्दछिन् । उदयपुर भेगमा भने पतिको मृत्युमा त्यसै दिन चुरा फुटाउने चलन छ । बाँतरहरूमा आमा र वाबुको मृत्युमा १३ दिनसम्म क्रमशः दूध र दही खाने चलन छैन । त्यसपछि यस समुदायमा सालभर आशौच बार्ने तथा वार्षिक श्राद्ध गर्ने पनि चलन रहेको पाइँदैन । तर १३ दिनसम्मको विधि अनिवार्य रूपमा पूरा गर्नुपर्ने तथा ११ महिनामा वर्षी गर्ने चलन भने रहेको छ ।

दूधमुन्ना विधि

बाँतर समुदायमा मृतकको दाहसंस्कार गरेका दिन दाहसंस्कारका विधि पूरा भएपछि अन्य विधिहरू गर्ने चलन छैन । तर त्यसको भोलिपल्ट या दोस्रो दिन भने बाँतर समुदायमा घरको मूलढोकाको दायाँतिर एउटा सानो खाल्टो खनेर मलामी र मृतकका नातागोता सबै जनाले दूधमा पानी मिसाउने र त्यस खाल्टोमा खन्याउने गर्दछन्, जसलाई दूधमुन्ना विधि भनिन्छ । यसमा प्रत्येकले कटहरको पातका माध्यमवाट पाँचपाँच पटक पानी खन्याउनुपर्ने विधान छ । त्यस पानीले खाल्टो भरिएमा मृतक सन्तुष्ट भएको र नभरिएमा असन्तुष्ट भएको मानिन्छ । त्यस दिन आफन्त र मलामीलाई दूध, भात र खीर खान दिइन्छ, जुन दिन सागसब्जी र ऱ दाल खान भने बन्देज रहेको पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तरेता विधि

वाँतर समुदायमा प्रचलित मृत्युसंस्कारको विधिमा मृतकका लागि गरिने तेस्रो दिनको विधिलाई तरेता भन्ने गरिन्छ। यस विधिमा मृत्युसंस्कार सम्पन्न गर्ने कर्ता हजाम या भान्जासँग खोलामा गएर नुहाउने तथा दूधमा पकाएको पिण्ड मृतकलगायत अन्य २ पुस्ताका मृतकका नाममा सेलाउने तथा अर्पण गर्ने गर्दछन्। त्यस दिन पनि मलामी र आफन्तलाई भोज खुवाउन आवश्यक ठानिन्छ। यस दिन भने तिनीहरूलाई दाल, भात र तरकारीका साथमा कडी र वडीनामक खानेकुरा खुवाउन अनिवार्य ठानिन्छ।

चौथरी विधि

वाँतर समुदयमा मृतकको नाममा गरिने चौथो दिनको संस्कार या विधिलाई चौथरी विधि भनिन्छ। **हरसञ्चेसमेत** भनिने यो विधि पूरा गर्दा कर्ता, भान्जा र हजामसमेत नुहाईधुवाई चिहान या समाधि स्थानमा जाने र दुल्फी (basil) को एउटा बिरुवा रोप्ने कार्य गर्दछन्। यदि शवलाई डढाएको भएमा त्यसको खरानी भेला पारी खाल्टोमा राखेर तथा वगाएको भएमा नदीको किनारामा यस्तो बिरुवा रोप्ने तथा त्यसमा थोरै पानी हालेर छाड्ने चलन यस समुदायमा चलेको पाइन्छ।

सतलहन विधि

वाँतर समुदायमा मृत्यु भएको चौथोपछि सातौँ दिन अर्को विधि गरिन्छ, जसलाई **सतलहन** विधि भनिन्छ। त्यस दिन पनि कर्ता, भान्जा र गाउँको हजाम एउटा ढाकीमा पिण्ड, दही, दूध, पान र जौ वोकेर नदी या खोलाको किनारमा जाने, त्यहाँ बालुवाका सातवटा ससाना ढिस्का वनाउने तथा मृतकका र उसका बितेर गएका आफन्तका नाममा पिण्ड अर्पण गर्ने गर्दछ। यस क्रममा घर र मामलतिरका ३-३ पुस्तालाई पिण्ड दिने चलन छ। पिण्ड अर्पणपछि साथमा नदी या खोलामा लगिएका सामानहरू पनि उनीहरूका नाममा अर्पण गर्ने गरिन्छ।

दसही, नहकेस र बरोन विधि

बाँतर समुदायमा मृत्यु भएको दसौँ दिनमा गरिने विधिलाई **दसही विधि** भनिन्छ। यस दिन पनि कर्ता भान्जा र गाउँका हजामका साथमा खोलाकिनारमा गएर स्नान गर्ने तथा त्यहाँ मृतकका नाममा पिण्डदान गर्ने गर्दछ। यसै गरी एघार दिनको विधि **नहकेस** हो, जुन विधि पूरा गर्दा कर्ताले नङ र कपाल काट्ने तथा एघारवटा पिण्ड दिने र गाउँलेलाई दही तथा चिउरा खुवाउने गरिन्छ। यस्तै वाह्रौँ दिनको कार्यलाई भने **बरोन** भनिन्छ। बाँतर समुदायमा श्राद्धको मुख्य दिन वाह्रौँ दिन नै हो। उक्त दिन कर्ताले भान्जा र हजामका साथमा थालीमा अनेक प्रकारका खानेकुरा राखेर मृतकका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाममा अर्पण गर्दछ। त्यस दिन उसले मृतकका लागि जम्मा १२ वटा पिण्ड खोलामा सेलाउने गर्दछ। मृत्युसंस्कार गर्ने कर्ताले घाँटीमा लगाएको उत्तरीनामक सेतो कपडा त्यसै दिन उसका दिदीबहिनी या छोरीले खोलामा लगेर सेलाउने गर्दछन्। त्यसपछि उनीहरूको आशौच सकिएको मानिन्छ।

तेरोहोन्ता

बाँतर समुदायमा मृतकको नाममा गरिने तेरौँ दिनको कार्यलाई **तेरोहोन्ता** भनिन्छ। उक्त दिन आफन्त र मलामीलाई निम्ता दिएर दाल, भात, तरकारी र मासुलगायतका खानेकुरा खुवाउने चलन छ। त्यस दिन कर्ताले टाउकामा सेतो कपडा बाँधेर निम्तालुसँग चामल र पैसा माग्दछन्, जससँग ढक्की बोक्ने एउटा सहयोगी पनि रहन्छ। निम्तालुले पनि गच्छेअनुसार उसलाई चामल र पैसा दिने गर्दछन्। यो परम्परा मृतकका लागि गरिने एउटा आर्थिक सहयोगको स्वरूप पनि हो। यस कार्यलाई **भातकर्म** पनि भनिन्छ। त्यसपछि उनीहरू पुनः मृतकका नाममा एघारौँ महिनामा एक पटक वर्खी श्राद्ध गर्दछन् र मृत्युसम्बन्धी सम्पूर्ण कर्महरू सकिएको मानिन्छ। त्यसपछि भने मृतकका नाममा कुनै पनि प्रकारका श्राद्ध तथा अन्य प्रकारका कर्म गर्न आवश्यक ठानिँदैन।

बर्खी र अन्य विधि

बाँतर समुदायमा वर्खी श्राद्धमा पनि भान्जा र हजामको उपस्थिति अनिवार्य ठानिन्छ। वर्खीका अवसरमा पनि आफन्तहरूलाई निम्ता दिने तथा भोज खुवाउने चलन छ। यस दिनको भोजमा अन्य प्रकारका खानाका साथमा कडीवडी अनिवार्य रूपमा वनाउन आवश्यक रहेको सोचिन्छ। मृत्युसंस्कारका क्रममा कर्तालाई तेर दिनसम्म काम सघाउने एक जना व्यक्ति नियुक्त गरिएको हुन्छ, जसलाई **कथियार्ता** भनिन्छ। उसले नै संस्कारका विभिन्न कार्यहरू गर्न कर्तालाई सहयोग गर्दछ। यसै गरी १३ दिनसम्म नै कर्ताले खाना खानुभन्दा अगाडि केही खानेकुरा आँपको पातमा राखेर मृतकका नाममा अर्पण गर्ने गर्दछ, जसलाई भने **अगाँशन** भनिन्छ।

कर्तावाहेक बाँतर समुदायमा अन्य मानिसहरूले आशौच खासै कडाइका साथ भने वार्दैनन्। उनीहरूमा कर्तावाहेकका अरूले भने आशौचको समयमा पनि नुन र तेल खाने परम्परा छ। कर्ताले चाहिँ १३ दिनसम्म नुन, तेल र माछामासु खाँदैनन्। विधवालाई **मसोमाता** भनिन्छ, जसले आफ्नो पतिको मृत्युमा १३ दिन आशौच वार्ने र सेतो लुगा लगाउने गरेपछि पुग्दछ, त्यसपछि उसका नाममा यिनले कुनै पनि प्रकारका संस्कारहरू गर्न आवश्यक ठानिँदैन। आफन्त र नातागोताका मानिसहरूले जुठो बार्दा १३ दिनसम्म माछामासु खाँदैनन्। तर उक्त समयमा समेत जाँडरक्सी भने वार्न आवश्यक सोचिँदैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१८ महिनाभन्दा कम उमेरको वच्चा मर्दा नुहाए मात्र पनि पुग्ने, त्यसपछि १३ वर्षसम्मको भएमा ३ दिन आशौच बार्ने, दास बाँतर मरेमा उसको मृत शरीरलाई नुहाएर तेल लगाइदिने र सेलाउने तथा उसको श्राद्धका लागि दस जना दासहरू बोलाएर श्राद्ध गर्न लगाउने चलन यस समुदायमा रहेको छ। दास बाँतरको मृत्युसंस्कार गर्दा बाह्रौं दिन कीर्तन गरेर अन्त्येष्टि कार्य सकेको मान्दछन्। यसका लागि दही र चिउरालगायतका खानेकुराको व्यवस्था भने कर्ता या आफन्तले गर्न आवश्यक छ। यसै गरी उत्तराधिकारी नभएको मानिसको मृत्यु भएमा त्यसको अन्त्येष्टि गर्ने जिम्मा गाउँको प्रमुख या सरदारको हुन्छ। तर उसले दाहसंस्कार गरे पनि त्यस्तो व्यक्तिको आशौच भने वार्दैनन्। शवदाहपछि घरमा आएर एक कचौरा पानी खानेमा उनीहरू शुद्ध भएको मान्ने चलन छ।

परदेशमा मरेको मानिसको ढिला मात्र सूचना आएमा र लास नआएमा तथा हराएको मानिसको दाहसंस्कार गर्दा उसको नाममा कुशको दाह गर्ने चलन वाँतर समुदायमा चलि आएको छ। यसलाई **कुशपितर विधा** भनिन्छ। हराएको मानिसको कुशपितर विधाले अन्त्येष्टि गरिसकेपछि उक्त मानिस जिउँदो रहेछ र घर फिरेर आयो भने उसलाई अछुत मानिन्छ। उसकी श्रीमती विधवा नै मानिन्छिन् तथा उनले घरढुका या चुमन विधाबाट अर्को व्यक्तिसँग विवाह गर्न योग्य मानिन्छिन्। गर्भवतीको मृत्यु भएमा गाड्ने र विशेष गरी सप्तरी जिल्लातिर भने पेटको बच्चालाई वाहिर निकालेर अलगअलग गाड्ने चलन छ। कुष्ठरोगीलाई अछुत मानिने हुँदा पहिलेपहिले त्यस्तो रोगी मरेमा उसको शव चमारलाई दाह गर्न दिइन्थ्यो। यदि कसैले त्यस्तो लास छुनुपरेमा **गजगाङ** खान आवश्यक ठानिन्थ्यो। गोवर, माटो र पानीको घोललाई गजगाङ भनिन्छ।

वाँतर गाउँघरमा कसैको मृत्यु हुनासाथ कर्ताले आफन्त र भार **बोक्ने** साथीहरूलाई अनिवार्य रूपमा वोलाउन आवश्यक रहन्छ। तिनीहरूले १३ दिनसम्म कर्तासरह नून, तेल, मासु र जाँडरक्सी नखाई वस्तछन् र कर्तालाई पूर्ण रूपमा सरसहयोग गर्ने चलन छ। वार्षिक श्राद्धका समयमा पनि कर्ताले तिनलाई परिवारसहित बोलाउने चलन छ भने उनीहरू पनि यस्तो अवसरमा भार लिएर मृतक या कर्ताका घरमा आउँछन्। तिनीहरूले भारमा दही, चिउरा, चामल, सब्जी र सेतो धोती ल्याउँछन्। भार बोक्नेले साथी मर्दा उसको श्रीमतीलाई र वावु मर्दा उनकी आमालाई सेतो धोती भारका साथमा ल्याउने गरेका हुन्। त्यस्तै ज्वाइँको मृत्युमा जेठान भार लिएर जान आवश्यक छ, जसले भारमा बहिनीका लागि सेतो साडी लैजानुपर्दछ। सन्न्यास लिएका कविरपन्थी र रमौटपन्थीको दाहसंस्कार र अन्य विधि अखडामा नै गरिन्छ भने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गृहस्थ यस्ता पन्थीहरूको संस्कार भने अन्य गृहस्थीको सरह कर्ताले गर्ने चलन छ।

वास्तवमा बाँतर समुदायमा जन्मदेखि मृत्युसम्ममा गरिने संस्कारहरूको सङ्ख्या निकै कम रहे पनि यिनीहरूका विवाह र मृत्युसंस्कारका लागि भने कैयन् विधिविधानहरू रहेका पाइन्छन्। यिनीहरूमा मृत्युसंस्कार हिन्दू परम्पराअनुसार नै गरिए पनि यसमा प्राकृतिक विषयवस्तुको प्रभाव ज्यादा मात्रामा रहेको पाइन्छ। विशेष गरी मृतकका नाममा पानी र पिण्ड चढाउने तथा अनेक प्रकारका विधिहरू पूरा गरी १३ दिनसम्म आशौच बार्ने तथा एघार महिनामा वार्षिक श्राद्ध गरेर मृत्युसंस्कार सम्पन्न गर्ने चलन छ। त्यसवाहेक यस समुदायमा पितृ या मृतकका नाममा श्राद्ध गर्नेलगायतका कुनै पनि प्रकारका संस्कार तथा सम्झनाका कार्यहरू गर्ने चलन रहेको पाइँदैन।

सन्दर्भग्रन्थ

अल्टेकर, एएस्, **द पोजिसन अफ् उमन इन् हिन्दू सिभिलाइजेशन**, दिल्लीः मोतिलाल बनारसीदास, १९७३।

ऋग्वेद-संहिता , वाराणसी : चौखम्वा संस्कृत सिरीज , १९६६।

काणे, पाण्डुरङ्गवामन, **धर्मशास्त्रका इतिहास तृतीय सं. (भोल १-५)** (अनु. अर्जुन चौवे काश्यप), लखनऊः उत्तरप्रदेश हिन्दी संस्थान, १९९१।

खत्री, प्रेमकुमार, **नेपालको सामाजिक संरचना र धार्मिक मतहरू**, काठमाडौँः एम्के पब्लिसर्श एन्ड डिस्ट्रिव्यूटर्स, २०५६।

दाहाल, धरणीधर, **संस्कृति एक हामी अनेक**, सिक्किमः निर्माण प्रकाशन, २०५३।

दास, श्यामसुन्दर, **हिन्दी शव्दसागर भाग ९**, वाराणसीः शम्भुनाथ वाजपेयी, १९७२।

पाण्डे, राजवली, **हिन्दू धर्मकोश**, दोश्रो सं., लखनउः उत्तरप्रदेश हिन्दी संस्थान, १९८८।

मिश्र, जयशङ्कर, **प्राचीन भारतका सामाजिक इतिहास (छैटौं सं)**, पटनाः विहार हिन्दीग्रन्थ अकादमी, २००१ इ.।

शर्मा, राणाप्रसाद, **पौराणिक कोश**, वाराणसीः ज्ञान मन्डल लिमिटेड, २०२८।

क्षत्री, गणेशप्रसाद र सोमप्रसाद खतिवडा, **हिन्दू समाज र धर्म**, विराटनगरः शिवा प्रकाशन, २०५४।

क्षत्री, गणेश, **द बाँतर्स अफ् नेपाल**, (अप्र शोध प्रबन्ध), बिहारः भालगलपुर विश्वविद्यालय, १९९३।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुसहरजातिको सामाजिक संस्कार

–सन्तोषकुमार भगत

परिचय

नेपालको पूर्वी तराईका दलितहरूमध्ये जनसंख्याको हिसाबमा दोस्रो स्थानमा रहेका मुसहरहरू सामाजिक तथा आर्थिक हिसाबले निकै पिछडिएका छन्। आफ्नै मौलिक सामाजिक तथा सांस्कृतिक परम्परा भएका मुसहरहरूको जनसङ्ख्या सन् २००१ मा १,७२,४३४ रहेको छ। नेपालको ४० जिल्लामा फैलिएका भए पनि झापा, मोरङ, सुनसरी, सप्तरी, सिराहा, उदयपुर, सर्लाही, धनुषा, महोत्तरी, रौतहट आदि गरी १५ जिल्लाहरूमा उल्लेख्य रूपमा वसोवास गरेका मुसहरजातिको बसोबासको इतिहास किटान गर्न नसकिए पनि आजभन्दा करिब ३०० देखि ३५० वर्ष अघिदेखि नै यस जातिको बसोबास थियो भनी अनुमान गरिन्छ।

घुरिये (१९६१)ले मुसहरहरूको शारीरिक विशेषताहरू प्राग द्रविड प्रकारसँग मिल्दोजुल्दो भएकाले यिनीहरूलाई प्राग द्रविड प्रजातिअनुसार समावेश गर्न जोड दिएका छन्। यो जाति आर्यहरूले कामको आधारमा वर्गीकरण गरिएको वर्णव्यवस्थाअन्तर्गत अनार्य वा दस्युबाट शूद्र वर्णमा भित्रिएको हुनुपर्दछ भन्ने कुरामा जोड दिएका छन्। (दाहाल २०५३) डोरवहादुर विष्टका अनुसार भारतमा पाइने चराचुरुङ्गी मारी खाने घुमन्ते जातिको एक शाखाका रूपमा विकसित र विस्तारित भएको यो जाति नेपालमा कृषि मजदुरी गरेर जीवन निर्वाह गर्ने खत्वे जातिका रूपमा मुसहरजातिलाई लिइन्छ। रिज (१९८१) का अनुसार मुसा र हर शब्दको अर्थ मुसा समात्ने र मुसा खाने जात भएकाले यिनीहरूलाई मुसहर भनिएको भनेका छन्। त्यस्तै नेसफिल्ड (१९८५) ले मुसहरहरूलाई मुसेरा (MUSHERA) भनेका छन् जसको सामान्य अर्थ मुसा समात्ने भन्ने लाग्दछ। नेपालका मुसहरहरू आफूहरू रामायणका रचयिता वाल्मिकी ऋषिका सन्तान भएको ठान्दछन्। श्रेष्ठ, प्रधान (१९७५)। यिनीहरू आफूलाई ऋषिदेव, सदा, मण्डल भन्न रुचाउँछन्।

मुसहरजातिमा अन्य जातिहरू जस्तै विभिन्न किसिमका थर तथा गोत्रहरू हुने गर्दछन्। आफ्नो थर तथा गोत्रलाई यिनीहरू आफ्नो भाषामा 'पङ्गहेत' भन्ने गर्छन्। यस जातिभित्र तिरौतिया, सिनौरिया, कटहरिया, वेसवरिया, मइँदा, ढोलपिल्टा, कन्नोजिया, मघैया, तिस्विया र मटगमिया गरी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दसवटा थरहरू भेटिन्छन् । यी थरहरूको उत्पत्ति पारम्परिक बसाइको थलोको नामबाट रहन गएको देखिन्छ । यी थरहरूमध्ये नेपालमा तिरौतिया थर अधिकांश रहेको देखिन्छ र साथै यो थर समाजमा स्तरको हिसाबले अन्य थरभन्दा उच्च स्थानमा रहेको छ ।

भारतमा अनुसूची जातिमा रहेका मुसहरहरू नेपालमा सुरुमा आप्रवासीको रूपमा भारतबाट आएका हुन् । क्षत्री र दाहाल (२०५४) का अनुसार मुसहरहरू भारतको बिहार राज्यको सरसहा, दरभङ्गा, पूर्णियाँ, भागलपुर, अररीया आदि जिल्लाहरूबाट अठारौँ शताब्दीको सुरुवातदेखि उन्नाइसौं शताब्दीको अन्त्यसम्ममा बसाइँसराइ गरिआएका हुन् । उस बेलाको राणा सरकारको "रस्ती रसाउने, बस्ती बसाउने" नीति, नेपाल-भारतको खुला सिमाना, भारतको बङ्गाल र बिहार राज्यमा आइरहने प्राकृतिक प्रकोप र अनिकालले पनि मुसहरहरूलाई नेपाल प्रवेश गराएको हो । क्षत्री र दाहाल (२०५४) । नेपालमा खेतीयोग्य जमिनका लागि वनफँडानी गर्नुपर्ने र त्यसताका तराईमा औलोको प्रकोप भएको र यस मुसहरजातिमा औलोको प्रकोप पचाउने क्षमता बढी भएका कारण वनफँडानी गर्ने, रूख काट्ने काममा मुसहरहरूलाई प्राथमिकता दिइन्थ्यो ।

मुसहरहरू आफूहरूलाई हिन्दू भन्दछन् तर यिनीहरूको कर्मकाण्ड, विधिविधान तथा धार्मिक क्रियाकलाप अन्य हिन्दूहरूभन्दा फरक छ । यिनीहरू धामी, झाक्री बोक्सी, तथा प्रेतात्मा आदिमा निकै विश्वास गर्छन् । देवताहरूभन्दा देवीहरूलाई बढी शक्तिशाली ठान्ने यिनीहरू हिन्दूका देवीदेवताका साथै आफ्ना देवीदेवता (मुशन, सकुन, कंश, कैलु, रेनु, तिला र लक्तेर) गरी सात सरदारको पूजा उपासना गर्दछन् । मुसहर टोलमा माटोको चारकुने वा गोलो ढिस्को बनाई आफ्ना पुर्खा दिना र भद्रीको स्थायी थान मानेर वर्षमा एक पटक सामूहिक रूपमा पूजा गर्दछन् । यसका साथै मुसहरहरू आफ्नो वस्तीवरपर भएका खोला, नदी, इनार, पोखरी आदिको पनि पूजा गर्छन् । त्यसै गरी वरपीपल, केरा, आँप, बाँस, निम, तुलसीको बोटलाई पनि पूजा गर्छन् । तथापि यिनीहरूको आस्था हिन्दू धर्मसँग मिल्ने भएपनि नेपालमा यिनीहरूको सामाजिक स्थिति पानी नचल्ने अथवा अछुत जातको रूपमा रहेको छ । कानुनी रूपमा छुवाछुत परम्परामा बन्देज भए पनि व्यावहारिक रूपमा यो मुसहर समुदायमा अहिले पनि छुवाछुत प्रथाबाट उत्पीडित वर्गको रूपमा रहँदै आएको छ । तर घरको अन्य कार्यमा लगाउने, खेतबाट धान ल्याउने भएकाले हाल यिनीहरूलाई घरमा प्रवेश गर्नसम्मचाहिँ दिइन्छ ।

पितृसत्तात्मक पारिवारिक प्रथामा बाँधिएको यो समाजको सामुदायिक नेतृत्व "मडर" अथवा "माइजन" ले गर्दछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यिनीहरूको समाजमा अगुवा नाइकेको रूपमा मडरलाई लिइन्छ। मडरले त्यहाँका समस्या, झैझगडा, विहेवारी गराउने केही अपराध गरेमा सजाय आदि दिने काम गर्दछ। यहाँको कुनै पनि समस्या सरकारी निकायमा नगई मडरकोमा जाने गर्दछन्।

१. जन्मसंस्कार

मुसहर समुदायमा स्त्रीपुरुषवीचको यौनसम्वन्धसम्वन्धी कुनै विधिविधान छैन र साथै ब्राह्मण, क्षत्री जस्तो चाडपर्व, व्रत, एकादशी आदि दिनमा सहवास गर्नु हुँदैन भन्ने धारणा पनि छैन। गर्भवती भएपछि गर्भ सुरक्षित रहोस् भन्ने उद्देश्यले गर्भवती महिलाले पोठी र वुहारी माछा नखानु, गर्भ रहेको पाँचौं महिनादेखि सुत्केरी भएको एक महिनासम्म सहवास नगर्नू, मसान नजानू, खोला नतर्नू, रातको समयमा हिँडडुल नगर्नू, मारकाट नगर्नू आदि कार्यलाई विशेष रूपले वर्जित गरेका छन्। गर्भिणी महिलाले खानामा प्रायः भात, दाल र रोटी खाने गर्दछन्। यिनीहरूमा हरियो तरकारी गर्भिणीहरूले खानु हुँदैन भन्ने मान्यता छ। यसले आमा र वच्चा दुवैको स्वास्थ्यलाई हानि पुऱ्याउँछ भन्ने सोच रहेको छ। यसले गर्दा धेरै महिलाको स्वास्थ्य कमजोर रहेको पाइन्छ। यो समुदायले छोरा वा छोरी दुवैको जन्मलाई वरावर खुसीसाथ मनाउँछन्। सन्तान जे जन्मे पनि ईश्वरको देन अथवा वरदान ठान्दछन्। मुसहरजातिमा गर्भिणीले केरा, मेवा आदि खाने इच्छा गरेमा गर्भको वच्चा छोरा र रोटी र अचार आदि खाने इच्छा गरेमा गर्भको वच्चा छोरी हुने विश्वास गरिन्छ।

सुत्केरी हुने समय भएपछि गर्भवती महिलालाई छुटै कोठामा लगेर राखिन्छ जसलाई उनीहरू सौरीघर भन्दछन्। स्वास्थ्यचौकी अथवा अस्पतालमा भर्ना गर्ने चलन खासै पाइँदैन। केही गम्भीर अवस्थामा वाहेक गर्भवती महिलालाई अस्पताल जाँदैनन्. यो चेतनाको कमीको कारण भएको हो। सुत्केरीका लागि सुँडेनीको व्यवस्था गर्दछन् जसलाई उनीहरू "दगरिन" भन्दछन्। यी सुडेनीहरू परिवार नियोजन संस्थावाट केही तालिम प्राप्त गरेको देखिन्छ। यसैले सुत्केरी हुन सहयोग गर्ने, नवजात शिशुलाई सरसफाइ गर्ने र सालनाल काट्ने काम गर्छन्। सुत्केरी भएको पाँच दिनसम्म सूतक वार्ने चलन छ। सुत्केरी भएको वेला पौष्टिक खाना खुवाउनुपर्ने भए तापनि आर्थिक अभावले भात, नुन र अदुवा खान दिने गर्छन्। केही आर्थिक रूपले सम्पन्नहरूले भने मासु तथा अन्य तरकारीहरू खुवाउने गर्छन्। यस अवधिभर सुत्केरी र वच्चा दुवैलाई सौरीघरमा राख्ने तथा कुनै किसिमको कर्मकाण्ड वा धर्मिक कार्य नमनाउने चलन छ। सुत्केरी भएको छैटौं दिन विशेष विधि गरिन्छ जसलाई छठियारी भन्ने चलन छ। यस दिनभन्दा पहिला आमा र वच्चा दुवैलाई सौरीघरभन्दा वाहिर जान वर्जित छ। वच्चाको आमाले पानीको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्रोत जस्तै धारा, कुवा आदिमा गई दूबो, बेसार, धान आदि चढाई पूजा गर्ने गर्छन् । त्यसपछि उनी शुद्ध भएको मानिन्छिन् र यसपछि पानी छुन पाइन्छ । घरको अन्य कामकाज गरे पनि पूजा गर्दा एउटा लोटामा पानी राखी पाँच ठाउँमा । त्यसपछि त्यो लोटाको पानी सोही धारा वा कुवामा चढाउँछन् । दुई महिनासम्म मन्दिरमा गई पूजा गर्न भने पाउँदैनन् । यस दिन घरआँगन लिपपोत गरी सफा गर्ने, आमा र बच्चालाई नुहाई सफा पार्ने, हजाम बोलाएर नङ काट्ने साथै अल्ता (रातो रङ) नङ मा लगाइदिने गर्छन् । यसै दिन बच्चाको नाम राख्ने, सिन्दूरमा पानी भिजाएको सूतीको धागोलाई हात, खुट्टा, कम्मर र घाँटीमा बाँध्ने गर्छन् यसले बच्चालाई नराम्रो दृष्टिले बचाउँछ भन्ने विश्वास गरिन्छ । यसपछि सुँडेनीले बच्चालाई लिई चारै दिशातर्फ देखाउने चलन छ । यसपछि आमा र बच्चालाई नदी वा खोला तर्न स्वतन्त्रता हुन्छ । सुँडेनीलाई सारी, चुरा, सिन्दूर तथा नगद पैसा दिइन्छ । बच्चाको नाम जन्मेको बार, महिना, शारीरिक बनावट, घटेको घटना वा देवीदेउताको नाममा राख्ने चलन छ ।

१.१. पास्नी

मुसहरहरूमा पास्नीको चलन अनिवार्य रूपमा छैन । आर्थिक रूपमा सम्पन्नहरूले चाहिँ ५ देखि ६ महिना लागेपछि बच्चाले अब ठोस खाना खान सक्छ भन्ने विश्वासले खासै कुनै विधि नगरी बच्चालाई खुवाउने चलन छ । पहिला बच्चालाई आमाको दूध साथै अन्य झोल पदार्थ खुवाउँछन् । त्यसपछि बिस्तारै ठोस पदार्थ पनि खुवाउन थाल्छन् ।

१.२. मुण्डन

मुसहरहरूमा यो संस्कार पनि अनिवार्य मानिँदैन । केही हुनेखानेले बालक ५ वर्षको भएपछि निश्चित दिन तोकी परिवार र आफन्तको उपस्थितिमा बालकलाई आमाको काखमा राखी हजामद्वारा कपाल काट्छन् सो कपाल भुइँमा खसेमा बालकलाई अनिष्ट हुनेछ भन्ने अवधारणाले आमाले आफ्नो आँचलमा कपाल थाप्ने चलन छ । मुण्डनक्रिया गर्नु एक दिनअघि आफ्ना कुलदेवता तथा घरका अन्य देवीदेवताको पूजा गर्ने चलन छ । यसरी काटेको कपाल नदीमा सेलाउने अथवा बाँसको झ्यागमा फाल्ने गर्दछन् । कपाल नदीमा सेलाएमा पानी निरन्तर बगेजस्तै कपाल पनि निरन्तर आइरहन्छ र बाँसमा फाले बाँसको झ्याङ मौलाएजस्तै गरेर मौलाइरहन्छ भन्ने विश्वास छ । मुसहरजातिमा विभिन्न किसिमको प्रथाहरू रहेको छ । मुण्डन प्रक्रिया सम्पन्न भएपछि पाठी काटेर भोज खुवाउने चलन छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. विवाह

मुसहरहरू वंश निरन्तरता दिन, मृत्युपछि मोक्षका लागि पिण्ड दिन तथा आफ्नो शारीरिक आवश्यकता पूरा गर्न विवाह गर्ने गर्छन् । यिनीहरूमा बालविवाह पाइँदैन, वयस्क भएपछि नै विवाह गर्छन् । साधारणतया केटा १८ वर्ष पुगेपछि र केटी १५ वर्ष पुगेपछि विवाहका लागि योग्य मानी विवाह गरिदिने चलन छ । अन्तरविवाहको परम्पराअनुसार यिनीहरू आफ्नो जातिभित्र तथा आफ्नो गोत्रबाहिर विवाह गर्दछन् । साथै आफ्नो कुलदेवता मिल्ने समूहभित्र विवाह गर्दैनन् । आफूभन्दा जेठो दाइ अथवा दिदी भएमा उसको विवाह नगरी सानो भाइ वा बहिनीको विवाह गर्दैनन् । यो जातिमा कुमारित्वलाई त्यति महत्त्व दिएको पाइँदैन । एकपल्ट गर्भ तुहाइसकेको, अरू नै कोहीसँग भागेर फेरि फर्की आएको अथवा विधवा आइमाईसँग विवाह गर्नु एक सामान्य प्रक्रिया मानिन्छ ।

विवाहका लागि वरबधू छनोट गर्दा विभिन्न गुणहरूलाई प्राथमिकता दिइन्छ । सर्वप्रथम आफ्नो कुलघरानसँग मेल खान्छ वा खाँदैन । गोत्र तथा आफ्नो कुलदेवता मेल खाएन भने केटा शारीरिक रूपले बलियो, अपाङ्गता नभएको, सामाजिक विकृतिमा नलाएकोलाई उपयुक्त मान्छन् भने केटीको हकमा भने रजस्वला नभइसकेको केटी विवाहका लागि योग्य मानिँदैन । तर गर्भ तुहाइसकेको वा एकपल्ट पोइला गएकी केटीलाई भने विवाहको लागि अयोग्य ठानिँदैन । घरको कामकाज गर्न जान्ने कृषिकार्य गर्न सक्ने घरमा सबैसँग मिलेर बस्न सक्ने तथा अन्य कुनै सीप भएकीलाई विशेष प्राथमिकता दिइन्छ ।

विवाहका लागि कुनै शुभसाइत वा दिन जुराइराख्नु जरुरी नभए पनि माहिनाको हिसावमा मङ्सिर, माघ, फागुन र वैशाख महिनालाई विवाहका लागि शुभ महिना मानिन्छ । विवाह गर्दा कुनै पुरोहित, ग्रन्थ वा मन्त्रको प्रयोग नगरिने भएकोले विवाहलाई विधिवत् संस्कार मान्न सकिँदैन र यसैकारणले लोग्नेको मृत्युपछि विधवाले कुनै पतिव्रता धर्म पालना गर्नु पर्दैन । विधवा विवाह, पुनर्विवाह वा सम्वन्धविच्छेद गरी स्वतन्त्र भई बस्ने परम्परा रहिआएको छ । मुसहरजातिमा विभिन्न किसिमका विवाहका प्रथाहरू रहेको छ, जुन निम्न प्रकारका छन् ।

२.१. विवाहका प्रथाहरू

२.१.१. घरढुकी प्रथा

मुसहरहरूमा एउटा अनौठो विवाहको प्रथा छ । जसलाई यिनीहरू घरढुकी प्रथा भन्छन् । यसअन्तर्गत कुनै केटीले आफूलाई मन परेको केटाको घरमा थाहा दिई वा नदिई प्रवेश गर्छन । त्यसपछि गाउँघर भेला भएर कसका लागि घरढुकी गरेको भनेर सोध्छन् र केटीले जसलाई मन पराएको हो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बताउँछे, यदि उक्त केटाको पनि मन्जुरी भएमा दुवैको विवाह विधिवत् भएको ठानिन्छ तर केटाले असहमति जनाएमा घरढुकी असफल मानिन्छ। यस्तो प्रथा प्रायः एकअर्का बीचमा माया प्रीति हुनेहरूका बीचमा गर्ने र प्रभावकारी पनि हुन्छ।

२.१.२. गोलट प्रथा

यसमा दुई परिवारबीच छोरा र छोरी साटासाट गरी विवाह गरिन्छ। यसलाई अदलाबदली प्रथाको रूपमा लिन सकिन्छ। यसो गर्दा खर्च कम लाग्ने, तिलक सामान्य केही विधि मात्र पूरा गर्नलाई दिन पर्ने तथा समयको पनि बचत हुने रूपमा लिने गरिन्छ। यसअन्तर्गत जेठो छोराको विवाह जेठी छोरीसँग र माइलासाइँला आदिको पनि क्रमशः त्यही रूपमा हुने गर्दछ। आफ्नो छोराको लागि अर्को घरकी छोरी ल्याउने तथा त्यस घरको छोरालाई आफ्नो छोरी दिने पनि चलन छ।

२.१.३. मइन प्रथा

यसअन्तर्गत यदि केटीपक्ष आर्थिक रूपले अशक्त भएमा केटातर्फबाट ब्याज नलिई केही आर्थिक सहयोग ऋणस्वरूप प्रदान गरी विवाह गरिन्छ। सो रकम पछि किस्तावन्दी वा एकमुष्ट रूपमा २ वर्षभित्र फिर्ता गर्नुपर्ने हुन्छ। यस प्रथाबाट आर्थिक रूपमा विपन्न परिवारलाई आफ्ना छोराछोरीको विवाह गर्न निकै राहत मिलेको छ।

२.१.४. पुनर्विवाह प्रथा

यदि स्वास्नी बाँझो भएमा, छोरा पाउन नसकेको खण्डमा, रोगी भएमा वा अन्य पुरुषसँग अनैतिक सम्बन्ध राखेमा लोग्ने मानिसले पुनर्विवाह गर्ने चलन छ। कतिपय घरहरूमा लोग्नेले २-३ वटा स्वास्नीसम्म विवाह गरेको पाइन्छ। साथै स्वास्नीमान्छेले पनि लोग्नेले छाडेमा, लोग्नेले पालन पोषण गर्न नसकेमा, लोग्नेलाई कुनै ठुलो रोग लागेमा वा लोग्नेसँग असन्तुष्ट भएमा अन्य पुरुषसँग विवाह गर्ने चलन छ।

२.१.५. विधवा विवाह

लोग्नेको मृत्यु भएको खण्डमा र विधवा भई बस्न नचाहेको खण्डमा विवाह गर्न चाहनेलाई विवाह गर्ने स्वतन्त्रता यस समुदायमा छ। प्रायः विधवाहरू घरढुकी प्रथाबाट अन्य पुरुष प्रायः जस्तो विधुरहरूसँग पुनर्विवाह गर्दछन्। यसरी विधुर र विधवाको अवस्थामा विधुर नै विवाह गरेको विधवाको घरमा बस्ने परम्परा रहे पनि हाल आएर सामाजिक परिवर्तनले गर्दा स्वास्नी नै लोग्नेको घरमा आएर बसेको देखिन्छ। यसै गरी सिन्दूरदान गर्दाको गोडाको बूढी औँलाले सिन्दूर लगाउनुपर्ने चलन भए पनि हाल हातैले लगाउने परम्परा छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२.१.६. देवर विवाह

दाजुको मृत्यु भएको खण्डमा देवरले भाउजूसँग विवाह गर्न पाउने चलन छ। साथै देवरले भाउजूसँग सहवास गरेमा अनिवार्य रूपमा भाउजूसँग विवाह गर्नुपर्ने बाध्यता छ। यदि विवाह गर्न नमाने "मडर" ले गाउँ जम्मा गराएर उसको विवाह गराउँछन्।

२.२. विवाहका विधि

विवाह गर्दा कुनै ब्राह्मण, ग्रन्थ, मन्त्र अथवा शास्त्रीय विधिविधान नभए पनि निश्चित कर्मकाण्ड गर्नुपर्ने प्रावधान छ। यस समुदायमा विवाहको विधि पूरा गर्न लगभग ६ देखि ७ दिनसम्म लाग्छ। मागी विवाह, प्रेमविवाह विशेष गरी प्रचलनमा रहेको यस समाजमा घरढुकी विवाहको अनौठो प्रचलन छ। आमाबुबा तथा आफन्तबाट नै केटा तथा केटी खोजिदिई विवाह गराउने नै पारम्परिक सामाजिक व्यवस्था रहेको छ। परम्परागत रूपमा ७ देखि ९ दिन लाग्ने भनिए पनि हाल ५ देखि ७ दिनमा सकिने वैवाहिक कार्यक्रम भए पनि वैवाहिक प्रक्रिया भने लामो नै रहेको छ। विवाहविधि क्रमबद्ध रूपमा निम्न प्रकारको छ :

२.२.१.देखासुनीविधि

प्रारम्भिक केटा वा केटी खोज्ने क्रमलाई देखासुनीविधि भनिन्छ। यसमा केटीका तर्फबाट केटाकोमा केही नातेदार वा केटीको बाबु स्वयं गई कुरा गर्ने परम्परा छ। यसै गरी केटाको घरबाट पनि केटीकोमा गई कुरा गर्ने तथा गरगहना तथा नगद पैसासमेत एकअर्कामा आदानप्रदान गर्ने चलन छ। कतैकतै केटा स्वयं पनि जाने परम्परा छ। उपहार आदानप्रदानको क्रममा केटाको बाबुले केटीको बाबुलाई पान, सुपारी र केही पैसा दिन्छन् जसलाई "कथवनी" भनिन्छ।

२.२.२.डिही मिलावनविधि

देखासुनीविधिपछि केटा र केटी दुवैतर्फबाट कुलदेवता तथा गोत्रबारेमा छलफल गरी विवाह गर्न मिल्ने अथवा नमिल्ने भनि निर्णय गर्ने परम्परालाई डिही मिलावन विधि भनिन्छ। यसअन्तर्गत बुवातर्फका सात पुस्ता, आमातर्फका तीन पुस्ता र कुलदेवता एकै मिल्न गएमा विवाह गर्न नसकिने नियम छ। विगतमा यो जातिमा नौ पुस्तासम्म बार्ने चलन थियो तर हाल आएर उपयुक्त केटा र केटी आफ्नै गाउँसहरमा पाउन समस्या भएको कारणले बुबाको सात र आमाको तीन पुस्ता मात्र बार्ने चलन चलेको छ।

२.२.३. पान चडियाविधि

केटाकेटी दुवैतर्फबाट गोत्र अथवा कुलदेवताका निमित्त अवरोध नभएमा विवाहको दिन तोक्ने कार्यलाई पानचडियाविधि भनिन्छ। यसमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

केटीपक्षबाट केहि व्यक्तिहरू पान, सुपारी, मिठाई, कपडा आदि लिई केटाको घरमा गई केटालाई दिन्छन् र सोही बखत विवाहको तिथि तय गर्छन् । यस दिन केटाकोमा गएका व्यक्तिहरू त्यहीँ बास बस्छन् र केटा पक्षलाई त्यो दिन तिनीहरूका लागि भोज गर्नुपर्ने हुन्छ ।

२.२.४.मटकोडविधि

यसअन्तर्गत साँझमा केटा तथा केटी दुवै पक्षका आइमाई तथा केटा केटीहरू परम्परागत गीत गाउँदै ढोल बजाएर नदी, पोखरी वा कुवा आदि पानीका स्रोत हुने ठाउँमा जान्छन् र केही माटो कोदालोले खनेर त्यस माटोलाई पूजा गरी घर लिएर आउँछन् । यसरी पूजा गर्दा माटोलाई फूल, अविर तथा चामलले पाँचदेखि सातपल्टसम्म पूजा गर्नुपर्ने हुन्छ ।

२.२.५.तेलकासा तथा कुमरनविधि

यसमा कासा (चामलको पीठो), तेल, बेसार, आदि मिसाई लेप बनाएर केटा र केटी दुवैलाई उनीहरूका काकीहरू, भाउजूहरू अथवा सो नभएमा दिदी बहिनीहरूले जीउमा लगाइदिने गर्छन् । यसलाई तेलकासाविधि भनिन्छ । सो गरेमा बेहुला र बेहुलीको शरीर गोरो, चम्किलो र चिल्लो हुन्छ भन्ने विश्वास गरिन्छ । तेलकासाविधिपछि केटा र केटी दुवैले आआफ्नो घरनजिक रहेको कुवा, खोला वा अन्य पानीको स्रोतमा गई पूजाआजा गर्छन् जसलाई कुमरनविधि भनिन्छ । पूजा गर्दा फूलअक्षता चढाउनुका साथै परेवाको बलि दिने चलन छ ।

२.२.६. लावाविधि

बेहुलाको भिनाजु वा ज्वाइँ र सो नभए दिदी वा फुपूले धानको लावा भुट्छन । सो लावाले घरमा देवीदेवताको पूजा गरी सोही लावा विवाहको अन्य सामग्रीका साथै जन्तीसँग लगेर केटीको घरमा बनाइएको मण्डप (विवाहस्थल) लाई पनि पूजा गर्ने चलन छ । लावा बनाउँदै गर्दा महिलाहरूले गीत गाउने गर्छन् जसमा लावा चाँडै भुट, ढिलो भयो भन्नेजस्ता आशय हुन्छ ।

२.२.७. मडुवा बनावनविधि

वेहुलीपक्षले आफ्नो घरमा विवाहस्थलको निम्ति बनाउने जग्गेलाई मडवा भनिन्छ । यो बनाउँदा बाँसको पिलर राखेर वरिपरि रङ्गीविरङ्गी धागो, कागज, बत्ती आदिले सजाइन्छ । केटी स्वयंले ल्याएको गाईको गोबरले लिपपोत गर्दछन् र मडुवा प्रायः अविवाहित पुरुषले बनाउने गर्दछन् । मडुवा प्रायः आफ्नो घरको आँगनमा बनाइन्छ र यो नै वैवाहिक कार्यक्रम गर्ने स्थल हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२.२.८.विलौकीविधि

यो केटीपक्षका केही गीत गाउने केटी तथा आइमाईहरू मिलेर साँझपख गीत गाउँदै पैसा तथा खाद्य सामग्री गाउँभरिबाट सङ्कलन गर्ने कार्य हो। यसमा आइमाई तथा युवायुवतीहरू गीत गाउँदै गाउँभरि घुम्छन्। यो विधि जन्ती आउनुभन्दा अघिल्लो दिन गरिन्छ। मुसहरहरूको आर्थिक अवस्था अत्यन्त कमजोर भएकोले आर्थिक सहयोग बटुल्न यो विधि गरिन्छ। यस विधिले मुसहर परिवारको छोरीहरूको विवाहलाई निकै राहत दिएको छ।

२.२.९.बरयाती प्रस्थानविधि

केटाको साथमा अन्य जन्तीहरू केटीको घरमा प्रस्थान गर्ने विधि हो। बरियाँतमा केटाको दाजुभाइ, मामा, भान्जा, काका, ज्वाइँ, भिनाजु अनिवार्य रूपमा उपस्थित हुनुपर्छ। बेहुलाले अनिवार्य रूपमा पहँलो रङको फेटा जसलाई उनीहरू "पगरी" भन्छन् अनिवार्य रूपमा लगाउनुपर्छ र आँखामा गाजल तथा प्रायः धोती र कुर्ता लगाउने चलन छ। बेहुलालाई प्रायः दिदी, फुपू, तथा भाउजूहरूले शृङ्गार गरिदिन्छन्। जन्ती जाँदा बरियाँतको सात रङका एकएक टुक्रा कपडा, अविर, घिउ, जौ, कुश, तिल, चुरा, सिन्दूर, ऐना, काइँयो, बेहुली शृङ्गारका सामान तथा लुगाकपडा अनिवार्य रूपले लिएर जानुपर्दछ। यसरी लिएर गएको सामान जन्तीको केटीको घरमा पुगिसकेपछि घरको आँगनमा सबैले देख्ने गरी फिँजाएर राख्नुपर्छ। केटापक्षले बेहुलीको लागि केके लिएर गएका हुन् सो केटीका नातेदार तथा अन्य गाउँलेहरूलाई देखाउनलाई यो गरिन्छ। जन्ती प्रस्थान गर्नुअघि बेहुलाले आफ्नो घरको सबै देवीदेवता साथै बाटोमा पर्ने मन्दिरमा समेत ढोगेर आशीर्वाद लिने गर्छन्। जन्ती कहीँकहीँ बयलगाडामा अन्यथा हिँडेर नै जाने गर्दछन्। केटीको घर पुगेपछि बेहुला तथा जन्तीलाई केटीपक्षले स्वागत गर्दछन्।

२.२.१०.तिलकविधि

अन्य जातिमा भएको दाइजो प्रथा नै तिलक हो। यो जातिमा दाइजो ठूलो धनराशिमा नदिइने भए पनि आफ्नो सामर्थ्यअनुसार कपडाहरू तथा अन्य गरगहना, घडी, रेडियो जस्ता केही इलेक्ट्रोनिक्स सामान आदि दिने गरिन्छ। केटीतर्फबाट विवाह तय गर्दा केटालाई कपडा, गहना, साथै अन्य सामानहरू दिन्छु भनी कबोल गरेको हुन्छन्। सोही कबोल गरेको सामान केटीतर्फबाट केटालाई दिने विधि नै तिलक हो।

२.२.११.ठोगरविधि

तिलक गरिसकेपछि केटा र केटीलाई मडुवामा लगेर पूर्वपट्टि फर्काएर राखिन्छ। केटाको तर्फबाट ल्याएको कपडा तथा गरगहनाहरू केटीलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लगाएर मात्र मडुवामा ल्याइन्छ। एउटा लोटामा आँपको डाँठपातसहितको राखेर त्यसमा पानी भरिन्छ। त्यस आँपको डाँठमा केटीको लम्बाइ एउटा धागोले नापेर सो धागो डाँठमा बाँधिन्छ। त्यसपछि केटातर्फबाट ल्याएको धानलाई ओखलमा पिँधी त्यसबाट बनेको केही दाना केटा र केटीतर्फमा अभिभावकले लिई आँपको पातमा आआफ्नो तीन पुस्ता लेखेर सो पातमा ती दाना बेरेर जन्तरमा राखी केटापट्टिले बनाएको जन्तर केटीलाई र केटीपट्टिले बनाएको जन्तर केटाको पाखुरामा बाँधिदिन्छन्। आँपको पातलाई यस जातिले विवाहको साक्षीको रूपमा लिने गर्दछन्। यो विधि गर्दा केटाको भान्जालाई सबै कार्य गर्ने ब्राह्मणका रूपमा लिइन्छ। यसका अतिरिक्त केटीको दिदी, भाउजूहरू तथा एउटा हजाम पनि बस्ने गर्दछ।

२.२.१२.सिन्दूरदानविधि

केटाले केटीको सिउँदोमा सिन्दूर हाल्ने विधि हो। यो विधि मडुवाभित्र नै गरिन्छ। मडुवाभित्र केटा र केटीलाई काठले बनाएको पिर्कामाथि पलेटी कसेर बस्न लगाइन्छ। त्यसपछि केटा र केटीको हातमा दहीको भाँडो, दूबो, धान र सिन्दूर राखी त्यसबाट केटीपट्टिका हरूले केटीको हातको दही, दूबो, धान आदि लिई केटालाई छर्किदिन्छन् र केटाको हातबाट लिई केटीलाई पाँच पटक छर्किदिन्छन्। यसपछि केटीको टाउकोमा तेल हाली केटाले पाँच पटक सिउँदोमा सिन्दूर लगाइदिन्छन्। उक्त सिन्दूर लगाएको दृश्य अरूले देख्नु हुँदैन भन्ने जनधारणाले सो बखत तिनीहरूलाई सेतो कपडाले छेकिन्छ साथै सिन्दूर भुइँमा खस्नु हुँदैन भन्ने मान्यताले गर्दा केटीको निधारनिर केही थाप्ने चलन छ।

२.२.१३.सनाइबाटविधि

यो केटा र केटी एकअर्कालाई आआफ्नो रगत चखाउने विधि हो। यसमा केटा र केटी दुवैको हातको कान्छी औंलामा सानो चिरा पारी रगतको केही थोपा निकालिन्छ। यसमा केटा र केटीको कान्छी औंलाबाट केही थोपा रगत निकाली खीरमा राखेर दुवैलाई यो खीर ख्वाइन्छ। यसो गर्दा ती केटा र केटीको आत्मा मिलन हुने विश्वास गरिन्छ। यो विधि सकिएपछि केटालाई नयाँ कपडा लगाउन दिइन्छ र केटाले फुकालेको कपडा हजामलाई दिने चलन छ। मडुवाभित्र गरिने यो नै विवाहको अन्तिम विधि हो।

२.२.१४.मर्जादविधि

केटापक्षले लिएर गएको खाद्य सामग्री पकाई जन्तीलाई ख्वाई जन्ती बिदाइ गर्ने विधि हो। भोज प्रायः केराको पातमा खाने चलन छ। यसमा केटाले खान सुरु गरेपछि मात्र अन्यले खाने र उठ्दा पनि पहिले केटा उठिसकेपछि मात्र अन्य उठ्ने चलन छ। यसमा केटीलाई बिदा गर्ने बेलामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

केटीका गाउँघरका मान्छे केटीलाई सक्दो उपहार पनि दिने गर्छन्। साथै केटाकेटी दुवै पक्षले एकअर्कालाई पान, सुपारी, सुकमेल दिने गर्छन्।

२.२.१५. दुल्हन भित्रावनविधि

बेहुली लिएर जन्ती फर्किंदा बेहुलीसँग उसका भाइ वा बहिनी पनि जाने चलन छ। केटाको घरमा पुगिसकेपछि घरको मूलढोकामा बेहुला र बेहुली उभिनुपर्छ। यसपछि पाँच दिशामा पाँचवटा लड्डु फालिसकेपछि मात्र केटा र केटी घर प्रवेश गर्न पाउँछन् तर प्रवेश गर्ने बेलामा केटाका दिदीबहिनी तथा दाजुभाइले ढोका छेक्ने चलन छ। त्यस बखत केटाले सबैलाई केही सामान वा नगद पैसा दिएपछि मात्र भित्र छिर्न दिन्छन्। घरमा प्रवेश गरिसकेपछि पहिला घरको कुलदेवता तथा अन्य देवतालाई केटा र केटीले ढोग्ने गर्छन्। केटाको दिदी भिनाजुले केटा र केटी दुवैलाई जग्गेमा वसाउँछन् र केटाको आफन्तहरू जस्तै बावु, आमा, दाजु, भाउजू तथा अन्यले टीका लगाई आफ्नो सामर्थ्यअनुसार रुपियाँ पैसा दिई आशीर्वाद दिन्छन्। सो रात केटी घरमा अन्य महिलाहरूसँग सुत्छे। भोलिपल्ट आँगनमा केटा र केटी दुवैलाई राखी केटाका दिदी बहिनीले नुहाइदिन्छन्। यसपछि सबै वैवाहिक कार्यक्रम सकिएको मानिन्छ। यसै दिन बेहुलीसँगै आएको बेहुलीको आफन्तका साथ बेहुली माइत फर्किन्छे। त्यसपछि एक निश्चित तिथि तोकी केटा र उसका अभिभावक केटीको घरमा केही कोसेली लिएर जान्छन् र त्यस दिन त्यही बसेर अर्को दिन केटीपट्टिकाहरूले आफूसक्दो कोसेली जसमा दही, चिउरा, मिठाई तथा फलफूल अनिवार्य रूपमा राखेर छोरीलाई विदाइ गरी घर पठाउँछन्।

३ मृत्युसंस्कार

जन्मपछि मृत्यु हुनु सृष्टिको नियम हो। मुसहर समुदायमा मृत्यु विभिन्न पाँच कारणबाट हुन्छ भन्ने विश्वास छ। १.स्वाभाभिक मृत्यु (बूढो हुन्जेलसम्म बाँचेर), २.बोक्सी, डायन तथा भूतप्रेतबाट हुने (विशेष गरी केटाकेटी बेलाको मृत्यु), ३.अपराध गरेर हुने मृत्यु (चोरी, डकैती, अनैतिक सम्बन्ध राख्ने), ४.महामारीबाट हुने मृत्यु (औलो, पखाला, निमोनिया, हैजा आदि), ५.आत्महत्या वा दुर्घटनावाट हुने मृत्यु।

मृत्युपछि हरेक जातजातिले मृतात्मालाई शान्ति मिलोस् तथा ऊ प्रेतात्मा बनि नभड्कियोस् भनि आआफ्नै किसिमले विभिन्न कर्मकाण्ड गर्छन्। यी मुसहरजातिले पनि लगभग अन्य हिन्दूधर्म मान्ने जातिहरूसँग मिल्दोजुल्दो कर्मकाण्ड गर्छन्।

मान्छे मर्नुभन्दा अगाडि धामीलाई बोलाई कानमा मन्त्र पढ्न लगाउँछन् र तुलसीको पात राखेको पानी खुवाउँछन्। मरिसकेपछि लासलाई आँगनमा ल्याई गङ्गाजलले चोख्याएर लासलाई हरियो बाँसको खटमाथि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

टाउको उत्तरतिर पर्ने गरी बाँध्छन् । लासलाई आफ्ना छोराहरू, नातेदार तथा आफन्तले बोक्ने गर्दछन् तर मलामी महिलाहरूचाहिँ जानु हुँदैन भन्ने नियम छ ।

लास घाटमा लिएर जाँदा कम्तीमा तीन वा पाँच ठाउँमा बिसाउने चलन छ । विशेष गरी बाटोमा पर्ने चोकहरूमा बिसाउने गरिन्छ । लासलाई जलाउने अथवा गाड्ने दुवै चलन छ । आर्थिक विपन्नताको अवस्थामा लासलाई गाड्ने अन्यथा सामान्यतया जलाउने गरिन्छ । मलामी जाँदा एक कर्ताले माटोको सानो हण्डीमा तोरी, जौ, सिक्काहरू, गुइँठा वा कोइलामा आगो बालेर धुवाँ निकाल्दै हिँड्छन् । लास लिएर जाँदा बाटोमा पैसाका सिक्का तथा फूलहरू फाल्ने तथा "राम नाम सत्य है, सबका यही गत्य है "भन्ने वाक्य भट्याउँदै जान्छन् ।

लास जलाउँदा उत्तरदक्षिण पारी चिता तयार गर्छन् र त्यसमाथि लासलाई टाउको उत्तर पर्ने गरी उत्तानो पारेर सुताउँछन् । लासको मुखमा तामाको पैसा, कपुर, घिउ आदि राखी लासलाई दाउराले छोप्छन् । लास लिएर जाँदा मृतकले प्रयोग गर्ने सामान, कपडा, सँगै लिएर जान्छन् र लाससँगै सेलाइदिन्छन् । लासलाई जेठो छोरोले, सो नभएमा अन्य छोराले र सो पनि नभएमा भाइले लासलाई तीनपल्ट परिक्रमा गरि दागबत्ती दिने गर्छन् । लास पूरै खरानी हुने गरी जलाउनुपर्छ अन्यथा मृतकको आत्माले शान्ति पाउँदैन भन्ने धारणा छ । लास पूरै खरानी भैसकेपछि खरानी जम्मा गरी त्यसमाथि तुलसीको बिरुवा रोप्छन् । मलामी फर्केर आउँदा मृतात्मा पनि फर्केर आउने भन्ने धारणाले गर्दा मलामी जुन बाटो गएको हो सोभन्दा भिन्न बाटो फर्कन्छन् । लास गाड्ने अवस्थामा उत्तरदक्षिण पर्ने गरी चिहान खन्छन् । पाँचवटा कौडालाई खनेको चिहानमा पाँच दिशामा राख्छन् र त्यसपछि मुख्य कर्ताले हातमा आगो बोकी पाँच पटक चिहानको परिक्रमा गरेर टाउको उत्तर पर्ने गरी लासलाई खाडलमा राख्दछन् । यसपछि मुख्य कर्ताले पहिला मुठीमा माटो लिई चिहानमा हाल्दछ र त्यसपछि गएका सबै मलामीले पनि एकएक मुठी माटो चिहानमा हालेर चिहानलाई पूर्णरूपले पुरेर, खोलामा गई नुहाएर फर्किन्छन् । चिहान खन्न प्रयोग गरेको केदालो तथा अन्य सामानहरू त्यहीँ फालिदिने चलन छ । मलामी घर फर्कंदा कात्रोको एक टुक्रा ल्याएर माटोको हण्डीमा झुन्ड्याएर राख्ने गर्छन् । मलामी घर फर्कनुभन्दा अगाडि पूरा घरलाई स्वास्नीमान्छेहरूले सफासुग्घर पारेर राख्छन् । मलामीहरू घर पस्नुभन्दा पहिले फलाम छुने, तुलसी पानी र घिउतेलले हात पखालेर आगो छोएर मात्र घरमा प्रवेश गर्छन् । मलामीहरू घर पस्नुभन्दा पहिले फलाम छुने, तुलसी पानी र घिउतेलले हात पखालेर गुइँठा बालेको आगो छोएर र सुकेको रातो खुर्सानी टोकेर मात्र घरमा प्रवेश गर्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुसहरहरूमा १३ दिनसम्म बार्ने चलन छ। जुठो बार्ने नातेदार, आफन्त र परिवारका सदस्यले माछा, मासु, नुन आदि बार्ने चलन छ भने किरिया बस्नेले आलु उसिनेर घिउमा भुटेर खाने चलन छ। पतिको मृत्यु भएमा पत्नीले १३ दिनसम्म सेतो लुगा लगाउनुपर्ने तर त्यसपछि सेतो कपडा लगाइराख्नु पर्दैन। छोरीहरूलाई तीन दिनसम्म जुठो बार्नुपर्ने हुन्छ। मुसहरजातिमा १३ दिनसम्म गर्नुपर्ने कामहरू निम्नानुसार छन् :

३.१.घर सफासुग्घरविधि

आफ्नो घरमा कसैको मृत्यु भएमा घर अपवित्र भएको ठान्दछन् त्यसैले मृतकको दाहसंस्कार सकिएपछि घरलाई सफासुग्घर गरेर मात्र अन्य दैनिक कार्य गरिन्छ। पानीले घरसफा गरेर गाईको गोबर लिपेपछि मात्र घर शुद्ध भएको ठानिन्छ।

३.२.ढुमधुविधि

यो दोस्रो दिन गरिने विधि हो। घरको मुख्य ढोकाको दाहिनेपट्टि एउटा खोविल्टो खनेर त्यसलाई लिपपोत गरि मलामी तथा मृतकका नातेदारहरूले पानी र दूधको धारा चढाई सो खोविल्टो भरिएपछि मृतकको आत्माले सन्तुष्टि पाउँछ भन्ने विश्वास गरिन्छ। यस दिन खीर वा दूधभातको भोज मलामीलाई खुवाउने चलन छ। यो मुसहरहरूको परम्परागत चलन भए पनि हिजोआज यो विधि बिस्तारै धेरै परिवारमा लोप हुँदै गएको अवस्था छ।

३.३.छोरझापीविधि

यो चौथो दिनमा गरिन्छ। यस दिन मुख्य कर्ता तथा आफन्त मृतकको दाहासंस्कार गरेको ठाउँमा गई त्यहाँ एउटा माटोको सानो ढिस्को बनाएर उक्त ढिस्कोमाथि तुलसीको बोट रोपेर पीठोद्वारा बनाइएको तीनवटा पिण्ड मृतकको आत्मा तथा दुई पुर्खाहरूको नाममा चढाइन्छ। सो पछि आफन्त तथा मलामीलाई दाल, भात, तरकारीको भोज खुवाउने गरिन्छ।

३.४.सतलहनविधि

सातौं दिनमा गरिने विधिलाई सतलहनविधि भनिन्छ। यस दिन मुख्य कर्ता, किरियापुत्री, भानिज तथा हजाम नजिकै रहेको पानीको स्रोत भएको ठाउँ जस्तै खोला, नदी आदि भएको ठाउँमा जान्छन् र बालुवाको सातवटा वेदी बनाउँछन्। त्यस वेदीमाथि पीठोको सातवटा पिण्ड, दूध, दही, जौ, पान आदि चढाउँछन्। यो किरिया गर्नुअघि मुख्य कर्ताले त्यही पानीमा नुहाएर धोती लगाएर पिण्ड चढाउँछ। सो दिन पनि पिण्ड चढाउन गएका र केही आफन्तलाई दाल, भात, तरकारी खवाउने चलन छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.५.नङकेशविधि

११ औं दिनमा गरिने यस विधिमा मुख्य कर्ता, किरियापुत्री, नातेदारहरू तथा हजाम फेरि सोहि नदीकिनार जान्छन् । त्यहाँ मुख्य कर्ताले ११ वटा पिण्ड मृतकको नाममा चढाउँछन् । सो दिनमा मुख्य कर्ता तथा अन्यले आफ्नो नङ काट्ने तथा कपाल मुण्डन गर्ने गर्छन् । यस दिन सो विधिमा गएकाहरूलाई दही र चिउरा खुवाउने चलन छ ।

३.६.वारपिताविधि

१२ औं दिनमा गरिने यस विधिलाई "बारहु विध" पनि भनिन्छ । यस दिन मुख्य कर्ताले नदीमा स्नान गरी बालुवाको १२ वटा चामलको पीठोको पिण्ड मृतकको नाममा भानिज तथा भतिजले हजामको सहयोगमा चढाउने चलन छ । यस दिन फेरि आफन्त र केही व्यक्तिहरूलाई खाना खवाउने चलन छ । तर यस दिन सो खाना खाँदा आफ्नो छोरा साथमा हुनुपर्छ भन्ने मान्यता छ ।

३.७.शुद्धिदानविधि

१३ औं दिनमा गरिने यस विधिअन्तर्गत मुख्य कर्ताले पुरानो कपडा छोडेर नयाँ कपडा फेर्ने चलन छ । चामलको पीठोको १३ वटा पिण्ड मृतकको नाममा चढाई, आफ्नो स्थिति सक्दो दानपुण्य गर्ने चलन छ । यसपछाडि कर्तालाई माछा, मासु, नुन खान फुकुवा हुन्छ । यस दिन दिइने दान भानिजले कवोल गरेको अनुसार हुने गर्दछ । दान सोही दिन अथवा बायाँ गरेर केही दिनपछि वा वार्षिक श्राद्धको दिनमा दिन सकिन्छ ।

३.८. छ मासिक तथा वार्षिक विधि

छ महिना तथा १ वर्षमा यस विधिमा श्राद्ध गरी आफूले सकेको दान गरि आफन्तहरूलाई भोज खुवाइन्छ । दानमा कपडा, भाँडाकुँडा, गाईबाछा तथा दैनिकीमा प्रयोग हुने सामग्री दान गरिन्छ । ६ महिना तथा एक वर्षमा श्राद्ध गर्ने परम्परागत विधि भए पनि हाल आएर निर्धनता वा अन्य कारणले यो परम्परा हट्दै गएको देखिन्छ ।

निष्कर्ष

तराईमा रहेको अन्य पहाडी मूलका दलितभन्दा मुसहरहरू सामाजिक तथा आर्थिक रूपमा अत्यन्त पछाडि परेका छन् । अधिकांश मुसहरहरू सुकुम्बासी रहेका छन् र साधारण फुसको झुपडीमा बसोबास गर्दछन् । आर्थिक रूपमा अति विपन्न मुसहरहरूको मुख्य आर्थिक आय भनेको कृषि मजदुरी र अन्य ज्याला मजदुरी नै हो । धानको खेती गर्नु, धान काटिसकेको खेतबाट धान बटुल्नु, मुसा मार्नु, खोला नालामा गएर माछा मारी आफ्नो जीविकोपार्जन गरिरहेका छन् । मुसहर समाज अशिक्षित र आर्थिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रूपमा विपन्न भएका कारण पढ्ने लेख्ने तथा आफ्नो परम्परागत कार्यभन्दा अन्य पेसामा जाने सोच्न सकेका छैनन् । यस समाजमा कुनै आधुनिक उपकरण जस्तै रेडियो, टिभी, फोन आदिको प्रयोग गरेको पाइँदैन । आफ्ना परम्परागत चाडपर्व, धार्मिक परम्परा, जातीय संस्कारलाई, कायमै राखेको भए पनि आर्थिक अभावले गर्दा त्यसमा केही कटौती गर्दै लगेका छन् । मुसहरहरू अहिले पनि आधारभूत आवश्यकताहरू जस्तै शिक्षा, स्वास्थ्य, भूमि, नागरिकता, मानवअधिकार जस्ता मूलभूत कुराहरू पाउन सकेका छैनन् ।

सन्दर्भसामग्री

Ghurye, G.S. 1961. *Caste Class and Occopation*. Bombay: Popular Book Department.

Nesfield, Calcutta Review. Vol. 2 LXXXVI 1985. Cited by Crooke W . 1987. The Tribes and Castes of the North Western India, Vol. 16, IV, Cosmo Publication, New Delhi India.

Shrestha, D.B. and B.M. Pradhan. 1975. *Ethnic Groups of Nepal and their ways of Living. Kathmandu*: Amar Press, Ason.

Sri Nivas, M.N. 1962. *Caste in Modern India and Other Essays*. Bombay: Asia Publishing House.

गुरुङ, हर्क, २००२ *जनगणना २००१ इ. अनुसार जातीय तथ्याङ्क प्रारम्भिक लेखाजोखा*, काठमाडौं: धर्मोदय सभा, बुद्ध विहार, भृकुटी मण्डप ।

दवाडी, गिरिराज, २०५१, *मुसहरजातिको सामाजिक आर्थिक अवस्था, सुनसरी जिल्ला वकलौरी गा.वि.स. का मुसहरहरू एक अध्ययन*, समाजशास्त्र /मानवशास्त्र केन्द्रीय विभाग, त्रि.वि कीर्तिपुरमा प्रस्तुत शोधपत्र ।

दाहाल, महेशराज, २०५३, *मुसहरजाति एक अध्ययन: मोरङ जिल्लाको डाँगीहाट र वाहुनी गा.वि.स* (अप्रकाशित प्रतिवेदन), त्रि.वि. अनुसन्धान महाशाखा, पृ. १६ ।

दुलाल, लोकनाथ, २०५८, *मुसहरजातिको समाजिक एवं आर्थिक जनजीवन एक अध्ययन: डाँगीहाट गाउँ विकास समिति मोरङ*, विश्वविद्यालय अनुदान आयोग, अप्रकाशित प्रतिवेदन ।

क्षत्री र दाहाल (२०५५), *पूर्वी नेपालको तराईका मुसहरहरू: एक अध्ययन* (अप्रकाशित प्रतिवेदन), ने.ए.अ. केन्द्र, त्रि.वि., कीर्तिपुर ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ल्होमीजातिको सामाजिक संस्कार

– छेजाप थिकेपा ल्होमी
सहयोगी : खोक्का छेदर लोबाङ

ल्होमीशिङसाजातिको परिचय

ल्होमीजातिको नेपाल आगमन कहाँबाट, कसरी कहिले भयो ? भन्ने कुराको लिखित इतिहास आजसम्म कसैले पनि लेखेको पाइएको छैन । ल्होमीजातिको इतिहासको बारेमा ठोस कुरा बताउन सजिलो छैन जसका लागि अझ बढी अध्ययन र अनुसन्धानको खाँचो छ । केही लेखरचनाहरूको अनुसार माथिल्लो अरूण उपत्यकामा बसोबास गर्ने एक हिमाली मूलका जातिहरूलाई ल्होमी भनिन्छ भनेर उल्लेख गरिएको पाइन्छ । ल्होमीजातिका बूढापाका तथा गण्यमान्यहरूका अनुसार आफूहरू ल्होमी भएको जोहरू धेरै अगाडि तिब्वतका विभिन्न ठाउँहरूबाट बस्तुभाउ चराउँदै र घुमन्ते जीवन हुँदै राम्रो अवसरको खोजी गर्ने क्रममा यहाँ बसोबास गर्न पुगेको विश्वास गरिन्छ । गाउँघरको किंवदन्तीअनुसार ल्होमीजातिको विभिन्न थरहरूमध्ये थिकेपाहरू तिब्वतको थिकेक ल्होगाक भन्ने ठाउँबाट आएको मानिन्छ, त्यस्तै नुप्पा थर तिब्वतको खुच्येननाङबाबाट आएको थियो रे । पोङस्युवाहरू तिब्वतबाट प्रमुख लामा भारततिर भाग्दाखेरि सँगसँगै सहयोगी भएर आउँदाआउँदै वास वस्न पुगेको थियो भनिन्छ । नुप्पा थरका सेच्या उपथरहरू तिब्बतको साच्यीदेङ भन्ने ठाउँबाट आएको मानिन्छ । त्यस्तै छिगुलुङमा बस्ने स्यारीङाप्ताक्प थर लामा पुरोहित काम गर्ने हुँदा तिब्वतबाट आई हटिया हुँदै यस गाउँमा बस्न पुगेको थियो भनिन्छ । कति थरहरू जस्तै खुम्बुवा, लिङबो, फेक्नाक, मोनाङ, सिवो तथा नाभाहरू तलतिरबाट यहाँ आई बसोबास गर्न थालेको मानिन्छ । सङ्खुवासभा जिल्लाको उतरीभेग हटियागोला वा भोटखोला क्षेत्रमा पर्ने हटिया गाविस, चेपुवा गाविस, किमाथाङका गाविस र पावाखोला गाविस मुख्य उद्गमथलो रही हाल यस क्षेत्रबाहेक खाँदबारी, हिले, धरान, काठमाडौं, भारतको दार्जिलिङ क्षेत्रमा अनि तिब्वतको लुङदेक क्षेत्रमा ल्होमीजातिको बसोबास रहेको पाइन्छ । नेपालमा यिनीहरूको जनसङ्ख्या २५००० को हाराहारी रहेको र अन्य दुई मुलुकमा गरी करिब ५०००० को जनसङ्ख्या रहेको अनुमान गरिन्छ । ल्होमीजातिको अर्थ ल्हो भन्नाले दक्षिण र मी भन्नाले मानिस भएर तिब्वतको दक्षिणी भूमिबाट निस्किएको मानिस वा जाति भन्ने अर्थ लाग्दछ । ल्होमीहरूको आफ्नो भाषालाई ल्होकेत भनिन्छ र आफूलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस क्षेत्रको भूमिपुत्र भएको ठान्छन् । ल्होमीजाति नेपाल सरकारको आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ को अनुसूचीमा सूचीकृत ५९ मध्ये पचासौँ नम्बरमा पर्ने एक अतिसीमान्तकृत आदिवासी जनजाति हुन् । यहाँ अल्पसङ्ख्यक नाभाजाति तलतिरवाट आई यहाँ बस्ने गरेको छ ।

ल्होमीजातिको वारेमा थोरै विद्वान्हरूले अध्ययन गरे तापनि विस्तृत रूपमा आजसम्म कसैले पनि उल्लेख गरेको पाइँदैन । डोरवहादुर विष्टद्वारा लिखित **पिपल अफ नेपाल** (१९६७) नामक पुस्तकमा ल्होमीजातिको वारेमा थोरै उल्लेख गरेको पाइन्छ । विष्टको अनुसार पूर्वी नेपालको सङ्खुवासभा जिल्लाको माथिल्लो अरूण उपत्यका जुन सम्भवतः नेपालको उत्तरी सिमानाको सवभन्दा दुर्गम र कठिन ठाउँ हो जहाँ काठ भोटे वा कार भोटेको बसोवास रहेको छ जोहरू आफूलाई *ल्होमी* भन्दछन् भनेर उल्लेख गरेको पाइन्छ ।

त्यसै गरी "**गुरुङ र सेल्टरद्वारा लिखित फेसेस अफ नेपाल** (१९९६)" मा सङ्खुवासभाको उत्तरी भाग अरूण उपत्यकाको माथिल्लो भागमा बसोवास गर्दछन् भनेर उल्लेख गरिएको पाइन्छ । यस जातिलाई कार भोटे पनि भनेर चिनिन्छ । पेसागत रूपमा यिनीहरूलाई 'शिंसावा' भनेर पनि चिनिन्छ जसको अर्थ खेतीकिसान गर्ने हुन आउँछ । सुरुमा यिनीहरू जङ्गल फँडानी गरेर बसेकोले यिनीहरूलाई शिसावा भनिएको हो ।

त्यस्तै शर्माद्वारा लिखित ***नेपाल र यसका निवासी***नामक पुस्तकमा यी जातिहरूको नेपाल आगमनको बारेमा उल्लेख गरेको पाइन्छ । उहाँले के भन्नुभएको छ भने मङ्गोलजातिको तिब्बत–बर्मेली शाखाको भोट हिमाली उपशाखाका भनिने मानिसहरूको हिमालवारि नेपाल आगमन धेरै पहिला तिब्वततिरबाट नै भएको हुनुपर्छ भन्ने अनुमान गरेको छ । चौंरी, भेडा र च्याङ्ग्राका बथानहरूसित उपयुक्त चरनको खोजीमा हिमाली भन्ज्याङहरू पार गरेर यता आउने तिब्बती मूलका मानिसहरू नै आजको सेर्पा, ल्होमी, ल्होवा तथा मनाङेहरूका पुर्खा हुन सक्दछन् भनेका छन् । ल्होमीजातिहरू तिब्बतबाट बसाइँ सरेर आएका हुन सक्ने अनुमान गरेको छ । यी जातिहरू तिब्वतबाट बसोबासको निमित्त उपयुक्त ठाउँ खोज्ने क्रममा सङ्खुवासभा जिल्लाको हटिया र चेपुवा गाँउहरूमा वसोबास गर्दै आएको कुरा उल्लेख गरिएको छ । पछि त्यहींबाट अन्य जस्तै : च्याम्ताङ, गुठीगुम्वा, होङगोङ जस्ता ठाउँहरूमा पनि बसोबास गर्दै आएको कुरा उल्लेख गरिएको छ । सवैभन्दा पहिला 'रम्तेम्बा' थरका ४ जना दाजुभाइ आएर हटियामा बसोबास गरेको, त्यस्तै चेपुवामा १० पुस्ताअगाडि 'साङ्गे फिन्जो' र 'छुए फिन्जो' नामका मानिसहरू तिब्वतवाट आई बसोबास गरेको कुरा उल्लेख गरिएको छ । ल्होमीहरूको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाषा, धर्म, संस्कृति तिब्बतीसँग मिल्दोजुल्दो रहेको कुरा उल्लेख गरेको पाइन्छ ।

त्यस्तै समाजशास्त्री एवम् उपप्राध्यापक, पासाङ सेर्पाको **ल्होमीजातिको सामाजिक आर्थिक अवस्था**नामक शोधपत्रमा ल्होमी जातिको बारेमा अध्ययन गरी उल्लेख गरिएको छ । भोटे छिरिङ (२००४) को ***ल्होमीजातिको मृत्युसंस्कार***मा गर्नुभएको शोधपत्रमा ल्होमीजातिले मृत्युको बेलामा लामाले धार्मिक पुस्तक अध्ययन गर्ने र लासलाई २ दिनपछि जलाउने गरेको उल्लेख गरिएको छ। ४९ औं दिनसम्म मृतकको आत्मा यही लोकमा रहने र सो दिन घरमा बोलाएर फेरि मृतकको आत्मालाई खाना खुवाउने र अन्य मानिसहरूलाई पनि खाना खुवाउने चलन रहेको कुरा उल्लेख गरीएको छ। त्यस्तै गरी साङबु भोटे (२०११), **ल्होमीजातिको विवाहपद्धति**नामक शोधपत्रमा पनि ल्होमीजातिको बारेमा उल्लेख गरेको पाइन्छ ।

हाल रहेका थिकेपाहरू जम्मा ३ जना दाजुभाइ भएको र यिनीहरू क्रमश: होङगोङ, हटिया र चीनको डेन्दाङ गाउँमा सबैभन्दा पहिले बसोबास गरेको कथाहरू गाउँघरमा सुन्न पाइन्छ। अध्ययनको क्रममा ल्होमी शब्दको अर्थ खोतल्दा तिब्बतको दक्षिण भागमा बसोबास गर्ने भएकोले ल्हो भनेको दक्षिण र मी भनेको मानिस, **ल्हो+मी (दक्षिण र मानिस)** भएर यिनीहरूलाई ल्होमी भनिएको कुरा अध्ययनबाट प्राप्त भएको छ। ल्होमीजातिभित्र विभिन्न थरहरू हुन्छ जस्तै : थिकेपा, नुप्पा, पोङ्स्युव, खुम्बुव, भेच्याब, शिवो, लोभाङ, ढाक्तोक्प, स्यारीङाप्ताक्प, मोनाङ, लिङबो, फेक्नाक, च्यावा, डोम्बा, चाङपा, गाङ्दोक्प, ल्हेज्युङ छन्। थिकेपा थरअन्तर्गत विभिन्न उपथरहरू रहेका छन् जस्तै : हमुवा, पेज्यवा, स्याङ्दरा, सोक्नेपेदे, पुबुकाम्म, उच्येनटेस्यी, पेछिरीङ, बक्हुक्षा, थुज्यीब, रप्तेम्ब, ढोङ्देप्प, भिस्यीङ्च्येम्म, ढोङ्मेप आदि छन्। त्यस्तै गरी नुप्पाअन्तर्गत पनि विभिन्न सासाना थरहरूमा विभाजन भएको पाइन्छ। जस्तैः गोम्बुक्पा, सोनरिन्ज्येन, ल्हामुछिरिङ, सेच्या, हमोवा, इगोक्प, लाप्राङ, याङ्जनुपु मुख्य छन्।

सामाजिक संस्कारहरू

विवाह गर्दा वा कुनै संस्कार सम्पन्न गर्दा ल्होमीजातिमा विभिन्न व्यक्तिहरूको जिम्मेवारी बाँडफाड हुने गर्दछ। मुख्य जिम्मेवारी पूरा गर्ने एक जना व्यक्ति हुन्छ जो प्रवन्धकझैं काम गर्दछ जसलाई **आयबाबु** भनिन्छ। खानापिनसम्वन्धी जिम्मेवारी लिने कुक जसलाई **तोमे** भनिन्छ । तिउन तरकारीसम्बन्धी जिम्मेवारी लिनेलाई **स्यामे** भनिन्छ । भान्साभित्र डाडुपन्यु चलाउने चुलोमा वस्ने आमालाई **फुम वा फुयोक्म** भनिन्छ। जाँडरक्सी वा पेय पदार्थको व्यवस्थापन गर्ने मानिसलाइ **छ्याङ्मे** भनिन्छ। अन्य काम गर्नेलाई **लेमे** भनिन्छ। हरेक घरधुरीको एक असल मित्र हुनुपर्दछ जसले मर्दापर्दा या

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
जुनसुकै सामाजिक संस्कार गर्दा भित्री भूमिका खेल्दछ जसलाई ल्होमी भाषामा **खादुक्प** भन्ने गरिन्छ । सस्कार सम्पन्न गर्दा खट्ने सहकर्मीहरूलाई **लाज्यीप्प** भनिन्छ ।

धर्म

ल्होमी (शिङसाव) हरूले वोन धर्म मान्ने गर्दछ । यो प्रायः विश्ववाट लोपोन्मुख धर्म हो । छैटौं शताव्दीमा वौद्ध धर्मको प्रचारप्रसार नभएको समयमा विशेषतः तिव्वतमा मानिने यो धर्म ल्होमीजातिले मान्ने गरेका हुन् । यो धर्मको संस्कार वौद्ध धर्मसँग मिल्दोजुल्दो छ । वोन धर्म मान्ने तिव्वतीहरूमा वौद्ध धर्मको प्रचारप्रसार बढेपछि सातौं शताब्दीवाट वोन धर्मावलम्वीहरूको सङ्ख्यामा कमी आएको पाइन्छ । हेर्दा र देख्दा उस्तै लाग्ने यो धर्ममा बौद्ध धर्मले अहिँसाको पाठ सिकाउँछ भने वोन धर्मले हिँसालाई सर्मथन गर्छ । वोन धर्मको संस्कारमा पूजापाठ गर्दा पशुपक्षीलाई भोग चढाउनुपर्छ । वौद्ध धर्मले कुल परम्परा संस्कार मान्दा वलि चढाउने प्रथा मान्दैन । सातौं शताव्दीतिर भारतवाट वौद्ध धर्मावलम्वी नालान्द वौद्ध विश्वविद्यालयका प्राध्यापक शान्तरक्षित नेपाल हुँदै तिव्वत पुगेर वौद्ध धर्मको प्रचारप्रसार गरेपछि तिव्वतमा बोन धर्म लोप हुन् थालेको मानिन्छ । त्यसैले ल्होमीहरू प्रकृतिपूजक नै हुन् भन्न सकिन्छ । हाल आएर केही ल्होमीहरूले यिसु खीष्टलाई ग्रहण गरी इसाई अभिमतलाई अँगालेका छन् ।

चाडपर्व र प्रकृति पूजाहरू

ल्होसार ल्होमीजातिको प्रमुख चाड हो । तोल ल्होसार, सोनाम ल्होसार र ज्यालो (ग्याल्पो) ल्होसारमध्ये ल्होमीजातिले ज्यालो ल्होसार मान्छन् । ज्यावु ल्होसार मान्ने ल्होमीहरूको ल्होसार हरेक वर्षको फागुन महिनामा पर्दछ । ल्होमी भाषामा ज्यावु ल्होसारलाई राजाले मान्ने ल्होसार भनी छोटकरीमा ज्यालो नाम दिइ ल्होसार नयाँ वर्ष मान्ने गरिन्छ । यस दिन विशेष परिकार, पेय पदार्थ पिएर गुथुक्क (एक प्रकारको गेडागुडी) खाने गरिन्छ । ल्हो को अर्थ वर्ष र सार को सुरुवात वा नयाँ नवीन भएर नयाँ वर्षको सुरु भन्ने हुन्छ । ल्होमीजातिले मान्ने अन्य पर्वहरूमा तोर्च्यांक, छिज्यु, याहेम, आइत, गुव, युल्ल, तिङ्गोर, डप्लो, गोम्वल्हामु इत्यादि पर्दछन् । प्रकृति पूजाहरूमा विभिन्न देवीदेवताहरू पुज्छन् जस्तै खेम्वलुङ, डेमुछ्योङ देवी विशेष हुन् भने गोम्बल्हामु पिता र माताको पूजा गरिन्छ । लु (पानीदेवता), चेन (वायु देवता), घोस्युम्व (कुलदेवता), स्यीप्ताक (वनदेवता), चाङ्बु (नदी देवता), डोक्पा (गोठपूजा) इत्यादि हुन् । ल्होमीहरूमा तन्त्रमन्त्र तथा टुनामुना गर्नेहरू पनि हुन्छन् । असिना पानी तर्काउने शक्ति विजुवा झाँक्रीहरूमा हुने विश्वासअनुसार यहाँ वर्षा रोक्नलाई झाँक्रीलाई विन्ती गरिन्छ । ल्होमी बिजुवा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

झाँक्रीहरू असिना रुङ्नलाई अन्यत्र पनि गई असिना लामाको काम गर्ने गर्दछन् ।

चैत्र वैशाखको आइतबार बालीनाली सप्रियोस् अनिकाल केही नहोस् भनी विशेष चेपुवा गाउँमा गरिने पूजालाई **आइत** भनिन्छ । च्याम्ताङ गाउँमा यसलाई **युलो(डब्लो)** पूजा भनिन्छ भने होङगोङ गाउमा यस पूजालाई **गुवछ्योक्केन** भनिन्छ ।

गाउँघरमा नराम्रो दशा नहोस् भन्नका लागि लामा, अनुयायीहरूसहित गाउ घुमेर बाजागाजा बजाएर पूजा परिक्रमा गरिन्छ यसलाई **तिङ्गोर** भनिन्छ ।

कुलका मानिसहरू वा गोत्रसमूहहरू मिली हरेक गाउँमा महिनामहिनामा गुम्बामा पालैपालो गरी गरिने पूजालाई **छिज्यु** भनिन्छ । कुनै गाउँमा ६, ६ महिनाको फरकमा यो पूजा गर्ने भएकोले ढुक्प छिज्यु भनिन्छ ।

गुठीगुम्बा र हटियागाउँको प्रमुख लामाको अगुवाइमा हरेक वर्षको ज्यालो ल्होसारको अवसरमा मनाइने जयमानलाई **तोर्च्याक** पर्व भनिन्छ । यस बेला गुम्बाबाट विभिन्न मकुन्डो नाच, भेषभूषामा लामा तथा अनुयायीहरूले छामज्योङ नृत्यकर्म सम्पन्न गरिन्छ ।

भाषासाहित्य

ल्होमीजातिको आफ्नो मातृभाषालाई ल्होकेत भनिन्छ। यो भोटबर्मेली भाषापरिवारअर्न्तगत पर्दछ । अल्पसङ्ख्यक तथा लोपोन्मुख भाषाको रूपमा रहेको ल्होमी भाषा जनगणना २०५८ को भाषिक तथ्याङ्कमुताबिक नेपालमा बोलिने ९२ वटामध्येको एक हो । ल्होमी भाषा मृतप्राय भाषामा गनिन्छ तर ल्होमीहरू यस परिभाषालाई अल्पसङ्ख्यकको भाषाको रूपमा स्वीकार गरे पनि वक्तासङ्ख्याको रूपमा स्वीकार गर्दैनन् । गोरखापत्रको नयाँ नेपाल बहुभाषा पृष्ठमा ल्होमी भाषा निरन्तर प्रकाशन भइरहेको छ ।

ल्होमी भाषामा योन्देन धाङपोनामक प्रौढ कक्षा पुस्तक सर्वप्रथम छोङडुक पेज्यबाले निकालेका छन् । त्यसपछि नेपाल ल्होमी समाज (नेल्होस) संस्थाले ल्होमी भाषामा फुटकर कविताहरूको सँगालो **नेन्स्येत** २०६७, **ताम्गी पिले दिम्ब मीत** २०६७ (ल्होमी भाषाको उखानटुक्काहरूको सँगालो), **क ग आमे लोप्स भाग १ र २** (ल्होमी भाषामा अनौपचारिक शिक्षा पाठ्यक्रम), लु धाङ रूङ भाग १, २ र ३ (गीत तथा कथाहरू), ल्होमी भाषामा स्वास्थ्य शिक्षा (**नज घन्दील घन्ड सगेन**), **घोम्ब साम्ब** २०६८ (नयाँ पाइला) नेपाली शिक्षा र ल्होमी भाषामा म्युजिक भिडियो निकालेको छ । नेपाल प्रज्ञाप्रतिष्ठान र आदिवासी जनजाति प्रतिष्ठान, एस्आइएल् तथा त्रि.वि. केन्द्रीय भाषाविज्ञानको संयुक्त तत्त्वावधानमा ल्होमी भाषामा शब्दकोश निर्माण कार्य थालनी भएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(क) जन्मसंस्कार

हरेक जाति तथा समुदायमा आफ्नै जन्मसस्कार हुन्छन् । त्यस्तै यो जातिको पनि आफ्नो छुट्टै जन्मसंस्कार रहेको पाइन्छ । जन्मसंस्कारलाई मुख्यतः दुई भागमा राखेर हेर्न सकिन्छ ।

(१) गर्भावस्थादेखि बच्चा नजन्मिउन्जेलसम्मको संस्कार
(२) बच्चा जन्मिसकेपछिको संस्कार

(१) गर्भावस्थादेखि बच्चा नजन्मिउन्जेलसम्मको संस्कार

जब कुनै महिला गर्भावस्था भएपछि मनोवैज्ञानिक रूपमा तनावमुक्त गराउनको निम्ति सामाजिक रूपमा गर्नुपर्ने सस्कार पूरा गर्नुपर्दछ । त्यो संस्कार ला र छि हो । यो लामा अथवा लोबेनद्वारा गरिन्छ । यदि लोबेनले गर्दा बाखा र कुखुरा काटेर जिउँदो प्राणीको खुन दिएर ला र छि गर्दछ । ला भनेको कुनै पनि व्यक्ति कुनै अचानक घटना, भूतप्रेत उसको अगाडि आउँदा सातोपुत्लो जान्छन् । त्यो अवस्थामा ला गुमाएको हुन्छ र मानिसमा एक किसिमको गडवडी आउन सक्छ भन्ने विश्वास तथा आस्था यो जातिमा रहेको पाइन्छ । त्यस्तै छि भनेको आयु हो । छि भन्ने गरेर मान्छेको आयुलाई बढाउने गर्दछ र मान्छेको आयु बढ्छ भन्ने एक किसिमको विश्वास रहेको छ । आफ्नो घरको कुनै सदस्यले प्राकृतिक देवदेवतालाई असर पार्ने कुनै कार्य गरेको छ भने त्यहाँनेर प्राकृतिक देवीदेवताको प्रतिकूल असर सीधै गर्भावस्था महिला र पेटभित्रको वच्चालाई असर पर्न सक्दछ अथवा बच्चा र आमा दुवैलाई शारीरिक तथा मानसिक समस्या आउन सक्दछ । जसको उपचारका लागि फु, द भन्ने प्राकृतिक पूजा गर्नुपर्दछ । यसका लागि सुँगुर, बाखा, पाठा काटी बलि दिई पूजा गरिन्छ ।

(२) बच्चा जन्मिसकेपछिको संस्कार

यस जातिको जन्मसंस्कारअनुसार प्रायजसो बच्चा प्राकृतिक रूपमा घरमा नै जन्माइने गरिन्छ यदि बच्चा सहज रूपमा जन्मिन सकेन भने लामाले कुनै एउटा देउतालाई प्रार्थना र तपस्या गरेर बच्चा सहज रूपमा जन्माइदिन सक्छ भन्ने विश्वास रहेको पाइन्छ । कतिपय अवस्थामा लामाले भनेजस्तै र गरेजस्तै सहजै रूपमा वच्चा जन्मिन सक्ने बनाइदिन्छ । यो बेला लामाले मुख्य गरी पानी, घिउ र नुनमा मन्त्र जप्दछ । बच्चा र आमा दुवैमा कुनै समस्या आउँदैन भन्ने आस्था रहेको पाइन्छ । यस जातिको जन्मसंस्कारअनुसार बच्चा जन्मेको तीन दिनपछि न्वारान गर्ने चलन छ । न्वारान प्रायः गरी लामा बोलाइ गरिन्छ । लोबेनले पनि नगर्नेचाहिँ होइन तर धेरै र विशेष गरी लामाद्वारा गरिन्छ । न्वारानलाई पूरा गर्नको निम्ति चारपाँच थरीका बोटविरुवाहरू जस्तै तितेवोटलगायत अरू चारपाँच थरीका बोटबिरुवाहरू जम्मा गर्नुपर्दछ र अर्को पानीको स्रोत चारपाँच ठाउँबाट जम्मा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरेर राख्नुपर्दछ । पानीसँगै पानीको स्रोतको छेउबाट सेतो खाले सानो एकएकवटा ढुङ्गा पनि टिपेर ल्याउनुपर्दछ । न्वारान सम्पन्न गर्न लामाको छुट्टै पुस्तक हुन्छ । पुस्तक अध्ययन गरेपछि लामाले जन्मेको बच्चा कहाँबाट आएको हो, कस्तो आत्मा ग्रहण गरी आएको हो, बच्चाको लागि केके गर्नुपर्ने, केके गर्न नहुने इत्यादि कुराहरू नतिजाको रूपमा न्वारान सकेपछि लामाले बताउँदछ । न्वारानको अवसरमा अघि जम्मा गरेका विभिन्न थरीका बोटबिरुवाहरू पोलेर त्यसमाथि विभिन्न थरीका अन्नहरू पीठो, घिउ पोलेर अघि विभिन्न ठाउँबाट जम्मा गरेको पानी र ढुङ्गाहरूलाई मन्त्र जप्दै बच्चा जन्मिँदा जोजो थिए तिनीहरूलाई त्यो पानी खुवाएर मुखसुख हातखुट्टा सबै पखाल्न दिएर बोटबिरुवाहरूलाई जलाएर पोलेर तिनीहरूलाई सुँघाएर लामाले चोख्याइदिने कार्य गर्दछ । त्यतिखेरै बच्चाको पनि हातखुटा मुख र लामाले दूधको सट्टामा घिउ खुवाइदिने कार्य हुन्छ । यसै अवसरमा लामाले बच्चाको नाम राखिदिने गर्दछ । यस जातिमा बच्चाको नाम राख्दा जहिले दुइटा नाम जोडिएर राख्दछ । प्रायजसो जुन बारमा जन्मिएको हो त्यो बार र त्यो बच्चाको वंशजको दृष्टिले पुर्खाको कुनै एउटा नाम तानेर वा झिकेर त्यो बच्चाको नाम रहने गर्दछ । जस्तै कुनै बच्चा (सोमबार) दवमा जन्मेको रहेछ भने अब उसको आफ्नै वंशजको पुर्खाको नाम पासाङभुटीक थियो भने अब त्यो भर्खर जन्मेको बच्चाको नाम दावाभुटीक रहन्छ ।

यस जातिको प्रचलनअनुसार सुत्केरीमा खुवाइको दृष्टिले अर्थात् खानेकुराको दृष्टिले विशेष गरी कुखुरा काटेर त्यसको सूप खाने प्रचलन यस जातिमा पाइन्छ । कुखुराको सूपमा चौंरी तथा गाईको शुद्ध घिउ मिसाई माटोको भाँडा हाँडीमा बेस्मारी पकाएर त्यसको सूप खाने गर्दछ । खानाको रूपमा प्रायजसो कोदोको पानी घट्टामा पिसेको ढिँडो मस्काएर खाने गर्दछ। यसरी लगभग एक महिनाजति मुख बार्ने चलन रहेको पाइन्छ । सुत्केरीको बेला कुरुवा र सहयोगीको रूपमा एक जना मात्र हुनु राम्रो मानिन्छ । खाना पकाएर सुत्केरीलाई खुवाउने कार्य एक जनाले मात्र गर्नु राम्रो मानिन्छ । यदि एकभन्दा बढी व्यक्तिले पकाएर खुवाउने कार्य गरेमा आँखा लाग्ने भन्ने विश्वास रहेको पाइन्छ र खाएको कुरा पनि नपच्ने र ज्यानमा नलाग्ने भन्ने आस्था रहेको पाइन्छ । बच्चाको लागि भनेर एक किसिमको पूजा हुन्छ त्यसलाई धीरीम भनिन्छ । त्यसको लागि एउटा पोथी कुखुरा र दुईवटा अन्डा चाहिन्छ । त्यो प्रायजसो लोबेनद्वारा सम्पन्न गर्नुपर्दछ । यो गर्नुको मुख्य उद्देश्य बच्चाको जिन्दगीमा कुनै उतावचढाव नआओस् भनी गर्ने गर्दछ ।

(ख) वृद्धिसंस्कार

बच्चा शिशुलाई बेलुकी डुलाउने पूजाआजा भएको ठाउँमा लानु राम्रो मानिँदैन । यसरी लाँदा बिरामी हुने स्या लाग्ने डर हुन्छ । टाढा जाँदा या

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
खोलानाला, पहाड भन्ज्याङ काटेर जानुपर्दा शिशुको निधारमा चुलोको कालो अँगेरीले ठाडो तवरले लगाउने गरिन्छ। किनभने यसले विभिन्न अप्रिय घटना तथा भूतप्रेतले आक्रमण गर्न नसकोस् भनेर यो विधि अपनाइन्छ। सानो शिशुलाई लामाले मन्त्र जपेको बुटी लगाइदिने गरिन्छ ता कि भूतात्मावाट सुरक्षा होस् भनेर गरिन्छ।

शिशु यदि छोरो भएमा आयुष्मान् होस् भन्ने हेतुले **साङ र थोसाङ** भनिने पूजा लोबेन (विजुवा)बाट गरिन्छ। यस्तो किसिमको चिन्ता वस्दा ला र छि गरिन्छ।

(ग) विवाहसंस्कार

उद्देश्य : विवाहचाहिँ आफ्नो पितापुर्खाको चलिआएको परम्परा, अस्तित्व तथा वंशलाई निरन्तरता दिने उद्देश्यले गरिन्छ। विशेष गरी विवाह नभएमा सन्तानोत्पादन हुँदैनन् र सन्तान नभएमा त्यस कुलघरानाको वंश नै तुहिएर जान्छ भन्ने सामाजिक मान्यताका कारण यस समुदायमा विवाह नगरिनहुने एक सामाजिक संस्कारको रूपमा लिन्छन्। एकात्मक परिवार रहेको र परिवारमा महिलापुरुष दुवैको समान अधिकार रहेको कुरा पनि उहाँको शोधपत्रमा उल्लेख गरेको छ। ल्होमीजातिहरूमा अन्तर्विवाह मुख्य रूपमा रहेको र यिनीहरूमा मागी विवाह, प्रेमविवाह बहुपत्नी विवाह, विधवा र जबरजस्ती विवाह जस्ता धेरै प्रकारको विवाह गर्ने गरेको तर प्रचलित रूपमा मागी विवाह र जबरजस्ती विवाह नै रहेको कुरा उल्लेख गरेको पाइन्छ। विवाहमा गीतसङ्गीतको महत्त्वपूर्ण भूमिका रहन्छ।

रिलु (अग्लो डाँडा वा चौताराबाट गाइने गीत) यो वास्तवमै अनौठो खालको सायद ल्होमीजातिले मात्र गाउने गीत हो। **ढेलु** (कार्यक्रम वा उत्सवमा बसेर गाउने गीत), **स्यप्रे लु** (नृत्यसहित गाइने गीत), **छिक्च्याक** (दोहरी गीत), **टेस्यीदीक्लु** (कार्यक्रम सम्पन्न भएको अन्तिममा मात्र गाइने गीत), **ङिमटेस्यी** (विवाहमा बेहुली भित्र्याउने गीत), **होरेस** (वेहुली भित्र्याएपछि पुरुषहरूले मात्र गाइने गीत) आदि ल्होमी समाज पाइने लोकप्रचलित गीतहरू हुन्। यसरी विभिन्न भागमा बाँडेर गाइने ल्होमी गीत तथा नाचहरू जातीय पहिचानको अर्को आधारस्तम्भ हो।

विवाहमा गाउँलेहरू सबै भेला भएर भोज खाएर, **स्याप्र (नाचगान)** नाचेर रमाइलो गर्ने कुरा उल्लेख गरेको पाइन्छ।

प्रचलित विवाहप्रथा

ल्होमीजातिभित्र मुख्यतया निम्न प्रकारका विवाह गर्ने प्रचलन एवम् प्रथा रहिआएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मागी तथा जबरजस्ती विवाह

मागी विवाह तथा जबरजस्ती विवाह ल्होमीजातिभित्र सवैभन्दा बढी प्रचलनमा रहेको विवाहशैली हो । यस विवाहमा कुटुम्वेरी हक लाग्ने भएमा वेहुलापक्षले मन परेको वेहुली माग्न बेहुलीको घरमा विशेष खालको रक्सी या जाडको तोङ्बा सगुन लगी त्यसमा खादा बाँधी लग्ने मौलिक प्रचलन रहेको छ । बेहुली माग्न बेहुलीको घरमा गई उनको बुवा, काकाहरूसँग वेहुलापक्षको अभिभावकहरू गई माग्ने गरिन्छ । बेहुली दिनलाई बेहुलापक्षको आर्थिक, सामाजिक तथा नैतिक पक्षलाई आधार मानिदिने नदिने निर्क्योल गरिन्छ । बेहुलीको वाबुवरावरको निर्णय गर्ने अधिकार काका बडावाबुलाई हुने यस जातिको सामाजिक संस्कार हो । सगुनको रूपमा ल्याइएको जाँडरक्सी खाएमा बेहुली दबिएको ठहर गरिन्छ । समान्यतया यस जातिमा वेहुलीलाई वेहुला मन परे पनि खुलेर नभन्ने चलन परापूर्वकालदेखि चलिआएको छ । खुल्ला संस्कृति नभएका यी ल्होमीजातिमा विवाह गर्दा बेहुलालाई भन्दा बेहुलीलाई र बेहुलीपक्षका अभिभावक, नातेदारहरूलाई धेरै नै रिझाउनुपर्ने सामाजिक मान्यता अझै जीवित छ । बेहुलीको राजी भएमा पनि वाबुआमा वा काका, बडावाबुले नदिएमा हुँदैन । बेहुली अनुपस्थित भएमा पनि काका बडाबाबुले छोरीको निम्ति बेहुला उत्तम लागेमा दिने निर्णय हुन्छ । बेहुली दिइसकेपछि विधिवत् रूपमा विवाह गर्ने गरिन्छ ।

यस्तो अवस्थामा वेहुलीलाई निर्णय गरेर दिए पनि बन्दसस्कृतिका कारण हरेक बेहुलीको भित्री मनसायमा अलिकति तानेझैं गर्नु भन्ने हुन्छ । यसो भएमा बेहुलीको माइती खलकको इज्जत प्रतिष्ठा कायम हुने सामाजिक विश्वास पाइन्छ । यदि वेहुली दिएन र बेहुलापक्षलाई असाध्यै मन पऱ्यो या बेहुलीको काका, बाबुले दिएन भने कुटुम्वेरी हक लाग्ने कारणले नै राजी नहुँदै जबरजस्ती तानेर विवाह गर्ने चलन छ । पहिलादेखि चलिआएको यो जबरजस्ती विवाह अझै पनि अस्तित्वमा रहेको छ । यसरी तानेर ८,९ वर्ष पर्खेर राजी बनाई घरजम गर्ने चलन यी जातिमा अझै जीवित छ । अन्य नेपालीहरूले ज्वाइँलाई राडीमाथि सत्कार गर्ने तर ल्होमीमा ठीक उल्टो छ कि ज्वाइँले हलो जोत्नेदेखि लिएर सबभन्दा गाह्रो काम गर्नुपर्ने हुन्छ ।

प्रेम तथा भागी विवाह

यो प्रकारको विवाह पहिला थोरै र आजभोलि धेरै गर्ने गरिन्छ । गाउँ घरमा नाचगान, चिनापर्ची हुँदा, मेलापात, विवाह उत्सवको वेला, या कुवेला जाँदा नातागोता नलाग्ने कुटुम्वेरी हक लाग्ने बेहुला र बेहुलीबीच मायाप्रीति बस्न गई अन्तमा प्रेमविवाहमा परिणत हुन्छ । यस प्रकारको प्रेमविवाह शैली यस जातिमा बढिरहेको छ । प्रेमविवाहलाई परिवारबाट स्वीकार नगर्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अवस्थामा तथा गर्भ रहेमा तथा कुटुम्वेरी बीच मन परापर भएमा भागेर जाने गरिन्छ ।

भाउजू विवाह

ल्होमीजातिमा भाउजू स्याहार्ने चलनलाई भने मान्यता दिएको पाइन्छ तर यस्तो चलन पनि न्यून मात्रामा पाइन्छ । यदि दाइको मृत्यु भएमा र भाउजूले पनि राजी भएमा उसको देवरले विवाह गर्ने गरिन्छ । कहिलेकाहीं वेहुलाको इच्छाअनुसार भन्दा पनि वुवाआमाको सल्लाह वा आदेशवाट विवाह गर्न कर लाग्दछ । यसरी सानोमा वुवाआमाको कर तथा अशिक्षाको कारणवाट भाउजू विवाह गरे तापनि अर्को विवाह गर्ने गरेको उदाहरण पनि यदाकदा पाइन्छ ।

जारी विवाह

ल्होमीजातिमा जारी विवाह गर्ने प्रचलन पनि रहेको पाइन्छ । तर यस्तो किसिमको विवाहमा वेहुला र बेहुली मात्रै निर्णय र जिम्मेवार रहेको हुन्छ । वेहुलीले उसको पहिलो श्रीमान् मन नपरे अर्कै बेहुला मन पराएमा उनीहरू भागेर जान सक्छ । यस्तो अवस्थामा पहिलो श्रीमान्सँग २ वटा अधिकार हुन्छ पहिलो **जारी चप्केन (काट्ने) र दोस्रो जारी जप्केन (तिराउने)** । पहिलो श्रीमान्ले **जारी चोप्केन**अन्तर्गत उसले वेहुली र वेहुलालाई सकेजति कुनै पनि हतियार प्रयोग गरेर घाइतेसम्म बनाउन सक्छ । कसैले त नाक नै काट्ने प्रयास गर्दछ । अर्को उसले नयाँ बेहुलाबाट विवाहमा खर्च गरेको सम्पूर्ण खर्च र उसको मानइज्जतलाई सम्मान हुने गरी क्षतिपूर्तिस्वरूप रकम तिराउँछ । यसरी पूर्ववेहुलालाई जारी तिरिसकेपछि कुनै किसिमको सामाजिक कानुन ऐन नलाग्ने हुन्छ । अनि फेरि पनि वेहुलीले नयाँ बेहुलासँग सम्पूर्ण विवाहको विधि पूरा गरेर विवाह गर्दछ । जारीको मुद्दा नसिद्धिन्जेल गाउँसमाजको नजरमा उनीहरू दोषी देखिन्छ र उनीहरूले विवाह रीत गर्न पाउँदैन ।

थाक च्योक्केन (अन्तिम विवाह)

ल्होमीजातिको विवाह प्रचलन निकै लामो र कडा नियमभित्र बाँधिएको पाइन्छ । यिनीहरूले विवाहको सम्पूर्ण विधिहरू पूरा गरे तापनि अझै अन्तिम विवाह गर्न भने बाँकी नै रहेको हुन्छ । यो अन्तिम विवाहलाई यिनीहरू **थाक च्योक्केन** भन्दछन् । यो कसैकसैले धेरै वूढावूढी भएपछि मात्र गर्ने गर्दछ । तर यो विवाहमा पहिलो जस्तो सम्पूर्ण विधिविधान र भोजभतेर गर्ने चलन त्यति छैन । अन्तिम विवाह गरेपछि मात्र बेहुलीमाथि पूर्ण रूपमा बेहुलाको अधिकार हुने व्यवस्था छ । अन्तिम विवाहको वेलामा माइती पक्षवाट वेहुलीलाई केके दिन्छ सबै दाइजोहरू लेखेर राख्ने गर्दछ । त्योभन्दा अगाडि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
बेहुलीले उसको बुबाआमाबाट नगद वा जिन्सी ल्याएको छ भने अन्तिम विवाहको बेलामा हिसाब गरेर दाइजो रूपमा गणना गरिने चलन रहेको पाइन्छ। अन्तिम विवाह नगरेमा यदि बेहुलीको मृत्यु भएमा बेहुलीले उसको माइतीबाट ल्याएको सम्पूर्ण गरगहना तथा श्रीसम्पत्ति माइतीलाई बुझाउनुपर्छ र माइतीहरूले भान्जाभान्जीलाई दिइने गर्दछ वा यदि भान्जाभान्जी कोही पनि नभएमा उसैले नै फिर्ता लगेर जाने चलन रहेको छ। पितृसत्तात्मक ल्होमीजातिमा यस प्रकारको भयको मनोविज्ञानले गर्दा अन्तिम विवाह अनिवार्य मानिन्छ। अन्तिम विवाह नभईकन नै बेहुलीको मृत्यु भएमा ऊबाट जन्मेका छोराछोरीहरू पनि बेहुलीको दाजुभाइ अथवा छोराछोरीका मामाहरूबट उक्साउनुपर्ने व्यवस्था रहेको पाइन्छ। यस्तो बेलामा छोराको लागि रु. १ र छोरीका लागि रु. २ प्रति व्यक्ति मामाहरूलाई बुझाउनुपर्दछ। तर बेहुलीको मृत्यु हुनुभन्दा पहिला नै अन्तिम विवाह भएमा त्यसो गर्नु पर्दैन। ल्होमीजातिमा बहुविवाहलाई सामाजिक मान्यता दिइँदैन। यदि कसैले बहुविवाह गरेको खण्डमा प्रायजसो श्रीमान्ले घर छोडेर जानुपर्दछ र कान्छी श्रीमतीसँगै अन्यत्र गएर बस्ने चलन रहिआएको छ।

ल्होमीजातिको विवाह गर्ने विधि

बेहुलीलाई फकाएर वेहुलाको घरमा ल्याएपछि बेहुली घरभित्र पसाउनुभन्दा पहिला बेहुलाको आमा देब्रे हातमा एउटा काठको बटुकाभित्र गहुँको पीठो त्यसमाथि घिउ र दाहिने हातमा **दतर** (एक खालको झन्डा जस्तै) लिएर घरको ढोकामा र काकीहरू, सानी आमाहरू पनि हातमा कसैले तामाको भाँडामा पानी र मकै लिएर बस्छन्। त्यसपछि बेहुलाको आमाले हातको झन्डा (**दतर**) ले देब्रे तर्फबाट बेहुलीको टाउकोमा वरिपरि घुमाउँदै लक्ष्मी बोलाउने वा आशीर्वाद दिने गर्दछ। यसलाई **क्षा योप्केन्** भनिन्छ। यसरी क्ष योप्ने कार्य गर्दा ३ वटा संसार जस्तो भगवान्को संसार **तेङ् ल्हाये यु**, मानिसको संसार **भरचेन्** र नागको संसार **होक् लुये यु** बाट आशीर्वाद वा लक्ष्मी बोलाउने गर्दछ। यस समयमा सबै किसिमको सुकार्यहरू आउनु भनेर बोलाउँछन्। सो कार्य सकेपछि बेहुलीको साहिँली औँलालाई आमाहरूले बोकेको भाँडामा जे छ त्यसैलाई छुन लगाई मुखमा खान दिन्छन्। बेहुलाको आमाले बेहुलीको साहिँली औँला समात्दै विशेष किसिमको गीत गाउँदै घर भित्र्याउँछन्। अनि पुरुषहरू जसले बेहुलीलाई ल्याए तिनीहरू पनि विशेष किसिमको गीत गाएर आमाहरूको पछि घरभित्र पस्छन्। घरभित्र २ लाइनमा आमाहरू र पुरुषहरू नाच्छन् र एकछिनपछि दुवै समूह एकबद्ध भएर नाच्छन्। यसरी आमाहरू मात्र नाच्ने नाचलाई **डिम टेस्यी** भनिन्छ र पुरुषहरूको नाचलाई **हो रेसो** भनिन्छ। त्यसपछि बेहुलीको फुपू र मामालाई बोलाउँछन्। यदि फुपूले पहिलाको कुनै पनि रिसइबी भएमा त्यो दिन सबै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने गर्छन् र वेहुलातर्फबाट माफ माग्छन्। फुपूलाई वोलाएपछि फुपू र मामाले अव वोको काट्नु (**थोक्पाक दुम्**) भनेपछि एउटा वोको र भाले काट्छन अनि ढोकामा वसेर एक जना विजुवाले वोकाको टाउको केराको पातमा राखेर पूजा गर्छ अनि गीत गाउँदै पुजारीले भट्याउने र अरूहरूले एक स्वरमा **सो हाक** भन्दै *कुखुराको प्वाँखहरू* उखेल्दै घरभित्र छर्दै गर्छन्। वेहुलीलाई ल्याउँदा वा भगाउँदा वा जवरजस्ती तान्दा जसले सवभन्दा पहिला वेहुलीलाई समात्छ उसैले नै बोको काट्छन् अरूले बोको काट्न पाउँदैन। यस्तो गर्नुलाई ल्होमी भाषामा **स्याया लोङ्गेन्** भनिन्छ। यो थोक्पाचाहिँ विशेष गरी जसले बेहुलीलाई सुरुमा हात समाउँछन् उसका लागि शिर उठाउनुपर्छ भन्ने उद्देश्यले गरिन्छे जसलाई ल्होमी भाषामा **खाच्च्यी सोगेन** भनिन्छ। त्यसपछि सोही दिन बेहुलीको नाता पर्ने घरधुरी बाट एकएक जना वोलाएर भोज खुवाउने गर्दछ। यसरी भोज खुवाउँदा मासु ढिँडो र जाँड अनिवार्य खुवाउने गरिन्छ। बेहुलीको नाता कोको पर्छ र ककसलाई वोलाउने भन्ने निर्णय वेहुलीको फुपूले गर्दछ जसलाई **भायोक्मा** भनिन्छ। यसरी पहिलो पटक गाउलेलाई वोलाएर भोज खुवाउनुलाई **मादेन** भनिन्छ।

मादेन गरिसकेपछि अनि यिनीहरूले **भालीन** गने गर्दछ। भालीन भनेको सामान्य अर्थमा विवाह भनिन्छ। यसले विवाहको दोस्रो चरणलाई पनि वुझाउँछ। अन्तिम विवाह पनि गर्ने गर्दछ जुन धेरै वूढावूढी भएपछि मात्र गर्ने चलन छ। यसलाई यिनीहरूको भाषामा **थाक् क्षोकोन्** भनिन्छ जसको अर्थ सवै सामाजिक तथा कानुनी प्रक्रिया पूरा गरी माइतीपक्षको कुनै पनि अधिकार नरहने अवस्था हो। ल्होमीजातिमा विवाहको विभिन्न विधिहरू रहेको पाइन्छ। वेहुलीलाई घरमा भित्र्याइसकेपछि यिनीहरूले सोही दिन वा अन्य दिन मिलाएर **भालीन** विवाह गर्ने गर्दछ। तर च्याम्ताङ र गुम्बा गाउमा भने मादेन गरिसकेपछि तिन्ज्याङ गरिन्छ त्यसपछि भालीन हुन्छ। **भालीन(मुख्य विवाह)** अन्तर्गत निम्न चरणका कार्यहरू सम्पन्न गर्दछन्।

क) ज्याङ्ब थिङगेन्(वेहुली सिगारी सवै जनता साक्षी राखी घोषणा गर्ने बिधि)

यो समयमा बेहुलीलाई पहिलादेखि नै घरमा भित्र्याइसकेको हुन्छ। अनि वेहुलीलाई घरभन्दा केही पर लगेर एक कुनामा लुकाएर राखेको हुन्छ र वेहुलीको फुपू र अरू एकदुई जना वेहुलीले भागो (भाघो) वेहुलीले विवाहमा लाउने लुगाहरू लिएर जान्छ। त्यस समयमा वेहुलीलाई एउटा राम्रो वक्खु, एउटा वुरेको घोदाङ् (रेसमको कपडा) (महँगो), स्यमुङ्डोङ्स्य (महिलाको टोपी), काटुक (चाँदीको पैसा टोपीमा राख्ने), कितेन् (पछाडि लाउने), पाङ्देन् (अगाडि लाउने), दोचा, तोङगीक चीमर (कपालमा लाउने) मुगाको माला, चाँदीको चुरा, आदि लगाइदिन्छ। सबभन्दा माथि एउटा विशेष प्रकारको वक्खु लाउँछन् त्यसलाई **ज्याङ्ज्युङ** भनिन्छ। यसरी बेहुली सिँगारिसकेपछि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ङिन्जेम्वहरू आउछन्। यदि चेपुवा गाउमा विवाह हुँदै छ भने ३ जना ङिन्जेम्व र केही साथीहरू (विवाहको गीत गाउन जान्ने) विशेष किसिमको लुगा लगाएर लौरो टेकेर आउँछन्। ङिन्जेम्वले लाउने विशेष किसिमको गोलो आकारमा रातो र पहेँलो टोपी हुन्छ। रातो टोपीचाहिँ मुख्य ङिन्जेम्वले र पहेँलोचाहिँ अन्य ङिन्जेम्वले लगाउँछन्। जसलाई **सिस्स्य याङदाक र सिच्च्ये बोतोक** भनिन्छ। अनि बेहुली भएको ठाउँमा बेहुली र उसको फुपू बसेको हुन्छ। यो समयमा बेहुलीको फुपूले पनि नयाँ लुगा र ज्याङ्ज्युङ् लाएर बसेको हुन्छ। अनि ङिन्जेम्व आएपछि घिउको **'चेक'** टीका लगाइदिन्छ / यस्तो वेलामा ङिन्जेम्वले विशेष किसिमको साहित्यिक भाषामा बेहुलाको परिचय तथा उसको कुल घरानाको परिचय दिने गर्दछ। त्यसपछि ङिन्जेम्वहरूले गीत गाउन सुरु गर्दछ र त्यस्तो गीतमा सुरुमा वेहुलीलाई उठ्न अनुरोध गर्ने गीत गाउँदछ। अनि वेहुलीको साहिँली औँलामा समातेर गीत गाउँदै डोऱ्याएर विस्तारै लैजान्छ। सबै ङिन्जेम्वहरूले छाता ओढेको हुन्छ र लट्ठी टेकेको हुन्छ। वेहुली र वेहुलीको फुपूले पनि लौरो टेकेको हुन्छ। सबैको लौरो माथि विशेष किसिमको रूखको हाँगाबाट मानिसको लिङ्ग बनाई अड्काएको हुन्छ। वास्तवमा यो रमाइलोका लागि मात्र गरेको हुन्छ र बेहुली र बेहुलीको फुपूले यसलाई झिकेर फालि पनि दिन्छ। यो वेलामा बेहुलीलाई धेरै टाठाबाट ल्याइएको कल्पना गर्दै वा धेरै टाठाबाट पहिलो पटक बेहुलाको घरमा ल्याउँदै गरेको मान्दछ। गीत गाउँदा ङिन्जेम्वहरू दुई समूहमा विभाजन गरेर गाउँछन्। वास्तवमा यो बेलामा यिनीहरू तिब्बतको राजा स्रोङ्चेन गोम्वुले कसरी नेपालबाट भृकुटीलाई विवाह गरेर लगे त्यसको नक्कल वा अनुसरण गरेको ठान्दछ। यसरी गीत गाउँदै ल्याएपछि घरको नजिक राख्दछ। यस बेलामा धेरै जाँड खाने खुवाउने चलन छ। यसरी बेहुली ल्याउँदा बाटोमा केकस्ता दुःख, समस्या, बाधाहरू आए भनेर कसैले सोध्ने र अरू केके ल्याउनुभयो भनेर सोध्ने र ठट्यौली गरी रमाइलो गर्ने चलन छ। यो समयमा धेरै अश्लील कुराहरू प्रदर्शन गर्ने र अश्लील कुराहरू पनि गर्ने गरिन्छ। एक जना विजुवा बोलाएर केही धार्मिक संस्कार पनि गर्ने गर्दछ। अनि यो समयमा बेहुलाका आफन्तहरू वेहुलीलाई र ङिन्जेम्वहरूलाई परिचय गर्न आउँछन् तर यो एउटा चलन मात्र हो उनीहरू एकअर्कामा परिचित नै हुन्छ। यस बेला परिचय गर्न आउनेहरूले यसो भन्छः **ङिन्जे छाङम थाम्च्येत् क्षा भुस्यी नाङ्च्युङो, नाम भायोक्म थाम्च्येत् नाङ् भुस्यी नाङ्च्युङो** र अरूहरूले चाहिँ **है लेसो** भनेर भन्छन्। त्यसपछि उसलाई वेहुली वा बेहुलीको फुपू वा कोही ङिन्जेम्वले आफ्नो अगाडि राखेको जाँड खान दिन्छ। यसलाई उनीहरू **हाप्स** भनिन्छ। यो एक किसिमको अभिवादन जस्तै पनि हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

डिन्जेम्वहरू आउछन् । यदि चेपुवा गाउमा विवाह हुँदै छ भने ३ जना डिन्जेम्व र केही साथीहरू (विवाहको गीत गाउन जान्ने) विशेष किसिमको लुगा लगाएर लौरो टेकेर आउँछन् । डिन्जेम्वले लाउने विशेष किसिमको गोलो आकारमा रातो र पहँलो टोपी हुन्छ । रातो टोपीचाहिँ मुख्य डिन्जेम्वले र पहँलोचाहिँ अन्य डिन्जेम्वले लगाउँछन् । जसलाई **सिस्स्य याङदाक र सिच्च्ये बोतोक** भनिन्छ । अनि बेहुली भएको ठाउँमा बेहुली र उसको फुपू बसेको हुन्छ । यो समयमा बेहुलीको फुपूले पनि नयाँ लुगा र ज्याङ्ज्युङ् लाएर बसेको हुन्छ । अनि डिन्जेम्व आएपछि घिउको **'चेक'** टीका लगाइदिन्छ / यस्तो वेलामा डिन्जेम्वले विशेष किसिमको साहित्यिक भाषामा बेहुलाको परिचय तथा उसको कुल घरानाको परिचय दिने गर्दछ । त्यसपछि डिन्जेम्वहरूले गीत गाउन सुरु गर्दछ र त्यस्तो गीतमा सुरुमा वेहुलीलाई उठ्न अनुरोध गर्ने गीत गाउँदछ । अनि वेहुलीको साहिँली औँलामा समातेर गीत गाउँदै डोऱ्याएर विस्तारै लैजान्छ । सबै डिन्जेम्वहरूले छाता ओढेको हुन्छ र लट्ठी टेकेको हुन्छ । वेहुली र वेहुलीको फुपूले पनि लौरो टेकेको हुन्छ । सबैको लौरो माथि विशेष किसिमको रूखको हाँगाबाट मानिसको लिङ्ग बनाई अड्काएको हुन्छ । वास्तवमा यो रमाइलोका लागि मात्र गरेको हुन्छ र बेहुली र बेहुलीको फुपूले यसलाई झिकेर फालि पनि दिन्छ । यो वेलामा बेहुलीलाई धेरै टाठाबाट ल्याइएको कल्पना गर्दै वा धेरै टाठाबाट पहिलो पटक बेहुलाको घरमा ल्याउँदै गरेको मान्दछ । गीत गाउँदा डिन्जेम्वहरू दुई समूहमा विभाजन गरेर गाउँछन् । वास्तवमा यो बेलामा यिनीहरू तिब्बतको राजा स्रोङ्चेन गोम्वुले कसरी नेपालबाट भृकुटीलाई विवाह गरेर लगे त्यसको नक्कल वा अनुसरण गरेको ठान्दछ । यसरी गीत गाउँदै ल्याएपछि घरको नजिक राख्दछ । यस बेलामा धेरै जाँड खाने खुवाउने चलन छ । यसरी वेहुली ल्याउँदा बाटोमा केकस्ता दुःख, समस्या, बाधाहरू आए भनेर कसैले सोध्ने र अरू केके ल्याउनुभयो भनेर सोध्ने र ठट्यौली गरी रमाइलो गर्ने चलन छ । यो समयमा धेरै अश्लील कुराहरू प्रदर्शन गर्ने र अश्लील कुराहरू पनि गर्ने गरिन्छ । एक जना विजुवा बोलाएर केही धार्मिक संस्कार पनि गर्ने गर्दछ । अनि यो समयमा बेहुलाका आफन्तहरू वेहुलीलाई र डिन्जेम्वहरूलाई परिचय गर्न आउँछन् तर यो एउटा चलन मात्र हो उनीहरू एकअर्कामा परिचित नै हुन्छ । यस बेला परिचय गर्न आउनेहरूले यसो भन्छः **डिन्जे छाङम थाम्च्येत् क्षा भुस्यी नाङ्च्युङो, नाम भायोक्म थाम्च्येत् नाङ् भुस्यी नाङ्च्युङो** र अरूहरूले चाहिँ **है लेसो** भनेर भन्छन् । त्यसपछि उसलाई वेहुली वा बेहुलीको फुपू वा कोही डिन्जेम्वले आफ्नो अगाडि राखेको जाँड खान दिन्छ । यसलाई उनीहरू **हाप्स** भनिन्छ । यो एक किसिमको अभिवादन जस्तै पनि हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ख) राक्च्यीक्मा फाकेन् (राक्च्यीक्मा नाच)

लामा वा बिजुवाले धार्मिक संस्कार गरेपछि विशेष किसिमको गीत गाएर राक्च्यीक्मा नाच नाच्ने गर्दछ। यो समयमा जाँड प्रशस्त मात्रामा खान्छ र एउटै बटुकावाट धेरै जनाले खान्छ। यिनीहरू यसलाई कुनै किसिमको घिन मान्दैन, जुठोको कुनै प्रवाह गर्दैन वरु धेरै रमाइलो मान्दछ। **राक्च्यीक्मा** नाच्दा एकदम रमाइलो गरी नाच्ने गरिन्छ। यो गीत सवैलाई आउँदैन। यो गीत अरू बेला पनि गाउँदैन। ज्याङ्व थिन्तोन्को समयमा मात्र राक्च्यीक्मा नाच्छन्।

ग) घवुक् सुगेन्

राक्च्यीक्मा नाचिसकेपछि वेहुली र डिन्जेम्बहरू उठेर अघि गाउँदै गरेको गीतलाई निरन्तरता दिँदै अघि वढ्छन्। जाँदै गर्दा वेहुलाको घरको आँगनमा पुग्छ र त्यहाँ धूप बालेको हुन्छ यसलाई यिनीहरूको भाषामा साङ भनिन्छ। बेहुली र सबै डिन्जेम्बहरू ३ पटक त्यो साङको वरिपरि घुम्छन्। यसरी घुम्दा वेहुलीलाई विभिन्न किसिमको अशुद्ध हुन सक्छ र त्यो शुद्ध होस् भनेर गरिने शुद्धीकरणको संस्कार हो वा पहिला कुनै पनि बेहुला, पशुपन्छी, देवता, राक्षस आदिद्वारा अशुद्ध पारेको हुन सक्छ र त्यसलाई शुद्ध पार्दछ भन्ने मान्यता राख्दछ। एक जना लामा हातमा भोम्व (एक किसिमको करुवा पानीसहित) लिएर **'ठी'** चोख्याउने कार्य गर्दछ। त्यसपछि वेहुली ल्याउँदा विभिन्न देवता वा भूतप्रेत आत्मा पनि सँगै आयो होला र अव सवै फर्केर जाऊ भनेर वेहुलाको एक जना भाउजू हातमा **दतर** र एक कित्ली जाँड अनि काखमा एउटा वटुका लिएर आउँछ। अनि वेहुलाको भाउजूले पनि बेहुलीको टाउकोमा *दतर* वरिपरि घुमाएर वेहुलीको पछि आएका सम्पूर्ण आत्माहरू वा नराम्रा कुराहरू हटेर जाऊ भनेर भन्छन्। **'स्यार्की मीग स्यार्ल ज्युक्'** (पूर्ववाट आएको नराम्रो सवै पूर्वमै फर्केर जाऊ) **'नुप्की मीग नुप्ला ज्युक '** (पश्चिमवाट आएको नराम्रा कुराहरू पश्चिममै फर्केर जाऊ) भनेर दतर घुमाउछ र यो कार्य सकिसकेपछि वेहुलीलाई कित्लीवाट जाँड खुवाउँछ। वेहुलाको भाउजूले यो कार्य गर्नुलाई **'घवुक सुगेन'** भनिन्छ।

घ) नातोक स्याक्केन

घवुक सुगेन' कार्य भइसकेपछि **'नातोक स्याक्केन्'** को कार्य भनिन्छ। त्यसपछि वेहुलीको देवर आएर नाक छेर्ने संस्कार गर्दछ। यो समयमा वेहुलीको देवरले विशेष किसिमको पहिरनसहित घोरलको सिँसहितको घोरलको टाउकोबाट बनेको टोपी लाएर, एउटा लामो तरवार भिरेर हातमा लामो निगोलोमाथि खाँदा बाँधेर बेहुलीको वरिपरि ३ पटक घुम्ने गर्दछ र ३ पटक बेहुलीको अनुहारमा तरवारलाई पछाडि फर्काएर देवताको विजय होस् भनेर कराउँछन र अन्तिम पटकमा वेहुलीको नाकमा छुवाउँछन् र तरवारको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ख) राक्च्यीक्मा फाकेन् (राक्च्यीक्मा नाच)

लामा वा विजुवाले धार्मिक संस्कार गरेपछि विशेष किसिमको गीत गाएर राक्च्यीक्मा नाच नाच्ने गर्दछ। यो समयमा जाँड प्रशस्त मात्रामा खान्छ र एउटै बटुकावाट धेरै जनाले खान्छ। यिनीहरू यसलाई कुनै किसिमको घिन मान्दैन, जुठोको कुनै प्रवाह गर्दैन वरु धेरै रमाइलो मान्दछ। **राक्च्यीक्मा** नाच्दा एकदम रमाइलो गरी नाच्ने गरिन्छ। यो गीत सवैलाई आउँदैन। यो गीत अरू बेला पनि गाउँदैन। ज्याङ्व थिन्गोन्को समयमा मात्र राक्च्यीक्मा नाच्छन्।

ग) घवुक् सुगेन्

राक्च्यीक्मा नाचिसकेपछि वेहुली र ङिन्जेम्वहरू उठेर अघि गाउँदै गरेको गीतलाई निरन्तरता दिँदै अघि वढ्छन्। जाँदै गर्दा वेहुलाको घरको आँगनमा पुग्छ र त्यहाँ धूप वालेको हुन्छ यसलाई यिनीहरूको भाषामा साङ भनिन्छ। बेहुली र सबै ङिन्जेम्वहरू ३ पटक त्यो साङको वरिपरि घुम्छन्। यसरी घुम्दा बेहुलीलाई विभिन्न किसिमको अशुद्ध हुन सक्छ र त्यो शुद्ध होस् भनेर गरिने शुद्धीकरणको संस्कार हो वा पहिला कुनै पनि बेहुला, पशुपन्छी, देवता, राक्षस आदिद्वारा अशुद्ध पारेको हुन सक्छ र त्यसलाई शुद्ध पार्दछ भन्ने मान्यता राख्दछ। एक जना लामा हातमा भोम्व (एक किसिमको करुवा पानीसहित) लिएर **'ठी'** चोख्याउने कार्य गर्दछ। त्यसपछि वेहुली ल्याउँदा विभिन्न देवता वा भूतप्रेत आत्मा पनि सँगै आयो होला र अव सवै फर्केर जाऊ भनेर वेहुलाको एक जना भाउजू हातमा **दतर** र एक कित्ली जाँड अनि काखमा एउटा बटुका लिएर आउँछ। अनि बेहुलाको भाउजूले पनि बेहुलीको टाउकोमा *दतर* वरिपरि घुमाएर वेहुलीको पछि आएका सम्पूर्ण आत्माहरू वा नराम्रा कुराहरू हटेर जाऊ भनेर भन्छन्। **'स्यार्की मीग स्यार्ल ज्युक्'** (पूर्ववाट आएको नराम्रो सबै पूर्वमै फर्केर जाऊ) **'नुप्की मीग नुप्ला ज्युक '** (पश्चिमवाट आएको नराम्रा कुराहरू पश्चिममै फर्केर जाऊ) भनेर दतर घुमाउछ र यो कार्य सकिसकेपछि बेहुलीलाई कित्लीबाट जाँड खुवाउँछ। बेहुलाको भाउजूले यो कार्य गर्नुलाई **'घवुक सुगेन'** भनिन्छ।

घ) नातोक स्याक्केन

घवुक सुगेन' कार्य भइसकेपछि **'नातोक स्याक्केन्'** को कार्य भनिन्छ। त्यसपछि वेहुलीको देवर आएर नाक छेर्ने संस्कार गर्दछ। यो समयमा बेहुलीको देवरले विशेष किसिमको पहिरनसहित घोरलको सिँसहितको घोरलको टाउकोबाट बनेको टोपी लाएर, एउटा लामो तरवार भिरेर हातमा लामो निगोलोमाथि खाँदा बाँधेर बेहुलीको वरिपरि ३ पटक घुम्ने गर्दछ र ३ पटक वेहुलीको अनुहारमा तरवारलाई पछाडि फर्काएर देवताको विजय होस् भनेर कराउँछन र अन्तिम पटकमा बेहुलीको नाकमा छुवाउँछन् र तरवारको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पछाडिको भागमा कालो मोसो दलेको हुन्छ र त्यो बेहुलीको नाकमा दल्छन् । यो समयमा **तेङ् ल्हाये खिर्सा मीक्**(देवताले पनि अब आँखा लाउन पाइँदैन) **होक् लुये खिर्सा मीक्** (नागहरूले पनि आँखा लाउन पाइँदैन), **भरचेनगी खिर्सा मीक्** (मानिसहरूले पनि आँखा लाउन पाइँदैन) भनेर नाक छेर्ने संस्कार गर्दछ । यसलाई यिनीहरू नाक छेरेको मान्दछन् । यसले आजको मितिबाट यो बेहुलीमाथि कसैको पनि अधिकार नभएको भने जनाउँछ । यो कार्यले अबदेखि बेहुली सम्वन्धित बेहुलाको भएको भनी घोषणा गरेजस्तै हो ।

ङ) क्षा योप्केन् (स्वागत गर्दै बेहुली कुलमा भित्र्याउने)

देवरले नाक छेर्ने कार्य गरिसंकेपछि डिन्जेम्वहरूले फेरि गीतलाई निरन्तरता दिँदै बेहुलीलाई घरमा भित्र्याउने कार्य गर्दछ । अनि बेहुली घरमा आउँदा बेहुलाको आमा, काकीहरू, सानी आमाहरू हातमा विभिन्न भाँडाहरूमा अन्न, पानी, जाँड लिएर विशेष पहिरनसहित लाइनमा बसेको हुन्छ र बेहुलाको आमाले हातमा दतर लिएको हुन्छ । अनि सुरुमा बेहुलीलाई घरमा भित्र्याउँदा गरिने क्षा योप्केन् कार्य विस्तृत रूपमा गर्ने गर्दछ । त्यसपछि आमाले बेहुलीको टाउकोवरिपरि दतर घुमाउँदै देवताहरूको नाम जपेर आशीर्वाद दिने कार्य गर्दछ । यो समयमा **तेङ् ल्हाये युने क्षा घुलेक**, (देवताको संसारबाट लक्ष्मी आऊ), **ल्हाप्च्या वाङबु ज्याज्येनगी लाक्नी क्षा घुलेक, भरचेनगी युनी क्षा घुलेक**(मानिसहरूको संसारबाट पनि लक्ष्मी आउ) **च्येन्ज्य युक्म 'ज्याज्येनगी लाक्नी क्षा घुलेक, होक् लुये युनी क्षा घुलेक** (नागहरूको संसारबाट प्रनि लक्ष्मी आऊ) **लुप्च्या सोनरिन्जेनगी लाक्नी क्षा घुलेक**, सबै संसारबाट नै लक्ष्मी उसको बुहारीद्वारा आओस् भनेर बोलाउने गर्दछ । अनि क्षा योप्केन् कार्य सकिसकेपछि आमाहरू डिम टेस्यी नाच्छन् ।

च) ढोकामा बसेर बाटो रोक्ने

आमाहरू डिम टेस्यी गाउदै गर्दा डिन्जेम्वहरूवाट एक जना जसलाई भर्मा पनि भनिन्छ ऊ घरभित्र गएर ढोकामा उसको आफ्नो लौरो तेर्साएर बाटो रोक्ने गर्दछ । अनि उसले हाम्रो चेलीलाई **'गोचाङ्मा' 'टेचाङ्मा'** (अर्थः जवरजस्ती वेहुला खोजेर आयो) भन्छ भनेर भित्र जान दिँदैन । अनि अरू कोही मानिस गएर एउटा खाँदा चढाउँछन् र हामी तपाईंको चेलीलाई त्यस्तो भन्दैनौं घरभित्र जान दिनुस् भनेर बिन्ती गर्दछ । र खाँदालाई लौरोमा बाँधेर भित्र जान दिन्छ । भित्र गएपछि आमाहरू **डिम टेस्यी** नाचलाई निरन्तरता दिन्छ र वावु, दाजुभाइहरू र डिन्जेम्वहरूचाहिँ **हो रेसो** नाच नाच्न सुरु गर्दछ यसरी आमाहरू र डिन्जेम्वहरू २ लाइन भएर नाच सुरु हुन्छ र एकछिनपछि अरू नै गीतमा परिणत भएर नाच्न सुरु हुन्छ यति बेलासम्म वेहुली र उसको फुपूलाई राडी वा गलैंचा ओछ्याएर वसाइसकेको हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ) थोक्पाक ढुम्केन

अनि घरमा लामाको पूजा भइरहेको हुन्छ। ल्होमीजातिको विवाह गर्दा लामा र विजुवा अनिवार्य चाहिन्छ। वेहुलीलाई घरमा ल्याएपछि लामाकहाँ गएर पूजा र टीका टालो गर्ने कार्यका लागि जाँड लगेर अनुरोध गर्दछ। उनीहरूको पूजा गर्ने वेलामा रवु सीप्रीया -एउटा बोको चाहिन्छ। तर सुरुमा बेहुली घरभित्र ल्याउँदा अनिवार्य बोको नै काट्छ तर अहिलेचाहिँ बोको सट्टामा एकदम पुरानो र मीठो कोदोको जाँड चाहिन्छ। जाँडलाई एउटा ठूलो काठको जारभित्र माथिसम्म आउने गरी हालेको हुन्छ र त्यसलाई डोरीले वाँधेर बाखाको स्वर निकाल्दै ङिन्जेम्वहरूको अगाडि ल्याउँछन् र लामाको आज्ञापछि एक जना ङिन्जेम्वले देवता भाक्दै जाँडलाई बाँधेको चोयाको डोरीलाई छिनाउँछन् वास्तवमा यो साँच्चीकै एउटा बोको काटेको विश्वास गर्दछ। पहिला पहिला वोको नै काट्ने गर्दथ्यो तर पछि बौद्ध संस्कृति र वोको पाउन गाह्रो हुने भएकोले साथै मानिसको चेतनाको कारणले गर्दा पनि यसलाई जाँडमा परिणत गरेका भनाइहरू पनि पाइन्छ। सबै जना मिलेर एउटै जारबाट वरिपरि बसेर जुठोको कुनै प्रवाह नगरी जाँड खाने गर्दछ र गीतलाई पनि निरन्तरता दिने गर्दछ।

ज) टेस्यी मेल्लम(टीकाटालो वा आशिष्)

अनि वेलुका भएपछि बेहली वेहुला, वेहुलीको फुपू -(भायोक्मा)लाई सँगै भुइँमा राडी ओछ्याएर राख्छन् र लामाले टेस्यी मेन्लम (टीका लाउने) गर्ने गर्दछ जसमा लामाले वेहुलीको टाउकोमा ३ पटा घिउको तोर्मा लगाउँछन् र लामा उठेर लामा विधि पढ्दै विभिन्न तोर्माको वाङ दिने गर्दछन्। यो समयमा गाउँका युवायुवतीहरू र अन्य गाउँलेहरू पनि आएर धेरै अश्लील शब्दहरू बोल्ने गर्दछन्। यो समयमा लामाको बारेमा पनि वा वेहुलाबेहुली र भायोक्माको बारेमा पनि अश्लील शब्द बोलेर जिस्क्याउने र रमाइलो गर्ने गर्दछ। यसमा यिनीहरू रिसाउने चलन छैन। सो कार्य सकेपछि फेरी भोजमा बोलाइएकाहरूले र अन्य आफन्तहरूले रुपियाँ पैसा, अन्न, जाँड आफूसँग जे उपलब्ध छ *खादा*सहित दिएर सहयोग गर्ने गर्दछ। त्यो बेलामा वेहुलाको बुवा, बेहुला, वेहुली र भायोक्मलाई पनि छुट्टाछुट्टै दिन्छन्। जसजसलाई दिइएको हो सो उसैले नै लान पाउँदछन्। वेहुलाको वुबालाई अरूभन्दा धरै अनि क्रमशः वेहुला, वेहुली र भायोक्मालाई सहयोग गर्दछन्। यसरी वेहुलाको वुवालाई रुपियाँ पैसा वा अन्य कुराहरू दिएर सहयोग गर्नुलाई **'देदेन्'** भनिन्छ र वेहुला, वेहुली र भायोक्मालाई दिनुलाई **'मिन्दोक'** फूलमाला भनिन्छ। यी सबै लेखेर अभिलेख राख्छन् र पछि उनीहरूको विवाह गर्ने बेलामा वा घर वनाउने वेलामा, मर्दापर्दा रेकर्डलाई हेरेर अझ त्योभन्दा पनि वढी सहयोग गर्ने गर्दछन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यी माथिका सबै विधिहरू बेहुलाको घरमा गर्ने गर्दछ। बेहुलाको घरमा गरिने भालीनका सबै विधिहरू गरिसकेपछि बेहुला, बेहुली, डिन्जेम्बहरू र अन्य २, ३ जना सहयोगी जसलाई डियोक्पहरू बेहुलीको घरमा जान्छ। यसरी कहिले बेहुला र बेहुली बेहुलीका घरमा आउने भन्नेबारे दुवैतर्फ सल्लाह गरेर राम्रो मिति र बार भरसक सोमबार, बिहीबारमा जाने गर्दछ। यसको बारेमा तल उल्लेख गरिएको छ।

झ) लम्सी(तिन्ज्याङ)

बेहुलीलाई बेहुलाको घरमा मागेर, भगाएर, चोरी फकाई गरेर वा जवरजस्ती तानेर विवाह गरे तापनि पहिलो पटक बेहुलीको घरमा जानुभन्दा पहिला **लम्सी** गर्ने गरीन्छ। ल्होमी भाषामा **लम्सी** भनेको बाटो तयार गर्नु हो। लम्सी गर्दा बेहुला पक्षको मामा वा कोही आफन्तहरू बेहुलीको घरमा एउटा ठूलो काठको जारमा जाँड हालेर खाँदासहित जाने गर्दछ साथमा अरू साथीहरू पनि जाने गर्दछ। यो समयमा बेहुलीको बुवाआमा, काकाहरूसँग मिल्ने साथीहरू पनि साथमा लाने गर्दछ ता कि बेहुलीको बुवाआमाले राम्रो तरिकाले व्यवहार गरोस् भनेर। यदि बेहुलीलाई जवरजस्ती तानेर लगेमा लम्सी गर्दा धेरै गाली गर्ने र कसैकसैले त लम्सी गर्न आउनेहरूलाई पिट्ने पनि गर्दछ। कोहीकोही त यस्तो घटनामा सिकिस्त बिरामी भएको पनि पाइन्छ। तर यस्तो हुँदा पनि बेहुला पक्षकोले सहेर नै बस्नुपर्ने यिनीहरूको चलन रहेको छ। लम्सी गर्दा बेहुला पक्षबाट आएको मानिसहरूले बेहुला र बेहुलीलाई प्रवेश गर्न दिनुहोस् भनेर बिन्ती चढाउँछ। बेहुलाको बुवाको हात टाउको बोक्ने र बिन्ती गर्ने गर्दछ। यो बेलासम्म बेहुलापक्षको मानिसहरू भुइँमा वस्न पाउँदैन र जबसम्म बेहुलापक्षबाट हुन्छ बेहुला र बेहुलीका घरमा प्रवेश गर्न दिने पक्का भएपछि जाँड र खाँदा स्विकार्छ र **है लैसो** भनेर सबै जना कराउँछन्। अन्य गाउँलेहरूले **है लैसो** को आवाज सुनेमा बेहुला र बेहुलीलाई प्रवेश अनुमति दिएछ राम्रै भएछ भनेर थाहा पाउँदछ। अनि पहिलो पटकको प्रवेशमै रीतपान बुझाउने वा रीतपान नलिई नै आउने सल्लाह पनि गर्दछ। भागी विवाह र प्रेमविवाह अनि मागी विवाहमा लम्सी गर्दा त्यति गाह्रो हुँदैन जति जबरजस्ती तानेर लाँदा हुन्छ। यदि रीत नलिई आउने सल्लाह भएमा लम्सी गरिसकेपछि बेहुली र बेहुलाघरमा आउने मिति र बार तोक्छ र रीत नलिई आउने सल्लाह भएमा बेहुला, बेहुली र बेहुलाको काका जसलाई यिनीहरूको भाषामा आय (प्रबन्धक) भन्दछन् र बेहुला र बेहुली घरमा बोलाएपछि उनीहरू आउँछन् यो समयमा बेहुलीको गाउँलेहरू नयाँ बेहुला र बेहुली हेर्न आउँछन् र **वाई वाई, नाम साम्ब एहोक, माक्प साम्ब एहोक** भनेर जिस्काउँछन्। बेहुली एउटा थुम्से र त्योभित्र कोसेलीहरू जाँड, रक्सी, र मासु लगेको हुन्छ र थुम्सेको माथि एउटा नयाँ राडीले तेर्सो पारेर छोपेको हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यदि वेहुली जवरजस्ती तानेर लगेमा वेहुलीको आफन्तहरूले थुम्सेलाई फालिदिने र वेहुलालाई पिट्ने प्रयास गर्दछ। वेहुलाको मामा र अन्य नाता पर्नेहरूले समाएर सम्झाउने प्रयास गर्दछ। यदी थुम्से घोप्टेमा वा फालेमा अशुभ लाग्छ भन्ने मान्यताले वेहुलीले पनि यसलाई विशेष होसियार पुऱ्याउँछ। अनि बेहुलाले ३ पटक वेहुलाको वुबा र आमाको अगाडि क्षाक् गरेर (दण्डवत् गर्नु) वेहुलीको वुवा आमा र अन्य काका दाजुहरूवाट आशीर्वाद थाप्ने गर्दछ। यो बेलामा कसैकसैले राम्रो नै गरेर वाङ् (आशीर्वाद) दिने गर्दछ तर कसैले त वाङ् लिन वेहुलाले टाउको निहुऱ्याउँदा कपालबाट तान्ने र झापड पनि हान्ने गर्दछ। त्यसपछि बेहुलाचाहिँ वेहुलीको घरमा बस्छ तर उनीहरूसँग आउने वेहुलाको काका उसको आफन्त वा बेहुलाको आफन्तकहाँ गएर बस्छ अनि वेहुलाको घरमा फर्केर जान्छ। त्यसपछि वेहुला र वेहुलीको वुवाआमा सल्लाह गरेर रीत लिई आउने मिति र बारको निर्धारण गर्दछ। तर चोरी फकाई, मागी र भागी विवाहमा वेहुलालाई भन्दा बढी वेहुलीलाई उसको वुवा आमा दिदीवहिनीहरूले गाली गर्ने चलन छ। ल्होमीजातिको चलनमा यसरी बेहुली सजिलैसँग जाँदा नराम्रो वा इज्जतको सवाल हुन्छ।

लम्सीपछि रीत लिई आउने सल्लाह भएमा अन्य विधिअनुसार गर्नुपर्दछ जसको बारेमा तल उल्लेख गरीएको छ। वेहुलीलाई माइती घरमा पठाउँदा बेहुलीको सानी आमाहरूलाई घरघरमा लौकाको विशेष भाँडोमा जाँड पुऱ्याउँछन्। यसलाई **चिण्ड** चलाउने भनेर भनिन्छ। आजदेखि यो बेहुली पनि अरू दिदीबहिनीहरूसरह नै समाजमा एक समाजको सदस्य अथवा परिवारको रूपमा स्थापित भएको भनेर जानकारी गराउनु जस्तै हो। अन्य समाजका विभिन्न सामाजिक विधिविधानमा उसलाई पनि सहभागी गर्नुपर्छ भन्ने कुराको घोषणा गर्नु हो।

ञ) भुस्यीङ् (बेहुलापट्टिका नातेदारलाई दिइने विवाहभोज)

बेहुलाको घरमा गरिने सबै भालीनका विधिहरू गरिसकेपछि र लम्सी भएर वेहुला र बेहुली माइतीघरमा पहिलो पटक प्रवेश गर्दै छ भने कसरी विवाह भएको हो सोअनुसारको व्यवहार बेहुलीको बुवाआमा तथा आफन्तहरूबाट हुन्छ। मागी, चोरी फकाई, भागी वा जबरजस्ती के हो सोअनुसार माइतीपक्ष कडा हुने या नहुने भर पर्दछ। तर लम्सी गरेर पहिला नै बेहुलीको घरमा पहिलो पटकको प्रवेश भइसकेको खण्डमा रीत लगेर जाने गर्दछ। जसलाई **भुस्यीङ् र क्षो क्षाङ्** भनिन्छ। भुस्यीङ्को वेलामा वेहुलातर्फबाट चामल, जाँड र मासु लगेर जान्छ यसमा क्षो क्षाङ् जस्तो यति नै लानुपर्छ भन्ने कुनै प्रकारका सामाजिक नियम छैन। भुस्यीङ् चाही बेहुलीको गाउँमा भएको बेहुलाको नातेदारहरूलाई खुवाइने भोज हो। यो पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माइतीलाई रीत बुझाउन जाँदा नै लाने गर्दछ। बेहुलाको घरबाट बेहुला, बेहुली र ङिन्जेम्बहरू गीत गाउँदै बेहुलीको गाउँमा जाने गर्दछ तर बेहुलीको गाउँमा पुगेपछि त्यो दिन गीत गाउन हुँदैन र ङिन्जेम्बहरूको छाता पनि त्यो दिन सबै बन्द गरेर जानुपर्दछ। बेहुली र बेहुलालाई बेहुलीको घरमा पुऱ्याएपछि ङिन्जेम्बहरू उनीहरूले टेकेको लौरोलाई बेहुलीको घरको ढोकामा राखेर बेहुलाको मामाको घरमा जान्छ र त्यो रात उनीहरू त्यहीँ नै बस्छ। अनि बेहुलाको आफन्तहरू भेला भएर **भुस्यीङ्** खान ककसलाई बोलाउने भनेर सल्लाह गर्छन् र त्यही रात युवाहरूलाई गाउँमा निम्तो दिन पठाउँछन्। यसरी निम्त्याउँदा भोलि फलानाको भुस्स्यीङ्मा जाँड छान्न आउनु भनेर निम्तो दिने गर्दछ। भोलिपल्ट अथवा भुस्स्यीङको दिन एक जना मुख्य ङिन्जेम्व जसलाई **धप्पु** भनिन्छ र केही व्यक्ति बेहुलीको घरमा क्षो क्षाङ् बुझाउन जाने गर्दछ। अनि बेहुलीको घरमा पुगेपछि उनीहरूले एउटा ठूलो काठको जारमा सवभन्दा मीठो र कडा जाँड लगेर जाने गर्दछ। यसरी जाँड लगेर जाँदा काठको जारमा जाँडा भुस्सी पारेर खादासहित लगेको हुन्छ जसलाई यिनीहरू **लप् क्षाङ्** (कुरा गर्नका लागि ल्याएको जाँड) भनिन्छ। रीत बुझाउनुभन्दा पहिला केही नराम्रो वा राम्रो जे भन्नुपरे पनि अथवा बेहुलापक्षको कुनै पनि नातेदार वा नजिकको नातेदारहरूले पहिला कुनै पनि समयमा बेहुलीपक्षको कुनै पनि नातेदारलाई नराम्रो गरेमा त्यो दिन **लप् क्षाङ्** को माथि वा बेलामा सबै कुरा भन्ने गर्दछ र पहिला जे भएको हो त्यहीअनुसारको जरिवाना लगाई माफ माग्न लगाउँछन्। जवसम्म बेहुलीको बुवाआमा वा अन्य आफन्तहरू खुसी हुँदैन तबसम्म **ङिन्जेम्ब**हरू उभि नै रहन्छ र अन्तमा बेहुलीपक्षबाट सबै कुरा सहमत भएपछि त्यहाँ भेला भएको सबैले तीन पटक **है लेसो** भनेर कराउने गर्दछ। यसो गर्दा कुरो मिलेको औपचारिक घोषणा गर्नु हो। अनि क्षो क्षाङ् बुझाउछ। मुख्य ङिन्जेम्वले बेहुलीको घरमा क्षो क्षाङ् बुझाउन जाँदा अरू ङिन्जेम्वहरूचाहिँ गाउँमा घरघरमा जान्छ। यसरी जाँदा एक जना ङिन्जेम्बले हातमा काँचको थाल र थालभित्र केही अन्न हालेर जाने गर्दछ र उसको साथीले छानेको जाँड लगेर बेहुलीको नाम लिँदै घरघरमा बाँड्छन् यसलाई यिनीहरू **ताम लप्केन** वा कुरा गर्ने अथवा गाउँमा सूचना दिने भन्दछन्। **'भुमु फलाना स्युये स्युतीन्'** भन्दै घरघरमा जाँड वाँड्दछन्। यदि कुनै घरमा मानिस नभेटेमा घरको ढोकामा घिउ लगाएर राख्ने गर्दछ। यसो गर्नुलाई यिनीहरूले वेहुलीको विवाह पक्का भएको, वेहुली मागेको भनेर औपचारिक जानकारी दिएको मान्दछ। गाउको सबै घरमा कुरा गरिसकेपछि उनीहरू बेहुलाको मामा जहाँ उनीहरू हिजो आएर वसे त्यहाँ गीत गाउँदैनाच्दै जान्छ र त्यहा पनि भुस्स्यीङ् भोज खानेहरू, बेहुलाको नातेदारहरू आएर बेहुलाले ल्याएको खाना पकाउने, जाँड तयार गर्ने र गीत गाउदै रमाइलो गर्ने गर्दछ र हिजो निम्तो गरेकोहरूबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एकएक जना आएर भोज खाने गर्दछ । अनि भोज खानेहरूले फेरि ङिन्जेम्वहरूलाई पनि त्यही रात भोज खुवाउने गर्दछ। यसरी उनीहरू समूहमा बाँड्छन र सामूहिक रूपमा कसैको घरमा ङिन्जेम्वहरू बोलाएर भोज खुवाउने गर्दछन् । यो वेलामा ङिन्जेम्वहरू जतिवटा समूहले भोज तयार गरेको छ त्यति नै समूहमा गएर खाने गर्दछ। यस्तो वेलामा कम्तीमा ३ देखि ५ समूहमा विभाजन गरी भोज खुवाउने चलन छ। भोज खाने वेलामा यिनीहरू गीत गाउनेनाच्ने गर्दछन् । कहिलेकाहीँ त ङिन्जेम्वहरूले रातभरिमा पनि भोज खाइसकेको हुँदैन र यिनीहरू रातभरि नै गीत गाउँदै भोज खाने गर्दछ। कुनै समूह बाँकी रहेमा भोलिपल्ट विहान गएर खाने गर्दछ।

ट) क्षो क्षाङ् (बेहुलीको माइती तथा नातेदारलाइ दिइने विवाह भोज) २८

ल्होमीजातिको विवाहमा **क्षो क्षाङ्** एक अनिवार्य संस्कार हो। वेहुलापक्षले बेहुलीको बुवाआमालाई दिने रीत वा कोसेलीलाई **क्षो क्षाङ्** भनिन्छ। यो भोजचाहिँ वेहुला र वेहुली रीत लिएर आएको तेस्रो अथवा भुस्स्यीङ् भोज खाएको भोलिपल्ट वेहुलीको घरमा खाने गर्दछ। त्यस दिन एक जना मुख्य ङिन्जेम्ब जसलाई **धप्पु** भनिन्छ र केही व्यक्ति बेहुलीको घरमा क्षो क्षाङ् बुझाउन जाने गर्दछ। अनि बेहुलीको घरमा पुगेपछि उनीहरूले एउटा ठूलो काठको जारमा सवभन्दा मीठो र कडा जाँड लगेर जान्छ। यसरी जाँड लगेर जाँदा काठको जारमा कोदोको जाँड झुस्सी पारेर खादासहित लगेको हुन्छ जसलाई यिनीहरू **लप् क्षाङ्** (कुरा गर्नको लागि ल्याएको जाँड) भनिन्छ। रीत वुझाउनुभन्दा पहिला केही नराम्रो वा राम्रो जे भन्नुपरे पनि अथवा वेहुलापक्षको कुनै पनि नातेदार वा नजिकको नातेदारहरूले पहिला कुनै पनि समयमा वेहुलीपक्षको कुनै पनि नातेदारलाई नराम्रो गरेमा त्यो दिन **लप् क्षाङ्** को माथी वा वेलामा सवै कुरा भन्ने गर्दछ र पहिला जे भएको हो त्यहीअनुसारको जरिवाना लगाई माफ माग्न लगाउँछन्। जवसम्म वेहुलीको बुवाआमा वा अन्य आफन्तहरू खुसी हुँदैन तवसम्म **ङिन्जेम्बहरू** उभि नै रहन्छ र अन्तमा वेहुलीपक्षवाट सबै कुरा मिलेपछि त्यहाँ भेला भएको सवैले ३ पटक **है लेसो** भनेर कराउने गर्दछ। यसो गर्दा कुरो मिलेको औपचारिक घोषणा गर्नु हो। अनि क्षो क्षाङ् बुझाउछ। क्षो क्षाङ् बुझाउदा चामल, जाँड र मासु दिने गर्दछ। यिनीहरूको आफ्नो परम्परागत नाप तौलअनुसार '**डे खा ज्येत्, क्षाङ् खा च्युन्नी र स्या खा च्यीक्**' दिने चलन रहेको छ। जसअनुसार ८ पाथी चामल र १२ पाथी जाँड र गोरुको वा सुँगुरको एक फिला मासु दिने गर्दछ।

अनि वेहुलीको घरमा वेहुलीको आफन्तहरू बोलाएर खाना पकाउने र जाँड तयार गर्ने गर्दछ। त्यही दिन कोही युवाहरूलाई गाउँमा गएर क्षो क्षाङ् खान आउनू भनेर गाउँको सबै या नाताअनुसार बोलाएर भोज खाने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दछ। **क्षो क्षाङ्** को भोज खुवाउँदा यदि पहिलो अथवा जेठी छोरीको भएमा प्रायः सबै गाउँको प्रत्येक घरबाट एकएक जना बोलाउने चलन छ तर दोस्रो अनि त्यो पछिको भएमा बेहुलीतर्फको नजिकका नातेदारहरू मात्र भेला भएर भोज खाने गर्दछ। यदी **क्षो क्षाङ्** को भोज खान गाउँमा बोलाउन जाँदा कोही घरबाट आउन नभ्याएमा **सेब थुङ ताङ् क्षेत्मीत्** (खाएको पिएको सरह) भनेर पठाउँछन् सो कुरा बोलाउन जाने व्यक्तिले बेहुलीको बुबाआमालाई बताउँछन्। यो दिनमा ङिन्जेम्वहरू पनि बोलाउँछन् र माइतीहरू एक लाइनमा र ङिन्जेम्बहरू अर्को लाइनमा आमनेसामने भएर बस्छन् तर ङिन्जेम्वहरू गीत गाइरहन्छ। प्रत्येकपल्ट उठेर बेहुलीको बुबाआमा, काका, काकी र अन्य नातेदारहरूलाई त्यो गीत चढाउँछन्। यसरी गीत गाउँदा बुबाआमाको मायाप्रेम, महानता तथा अनुग्रहको बारेमा गीत गाउँछन्। कहिलेकाहीँ बेहुलीपक्षबाट विशेष किसिमको गीत गाउन लगाउँछ यदि सो गीत गाउन नआएमा र त्यहाँ अन्य कुनै गल्ती वा अनादर हुने कुरा भएमा जाँड वा रक्सी दिएर माफ माग्ने गर्दछ। त्यो दिन ङिन्जेम्वहरूले बेहुलीको बुबाआमा तथा अन्य नातेदारहरूलाई आदर दिने खालको विशेष प्रकारका गीत र नाचहरू प्रस्तुत गर्ने गर्दछ। बेहुलाले चाहिँ त्यहाँ उपस्थित पाहुनाहरूको जाँडको तोङ्बामा पानी थपिदिने काम गर्ने चलन रहेको छ।

बेहुलीको घरमा क्षो क्षाङ् खाइसकेपछि ङिन्जेम्वहरू र बेहुलाबेहुलीसहित फेरि त्यही दिन नै बेहुलाको घर फर्केर आउँछ। बेहुलीको घरबाट बेहुलाको मामा अथवा ङिन्जेम्वहरू बसेको घर जसलाई **नेचाङ** भनिन्छ त्यहाँ फर्केर हिसाब गरेर बेहुलाको घरमा गीत गाउँदै नाच्दै फर्केर आउँछ। बेहुलाको घरमा पुगेपछि ङिन्जेम्बहरूलाई **याङ्ची** भर्ने भनेर कचौरामा रक्सी भरेर दिने गर्दछ। त्यो रात त्यहीँ नाच्दै बस्छन् अनि मात्र **भालीन** (दोस्रो चरणको विवाह) सक्दछ। यसरी विवाहमा **ङिन्ज्येम्ब** तथा अन्य धपुहरूलाई खटेबापत गोरु काटी त्यसको टाउको र खुटाको फिला पूरै दिने संस्कृति पहिलादेखि नै चलिआएको छ।

सामाजिक महत्त्व

ल्होमीजातिमा सामाजिक विधिअनुसार विवाह गर्नु धेरै महत्त्वपूर्ण मानिन्छ। विवाह नगरी जन्माएको बच्चालाई अपवित्रको संज्ञा दिइन्छ त्यसरी जन्माएको बच्चालाई अपशब्दको रूपमा **नली स्याल्ली** भनिन्छ। विवाह संस्कार र मृत्युसंस्कार नगरी नहुने यस जातिको सबैभन्दा महत्त्वपूर्ण सामाजिक संस्कारहरू हुन्।

विवाहमा परिवर्तन र अन्तरजातीय विवाह

विवाहपश्चात् केटी लामो समयसम्म बुबाआमाको घरमा बसेर केटालाई कुर्न दिने प्रचलनमा परिवर्तन आएको छ। पहिला जबरजस्ती तानेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विवाह गर्दा विवाह गरेको ७, ८ वर्षसम्म पनि केटी माइतीमा नै बस्ने गर्दथी र केटी लामो समयसम्म पर्खेर वस्ने गर्दथी ।

पहिला केटी माग्न आउँदा धेरै गालीगलौज र हातपात गर्ने गर्दथ्यो तर हिजोआज सो प्रचलनमा कमी आएको र मागी विवाहलाई हिजोआज राम्रो मान्ने गरेको पाइन्छ। साथै ल्होमीजातिमा पहिला केटी माग्न आएमा बुवा आमाले नै केटी दिने वा नदिने सवै निर्णय गर्दथ्यो तर हिजोआज स्वयं केटीलाई पनि सोध्ने प्रचलन आएको छ। केटीको राजी छछैन बुझेर मात्र बुवाआमाले निर्णय गर्ने गरेको पाइन्छ ।

ल्होमीजातिमा जबरजस्ती विवाहप्रतिको दृष्टिकोणमा परिवर्तन भएको पाइन्छ। केटी र उसको बुवा आमाको मानप्रतिष्ठासँग जोडिएर हेर्ने गरेकोमा हाल आएर यसमा केही परिवर्तन आएको छ। ल्होमीजातिमा हाल आएर जबरजस्ती विवाहलाई केटीको इच्छाविपरीत र मानवअधिकारको उल्लङ्घनको घटनासँग पनि जोडेर हेर्ने गरेको पनि पाइन्छ। विशेष गरी शिक्षाको विकास र बाह्य समाजको प्रभावले पनि जबरजस्ती विवाहप्रतिको दृष्टिकोणमा परिवर्तन आएको देखिन्छ। यसले गर्दा ल्होमीजातिमा हाल आएर चोरी, फकाई, मागी तथा प्रेमविवाहप्रतिको धारणामा सकारात्मकको विकास भएको पाइन्छ ।

पहिला विवाहको बेलामा अन्य आफन्तहरूले गरेको सहयोग सवै विवरण तिब्वती भाषामा तिब्वती लिपि अक्षर प्रयोग गरी लेख्ने गरिन्थ्यो तर हिजोआज ती सबै नेपाली भाषामा लेखेर राख्ने नेपालीकरण वढी पाइन्छ ।

पहिला यिनीहरूको विवाहको बेलामा मासु पाउन ज्यादै मुस्किल पर्दथ्यो। यिनीहरूले विवाह हुनुभन्दा १, २ महिना वा सोभन्दा पनि अघिबाटै मासुको व्यवस्था गर्नुपर्ने भएकाले ताजा मासु पाइँदैनथ्यो र मासु थोरै खाने गर्दथ्यो तर हिजो आज यिनीहरूले विवाहको बेलामा आफूसँग भएको पशु काटेर ताजा मासु व्यवस्था गर्ने गरेको पाइन्छ। मासु पनि पहिलाको भन्दा बढी खाने प्रचलन बढेको छ। यसले गर्दा विवाहको खर्चमा पनि वृद्धि भएको देखिन्छ ।

ल्होमीहरूको वसोवास रहेको क्षेत्र सङ्खुवासभा जिल्लाको उतरीभेगमा चेपुवा र होङगोङवीचमा बढी विवाह हुन्थ्यो । गुठीगुम्वा र च्याम्ताङबीचमा, रुकम, नामुछ्र्यी र छिगुलुङवीच, हटिया र स्याक्सीलावीचमा हुने विवाहलाई सकारात्मक दृष्टिले हेर्ने गर्दथ्यो तर हिजोआज यी गाउँहरूबीच मात्र नभएर अन्य गाउँ जस्तै गुठी गुम्बा- होङगोङ, च्याम्ताङ्- होङगोङ, चेपुवा- होङगोङ, चेपुवा-रूकम, चेपुवा-सेम्वुङ, चेपुवा-हटिया जस्ता गाउँमा विवाह भएर जानु र ती गाउँबाट केटी विवाह गर्नुलाई पनि राम्रो मान्दछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रेमविवाह, मागी विवाहको बढ्दो प्रचलनले गर्दा यी गाउँहरूबीच पनि पहिलाको भन्दा बढी वैवाहिक सम्बन्ध रहने गरेको छ ।

ल्होमीजातिको विवाहमा पहिला बेहुलाले बक्खु (छुवा), पटुका (कांबु), ओम्सोक अनिवार्य लगाउने गर्दथ्यो तर हिजोआज बेहुलाले आधुनिक लुगामा जिन्स पाइन्ट, टीसर्ट, छुवा लाउने तर ओमसोक लाउन छोडी सकेको छ। पहिला पहिला बेहुलाले काङस लाएर जाने चलन थियो तर हिजोआज छालाको जुत्ता या स्पोर्ट जुत्ता लगाउने प्रचलन आएको छ । यसरी हेर्दा बेहुलाले लाउने पहिरनहरूमा केही परिवर्तन आएको पाइन्छ । आजभोलि विवाहमा प्रयोग गर्ने सरसामग्री तथा आधुनिकताको प्रभाव पाइन्छ । विवाहमा बेहुली फकाउँदा हेरीहेरी १०,०००, १५,००० देखि २०,००० सम्म नगद दिइन्छ यो चलन पहिला थिएन । विवाहपछि गाविसमा विवाह दर्ता गर्नुपर्छ भन्ने विचार शैलीमा ठूलो परिवर्तन आएको पाइन्छ । अन्य नेपाली पर्वतेहरूको चलनबाट सिकेर कसैले विवाह गर्दा शुभविवाहको ब्यानरसहित गेट बनाउने चलन सुरु गरेको पाइन्छ ।

आजभोलि अन्तरजातीय विवाह पनि हुने गरेको पाइन्छ । ल्होमीजातिमा समुदायले अन्तरजातीय विवाहलाई खुल्लमखुल्ला रूपमा मान्यता दिइएको पाइन्न । तर यस प्रकारको विवाह बढिरहेको पाइन्छ । अभिभावक तथा बूढापाका आफ्नै जातिभित्र विवाह गर्नुपर्ने जोड छोराछोरीमाथि राख्ने गर्दछ । कुनै केटाले अन्य जातिको केटी विवाह गरी ल्याएमा उसले आफ्नो चालचलन, भेषभूषा तथा भाषा बोल्ने गरेमा खुसी मान्ने गरेको छ । त्यस्तो केटी ल्याएमा समान्य खालको टेस्यीमेल्लम (टीकाटालो) गरिदिने चलनको पनि विकास भएको पाइन्छ । छोरी चेली अन्यसँग विवाह गरी गएमा छोरीचेलीको रीत क्ष्योछ्याङ लिएंर रीत गर्ने चलन पनि सुरु भएको छ ।

पारपाचुके

पारपाचुके गर्ने चलन यदाकदा पाइन्छ । एकअर्काबीचमा शङ्काउपशङ्का हुँदा या आर्थिक समस्याका कारण पनि थोरै मात्रामा पारपाचुके गरिन्छ । ल्होमीजातिमा पारपाचुके त्यति धेरै हुँदैन ।

अघि गरिने सस्कारहरू

खेण्डम पूजा

मानिस सिकिस्त बिरामी हुँदावखत बिरामीको अवस्था थाहा पाउन महिला धामीझाँक्री लगाइन्छ । ल्होमीहरूको भाषामा यस प्रकारको महिला बिजुवा वा धामीलाई खेण्डम भनिन्छ । खेण्डम एक प्रकारका धमिनी देवी नै हुन् । खेण्डम दुई थरीका हुन्छन् । पहिलो खेम्पालुङम र दोस्रो डेमुछ्योङा हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खेण्डम मानिस मरिसकेपछि पनि मृतात्माको अवस्था केकस्तो स्थितिमा छ सो जानकारी पाउन जोखना हेर्ने गरिन्छ । खेण्डमले जे आदेश गर्दछ त्यहीअनुसारको पूजाआजा, विधि कर्म गर्नुपर्ने हुन्छ ।

फु द पूजा

एकदम सिकिस्त अवस्थाको बिरामी हुँदा फु तथा द पूजा गर्ने चलन छ । फु भनेको लेकाली देउतालाई गरिने पशुबलि पूजा हो भने द भनेको अउलतिरको अउले देउतालाई पशुभोग दिई गरिने पूजा हुन् । यो पूजाचाहिँ यदि बिरामीको आयु सकिसकेको छ भने मृत्युले जित्ने र यदि आयु घटेको छैन भने जीवित रहने कुराको निर्क्योल गर्नलाई गरिन्छ । यस पूजाले सिकिस्त बिरामी मृत्युको मुखमा पुग्दा वार कि पार होस् भन्नलाई यो पूजा अन्तिम अवस्थामा गरिन्छ ।

मृत्यूप्रतिको विश्वास

स्यीनी छ्योज्यी ज्याबु, मास्यी घोक्का ज्याबु

बाँचे नेपाली राजा मरे मृत्युलोकको राजा भन्ने भनाइ यी जातिमा व्याप्त छ । यसको अर्थ बाँचुन्जेल नेपाली राजाको हातमा बाँच्यो अब मरेपछि मृत्युलोकको राजाको हातमा मऱ्यो भन्ने चलन छ । मानिस जुक जाने चट्टान होइन जन्मेपछि मृत्यु भनी मृत्युलाई एक जन्मेपछिको अनिवार्य शेष ठान्छन् तर पुनर्जन्ममा विश्वास गर्ने कारण मानिसको रूप लिएर जन्मने आशा गर्दछ । तर नराम्रो गरी मर्नु, कुनै बेथा नलागी मर्नुमा भूतप्रेत स्यीयाले खाएको तथा धेरै पापको कारण त्यसो भएको ठान्छन् ।

चेङगेक्ल स्योर

कुनै मानिस अचानक अकालमा वा दुर्घटनामा परी मृत्यु भएमा वनभूत, प्रकृतिको भूतप्रेत वा सियाले मारेर खाइदिएको भन्ने विश्वास गरिन्छ ।

मानिस बिसन्चो भएमा वा बिरामी भएमा कुल, पुर्खा, खोलानाला, वनजङ्गल, चट्टान, वायुमा भएका देउता रिसाएर आयु घटाउन लागेको ठानी लोपेन एक खालको प्रकृति पुजारीद्वारा विभिन्न पशुबलि दिई ती देवताहरूलाई खुसी पारी फेरि पुरानै अवस्थामा ल्याउन पूजा गर्ने गरिन्छ । त्यस्तै बाह्य शक्ति प्रकृति भूतप्रतेबाट बचोस् भन्नका लागि लामाको मन्त्र गरेको बुटीमाला घाटीमा लगाउने चलन छ । साथै घरको धुरीमा वायुदेवताबाट रक्षा होस् भन्नी लुङतर लगाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हिदाङ भप्

ठूला मानिसहरूको मृत्यु भएमा बच्चाको रूपमा पुनर्जन्म हुने विश्वास गरिन्छ । उमेर पुगेर मृत्यु हुँदा यो जातिको मृत्युलाई हेर्ने दृष्टिकोण हिदाङ भप् (उमेर परिपक्व भएर मर्नु स्वाभाविक हो) भन्ने चलन छ । किनभने यसको अर्थ उनले अब छोराछोरी, नातिपनाति हुर्काइबढाइसकेको र उनीहरूलाई सामाजिक रूपमा गरी दिनुपर्ने सामाजिक कार्यहरू पूरा गरिसकेको हुनाले यो अवस्थामा मृत्यु हुनु स्वाभाविक मानिन्छ । यो जातिको अनुसार मानिस १५० वर्षभन्दा बढी बाँच्दैन भन्ने मान्यता पाइन्छ । यदि त्योभन्दा बढी बाँचेमा मान्छेको टाउको शिर र खुट्टा छुदँछ भन्ने मान्यता पाइन्छ ।

यस जातिमा मानिसको मृत्यु भएपछि मृत्युसंस्कारका विभिन्न चरणहरू पूरा गर्नुपर्ने हुन्छ । मुख्य गरी मृत्युसंस्कारलाई तीन भागमा बाँडेर गरिन्छ ।

(१) स्यीद्दोक्म : मृत्युपछि तत्कालै गरिने संस्कार

फुव

जव मानिसको मृत्यु हुन्छ तत्कालै लामाद्वारा गरिने पहिलो मृत्युसस्कारको एक विधिलाई फुव भनिन्छ । फुव गर्नुको मुख्य उद्देश्य मरिसकेको मानिसलाई लामाद्वारा मन्त्र गरी मृतशरीरलाई पुनः मारिनु भन्ने अर्थ लाग्छ । फुव मन्त्र गरिएन भने मरेको लास पुनर्जीवित भई आउने गर्दछ जसलाई रोलाङ भन्ने गरिन्छ र यसो भएमा यो जातिमा अशुभ मानिन्छ ।

चिः

ल्होमीजातिमा मृत्युपछि लामाद्वारा खास के कारणबाट मृत्यु हुन पुग्यो, कस्तो भूतप्रेतको हातमा परेको हो, अनि मृतात्माको चिरशान्तिका लागि र स्वर्गमा सहज तरिकाले पुग्नका निम्ति केकस्ता विधिहरू पूरा गनुपर्ने हो आदिइत्यादि कुराहरूको जानकारी पाउनलाई पात्रोमार्फत गरिने एक मृत्युसंस्कार हो ।

स्यीन्ज्योक

यो फुव गरिसकेपछि गरिने एक प्रकारको मृत्युसंस्कार हो । यो लोवेन भनिने वोन धर्मका पुजारीद्वारा सम्पन्न गरिन्छ । यसमा जिउँदो बाखा, कुखुरा, पाठा काटेर वनदेउतालाई भोग चढाई मृतात्मालाई प्रकृतिदेवताको नियन्त्रणवाट फिर्ता लिने उद्देश्यले यो सस्कार सम्पन्न गरिन्छ । स्यीन्ज्योक गर्दा एक प्रमुख लोवेन र अन्य दुई सहायक लोबनहरूद्वारा मृत्यु भएको बेलुकी सम्पन्न गरिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थुज्यीछ्यीम्बु

जब मानिस मर्दछ तब मृतात्माको चिरशान्तिका लागि गरिने प्रमुख मृत्युसंस्कार हो । यसमा १०८ दागवत्ती बाली विभिन्न तोर्माहरू बाँटेर लामाद्वारा गरिने एक संस्कार हो । १०८ दागवत्ती बालेर मृतात्मा स्वर्ग पुग्नलाई उज्यालो बाटो देखाउन यो थुज्यीछ्यीम्बु अनिवार्य रूपमा गरिन्छ ।

स्यीरे

स्यीन्ज्योक गरिसकेपछि लामाद्वारा गरिने मृत्युसंस्कारको एक भाग हो । तीनचार जना लामाहरूद्वारा स्यीरे प्रायः मृत्यु भएको घरको बाहिर टहरा बनाई गरिन्छ । स्यीरे संस्कारचाहिँ मृतात्मा स्वर्गसम्म पुग्ने सिलसिलामा विभिन्न असहज बाटो तथा बाधाअड्चनहरू आउन सक्दछ, त्यो अवस्थामा केकसरी अगाडि जाने भनेर सिकाउनु नै यो संस्कारको मुख्य उद्देश्य हो । जसका लागि लामाहरूले धर्मशास्त्र पढ्ने, ढ्याङग्रो बजाउने, झ्याम्टा बजाउने, ज्यलीङ बजाई जानकारी दिइन्छ ।

फुङबु तोङगेन

फुङबु (लास)लाई जलाउनलाई चिहान बनाउन दुईचार जना अगाडि खटाइन्छ । मृत शरीरलाई चिहानसम्म लानका लागि दुइटा काठलाई तेर्साई त्यसको बीचमा कुर्सी बनाई वरिपरि धूपीले बारेर चोयाले बाँधी बनाइन्छ जसलाई **ज्योज्याङ** भनिन्छ । मृतशरीरलाई त्यसमा चढाई लामाद्वारा मन्त्र गरी मलामीहरूले घरबाहिर निकालिन्छ । त्यो अवस्थामा घरमूली तथा आफन्तजनले फूलमाला, घिउ, खाँदा लगाई घरबाट बिदाइ गरिन्छ । सो बेला भावविह्वल भई गाह्रो हुने गर्दछ ।

मृतशरीरलाई उकाला लगी डाँडामा आफ्नै समूहको चिहानतर्फ लाने गर्दछ । प्रायः बुवाआमा मृत्यु भएमा छोराले लम्दर एक किसिमको सेतो खाद्रा समात्नुपर्दछ । **लम्दर** समाउने छोराको एक हातले मृतशरीर र अर्को हातले लम्दर (सेतो खादा) बोकी त्यसको टुप्पो लामालाई दिई अगाडि **लम्दर** बढाइन्छ । सबभन्दा अगाडि एक जना ध्वजा (झन्डा) बोक्ने त्यसपछि शङ्ख फुक्ने त्यसपछि **पाउ पामुहरू** हुन्छन् । लासलाई पुरुष मलामीहरूद्वारा बोकिन्छ भने त्यसको अघिअघि मलामी महिलाहरू हातमा कचौरामा अन्न हाली त्यसको बीचमा पाँच वा एक दागवत्ती बाली लासलाई उज्यालोतिर सहारा दिई अगाडि बढाइन्छ । लासलाई चिहानमा पुर्‍याइएपछि तीनचोटि घुमाई चिहानमाथि राखिन्छ । लामाले मन्त्र गरेर आफन्तलाई जीउमा भएको सरसमान झिक्न लगाइन्छ । मलामीहरूले निहुरेर ढोग्ने अनि आफन्तजनले बिदाइ गर्ने चलन छ जसलाइ **लेङगो** (एक किसिमको हार्दिक श्रद्धाञ्जलि) गर्ने भनिन्छ । मलामीहरू फर्केर आएपछि आआफ्नो घर पुग्नुअघि धूप र पानीले चोख्याउने चलन छ । **च्योप्पाहरूले** सुरुदेखि नै नृत्यकर्म गरी मृतात्मालाई बाटो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देखाउने काम गरिन्छ । च्योप्पाहरू बिजुवा लोबनहरूबाट नियुक्ति गरिन्छ । लास जलाउने अधिकार पाएको मानिसलाई **ताराब** भनिन्छ । लामाको अनुमति लिएर तारावले लासलाई जलाउन सुरु गरिन्छ, तारावचाहिँ मृत्यु भएका मानिसको ज्वाइँ हुनुपर्दछ । लास जलाई घर आइसकेपछि तारावलाई **खाच्यी** गरिदिन्छ । खाच्यी भनेको लास जलाउन खटेपछि उनीहरूको शिर उठाइदिने उद्देश्यले लोबेनद्वारा गरिने एक विधि हो । लास जलाएको रात सबैको घरआँगनमा डोको घोप्टाई तीनवटा ढुङ्गाको सानेमाने बनाइन्छ यसो गर्नुको कारण मृतात्मा फर्केर घरभित्र नपसोस् भन्नाको लागि यो संस्कार लागू गरिन्छ ।

सेङ्केक(एक किसिमको श्राद्ध जस्तै)

मृत्यु भएको तीन दिनको अवस्थालाई **सिम लोङगेन** भनिन्छ । यो जातिको मान्यताअनुसार मानिस मरेपछि तीन दिनसम्म उसको आत्मा अचेत अवस्थामा रहन्छ । जब तीन दिन पुगेपछि आत्मा सचेत भएर आउँछ भन्ने विश्वास रहेको पाइन्छ । यो अवस्थामा मृतात्माको नाममा विभिन्न थरीका खानेकुरा तयार गरी लामाको मन्त्रसहित दिने चलन छ । यसैलाई **सङेके (एक किसिमको श्राद्ध जस्तै)** भनिन्छ ।

(२)दिन्जी सुम्बः (मृत्यु भएको तीन हप्तामा गरिने संस्कार)

प्रायजसो मानिस मरेको तीन हप्तापछि गरिने एक प्रकारको मृत्युसंस्कार हो । यस जातिको भाषाअनुसार दिन्जीसुम्ब भनिन्छ । यो संस्कारमा पनि थुज्यीछ्यीम्वु नै गर्नुपर्दछ । यसको मुख्य उद्देश्य पनि मृतआत्मा दुख र उराठ लागिरहेको होला भनी बेलाबेलामा बाटो देखाइदिन र एक किसिमको उत्साह थपिदिने हेतुले यो मृत्युसंस्कार गरिन्छ । यदि लामा मरेको हो भने जलाएको च्यानमा ठूलो माने लगाउनुपर्दछ तर समान्य मानिसमा अग्लो माने बनाउँदैनन् ।

(३) स्यीप्च्यु वा गीव तोङगेनः(घेवा)

गीव तोङगेनः यो मृत्यु भएको सात हप्तापछि गरिने मृत्युसंस्कार हो । यसलाइ सेतो वर्खी पनि भनिन्छ । खास गरी मृतात्मा र जिउँदो रहेका मानिसहरू दुवैका लागि यो संस्कार गरिन्छ । मृतात्माका लागि पाउने सबै कुरा दिएर त्यो दिनदेखि बिदाइ गरेर पठाइन्छ । स्यीप्च्युमा विभिन्न लामाले गर्नुपर्ने संस्कारहरू पूरा गर्नुपर्दछ । ती संस्कारहरूमध्ये कुनै मृतात्माका लागि त कुनै जिउँदा मानिसहरूका लागि सम्पन्न गरिन्छ । जस्तै जोज्येन र स्यीरे मृतात्माको चिरशान्तिका लागि र छिज्यु संस्कारचाहिँ जिउँदा मानिसहरूका लागि गरिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कोत्तो तथा ज्यम्च्येक: गाउँले आफन्त, नातेदारहरू उपस्थित भई सहयोग गर्ने तथा १०८ दागवत्ती वाल्ने चलनलाई कोत्तो तथा ज्यम्च्येक भनिन्छ । कोत्तोमा पैसा दिई सरसहयोग गर्ने चलन पहिलेदेखि नै चलिआएको संस्कार हो ।

झ्याङबु

घेवा गरिसकेपछि मृतकको नाममा दान गरिन्छ जसलाई झ्याङवु भनिन्छ । झ्याङबुमा मृतात्माको नाममा केही गरगहना, लुगाफाटा घरपरिवारले लामालाई दिइन्छ जसलाई झ्याङबु भनिन्छ । यस बेला महिलाहरू आफ्ना मौलिक भेषमा सजिएर थालमा फूल, अन्न र दागवत्ती वाली लामालाई वडो आदरका साथ उसको घरसम्म पुऱ्याउने गरिन्छ ।

कि ने

कि ने विवाहित महिला मृत्यु भएमा उसको माइतीपक्षबाट आफ्नो वंशजको नाताले मृतात्माको चिरशान्तिको कामना गर्दै गरिने एक प्रकारको अनिवार्य मृत्युसंस्कार हो ।

धोन्ज्येक

यो मृत्युसंस्कार पनि मृतात्माको चिरशान्तिका लागि गरिने अन्तिम मृत्युसंस्कार हो । मानिस मृत्यु भएको वर्ष दिनपछि गरिन्छ । यसमा छुटाछुटै संस्कारहरू पूरा गरिनुपर्दछ । जस्तै जोज्येन मृतात्माको लागि र छिज्यु जिउँदाहरूका लागि । यही समयमा मृतात्माको चिरशान्तिका लागि विभिन्न सेवाका कार्यहरू गरिन्छ जस्तै बाटोघाटो बनाउने, धर्मफलैँचा बनाउने र विभिन्न स्तुपा मानेहरू बनाउने इत्यादि गरिन्छ ।

रिजी

यो जातिको संस्कारअनुसार लास जलाइसकेपछि हड्डीका सानो टुक्रा जसलाई यो समुदायको भाषामा रिजी भनिन्छ । रिजी भनेको अर्को अर्थमा परलोक जानलाई मृतात्माको लागि एक किसिमको अनुमतिको रूपमा लिइन्छ । जुन लामाले मन्त्र जपेर दिएपछि मृतकको आफन्तले टाढाटाढाको ठाउमा जस्तै काशी, गङ्गा अर्थात् ठूलाठूला गुम्बा आदि ठाउँमा मृतकको घरबाट सेतो खादाले डोऱ्याएर पुऱ्याउने गर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वज्राचार्य संस्कार

– चुन्दा वज्राचार्य

परिचय

जसले नेपालभाषा र नेवार संस्कृति मानेर नेवार समुदायमा बसेर आफू नेवार हुँ भनेर स्वयम् घोषणा गर्दछ वा समुदायमा घुलमिलेर बस्छ उनीहरू नेवार हुन् । २०५८ जनगणनाअनुसार नेवारको सङ्ख्या १२,४५,२३२ छन् ।

नेपालमा सवभन्दा पहिले शासन गर्ने गोपालवंशका गोपालीजाति पनि नेवार नै हुन् । किराती राजा यलम्बरलाई नेवारहरूले इन्द्रचोकको 'आजु द्यः' (आकाश भैरव) भनेर मान्दछन् । यिनकै सन्तान ज्यापूहरू नेवार नै हुन् । लिच्छविहरूलाई पछिका शासकहरूले 'लाछि' बनाएर नेवार बनाइएको इतिहास प्रमाण छन् । मल्लराजाहरू नेवार राजा नै भए । त्यसैले नेवारहरू कुनै एउटा वंश वा कुनै एउटा गोत्रका सन्तान मात्रै नभएर विभिन्न वंश वा गोत्रबाट नेवार समुदायमा बसेर नेवार भएका हुन् ।

नेवार समुदायको विभिन्न थरहरूमध्ये वज्राचार्य पनि एक हुन् । 'वज्राचार्य' बारे लिच्छविकालीन अभिलेखदेखि ताडपत्र, ताम्रपत्र, थ्यासफू, धरःपौं आदि जस्ता ऐतिहासिक सामग्रीहरूमा उल्लेख भएका छन् । नेवार वौद्धमार्गीहरूका पुरोहित 'वज्राचार्य'लाई 'गुभाजु' भन्दछ । 'गुभाजु'को अर्थ 'गुरुभाजु' हुन् । 'गुरु'को अर्थ अरूलाई शिक्षादीक्षा दिने हो भने 'भाजु'को अर्थ नेपालभाषामा पुरुषहरूलाई सम्मानित गर्ने शब्द हुन् । त्यसैले 'गुरुभाजु'को अर्थ अर्थ सम्मानित गुरु हुन् । त्यसतै 'वज्राचार्य'को शब्द व्रज र घण्टासम्वन्धी अभिषेक लिएर आचार्य भएकालाई वज्राचार्य भन्ने गरिन्छ । पछि यिनीहरूको वंशपरम्परा नै वज्राचार्य भएर गयो । वज्राचार्य बौद्ध धर्ममा महायानीवज्रयान अनुयायी हुन् ।

गोपालसिंह नेपालीको भनाइअनुसार व्रज-घण्टा समातेर पूजा-पाठ गर्न जन्मसिद्ध अधिकार प्राप्त भएकोले वज्राचार्य भएका हुन् भन्ने धारणा छन् । (नेपाली, १९८८:१५३) बौद्ध धर्मावलम्बीहरूको उपत्यकाभित्र सवभन्दा पुरानो अभिलेख ने.सं. २३५ को उकु वहालको ताडपत्र हुन् जसमा भिक्षु सङ्घको बारेमा उल्लेख गरेको छ । त्यसपछि साँखु खड्गयोगिनीस्थित ने.सं. २९३ को शिलापत्र अभिलेख हुन् जसमा बुद्धधर्मसम्वन्धी कुरा उल्लेख गरेका छन् । साँखुको उक्त ठाउँलाई 'गु विहार' भन्ने गर्दछन् । धनवज्र वज्राचार्यको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसार यो विहार किरात कालमा नै निर्माण भैसकेको थियो । (वज्राचार्य, ११०९:१९) यो विहार जङ्गलभित्रको थुन्कोमा अवस्थित छ । साँखुलाई शङ्खपुर महानगर भन्ने गर्दछ । साँखुको खड्योगिनीलाई वज्रयोगिनी पनि भन्ने गर्दछ । वज्रयोगिनीको नामबाट नै वज्राचार्यको नामकरण भयो भन्ने धारणा पनि छ । वज्राचार्य भएको बारे 'कलिगत संवत् १८०१ फागुन शुदि तृतीयाका दिन श्री उग्रतारादेवी खड्गयोगिनी देवी (वज्रयोगिनी)ले साँखुको जङ्गलमा रहेको जोगदेवलाई दीक्षा दिएर आचार्य गराएर वज्राचार्य गरेको हो ।' (वज्राचार्य,११०९:१३) गुंविहारमा चूडाकर्म गरेर वज्राचार्य वनाउने परम्परा आज पनि कायम नै छ ।

काठमाडौँको श्रीखण्डतरमूल महाविहार जसको स्थापना लीलावज्र वज्राचार्यले गर्नुभएको थियो । उहाँ साँखुबाट काठमाडौँमा आएर विहार बनाउनुभएको थियो । उक्त विहारकै चक्रेश्वर श्री वेदानन्द वज्राचार्यको भनाइअनुसार खड्गयोगिनीको गुंविहारसँगैको जङ्गलबाट एक जना केटा लिएर आएर त्यसलाई जोगदेव नामकरण गरी गुभालमा चूडाक्रर्म गरी वज्रयानको जति पनि दीक्षा छन् त्यसलाई दिएर 'गुभाजु' बनाइयो त्यसपछि गुभाजु भन्ने जातको थालनी भयो भन्ने धारणा छ । गुभालमा चूडाकर्म गरेर शिक्षादीक्षा दिएकोले 'गुभाजु' भन्ने गरेका हुन् । श्रीखण्डमूल महाविहार र मखन बहालका वज्रचार्यहरूको उद्‌गमस्थल साँखुको वज्रयोगिनी भएको हुने मूल देवता रूपमा साँखुमा गएर पूजा गर्ने परम्परा अहिले पनि चलिआएका छन् । वज्राचार्यहरूलाई 'ह्याउख्वाः' माजु वा खड्योगिनी (वज्रयोगिनी)का सन्तान भन्ने पनि गरिन्छ ।

स्वयम्भू पुराणअनुसार वङ्गालका राजकुमार प्रचण्डदेवलाई गुणकर आचार्यले दीक्षा दिएर शान्तिकराचार्य भनेर नामकरण गरेका थिए । शान्तिकराचार्यलाई दीक्षा दिएको ठाउँलाई स्वयम्भूमा शान्तिपुर भनेर उसैको नामबाट नामकरण गरिएको छ । काठमाडौँका वज्राचार्यहरूको 'दे आचार्य गुठी' हुँदा शान्तिपुरभित्र पूजा गरी प्रत्येक वर्ष गुठी चलाउँदै आएका छन् । शान्तिकराचार्यदेखि वज्राचार्य परम्पराको थालनी भयो भन्ने पनि छन् ।

रत्नकाजी वज्राचार्यको भनाइअनुसार वज्राचार्य थरको सुरुवात यसरी भएको थियो । 'श्री महामन्जुश्री गुरु नेपालमा आउनुभएर नागको वासस्थान दहलाई सफा पारेर नेपालमण्डल घोषणा गरेर श्री स्वयम्भू ज्योतिरूपलाई छोप्नको लागि शान्तिकार भिक्षुलाई वज्राचार्य भिषेक दिएर शान्तिकराचार्य नामकरण गर्नुभयो' (वज्राचार्य, ११०९,९) वज्राचार्य परम्पराअनुसार गुरु वज्रसत्त्वको निर्माणकार्यस्वरूप पनि भनिन्छ । उक्त वज्राचार्यहरू तन्त्र-मन्त्रज्ञ भएर ६४ विद्यामा निपूण भएर सर्वप्रकारले जगतो हिताय सिद्धान्तलाई अँगालेर आएका हुन् । त्यसैले यस जातको काम भनेको चिना लेख्ने, हेर्ने,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तन्त्रविद्याबाट औषधी गर्ने, वैद्यको काम आदि गर्ने यीबाहेक धर्मकर्म गरी पूजाक्रिया गरी बोधिसत्त्वचर्यायको बाटोमा सधैँ अगाडि जाने हुन' (वज्राचार्य, २०४६:५)

वज्राचार्यको प्राचीनता हेरियो भने नेपालमण्डलको विकासक्रमसँगै आएको देखिन्छ। उपत्यका दहबाट बसोबास गर्न लायक गराइएको वेलादेखिनको प्राचीनता देखिन्छ।

कुनै व्यक्तिलाई चूडाकर्म गरी आचालुयेगु (वज्राचार्यभिषेक) गरिसकेपछि वज्राचार्य वनिन्छ। त्यसपछि उसले महायानी वज्रयानमा सन्मानित गुरु भएर पूजा गर्न पाउने हुन्छ।

आआफ्नो विहारमा चूडाकर्म गरिसकेका वज्राचार्यहरूलाई आचार्यलुयेगु भनेर पाँचवटा अभिषेक दिइन्छ ती हुन् :

क. नाभिषेक ख) कलशाभिषेक ग) घण्टाभिषेक

घ) वज्रभिषेक ङ) मुकुताभिषेक

यति अभिषेक प्राप्त भैसकेपछि वज्राचार्य भैइन्छ। यिनीहरू वज्रयान धर्ममा भएको ज्ञान धारणा गरेर नियम आचरणमा बसिरहेको आचार्यलाई वज्राचार्य भनिन्छ। यिनीहरू पापकारी कामबाट टाढा भएर धार्मिक आचरण भएका वा यस्ता कामसँग आबद्ध भएर आचार्य भएर वज्रयानको बाटो देखाएर ज्ञान दर्शन भन्न सक्ने हुनुपर्दछ।

वज्राचार्यहरूमा नेपाल उपत्यका निर्माण गर्ने महामञ्जुश्रीलाई मञ्जुदेव वज्राचार्य भनिने गरिन्छ। साँखुमा योगध्यान गर्ने वज्रयोगिनीको स्थापना गर्ने बाचासिद्धि वज्राचार्य, फंपिका वज्रयोगिनी स्थापना गर्ने ओडियानाचार्य, बुँगःद्य (रातो मच्छिन्द्रनाथ) नेपालमा ल्याउने बन्धुदत वज्राचार्य, विजयश्वरी (विद्याधरी) स्थापना गर्ने वज्रपाद, मन्त्रसिद्धि विहार स्थापना गर्ने ॐ वीरवज्र, महाकालभैरव र लुमधि अजिमा (भद्रकाली), जनवहाद्यः(सेता मच्छेन्द्रनाथ) स्थापना गर्नुहुने शाश्वत वज्र, सीघल स्थापना गर्ने वाक्वज्र, श्रीखण्डमूल महाविहार स्थापना गर्नुहुने बौद्ध विद्वान् लीलावज्र वज्राचार्य, कसायगाःमा वसी चर्यागीत गाएर ब्रह्मपुत्र नदी पार गरेर आउने तान्त्रिक सुरतवज्र वज्राचार्य, तान्त्रिक जामन गुभाजु, मञ्जुवज्र वज्राचार्य, मानव न्यायशास्त्र नेपालभाषामा टीका लेख्ने लुन्तभद्र आदि हुन्।

आजसम्म पनि प्रसिद्धि पाइसकेका महान् वज्राचार्यहरूको मुख्य गुण भनेको आफूहरू शील, समाधिमा वसेर सुन्यतामा लीन भएर महासुख र महाशान्ति प्राप्त गरेर वज्रसत्व हुन सक्नु हो।

यस्ता वज्राचार्यहरूको आफ्नै खालको जन्मदेखि मृत्युसम्मको संस्कार पनि आफ्नै खालका छन्।

संस्कार विशेष गरेर निम्न छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१) जन्मभन्दा अगाडि गर्ने संस्कार २) बच्चामा गर्ने संस्कार
३) युवावस्थामा गर्ने संस्कार
४) वृद्धवृद्धावस्थामा गर्ने संस्कार ५) मृत्युसंस्कार

१. जन्मभन्दा अगाडि गर्ने संस्कार

क) क्वथा विङ्गु संस्कार

विवाहिता दुलाहा र दुलहीलाई एउटै कोठामा सुत्न जानलाई दुवैले कोठामा किसली (पालाभरि चामल राखेर त्यसमाथि एउटा सुपारी र दक्षिणा भएको) ढोगेर दाम्पत्य जीवन सफलतापूर्वक अगाडि वढोस् भन्ने कामनासाथ कोठाभित्र प्रवेश गरिन्छ । यहीँ नै संस्कारको पहिलो खुड्किलो हो ।

ख) पुसवन क्रिया

गर्भधारण गरेको ३ महिनापछि अजिलाई देखाएर पुरोहितले गर्भभित्रका बच्चा सुरक्षित होस् भनेर कलशपूजा गर्नें परम्परा छ। अजि देखाउने र कलशपूजा गर्ने परम्परा आजकल नभए पनि गर्भवतीहरूलाई हेर्ने डाक्टरलाई देखाउने परम्परा छ ।

ग) सिमात्व नयन क्रिया

गर्भवती भएको आठ महिनामा गर्भमा रहेको बच्चाको पूर्णरूपमा आकार लिएर परिपक्व हुन्छ । सुत्केरी हुने वेला शिशु र आमालाई राम्रो होस् भनेर 'कलशपूजा' गराउने सिमात्वनयन क्रिया हो । यसलाई नेवारहरूले 'ला दंगु' भनेर भन्दछ । यस वेला अजि देखाएर शिशु जन्मने दिनको निश्चित् गरिदिन्छ ।

घ) धौ वजि नकेगु

'लां दन धायवं' गर्भवती आमा शिशु जन्माउने भनेको ९ महिनामा हो । गर्भवतीले शिशु जन्मँदा बल पुगोस् र शरीरमा राम्रो शक्ति होस् भनेर माइतीघरमा सुत्केरी छोरीलाई पोषणयुक्त खाना जस्तै गेडागुडी, अन्डा, मासु, वो, दूध, दही, रोटी आदि शक्तियुक्त खाना र गर्भवती छोरीले जे खाने इच्छा हुन्छ त्यही ख्वाएर सुत्केरीलाई तृप्त हुने गरी ख्वाउने गर्दछ । गर्भवती भएपछि छोरीलाई जेजे खान इच्छा भएको हो त्यो बराबर ख्वाए पनि उत्सवको रूपमा नै ख्वाउने 'धौ बजि नकेगु' (दही चिउरा ख्वाउने) हो । दही चिउरा ख्वाउने सकिएपछि माइतमा रात काट्नु हुँदैन भन्ने परम्परा छ ।

२. बालसंस्कार

आमाको गर्भबाट बच्चा बाहिर संसारमा आएपछि पनि विभिन्न संस्कारहरू गर्ने गर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क) सिचापालु क्येनगु

लोग्नेको घरमा बच्चा जन्म भइसकेपछि लोग्नेपट्टिबाट सुत्केरीको माइतीमा सन्देश पठाउने क्रिया 'सिचापालु क्यनेगु' भनेर जाइफल, चाकु, घिउ, ज्वानो, अदुवा र नुन किस्तीमा राखेर माइतीमा पठाउँदछ। छोरा जन्मेको छ भने चाकु, जाइफल एकएक गोटा र छोरी जन्मेको छ भने आधाआधा गरेर माइतमा पठाउने गर्दछ। माइतीमा समाचार प्राप्त भएको सन्देशको रूपमा लोग्नेको घरबाट जति राखेर पठाएका छ त्योभन्दा दोबर माइतीबाट राखेर लोग्नेकोमा पठाउँदछ। यो एकातिर साङ्केतिक रूपमा सन्देश पठाएको हुन्छ भने अर्को सुत्केरीलाई ख्वाउने उपयुक्त सामान माइतीबाट सन्देश प्राप्त भयो भनेर ख्वाउन पठाउने पनि हो।

ख) पाथ्याक: वनेगु

छोरीले बच्चा जन्माइएको सन्देश प्राप्त गरिसकेपछि माइतीबाट लोग्नेको परिवार सबैलाई 'खेंवो'(अन्डाको पाउच), रोटी र रक्सी लिएर गएर ख्वाउन जानुलाई 'पाथ्याक: वनेगु' क्रिया हो। यो एकातिर छोरीको स्थिति हेर्न जाने हो भने अर्को लोग्नेको घरमो परिवारले छोरीलाई सुत्केरीमा राम्रो हेरी देओस् भनेर मनोवैज्ञानिक रूपमा सम्मान गर्ने हो। नेवार समाजमा 'खैंवो' अति सम्मानित खाना हो।

ग) घ्य: बजि नक:वनेगु

छोरीको सुत्केरी भएको दोस्रो दिनमा नै माइतबाट सुत्केरी छोरीको लागि घिउ, चाकु, चामल, तेल, चिउरा लिएर हेर्न जाने घ्य: बजि नक:वनेगु हो।

घ) पि ध्यनेगु वा घृतमहप्राशन

घरमा नै बच्चा जन्माउने बेलामा बच्चासँग आमाको अर्भबाट निस्केको नालसँगै राख्ने चलन छ। मचावु ब्यंके गर्नुभन्दा अगाडि नाल काट्ने परम्परा छ जसालाई 'पि ध्यंकेगु' भनेर भन्दछ। सुधाकारजातले बच्चासँगै भएको नाल जाइफलमाथि राखेर काटेर मह-घिउ र पानी ख्वाउने गरिन्छ। आमाको गर्भसँग सम्बन्ध अथवा आमाको गर्भमा बन्दा आमाबाट प्राप्त गर्ने पौष्टिक आहारा माध्यम (नाल)लाई काटेर बाहिर जगत्‌को खाना ख्वाउनेको प्रारम्भ हुने गर्दछ। यसलाई घिउ-महप्राशन पनि भनिन्छ। यो क्रिया भएपछि बच्चालाई पानी मह र दूध पुगेन भने सतु खुवाए पनि हुन्छ। आजकल अस्पतालमा बच्चा जन्माउने भएकोले यो क्रिया घरमा गरिरहनु परेन।

ङ) मचाबु व्यंकेगु

बच्चा जन्मेको ४,६ वा १२ दिनमा सुत्केरी, सुत्केरीको परिवार र फुकीहरूले नङ काटेर, घर लिपेर नुहाइधुवाइ गरी चोख्याउने काम 'मचाबु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्यंकेगु' हो। यसमा विशेष गरेर समाजको अगाडि जन्मेको बच्चालाई बाबुलाई सुम्पिने दिन काम हुन्छ। यो पछि बच्चालाई परिवार र फुकीहरूले स्विकार्ने हुन्छ। यस क्रियामा दिदी अजिले बच्चा र सुत्केरी आमालाई नुहाइधुवाइ गरेर दुवैलाई तेल घसिदिन्छ र आगंब्व पकाएर पूजा गरी बाबुलाई बच्चा सुम्पिदिन्छ। त्यस्को खुसियालीमा टोलको बालबच्चाहरू डाकेर आगंब्वचा बाँधिदिन्छ।

दिदी अजिको काम सकिएपछि गुरुजुद्वारा कलश पूजा गरी बच्चालाई चोख्याउने गरिन्छ। यस उपलक्ष्यमा छोरीबेटीहरू र फुकीहरू भोज ख्वाउने गरिन्छ। बच्चासँग समाजले सम्बन्ध गास्ने दिन यही हो। यदि नाल भएको बच्चा लिएर थ्याकमचाको रूपमा घरमा नाल काट्न लगाई मचाबु ब्यंके गरियो भने जुन परिवारले यस संस्कार गरेको हो, त्यही परिवार उक्त बच्चाको हुन्छ। जो आमाबाबु भएर लिएको हो उनीहरू नै बच्चाको आमा बाबु भइन्छ। सुत्केरीको माइतीबाट बच्चा र आमालाई चाहिने लुगा, तेल, औषधी, ओछ्याउने सबै सामानहरू पठाउनुपर्दछ। सामान पठाउँदा पूजाको लागि, सुत्केरी गराइएको दिदी अजिले गर्ने पूजाको लागि खानेकुरादेखि लुगा, बच्चालाई ओछ्यान, मचाकठी, सुकुल, अजसला, खाना खाने थाल, कचौरादेखि बच्चालाई लगाउन सुनचाँदीको औँठीसम्म पठाउनुपर्दछ।

चोख्याउने दिनमा नै नाल र 'कुले बौ' भनेर छ्वासमा फाल्न लगाउँदछ। बच्चा जन्मेदेखि चोख्याउने दिनसम्म अजिले सुत्केरी र बच्चालाई तेल लगाउनेदेखि सबै हेरचाह गर्दछ। चोख्याएको दिनदेखि माइतबाट मान्छे पठाएर तेल लगाउन दिने र हेरचाहको लागि मान्छे पठाउनुपर्दछ।

च. ला नक:वनेगु

बच्चा चोख्याइएको केही दिनमा माइतबाट छोरीलाई 'ला नक:वनेगु' भनेर चामल, चिउरा, ओ, जाँड, मासु राखेर सुत्केरीलाई ख्वाउन लग्दछ। यो कसैको दुईचोटि हुन्छ भने कसैको एकचोटि पनि हुन्छ।

छ. मचाबू स्व:वनेगु

सुत्केरीलाई माइतीघरमा स्याहर्न ल्याउनलाई माइतबाट चिउरा, दुई थरीका मासु, ओ रोटी, जाँड आदि परिकार राखेर सुत्केरीलाई हेर्न जान्दछ। माइती मात्रै होइन माइतीपट्टिको परिवारले हेर्न सुत्केरीलाई जान्दछ।

ज. दक्षिणा छायेगु

माइतमा स्याहार्न ल्याउन अगाडि माइतका लोग्ने मान्छेहरू गएर बच्चालाई दक्षिणा चढाएर हेर्न जाँदछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

झ. मचाबू लहीयंकेगु

बच्चालाई दक्षिणा चढाइसकेपछि सुत्केरीलाई माइतीघरमा पुऱ्याउने काम दिदी अजिको हो। उनले शिशु बोकेर बाबुको घरबाट बाहिर लग्नासाथ पिखालखु दोबाटो चौबाटोमा रहेका नराम्राले बच्चालाई केही नराम्रो नगरोस् भनेर पन्छाएको हुन्छ। देवदेवताहरूको स्थानमा बच्चाको रक्षाको कामना गरेर कनिका छरेर माइतघरमा पुऱ्याउँदछ। यसरी बच्चाको जन्मघरदेखि मामाघरसम्म पुऱ्याउने काम दिदी अजिले गरिदिन्छिन्। उनले पूजा गर्नुपर्ने ठाउँ भनेको छ्वास, मूल गणेश र विहार हुन भने नराम्रो पन्छ्याउनेमा दोबाटो चौबाटोका भूतहरू हुन्। जन्मेदेखि अन्नप्राशनसम्म बच्चालाई रक्षा गर्ने देवता छ्वास अजिमा हो भन्ने परम्परागत धारणा छन्।

ञ. न्हाय्पं प्वाः खनेगु (कर्ण छेदन)

बच्चालाई माइत ल्याइएको केही दिनपछि नै महिला मालाकार ल्याएर वच्चाको कान छिराउने क्रिया गरिन्छ। कान छिराउने क्रिया मालाकारले विषालु नभएको काँडाद्वारा गरिन्छ। एकदुई दिन एकदुई दिनमा आएर वच्चाको कान हेर्न आएर काँडा अलिअलि गरी ठूलो मोटाइ गरेर फेरिदिन्छ पछि काँचो कालो धागो राखिदिन्छ। सानोमा कानमा प्वाल पार्दा वच्चालाई दुख्दैन भन्ने चलन छ।

ट. प्वस्तिकं नकःवनेगु

सुत्केरी माइत लगेको १०-१२ दिनमा सासू नन्द, आमाजुहरूले पौष्टिकयुक्त औषधी राखेर स्वस्तिकं बनाएर दुलही र बच्चालाई कस्तो छ भनेर हेर्न जान्छ।

ठ. प्यूचां न्ह्याकःवनेगु

सुत्केरी गएको एक महिना हुनुभन्दा अगाडि बच्चालाई हातमा लगाउने सुनको बाला र मुगाको माला लिएर ससुरो र सासु बच्चाको मामाघरमा गएर बच्चाको हातमा लगाउन दिन्छ। मुगाको बालाले बच्चालाई रक्षा गर्दछ भन्ने धारणा छ।

ड. फलप्राशन

वच्चा जन्मेको ३ महिनामा वच्चालाई फलफूल ख्वाउने क्रिया फलप्राशन हो। घृतमहप्राशनपछिको दोस्रो प्राशन फलप्राशन हो। फलप्राशनपछि वच्चालाई फलफूल ख्वाउन सकिने हुन्छ। डाक्टरहरूले पनि ३ महिनापछि वच्चाहरूको शारीरिक, मानसिक विकासको लागि फलफूल ख्वाउनको लागि सल्लाह दिन्छ। अन्नप्राशनभन्दा पहिला फलप्राशन गर्दा वच्चाको पाचन प्रणालीद्वारा सजिलोसित काम गर्न सक्ने मात्र होइन शारीरिक र मानसिक विकासको लागि पनि आवश्यक हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ढ. अन्नप्राशन

बच्चाहरूको शारीरिक मानसिक र बौद्धिक विकासको लागि जमिनबाट उत्पादन हुने खाना, भुँइमा हिँड्ने जनावरको मासु, पानीमा वस्ने माछा उड्ने चराको अन्डा र मासुको महत्त्वपूर्ण भुमिका हुन्छ। यी सवै ख्वाउने संस्कार हो अन्नप्राशन। माथि उल्लेख गरेकोवाट ८४ परिवारको खाना, पाँच थरीको पेय पदार्थसहित थायभूमा राखेर अन्नप्राशन गराउँदछ। अन्नप्राशन गर्दा कलश पूजा गर्ने ठाउँमा बच्चालाई लसकुस गरेर आसनमा राख्दछ। यो संस्कारमा वच्चालाई गरीने क्रियामा

अ. आभूषण ग्रहण आ. नामकरण इ. भविष्यवाणी

ई. अन्नप्राशन उ. कथुप्वाः चायेकेगु

यी कार्य गर्नुभन्दा पहिले यदि **धृतमहप्राशन** र **फलप्राशन** गरेको छैन भने पीपलको पातमा घिउ र मह राखेर घृतमहप्राशन गरिन्छ। त्यसपछि एउटा थालमा छोकडा, नरिवल, केरा, सुन्तला स्याउ आदि फलफूल राखेर फलप्राशन गरिन्छ।

अन्नप्राशन छोरीलाई ५ वा ७ महिना र छोरा भए ६ वा ८ महिनामा सम्पन्न गरिन्छ।

अ. आभूषण ग्रहण

अन्नप्राशनभन्दा अगाडि वच्चाहरूलाई साधारण खालको लुगा लगाउने गरिन्छ भने अन्नप्राशनदेखि वच्चाहरूलाई तास तिनख्वा जस्ता राम्रो खालको कपडाको लुगा लगाउन दिएर रुद्राक्ष, स्यालको सिङ, बाघको दाँत, मोटी माणिक, मुगा आदि दुर्लभ वस्तुदेखि रत्न आदि भएको रक्षामाला, सुनको सिक्री, कानमा मादवारीचा, खुट्टामा चाँदी वा पञ्चधातुको कल्ली आदि लगाउने गरिन्छ।

आ. नामकरण

बच्चा जन्मेको तिथिमितिअनुसार चिनो लेखाएर राखिए पनि उक्त चिनोअनुसारको नामकरण पुरोहितबाट गरगहनाले सजिएको बच्चालाई वज्रबाट टाउकोमाथि (चसुप्वाः) छोएर नामकरण गरिन्छ। मान्छेको चसुप्वाः शरीरको सबै अङ्गप्रत्यङ्गमा प्रभावित हुने ठाउँमा नामको वाचन गरी प्रवाहित गरिन्छ।

इ. भविष्यवाणी

भविष्यमा गएर बच्चा के हुन्छ भन्ने भविष्यवाणी गर्न एउटा थालमा धान, चामल, इँटा, कापी, कलम, काम गर्ने सामान, मनोरञ्जनको सामान आदि विभिन्न वस्तु र सामान भएको थाल बच्चाको अगाडि लगेर लिन लगाउँदछ। त्यसमा भएको जुन माल लिएको हुन्छ भविष्यमा उही लाइनमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निपूर्णता प्राप्त गर्ने गर्दछ भन्ने धारणा छ। यो एक प्रकारको बच्चाहरूको मनोविज्ञान बुझेर अभिभावकहरूले त्यसै दिसामा लगाएर विकास गर्नु हो।

ई. अन्नप्राशन

भात, गेडागुडी, विभिन्न परिकारको तरकारी, विभिन्न परिकारको मासु, रोटी ओ आदि ८४ व्यञ्जनको खाना थाय्भूमा राखेर पुरोहितले मन्त्र उच्चारण गरेर माछा र अन्डाको सगुन दिएर खाना ख्वाउने हुन्छ। दही, दूध, जाँड, रक्सी र ह्याउँथ्वँ (रातो जाँड) गरी पाँच थरीको पेय पदार्थ पिलाएर ख्वाउने गरिन्छ। अन्नप्राशनपछि बच्चाले जे खाए पनि हुने र भोजमा बच्चाले नखाए पनि भाग राखिदिनुपर्ने हुन्छ। आफन्तहरू र साथीभाइहरूलाई भोज ख्वाउने गरिन्छ।

उ. कथुप्वाः चायेकेगु

अन्नप्राशन गरेको भोलिपल्ट बच्चालाई फुपूले गणेशस्थानमा लगेर पूजा गरी गणेशको प्रसादस्वरूप ग्वजा ख्वाउने गरिन्छ। योपछि बच्चालाई दिनहुँ भात ख्वाउन हुने हुन्छ।

ण. दुगुद्यःयाथाय् मचा दुतिने

अन्नप्राशनपछि भएको देवालीमा बच्चालाई भित्र्याउने कार्य गरिन्छ। यसरी भित्र्याउँदा गुठियार सबैलाई आफ्नो इच्छाअनुसार रोटी अन्डा ख्वाउनुपर्दछ। यस कार्यपछि कुलदेवताको सङ्घमा सदस्य भएको हुन्छ।

त. निदँ बुदिँ

बच्चा दुई वर्ष भएपछि प्रथम पटक जन्मदिन मनाउने गर्दछ। ग्रहदशा शान्त गरी वर्षभरि मङ्गलमय होस् भनी देवदेवताहरूमा पूजा गरी बच्चालाई दुईवटा चाकु राखेको यःमरी दुईवटा सानो अक्षता राखेको र दुईवटा ल्वहंचा मरि राखेर माला लगाउन दिएर सुकुन्दा अगाडि राखेर सगुन दिन्छ। दुई वर्षको जन्मदिन मनाउँदा बच्चाको मामाघरमा १०८ वटा यःमरी पुऱ्याइदिन्छ र मामाघरबाट बच्चालाई सगुन दिएर पठाउँदछ। वाबुपट्टिका दिदीवहिनीहरू माइतमा बोलाएर यःमरी ख्वाउने गर्दछ।

तीन वर्षको जन्मदिन मनाउने गर्दैन एकैचोटि चार वर्षको जन्मदिन दुई वर्षमा जस्तै चारवटा यःमरीको माला बनाएर बच्चालाई लगाउन दिन्छ। चार वर्षसम्म यःमरीको माला लगाउन पर्ने अनिवार्य हुन्छ भने चार वर्षपछि प्रत्येक वर्ष वर्षैपिच्छे जन्मदिन मनाउने हुन्छ। यःमरीको माला लगाउन दिनमा अभिभावकको इच्छाअनुसार १२ वर्षसम्म पनि लगाइदिने हुन्छ। जन्मदिनमा उमेर भन्नु हुँदैन भन्ने परम्परा छ। यःमरीको माला नै लगाइने बेलामा माला हेरेर नै बच्चाको उमेर अरूले थाहा पाउने हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जन्मदिन मनाउँदा यःमरी पकाइएको छ भने यःमरीसमेत राखेर दही चिउरा, फलफूल रोटी र दक्षिणा टोलका बच्चाहरूलाई बाँडिदिने परम्परा छ। घरभित्रकाले मात्रै होइन टोलमा बच्चाहरूले पनि जन्मदिन थाहा पाओस् भन्ने आशयले दान दिइएको हो।

३. युवासंस्कार

प्राकृतिक रूपमा नै बच्चाहरू हुर्केर युवा अवस्थामा पुग्दछ। यसरी आएको परिवर्तनलाई सामाजिक रूपमा मान्यता दिन गरिने संस्कार युवासंस्कार हो। युवासंस्कार गरिसकेका व्यक्तिलाई समाजले ठूलो व्यक्तिको रूपमा व्यवहार गरिन्छ।

युवाअवस्थामा गरिने संस्कार केटा र केटीको फरकफरक छन्।

३.१. युवालाई गरिने संस्कार
३.२. युवतीलाई गरिने संस्कार

३.१. युवालाई गरिने संस्कार

चूडाकर्म

केटा ९, ११ वा १३ वर्ष पुगिइयो भने चूडाकर्म गरिन्छ। कसैको विहारको सर्वसङ्घबाट गरिन्छ भने कसैको व्यक्तिगत रूपमा चूडाकर्म गरेर विहारको सर्वसङ्घमा भित्र्याउने कार्य गरिन्छ।

क. ग्वय्दां तयेगु

चूडाकर्म गर्नुभन्दा चार दिनअगाडि चूडाकर्म गर्ने केटाहरूले विहारको क्वापाद्यः (विहारको मूलदेवता) र विहारको पाँच जना थाकुलीहरूलाई दसवटा सुपारी, दुईवटा पानको पात, किसली र दक्षिणा दिएर चूडाकर्म गर्न निम्तो दिने हुन्छ।

ख. छ्वयलाभू

ग्वय्दां राखेको दुई दिनपछि चूडाकर्म गर्ने केटाहरू थाकुलीहरू पूजामा संलग्न हुने पुरोहितहरू केटाको फुपू, मामा चोख्याएर साँझ छ्वय्लाभू गर्ने भनेर भोज खान्दछन्। यो दिनमा भोज नै खानुपर्दछ भन्ने छैन। चार परिकार घासा राखेर छ्वय्लाभूको भाग देवतालाई चढाए पनि पुग्दछ। छ्वय्लाभू विशेष गरेर शरीरलाई चोख्याउने कार्य हो।

ग. दुस्व

ग्वय्दां राखेको ३ दिनपछि चूडाकर्म गर्ने केटाहरूलाई विहारमा धलं दंकेगु गरेर नुन, मासु आदि नख्वाईकन शाकाहारी भोजन गराउँदछ। यो दिन देखि चूडाकर्म गर्नेहरूले मासु खान नहुने मात्र होइन अशुद्ध चीजहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शरीरमा राख्न हुँदैन भन्ने छ । जस्तो छालाको जुत्ता लगाउन हुँदैन, कुकुरलाई छुन हुँदैन भन्ने छ ।

घ. बरे छुइगु

चूडाकर्म गर्ने केटाहरूलाई विहारमा लगेर नुहाइधुहाइ गरिसकेपछि नाईबाट कपालमा टुपीबाहेक सवै कपाल सफा गरी खौरिदिन्छ र खुट्टामा पनि पहिलोचोटि नङ छलंचाले कटाइदिएको हुन्छ । टुपीमा एक दिनअगाडि नै सुनको टुक्रा राखेर बाँधिदिएको हुन्छ । कपाल खौरँदा फुपूले थाय्भूमा थापेको हुन्छ । पछि विहारको क्वा:पा:द्य: अगाडि नाङ्गै राखेर ५ जना थाकुलीले फुपूले समातेको थाय्भूमा खस्ने गरी टुपी काटिदिन्छ । पाँच जनाले जल खन्याएर नुहाउन लगाइदिन्छ । चिवर धारण गरेर क्वा:पा:द्य:को कोठामा छिरेर देवतालाई ढोकेर वाहिर निस्कन्छ । यो दिनदेखि केटाहरू युवा भएकोमा गनिन्छ । विहारमा भएको सर्वसङ्घको सदस्यको रूपमा स्थापित भएको हुन्छ । चूडाकर्म गर्ने केटाहरूले चिवर वस्त्र मात्रै धारणा गर्ने होइन । त्यस वेला कानमा पँयती, हातमा सुन चाँदी र तामाको ३ थरी वाला, घाँटीमा सुता गहणा लगाउने गर्दछ । देव्रे हातमा बुद्धको मूर्ति वा स्वयम्भू महाचैत्य अङ्कित शिलाय कू र दाहिनेमा गुलुपा समातेर क्वा:पाद्य: दर्शन गरेर वाहिर निस्कन्छ ।

ङ) देजला वनेगु (देश भ्रमण)

चूडाकर्म गरिसकेपछि विहार घुमाएर लाय्कू दरवारभित्र छिरेर आफूहरू युवा भएको शासकीय रूपमा दर्ता गर्ने उद्देश्यले लाय्कुमा गएर किसली चढाएर आउँदछ । यसरी परिक्रमा गर्दा चूडाकर्म गरेकालाई 'छत्र' ओदाएर लग्नुपर्दछ । चूडाकर्म गर्नेलाई देजला लग्दा मामासँगै जाने गर्दछ । यसरी देश भ्रमण गरिने तात्पर्य शासकीय र सामाजिक मान्यता प्राप्त गर्नेका लागि 'देजला' जाने हो ।

च) भिक्षाटन

चूडाकर्म गरेको दिनदेखि चार दिनसम्म भिक्षु नै भएर आफन्त, छरछिमेकीमा प्रत्येक दिन ७ वटा घरमा भिक्षाटन गर्नुपर्दछ भन्ने चलन छ । भिक्षाटनमा जाँदा 'सिलाकु गुलपा' समातेर जानुपर्दछ । आफन्तहरूले गुलुपाभरि चामल र दक्षिणा राखेर भिक्षा दिने गर्दछ ।

छ) च्य:कुति क्वकायेगु अथवा चीवर क्वत्येगु

चूडाकर्म गरेको चार दिनपछि फेरि विहारमा गएर क्वा:पाद्य: पूजा गरेर चिवरको वस्त्र छोडेर साधारण नयाँ लुगा लगाएर गृहस्थ जीवनमा फर्कन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज) सर्वसंघ भ्वय्

चूडाकर्म गरेको उपलक्ष्यमा सर्वसङ्घमा भित्र्याउनको लागि विहारभित्र चूडाकर्म गरिसकेका सबै वज्राचार्यहरूलाई 'सर्वसंघ भोज ख्वाउनुपर्दछ ।

झ) आचा लुयेगु

चूडाकर्म गरेकालाई ५ अभिषेक दिइसकेपछि मात्रै वज्राचार्य वनिन्छ । त्यसपछि जजमानकहाँ गएर पूजा गर्ने र पुरोहित भएर पूजा गर्न पाउँदछ । ५ वटा अभिषेक भनेको नामाभिषेक, कलशाभिषेक, घण्टाभिषेक, वज्राभिषेक र मुकुटाभिषेक हुन ।

यति अभिषेक लिइसकेपछि वज्र घण्टा समातेर टाउकोमा मुकुट लगाएर पूजा, होम गर्न पाउने अधिकार पाउँदछ ।

ञ) होम्पि दँ वनेगु

आचार्याभिषेक भैसकेपछि पुरोहित जजमान भएर आचार्यभिषेक लिएको नयाँ वज्राचार्यलाई मूलचार्य बनाएर आ-आफ्नो पीठमा गएर होम गरेर पूजा गर्न लगाउँदछ । अभिषेक लिएको कार्य समाजमा व्यवहारमा नै उतार्नुपर्ने भएकोले अभिषेक लिएको अनुसार पूजा गर्न लगाउँदछ । व्यवहारमा कतै नमिले पनि पुरोहितको निगरानीमा जजमान भएर पूजा गर्ने भएकाले कतै बिग्रे सच्याएर सिकाउने काम पनि गर्दछ ।

आचालुयेगु गरिसकेका वज्राचार्यहरूले विहान गुरुमण्डल पूजा गरी सधैं न्हिकं गर्ने हुन्छ ।

ट) मतः कायेगु

होम्पि दँ को भोलिपल्ट मतःकायेगु भनेर कलशपूजा गरी प्रसाद ग्रहण गरिसकेपछि हातमा धानको थुम्को राखेर त्यसमाथि बत्ती बाल्न लगाएर अनुशासनमा बस्ने प्रतिवद्धता जाहेर गर्ने हुन्छ। त्यसपछि चूडाकर्म र आचालुयेगु कार्य सम्पन्न हुन्छ ।

३.२. युवतीलाई गर्ने संस्कार

३.२.१.इहि

केटीलाई बच्चाबाट वयस्क बनाउन गरिने संस्कार 'इहि' हो । ५,७,९ वर्ष अर्थात विजोड वर्षमा गरिन्छ । इहि संस्कार गर्ने एउटीलाई संस्कारको रूप पनि गर्न सकिन्छ । दस कर्म गरिने जुनसुकै संस्कार जस्तो बूढाबूढी जंको देवता स्थापना गर्ने बेलामा पनि गर्न सकिन्छ । काठमाडौं वसन्तपुरस्थित राष्ट्र कुमारीको पद छोडिसकेपछि विजयश्वरीमा लगेर पूजा गरी एक दिनमा इहिसंस्कार सम्पन्न गर्ने हुन्छ । इहि गरिसकेका केटीलाई वयस्कको रूपमा समाजले मान्यता दिइएको हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क) छ्वयला भू

इहि गर्ने व्यक्ति, पूजा गर्ने पुराहित र आमाबाबु बसेर शुद्ध गरी छ्वयला भू गरिन्छ ।

ख) दुस्व

दुस्वःका दिनमा इहि गर्ने केटीलाई धलं दंकेगु भनेर गरिन्छ ।

ग) पिस्वल

पिस्वलका दिनमा इहि गरेका बालिकालाई नाईबाट खुट्टामा छलंचाबाट नङ काट्न लगाई यज्ञ गरेर वयस्कले गर्ने कामहरू जस्तो चुलो, कोठा, चिउरा कुट्ने, धान कुट्नेजस्ता गार्हस्थ्य जीवनमा चाहिने काम सिकाउने गरी काम गर्न लगाउने गरिन्छ ।

'इहि'मा केटीको प्रज्ञासँग आध्यामिक विवाह हुन्छ । पछि लोग्नेमान्छेसँग गर्ने विवाह गार्हस्थ्य जीवनमा भौतिक र शारीरिक रूपमा मात्रै गर्ने हुन्छ । इहि गर्दा बेल हातमा राखिदिने आध्यामिक रूपमा शून्यताको प्रतीकको रूपमा हो । त्यसैले इहिपछिको बेललाई समालेर राख्ने गरिन्छ ।

'इहि' गर्ने वयस्क बनाउने संस्कार भएकोले इहिमा केटीलाई प्रथमपल्ट 'इहिपर्सि' लगाउन लगाइन्छ ।

इहि गरिसकेपछि केटीलाई लक्ष्मीको रूपमा मान्य भएकोले इही सम्पन्न भएपछि सगुन मात्रै दिने होइन । 'पासवारां' भनेर हातभरि चामल राखेर लक्ष्मीको प्रतीकको रूपमा मान्ने गरिन्छ ।

इहि आफ्नै घरबाहिर गरेको छ भने घर भित्र्याउँदा लक्ष्मी भित्र्याउने भनेर 'फावारां' भनेर पाथीमा धान वा चामल भरेर इहि गरेकालाई मूलढोकामा पूजा गरी भित्र्याउने गर्दछ ।

३.२.२. बाह्रा

११, १३, १५ अर्थात् बिजोर वर्षमा केटीहरूलाई यौनशिक्षा दिने उद्देश्यले १२ दिनसम्म केटाहरूलाई नदेख्ने गरी सूर्य नछिरेको कोठा राखिन्छ । कोठामा प्रवेश गर्दा मङ्गलमयको कामना गरी **'धौ सगँ'** दिएर राख्दछ । बाह्रा वसेकालाई हेरचार गर्ने र शिक्षा दिनको लागि वच्चाको आमा भएको महिला बाह्रा पासा भनेर वस्दछ । वज्राचार्यहरूको समाजमा पूजा कर्मकाण्ड गराउनुपर्ने भएकोले ११ दिनमा मात्रै 'क्वचिकं सायकेगुं भनेर बाह्रा बस्नेलाई सिँगार गर्ने क्रिया गरिन्छ । राम्रो असल साथीको रूपम कपासको बाह्राख्याः राख्ने गरिन्छ । १२ दिनको बिहान नुहाइधुवाइ गरी ठाकुली नकिं वा फुपूद्वारा 'प्वाकय सपः' चुल्ठो वनाएर दुहली जस्तो सिँगारेर बाहिर निकाल्दछ र सूर्यको किरण पानी भरेको बातामा पारेर पूजा गरी त्यसैमा सूर्य देखाउँदछ । कलशपूजा गरेर बाह्रासंस्कार सम्पन्न गरिन्छ र मूल गणेशमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'सिन्हःमू ज्वलान्त्यायक्' जस्ता शृङ्गारको सामान लिंएर पूजा जान्छ । 'वाह्रा' बसेको बाहिर निकाल्ने दिनमा वाह्रा राखेको हेर्न आउने आफन्त र खेल्न आउने साथीलाई भोज ख्वाउँदछ । बाह्रामा पनि केटीलाई लक्ष्मीको रूपमा मानेर पासः वारां दिने गरिन्छ ।

बह्रा १२ दिनसम्म नै राख्नुपर्दछ भन्ने छैन । वाह्रा ह्वनेगु भनेर एक जनालाई १२ दिनसम्म राखेर त्यस १२ दिनभित्रमा ४ दिन वा क्वँचिकं सायेकेगु गर्ने वेला ११ दिन पनि थौसगँ दिएर किसलीं चढाउन दिएर १ दिन मात्रै राखेर बाह्रा पिकायेगु दिनमा एउटै तरिकाले वाह्रा सम्पन्न गर्न सकिन्छ ।

यौनशिक्षा दिइराखेको वेलामा केटीको अगाडि केटा देखा नपरासे् भनेर यौनविकृतिवाट बचाउने खालकोले केटाहरूलाई देखा नपराउने हुन र यौनशिक्षा दिइराखेको वेला केटाहरू देखा परियो भने यौनविकृति आउन सक्दछ । सूर्यको किरण नभएको ठाउँमा राख्नु भनेको यौन क्रियाकलाप सूर्यबेगरको ठाउँमा हुने भएकाले त्यस्ता वातावरण तयार गरेको हुनुपर्दछ ।

३.३. विवाह

क) ग्वय् बीगु

विवाहमा केटाको पक्षवाट केटीकोमा लमी पठाएर कुरा मिलाउन पठाउँदछ । कुरा मिलियो भने केटीको चिनो केटाको घरमा ल्याएर मिलाई सकेपछि १० वटा सुपारी चाँदीको ग्वय्वातामा राखेर केटीको घरमा दिन पठाइसकेपछि विवाह निश्चित हुन्छ ।

ख) फलफूल नेकछ्वयेगु

केटाको घरबाट केटीको घरमा समयअनुसार फलफूल दिन पठाउँदछ । यो यामयाममा दिन पठाउने भएकोले केटीलाई केटाको घरको बारेमा मनोवैज्ञानिक रूपमा तयार पार्दै जाने क्रिया हो ।

ग) लाखा बीगु

विवाह गर्नु एक महिनाअगाडि केटाको घरबाट केटीको परिवारले अनुरोध गरेअनुसार लाखामरी दिएर पठाउँदछ । उक्त रोटी केटीको आफन्तहरूलाई नजिकको आफन्तअनुसार लाखा दिनुपर्ने त्यसको बदलामा आफन्तहरूले विवाह भोजमा दाइजो दिनुपर्दछ ।

घ) कल्यां न्ह्याकेगु

विवाहमा केटीपक्षले भोज गर्नुभन्दा पहिला केटापक्षबाट केटीलाई कल्यां न्ह्याकेगु भनेर हातमा बाला लगाउन जाने हुन्छ । केटाको घरमा दुलही भित्र्याउन ४ दिनअगाडि कल्यां न्ह्याकेगु क्रिया गरिन्छ । यो दिनदेखि विवाह गर्ने केटा र केटीको सांस्कृतिक रूपमा सम्न्ध गाँसेको हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस दिन दुलहीलाई दिएको त्यही सगुन केटाको घरमा लगेर दुलाहालाई पनि सगुन दिएको हुन्छ ।

ङ) स:भोजन नकेगु व भम्चा पितवीगु

केटाको घरबाट केटीको घरमा जन्ती आइसकेपछि केटीलाई सजाएर गुरूपुरोहित, परिवार एवं फुकीहरू वसेर केटीको दाम्पत्य जीवन सफल होस् भनेर गणेशपूजा गरेर 'खैंसंग' 'धौ सगँ' दिने गरिसकेपछि स:भोजन भनेर ८४ व्यञ्जनको परिकार राखेर 'थायभू' दुलहीलाई खुवाउने गर्दछ । जन्मेको घरको फुकीसगँको सामाजिक परिवारिक सम्वन्ध छोडेर जाने हो । सभोजन गरिसकेपछि जुठो छ्वासमा पठाइसकेपछि 'ग्वय साय्केगु' भनेर आगं देवता कुलदेवता स्थानीय गणेशलाई दुईदुई गोटा सुपारी राखेर घरको पारिवारिक सम्बन्धविच्छेद गर्दै जान्छ र यसरी गर्दा परिवारको सानोदेखि सबभन्दा पछि आमाबाबुलाई 'ल्हा:ग्वय्' दिने गरिन्छ। सुपारी लिँदा दाइजो दिने गरिन्छ। आमाबाबुले ज्वला न्हायकं सिन्हमू सौर्न्दयको प्रतीक दाइजो, मामाले गाई वा बाखा र माइजूले थाल दाइजो दिने गर्दछ । गाई वा बाखाले सम्पत्ति वृद्धि गर्ने र दूध खानको लागि दिएका हुन् । आजकल गाई र बाखा दाइजो दिने परम्परा हराइसकेका छन् । केटालाई केटाको घरमा दिएर पठाउन तीनचोटिसम्म वोलाउनु आउनुपर्दछ । यसरी आउँदा केटाको काका, मामा र वावुले भन्न आएपछि मात्रै केटीको वावुले बोकेर र मोटरमा राखिदिन्छ । दुलही मोटरमा राखेपछि केटाको बावुले 'तासको दुफांगा' ओडाएर सुकुन्दा चिलाख वालेर कारनेठ कनाठ ब्यान्ड बाजा बजाएर लग्ने गर्दा छ्वासमा पुगियो भने अक्षता छरेर पूजा गरेर सम्बन्ध छाड्ने र स्थानी गणेश स्थानमा पुगियो भने केटा र केटीपक्षका दुवैको पुरोहितबीच बसेर केटीलाई दुहली बनाएर लक्ष्मी जस्तो गरेर घरमा राख्छु भनेर बाचा गरेर दुलहीको घरतिर लगिन्छ ।

च) लसकुसयायेगु

केटाको घरभित्र छिराउने दिनमा मूलढोकाका दुहलीलाई द्वाल्या कलश राखेर सासूले दुलहीलाई 'ह्याउँ थ्वँ' रातो जाँडले खुट्टा धुलाएर पूजा गरी घरको साँचो दिएर घरभित्र छिराउने गर्दछ । घरभित्र छिर्ने वेला पञ्चवुद्धको आशिष् परोस् र मङ्गलमय होस् भनेर घरको मूलढोकाको दायाँवायाँ अष्टङ्गल र मीथ पञ्चवुद्ध लेखेको हुन्छ ।

केटाको घरमा दुलहीलाई भित्र्याइसकेपछि आफ्नै विहार मा 'यज्ञ'मा दुलाहादुलही दुवै सँगै राखेर पूजा गर्ने हुन्छ । विहारको क्वा:पाद्य: पूजा गर्नको साथै विहारको चारै दिशामा दुवैलाई सँगै पूजा गर्न लगाउँदछ । त्यसलाई 'यज्ञशालामा ह्वंकेगु' भनेर भन्ने गर्दछ । यहाँ दुलहीलाई केटाको घरपरिवारमा हुल्याउने हुन् । मूल देवता, कुलदेवता, स्थानीय गणेशलाई दुलहीलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुपारी राख्न लागाउँदै सानो वच्चा आफन्तदेखि दुलहीको हातवाट सुपारी लिने काम गरिन्छ। सासूससुरोलाई 'ल्हाःग्वये' दिने गर्दछ। दुलाहाको घरमा सुपारी दिँदा दुलहीलाई केही दिनु पर्दैन ठूलाको आशिष्को रूप कुल स्थिर गर्न सकोस् भनेर भनिन्छ।

छ) सः भोजन

दुलाहा र दुलही सँगै राखेर दुवैलाई एउटै 'थायभू'मा खैंसगँ दिइसकेपछि भोज ख्वाउने गरिन्छ। यस भोजनमा परिवारको मुख्यमुख्य सदस्यहरू र फुकीहरू वसेर भोज खान्दछ। यसरी भोज खाइसकेपछि दुलही केटाको परिवार वा सङ्घका सदस्य रूपमा भित्र्यो भन्ने हुन्छ।

दुलहीको घरवाट निस्किसकेर केटाको घरमा सर्वसङ्घमा बसेर सुपारी दिएर भोज नखाँदै केटीको मृत्यु भयो भने दुःख वार्ने लमी मात्रै हुन्छ। आजकल यस्तो नभए पनि पहिलेपहिले केटीलाई केटीको साइतवाट माइत छोडेर वाहिर ल्याएर केटाको घरनजिकैको घरमा 'सिसि तयेगु' भनेर वास राख्ने गर्दछ। जन्मेको घर छोडेर लोग्नेको घर पस्नुभन्दा अगाडि कुनै सङ्घका वा परिवारका सदस्य पनि हुँदैन त्यस बेला केटीको आफन्त भनेको लमी मात्र हो। दुलहीलाई 'दू' मा राखेर ल्याइन समयमा सिसी राख्नुपर्ने। ताडावाट दुलही ल्याएर पुऱ्याउन नसकिनु र 'दू' मा राख्दा दुलहीको सिँगार विग्रने र पुनः सिँगार गर्नुपर्ने भएको र अर्को रोएर आएकालाई घरभित्र छिर्न दिनु हुँदैन भन्ने छ। केटीले माइत छोड्दा रोएको हुन्छ। त्यसैले सिसी राख्नुपर्दछ भन्ने हो।

दुलही भित्र्याएको दिनमा दुलाहापट्टिमा भोज गने गर्दछ। दुलहीलाई भोज भएको ठाउँमा सवैलाई देखाउने गरी 'ग्वय् सायकेगु' भनेर राखेर दुलाहापट्टिको आफन्तलाई सुपारी दिने गर्दछ। सपरिवार भोज आएकाहरूले 'मरिकसि' भनेर रोटी भएको कसि दुलहीलाई दिएर सुपारी लिने गरिन्छ।

ज) सँप्याकेगु

दुलही भित्र्याइएको भोलिपल्ट पुरोहित आमाबाबु र परिवारको सदस्यहरू वसेर पूजा गरी लोग्नेले स्वास्नीलाई सिँगार गरेर टाउकोमा पञ्चबुद्ध र पञ्चकुल र पञ्चतत्त्वको प्रतीकको रूपमा पाँचवटा जुरो वनाइदिन्छ। त्यसपछि वनजला वनेगु भनेर विद्याधरीमा गएर पुजा गरी विद्याधरीको म्हःसिन्ह लिएर लोग्नेले स्वास्नीलाई 'च्वसिन्चा छायेकेगु' भनेर सिउँदोमा सिन्दूर लगाइदिन्छ।

झ)नीछ्याभू

दुलाहाको घरमा भात चलाउनको लागि पूजा गरेर सासूवीचमा वसेर दाहिने छोरा र देब्रेमा बुहारी राखेर थाय्भूमा भात राखेर आमाले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छोरा र बुहारीलाई भात सातोपाटो गरेर ख्वाउने गर्दछ। यसलाई 'निछ्याभू' भनेर भनिन्छ।

ञ) ख्वा: स्वबनेगु

केटँको घरमा गर्नुपर्ने क्रिया सबै सिद्धयाएर पछि माइतबाट रोटी, फलफूल, लुगा, गरगहना राखेर छोरीलाई मुख हेर्ने भनेर ख्वा: स्वयेगु गर्दछ। यसरी आएका सबैलाई सासूससुरो र केटापट्टिको मामा, फुपाज्यूले सन्मान गरी मसला ज्व:पसा लाखामरि दिएर रक्सी ख्वाउने गर्दछ। केटीपट्टिबाट छैँरी लिएर माइती लग्दछ।

ट) दुचायेकेगु

छोरी माइत पुगिसकेपछि सुकुन्दा बालेर ज्वाइँ लिन आउँदछ। ज्वाइँ दुलहीको घरमा पुगेपछि दुलहीको परिवार र फुकीहरूसंगै बसेर दुलहाको हातबाट सबैलाई सुपारी दिइसकेपछि दुलहीको परिवारले दुलाहा स्वीकार गरेको हुन्छ। त्यहीँ नै दुलाहा र दुलही सँगै राखेर सबैलाई सुगन दिन्छ। दुलाहा र दुलहीलाई दिएको सगुन नखाई घरमा सासूलाई प्रमाणस्वरूप दिने गर्दछ। त्यसपछि सबैसँगै बसेर भोज खान्छन् र फुकीहरूलाई एउटाएउटा भोजको भाग पनि दिनुपर्दछ। यसरी ख्वाएर पनि एक भाग दियो भने फुकीहरूले पनि छोरीज्वाइँलाई बेग्लै रूपमा भित्र्याउनुपर्दछ।

सुकुन्दा बालेर नै दुलाहादुलहीलाई दुलाहाको घरमा पुऱ्याउँदछ।

ठ) कोठा बीगु

केटा र केटी दुवैको घरले स्विकारिसकेपछि दुलाहा र दुलहीलाई केटाको आमाबाट दुवैलाई सगुन दिएर दुवैलाई एउटाएउटा किसली कोठाभित्र राख्न लगाएर दाम्पत्य जीवन सफल होस्। वंश अघि बढाउन सकोस् भनेर दुवैलाई एउटा कोठामा सुत्न दिन्छ। यही प्रक्रियालाई कोठा बीगु भनिन्छ।

ड) लिला धु

कोठा बीगु गरेको भोलिपल्ट दुलहीलाई नयाँ राम्रो खालको लोग्नेको घरको स्तरअनुसार लगाउन दिई सिँगारी पहिलोचोटि माइती पठाउने लिला धु जाने हो त्यस दिन राति फर्किन्छ। विवाह भएको एक वर्षपछि लोग्नेको घरबाट फेरि आफ्नो स्तर हेरी एक जोर लुगा अरू दिने भनेर दिन्छ। विवाह प्रक्रिया कम्तीमा ३ वर्ष लागेर समाप्त हुन्छ।

३.४. घौला प्रथा

वज्राचार्यहरूमा छोरीलाई केटा विवाह गरेर केटीको घरमा राखेर केटीपट्टिको वंश अगाडि चलाउने परम्परा छ। लगनबहालका मयजु थकुंले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत विद्वान् धनञ्जय उपाध्यायलाई द्यौला विवाह गरेर वंश अगाडि बढाएको ८ पुस्ता भएका छन् भने ॐवहालमा पनि ब्राह्मणलाई दोला राखेर वंश अगाडि वढाएर विहार स्थापना गरेको विहारको नामनै ब्रह्मचक्र महाविहार भएका छन् ।

३.५. अचला भिषेक

वज्राचार्यको पूजा कर्मकाण्ड गर्न र गराउनको लागि अर्को चारवटा अभिषेक लिन गरिने क्रिया अचलाभिषेक हुन् जसमा पता: अभिषेक, खड्गाभिषेक,पाशाभिषेक र मन्त्राभिषेक हुन् ।

यो अभिषेक केटा र केटी दुवैलाई दिने गर्दछ यदि केटीलाई अचलाभिषेक दिनु छ भने पहिला 'न्हिकं' भनेर साधारण पूजा गर्ने अभिषेक दिन्छ ।

३.६. दीक्षा अभिषेक

अचला अभिषेकभन्दा माथिल्लो अभिषेक दीक्षा अभिषेक हुन् । अचला अभिषेक नलिएर सोझै दीक्षा अभिषेक लिन पनि सकिन्छ । दीक्षा लिँदा विवाहिता छन् भने लोग्ने र स्वास्नी दुवैले सँगै लिने राम्रो हुन्छ । दीक्षाको तन्त्र राम्रो बुझ्ने मात्र होइन् व्यवहारमा उतार्न पनि सकिन्छ । दीक्षा अभिषेकमा लिइने अभिषेक निम्न छन् -

क. गुह्याभिषेक ख. ज्ञानभिषेक ग. प्रज्ञाभिषेक घ. प्रज्ञा-ज्ञानभिषेक छन्

दीक्षा लिइसकेपछि वज्राचार्यहरूको सबै तन्त्रमन्त्र जपतप आदिवाट निपुण हुन्छ ।

४. वृद्धसंस्कार

वज्राचार्यरूको आमावाबु र बाज्यावज्यैले मात्र छोराछोरी नातिनातिनीहरूलाई संस्कार गराइदिने होइन छोराछोरीले आमावाबुलाई पहिलोचोटि वृद्धवृद्धालाई गर्ने जंकु गरिदिन्छ भने दोस्रोचोटिको वृद्धवृद्धा जंकु नाति ातिनीले र तेस्रोचोटिको वृद्धवृद्धाको जंकु पनातिपनातिनीले गराइदिने गरी ३ चोटि वृद्धवृद्धा जंकु गर्ने परम्परा छ ।

४.१. भीमरथारोहण (न्हापांगु बुराबुरी जंक्व)

वृद्धवृद्धालाई गर्ने पहिलो जंकुलाई भीमरथारोहण भन्दछ । यो वृद्धको उमेर ७७ वर्ष ७ महिना र ७ दिनको साइतमा गरिन्छ । वृद्धकी श्रीमती भए उसको उमेर जतिसुकै भए पनि लोग्नेको उमेर मात्रै गर्ने गरिन्छ । यदि वृद्धालाई गर्नु परियो भने ७५ वर्ष ७ महिना ७ दिनको साइतमा गरिन्छ । जस्तो मचावु केटीलाई संस्कार गर्दा केटाको भन्दा अगाडि नै गर्ने चलन छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्यंकेगु भनेर चोख्याउँदा, अन्नप्राशन आदि। यो जंकुमा ग्रहदशा शान्त गराउने भनेर ग्रहमण्डल दर्शन गराउने हुन्छ।

४.२. देवरथारोहण (निक्वगु बुराबुरी जंक्व)

दोस्रोपल्टको जंक्व वृद्धाको उमेर ८८ वर्ष ८ महिना र ८ दिनको साइतमा देवरथारोहण गरेर देवतुल्य बनाउँदछ। पहिले बाबु ८८ वर्ष पुग्दा छोरा छोरीहरू बुन्हा, बुन्ही नै हुने भएकोले यो जंकु नातिनातिनीद्वारा गर्ने भन्ने धारणा छ। संयुक्त परिवारमा वाज्याबज्यैले नातिनातिनी हुर्काउन ठूलो योगदान भएकोले उनीहरूले आफूले हेरचाह गरेको तिर्ने गरीकन गर्ने हो। वृद्धा मात्र भयो भने ३ वर्षअगाडि अर्थात् ८५ वर्ष ८ महिना ८ दिन गरिन्छ। यो जंको गर्दा वसुन्धरा मण्डल दर्शन गराएर अष्टसिद्धि प्राप्त हुने हुन्छ।

४.३. महारथारोहण (स्वक्वःगु जंको)

तेस्रोपल्टको जंको ९९ वर्ष ९ महिना र ९ दिनमा गरिन्छ। वृद्धा मात्र भयो भने ९५ वर्ष ९ महिना र ९ दिनमा गरिन्छ। यो जंकोमा वृद्धवृद्धालाई उष्णीसजीवको मण्डल दर्शन गराइन्छ। यो जंकोमा वृद्धवृद्धालाई पनातिहरूले खतमा राखेर बोकेर झ्यालबाट तान्नुको अर्थ स्वर्गमा पुग्नुसरह हुन्।

वृद्धवृद्धाको जंको गर्दा निम्न कार्य सम्पन्न गर्नुपर्दछ।

क. छ्वय्लाभू

पूजा गर्ने गराउने पुरोहितदेखि लिएर जंको गर्ने वृद्धवृद्धा, पूजामा मूल भूमिका भएका व्यक्ति छोरा, छोरी सबैको चोख्याएर छ्वयलाभू गर्नुपर्दछ।

ख. अय्लिं काःवनेगु

बूढाबूढीको जंकोको पहिलो दिन गर्ने क्रियालाई दुस्वः भनिन्छ। यसलाई संस्कृत भाषाबाट अधिवासन पूजा पनि भनिन्छ। दुस्वःको दिनमा विवाहिता छोरीहरू अय्लि लिन जाने भनेर दोपतासारी, सुनको फूलसमेत टाउकोमा सजाएर नाय्बाजा र काःबाजा सँगै गएर माटोको भाँडाकुँडा बनाउने कुमाल कहाँ गएर कलश र गणेश पूजा गरी मङ्गलमय कामना गरी कलश र गणेश ल्याएर पूजा गर्ने ठाउँमा ल्याउँदछ।

वज्राचार्यद्वारा क्वतः वा क्वतः सुलिमा पञ्चबुद्धको आकृति लेख्ने गरिन्छ। त्यसको चारैतिर ३२ वटा कलश र घण्टा राख्दछ। पञ्चरक्षा गर्ने ग्रहमण्डल पूजा गरिन्छ। यसरी जंको गर्दा एउटा देवताको प्रतिमा पनि स्थापना गर्दछ। नयाँ प्रतिमा स्थापना गर्दा दसकर्म गर्नुपर्ने भएकोले वालिकाहरूलाई इहि गर्ने र अन्नप्राशन गर्ने भए अन्नप्राशन पनि गर्न मिल्दछ। आजको दिनमा इहि गर्ने वालिका जंकु गर्ने वृद्धवृद्धा सबैलाई धलं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दंकेगु भनेर ग्रहमण्डल र पञ्चबुद्धलाई पूजा गर्न लगाइन्छ। यों दिनमा कर्मकाण्ड गर्ने वृद्धवृद्धा र इहि गर्नेहरूलाई नुन नख्वाईकन खाना ख्वाउँदछ।

ग. पिस्वः अर्थात् पूर्णा

जंकोको मख्य दिन भनेको पिस्वः अर्थात् पूर्णाको दिनमा हो। यो दिनमा बूढाबूढीहरूलाई नाइले खुट्टाको नङ कटाई बूढालाई कपाल खौराई नयाँ लुगा लगाउन दिएर थाकुली नकिंहरूले निश्चित स्थानवाट लुगा लगाउन दिन्छ वृद्धालाई दोपटाको सारी तासको चोलो तासकै पछ्यौरा र टाउकोमा लुँस्वां समेतको गहणा, हातमा सुनको चुरा, गलामा सुन सिक्री, न्यापु सिखः, मुगाको माला बूढा र बूढी दुवैलाई कानमा पुन्याचा भनेर सुनको रिङमा मोटी मुगा र पन्ना राखेको लगाइदिन्छ। वृद्धालाई टाउकोमा बेतली लगायर पूजा गरेर घरखेतदेखि दैनिक जीवनलाई चाहिने मालसामान लुगा भाँडाकुँडा, सिरान दान गर्न लगाउँदछ। जंकु गरेका वृद्धवृद्धालाई र प्रतिष्ठा गरेको प्रतिमासमेत दसकर्म गर्दछ। यसरी दसकर्म गर्दा अन्नप्राशन गर्ने बेलामा बच्चालाई अन्नप्राशन गरिन्छ। इहि गर्दा इहि गर्ने केटीलाई पनि देवतासँगै इहिं गराइन्छ। त्यसपछि साइत दिएका `वेलामा दुवैलाई अलगअलग गरी रथमा राख्दछ। रथमा राखिसकेपछि दुवैको एउटै कोतलामा खुट्टा राख्न लगाएर छोराछोरी, वुहारी, नातिनातिनीहरूवाट खुट्टामा अर्घ्य गरेर फूल अक्षता र दक्षिणा चढाएर ढोगिन्छ। यसरी परिवारको जहान सवैले अर्घ्य गरिसकेपछि खट बाहिर तान्दछ। जुन ढोकावाट बाहिर लगेको हो उहीं ढोकावाट भित्र्याउन हुँदैन। यसरी रथ यात्रा गर्दा मुख्य पुग्न पर्ने भनेको स्थान गणेशमा, अरू बाटोमा पर्ने जहाँसुकै लगे पनि हुन्छ। रथले जंकु गरेको घर घुमाउन पर्दछ भन्ने छ।

जंकु गर्दा रथमा राखेर वाहिर घुमाउनु नै पर्दछ भन्ने छैन। कर्म खंकेगु भनेर पूजा मात्रै गरे पनि पुग्दछ। रथ परिक्रमा पछि खुल्ला ठाउँ जहाँ भोज ख्वाउने ठाउँ हुन्छ। त्यहाँ जंकु गरेकोलाई माथि राखी छोरा छोरी बुहारी र फुकिहरू बसेर मङ्गलमय कामना गरेर लुगासहित सगुन दिन्छ।

सगुन प्रक्रिया समाप्त भएपछि जंकु गरेका दुवैलाई एउटै थाय्भूमा राखेर भोज ख्वाउँदछ। यिनीहरूको लाइनमा छोराछोरी आफन्त र इष्टमित्र पनि सबै बसेर भोज खाने भएकोले यस संस्कारमा भोज खानु राम्रो मान्दछ र भोजमा पनि थाय्भूमा जति घासाहरू राखेको हो त्यति नै परिकार अरूको पातमा राखेको भोजमा पनि हुन्छ तर आजकाल यसरी थाय्भू राखेको सबै परिकार पाहुनाहरूलाई ख्वाउने परम्परा बन्द भएका छन् तर पनि पस्ता भ्वय् नै गरिन्छ। यो भोजमा नातिलाई विवाह गराइदिने चलन छ। यदि विवाह गरेन भने पनि भोजको अन्तमा अय्था लाखामरि नातिद्वारा दिने गरिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जंकु खतमा बसेर दिएको आशिष् लाग्छ भन्ने भनाइ छ त्यसैले भोज मात्रै आउने होइन जंकु गरेकाबाट आशिष् लिन पनि यस भोजमा परिवारजन आफन्त इष्टमित्र छरछिमेकीहरू उपस्थित भएका हुन्छ ।

घ. मत कायेगु

अन्य संस्कारमा जस्तै कलशपूजा गरेर पूजामा संलग्न भएका सबैलाई हातमा बत्ती राखिदिएर समाप्त गरीन्छ ।

४.४. थाकुलिं लुयेगु

वज्राचार्यहरूको विहारमा थाकुलि भयो भने विहारमा पूजा गरेर थाकुलिं लुयेगु भनेर महोत्सव गर्नुपर्दछ । थाकुलि हुँदा पनि थाकुलि भएकालाई कर्म खंकेगु भनेर भीमरथारोहणमा जस्तै गर्नुपर्दछ । विहारको थाकुलि भयो भने भीमरथारोहण पनि सँगै गरे पनि हुन्छ । यसरी गरियो भने पुन ७७ वर्ष ७ महिना र ७ दिनको क्रिया नगरे पनि हुन्छ । थाकुलिं लुयेगु गर्दा श्रीमतीलाई सँगै राखेर पूजा गर्दैन जो थाकुलि भएका हुन त्यसलाई मात्रै गरिन्छ ।

५. मृत्युसंस्कार

वज्राचार्यहरूको मृत्युसंस्कार संस्कार गरेको अनुरूपमा गाड्ने र पोल्ने दुवै गरिन्छ ।

५.१. गाःमचा

जन्मिएर दुई महिना नपुग्दै अर्थात् सुत्केरी आमाले दुई महिनाको ननुहाएसम्म मिं मपुम्ह मचा भनेर बच्चाको मृत्यु भएमा नदीको किनारा वा मचागाःमा गाड्ने गरिन्छ । यसरी गर्दा मृत्यु भएको बच्चाहरूको लासलाई सेतो कपडामा बाँधेर बच्चासँगै नुन एक पोका र चामल एक पोका राखिन्छ । चामल खानाको रूपमा भएपनि नुन लास लगाउनको लागि हुन् । लास गाडिँदा पहिले पूजा गर्दछ त्यसपछि चामल नुनसहित लास गाडेर आउँदछ । यसरी गाडेको बच्चाको आमाबाबु दुई जनाले बार्ने भनेर गाडेको भोलिपल्ट बच्चाको आमाबाबु दुवैले नुहाई चोख्याउने गरिन्छ ।

यस्तो मृत्युसंस्कारमा आगोमा पोल्नु नपर्ने भएकोले मिंमपुम्ह मचा भनेर भनेको हो ।

५.२. कचिमचाको मृत्युसंस्कार

बच्चाको आमाले सुत्केरी भएको दुई महिनामा नुहाएपछि चूडाकर्म नगरेको बालक वा इहि नगरेको बालिकाको मृत्यु भएमा सीगुथिका गुठियारहरू आएर लास उठाउने काम गर्दछ । लासलाई कुतामा नराखीकन हातमा राखेर मसानमा पुऱ्याउँदछ । आगो राख्ने बाजे भए बाजेले गर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वाजे नभएमा वाबुले दागवत्ती दिन्छ। यिनीहरूलाई चार दिन वार्ने हुन्छ। चार दिनपछि चोख्याएर घःसु गरिन्छ। २१ दिनसम्म वार्ने हुन्छ। २१ दिनभित्रमा ठाउँ ठाउँको देवताहरूमा पूजा गर्न जाने १०८ वटा देवा वाल्ने आदि गरिन्छ। २१ दिनको दिनमा जस्तो उमेरको वच्चाको मृत्यु भएको छ, त्यस्तै उमेरको १ वा ३ वा ५ वा ९ वा ११ जना गरी बिजोरका वच्चाहरू ल्याएर मीठो खाना ख्वाएर लुगा खेलौना मृत्यु भएको वच्चालाई मन पर्ने सामानहरू वच्चाहरूलाई दिएर पठाउँदछ। अरू क्रियाहरू गर्नु पर्दैन।

५.३. ठूलाको मृत्युसंस्कार

वज्राचार्यहरूमा दुई किसिमले मृत्युसंस्कार गरीन्छ। एउटा मृतकलाई किल्ला गरेर खतमा राखेर सिथं यंकेगु भनेर शवयात्रा गरिन्छ भने अरू सामान्य गरी शवयात्रा गरिन्छ। किल्ला गरेर खतमा राखेर शवयात्रा गर्नलाई दीक्षा भएको वा बाहालमा थाकुलि भएको वा वूढा जंको सिद्धचाएको हुन्छ। वूढा जंको गर्ने वेलामा रथयात्रा गरेको छ भने उक्त रथलाई नबिगारीकन राख्छ र पछि मृत्यु भएपछि त्यसैमा राखेर भव्य गरी शवयात्रा गरीन्छ। तर बूढा भयो भने पूजा गरे पनि खतमा राखेर शवयात्रा गरिँदैन।

५.४. किल्ला गरेर शवयात्रा

सबै सास बन्द हुनुभन्दा अगाडि सास अलिकति बाँकी भएको वेलामा शरीरलाई ध्यान गर्ने आसनमा राख्ने गरिन्छ। शरीरको चारैतिर देवा वालेर राख्दछ। कोहीकोही थाकुलीहरू आफूले प्राण छोड्नुभन्दा अगाडि नै आफैँले पलेटी मारेर वस्नेहरू पनि नभएको होइन समाजमा। यसरी बसियो भने उनलाई शवयात्रा खटमा राखेर नै गर्नुपर्ने हुन्छ। पुरोहित र परिवारको सदस्यहरू मात्रै वसेर पूजा गरेर प्रसाद र भोजसमेत ख्वाइसकेपछि पुरोहितले नाउँ लिएर बोलाउने गर्दछ। पूजाको प्रक्रिया राम्रो पुगेको छ भने मरेकाले वोल्ने मात्रै होइन, छोराछोरीहरूलाई लिनुपर्ने दिनुपर्नेसमेत सबै भन्छ भन्ने छ। यो क्रियामा आत्मालाई पूरा जगाउने हो।

पूजाको अन्तमा पुरोहितले खड्गयोगिनीको मण्डलको मूर्तिमा ज्ञानेन्द्र र इन्द्रियलाई तारनमा राखेर खड्गयोगिनीको शरीरमा लीन गराउँदछ जस्तो नाक, कान, आँखा मुख, नाभि, गुहेद्वार आदिको शक्ति सबै अक्षतामार्फत देवतामा सार्छ सारिसकेपछि कपासबाट बन्द गर्दै जान्छ र मुखमा अन्डा राखेर चाँदी वा पितल वा काँसको कचौराले मुख बन्द गरिदिन्छ। यो सबै तान्त्रिक रूपमा शरीर ज्ञानेन्द्र इन्द्रिय सारी सकेपछि मृतक देवतामा लीन भएर जान्छ। सबै देवतामा लीन गराइसकेपछि वच्चादेखि छोराछोरी, वुहारी, नातिनातिनीहरूले क्वल्लामा खुट्टा राख्न लगाएर अर्घ्य गरिन्छ। अर्घ्य गरिसकेपछि मृत्यु भएको सम्झिन्छ र विलाप गरिन्छ। यसरी किल्ला गर्दा पूजा नसिद्धिएसम्म रुनु हुँदैन भन्ने छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो क्रिया गर्दा देखामा लगाएको पूजा लुगा लगाएर भव्य रूपमा देवता सजाएजस्तो सजाउने हुन्छ। पूजा सकिएपछि माहिलो हो भने ध्यान मुद्राको लासलाई खुट्टा आदि सोभ्म्याउने क्रिया गरिन्छ जसलाई बापां दायका सिथं यंकेगु भनेर भनिन्छ। शरीरको चारैतिर बत्ती बालिराखेको हुनाले शरीर तातो हुने भएकोले शरीर सोभ्म्याउन सकिने हुन्छ। लोग्नेमान्छे भयो भने सोभ्म्याउनु पर्दैन त्यस्तै मुद्रामा नै शवयात्रा गरिन्छ। शवलाई वसालेर नै खतमा राखेर बोकेर मसानमा पुऱ्याउँदछ।

क) सौवँय् तयगु

च्वय्क्वय् मत तयेगु : मरेको लाशलाई बुँइगल वा घरको माथिल्लो तल्लाको खुल्ला ठाउँमा गोबरले पोतेर त्यसमाथि लास राख्दछ। यसलाई सौवँय् तयेगु भनिन्छ। लासलाई तेल लगाउन, सरसफाइ गर्नु र नयाँ लुगा लगाइदिएर टाउकोदेखि खुट्टासम्म सोभ्फाएको शरीरमा सेतो कपडाले छोपेर टाउको मुनि र खुट्टामुनि दुई ठाउँमा पालामा तेलको बत्ती राखिदिन्छ र घरको मूलढोकामा परालको मुठा ठड्याइदिन्छ। यसले मरेको तर शवयात्रा नभइसकेको घर भनेर चिनिन्छ। सेतो कपडाले छोपिसकेपछि एउटा चकु वा फलामको एक टुक्रा राखिदिन्छ। मरेको फेरि जिउँदो नहोस् भनेर किल्ला गरेको छ भने पूजा गरिसकेपछि फलाम राखिदिने हुन्छ। मुखमा एक टुक्रा सुन राखिदिने चलन छ। यसरी सुन भयो भने मर्नेको धन अभाव हुँदैन भन्ने जनविश्वास छ।

देवं फायेकेगु : गुठियारहरू आएर देवं (तासबाट बनाइराखेको कपडा) लासमाथि राखिदिएपछि लास उठाउने काम गुठियारहरूबाट हुन्छ। माइतीघर, मामाघर, विवाह गरेका दिदीबहिनी, छोरीहरूले फाँगा राख्ने भनेर लासमा सेतो, पहेंलो तासको आदि आफ्नो इच्छानुसार फांगा राख्ने गरिन्छ।

ख) दुकापिकां तियेगु

गोबरबाट भुइँमा स्वस्ति चिन्ह लेख्न लगाएर त्यसमाथि लास राखेर मुखाग्नि दिनेले सेतो कपडामा बाँधेर मुख खुट्टा र छातीमा ३-३ पल्ट सियो धागोले सिएर लासलाई महाद्वीप बनाउने गरिन्छ।

ग) छ्वासय् वायेगु

दुकापिकां तियेगु क्रिया गरिसकेपछि फुकी बुहारीले मृत्यु भएका मान्छेको एकजोर लुगा एउटा सुकुल र कूचो राखेर छ्वासमा फाल्न लग्दछ।

घ) पाखाकुँ थनेगु

शवयात्रा गर्नुभन्दा पहिले घरको पाखामा हाँडी राखेर आगो बालेर घरमा धुवाँ छर्नुपर्दछ। यसरी गर्नुको तात्पर्य यदि रोगको कीरा भए मर्छ भन्ने धारणा छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ङ) सिथं यंकेगु

घरवाट लासलाई बोकेर ल्याएर पिखालखुमा वनाइराखेको कुतामा राखेर सजाएर नाय्वाजं का:बाजं वजाएर छोराहरू नातिहरू रोएर जान्छ आमा भए कान्छा छोरा सवभन्दा अगाडि र अरू उसको पछाडि बावु भए जेठा छोरा अगाडि वसेर रोएर मसानघाटमा जान्छ। यसरी जाँदा जसले चित्तामा आगो राख्ने हो लासपछि सवभन्दा पहिला जाने गर्दछ। वज्राचार्य समाजका बावुलाई जेठो छोरो र आमालाई कान्छा छोराले आगो राख्ने परंपरा छ।

च) सउवँ भ्यगः वायेगु

लोग्ने मरेको छ भने स्वास्नीले गोवरवाट लिपेको भिँगुट मूलढोकामा लिपेर फुटालिन्छ।

छ) पिचा वायेगु

सउभ्यगः फुटालेपछि अर्थात् लास घरवाट मसानघाटमा लगिसकेपछि फेरि लुगा एक जोर पिचामा राखेर छ्वासमा राख्न लग्दछ। यसलाई पिचा वायेगु भन्ने गर्दछ।

घरमा माथिको तल्लादेखि वढारेर पिखालखुमा फाल्न ल्याउँदछ। मसानमा लगेको लासलाई निश्चित ठाउँमा मसानअगाडितिर राखेर रोएर आएका आफन्तहरूले लासमा पानी ख्वाउने भनेर पानी ख्वाउँछ त्यसपछि मसानमा दाउराको चित्ता बनाइराखेकोमा राख्दछ।

ज) लिप्यं थये

लास चितामा राखिसकेपछि जसले आगो दिने हो त्यसले लासको खुट्टातिर वसेर श्राद्ध गर्दछ। पहिलो श्राद्ध यही हो। आगो मुखमा राखेर जलाउँदछ। सीगुठीका गुठियारहरूले लास जलाउँदछ र परिवारका सदस्यहरू र मलामी फर्किन्छ। अस्थि लिने हो भने आगो राखेको व्यक्तिले जीर्ण भएको लासको खरानीवाट अस्थि लिएर खरानीलाई मान्छेको आकृति बनाएर नदीमा बगाइन्छ।

झ) चिपं थियेके

मृत्यु भएको घरमा चुलो वाल्न नहुने भएकोले जुठो नपरेको नजिकको आफन्तहरूले चिपं थियके भनेर खाना पकाएर परिवारलाई ख्वाउन ल्याउने गरिन्छ।

ञ) विचाः वये

लास जलाएको भोलिपल्ट आफन्तहरू र विचाः गुसठयारहरू आएर परिवारहरूलाई विचाः वयेगु भनेर हेर्न आउँदछ। विचाः आउने बेलामा पुरोहितले मृत्यु आत्माले शान्ति पाओस् भनेर मृत्यु भएको नाममा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुर्गतिपरिशोधन धारणी पढ्ने गर्दछ। विचाः आएका गुठियारहरूले पनि गुरु पुरोहित ल्याएर दुर्गतिपरिशोधन धारणी पढ्ने गरिन्छ।

ट) मन्दः च्वयेगु

मृत्यु भएको तेस्रो दिनमा गुरु पुरोहितले दुर्गतिपरिशोधनमण्डल लेखेर पूजा गरिन्छ। विशेष गरेर मृतात्माको स्थिति केकस्तो छ भनेर हेर्नको लागि गर्ने क्रिया हो। यो मण्डलमा पूजा गरेर छोपिदिन्छ। यदि मृत्यु भएको व्यक्तिको अस्थि लिएको छ भने उक्त अस्थि धोएर पूजा गर्ने परम्परा छ।

ठ) लोचा

मरेको चार दिनमा विहान पूजा गरेर छोपेको मण्डल खोलेर हेर्छ। आत्मा कहाँ गएको भनेर स्पष्ट हुन्छ। यो दिनदेखि मामाखलक र विवाह गरेका छोरीबेटीहरू ब्याः आउने भनेर चिउरा, नुन, सखर, दही र अदुवा राखेर मरेको घरमा ल्याउँदछ। मरेको घरमा भोजको लागि सहयोग गरेको मानिन्छ यसरी ब्याः गरेको ६ दिन ल्याउन सकिन्छ।

विवाह भएको छोरीबेटीहरू साँझ लोचा आउने भनेर मूल छ्वासदेखि रोएर आउँदछ। मण्डलको चारैतिर देवाः बालिराखेको हुन्छ र त्यहाँ विचाः फयेगु भनेर घरका आमा बुहारीहरू र फुकी बुहारी स्तरका मान्छेहरू बसेको हुन्छ। लोग्नेमान्छेहरू अलगै स्थानमा बसेको हुन्छ। रोएर आएको छोरीबेटीले विचाः फयेगुमा बसिराखेकोलाई छोएर हिँड्दछ। छ्वाससम्म नै रोएर जान्छ त्यसपछि रुने बन्द गर्छ।

ड) लोचा भ्वय्

नजिकका छोरीबेटीहरू घरका परिवार र फुकीहरूलाई मरेको चार दिनमा लोचाभ्वय् भनेर चार प्रकारको तरकारी (प्यता घासा) राखेर भोज ख्वाउँदछ। यो भोज लोचा फयेगुभन्दा पहिला गने गर्दछ। लोचा फय् सिद्धयाएपछि परिवार र फुकीहरू जोजो लोचा फयमा बसिराखेकालाई सादा पातमा दहीचिउरा राखेर ख्वाएर लोचाको समाप्त गरिन्छ।

यस्को भोलिपल्ट बिहानै मण्डल नदीमा लगेर बगाउँदछ।

ण) न्हयन्हुमा

मरेको ७ दिनमा न्हयन्हुमा र चोख्याउने काम एकै दिनमा गरिन्छ। आमा मरेको छ भने सानो छोरी र बावु मरेको छ भने ठूली छोरी मुख्य व्यक्ति भएर चोख्याएर न्हयन्हुमा राख्ने गर्दछ र सहयोग गर्न एक जना वा दुई जना स्वास्नीमान्छेहरू बसेको हुन्छ। ७ दिनमा मनाउने न्हयन्हुमामा प्रत्येक दिनको एकएक मानाको दरले ७ मानाको भात पकाएर त्यसलाई सुहाउने गरीकन माछामासुदेखि अनेक परिकारको तरकारी, रोटी, फलफूल, दूध,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दही, रक्सी, जाँड आदि पेय पदार्थ सबै नाङ्लोमा राखेर पिखालखुमा राखिदिन्छ। त्यहां जोगी आएर भैरव वा दिक्पाललाई पूजा गरेर शान्त पार्दछ।

त) पा: छ्वयेगु

७ न्हुमा राख्न भ्याउने गरीकन छोरीवेटीले पा: छ्वयेगु भनेर भोजलाई चाहिने मासु, तरकारी, साग, गेडागुडीमा सानो केराउ केलाएको, भटमास र बोडी आदि राखेर घ:सुको घरमा पठाउँदछ।

मरेको घरमा छोरीवेटीहरू फुकीहरू शवयात्रामा सहयोग गरेका सबैलाई भोज ख्वाउनुपर्ने भएकोले घरको परिवार किन्न नपरोस् भनेर नै आफन्तहरूले सहयोग गर्ने हो।

थ) दुब्यंक: वनेगु

न्हय्न्हुमा राखिसकेपछि खय्बेलिं क्यंपिं फुकीहरू सबै आ-आफ्नै नजिकको नदीमा गएर नुहाउन जान्छ। दुब्यंकेगु भनेको चोख्याउने हो। नैनीवाट खुट्टामा नङ काट्न् केटाहरू स्तर हेरी कपाल खौरिने गरिन्छ। उनले नै ज्वला न्हाय्कं देखाई न्हाय्कं हेर्नेबाट वन्देज भएको खुलाइदिन्छ। आमावावु दाजुभाइहरूले कपाल खौरिने हुन्छ। त्यहाँ नै चोख्याइसकेपछि लोग्ने मरेको छ भने स्वास्नी र छोराहरू सेतो लुगा लगाएर बर्खी बस्ने गर्दछ।

चोख्याउनेमा जडीबुटीहरू जस्तो अमला, हलवर, तील, कुश दिएर त्यसबाट नुहान लगाएर चोख्याउँदछ। नदिवाट ल्याएको पञ्चगव्य भएको पानी घरभरि छर्केर चोख्याउने गरिन्छ।

द) ग्वास्वां कायेगु

दुब्यंकेबाट फर्किआएपछि मरेको घरको आँगनमा गुरुजुले गुरुमण्डल पूजा गरेर पान, सुपारी, मासु खान फुक्का गर्ने गरिन्छ। यो दिनदेखि कपाल खौरने, ऐना हेर्ने र दाँत कोट्टयाउन फुक्का गराइदिन्छ।

ध) घ:सु

मरेको घरमा दुर्गति परिशोधन मण्डल विशोधन गरेर पूजा, यज्ञ र एकादश पिण्ड थयेगु भनेर पिण्ड राख्ने गर्दछ। अस्थि लिएको छ भने अस्थि पखाल्ने पनि गरिन्छ। यज्ञमा जोजो मृत्युसंस्कारमा नराम्रो काम गर्नेजस्तो आगो राख्ने, लासमा धान छर्ने, पिचा फाल्ने आदिले यज्ञको आगोमा हात तापेर शुद्ध गर्नुपर्दछ। घ:सुको एक दिन अगाडि नै मृत्यु भएको मान्छेलाई 'कोठा ज्वलं,' भुतुज्वलं, र गहनालगायत एक जोर लुगा, खानाको काँचो परिकारहरू, रोटी, फलफूल आदि दान गर्ने गर्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अ,घःसु भ्वय

घःसु भ्वय परिवार, छोरीबेटी, फुकी र नराम्रो काम गर्ने सबैलाई ख्वाउने गर्दछ। मुख्य पूजामा वस्ने नराम्रो काम गर्नेको भोजको जुठो 'क्वला वायेगु' भनेर जुठौलाई पूजा गरेर छ्वासमा फाल्न लग्दछ।

आ,पाखाजा खाये

मरेको घरको वाटोमा मानिसको आवतजावत नभएपछि विहान 'न्त्यन्हूमा जा' पकाउँदा भातलाई पाखाजाको लागि पनि एउटा पिचामा राखेको हुन्छ। त्यसमा ७ थरीको तरकारी, रक्सी, दही, दूध जाँड फलफूल रोटी आदि राखेर राति घरको एक कुनामा झ्यालसँगै राख्ने गरिन्छ। यो राख्ने काम न्त्यन्हूमा पकाउनेले गर्दछ।

पाखाजा भोलिपल्ट बिहान निकालेर नदीमा बगाउन लग्दछ।

न) निमो

घःसुको भोलिपल्ट फेरि पनि घर शुद्ध गरेर 'जाप्यं थयेगु' (लोकोत्तर पिण्ड) राख्ने गर्दछ। लोकोत्तर पिण्ड राख्दा मेरको व्यक्ति (पुरुष) भए उनको मरेको बाबु, मरेको बाज्या, नाममा ३ वटा पिण्ड राख्दछ। स्त्री भए सासू, सासू बजै नाममा राख्दछ। यसको तात्पर्य मरेको परिवारमा संलग्न गर्ने हो। यदि अविवाहिता छ भने आमा र बजै नाम पिण्ड राखेर उनीहरूको समाजमा भित्र्याउने क्रिया हो।

निमो पूजा गरिसकेपछि घर शुद्ध हुन्छ र यो दिन 'जा भ्वय्' भनेर भातको भोज ख्वाउने गर्दछ। पूजामा वसेकाहरू 'क्वल्ला वायेगु' भनेर जुठो पूजा गरेर छ्वासमा फाल्न लग्दछ।

प) पेस्कि ब्वनेगु

वर्खी बसेकाहरूलाई विशेष गरी मामाघरमा 'पेस्कि ब्वनेगु' भनेर भोज बोलाउँछ। 'पेस्कि नखाए' सम्म वर्खी बस्नेहरूले वाहिर खानु हुँदैन भन्ने चलन छ।

फ) लयप्यं थनेगु

मरेको एक महिना भयो भने तीर्थतीर्थमा गएर तीर्थअनुसारको जडीबुटीले नुहाएर दान दिएर श्राद्ध गरिन्छ। तीर्थमा श्राद्ध गर्दा हरेक तीर्थमा पाँचपाँचवटा चैत्य बनाएर त्यसभित्र 'आखे' अक्षता पाँचपाँचवटा र एकएक टुक्रा अस्थि राखेर चैत्य वनाउँदछ। मरेको व्यक्तिको आत्मा चैत्यमा आसन गरेको हुन्। पहिलो तीर्थ गोकर्णमा हुन्छ भने अन्तमा भाजंगा चोभारमा गरिन्छ। प्रत्येक तीर्थमा कसैले 'जाप्यं थनेगु' गर्दछ भने कसैले 'प्वप्यं' थनेगु गर्दछ अर्थात् भातको पिण्ड वा जौको पीठोको पिण्ड राखेर श्राद गर्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब) स्वला

मरेको ३ महिनामा गर्ने क्रिया 'स्वला' हो। यसमा जाप्यं थयेगु नै गर्दछ। जाप्यं थनेगु गर्दा कलशपूजा, सिन्हपूजा गरी चर्यागीत पनि गाउने हुन्छ।

भ) द्यः थायेगु

मृत्यु भएको मान्छेको अस्थि लिएको छ भने माटोलाई शोधन पूजा गरी विहान नखाईकन एक महिनाअगाडिदेखि आखे राखेर माटोको चैत्य बनाइन्छ। बर्खी बसेकाहरू र छोरीहरूले सवा लाख द्यः थायेगु भनेर बनाउने गरिन्छ।

म) मकिल्ला यायेगु

तीन महिना पुग्नु एक हप्ताअगाडि पाँचवटा क्वतः सुलिंमा पाँच रङको पाँचवटा बुद्ध भगवान् लेख्न लगाएर प्रत्येक दिन छोरीले सिलाइएको लुगा नलगाईकन अस्थिलाई पञ्चरसले धुने गरिन्छ। ३६५ दिनको ३६५ पल्ट धुने र प्रत्येक धोइसकेपछि दुर्गति शोधनको मन्त्र अस्थिलाई सुनाइन्छ। मृत्यु भएका निर्वाण प्राप्तको कामना गरेर मन्त्र ३६५ पल्ट लेखेर राख्दछ। यो क्रिया पूरा एक हप्ता गर्नुपर्दछ।

'स्वला' अर्थात् तीन महिनाको दिनमा बनाइएको सवा लाख चैत्य र मृत्यु भएको प्रतिमा भनेर शक्तिसँग आलिङ्गन गरेको बुद्धको मूर्तिलाई दसकर्म खंकेगु पूजा गरिन्छ। बुद्धको प्रतिमा लोग्नेको र बुद्धसँग आलिङ्गन गर्ने स्त्री भनेको स्वास्नीको प्रतिमा हुन्। यदि लोग्ने वा स्वास्नीमध्ये एक जना मात्रै मरेपछि दुवै जनाको आलिङ्गन गरेको प्रतिमा बनाउँदछ। यसरी गरेपछि उनीहरूको जोडी छुटिँदैन देवता नै हुन्छ भन्ने धारणा छ।

दसकर्म गरेको माटोको चैत्य स्वयभूमा लगेर राख्ने गरिन्छ। विशेष गरेर माटाको चैत्य राख्ने ठाउँ भनेको स्वयम्भू र महामञ्जुश्रीको मन्दिरबीचमा चैत्य राख्ने ठाउँ अलग नै छन्। अर्को शब्दमा भन्ने हो भने बौद्धहरूको धार्मिक थलो स्वयम्भूमा लीन गराइएको हो। शक्तिसँग आलिङ्गन भएको प्रतिमा पूजा कोठामा राखेर दैनिक पूजा गरिन्छ।

३ महिनाको दिनमा सहस्राहुति यज्ञ, कुमारीपृजा, लोकोत्तर पुजा, र 'जाप्यं थथे' गरेर चर्चा गाएर पूजा गरिन्छ। यो दिनमा एकचोटि भातको भोज अर्कोपल्ट चिउराको भोज गरी दुईचोटि भोज ख्वाउनुपर्दछ।

६ महिना श्राद्ध गर्दा कलशपूजा, लोकत्तरपूजा गरी चर्या गाएर पूजा गरी भातमो पिण्ड राख्दछ। यस पूजामा मृतकको नाममा बनाएको प्रतिमा अगाडी राखेर पुजा गरीन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

य) दकिला

मृत्यु भएको एक वर्षको दिनमा दकिला भनेर ६ महिनामा गरेजस्तै पूजा गरेर मृतकको नाममा फेरी पनि एकएक जोर सामानहरू दान गर्दछ ।

र) भिंपूजा

एकवर्षको श्राद्ध गरेको भोलिपल्ट कलशपूजा गरेर बर्खी वसेकाहरूलाई बर्खी फुकाएर नयाँ लुगा, कपालमा तेल, अनुहारमा क्वँ लगाउने र राटो टीका लगाइदिन्छ । यसरी बर्खी फुकाएको उपलक्ष्यमा सुकुन्दा बालेर गणेश पूजा गरी अन्डाको सगुन दिएर बर्खी फुकाइन्छ ।

ल) पाहाँ ब्वने

आफन्तहरूले दुखको वेलामा 'चिपं थिकेह:गु' व्या: आएको, पा: आएको, विचा: आएको सबैको ऋण तिर्ने गरी 'पाहाँ ब्वने भ्वय' डाकेर भोज ख्वाउँदछ । यो भोज ३ महिना, ६ महिना, एक वर्षको श्राद्ध गर्ने दिनमा गरेका हुन्छ ।

व) अस्थि ब्वयेकेगु

मृतकको लिएको अस्थिलाई ठाउँठाउँमा गएर उडाउने क्रिया गरिन्छ । यो दुई वर्षभित्रमा सिद्धयाउने गर्नुपर्दछ । ३ महिनामा किल्ला गरिसकेपछि अस्थि उडाउनेको थालनी गर्न सकिन्छ । अस्ति उडाउने क्रिया 'जामाच्वं' धिनाच्व, फुच्व र नमुरा भगवान्मा गएर गरिन्छ ।

अस्थि उडाउँदा 'जामाच्व' वा नमुरामा गएर लोकोत्तर पूजा गरेर पिण्ड राख्ने गरिन्छ । जामाच्वमा जाँदा पहिले बालाजुको २२ धाराभित्रको अजिमामा पूजा गएर प्रसाद लिएर माथि जामाच्वमा जान्छ । त्यहाँ लोकत्तर पूजा गरेर पिण्ड राखिसकेपछि छोरीले मृतको अस्थि धूलो पारेपिच्छे त्यसलाई श्राद्ध गर्ने छोराले जामाच्व चैत्यमाथि चढेर अस्थिको धूलो चारै दिशामा पटक पटक गरी उडाउने गर्दछ । चैत्यको गर्भभित्र अस्थि छिराउने प्वालबाट केही अस्थि गर्भमा राख्दछ । अन्य ठाउँमा त्यस्तै गरिन्छ । नमुरामा जाँदा बाघलाई मासु ख्वाएको महासत्त्व राजकुमारको ठाउँमा पनि पूजा गरिनुपर्दछ ।

श) बत्ती बाल्नु

मृत्युसंस्कारको घ:सु संस्कार सिद्धिसकेपछि विभिन्न देव र देवताहरू कहाँ गएर देवा र पूजा शोधन गरेर १०८ वटा बत्ती बाल्ने गरिन्छ । सर्वप्रथम बत्ती बाल्ने प्रक्रिया आफ्नै घरको, आगंद्य: त्यसपछि आफ्नो बहालको क्वापा:द्य:, दुगुद्य: अर्थात् कुलदेवता,स्वयम्भूको विभिन्न देवदेवताहरू मूल बुद्ध, स्वयम्भू चैत्य, हारती अजिमा वसुन्धरा, शान्तिपुर महामञ्जुश्री यमराजको दूत आदि हुन् । चार योगिनी, (खड्गयोगिनी, वज्रयोगिनी, विद्याधर गुह्येश्वरी) चार करुणामय (च्वभाद्य: जनवाहाया, वुंगद्य: नालाकरुणमय) आफ्नो पिठी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो स्थान गणेश, इन्द्रजात्रामा इन्द्राद्यः गुंलामा मात्र निकालेर दर्शनको लागि राख्ने स्वयम्भूको न्यकू, त्यसबाहेक आफूलाई इच्छा हुने देवदेवताको मन्दिरमा वत्ती वाल्ने गरिन्छ ।

ष) न्यकु पुङकेगु

गुलाँभरि स्वयम्भूमा वाहिर राख्ने न्यकुलाई मृतकको नाममा न्यकु बजाएर स्वयम्भू भगवान्को गःचा (स्वयम्भूको थुम्को) हिलेगु भनेर परिक्रमा गर्ने परम्परा छ । मृतकको नाम न्यकु पुकेगु गरियो भने आत्माले मोक्ष प्राप्त गर्छ भन्ने परम्परागत भनाइ छ ।

स) सतविज छर्ने

वालाचह्रेको दिनमा गुह्येश्वरीको श्लेष्मान्तक वनमा सतबीज छरियो भने मृतात्मालाई शान्ति प्राप्त हुन्छ भन्ने धारणा छ। वज्राचार्यहरूले गुह्येश्वरीअगाडिको वागमती नदीमा बालुवाको चैत्य बनाएर गुह्येश्वरीमा पूजा गरी गुह्येश्वरीको पशिचमको ढोकाबाट श्लेष्मान्तक वनभित्र छिरेर सबै देवदेवतामा सतवीज छरेर वसुन्धरा देवीमा पूजा गरेर सिद्ध्याउँदछ ।

ह) उपाकु वनेगु

भाद्र शुल्क द्वादशीको दिनमा अर्थात इन्द्रजात्राको पहिलो दिनमा मृतात्माका शान्तिको कामना गरी कहिले पनि अँध्यारोमा वस्न नपरोस् भनेर दिनको एउटाएउटाको दरले काठमाडौंमा बसोवास गर्ने पुरानो वस्तीको किनारकिनारमा ३६५ वटा पाला वालेर राख्ने चलन छ। यसरी जाँदा धूप वाली तुतः पढेर जाने गर्दछ। पाटनकाले मतयाःमा घुम्ने चलन छ ।

क्ष) दागिं वनेगु

भाद्रशुक्ल चतुदशीमा इन्द्रजात्रामा साँझ काठमाडौं मरुवाट दागिं निस्केर कुमारीको रथयात्रा गर्ने ठाउँमा घुमाउने चलन छ। दागिं इन्द्रको आमा भएकोले इन्द्रजात्रामा घुमिसकेपछि स्वर्ग जाने भएकोले मृतकको घरबाट एकएक जना ऊसँगै गयो भने मृतात्मा पनि सँगै स्वर्ग जान्छ भन्ने मान्यता भएकोले सँगै जाने गर्दछ। यसरी जाँदा वाटोभरि धान छरेर जान्छ। यंकी दहसम्म गएर नुहाएर घर फर्किन्छ ।

त्र) निदँया तिथि

मरेको दुई वर्ष भयो भने लोकात्तर पूजा गरी चर्या गाएर पूजा गरी 'जाप्यं' गरेर दुई वर्षको तिथि समाप्त गरिन्छ। वर्ष दिनमा जस्तै आफन्तहरू डाकेर 'जाभ्वय' ख्वाएर मृत्युसंस्कार सम्पन्न गरिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निष्कर्ष

प्रकृतिले मान्छेमा ल्याएको परिवर्तनलाई आ-आफ्नै समाजको मूल्य र मान्यता प्राप्त गर्न गर्भमा प्रवेश गरेदेखि मृत्यु भएर आफन्तको मनमस्तिष्कको स्मरणमा बिस्तारै मेटेर लग्नको लागि गरिने क्रियाकलाप संस्कार हो । प्रकृतिले ल्याउने परिवर्तनमा मान्छे समान, भएपनि मान्छे बस्ने पृथ्वीको भौगोलिक परिवेश फरकफरक भएकोले भौगोलिक पर्यावरणअनुसार समाज र समाजअनुसार मानिस भएको हुनाले संस्कार पनि फरकफरक भएको हो । समाजमा चलेको सामाजिक मूल्य र मान्यता स्थापित गर्न संस्कार गरिन्छ । मान्छे एउटै भए पनि संस्कारवाट उसको परिचय स्थापित गरेको हुन्छ ।

सन्दर्भसामग्री

नेपाली, गोपालसिंह, द नेवार (द्रोस्रो प्रकाशन) । यें : माधवलाल महर्जन सन् १९८८ ।

राजभण्डारी, विनोद 'गर्भदेखि मरणोपरान्तसम्मको संस्कार' काठमाडौं, गीता राजभण्डारी वि.सं २०६५ ।

वज्राचार्य ,चुन्दा नेवाः समाजय् वज्राचार्य व शाक्यया छुं परिचय वज्राचार्य यें, ज्यावाहाः दलाछि नेसं ११०४ ।

वज्राचार्य, मुनिन्द्र 'वज्राचार्य व वज्राचार्य समाज', भ्रीगु स्वनिगः दैनिक, नेसं ११३१ कछलाथ्व नवमि पृ ३ ।

वज्राचार्य, धनवज्र 'नेपालय् वुद्ध धर्म : ऐतिहासिक छपुलु', स्मारिका वर्ष १ अंक १, दे आचागुया लसताय्, वज्राचार्य युवा संघ, नेसं ११०९, पृ १९-२२ ।

वज्राचार्य, धर्मरत्न 'भीम, देव व महारथारोहण पुजाविधि क्रिया', यें : सिद्धि-धर्महर्ष धार्मिक संरक्षण संस्था विसं २०६६ ।

वज्राचार्य, रञ्जना 'नेवार वौद्ध संस्कार', कीर्तिपुर काठमाडौं, नेपाल एशियाली अनुसन्धान केन्द्र, त्रि.वि.वि., विसं २०६५ ।

वज्राचार्य, रत्नकाजी, 'नेवाः संस्कार संस्कृतिया जातः' । यें : वज्राचार्य प्रकाशन, विसं २०६१ ।

वज्राचार्य, रत्नकाजी, 'नेवाः संस्कार संस्कृतिया ताःचा' । यें : वज्राचार्य प्रकाशन, विसं २०४८ ।

वज्राचार्य, वज्रमुनि 'नेवाः संस्कार परिचय', यल : नेपालमण्डल घःचाः धुंकू नेसं ११२० ।

वज्राचार्य, श्रीवद्रीरत्न (सं.) दशकर्म प्रतिष्ठा विधि । यें : चन्द्रमान मालाकार र अन्य, विसं २०४५ ।

वज्राचार्य, फणीन्द्ररत्न, वज्राचार्य सु खः ? वज्रयान छु खः ? । स्मारिका वर्ष १ अंक १ दे आचाःगुया लसताय्, वज्राचार्य युवा संघ, नेसं ११०९, पृ ९-११ ।

वज्राचार्य, फणीन्द्र 'वज्रयान समाज', नेवाः समाज, यें नेवाः दे दबू, नेसं ११२७ पृ ३२१३-२४६ ।

त्रि.वि.वि. मा सा शा अ.सं नेपालभाषा केन्द्रीय विभाग 'नेवाः जातिया ज्याःजंकु । नेवाः जातिया ज्याजंकु, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान (अनुसन्धान प्रतिवेदन) विसं २०६५ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सामाजिक संस्कारका परिवेशमा
च्यामे, च्यामाखल, द्यौला, पोडे

–तेजेश्वरबाबु ग्वंग:

"मानिसको जात मानिस नै हो
उसको अर्को जातै छैन ।"
- बालकृष्ण सम

१. लक्षित उद्धेश्य

नेवार समुदाय आर्य र मङ्गोल परिवारका दुई मानवसमूहका भाषागत संस्कृतिका सामूहिक जीवन संस्कारमा उनिएका नेपाली फूलका माला रहेका छन् । धार्मिक आस्थाविन्दुमा यिनीहरू हिन्दू र बौद्ध मतावलम्बी रहेका छन् । दुई भिन्न आस्थाका पुल भाषागत जीवनयात्राका दोभान बनेका छन् । नेवार अर्थात् नेपालभाषा यी दुवै धर्मसम्प्रदायका साझा शिरपोष बनेको छ । भाषा संस्कृतिहरूका साझा मूल संस्कृति हो भन्नुको अनेक अर्थमध्ये एक प्रमुख कारक तत्त्व बनेको यसै कारणले हुन आउँछ । आस्था (धर्म) सम्प्रदाय सूचक/वोधक शब्दहरू यी दुवैका आआफ्नै अस्तित्ववोधक छन् । तर पनि सामूहिक समुदायमा ऐक्यवद्धता प्रदर्शित गर्ने साधन र माध्यमका रूपमा नेवार वा नेपालभाषा रहिआएको छ । नेवार र नेपाल शब्द अन्योन्याश्रित रहेको छ । नेवारहरू 'र' र 'ल' लाई आपसमा अन्योन्याश्रित पारेर उच्चारण गर्छन् । कतै 'र' 'ल' बन्छन् । कतै 'ल' 'र' बन्छन् । प्राचीन ताडपत्र, थ्यासफू, शिलापत्र, ताम्रपत्रहरूमा 'र' र 'ल' यसरी नै प्रयुक्त रहेका पाइन्छन् ।

वर्णाश्रम संस्कारमण्डित यी प्रचलनहरूमा नयाँ नेपालको परिकल्पना भए गरिएर समावेशी पहल हुन थालिएको छ । देशले परिकल्पना गरेअनुसार प्राचीन पेसागत र वसोबासस्थलको आधारमा किटान भइरहेको जातजातिका नयाँ स्वस्थ विवेचना गर्नु युगीन सन्दर्भ हुन आउँछ । युगीन चाहनालाई सार्थक सम्वोधन गर्न गराउन अब समुदायसमुदायका आफ्नै भाषा संस्कृतिका आधारमा शब्दार्थका गूढ तत्त्व पहिल्याउनु अपरिहार्य कर्मयोग बन्न आएको छ । प्रस्तुत प्रयासका केन्द्रबिन्दु, त्यसकारण यही नै हुन आएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. सान्दर्भिक परिप्रेक्ष्य

लोकतन्त्रको सार्थक पहल लोकको यथार्थपरक संचेतना र संवेदना कुम्ल्याउनुमा छ। यसमा थप सन्दर्भहरू केलाएर परिमार्जन र परिस्कार गर्ने काममा पहल गर्नुपरिरहेको हुन्छ। नेवार समुदायअन्तर्गत वर्णाश्रम संस्कृति र संस्कारअनुरूपकै ब्राह्मण, क्षत्री, वैश्य र शूद्र वर्णव्यवस्था अद्यावधिक रहेको छ। यिनका यथार्थपरक रहस्य फेला पार्न भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक एवं राजनैतिक परिप्रेक्ष्यलाई समकालीन सन्दर्भ बनाउनु अनिवार्य हुन्छ। यस प्रयासको सान्दर्भिक परिप्रेक्ष र परिवेश भन्नु नै यस सङ्गोष्ठी र सहभागी महानुभावहरू ठानेको छु। यो सङ्गोष्ठीमा आ-आफ्ना सञ्चेतनामूलक संवेदनाका पस्काइहरूलाई परिष्कारका संस्करणका आधार ठान्दछु। यहाँ व्यक्त राय, सुझाव र प्रतिक्रिया परिमार्जनका लागि थप ऊर्जा बन्ने आस विश्वास रहेको छ।

३. प्रचूर समय साधन लगाइनुपर्ने सन्दर्भ

यस प्रसङ्गका वर्ण र वर्गविशेषलाई यो तहसम्म पुऱ्याउन मध्यकालीन राजकीय संस्कृतिले बलवान भूमिका निर्वाह भए गरिएको झीनामसिना आशङ्का गन्ध पाइन्छ। लिच्छवि शासनलाई अवसान गरिसकेपछि अवसानित वर्गलाई निम्नस्तरमा झारेर यस अवस्थासम्म पुऱ्याएथे भन्ने अमूर्त कथन पनि गाइँगुइँ रहे भएको पाइन्छ। राजनीति दाउपेचका कठोरतम साधन भएकोले यसमा प्रचुर समय साधन लगाएर धैर्यपूर्ण खोजीनिती हुनुपर्ने विषय वनेको छ। द्यौला, पोडे, च्यामेहरू नेवार समुदायका अन्य वर्णहरूलाई 'नेवात' अर्थात् 'नेवारहरू' भन्ने गरेको पाइन्छ अझै। चालै नपाइने यी र यस्तै अन्य भाषिक सूचना संवाहक सङ्केतहरू नितान्त सूक्ष्म हुन्। खोज अनुसन्धान गर्ने आधारहरूमध्येमा भाषिक सञ्चेतना पनि आधारभूत हुन आउँछ। यसै सिलसिलामा आबद्ध हुने गरी भारतमा स्वराज प्राप्तिसितै शूद्र वर्णाश्रमभित्र पर्ने वर्गलाई हरिजन भनिएको पनि मननयोग्य छ। सम्भवतः युगानुयुगसम्म समाजबाट दमित शूद्र वर्णमा दरिएका मानिसहरूलाई पीडामुक्त गर्ने महायज्ञ थालनी गरेर अहिँसावादी अभियानकै कारण मोहनदास करमचन्द गान्धी महात्मामा दरिन पुगेथे होलान्।

४. भाषिक संरचना र संस्कार

कसैको पनि संस्कार भाषाको आधारमा केलाउँदा, विश्लेषण गर्दा त्यस संस्कृतिको मर्मबोध गर्न जति सहज, सुगम र सार्थक बन्छ अरूबाट सायदै वन्दो हो। प्रस्तुत अध्ययनको मूल आधारको पहिलो मोहडा भाषिक संस्कारका प्रवृत्तिसित जोडिएको छ। पोडे, द्यौला, च्यामे शब्दको अर्थ र विन्यासको आधारमा केलाउने प्रयास भए गरिएको छ। संस्कार, सभ्यता र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृतिका मूल डाँठ नै भाषाविज्ञान भएकोले यसको उत्थान यिनै प्रसङ्गवाट गरिएको हो ।

५. बसोबास स्थल

घ्यौला, पोडे, च्यामेहरूको संस्कारलाई बुझ्न र केलाउन भाषा संस्कृतिको साथै बसोबास स्थल निर्धारण र बस्ती बसाइले महत्त्वपूर्ण मद्दत गर्छ । बसोबास स्थल, बसाइ, बस्तीले पनि अमूक समुदायको जानकारी तथा अध्ययनमा केस्राकेस्रा केलाउन सहायता गर्दछ, गरेको छ । प्रस्तुत विषयगत सन्दर्भका विश्लेषणमा स्थलगत आधारले योगदान पुऱ्याएको छ । हेरौं भक्तपुर नगरका आठदिक साधन गरी प्रतिष्ठापन भए गरिएका वर्णाश्रमित धारणामा बसालिएको नगरबस्तीको अवस्थिति :



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६. वर्णाश्रम व्यवस्था

नेपालका अरू समुदायमा झैँ नेवार समुदायमा पनि वर्णाश्रम व्यवस्थाको सशक्त प्रभाव परेको छ। वर्णाश्रम व्यवस्थाअनुसार नेवार समुदायअन्तर्गत ब्राह्मण, क्षत्री, वैश्य र शूद्र वर्ण विभाजन भए गरेको टड्कारो छ। नेवार समुदायका ब्राह्मणलाई राजोपाध्याय भनिएको छ। मल्लकालीन शासन व्यवस्थामा ब्राह्मणहरूलाई राज + उपाध्याय = राजोपाध्याय भनिन्थ्यो। राज अर्थात् शासक वर्गका विशिष्ट ब्राह्मण/उपाध्यायलाई राज उपाध्याय भनिएर यो सम्मान प्रदान गरिएको थियो।

त्यसरी नै नेवार समुदायका क्षत्रिय वर्णका वर्गलाई छथरी भनिएको थियो। छथरी वर्ग क्षत्रीकै पान्तरित नेवारीकरण भन्नुपर्दछ। यसमा जोशी, आचार्य, अमात्य, ग्वंग: (राठौर), हाडा, होडा, बिजुक्छेँ आदि अन्य थरी पनि समाहित हुन्छन्।

एवम् प्रकार वैश्य वर्णअन्तर्गत श्रेष्ठ, धौभडेल, लिवी, वैद्य आदि समावेश भए गरिएका छन्।

शूद्र वर्णअन्तर्गत पर्ने अन्य नेवार वर्गमा पोडे, द्यौला, च्यामेका साथै अन्य कुलु, कसाही, जुगी, हालाहुलु आदि पर्दछन्।

७. वर्तमान परिप्रेक्ष्य

वर्तमान परिप्रेक्ष्यमा वर्णाश्रम व्यवस्था प्राचीन, पौराणिक र ऐतिहासिक महत्त्वका पुरातात्त्विक सङ्ग्रहालयका सन्दर्भ जस्तै हुन पुगेको छ। प्राचीन, पौराणिक एवं ऐतिहासिक महत्त्वका वर्णाश्रम व्यवस्थाअनुरूप नेवार समुदायका पोडे, द्यौला, च्यामे वर्गको शाब्दिक अर्थबोधदेखि स्पष्टता खातिर केलाउनु यस प्रस्तुतिको उद्देश्य रहेको छ।

नेपालभित्रकै अनेक समुदाय, जाति, उपजातिका भाषिक अर्थबोध र संक्षिप्त विवरण उल्लेख गर्दा नेवार समुदायभित्र पर्ने पोडेको शब्द अर्थ, द्यौलाको शाब्दिक अर्थ, च्यामेको शाब्दिक अर्थ र शाब्दिक रूपान्तरणका स्वरूपमाथि छोटो विवरण र विश्लेषण गर्नु उपयुक्त हुनेछ।

८. पोडे

'पोडे' शब्द नेवारी भएर पनि नेपालीमा पुगेर रूपान्तरित शब्द हो। नेवार/नेपालभाषामा 'पो' एकाक्षरी शब्द रहेको छ। नेवारहरू फेदलाई 'पो' भन्छन्। यसलाई अर्को एकाक्षरी शब्द 'चो' सित दाँजेर वा प्रयोग गरेर स्पष्ट बुझ्न सकिने हुन्छ। बाँस, रूख आदिका टुप्पोलाई च्वका भनिन्छ नेवार/नेपालभाषामा। त्यसरी नै रुखको टुप्पो र फेदलाई चोका र पोका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनिन्छ। फेद न टुप्पोको प्रसङ्ग वा कुरोलाई त्यस भाषाभाषीहरू चोका न पोका प्रसङ्ग वा कुरो भन्ने गर्छन्। यसरी नै थुम्कोमा अवस्थित भक्तपुर, ललितपुर, कान्तिपुर र कीर्तिपुर जस्ता बस्ती ठाउँहरूका थुम्को चो र फेदीलाई पोदे भनिन्थ्यो।

बस्ती र बसोवासका ठाउँको अवस्थितिका हिसावले पोडेहरू वस्तीका पुछारमा बसोबास गर्छन्। सहर बस्तीका पुछारमा बस्ने भएर यिनलाई 'पोदे' भनिएको पाइन्छ। पोडे शव्दको अन्तिम अक्षर 'डे' नेपालभाषामा तालव्य नभएर दन्त्य 'दे' हुन्छ। तर दन्त्य 'दे' नेपालीमा पुग्दा/प्रयोग हुँदा दन्त्य 'दे' वाट मूर्धन्य 'डे' बन्न पुग्यो।

मध्यकालीन/मल्लकालीन राज्यलाई 'दे' भनिने प्रचलन थियो। 'दे' देश शव्दको छोटकरी रूप हो। छोटो पार्ने लङमा देशको 'श' लोप हुन पुग्यो। नेवारहरू यस प्रकार संस्कृत शव्दलाई छोटकरी रूपान्तर गरेर भाषिक प्रवृत्ति र स्वरूप बनाउन खप्पिस रहेका छन्। अनेकानेक उदाहरणलाई छाडेर एक उदाहरण प्रस्तुत गर्नु पुष्ट्याइँका लागि उपयुक्त हुनेछ।

नेपालभाषाका 'तिपु' शव्द यस्तै प्रकरणको छ। यो संस्कृत शव्द स्त्री-पुरुष शव्दको छोटकरी स्वरूप हो। 'स्त्री' शव्दको 'स्र' लाई छाडेर 'ति' मात्र लिइयो। 'पुरुष' शव्दको 'पु' मात्र ग्रहण गरेर 'रुष' अक्षरहरू त्यागियो। सङ्गृहीत दुई अक्षर 'ति' र 'पु' संयुक्त गरी 'तिपु' शव्द विन्यास गरिएको छ। यसरी 'तिपु' शव्द अन्ततः स्त्री-पुरुषकै रूपान्तरित स्वरूप हुन पुगेको छ। यसरी नै 'पोडे' 'द्यौला' 'च्यामे' जातिवाचक शव्दहरूका पनि आफ्नै संयोजनका रूप र स्वरूप रहेका छन्।

९. द्यौला

संस्कृत शव्दका देवता नेपालभाषासम्म यात्रा गर्न पुग्दा रूपान्तरण हुनु स्वाभाविक छ। संस्कृतका 'देव' शव्द 'द्यो' हुन पुगेको छ। दुईलाई एक बनाई एकाकार गर्नु नेवारी संस्कारभित्रको भाषिक स्वरूप रहेको संक्षेप यसका साक्ष्य बन्छन्। दुई अक्षरी शव्दलाई संयुक्त गरी एकाक्षरी शव्द रचना गर्नु नेपालभाषाको विलक्षण संस्कार भएकोले 'देव' 'द्यो' बन्नु अनौठो रहेन। अब रह्यो 'देवता' संस्कृत शव्दको अन्त्याक्षर 'ता' को सन्दर्भ। 'द्यौला' शव्दमा 'ला' कसरी जोडियो वा 'ता' कसरी लोप हुन गयो भन्ने सन्दर्भ। नेपालभाषाको 'द्यो' अक्षरमा 'ला' जोडिएर 'द्यौला' बन्यो। यसले अक्षर सङ्केत चिन्हमा भन्दा अर्थविन्यासमा फरक पारेको छ। 'द्यो' को पछाडि 'ला' अक्षर समायोजन गर्दा/हुँदा 'ला' जोडिनुको कारण 'द्यौला' अर्थात् द्यौतामा चढाइने श्रद्धाका वस्तु टिप्ने/सङ्कलन गर्ने व्यक्ति, पेसेवर जाति अर्थवोध गराउँछ। यसरी नै च्यामे शव्दको सान्दर्भिकता रहेर बनेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१०. च्यामे

च्यामे शब्द नेपालभाषाकै व्युत्पत्तिमूलक नभएर रूपान्तरित शब्द बनेको छ। च्यामे शब्दको मूल रूप 'च्यामा' हो। नेपालभाषामा 'च्या' आठ र 'मा' माता (मातृका) हुन्छ। च्यामाको सच्चा अर्थ अष्टमातृका हुन्छ। काठमाडौँ उपत्यकाभित्रका सबै सहर बस्तीहरू अष्टमातृकागणका पीठहरूले रखवार भए गरिएका छन्। आधुनिकतम अर्थ विन्यासमा प्राचीन र पारम्परिक दैवी आस्थापरक पीठ संस्कृति नगरबस्तीको सीमा स्तम्भ बन्न पुग्छ। प्रसङ्गवश सांस्कृतिक परिशीलन, अनुशीलन वा गतिशीलताका आन्तरिक, गुह्य, गोप्य, अमूर्त जेसुकै भनिए तापनि पीठको अवधारणा सीमास्तम्भ हुनपुग्नु ज्वलन्त उदाहरण बन्छ।

नेवार/नेपालभाषाका 'च्यामा' शब्द नेपाली भाषामा प्रवेश हुनपुग्दा भाषिक शब्द संरचनाका संस्कारअनुरूप र अनुकूलताअनुसार च्यामे हुन पुग्छ। अनि त 'च्यामा' शब्द 'च्यामे' हुनपुगेको छ। नेपाली भाषा संस्कृतिअनुसार रामलाई 'रामे' भनिने प्रचलन हाम्रै ओठ ओठमा झुन्डिएको व्यावहारिक रूप/प्रचलन रहेकै छ। च्यामे यसरी नै बन्न पुगेको छ।

यथार्थमा भाषाशास्त्रीहरूको सोचअनुसार विश्लेषण गर्दा च्यामेहरू अष्टमातृका गणका सहर बाहिरीफेरामा स्थापित पीठका अङ्गरक्षक वा पालक हुन्। पीठपूजा/अर्चनाका अवसरमा बलिपूजक च्यामेहरू नै प्रयुक्त रहे भएका छन्। त्यस अवसरमा वा देवस्थलमा उनीहरू समाजका सबै सदस्यसरह समान तहमै रहेका हुन्छन्। ईश्वरसामु सामाजिक जीवनस्तर, वर्ण, वर्ग विभेद नभएर एकछत्र रहेको ज्वलन्त प्रमाण च्यामे सामाजिक सांस्कृतिक अध्ययनको प्रसङ्ग बन्न पुग्छ। मानिसमानिसबीचको सामाजिक विभेदलाई अर्थपूर्ण तवरले विश्लेषण गर्न सांस्कृतिक परिशीलन/संस्कारलाई केलाउनुपर्ने वास्तविकता यसबाट पनि बोध गर्न र गराउन सकिन्छ। यसरी केलाउँदा सामाजिक विभेद काम, धामको आधारमा भए गरेको स्पष्टिन्छ। धाम शब्दले यहाँ बसेको बसालिएको अष्टमातृका मन्दिर र पीठको ठाउँलाई प्रतिनिधित्व गर्छ। उदाहरणको लागि चार धाम आदि।

११. वर्णभित्र पनि वर्ग

वर्णाश्रम संस्कारअनुरूप बने, रचे रचाइएका शूद्र वर्णअन्तर्गत पर्ने अर्को वर्ग बने बनाइएको पाइयो। द्यौला, पोडेहरूका समाजमा च्यामे अर्को वर्ग बनेको छ। सामाजिक संस्कार पालन गर्ने क्रममा यसको छ्यान फेला परिंदो छ। पोडे र द्यौलाहरूको मृत्युसंस्कारको सात दिनमा गरिने दानलाई 'न्हेनुमा' भनिन्छ। 'न्हेनु'को अर्थ नेवारीमा सात दिन हुन्छ। न्हेनुमा दान दिनुको अर्थ प्रेतकल्प। प्रेतयोनिमा रहेका मृतकको आत्मालाई तुष्ट पार्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विधिसित सटेको एक प्रथा हो । यस प्रथा/संस्कार पुनर्जन्ममाथिको आस्थाको ज्ञापन बनेको छ । वर्णाश्रम संस्कारअनुसार चलनचल्तीका यी र यस्ता प्रचलन मान्नेहरूले न्हेनुमा लिनेहरूलाई वर्णभित्रको पनि वर्गमा राखेका छन् । यसैमा उचनीच भेदका भावनात्मक रेखा कोरिएको हुन्छ । द्यौला, पोडेहरू यसरी आफूलाई उच्च ठानिरहेको मनोविज्ञान पढ्न पाइन्छ ।

यसै गरी द्यौला, पोडेहरू अर्को 'हालाहुलु' वर्गलाई पनि रहेको ठान्छन् मान्छन् । यिनीहरूको मनसायअनुसार 'हालाहुलु'हरू आफ्ना पैतृक परम्पराका होइनन् । हालाहुलुहरू अन्यत्रबाट बसाइँ सरी आएका बेजातीय वर्गका हुन् । बेजातीयहरूलाई सगोत्रीय बन्धुवान्धव नठानिनु पनि एक किसिमको संस्कार रहेको पाइएको छ ।

१२. संस्कृतिगत पहिचान

जात, जातीयता पेसागत कर्मयोगबाट उद्भव भएको पहिचान बनेको प्रसङ्गले विवेचना धर्मलाई यहाँसम्म डोऱ्याएछ । जातीय संस्कृति आ-आफ्ना संस्कारद्वारा पुष्ट्याउने परम्परा र लगनशील समयसापेक्ष प्रवर्तन बन्छ र हो पनि । नृतत्त्वशास्त्रीय चेत मानिसलाई मानिसै को समतलमा उभ्याएर उनका व्यवहारजन्य प्रवृत्तिहरूलाई केलाउने चेष्टा राख्छ । सबै व्यवहारहरू राम्रा-नराम्रा, सबल-दुर्बल, चहकिला-धमिला मानिसमा अन्तर्निहित प्रवृत्तिहरूका प्रज्ञापन हुन्, प्रक्षेपण हुन् । यस प्रयोजनमा यिनलाई नियाल्न खोज्दा सरोकारवाला जाति, वर्ग र वर्णका मानिसका प्रवृत्तिलाई ननियाली हुन्न । दमित व्यवहार, स्थिति अनि आमूल परिबन्धले मानिसको चेतन तत्त्वको क्षितिज उघ्रन, उघार्न कठिन बनेर पनि कठिन साध्य पारिदिन्छ । यस्तो परिस्थितिमा यिनीहरू यथास्थितिकै अनुगामी रहन्छन् वा रहन रुचाउँछन् । दमनको अङ्कुश तोड्ने हिम्मत हार्छन् । यो स्थितिजन्य अवस्था यस प्रसङ्गका प्रासङ्गिक प्रस्तुति हुन पुगेको छ ।

जातीय चिन्तन-प्रवृत्तिले उपहार गरेको मानसिक, भौतिक अझ भनौँ दैहिक आनीबानी र व्यवहारले मानिसको संस्कार बन्छ, बन्न थाल्छ, बन्न पुग्छ । सान्दर्भिक जनजातीय संस्कारले यिनीहरूले संस्कृतिको रूप स्वरूप दिएको हुन्छ र छ पनि । दमित जनजीवन उदार र उभौलिँदो संस्कृति पाल्न र पलाउन लगाउने सोचमा पछाडिएका हुन्छन् र छन् यसरी कि यिनको वैचारिक क्षितिज उघ्रन, उघार्न यिनीहरूबीच शैक्षिक आलोकले चेत चहकिलो पार्नुछ । चेत संस्कार अरू सबै प्रकारका संस्कारका पौडने पोखरी (swimming pool) हो । जातीय संस्कार आफ्नै तालमेलमा हुर्केबढेका स्वपहिचानका स्वरूप हो । चाहे जुनसुकै जातीय पहिचान होस् आमूल परिवेशभित्र पलाएको एकल वा बहुल सोचद्वारा प्रभावित संस्कार मान्नुपर्ने हुन्छ । कुनै पनि एक संस्कार अन्य बाह्य प्रभाव तत्त्वद्वारा निष्प्रभावित रहन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सक्दैन। सन्दर्भ बनाइएका यस आलेखका सरोकारी जनजाति पनि त्यस्तो रहेका छैनन्। यी प्रसङ्ग क्रमिक प्रासङ्गिक बन्दै बढ्नेछ।

राजा जयस्थिति मल्लले ने.सं. ५१५ माघ सुदी १० का दिन कोट्याहुति यज्ञ गरी वर्तमान नेवार समुदायमा पेसागत/संस्कारगत कार्य विभाजन गरेको इतिहास साक्षी छ। विभिन्न जातजातिका मनुष्यले गर्नुपर्ने कामको जिम्मेवारी कालान्तरमा पारिवारिक जिम्मेवारी बन्न पुगेको छ। यसअनुसार पोडे, द्यौला, च्यामे, हालाहुलु आदिका कार्य विभाजन भएको आज पनि आंशिक रूपमा चलनचल्तीमा रहेको पाइन्छ।

१३. जन्मसंस्कार

गर्भधारणका क्रिया प्रकृतिजन्य/प्रकृतिमूलक क्रिया बनेको छ। यो विश्वव्यापी प्राणी मात्रमा अन्तर्निहित स्वस्फूर्त हुने जीवन-यौवन, यौवन-यौन शृङ्गार रसजन्य जीवनक्रीडा रहेको छ। च्यामे-च्यामाखल, द्यौला, पोडे, माताङ्गी, हालाहुलु वर्गका जनजातिको पनि नैसर्गिक गुण–चरित्र–स्वभाव रहेको छ। यौनवासनाबाट मुक्त मानिस मात्र होइन कुनै पनि जीवात्मा रहन नसक्नु शाश्वत सत्य वनेको छ। यौनक्रीडाका शृङ्गाररस वर्णन, व्याख्या, विश्लेषणलाई थाती राखेर गर्भधारण पछिको कर्मकाण्ड र संस्कारमाथि सरोकार राख्नु भने सान्दर्भिक प्रसङ्ग र प्रासङ्गिक सन्दर्भ बन्छ।

गर्भधारण भएपछि पहिलेका दशकहरूमा अनभिज्ञता, सेवा-सुविधा विहीनता, सामाजिक सङ्कीर्णता, मनोवैज्ञानिक विशृङ्खलता, अनि आर्थिक विपन्नता आदिका कारण यस जनजातिमा खास ठोस गर्भवती महिला र गर्भेवालकको स्वास्थ्य संरक्षण र उपचारात्मक क्रिया शून्यप्राय रहेको स्थिति बोध बनेको छ। जेजति उपचारात्मक क्रिया हुन्थ्यो आफ्नै जातीय परिवेशमा रहे भएका पाका अनुभवी महिला नै उपचार साधक हुँदा रै'छन्। अहिलेको वर्तमान परिप्रेक्ष्यमा यी जनजातीय गर्भिणीहरू प्रायः परम्परामुक्त हुन थालेका छन्। यिनीहरूका चेत बिस्तारै विस्तार हुन पुगेका छन्। क्लिनिक र अस्पतालमा पहुँच पुऱ्याउँछन्। परिवर्तित परिवेशका वातावारणले यिनीहरूलाई आकर्षित पारेका छन्। प्राप्त सुविधा साधन उपयोग र उपभोग गर्न निर्धक्क बनेका छन्।

यी सवै भएर पनि मानिस सदा नवोन्मेषमुखी मात्र पनि रहन नसक्ने प्राणी रहे बनेका छन्। कतिपय परम्परागत संस्कारसित आवद्ध रहनु यिनको वंश परम्परा बनेका हुन्छन्। यिनीहरू तिनलाई निसङ्कोच परिपालन गर्छन्, गर्दै रहन्छन्। यो पनि विश्वव्यापी मानवीय प्रवृत्ति-संस्कार रहेको छ। कमजोर आर्थिक अवस्था भोगाइ नै मूल जरो बनेको परिवारका गर्भिणी महिलाहरू भने अझै परम्पराको सिक्रीद्वारा बाँधिएको पाइन्छ। तथापि यी दुवै आर्थिक स्तरका महिला गर्भिणीहरूलाई माइतबाट स्याहारसम्भार गर्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रथा/संस्कार ग्राही रहेको पाइन्छ। यस जनजातिका गर्भिणी महिलालाई माइतबाट नौ महिना पुगेपछि अरू नेवार महिलाहरूलाई जस्तै दही-चिउरा ख्वाउने रीति अद्यावधिक रहेको छ। परिवर्तित परिवेशमा यिनीहरूले पनि अहिले दही-चिउरासँगै मिठाईहरू पनि खुवाउने चलन चालेको पाइएको छ। यसरी माइतबाट आए, ल्याइएका खाद्य पदार्थ माइतीतर्फबाट छोरी-ज्वाइँ एकसाथ बसाएर खुवाउने गरेको जानिन्छ।

वालक जन्मने व्यथा लागेपछि शिशु जन्माउन आफ्नै समुदायका पाका अनुभवी महिलालाई दिदीअजि बनाइँदा रै'छ। नेवार भाषामा दिदीअजिको समानान्तर अर्थ सुँडेनी हुन्छ। अजिको अर्थ बज्यै/हजुरआमा हुन्छ। आमा शब्द आफैँमा आदरार्थी रहेको छ। आदरभाव व्यक्त गर्ने सामाजिक संस्कार यिनमा पनि जीवन्त बनेको पाइएको छ। तर, लोग्ने-स्वास्नीबीचको सम्बोधन भने एकसमान रहेको छ अर्थात् बिनाभेदभाव श्रीमती पनि श्रीमान्‌लाई निसङ्कोच तिमी शब्द प्रयोग गर्दो रहेछ। अरू कुलीन र सम्भ्रान्त परिवारभ्रैँ श्रीमतीले श्रीमान्‌लाई हजुर शब्दले सम्बोधन गर्दो रै'नछ।

दिदीअजिले बच्चा जन्मेपछि आफैँ नाल काट्दो रहेछ। जन्म-नाल बाँसको कप्टेराले बनाइएको एउटा सानु पेटारोमा जम्मा गरिन्छ। नाभीको फेदैमा सिङ्गो सुपारीअडान राखी जन्मनाल काट्दो रहेछ। नालको पेटारो दिदीअजीले नदीको कुनै एक छेउकिनारमा फाल्न लाने गर्छन्। नवजात शिशु र सुत्केरीलाई भुइँको चिस्यानबाट जोगाउन पराल ओछ्याई त्यसमाथि ओछ्यान लगाई सुताउँदो रहेछ। अचेल प्रसूती गृह र मातृशिशु अस्पतालहरू खुल्न थालेकोले यिनीहरू पनि त्यतै आकर्षित हुन थालेको भेटिएको छ। अचेल भने परालमाथि सुताउने चलन हराएछ। मात्र एकदुई त्यान्द्रो सिरानमुनि राखिन्छ। अनि जन्मनाल फाल्ने चलन-संस्कार भने अन्य नेवार समुदायभन्दा केही अलग र अन्तर देखिएको छ। प्रायः नगरवस्तीभित्र बसोबास गरेका नेवारहरू जन्मनाल नगर बाहिरको 'छ्वासः' स्थलमा फाल्न लाने गर्छन्। 'छ्वासः' प्रत्येक टोलको सबैलाई पायक पर्ने नाकामा निर्धारण भएगरेको हुन्छ। त्यस निर्धारित ठाउँलाई सहजै चिन्न र ठम्याइन सकिने गरी ढुङ्गे चिनो वा इँटाकै हलुका खाडल जस्तो आकारमा घेरेर बनाइएको हुन्छ। नगरवासीहरू जन्मनाल त्यसै स्थानमा लगेर फाल्ने गर्छन्।

यसो गर्नुको मूलभूत कारण कुन टोलमा कति शिशु जन्मे त्यसको आँकडा/तथ्याङ्क सङ्कलन कार्यसित गाँसिएको छ। यसरी छ्वासःमा फाल्न ल्याएका जन्मनालको तथ्याङ्क सङ्कलन गर्न मल्लकालीन शासनव्यवस्थामा 'त्वाःज्वं' टोल सरोकारी (section in-charge) को प्रबन्ध गरिएको हुन्थ्यो। टोलमा जन्मेका शिशुको जन्म सङ्ख्या सङ्कलन गर्नु त्वाःज्वंको दायित्व वा कर्तव्य हुन्थ्यो। तर यस आलेख सान्दर्भिक जनजाति सहर/नगरबाहिरको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बस्तीमा बसोबास गर्नेहरू भएकाले जन्मनाल छ्वासःको बदला नदीछेउ किनारतिर फाल्ने गर्दा रहेछन्। सम्भवतः यसैले तत्काल न्यूनतम सङ्ख्यामा रहेका च्यामे-च्यामाखल, द्यौला, पोडे, माताङ्गी र हालाहुलुहरूका जनसङ्ख्या अङ्कित गरिन्नथ्यो कि सायद ? प्रश्न तेर्साउन सकिन्छ अझै।

जनगणना कार्य प्रजातन्त्रकालीन नेपालको पहलकदम बन्यो। तत्कालीन तथ्याङ्क विभाग हनुमान्ढोका वसन्तपुरमा अवस्थित थियो। थीरबहादुर रायमाझी तथ्याङ्क विभागका निर्देशक र आदरणीय सत्यमोहन जोशी नि त्यसै विभागका कर्मचारी थिए। सिंहदरबारको कैलासमा जनगणना लिने कार्यको प्रशिक्षण चल्दा स्टेनसिलमा उतार्ने सीप हासिल गरेको अहिले झैं लाग्छ। २०२० को अग्निकाण्डमा 'कैलास' खरानी बन्यो। त्यहाँको भव्य पुस्तकालय जल्यो। सायद, सिंहदरवार अग्निकाण्ड इतिहास र ऐतिहासिक सम्पदाकै श्मशान बन्यो। च्यामे-च्यामाखल, द्यौला, पोडे, माताङ्गी र हालाहुलुहरूका तथ्याङ्कहरू पनि भस्मीभूत भए।

सयौं जाति, जनजाति, वर्ग र वर्णले बनेको देश 'जननेपालको तथ्याङ्क पुस्तिकामा यिनीहरूलाई नेवार समुदाय (ethnic group) अन्तर्गतै समावेश गरिएको छ। सम्भवतः स्थानीय जनजातिको सहीसलामत तथ्याङ्क नगरपालिकाहरू र गाउँ विकास समितिहरू सबल, सक्षम र आत्मनिर्भर भइसक्दा प्रत्येक जाति, जनजाति वर्ग र वर्णहरूका सार्थक एवं सही तथ्याङ्क बन्दो हो। तथापि दूरभाष यन्त्र सहारा सूचनाअनुसार यिनीहरूको साङ्ख्यिक आँकडा यस प्रकार छ :

१. भक्तपुर
२. ललितपुर
३. कान्तिपुर
४. मध्यपुर थिमी
५. कीर्तिपुर
६. बनेपा
७. धुलिखेल

जनगणना जन्मसित आबद्ध क्रिया रहेको छ। अचेल छ्वासः प्रथा/संस्कार/संस्कृति विलाइसकेझैं नै छ। भएर बचेखुचेको पद्धतिले सार्थकता पाइन्न। तथापि यिनीहरूले आफ्नैस्तरमा गर्नुपर्ने जन्मसंस्कार र त्यससित सरोकार भएका क्रियाकलाप चलाई आएको पाइन्छ। बालिका जन्मेको दुई दिनमा चोख्याउने चलन छ यिनीहरूको। बालक पाएको चोख्यान चौथो दिनमा मनाउँदो रहेछ। यसरी जोडी सङ्ख्याका दिन निर्धारण हुनुको ठोस कारण उजिल्याउन नसके पनि उनीहरू जोडी सङ्ख्यालाई मान्दा रहेछन्। दुई दिनमा केटी जन्मेको चोख्यान गर्ने र चार दिनमा केटाको जन्म चोख्यान निर्धारण हुनुको पछाडि अरू नै गहिरो कुरो लुकेको हुन सक्छ। जीवन सटीक तर्क गरौं। दुई सङ्ख्या चारको आधाआधी बनेको हुन्छ। केटी/छोरी अर्को घरआँगन पुग्छिन्। छोरा आफ्नै घर आँगन थाम्छन्। सायद

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्को घर पुग्ने छोरी जन्मँदा दुई दिनमा र आफ्नै कुल थाम्ने छोरो पाउँदा चार दिनमा चोख्याउने रीतिभित्रका रिवाजी मर्म हुन सक्ने मनोविज्ञान परक चलन बनेको अनुमान/अड्कल गर्न सकिन्छ ।

जातक सूतक वा सुत्केरी चोख्याउन आमन्त्रण गर्ने आफ्नै परम्परा यिनका छन् । नजिकका आफन्तहरूलाई बोलाउँदा पिनाका सानु पोको कसी उनीहरूको घरदैलोमा राखी निम्त्याइन्छ । पिना प्राचीन परम्परागत नुहाउने साधन हो । पिनालाई अर्वाचिन साबुनको पुर्ख्यौली साधन मान्नुपर्छ । पिनाको अझै अर्को पुर्खा कमेरो रहेको छ । साबुनको पुर्खा पिनाभन्दा नि रिट्ठा मानिन्छ । तैपनि यिनीहरू नि अरू नेवारसरह नै पिना लगाएर नुहाउने र चोख्याउने गर्दा रहेछन् । यसो हेर्दा पिनाको सानो पोको परम्परागत निम्तो देखिँदो छ । यदि यसो नगरिँदो हो त आपसी सहअस्तित्व नै टुहिने गरी छुट्टै परम्परा बाँधिएको रहेछ । यसरी चोख्याउने गर्दा नुहाइधुवाइ सकिएपछि एउटा बटुकोमा गाईको दूध हाली दूबोको रेसाहरूले घरआँगनमा छर्केर शुद्धी गर्दोरहेछ ।

यसरी चोख्याएको अवसरमा नजिकका आफन्तहरूलाई भोज खुवाउने चलन रहेछ । स्थानीय टोल सहर बस्तीमै माइत भए तिनीहरूलाई पनि बोलाउने चलन छ । टाढाटाढा बसेको भए त्यो पनि नचाहिँदो रहेछ । आएका आफन्त पाहुनाहरूले भेटी, दक्षिणा चढाउनुपर्दो रहेछ । नवजात शिशुलाई वात्सल्य माया व्यक्त गर्ने यो चलन यिनमा पनि समान रहेको पाइएको छ । आखिर त मानिसै न हुन्, मन र मुटुको ढुकढुकी चलिहाल्छ । यस अवसरमा दिदीअजिको प्रमुख भूमिका रहन्छ । दिदीअजीले त्यस दिन नजिकका आफन्तको घरघरमा गई दूबोले दूध छर्काउँछ । यसवापत उनलाई कारनीले सुँडेनी आमालाई उचित भेटी दक्षिणा दिइन्छ । शिशु स्याहारको लागि उनलाई खुशी राख्नुपर्छ नै । उनलाई वेखुशी बनाइए शिशु स्वास्थ्यमा विकार पर्छ भन्ने धारणा उनीहरूको हुँदो रहेछ ।

अन्य नेवारहरूले झैँ यिनीहरू पनि सुत्केरीलाई घिउ-चाकु, करकच्याई भातसित पौष्टिक आहारको रूपमा खुवाउँछन् । सिङ्गै कुखुरा बनाएर मनग्गे खुवाउँदा रहेछन् त्यस दिन । एक महिनापछि सुत्केरीलाई माइतबाट लिन आउँछन् । माइत जानुअगाडि एक महिनासम्मै नुहाइन्न । चिसो लाग्छ भनेर नुहाउन नदिने चलन रहेछ । माइत गएकी सुत्केरीलाई लोग्नेको घर फर्काउन श्रीमान् पक्षले साँझपख बोलाउन जानुपर्छ । घर फर्काइसकेपछि सुत्केरीको अवस्था सामान्य बन्छ । पेसागत काममा मर्यादापूर्वक लाग्न थाल्छन् ।

नामकरण संस्कार आफ्नै पाराको हुन्छ । ज्योतिष लगाएर चिनो बनाउने, लेखाउने गर्दो रहेनछ । तत्कालीन समाज वर्णविभेदपूर्ण रहेकाले न ज्योतिषी नै त्यस समाजमा जान्छन् न त यिनीहरू नै ज्योतिषहरूकहाँ प्रवेश

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाउँथे । मुलुकी ऐन २०१९ ले छुवाछुतको भेदभाव प्रथाको कानुनी उन्मूलन त गऱ्यो परन्तु सामाजिक चालचलन, रीतिरिवाज भने यथावतै हलचल नास्ति रह्यो । नवजात शिशुको न्वारान संस्कार अरू नेवारहरूले झैँ गर्दो रैनछ । नामकरण आफ्नै घर परिवारका स्वजनहरू आमाबाबु, मामाखलक, बाजेबराजुहरूको शुभेच्छाअनुसार हुँदा गर्दा रहेछन् । नामकरण हुँदा गर्दा पहिले त नेवार भाषा संस्कृतिअनुरूपका शब्दद्वारा गर्दा रहेछन् । पुराना नेवार भाषा शब्दावलीको नाम पुरुषकोमा ग्वारा, द्यौचा, धौचा, त:धिकचा हुँदो थियो । आइमाईहरूकोमा धेपचा, भुतु, बाँलाचा आदि हुँदा रहेछन् । नामकरणको घर्रा हेर्दा यिनीहरू जन्मजात तह वा उमेरको आधार, रूपवर्ण, स्वभावलाई बनाउँदा रै'छन् । जन्मको आधारमा भुइचा (खैरे) बागचा (पुड्के), ह्याउँचा (पीरे/राते), धौचा (भाले माछाझैँ चुलबुले), तक्कुचा (घुस्कने), आदि । नारी नाम पनि त्यस्तै हुने गर्थ्यो । थकू (कपाल अल्झे मिलाउने झारको मुठो), न्हासिकुति (नाक कोट्याइरहने), धेपचा (पुड्की) आदि । अचेलभरि यिनीबीच पनि पुराना प्रभाव हराइसकेको छ । नौलो युगीन नाम संस्कृतिले यिनीहरूलाई पनि समान रूपले छोपिसकेको छ ।

१४. संस्कृति

जीवन स्वयं एक थुँगा, एक पुञ्ज बनेको छ संस्कारयुक्त संस्कृतिको । आ-आफ्नो संस्कारले ननुहिएको जीवनै हुन्न । ब्राह्मण, क्षत्री, वैश्य, शूद्र सबैका आ-आफ्नै संस्कार हुन्छन् । ब्राह्मणहरूले गर्ने कर्मकाण्ड र त्यसतिर उन्मुख क्रियाकर्म मात्र संस्कारको पाटो रहन्न । क्षत्रीले अवलम्वन गरेका संस्कार मात्र नि संस्कृतिका स्वरूप वनिन्न । वैश्यले पालन गरेका वैश्यीय दायित्व वहनको सिलसिलावद्ध सबै आस्था, अनास्था भाव, आचरण पद्धति, सामाजिक, आर्थिक, औद्योगिक पेसागत प्रणाली सबैसबै नि संस्कृतिका व्यापक पाटो वन्छ । जीवजगत, लोक-परलोक, अभिन्न अङ्ग हुन् । शूद्र वर्णमा समाहित भए गरिएका च्यामे-च्यामाखल, द्यौला, पोडे, माताङ्गी, हालाहुलुहरूका पनि कुलदेवता थिए, छन् । यी चारै वर्ण र अन्तर्गतका जाति, जनजातिहरू सबैका एकै कुल र कुलदेवता, इष्टदेवता छन् । यी सबैका धरातल धरतीमाता नै हुन् । सबैका सबै देवता छन् । यी साराका कुलदेवता/इष्ट देवता पृथ्वीभन्दा महान् अर्को छँदै छैन । यी सबैका धरातल धरतीमाता नै हुन् । सबैका सबै हामीहरू धरतीकै सन्तति हौं । वर्ण विभाजक हाम्रा पूर्वज नै थिए मानव अवतारका स्वरूप थिए । वेदव्यासका नाम, चोला, जीवन, दर्शन अनि आचारसंहिता पनि समय सन्दर्भमा चले चल्ने यावत् सोचविचार र क्रियाकलाप जीवन-संस्कृतिका साक्षात्कार बन्छन् । च्यामे-च्यामाखल, द्यौला, पोडे, माताङ्गलु अनि हालाहुलु आ-आफ्ना जीवनपद्धतिबिनाका रहेका छैनन् । मात्र अन्तरकुन्तर विभेदजन्य रहेका छन् । जति नै भेद विभेदयुक्त जीवन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कार परिपालन गर्ने गरेको अवस्थामा पनि यिनीहरू आफूलाई परम्परा र संस्कृतिमूलक मान्छन्, ठान्छन्। यस सोचाइले उनीहरूको आफ्नै वर्चस्व कायम गर्छ।

परोक्ष-अपरोक्ष, मूर्त-अमूर्त, कथ्य-अकथ्य रूपमा मानिसका चेतनास्तर जमिरहेको हुन्छ। यिनीहरूका संस्कारगत मूल्य र मान्यता हिन्दू परिचयसित गाँसिएको, लेखिएको नभए वर्णाश्रम धर्मको बिन्दुको क्षण रहने थिएन। उहिल्यैदेखि अहिल्यैसम्म पनि धार्मिक, सांस्कृतिक पर्व चाड, उत्सव, महोत्सवमा यिनीहरूका घरपरिवारजनहरू भिक्षाटन गर्छन्। मन्दिर परिसरमा यिनीहरूको क्रमबद्ध लाम, बसाइँ, पर्खाइहरू आफ्नै सीपबाट बनाइएका बाँसका ढक्की, डाला अगाडि राखेर सेतो कपडा बिछ्याइरहेका मूर्त रूप पाइएकै छ। विवेचनाका विषय यस्तै साना, मसिना, झीना प्रसङ्गहरू टड्कारो बन्छन् जहाँबाट लुकेछिपेका गूढ रहस्य उद्घाटन हुन आउँछन्। सानाभित्र लुकेका गूढ तत्त्वको जीवन्त रहस्य र संस्कारभित्रको जीवनसंस्कृतिको पाटो खुल्न थाल्छ, सापेक्ष बन्न आउँछ। अध्ययन, अनुसन्धान, खोजको मोज यसैबाट प्राप्तिन्छ।

जीवनसंस्कारमा पास्नी एक महत्त्वपूर्ण रमझम रहेको छ। पहिलो अन्न मुखमा राखेर पेटभित्र पसाउने पास्नी हिन्दू परम्पराका एक संस्कारको सूत्र नै बनेको छ। छ महिनामा वालक केटो र पाँच महिनामा बालिकालाई पास्नी गर्ने संस्कार बनेको छ। यो संस्कार नेवार समुदायको एक साझा सम्पदा रहेको छ। यो संस्कार सम्पदा च्यामे-च्यामाखल, द्यौला, पोडे, हालाहुलु, माताङ्गलुहरूका पनि सम्पदा रहेको छ। यिनीहरूले पनि सहज रूपमा धानिआएका छन् यसलाई। तथापि आपसी सहअस्तित्व र आर्थिक अवस्था अनुकूल यस परम्परालाई सबैले एक समान धानेको पाइन्न। यसलाई पाल्ने नपाल्ने स्वतन्त्रता आफ्नै आर्थिक अवस्थाजन्य भएरहेको यथार्थ यिनीहरूको जीवन, परिवार र समाजलाई सहज सम्पर्कमा राख्दा घामजत्तिकै उजिलिन्छ। यसरी हाम्रा मानवजीवनमूलक कतिपय संस्कारगत मूल्य र मान्यता आदि अदृश्य र अमूर्त तवरले नियन्त्रित रहेको वास्तविकता यसबाट पनि थाहा पाउन, जान्न, बुझ्न सकिन्छ। आर्थिक पासोले पास्नी प्रथामा अमूर्त मूर्तता कसिराख्दो रहेछ। यद्यपि मानिस समाजका जिउने सङ्कल्पधारी अस्तित्ववाहक प्राणी भएकोले यिनीहरू पनि देखासिखी प्रवृत्ति हाबी हुन थालेको यथार्थ यस अध्ययनको एक मानो उपलब्धि बनेको छ मेरो।

पास्नी गर्दा गहना गुडियाको रूपमा चाँदीको कल्ली, बाला आदि लगाइदिँदोरहेछ। जीवन स्वयं मूल्यवान् सजीव गहना रहेर पनि मानिसलाई धातुका गहनाको बोझिलो भारीले कस्ने बोकाउने प्रवृत्तिले पासो लगाइराखेकै हुँदो रहेछ। यस प्रवृत्तिका दास मानिस मात्र बनिरहेका छन्। यस प्रवृतिले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानिसलाई आडम्बरी बनाइदिँदा रहेछन्। यसबाट मुक्त कोही पनि हुँदा रैनछन्। सामाजिक, आर्थिक, राजनैतिक खेमाले यसमा कुनै हदबन्दी राख्दो रहेनछ। च्यामे-च्यामाखल, द्यौला, पोडे, माताङ्गुलु, हालाहुलु समाजका वर्गीय अध्ययनले यस अवस्थासम्म तानेर मानिसको मनोविज्ञानमा कसरी प्रभाव पार्दो रहेछ सिकिरहेछु। यी ज्ञान सम्पदा मानिसको साझा सम्पति बनून्।

पास्नी पर्व मनाउँदा यिनीहरू आफ्ना इष्टदेवता आराधना गर्दा रै'छन्। मूल रूपमा आराधना गरिने देवी-देवतामा गणेश (इनाद्यो) र नासःद्यो रहेको पाइन्छ। ऋद्धि-सिद्धि जीवन संस्कृतिको आभूषण मानिन्छ। गणेश र नासःद्योको उपासना गरेर उनीहरू पास्नीकै मुहूर्तदेखि नै जीवन सार्थक अनि फलदायक बनून् कामना गर्दा रहेछन्। यस कामना दायक पास्नी संस्कारले जुनकुनै सतहमा उभिएका, उभ्याइएका वर्ग चेतभित्र ईश्वरप्रतिको आस्था दीप बलिरहेकै हुँदो रहेकै, जानिरहेको छु। सायद, आफूभित्रका आस्थामय देवदेवता भाव-चेतले मानिसमा निष्ठावान् चेतनाको क्षितिज उघारिदिँदा रहेछन्। म चेतनाको क्षितिज बिस्तारै उघारिरहेछु।

जीवनवृत्त संस्कार वरपर परिभ्रमणको चक्ला बालबालिका, केटाकेटी, युवक-युवती बूढाबूढी अवस्थाजन्य संस्कारले सामाजिक मूल्य र मान्यता व्यक्त गरिरहेका हुन्छन्। यिनीहरूको सामाजिक रिवाजहरू अध्ययन गर्दा पुरुष नारीबीचको विभेदपूर्ण चालचलन, रीतिरीवाज यथेष्ट जान्न सकिंदो रहेछ। पास्नीकै सन्दर्भ लिऔं। यिनीहरू बालिकाको पास्नी गर्दा रहेनछन्। बालिका जन्मनेबित्तिकै २ दिनमा सूतक चोख्यान चोख्याइसक्दा रहेछन्। केटो जन्मँदा ४ दिनमा चोख्याउने यिनीहरूको संस्कार चुपचाप बताउँछन् कि यहाँ पनि विभेदपूर्ण चालचलन चलेकै हुँदा रहेछन्। दुई दिनको छोटो चोख्यान अवधि ४ दिन लामो अवधिको मात्र आधाआधी समय मान हो। यसले केटा र केटी बीचको लैङ्गिक विभेद बुझाउँछ। अर्को यसले सामाजिक जीवनको मूलमा जोतिएको हलो कहाँसम्म जोतिन पुग्दो रहेछ, बताउँछ। चार दिनको सदर समयको दर छ। २ र ४ दिनको समयावधिको अन्तरले कुनामा छिपिरहेको सामाजिक, सांस्कृतिक र लैङ्गिक मान्यता बोधको मूल्य भेट्टाउन सघाउँछ। केटीको जन्म चोख्याई दुई दिनमै हुने प्रथाले केटी अर्का घर जाने रहस्यलाई उघार्छ। पराई घरको सम्भार गर्ने वा गर्नैपर्ने तथ्य बोध यो दुईदिने चोख्यान अवधिले बताइरहेकै हुन्छ र छ पनि। यसरी जीवनचक्रसित सटिएका संस्कारलाई मनन गर्दा जीवन-जगत्सम्बन्धी अनेक अमूर्त आख्यान उद्घाटिन थाल्छ।

१५. जन्मदिन

जन्मदिवस/जन्मदिनलाई उपलब्धिमूलक अवसर मान्ने संस्कार नेवार समुदायकै मात्र मान्यता नभएर विश्वव्यापी रहेको छ। जसरी विश्वका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विभिन्न मानिसहरू जन्मदिन आ-आफ्नै तौरतरिकाले मनाउने गर्छन्, त्यसरी नै नेवार समुदायभित्र थरीथरीका नेवारहरू पनि आ-आफ्नो गच्छेअनुसार मनाउने गर्छन। जन्मदिन पास्नीपछिको दोस्रो संस्कार जन्मदिन भएर पनि नेवारहरू जन्मदिवस पहिलो वर्षमा मनाउँदैनन्। नेवारहरूले दोस्रो वर्षमा मात्र जन्मदिवस मनाउनुको कारण अर्थपूर्ण छ। जीवन एकल छैन, युगल छ, हुन्छ। युगल जीवनको जोडको रहस्य दुई अर्थात् जोड वर्षमा मात्र जन्मदिवस मनाउने संस्कारसित सटिएको मूल्य हो, मान्यता हो। दोस्रो जीवन जन्मन्छ युगल सङ्गम, सम्भोग र सहचर्यबाट। जीवन आध्यात्मिक एवं भौतिक तत्त्वका समागमित यथार्थका मूर्तमान अवतार हो। यस मर्मबोधको उत्थान आख्यान युगल-जोडी वर्षमा मात्र पहिलो वर्षगाँठ/जन्मदिवस/जन्मदिन मनाउने प्रथाले पाठ पढाउँछ। पढ्नु हाम्रो काम, बुझ्नु हाम्रो घाम। जन्मदिवस संस्कार हाम्रो मान, सम्मान-घाम। सम्मान घाम भन्नु मात्र अनुमानका हनुमान् होइन। यो त लक्षित जीवनवृत्तको परिलक्षित गन्तव्य स्थानकै आरम्भ बिन्दु। जे होस्, सबै नेवारहरूले मनाएसरह यी च्यामे, च्यामाखल, द्यौला, पोडे, हालाहुलु र माताङ्गीहरू मनाउँदा रहेनछन्। मात्र स्थान गणेश र अन्य देवस्थान पुऱ्याई देवमूर्ति ढोग्न लगाउने गर्दा रहेछन्। यसले ऐच्छिक जीवनमा दैहिक भोग विलाश मात्र होइन, पारमार्थिक आध्यात्म पनि सार्थक अर्थ राख्ने सांस्कृतिक मूल्य र मान्यता बोधक छनक दिंदो छ। यिनै रहस्यसित द्यौलाहरूका जन्मदिवस संस्कार गाँसिएको छ।

१६. छेवर

जन्मदिन संस्कारपछि मनाइने संस्कार छेवर इहिँ हो। छेवरले केटो र इहिँले केटीको अस्तित्व बोध गराउँछ। जन्मजात कपाल/केश खौराउने/मुण्डन गर्ने प्रथाको नाम छेवर हो। यसलाई नेवार भाषामा बुसाखा अर्थात बुसाखायेगु भनिन्छ। यो प्रथा तीन, पाँच, सात, नौ वर्षमा गर्ने चलन छ। बुसाखा संस्कार परिष्कारयुक्त जीवनपद्धतिमूलक कर्मयोग भएर पनि सबै खाले नेवारहरू यसलाई समान रूपले परिपालन गर्दैनन्। त्यसो रहनाका कारण सांस्कृतिक कूटनीति हो भन्ने अठोट मेरो हो। नेवार संस्कारलाई सामाजिक संरचनाका तहगत आधारमा फरकफरक पारेको रहस्य एउटै संस्कारलाई तहगत रूपमा बाँधिएको प्रचलन र व्यवहारले खोल्छ, खुलाउँछ। उदाहरणस्वरूप दीक्षित नेवारहरूले (तत्कालीन उच्च घराना) पस्तापूजाहरूमा लगाउने टीको र मोहनीमा प्रशस्त अध्ययन, मनन, चिन्तन र विश्लेषण गर्ने ठाउँ छ, आधार छ। दीक्षित नेवारहरू अक्षता र दहीको टिको निधारको माथिलो भागमा लगाउँछन। ठीक त्यसको बीचैमा मुन्तिर मोहनी लगाउँछन्। निर्दीक्षित नेवारहरू त्यसो गर्दैनन्। ठीक त्यसको उल्टो लगाउँछन्। वर्ण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विभेद दर्शनबाट उब्जे उब्जाइएका यत्नो परिष्कृत संस्कारहरू भित्रभित्रै विशाल विभेदका अन्तरकुन्तर अन्तर्निहित रहन्छन्।

छेवर केटो लिङ्गी जीवन संस्कार रहे इहिँ केटी लिङ्गी संस्कार बनेको छ, नेवार समुदायवीच। लैङ्गिक भेदले केटा-केटी, पुरुष-महिला, युवा-युवती, नर-नारी भेदजनक संस्कार बने बनाइएको छ। यी संस्कारका संरचक मानिसै हुन्। मानिस प्रकृतिकै संरचना रहेकाले यिनीहरूले संरचना गरेका वा गर्ने यावत् संस्कारमूलक संस्कृति प्रकृतिजन्य नै रहेका छन्। रहनेछन् पनि। प्रकृतिविरुद्ध मानिस बाँच्न सक्दैनन्। प्रकृतिविरुद्ध बाँच्ने चेष्टा उम्रे त्यो आफ्नै विनाशकारी हन्ता हुन्छ। इहिँ नारीजन्य स्वरूपलाई स्वाभाविक बनाउन रचित सांस्कृतिक संरचना हो। इहिँलाई नेपाली रूपान्तरित गरिँदा बेल-विवाह बन्न पुगेको छ। इहिँ संस्कारले केटी ५, ७, ९ वर्षकी हुँदाको उमेरगत अवस्था जनाउँछ। यस संस्कारमा केटीलाई समाहित गराउँदा गरिने विविध विरुदावलीहरूमध्ये एक प्रमुख पहल स्वर्णकुमारको सुनौलो प्रतिमालाई विष्णु अवतार मानी विवाह नेपालीमा रूपान्तरित वा भाषान्तरित हुन पुग्दा बेल विवाह बन्न पुगे नि त्यो बेल विवाहको बिम्ब बोधक अस्तित्व इहिँ उमेरका केटी वयस्क/तरुनी भइसक्दा उनीहरू आफ्नै स्वेच्छानुरूप वर वरण गर्ने सामाजिक/वैवाहिक स्वतन्त्रता बोधक मूल्य र मान्यता सूचक बनेछ, छ।

मर्मभेद यति गम्भीर भएर नि व्यवहार भने लतर-पतर रहनु दीक्षाकै यान्त्रिक प्रभाव मान्नुपर्ने हुन्छ। मन्त्र गोप्य साधनाका शब्द, स्वर र मुद्रामय साधन बनेको छ। शब्द र स्वरलाई अन्तर्मनले वाचन गरी दीक्षितहरू दीक्षामन्त्र गुनगुनाउँछन्। मन्त्र उच्चारण गरिन्नन् मनमनै पठन गरिन्छन्। आवाज विना मनमनले बाचन गरिने साधना उपासना मार्ग, विधिको नाम मन्त्र बनेको छ। मन्त्र पाउने र आराधना उपासना गर्नेहरूले मात्र अर्थ बोधक मुद्रा चलाउन पाउँछन्। मुद्रा चलाउनु भनेको हस्ताकार, नाशिकाकार आदि हुन्। हस्ताकारमा अनेक प्रकारका आकार सृजना गर्ने पद्धतिहरू समाहित हुन्छन्। हातका जोड्नीहरू यताबाट उता, उताबाट यता अर्थात् दायाँबाट वायाँ र बायाँबाट दायाँ घुमाउने प्रक्रियागत अभ्यास गरिन्छन्। हात मात्रै होइन हत्केलाका दसै औँलाहरूका संयोजन र सञ्चालन गरेर विभिन्न मुद्रा सिर्जिन्छन्। यो मुद्रा सिर्जन प्रक्रियामा शारीरिक अङ्गप्रत्यङ्ग सञ्चालन गरेर स्वस्थ शरीर, सचेत मनका निरोगी जीवनयापन विधि समाहित छ। यस्ता महत्त्वपूर्ण क्रियाकर्म गोप्य राखेर हाम्रो वर्णाश्रम व्यवस्थाले सामाजिक संस्कारमा लत्तर-पत्तर पारेको छ। शुद्र वर्णका यिनीहरू ईहिँ-बेल विवाह प्रथा मान्दा रहेनछन्।

जन्मजात कपाल खौरने कर्ममा मामाको अग्रणी भूमिका रहन्छ। यिनीहरूको समाजमा पनि अरू नेवारहरूको सरह मामाको भूमिका रहेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अरू थरीका नेवारहरू कपाल खौराउने पहिलो साँझ विधिवत् मामाको हातबाट गर्नुपर्ने अनेक कर्म-विधि वा विधि-कर्म गर्दछन्। नवरत्न जडित सुनको औँठीको घेरामा अटाएसम्मको कपालको मुठो औँठीभित्र बाँधेर टुपीको घेरा र आकार बनाइन्छ। यो कर्मका कर्माचार्य मामा नै हुन्छन्। भोलिपल्ट विहान मामाले नै सुन र चाँदीका 'खोचा' खौरने छुरा बनाएर कपाल खौराउने गर्छ। यी अघिल्ला बेलुकी र सुनचाँदीको 'खोचा' प्रथा छाडी च्यामे-च्यामाखल, द्यौला, पोडेहरू पनि मामाकै हातबाट कपाल खौराउँदा रहेछन्। अरू नेवार समुदायका सदस्यहरूले झैं नै यिनीहरू पनि आफ्ना फुफूका हातमा काँसका थाल समाउन लाएर खौरेको कपाल भुइँमा नपारी थाप्न लगाउँदा रहेछन्। थालका कपाल फुपूले नदीमा सेलाउँदा रहेछन्।

मामाले वहन गर्नुपर्ने यी दायित्व पारी अरू पनि केही विधिव्यवहार छन्। यस वृत्तमा पर्ने व्यवहारमा केही सगुन र उपहार पर्दछन्। छेवर गर्ने केटोलाई एक जोर लुगा उपहार गर्नु मामाघरको सौजन्य बनेको छ। उपहार सौजन्यअन्तर्गत एक जोर 'लाखामरी' पनि पर्छ। लुगा छेवर/व्रतबन्ध गरिने केटोकै एकल र निजी सम्पत्ति नै भयो। 'लाखामरि' भने सामूहिक उपभोक्ता सामग्री बन्छ। मिठाईले सबैको मुख मीठो पारी लहस्याउँछ। छेवर/व्रतबन्धको रस यसै हुँदो रहेछ। तडकभडकले भने अझै यिनीहरूलाई छोपिएको रहेनछ। तर, भविष्यमा अरू नेवारहरू झैं यिनीहरू पनि तडकभडकको सिकार नवन्ला भन्न गाह्रो पर्ला जस्तो छ। सामान्य तवरले छेवर-संस्कार पालनपोषण गरिरहेका यिनीहरू व्रतवन्ध संस्कार उत्ति गर्दा रहेनछन्। मात्र मामाबाटै एउटा लँगोटी लगाउन लाएर व्रतवन्ध संस्कार पूरा गर्दा रहेछन्। यथार्थमा व्रतबन्ध संस्कार यौनक्रीडाको जथाभावी समागम र सम्भोग नगरून्, नहोस् भनेर लिङ्ग बाँध्ने, छोप्ने कर्मकाण्ड हो। यस व्रतबन्ध संस्कारसित गाँसिएको आचारसंहिता यौन दुर्व्यवहार नगराउने मर्मबोधक छ। अचेलभरि यो व्रतवन्ध संस्कार नभएका पाश्चात्य संसार सुरक्षित यौनक्रीडा कर्म र एकनारी ब्रह्मचारी व्रतबन्ध गान – मन्त्र घन्काउन थालेका छन्। हामी भने आफ्ना जति केही होइन, पश्चिमेली जति मह नै मह मान्न थालिरहेछौं। एक नारी ब्रह्मचारी जीवन आचरण हाम्रा प्राचीन आर्य आचरणका मूलमन्त्र नै हुन्।

१७. विवाह

संस्कारै संस्कारद्वारा मण्डित मानिसको जीवन-संस्कारको पाटो विवाह संस्कारमा थप खुल्न थाल्छ। विवाह जीवन, यौवन र यौन वृत्तिसित सटेका दैहिक शारीरिक स्पर्श र सम्भोग क्रियाका सामाजिक मान्यताजन्य संस्कार हो। समाजमा सबैको स्वीकृति बटुलेर जोईपोइ घोषित हुने, गराइने प्रथालाई हामी विवाह संस्कार भन्ने गर्दछौं। तथापि विविध समाजमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानिसले बिहावारीको पद्धति आ-आफ्ना पाराले चलाइआएका छन् । हाम्रो प्रसङ्ग भने दलित जनजाति ठानिएर आफैले स्वीकारी बसेका पोडे, द्यौला, च्यामे-च्यामाखलहरूको विवाहपद्धति र संस्कारसित सम्बन्ध राख्छ। परम्परातिर फर्केर हेर्दा घटनाक्रमका आख्यान विदारक जाँचिन्छ ।

१७(क). जबरजस्ती विवाह (elopment)

केटोले चाहेको केटीलाई जबर्जस्ती तानेर लाने/लग्ने यस जाति वर्गको पारम्परिक प्रचलन रहेको भेटिन्छ। यसरी बलजफ्ती घिसारिएकी केटीलाई चार दिनसम्म लुकाइ छिपाइ राख्दा रै'छन्। चार दिन-रात लुकाइ सक्दापनि आफ्नी छोरीलाई घर फर्काउन नसक्दा केटी घिसार्ने केटापक्षको जित मान्य हुने चलन थियो। समयको गतिसित केटी घिसार्ने वा तान्ने प्रथाले कोल्टो फेऱ्यो। केटा र केटीको सहमति हुन थाल्दा बिस्तारै घिसार्ने प्रथा बिलाउन पुग्यो। घिसार्ने प्रथाको ठाउँ भगाउने प्रथाले ओगट्न पुग्यो। अनि विवाह निमित्त केटी भगाउने प्रथा विवाह संस्कारको अर्को पाटो बन्यो। यी दुवै पद्धति अन्तर्गत एउटा अर्को प्रथा रहेको छ। त्यो प्रथा हो - केटीलाई चौथो दिनमा एक जोर लुगा अर्पने। केटीले लुगा लगाएपछि जबर्जस्ती घिसारी भगाई ल्याएको केटी विवाह फत्ते भएको सामाजिक मान्यता पाएको ठहर हुँदो रै'छ। यी दुवै प्रकारका विवाहपद्धतिलाई जबर्जस्ती विवाहको कोटीमा समाहित गर्नुपर्ने हुन आउँछ।

१७ (ख). मागी विवाह (arranged marriage)

मागी विवाह प्रकरणमा केटा, केटी दुवै पक्षका आमाबाबुका दरो भूमिका रहँदो रै'छ। केटा पक्षका आमाबाबु केटी पक्षका आमाबावु कहाँ पुगेर मगनी प्रसङ्ग जोड्दा रै'छन्। साक्षीको रूपमा एक जना आफन्त लाँदा रै'छन्। यिनीहरूका 'लमी' प्रथा रहेको छैन। केटी दिने निर्णयका दिन 'थ्वँ खोला' जाँडको वटुको दिने खुवाउने प्रथा छ। यसपछि गच्छेअनुसार केटा पक्षले केटीपक्षलाई खाने–भोजन बनाएर खुवाउने रीतिरिवाज छ। यसरी विवाह सम्वन्ध जोडिसकेर कालगतिले केटी मरेपरेको खण्डमा मृतक केटीको अन्त्येष्टि केटोपक्षले गर्नुपर्ने यिनका लोकमान्यता रहेछ।

विवाहसंस्कार चलाउँदा यिनीहरूले आफूलाई हिन्दूधर्मावलम्बी भन्ठान्दा पनि वैदिक विधि पारी नै आफूलाई राख्दा रहेछन्। अन्य नेवार समुदायका जनजातिहरूभैँ यिनीहरू यज्ञमण्डप वनाएर यज्ञ आहुति गर्दा रहेनछन्। सम्भवतः ब्राह्मण, कर्माचार्य, गुरु पुरोहित र जोशीहरू यिनकामा प्रवेश नगर्ने भएर यज्ञ विधिसंस्कारका अनुयायी रहेनन् यिनीहरू। वैदिक वर्ण, जाति र वर्ग विभाजनवाट स्थापित विभेदहरूमध्ये यो पनि एक प्रमुख रहेको छ। केटी पक्षले गच्छेअनुसार आफन्त र नाताकुटुम्बलाई दाइजो भोज दिँदारहेछन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विवाह अर्थात् केटी दिई पठाउने दिन केटापक्षका वरियातीलाई सामान्य तवरले पान ख्वाउने चलन छ। अनि रक्सी त जन्मजात मतवाली संस्कारका अभिन्न अङ्ग नै भएकोले त्यसलाई संस्कारका साधन सामग्री ठानिने नै भयो। रक्सी ख्वाइन्छ मजाले नै। केटी दिने अवसरमा मामाले केटीलाई पिठ्यूँमा बोकी गणेश मन्दिर या मूर्ति वरपर तीन चक्कर लगाएर सुम्पने रिवाज रहेको छ। केटी लैजाने त्यस अवसरमा टोलछिमेकहरूकाले एक, दुई, तीन ठाउँमा बाटो छेकी खुसियाली रकम माग्ने चलन रहेको छ। केटीपक्षले एक जना केटी दुलहीसाथ पठाउँदो रहेछ। साथी जाने केटी चार दिनसम्म दुलाहा घर बस्दा रहेछ। विवाहित दुलाहा-दुलही चार दिनसम्मै एकसाथ सुत्न नदिने प्रचलन रहेको छ यिनका वैवाहिक परम्परामा। सांस्कृतिक परम्परा र परिमार्जनमा मानिसको वर्चस्व बाँच्छ। चार दिन बितेर पाँचौँ दिनमा केटीलाई माइतीघरमा 'लित ब्वं' प्रथाअनुसार पुनरागमन गराउँदा रहेछन्। त्यसपछि नजिकका नातेदारहरूले चेली ज्वाइँलाई आलोपालो गरी सत्कार गर्ने चलन छ। यो चलन नेवार समुदायका अन्य परिवारहरूमा पनि बिरानो छैन। ज्वाइँले 'लित ब्वं' भोजमा दही खाँदा रहेनछन्। दही खाए वैवाहिक सम्बन्ध सुदृढ र सुसम्बद्ध रहिनरहने धारणा रहेको छ यिनीहरूमा।

१८. चाडपर्व

सबै नेवारहरूले जस्तै सबै चाड नमाने तापनि यिनीहरू खासखास चाडपर्वहरू मनाउँदा रहेछन्। दसैं सबैका सामूहिक मात्र नभएर राष्ट्रिय चाड पर्व नै रहेको छ। यिनीहरू दसैंमा अरूहरूले झैं जमरा हाल्दा रहेनछन्। जमरा कोठा र भगवतीको आराधना पूजा गर्ने कोठा छुट्टै राख्ने प्रचलन छैन। मात्र भवानी दुर्गाको हस्तलिखित चित्र भित्तामा टाँसेर पूजाअर्चना गर्दा रहेछन्। बलि दिँदा यिनीहरू पोथी चढाउँदा रहेछन्। फुल नदिएका पोथी चढाउनु यिनीहरूको आफ्नै रिवाज रहेको छ। टीका प्रदान र आशिष् दिन पारिवारिक एवं सामाजिक संस्कार नरहेको पाइएको छ। म्हपूजा, किजापूजा गर्ने चलन पनि रहेनछ। अहिले भने कसैकसैले म्हपूजा, किजापूजा गर्न थालेका छन्। यसलाई यिनीहरू बाह्य प्रभावका रूपमा स्विकार्छन्। यिनीहरूले मान्ने एक चाड घिउचाकु सङ्क्रान्ति रहेको छ। दसैं, तिहार र घ्यूचाकू सङ्क्रान्तिमा यिनीहरू आफ्ना चेलीबेटीहरूलाई 'न:ख:तिया' (चाडपर्वको भोज) बोलाउँदा रहेछन्। अर्को एक चाड जो यिनीहरू मनाउँछन् त्यो देवाली पूजा रहेछ। देवाली पूजामा यिनीहरू सुँगुर बलि चढाउँदा रहेछन्। तर अहिले सुँगुरपालन व्यवसाय कम हुनु र सुँगुरको मोल धेरै बढ्न गएकोले यिनीहरू पनि बोका नै बलि चढाउँदा रहेछन्। संस्कार पालनमा फेरबदल आउनुमा बजार भाउको पनि अद्‌भुत भूमिका रहेको यसबाट प्रस्टिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१९. गुठीगाना भजनकीर्तन

गुठीगाना, भजनकीर्तन नेवारहरूका निमित्त जीवनवृत्तकै एउटा पाटो रहेको छ। त्यसो हुँदा पनि यिनीहरूले धलचा (ढोलक) भजन गुठी केही दशकअघिसम्मै परिपालन गरिरहेका थिए। भजन गुठीमा यिनीहरू पनि ढोलक वजाएर कीर्तन गर्दा रहेछन्। धलचा गुठीको नियमहरू नेवारी रञ्जना लिपिमा हस्तलिखित एउटा ग्रन्थ बाबुरत्न द्यौलाका जानकारीमा रहेको पाइयो। उनी भक्तपुर निवासी हुन्। हाल शिक्षक पेसामा रहेकोले र समाजशास्त्रका विद्यार्थीसमेत भएकोले उनी आफ्ना कुल संस्कारमा जानकारी राख्दा रहेछन्। तर हाल भजनकीर्तन गर्ने संस्कार लोपोन्मुख रहेको गुनासो गर्छन्।

२०. नाचगान

पहिले पहिले यिनीहरू पनि नाचगान गर्दा रहेछन्। पर्दा नाच मञ्चन गर्दा रहेछन्। अहिले दूरदर्शन (टेलिभिजन) को प्रचलन बढ्न थालेपछि पर्दा नाच सिकाउने, देखाउने चलन हराउन थालेको रहेछ। भक्तपुरमा यिनीहरूबीच खास लोकनाच नचाउने चलन रहेको छैन। तर काठमाडौँमा भने त्यो संस्कृति रहेको छ। सवल बहाल, टेकुमा लाखेनाच सिकाउने र नचाउने चलन रहेको छ। लाखेनाच पूरा सिकाइसकेपछि नासःद्योः पूजा गर्ने परम्परा यिनीहरू धान्दा रहेछन्।

२१. पेसागत वृत्ति र सीप

खेतीपाती गर्दा रहेनछन् यिनीहरू। यसो हुनको मूल कारण यिनीहरू कसैको पनि जग्गाजमिन एक टुक्रा माटो पनि आफ्नो नाममा नहुनु नै रहेछ। आफ्नो नाममा खेतीयोग्य जमिन जेथा नहुनु त परै रहोस्, यिनका बसोबास स्थान भेलुखेल भक्तपुरमा भए रहेको आफ्नै बासस्थानको सम्म पनि लालपुर्जा आजपर्यन्त प्राप्त गर्न असमर्थ रहेका रहेछन्। यो लोकतान्त्रिक युगले पनि यिनीहरूको जीवनमा कुनै सकारात्मक आर्थिक, सामाजिक, औद्योगिक प्रभाव पार्न नसकेको तथ्य फेला परेको छ। पहिलेको शासन व्यवस्थाले छाडिराखेका यस्ता वैमनस्यपूर्ण असमान नेपाली नागरिक जीवन यत्रो साल, समय र परिस्थिति फेरबदल भइसकेर नि च्यामाखल, द्यौला, पोडे, मातांगुलु, हालाहुलुका जीवनमा रत्तिभर सकारात्मक प्रभाव पर्न नसक्नुलाई यिनीहरू विडम्बना मात्र ठान्छन्।

आफूले खेती गर्न एक चपरी माटो आफ्नो नभएकाले आकाश खेतीबाहेक गरोस् नै के र ? आकाश खेती गर्नुको तात्पर्य मात्र आकाश ताक्नु सिवाय अरू हुँदै हुन्न। आकाशे बाली/खेती भन्नुको तात्पर्य अर्को हुन्छ आकाशबाट वर्षा हुँदा मात्र खेती गर्न सकिने सिञ्चाइ सुविधाविहीन टार खेत, जमिन। यिनीहरूको लागि त एक टुक्रा टार जमिन पनि तारे जमिन बन्न सक्थ्यो। खेतीयोग्य जमिन पाउने त यिनीहरूको कुनै आकांक्षा रहेकै छैन मात्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नै घरजग्गाको लालपुर्जा पाउन प्रधानमन्त्री कार्यालयसम्मै वारवार प्रतिनिधि मण्डल धाउँदा पनि आकाशको फल आँखा तरी मर भनेझैं अतालिएर बाँचेको यथार्थ बुझिएको छ।

यस्तो अवस्थामा गुजारा चलाउनुको व्यथा वेदना नितान्त कहालीलाग्दो पाइएको छ। विचरा जीवन कतिपय अवस्थामा बेचारा पनि रहँदो रहेछ। अन्नको जगेर्ना मागी मागी हुँदा गर्दा रै'छन्। वाली काट्ने समयमा खेत खेत धाएर किसानले दिएको स्वैच्छिक कुरुवा, पाथी नै आयस्ता वन्दा रहेछन्। अनि माछा मार्ने, वङ्गुर पाल्ने, ठाउँठाउँ चहारेर सुँगुरको मल वटुल्ने र तिनलाई सडाएर पछि किसानहरूलाई बेचबिखन गर्ने उद्योगधन्दा र वन्दव्यापार यिनका पेसा, वृत्ति र सीप रहेको छ। सो पनि वर्तमान परिप्रेक्ष्यमा जव खेतीयोग्य जमिन घरैघरहरूका चिहान बनिसकेका छन् धान वटुल्ने मगन्ते अवसरवाट पनि वञ्चित रहन पुगेको वस्तुस्थिति बोध हुन्छ। त्यसरी नै नदी प्रदूषणका कारण यिनीहरूले प्राकृत पानीबिनाको नदी र माछाविहीन दुरवस्थामा पुगेर माछा मार्न पनि नसक्ने विग्रह बोक्नुपरेको स्थिति बनेको छ। यता हेर उता हेर आफ्नो दुरवस्था आफै हेर भनेझैं भक्तपुर परियोजनाकालले भक्तपुरमा, त्यस्तै काठमाडौंमा आएका महानगरीय प्रवर्तनमा ललितपुर, कीर्तिपुर र पाङ्गामा समेत सुँगुर पालन व्यवसाय झन्डै नै उन्मूलन हुन पुगेका छन्। मात्र भक्तपुरमा नवदुर्गा भवानीलाई 'मूलवाहन' चढाउनुपर्ने बली भएर एकल दुकल सुँगुर पालन अनिवार्य बनेको छ। सुँगुरपालन व्यवसाय निर्धिन पेसा नभई आयस्कर पेसा नै मान्छन् यिनीहरू। तथापि त्यसको लागि खुल्ला फराकिलो ठाउँको आवश्यकता पर्छ। यिनीहरूसित त्यो स्थिति खेप्ने स्थिति रहेको छैन।

२२. शैक्षिक अवस्था

प्रजातन्त्र आउनुभन्दा अगाडिका समय त यिनीहरूको जीवनमा अन्धकारयुग नै रह्यो। २००७ सालको परिवर्तनपछि पनि शैक्षिक अवसर जुट्न पर्खाइ नै रहनुपऱ्यो। अनेक फेराका अनेक परिवर्तनपछि मात्र सुस्त शैक्षिक गतिविधि चल्न थाल्यो। पञ्चायतकालमा २०१९ सालको मुलुकी ऐन संशोधनले कागजी परिवर्तन त गऱ्यो। तैपनि यिनका लागि विद्यालयहरू खुल्ने काममा सुस्तता छाइ नै रह्यो। भक्तपुरमा यिनीहरूको वासस्थान–भेलुखेलमा पहिलोचोटि आदर्श आजाद स्कुल खुल्यो यिनकै छोराछोरीहरूका लागि। त्यसपछि इनाचो, भक्तपुरमा समाजसेवा इन्स्टिच्युट नामले अर्को स्कुल खुल्यो। काठमाडौंमा २०१९ सालमै तिलगङ्गामा चौला परिवारका बालबालिकाहरूको पठनपाठन निमित्त शारदा प्राथमिक विद्यालय खुल्यो। यस स्कूल खोल्नमा डा. अम्बेडकर पशुपति दर्शनार्थ काठमाडौं आउँदा उनकै पहलमा स्थापना र भवन निर्माण गर्ने काम भएको सुनिएको छ। २०४६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सालको परिवर्तनपछि भने प्रायः सबैजसो स्कूलमा च्यौला परिवारका केटाकेटीलाई निर्वाध रूपमा प्रवेश भए गराइएको यथार्थ बनेको छ।

अहिलेको परिवेशमा उच्चशिक्षा हासिल गर्नेका सङ्ख्या उत्साहबर्द्धक बनेको छैन। हालसम्म क्षेत्रपाटी, काठमाडौंमा एक जना मेडिकल डाक्टर, श्याम च्यौला, एम.बी.बी.एस., रहेका छन्। त्यसै गरी पाटनमा एक जना र काठमाडौं सवल बहालमा एक जना इन्जिनियर भइसकेका छन्। इन्फर्मेसन टेक्नोलोजीमा पनि एयरलाइन्समा अमीर च्यौला कार्यरत छन्। प्राविधिक क्षेत्रमा कम सङ्ख्या भए पनि शिक्षणपेसामा भने केही सङ्ख्या बढी देखिएको छ। पाटनमा एक जना ख्यातिप्राप्त आर्टिस्ट बाबुराजा च्यौला देखा परेका छन्। उनले एक पटक नेपाली साहित्यकारहरूको चित्र प्रदर्शनी पनि नाफा हल, बबरमहलमा गरिसकेका छन्। हेटौंडामा रामकृष्ण च्यौला नामक एक जना वकिल पनि छन्। भक्तपुरमा भने दुई जना अटोमोबाइल मेकानिक्स छन्। रमेश च्यौला अटो मेकानिक्स र पूर्णप्रसाद एरोनटिकल मेकानिक्स रहेका छन्। च्यौला परिवारमा अहिलेसम्म पनि एम्.ए. र एम्.एस्सी. गरेका व्यक्ति पाइएको छैन। गनिमतको कुरा छ कि भक्तपुरका केदार च्यौला र उनकी श्रीमती सरिना च्यौला रातो बङ्गला स्कूल, जावलाखेलस्थित विद्यार्थी होस्टेलमा होस्टेल इन्चार्जको रूपमा कार्यरत छन्।

शैक्षिक जगत्मा अहिले उतिसारो विभेदपूर्ण व्यवहार छैन। तर दशक पहिलेको अवस्था यसो नरहेको जानकारी बाबुरत्न च्यौला आफ्नो भोगाइ वर्णन गर्छन्। स्कुलमा समावेशी शिक्षा लागू थियो। विद्यार्थीबीच भेदभावपूर्ण व्यवहार विद्यमान थियो। च्यौला परिवारका बालबालिकाहरूलाई त्यो बेहोरा भएर स्कुलै नगएर पढाइ परित्याग गरी सफाइ कार्यमा अहिले जीवन गुजारा गर्न पुगेको आलो घाउ देखाउँछन्। जे होस्, त्यो भेदभाव अहिले क्रमिक रूपमा सुधारिँदै आएको विद्यमान झलक प्रायः सबै स्कुल, क्याम्पस र कलेजहरूमा देख्न पाइन्छ। भक्तपुरमा जेसिज माध्यमिक विद्यालय यसको उदाहरण बनेको छ।

२३. मृत्युसंस्कार

जीवन प्रिय अनि अप्रिय संस्कार दुवैको दोभान हो, सङ्गम हो। जीवन सदा प्रिय नै प्रिय संस्कार मण्डित रहन्न। यसमा अप्रिय संस्कारका छाया पनि मडारिरहेकै हुन्छ। प्रिय संस्कार जीवनको आफ्नै सूत बनेको छ। तर प्रिय संस्कारयुक्त यत्रो जीवन महत्ता अप्रिय संस्कार मुक्त रहन्न, रहेको छैन। जीवन दैहिक र आध्यात्मिक बाँच्नु-बचाइको दोभान हो। देह आत्माका आश्रय मन्दिर, मस्जिद, चर्च, गुम्बा, गुरुद्वारा, पीठ सबै हुन्। आत्मशक्तिले बचाएको जिन्दगी प्रिय सत्य हो, अप्रिय संस्कार हो। तैपनि स्विकार्नैपर्छ अप्रियलाई पनि– त्यो शाश्वत सत्य हो। शाश्वत सत्य शाश्वत संस्कार पनि बन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानिस अप्रिय सत्य सेरोफेरोमा रुमल्लिएर अनेक संस्कार जन्माउँछन्, रोप्छन् र परिपालन गर्छन् । सन्दर्भ यहाँ च्यामे, च्यामाखल, द्यौला, पोडे समाजको मृत्यु-संस्कार रहेको छ । अलिकति प्रस्तुति यहाँ यसै सन्दर्भका सन्दर्भ जोडेर गर्नु प्रासङ्गिक हुन्छ ।

२३(क). शव दहन

मरणपछि गाड्ने चलन पाश्चात्य संस्कार मात्र नभएर पूर्वीय पनि वनेको पाइन्छ । इसाई, वहाई धर्मावलम्वीहरू शव गाड्छन् चिहान खनेर । नेपालमै पनि तिब्वतेली बौद्धमार्गी लामा, तामाङहरू शव गाड्ने संस्कार मण्डित छन् । तर हिन्दू आस्थावादीहरू र त्यसकै सेरोफेरोले प्रभावित बौद्धमतावलम्वीका साथै अरूहरू पनि शव दहन वा जलाउने संस्कार पालन गर्छन् । हिन्दूमतावलम्वी यी द्यौला समुदायहरू पनि शव दाह गर्छन् । शव दाहपछि चोख्याउने चलन अरूकोझैँ दसौँ दिनमा नगर्दा रहेछन् । यिनीहरूको चोख्यान कर्म पाँच या सात दिनमा हुँदा रहेछन् । वालवालिकाको मरणमा पाँच र वयस्कका लागि सात चोख्यान अवधि निर्धारण भएर पनि कालान्तरमा छ्यासमिसिएको हुन सक्छ । अहिलेको सामाजिक, मानसिक धरातलले यसमा यस्तै निक्यौंल गर्ने स्थिति रहेको छैन । जे होस् यिनीहरू पनि आफ्नै पाराको संस्कार नभएका होइनन् । चोख्याउने एक दिन अघिल्लो राती मृतकको नाममा 'व्वये/व्वे' प्रदर्शन गर्ने चलन रहेको छ । 'व्वये/व्वे' शव्दको अर्थ प्रदर्शन गर्नु हो । व्वको अर्थ भोजन भाग हो । जीवितले मृतकलाई पनि सजीव ठानी उनको रुचिकर पदार्थ पकाएर उनको प्रेत आत्मालाई खान वोलाउने त्यसको गूढ रहस्य वनेको छ । यहाँ जीवन, जगत् र आत्मा प्रतिको धारणागत मान्यता गुँठेको सूक्ष्म दर्शन अध्ययनन गर्ने पर्याप्त ठाउँ रहेको छ ।

२३(ख). अन्न प्रदर्शन

व्वेव्व: आशौच लागेको घरमा तयार गरिन्न । आशौच चोख्याइसकेकी चेलीवेटीका घरवाट तयार पारी मृतक घरमा ल्याइन्छ । व्वेव्व: प्रदर्शन गर्दा सुँगुरको टाउको वा थुतुनो अनिवार्य हुँदो रहेछ । यसवाट थाहा हुन आउँछ कि द्यौला समाजमा सुँगुरको महत्ता रहेको छ । भनौँ कि सुँगुर यिनीहरूको मुख्य वलिवेदी– जनावर वा जीव रहेको छ । व्वेव्व: चेलीवेटीहरूले नै एउटा कोठामा प्रदर्शन गर्दा रहेछन् । एउटा दियो वालेर मृतआत्मालाई भोजन भागमा रहेका पकवान राम्ररी देख्न सकियोस् भन्ने दियो वाल्नुसितको अर्थव्यञ्जना वनेको छ । रातभर प्रदर्शन गरी व्वेव्व: भोलिपल्ट विहानै चोख्यान कार्यअगावै एक पटक सार्ने प्रचलन रहेको छ । यसरी सार्नुको पछाडिको अर्थविन्यास मृतक आत्मालाई मन परेको परिकार ग्रहण गर्न सजिलो होस् भन्ने धारणा अन्तर्निहित रहेको पाइन्छ । सांस्कृतिक व्यवहारका प्रचलनहरू विम्वात्मक रहन्छन् । विम्व वोध गर्दा प्राप्त हुने उपलब्धि नितान्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आनन्ददायक हुन्छ। यसैले सांस्कृतिक बिम्बवोधी ज्ञान जीवन बाँच्न वेहद श्रेयस्कर हुन्छ। बिम्बवोधी ज्ञान मेरो आनन्द सागर वन्छ।

२३(ग). चोख्यान पद्धति

वार्णिक वर्ग कायम गर्नु वर्णाश्रम धर्मको स्वरूप वनेको छ। ब्राह्मण, वैश्य, क्षत्री वर्ण र वर्गका समाज दसौं दिनलाई चोख्यान अर्थात् चोख्याउने दिन निर्धारणअनुसार चोख्याउने कर्मक्रिया गर्छन्– नेवार सामुदायिक समाजका सदस्यहरू। तर, च्यौला समुदायमा ७ या ५ दिनमा नै चोख्याउने चलन पृथक/अलग रहेको छ। १० दिनमा चोख्याउने मृत्युसंस्कार र ७ या ५ दिनमा चोख्याउने प्रथा स्वयम् वर्णाश्रम धर्म कर्मको पृष्ठपोषक भए, रहेको जँचिन्छ। वर्णविन्यासमा संरचित पारम्परिक संस्कार एकआपसमा फर्किएर तिनै फरक फरक रहस्य यी सांस्कृतिक संरचनाको सचेतना वाहक रहेको। यसको एउटै उपाय प्रगाढ रूपमा हालिएका जगैसम्म नियाल्न त्यहाँसम्मै खोतल्नु अनिवार्य वन्छ। जे भए तापनि मानिस यस्ता प्राणी हुन् कि यिनीहरू आफ्ना परिवेश मनपराउँछन्, रमाइरहन्छन् त्यसै सेरोफेरो। यिनै प्रवृत्तिले गर्दा पनि यिनीहरू सामाजिक प्राणीमा दरिएका छन्। अरू नेवार समुदायमा झैं यिनीहरूमा पनि विहावारी भइसकेका चेलीबेटीहरू माइतका आमाबावु र सहोदर दाजुभाइ, दिदीवहिनीको निधनमा नि ३ या २ दिनमै चोख्याउने संस्कार पालेको पाइन्छ। नेवार समुदायमा यस्तो रीतिस्थिति परिपालन हुनु गर्नुको दार्शनिक र व्यावहारिक विज्ञान सम्मत रहेको छ। दार्शनिक दृष्टिले नियाल्दा चेलीवेटीको विहेवारीपछि तिनको माइतप्रति अर्धदायित्व मात्र रहन्छ। जीवनको सम्पूर्ण क्रियाकलाप अव लोग्नेको घरजममै व्यतीत हुन्छ। लोग्ने-स्वास्नीको सहवास र सम्भोगको फल सन्तति मोह, स्नेह संस्कार उतै झाङ्गिन्छ। जीवनजगत्को परिवेश यसरी झाङिदै गाँजिन्छ कि यो प्रथा जीवनसंस्कारमा परिणति पाउँछ, स्थापित हुन पुग्छ।

चोख्याउने संस्कारमा नङ र कपाल जस्ता बहिरङ्गी शरीरतत्त्व फाल्ने परिपाटी छ। अन्य वर्णकाहरूको नङ र कपाल काट्न नौहरू (हजाम) सहयोग गर्छन्। तर यिनीहरू भने नङ, कपाल खौरने कर्म क्रिया आफ्नै समुदायभित्रकै सदस्यहरूबाट सम्पन्न गर्दा रहेछन्। आफ्नै समुदायभित्रवाटै सवै संस्कारमुखी क्रियाकलाप परिचालन र परिपालन गर्ने यस रिवाजले यिनीहरू आत्मनिर्भर र संयमी समुदाय रहेको तथ्य पुष्टि गर्छ।

२३(घ). बर्खी वस्त्र

सेतो वर्खी-वस्त्र यिनीहरू पनि वर्ष दिनसम्मै पहिरिंदा रहेछन्। वर्खी-वस्त्र सेतो रहनुको आफ्नै दार्शनिक विश्लेषण छ। सेतो रङको कपडाले एउटा विम्ब वोक्छ। विम्ब जसले चोखो, सफा र बेदागलाई जनाउँछ। बर्खी वर्षभरि नै अनाचार, दुराचार, भ्रष्टाचार मुक्त सफासुग्घर जीवन व्यतीत गर्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संकल्पलाई प्रतिनिधित्व गर्छ। विम्व र प्रतिविम्व एउटा यस्तो प्रतीक हो जसले सतहमा देखिएर पनि भित्रभित्रै थेग्रिएका वस्तुभावको स्वच्छ र स्वस्थ अर्थ वोध गर्छ, गराउँछ। प्रतिनिधित्व गर्नु भनेकै एकको सट्टा अर्को कुनै वस्तुलाई राख्नु, वसाल्नु हो। सेतोमा दाग छिटो लाग्छ। दागवाट वचाउन निकै सतर्क रहनुपर्ने हुन्छ। निष्कलङ्क पारिवारिक, सामाजिक र सांस्कृतिक जीवन जिउन मानिलाई सचेत राख्नु सेतो कपडाको पहिरनले दार्शनिक कुरोलाई रङ्गात्मक र कलात्मक प्रतीक बोध गराउँछ। भित्री तहसम्मका मर्मवोध गराउने पक्ष सदावहार बनाएर वर्खीवस्त्र गहिरो भावार्थ धारण गर्छ। यिनीहरूभित्र मर्मवोध भए पनि नभए पनि संस्कार वोध पक्कै रहेको अनुभूत सरासरै हुन्छ।

पोडेभन्दा च्यामाखललाई निम्न कोटीमा राखिएको तथ्य सामाजिक संस्कारले पुष्टि दिन्छ। चोख्याई सकेपछि रातभर प्रदर्शन भए गरिएका व्वेव्व (प्रदर्शन भाग) भोलिपल्ट विहानै च्यामे-च्यामाखललाई वोलाई दान दिइन्छ। त्यसै वेला मृतकको लुगाफाटो, चामल र केही नगद रकम दान दिई मृतकको आत्मशान्ति कामना गरिन्छ – मानौं आत्माशान्तिको लागि दान प्रदान नगरी हुन्न। अथवा यसो भनौं कि दान प्रदान गर्दा आत्मशान्ति उपलव्ध हुँदो रहेछ। अर्को शव्दमा व्यक्त गर्ने भए यसो पनि भन्न सकिन्छ कि चित्त वुभ्दो काम गर्नाले मनमा शान्ति छेलोखेलो वन्छ। यसरी व्वेव्व दान गरिसकेपछि दान दिनेले हातगोडा धुने चलन छ। यस चलनले देखाउँछ कि दानपछि दान गरिएको वस्तुको रत्तिभर अंश पनि आफूमा टाँसिएको नहोउन् एक अर्थमा। अर्को अर्थ आफूभन्दा निम्न तहका सितको छोइछिटो पार गर्न हातगोडा धोइनु पर्दो रहेछ। यो प्रचलन संस्कारगत व्यवहार हो। यस प्रचलनलाई अन्य नेवार वर्गहरूले पनि परिपालित प्रचलन रहेको छ।

वर्खी वार्दा यिनीहरू पनि खाद्य पदार्थमा भोज्य र अभोज्य छुट्याउँदा रहेछन्। प्रोटिन वा ताकतिला भोजन पदार्थलाई वर्खी वार्दा अभोज्य मान्दा रहेछन्। भन्टा/वैगुन, छ्यापी, गोलभेडा, मुसुर आदि पदार्थ वर्षदिनभर नै वार्दा रहेछन्। यसरी यी भोजन पदार्थलाई वार्ने व्यक्ति किरियापुत्री हुन्। यिनीहरू पनि नेवार समुदायका अरू वर्ग समूहले भैँ आमाको वर्खीमा दूध वार्दा रहेछन्। किरियापुत्रीले वावुको वर्खी वार्दा दही नखाँदा रहेछन् वर्षदिनभरि। दूध र दही दुवै प्रतीकात्मक वन्छ यहाँ। दूध त मातृ-उर धारा नै भयो जसलाई चुसेर नवजात शिशु अवस्थादेखि २ वर्ष दुधेवालालीलासम्मै सेवन गरेकै हुन्छन्, लाई त्याज्य मानिन्छ। अवोध अवस्थामा जीवन आस्थाका आधार वनेको उरधारलाई सुवोध अवस्थामा मातृवियोग वेदनाको वर्खी कालमा दूध वार्नु मातृभक्तिको प्रतीक वन्छ। दूधवाटै वनिने परिकार दही हो। दही पार्न/जमाउन दूधमा धौपुसा (दहीको बीजन) हालिन्छ। बिजनविनाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दूध जतिसुकै वाक्लो पकाए पनि दही जम्दैन। त्यस उसले विजन तत्वको रूपमा अङ्गीकार गरी पितृशोकको एक वर्षसम्म अरू सवैले झैँ यिनीहरू पनि दही वार्दा रै'छन्।

२३(ङ). न्हेनुमा

नेवार समुदायमा 'न्हेनुमा' भोग प्रदान गरिने संस्कार रहेको छ। न्हेनुमा मरणपछिको सातौँ दिनमा प्रदान गरिन्छ। नेवार भाषामा न्हेनुको अर्थ सातौँ दिन हुन्छ। न्हेनुमा प्रदान गर्दा मृतकका छोरी भएसम्म छोरीलाई नै भात, दाल, तरकारी, अचार, दूध, दही, माछा पकाएर भव्य दान गरिन्छ। कोहीले न्हेनुमा प्रदान गर्छन् भने कसैले 'न्यानुमा' अर्थात् पाँचौँ दिनमा गर्छन्। दुवै दिनको काम एक समान नै हुन्छन्। अरू नेवारहरूले न्यानुमा, न्हेनुमा कुस्लेजातिकाहरूलाई प्रदान गर्ने चलन थियो। अचेल यो प्रथा विस्तारै लोपोन्मुख छ। दिनेले दिन चाहेर पनि लिन नचाहँदा लोप हुनु स्वाभाविक छ। सामाजिक संस्कार लेनदेन प्रथामा अडेको हुन्छ। दिने र लिने बीचको सम्झौतामा यस्ता दानप्रदान संस्कार वचेबाँचेको हुँदा रहेछन्। पोडेहरूवीच यो न्यानुमा र न्हेनुमा प्रथा रहेको छैन। न्यानुमा र न्हेनुमा संस्कारको साटो यिनीहरू पाँचै वा सातै दिनमा चोख्याउँदा रहेछन्। चोख्याइसकेपछि त्यसै दिनको वेलुकी नजिकका आफन्तहरूलाई 'वेंकाभोज' चोख्यान भोज/भात खुवाउँदा रहेछन्। अन्न पानीको शरीर हो, भ्रूणदेखि जन्म र जन्मदेखि मरणसम्म पनि भोजनक्रिया प्रमुख रहिआएको छताछुल्ल पाइन्छ।

२३(च). पिण्ड श्राद्ध

श्राद्धले मृतकप्रतिको श्रद्धा कर्मभावलाई जनाउँछ। पिण्डले मातृकोषलाई विम्वात्मक रूप दिन्छ। पिण्डको आकार अण्डाकार हुन्छ। अनन्त जीवनको सम्भावना अण्डकोषभित्र गर्भ र भ्रूण अवस्थावाट श्रीगणेश हुन्छ। यसैले हाम्रा प्राचीन संस्कारमा पिण्डको आकार मातृकोषमै रूपान्तरित हुन पुगेको छ। पिण्ड र श्राद्धको महिमा नितान्त महिमापूर्ण छ। महिमावाटै गरिमा चुलिन्छ। पिण्ड श्राद्ध त्यसैले दिवङ्गत आत्माप्रतिको असीम र अगाढ भक्ति भावको अनन्त आकाश वन्छ। अरू नेवारहरू तीन पुस्तासम्मै वार्षिक श्राद्ध अर्पन्छन्। तर, पोडे, च्यौलाहरू भने २ वर्षे श्राद्धपछि कहिल्यै गर्दा रहेनछन्। सामाजिक कर्मकाण्ड, क्रियाकर्म, काजक्रिया जे भनिए तापनि समुदायभित्रै पनि वर्ण र वर्ग विभेद जनाउने माध्यम र संस्कार हुँदो रै'छ।

न्यानुमा र न्हेनुमा पनि प्रेतकल्प अवस्थामा रहेको भनिने मृतकप्रति अर्पिने श्राद्धकै प्रकरण हुन्। पिण्ड श्राद्ध भने नेवार समुदायमा वाह्रौँ, तेह्रौँ दिनमा गरिने सपिण्ड श्राद्धवाट सुरु हुन्छ। कुनै नेवार समुदाय १२/१३ दिनमै सपिण्ड श्राद्धको भोजन गराउँछन्, कुनैले भने ४५ दिनको लत्याको अवसरमा दिने गर्छन्। च्यौला समाजमा पहिले पहिले अचेलझैँ पिण्ड श्राद्ध गर्ने संस्कार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थिएन। मात्र ४५ दिनको श्राद्ध गरिन्थ्यो। त्यो पनि नहुने बेलामा गच्छेअनुसार एक भोजन भाग टपरीमा राखी नदीमा सेलाउने गर्थे। प्रकारान्तरमा टपरी–भोजन–भाग सेलाउनु र श्राद्धपछि पिण्ड नदीमा सेलाउनु उस्तैउस्तै नभए पनि भावार्थमा उस्तै जँचिन्छ। भोजन भाग पनि दिवङ्गतकै स्मृति सम्मानमै सेलाइन्छ। पिण्ड पनि उस्तै भावले ओतप्रोत रही सेलाइन्छ।

सामाजिक-सांस्कृतिक संस्कार मानिसको आर्थिक अवस्थाजन्य प्रतिच्छाया पनि हो। सम्भ्रान्त समाजमा गरिने एउटै क्रियाकर्म र आर्थिक दुरवस्थामा जकडिएकाहरूमा चलेको उही उही क्रियात्मक संस्कारका अन्तर्तत्त्व उही भएर पनि फरक देखिएको हुन्छ। यस्ता फरकपन आर्थिक अवस्थाजन्य मात्रै नभएर मनोवैज्ञानिक कारणले पनि भएको हुन्छ। मानसिक दुर्वलताले मानिसलाई सामाजिक स्तरमा पनि होच्याइदिन्छ। यस्तो स्थितिमा उनका मनोबल पुड्किन्छ, अथवा होचिन्छ। अचेलभरिको चरम वैज्ञानिक उन्नति र प्रगतिले छाए-छोएको सामाजिक संस्कारको संरचनामा निकै गहन प्रभाव पार्दछ। यसको लागि नितान्त गहिरो तर सूक्ष्म विश्लेषण गर्नैपर्दछ। दमित रहेर पनि छैन भन्ठान्ने स्वभावजन्य व्यवहार र उन्मुक्त स्थितिमा नि दमित छौं वा हौं भन्ने धारणा मनोवैज्ञानिक असरका मूर्त प्रभाव भन्ठान्छु। यस्तो परिवेशले समाजमा मानिसलाई असामाजिक बनाइदिन्छ। यस सन्दर्भमा असामाजिक बन्नु वा बनाइनुको अर्थबोधी सन्दर्भ घाट न घरका पङ्गु अवस्थालाई परिलक्षित गर्छ।

द्यौला समाजमा पहिले केही दशक अगाडिसम्मै पनि छ महिनाको अर्धवार्षिकी श्राद्ध गर्ने परिपाटी थिएन। आर्थिक स्तरमा सुधार हुनुको साथै क्रयशक्ति बढ्न थाल्छ मानिसको। यसको प्रत्यक्ष प्रभाव द्यौला समाजमा नि परेको छ। अब यिनीहरू पनि अर्धवार्षिकी, छ महिनाको श्राद्ध गर्न थालेका छन्। यिनीहरू पनि पिण्ड श्राद्ध गर्न जुर्मुराइरहेका छन्। त्यसपछि यिनीहरू एकैपटक २ वर्षको श्राद्ध गर्न पुग्छन्। त्यसपछि यिनीहरू अरू कुनै श्राद्ध कर्म गर्दा रहेनछन्। समाजमा सांस्कृतिक चेतनाको स्तर वृद्धि गर्न हुन विविध तत्व र पक्षले परोक्ष अपरोक्ष तवरले प्रभाव पार्दो रहेछ। आर्थिक पक्ष एक रहे अर्को सामाजिक प्रभाव हुँदो रै'छ। सामाजिक तवरले मानिस कुनै न कुनै समाजको सदस्य रहेकै हुन्छ। सामाजिक प्राणीको हैसियतमा उनले छरछिमेकी कुनै पनि समाजबाट धेरथोर प्रभाव आत्मसात गर्न पुग्छ। द्यौला समाज र समुदाय यसबाट मुक्त रहन नसके छमहिने अर्धवार्षिक श्राद्ध थालनी हुन पुग्नुबाट जँचिन सकिन्छ। परिवर्तित राजनैतिक माहोलले पनि सामाजिक सांस्कृतिक चेतना र वस्तुगत व्यवहारमा प्रत्यक्ष प्रभाव पार्दछ। अनियन्त्रित तवरले खुल्ला भएका समाजले परिवर्तनका चाहना प्रचूर बोक्न थाल्छ। छुवाछुतको विकराल विकृतिको अन्त भई मानिस समाजका समकक्षी सदस्य बनेका छन्। यसमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राज्यका संरचनागत नयाँ मूल्य र मान्यतामाथि सकारात्मक प्रभाव पारेको तथ्य द्यौला समाजमा परेको प्रभावकारी नवोमेषहरूले साक्षी बक्छ। यस्ता परिवर्तनकारी प्रभावलाई द्रुततर गतिमा बहाउन शैक्षिक गतिविधिमा आएको जोडदार गतिविधिले पनि सकारात्मक प्रभाव उत्पन्न पारेको यथार्थ लुकाउन खोजेर पनि छर्लङ्ग हुन पुगेको छ। २००७ सालको राजनैतिक परिवर्तनपछि हुन थालेको सामाजिक सांस्कृतिक परिवेशमा क्रमिक थप आयामहरू बिउँभन थाल्छन्। फलस्वरूप २०१९ सालसम्मको राजनैतिक वातावरणले जङ्गबहादुर कुँवरको उत्साह ठहरिएका मुलुकी ऐनले छुवाछुत जातिप्रथाको इतिश्री गर्न पुग्छ। कानुनी मर्यादामा विसर्जित युगचाहनाले क्रमिक आकृति फेर्दै गर्दा रै'छन्। २०४६ र २०६३ पछिको उत्तरवर्ती परिवेशले बढाएको हक-हितवादी हुँकारले द्यौला समाजको स्वरूप परिवर्तन गर्न यथेष्ट बल पुऱ्याएको छ। राजनैतिक, आर्थिक, सामाजिक चेतनाले खडा गरेको धरातलमा द्यौला समाज यथेष्ट हुन थालेको छ। यिनलाई जाँच्ने आधार, शैक्षिक अवस्थामा आएको वृद्धिदर, घरगृहस्थीमा हुन थालेको स्वस्थ र स्वच्छ वातावरण बनोट, सफाइका चेत, पहिरन, पेसागत परिवेशमा आएको परिवर्तन र समाजमा अनेक कार्यक्षेत्रमा सहभागितामूलक प्रवेशहरूले द्यौला समाज क्रमिक सुगठित बन्दै आएको प्रत्यक्ष अनुभूति मिल्छ।

यो परिवेशमा द्यौलाहरूले पनि धार्मिक-सांस्कृतिक परिप्रेक्ष्यलाई आत्मगत र समाजगत तवरले मृत्युसंस्कार परिपालन गरिआएका छन्। आत्मगत तवरले यिनीहरू मृत्युसंस्कार पालन गर्दा अर्का थरी नेवारहरूझैँ चोख्याउन नौ, समय साइत जुराउन ज्योतिषी, तान्त्रिक, विधिका पूजा निमित्त कर्माचार्य, यज्ञयज्ञादि र होम गर्दा ब्राह्मण आदिलाई प्रयुक्त गर्दैनन्। सामाजिक रूपमा यिनीहरूले यी उल्लिखित कर्मकाण्डका लागि अरूमा भर नपरी आत्मकेन्द्रित बनाएका छन् अर्थात् यिनका ब्राह्मण आफ्नै ज्वाइँ पुरोहित बन्दा रहेछन्, बनाइँदा रहेछन्। नौ पनि आफै, पूजक कर्माचार्य पनि आफै हुँदा रहेछन्। सामाजिक तवरमा कसी लगाउँदा वर्ण, वर्ग र जातिपातिका विभेदपूर्ण परिपाटीले ब्राह्मण, क्षत्री, वैश्यसमेत यिनीहरूको संसर्गमा नजाने सामाजिक मेलोमेसोले पनि यिनीहरू आत्मकेन्द्रित रहनुपर्ने बाध्यता बन्यो वा बनेको छ।

सामाजिक बहिष्कारलाई विश्लेषण गर्दा यहाँ कसले कसलाई बहिष्कार गरेको रहेछ भन्न सजिलो लाग्दैन। जस्तोलाई त्यस्तै ढिँडोलाई निस्तै उखान यहाँनिर सम्झनु उपयुक्त लाग्छ। ब्राह्मण, क्षत्री र वैश्यले शूद्रलाई र शूद्रले अरू तीन वर्णलाई एकआपसमा निस्तो पारिरहेझैँ लाग्छ। अरू कुरा एकातिर कुम्लो बोकी ठिमीतिर भनेझैँ द्यौला समाज शिवपूजक रहेको तथ्य उनकै आचार व्यवहारले पुष्ट्याउँछ। यिनीहरू मृतकको आत्मशान्तिका कामनामा ७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिनपछि अर्थात् चोख्याइसकेपछि आठौं दिनदेखि महादेवको शिवलिङ्गमा एक मुठी चामल अर्पदा रहेछन्। एकमुठी चामल पानीमा भिजाएर अर्पदारहेछन्। यो अर्पण क्रिया १ एक वर्षपर्यन्त चलिरहन्छ। विहेवारी भएको होस् या कन्याकुमारी रहेको होस् तिनले नि यसरी एकमुठी चामल कौसीको पर्खालमा अर्पण गर्दा रहेछन्। सम्भवत: यसरी चामल अर्पंदा मृतकको सम्झनामा चराचुरुङ्गीहरूको लागि भोजन मिल्न जान्छ। मृतकको स्मृति संस्कारमण्डित एकमुठी चामल अर्पणक्रियामा लाग्छ पर्यावरणीय जीवन-जगत्को सन्तुलन कायम राख्न ठूलो योगदान पुग्न जाँदो छ। यस क्रियालाई विश्वासपद्धतिका मूल्य र मान्यताको आधारमा विवेचना गर्दा मृतक स्मृति मुठी उपभोग गरेर चराहरू जीवन धान्छन्। चराचुरुङ्गीले जीवन धान्न सक्दा रमणीय जीवयुक्त जगत् रचनामा थप योगदान पुग्न जान्छन्। विश्वासको जरो जुटाउन सक्दा संस्कार र संस्कृतिको महत्ता बोध फराकिन पुग्छ। संस्कार-संस्कृतिको महत्ताबोध गर्ने आफूमा सकारात्मक प्रवृत्तिमूलक संयमको खाँचो भने परिरहेकै हुन्छ निरन्तर।

अरू नेवार समुदायका अरूहरूझैं द्यौला परिवार र समाज वर्षभर मासिक श्राद्ध गर्दा रहेनछन्। मासिक श्राद्धको स्थानमा यिनीहरू १ किसली चामल महादवको शिवलिङ्गमा अर्पंदारहेछन्। किसलीको अर्थबोध यसरी गर्न सकिन्छ मात्र होइन वरु गर्नैपर्ने हुन्छ। नेवार भाषामा कि शब्दको अर्थ चामल हुन्छ। सलि शब्दको अर्थ माटाको पाला हुन्छ। सलि अनेक प्रयोजनमा प्रयुक्तिने वस्तु हो। चामल भर्दा किसली पवित्र पात्र बन्छ। माटो त्यसै पवित्र उसै पवित्र मातृतत्त्व हो। माटो सारा सृष्टि र सृजनाका आधारतत्त्व। माटोवाट बनेको सलि र सलिमा भरेको कि माटो र माटोवाटै बनेको सलिको संयुक्त संस्कार यसै उसै पनि पवित्रताको शालीन प्रतीक बन्छ।

२३(छ). मृत्यु गणना

मरणशील मानिस मर्छ। मरेकाको मृत्यु गणना गरिन्छ, गर्नैपर्छ। मृत्यु गणना गर्ने काम राज्यव्यवस्थाको थाप्लोको नाम्लो हो। मल्लकालीन शासन व्यवस्थामा मृत्यु गणना गर्ने दिन गाईजात्रा पर्व, चाड, जात्रा, रमिता, मनोरञ्जन जे भनिएतापनि एउटा महत्वपूर्ण दिन हो। वर्षदिनभित्र अर्थात् गाईजात्राको अघिल्लो दिनसम्मै दाहसंस्कार भइसकेका परिवारले त्यस दिन मृतक गणनामा सार्थक सांस्कृतिक प्रतीक या झाँकी पठाउनुपर्दछ र पठाइन्थ्यो। यो प्रथा अद्यावधिक छ। यस पद्धतिमा यिनीहरूको पनि सक्रिय सहभागिता रहेको छ। वालवालिका मरेकोमा, युवायुवती मरेकोमा, बूढाबूढी मरेकोमा र गर्भवती महिला मरेकोमा लोकमान्य प्रचलन मुताविकको सांस्कृतिक झाँकी, विम्ववोधी वस्तु वा प्रतिकात्मक पदार्थ वा संरचना गरेर तत्कालीन नगरराज्यको परिक्रमा मार्गभरि प्रदर्शन गराइन्थ्यो। यो प्रक्रियात्मक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पद्धति अझै एकनास चलिआएकै छ। गाईजात्रापछि इन्द्रजात्रा आउँछ। इन्द्रजात्रा काठमाडौँ उपत्यकाका सबै नगरबस्तीहरूमा मनाइन्छ। तर काठमाडौँ राजधानी बनाइसकेपछि इन्द्रजात्राको केन्द्रबिन्दु काठमाडौँ नै बनाइयो। सबै नगरराज्यका बस्ती भक्तपुर, कीर्तिपुर, ललितपुर आदिबाट कान्तिपुर राजधानीलाई नै सजधज बनाउन इन्द्रजात्राको मूलबिन्दु बनाइयो। यस परिपाटीबाहिर यी द्यौला समुदाय पनि रहेनन्। इन्द्रजात्राकै सेरोफेरो यिनीहरूले पनि काठमाडौँ, पशुपतिभित्र नभए नि बाहिरी परिसरमा अक्षता अर्पने संस्कारलाई जीवित राखेका छन्।

२३(ज). सतबीज छर्ने

दिवंगत भएका व्यक्तिको स्मृतिमा बाला चतुर्दशीका दिन सतबीज छर्ने कार्य हुन्छ, गरिन्छ। सतबीजको अविधात्मक अर्थ हुन्छ : सत – सात, सत्य। बीज – बीउ। सय प्रकारका बीउ – सत्य बीउ मानिन्छ, मानियो, छरियो। सतबीजमा वास्तविक सङ्ख्यामा सात प्रकारका बीउ हुन्छ। त्यसैले भनियो – सतबीज। साङ्ख्यिक गणनामा सात जुटे जुटाइएर यसो भनियो। लक्षणात्मक अर्थमा सत सत्य रहन्छ वा हुन्छ। सतबीज अनि त अर्थिन पुग्छ सत्यका बीउ। सतबीजको व्यञ्जनात्मक अर्थ हुन्छ – सयौँ वर्षसम्मै निरन्तरता पाउने जीवन र जीवनयात्रा चलिरहोस्का सत्यकामना, सद्भावना मृतक आत्माको चिरन्तन शान्ति धारणा छर्दै स्वस्थ प्रवृत्तिलाई व्यवहारमा ल्याई सतबीज छर्दै यात्रा भर्ने दर्शनमूलक भ्रमण अर्थिन्छ। सत अर्थहरू कताकता पुगिसकेको बेला यस्ता सांस्कृतिक पर्व र क्रियाकलापको पालन समाजमा चलिरहेतापनि लोपोन्मुख छ। बुझेर वा नबुझेरै पनि सांस्कृतिक निरन्तरता पाइरहेका यस्ता पर्वपद्धति अथवा पद्धतिमूलक पर्व नेवार समुदायमा प्रचलित छ। द्यौलाहरू पनि यस पद्धतिका पालक रहिआएका छन्। मृतक आत्माको चिरशान्ति कामनासाथ यिनीहरू पनि बर्खी बारेको वर्षभित्रको बालाचतुर्दशीका दिन सतबीज छर्ने काम गर्छन्, गर्दै आएका छन्।

२३(झ). बर्खी फुकाइ

जीवनचक्रको परिधिभित्र गरिनुपर्ने यावत संस्कारगत कार्य बर्खी फुकाउने कामसित टुङ्गिन्छ, पूर्णता पाउँछ। वर्ष दिन पूरा भएको वार्षिक श्राद्ध द्यौलाहरू पनि गर्दछन्। वर्ष श्राद्धमा ज्वाइँ पुरोहित बन्छ। ज्वाइँलाई ब्राह्मण/पुरोहित मान्ने चलन द्यौला संस्कारको आफ्नै चलन रहेको छ। यद्यपि यस्तै र यही नै नभए पनि कुनै न कुनै रूपमा आफ्नै वंशजलाई ब्राह्मण सम्झने संस्कार नेवार-संस्कार नबनेको होइन। नेवारहरू प्रायःले आफ्ना भान्जाभान्जीहरूलाई ब्राह्मण सम्झने परम्परागत सोच र संस्कार रहिआएको छ। यो सोचगत संस्कार यस्तै श्राद्धको अवसरमा प्रत्यक्ष दर्शन गर्न सकिन्छ। नेवारहरू श्राद्धसंस्कार पूर्ण भइसक्दा श्राद्ध गर्ने किरियापुत्र वा पुत्रीले घर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिवारका भान्जाभान्जीहरूलाई चन्दन, टीको र दक्षिणा प्रदान गर्दछन्। अनि अक्षता छर्की कुम छोएर ढोग्छन्, मानौँ भान्जाभान्जी ब्राह्मणै हुन् जस्तो। द्यौलाहरू वार्षिक श्राद्ध गरिसकेपछि अरू वर्षहरूमा श्राद्ध गर्दा रहेनछन्। अरू नेवार समुदायका सदस्यहरू भने प्रति वर्ष किरियापुत्र वा पुत्रीकै हातबाट वार्षिक श्राद्ध जयन्ती चलाउँछन्। त्यस अवसरमा नि भान्जाभान्जीहरूलाई यथावत् चन्दन टीकोटालो दिई दक्षिणासहित सम्मानित गर्दछन्। बर्खी फुकाउने काम द्यौलाहरू चेलीबेटीको माध्यमबाट गर्दारहेछन्। चेलीबेटीको माध्यमबाट बर्खी फुकाउनुको अर्थ चेलीबेटीहरूले पुरानो सेतो वस्त्र फुकाल्न लगाई नयाँ रङ्गीन कपडा पहिरन गर्न लगाउनु हो। किरियापुत्रीप्रतिको सहानुभूति र आफन्तप्रति सद्भाव व्यक्त गर्ने यो संस्कारित प्रथा जीवन संस्कारमुखी मुखरन बनेको छ। यस्तो वेलामा गरिने यो व्यवहारलाई नेवारहरू 'को-चिकं साय्केगु' संस्कार/विधि व्यवहार भन्दछन्। को – बुकू, चिकं – तेल, साय्केगु – घस्न लगाउनु हो। बर्खी बार्दाको वर्षदिनभरि नै किरियापुत्र वा पुत्रीले बुकू नदल्ने परम्परा रहिआएकोले वर्ष श्राद्धपछि त्यसलाई पुनर्जीवित गर्ने यो परम्परालाई संस्कारगत रूपमा चेलीबेटीको माध्यमबाट गर्ने गराउने प्रचलन यथावतै चलिआएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हायूजातिको संस्कार

–विष्णुप्रसाद दाहाल

नेपालको पहाडी क्षेत्रमा बसोबास गर्ने विभिन्न जातिहरूमध्ये हायूजाति पनि एक हो । हायूजाति धेरै वर्ष पहिले नेपाल पसेको कुरा गर्दछन् । तर कुन सला संवत् अथवा कुन राजाका पालामा आए भन्ने कुरा यिनीहरू किटान गरेर बताउन सक्दैनन् । हायूजाति लङ्कापलङ्काबाट नेपाल प्रवेश गरेको यिनीहरूको किंवदन्ती छ । प्राचीन कालमा एक जना व्यक्तिका चार छोराहरू थिए र ती चारमध्ये सबैभन्दा कान्छो छोराका सन्तान हायू हुन् भनी यिनीहरू भन्दछन् । अरू तीन जनाका सन्तानचाहिँ राई, लिम्बू र सुनुवार भएकोले यिनीहरू राई, लिम्बू तथा सुनुवारलाई दाजुभाइ मान्दछन् । लङ्कापलङ्कामा अनिकाल परेर त्यो स्थान छोडी चारै भाइ जङ्गलको बाटो गरी आउँदा बाटोमा कान्छो भाइ छलिन गई दाजुहरूले भाइ छलिएको थाहा पाई बाटोमा केराका बोट काट्दै निसाना छोडेर अघि बढेकोमा कान्छो भाइ निकै पछि मात्र त्यहाँ आइपुग्दा केराको काटिएको गुभो पलाई पातसमेत भएको देखि दाजुहरू धेरै टाढा पुगे भन्ने ठानेर हालको रामेछाप जिल्लाको रामेछाप गा.वि.स.मा आई बसोबास गरेको कुरा यिनीहरू बताउँछन् । उक्त गाउँ अद्यावधि छँदै छ ।

यसै गाउँबाट रामेछाप जिल्लाको सुकाजोर गा.वि.स. हुँदै सिन्धुली जिल्लाको खुर्कोट, रतनपुरा, डाढीगुराँसे तथा दुम्जासम्म हायूजातिको बसोबास फैलिएको पाइन्छ । डाढी गुराँसेका हायूहरूको भनाइअनुसार मुढाजोर (रामेछाप) बाट ६० घर परिवार तारी गाउँ सरेकोमा २० घर त्यही छोडी बाँकी ४० घर हाइटारमा सरेर पछि डाढी गुराँसेमा आई बसोबास गरेका हुन् ।

३.१. पृष्ठभूमि

नेपालका अल्पसङ्ख्यक पिछडिएका जातिहरूमध्ये हायूजाति पनि एक प्रमुख जाति हो । यो जाति पिछडिएको कारणले गर्दा यिनीहरूमध्ये कुनै मानिस आफ्नो जिल्लाबाहेक अन्यत्र जाँदा आफ्नो जात नै भन्दैनन् बरु आफूलाई राई हुँ भन्छन् । यो जातिको आर्थिक स्थिति ज्यादै नाजुक छ र यसको कारण शिक्षा तथा जनचेतनाको अभाव हुन जानु हो । समाजका अन्य जातिहरूले पनि यो जातिका व्यक्तिलाई हेलाँको दृष्टिले हेर्दछन् ।

यो जातिको पाखो जमिनबाहेक धनहर जमिन छँदै छैन । पाखो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वारीमा सिञ्चाइ हुँदैन । वर्षाको पानीको भरमा खेती गर्नुपर्छ र साथै पाखो बारी पनि भिरालो र ढुङ्ग्यान छ, राम्रो उव्जा बाली हुँदैन । यो जातिका लागि पनि चेपाङजातिको उन्नतिको लागि सञ्चालन गरिउका कार्यक्रमहरू जस्ता सरसुविधा उपलव्ध हुन सकेमा अवश्य यिनीहरूको अवस्थामा सुधार आउन सक्थ्यो । यस जातिको सामाजिक, शैक्षिक, राजनैतिक तथा आर्थिक अवस्था निम्नानुसार रहेको छ :

३.२. सामाजिक अवस्था

(क) जनसङ्ख्या र बसोबास

डाढी गुराँसे गा.वि.स.को वडा नं. ४ मानेडिही र वडा नं. ६ को आधाभारा, कोप्चे तथा फेदीमा मात्र हायूजातिको बसोबास छ । यी स्थानहरू यातायात तथा उब्जाबाली दुवैको आधारमा पिछडिएका स्थानहरू हुन् । हायूजाति स्वभावैले नदीकिनारका सम्म जग्गामा बन रुचाउँदैनन् र उनीहरू अन्य जातिको बसोबास भएको ठाउँमा मिलेर पनि वस्दैनन् । डाढी गुराँसेका कुल जनसङ्ख्या ४०२९ मध्ये हायूजातिको मात्र जनसङ्ख्या २०८ रहेको छ । हायू र इतर हायूको जनसङ्ख्या विवरण निम्न तालिकामा दिइएको छ ।

तालिका नं. १

डाढी गुराँसेका हायू र इतरहायूको जनसङ्ख्या विवरण

जनजाति	पुरुष	प्रतिशत	महिला	प्रतिशत	जम्मा	प्रतिशत
हायू	१००	२४८	१०८	२.६८	२०८	५.१६
इतरहायू	१९६५	४८.७७	१८५६	४६.०७	३८२१	९४.८४
जम्मा :	२०६५	५१.२५	१९६४	४९.७५	४०२६	१००.००

स्रोत : स्थलगत अध्ययन ।

उक्त उमेरगत तालिकाले हायूजातिका १५ वर्षसम्मका बालबालिकाको सङ्ख्या ५१% जति देखाउँछ । यसको अर्थ उनीहरूको आर्थिक रूपले सक्रिय हुन सक्ने उमेरका जनशक्ति कम छ भन्ने बुझिन्छ । यो जाति आर्थिक रूपले पिछडिनुको कारणहरूमध्ये यो पनि एक हो । जम्मा घर परिवारमा १०० भन्दा बढी (१०६) जनसङ्ख्या केटाकेटीको हुनाले प्रति परिवार ३ भन्दा बढी केटाकेटी यहाँ छन्, तर ३० देखि ४५ वर्ष उमेरका काम गर्न सक्ने सक्रिय जनशक्तिचाहिँ ३९ मात्र छ जुन प्रति परिवार २ जना पनि छैन ।

(ख) हायूजातिको सामाजिक सङ्गठन

परिवार

हायूजाति पितृसत्तात्मक परिवारअन्तर्गत रहेका छन् । घरको सबभन्दा जेठो पुरुषलाई घरमरुली मानिन्छ र उसैको इसारा तथा आदेशअनुसार परिवारका अरू सदस्यहरू कार्य गर्दछन् । घरमूलीले आवश्यक ठानेमा अरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सदस्यहरूबाट राय लिने गर्दछन्, तर अन्तिम निर्णयचाहिँ मूलीले नै गर्दछन्। परिवारको सम्पत्तिमा सबै सदस्यहरूको समान हक रहन्छ। कुनै परिवारको अपुताली परेमा छोरीलाई सो सम्पत्तिको हक हुन्छ। डाढी गुराँसेका हायूजातिको सरदर प्रति परिवार ६$^{१}/_{२}$ जनसङ्ख्या रहेको छ। कुनै परिवारमा यो सङ्ख्या १ छ भने कुनै परिवारमा १३ सम्म पनि छ। यो जातिमा संयुक्त परिवारभन्दा एकात्मक परिवारको बढी बाहुल्यता छ।

२.२. हायूजातिका गोत्र र थरहरू

हायूजातिका मानिसहरू आफ्नो गोत्र बताउन सक्दैनन्। गोत्रावलीमा उल्लेख नभएका सबै गोत्र कश्यप हुने हुँदा हायू पनि कश्यप गोत्रअन्तर्गत नै पर्दछन्। यिनीहरूको थरहरू ढकालकमलिश्च, सूर्यवंशी कंश्य, कुकुलुन्च, यासुङ्ग, भँवजाती, इश्रेचाखुँ, सूर्यवंशी कंशिनो, सार्जिप कम लिश्च आदि छन्। तर आफ्नो थर किटान गरेरभ नै यिनीहरू बताउन सक्दैनन्। यिनीहरूको शारीरिक बनावट हेर्दा होचा र पुड्का कद भएका गहुँ गोरा अनुहार भएका प्रायः हट्टाकट्टा गठिला शरीर भएका देखिन्छन्। यिनीहरूको शारीरिक बनावट राईजातिसँग प्रायः मिल्दोजुलदो देखिन्छ।

धार्मिक विश्वास तथा देवीदेवताहरू

डाढी गुराँसेका हायूहरू हिन्दूधर्म मान्दछन्। अन्य हिन्दूसरह यिनीहरू पनि दसैंतिहार मनाउँछन्। यिनीहरूले मान्ने मूल देवीदेवतामध्ये कुलदेवताको स्थान प्रमुख छ। कुलदेवताको पूजालाई यिनीहरू देवाली भन्दछन्। यो देवाली धेरै खर्चिलो हुने हुँदा ४-५ वर्षमा एक पटक मनाउँछन्। दोस्रो स्थानमा आउने देवदेवताचाहिँ सिकारी हुन्। यो जातिका मानिसहरू भूतप्रेतप्रति पनि विश्वास राख्दछन्।

४.३. हायूजातिले मान्ने देवी देवता र पूजाआजा

हायूजाति हिन्दू धर्मावलम्बी भएको हुँदा हिन्दू देवदेवी तथा शिवको आराधना गर्दछन्। देवदेवी खुसी पार्न नाना थरीका धूप, द्वीप र नैवेद्य चढाई पूजा अर्चना गर्दछन्। यिनीहरू भूत, प्रेतप्रति पनि आस्था राख्दछन्। कसैलाई कुनै रोग लाग्दा देवदेवी रिसाएको सम्झी बलिसहित चढाई पूजा गर्ने चलन अद्यावधि कायमै छ। कुनै आपत् परिआउँदा देवदेवीलाई भाकल गर्न पनि हायूहरू बाँकी राख्दैनन्। हिन्दू चाडपर्व पनि मानन पछि परेका देखिँदैनन्। दसैं, तिहार, माघे सङ्क्रान्ति, साउने सङ्क्रान्ति, सत्यनारायण पूजा आदि सबै कुरा मान्दछन्। भैंसीको रक्षाको लागि वनदेवी मानने चलन छ। झारफुकमा पनि यिनीहरू धेरै विश्वास राख्दछन्। प्रायः सबै शुभ कार्य मङ्गलबारका दिन सुरु गरिन्छ।

डाढी गुराँसेका हायूजातिमा प्रचलित अन्धविश्वास तथा अनौठा चलनहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

- जिल्ला सदरमुकामबाट घर फर्कंदा बाटैमा रात परे पनि मरिण खोला नतरेसम्म कुनै घरमा बास नबस्ने। खोलामा बाढी आएको छ भने बरु खोलाको किनारमा बसिरहने।
- अरू जातिका मानिससँग उधारो वा ऋण नलिने।
- जग्गा बेचबिखन गर्नुपरेमा आफन्तमा मात्र गर्ने तर रजिष्ट्रेसन पास नगर्ने घरायसी कागज मात्र गर्ने। पुरानै जग्गावालाले नयाँ जग्गावालासँग रकम लिएर मालपोत तिर्नुपर्ने।
- खोरिया फाँड्ने र बढीमा ३ वर्ष मात्र त्यसमा बाली लगाउने।
- छरछिमेकमा सापटी वा पैंचो नगर्ने बरु भोकै बस्ने।
- एउटा पुरुषले आफ्नी श्रीमती अर्कोसँग लसपस भएको देखेमा पनि नदेखेजस्तो गर्ने बरु आफ्नी श्रीमतीलाई एकान्तमा सतर्क गराउने।
- एकपटक पोइल गएकी श्रमिती पुनः उही व्यक्तिले ल्याउने।
- खोलाको किनारको समथर जमिनमा बसोबास तथा खेती नगर्ने बरु भिरालो पाखोमा खेती गर्ने।

ढाडी गुराँसेका हायूजातिको सांस्कृतिक जनजीवन

जुनसुकै राष्ट्रको राष्ट्रिय पहिचान त्यहाँको राष्ट्रिय संस्कृतिबाट हुन्छ। राष्ट्रिय संस्कृति विभिन्न जाति, धर्म र समुदायका मानिसहरूको रहन-सहन, संस्कार तथा मानि आएका धर्म तथा देवी-देवतामा भर पर्दछ। यहाँ नेपालको अति नै पिछडिएको एक जाति हायूको सांस्कृतिक जनजीवनसम्बन्धी विभिन्न पक्षहरूलाई छोटकरी रूपमा चिनारी दिने जमर्को गरिएको छ।

१. रहनसहन

रहन-सहन भन्नाले पारिवारिक विशेषता, लवाइ-खवाइ, सम्मान-सत्कार तथा सामाजिक जन-जीवनलाई बुझाउँछ। सिन्धुली जिल्लाको डाढी गुराँसे गा.वि.स. क्षेत्रभित्रका हायूजातिको रहन-सहनलाई यहाँ बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ।

(क) घरको बनोट तथा सामाजिक परिवेश

यहाँका हायूहरू रहेका बस्तीहरू अरू जातिहरूको बस्तीबाट अलग छन्। प्रायः जङ्गलले घेरिएको भिरालो पाखोमा मात्र हायूहरूको बस्ती छ। अरू जातजातिको वस्ती भएको ठाउँमा हायूहरू बस्न रुचाउँदैनन्। त्यसैले उनीहरूले आफ्नो छुट्टै बस्ती बनाएका छन्। सबै हायूका घरहरू खरले छाएका छन्। कुनै कुनै घरको चोटा पनि छ। अरू सबै घरहरू एकतले नै छन्। घर बनाउन बीचमा धुरी खाँवा गाडिन्छ र दुईतर्फ भिरालो पारेर प्यागोडा शैलीमा छाना बनाइन्छ। घरको घेरावेरा ढुङ्गा र माटोको गाह्रोबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरिएका छन्। चोटा भएको घरमा माथिल्लो तल्ला कत्तर र माटोले बेरिएका छन्। घरको सामुन्नेमा एउटा ढोका राखिएको हुन्छ भने अर्कोतर्फ सहायक ढोका हुन्छ जसलाई जस्केल भनिन्छ। घरको भित्र कोठा बनाइएको हुँदैन। एक छेउमा भान्छा हुन्छ त्यही मान्छाको छेउमा जाडोको समयमा आगो ताप्ने गरिन्छ। हायूहरूको बस्तु पाल्न सानो छाप्रो बनाइएको हुन्छ या त घरको बलेसीमा पाली गाँसेर बस्तु बाँधिन्छ। कुखुरा र परेवाचाहिँ घरभित्र नै थुनिन्छन्। प्रायः घरको अघिल्लो भागमा सानो ठाउँ खाली छाडिन्छ, जसलाई दलान भनिन्छ। यो दलानमा चित्रा बुन्ने काम गरिन्छ। घरअगाडि सानो आँगन हुन्छ र उक्त आँगनको छेउमा एउटा सुँगुरको खोर बनाइएको हुन्छ। सुँगुरको खोरको छानो हुँदैन। बाहिरबाट देख्न सकिने हावादार किसिमको बलीया काठबाट यो खोर बनाइन्छ।

(ख) लवाइ-खवाइ

पहिले पहिले यहाँका हायूहरू पुरुषले चौबन्दी, भोटो, टोपी र खाँडीको कछाड तथा महिलाले खाँडीको फरिया चौबन्दी चोलो, पटुका आदि लगाउँथे। तर सामाजिक परिवर्तनले ल्याएको प्रभावले गर्दा हाल पुरुषले विभिन्न रङ्गीविरङ्गी कपडाका कमिज, कोट, पाइन्ट र सुरुवाल आदि र पछ्यौरा आदि लगाउन थालेका छन्। महिलाहरूले कानमा ठूला-ठूला चेप्टे सुन वा पित्तलका गहना र नाकमा बुलाकी लगाउँछन्। त्यसै गरी हातभरि प्लास्टिकका नफुट्ने चुराहरू पनि लगाउँछन्। घाँटीमा चाँदीका हँसुली वा पन्दाको माला र पोते लगाउँछन्। तर पुरुषहरूचाहिँ कुनै गहना लगाउँदैनन्।

हायूहरू आफूकहाँ अन्न भएसम्म भात, तरकारी, ढिँडो, जाँड आदि खाने गर्दछन् भने अनिकालमा सिस्नो, जलुको, गिठ्ठा, भ्याकुर, जामुन आदि खाएर छाक टार्दछन्। तर अन्न हुँदा पनि मीठो परिकार बनाएर खान उनीहरू जान्दैनन्। प्रायः अनिकाल नै पर्ने हुँदा धेरै समय कन्दमूल नै खान्छन्। समय समयमा माछा मारेर वा शिकार गरेर वा घरकै पशु कारेर माछा-मासु खाने गर्दछन्। आफ्नो घरमा दुहुना भएमा दूध, दही, घिउ, मही पनि खाने गर्दछन्।

(ग) मान-मर्यादा, सम्मान, सत्कार तथा सामुदायिक जनजीवन

हायूहरूको घरमा जेठो व्यक्तिलाई मूली मानिन्छ र उसैको खटनमा सबै जना बस्नुपर्छ। अरू सदस्यहरूको पनि उमेरको ज्येष्ठता क्रमको आधारमा सानाले मानसम्मान पुऱ्याउनुपर्छ। घरभित्रको व्यवहारमा महिलाको प्रमुख स्थान हुनछ। अन्य हिन्दू धर्मावलम्वीसरह यिनीहरूको पनि मान-मर्यादा तथा सम्मान गर्ने चलन छ। बाहिरबाट आउने पाहुनाहरूलाई आफ्नो गच्छेले भ्याएसम्म सत्कार गर्ने चलन उनीहरूमा छ। आफ्नो गाउँभरिमा गाउँको एउटा मूली जेष्ठताको आधारमा तोकिएको हुन्छ र सोही मूलीको सल्लाह तथा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुझावको सवैले पालना गर्नु पर्छ। गाउँमा कुनै समस्या पर्न आएमा सवै जना मूलीको घरमा जम्मा हुन्छन् र सबैवाट सकेसम्म राय लिएर मूलीले निर्णय गर्दछ। मूलीले कसैलाई दण्ड दिन पनि सक्दछ। यस्तो दण्डप्राय आर्थिक हुन्छ र त्यो दण्डबाट उठेको रकम भोजमा खर्च गरिन्छ।

(घ) भाँगाकुँडा, हातहतियार तथा वाद्य यन्त्रहरू

हायूहरूको आर्थिक स्थिति कमजोर भएकोले धेरै भाँडाकुँडा उनीहरूको आर्थिक स्थिति कमजोर भएकोले धेरै भाँडाकुँडा उनीहरूकहाँ हुँदैन। खाना पकाउने सिल्वरका तसला, फलामे कराही, पानी राख्ने माटाका गाग्रा र रक्सी बनाउने ताँवाका भाँडा यिनीहरूकहाँ पाइन्छन्। भात खाने थालहरू चरेस वा झर्काका पनि कुनै कुनैका घरमा हुन्छन् भने धेरैकहाँ सिल्वरका हुन्छन्। पानी खाने अम्खोराचाहिँ ढलोनको हुन्छ। यिनीहरूकहाँ भाँडा सुकिलो पारेर माझिएको हुँदैन। जाँड खाने डवका प्रत्येक घरमा हुन्छ।

हायूहरूको हात-हतियारमा खुकुरी, खुर्पा, कचीया, कोदालो र धनुकाँड पाइन्छ। एकदुई घरमा भरुवा बन्दुक पनि छ। उनीहरूले वजाउने वाद्य यनत्रहरूमा मादल मुख्य हो। मादलबाहेक खैंजडी पनि पुरानो वाद्य यन्त्र मानिन्छ।

(ङ) मनोरञ्जनका साधनहरू

हायूजाति ज्यादै रउसे हुन्छन्। उनीहरू आफ्नो समाजमा गीत गाएर नाची मनोरञ्जन गर्दछन्। बूढापाकाहरू पुराना उखान भन्ने र सुन्ने गरी मनोरञ्जन गर्दछन्। युवायुवतीहरू हिउँदमा विभिन्न ठाउँमा लाग्ने रातिको जात्रामा गई दोहोरी गीत गाएर मनोरञ्जन गर्दछन्। कतिपय महिलाहरू यही मनोरञ्जन गर्दा गर्दै जात्रावाट पोइल पनि जान्छन्।

२. हायूजातिको जन्मदेखि मृत्युसम्म गरिने संस्कारहरू

जुनसुकै समाजको चिनारी दिंदा त्यस समाजमा गरिने जन्मदेखि मृत्युपर्यन्तको संस्कारबारे जानकारी दिइन्छ। यस क्षेत्रका हायूहरू पनि आफ्नै किसिमको रीतिरिवाज र संस्कारमा हुर्केका हुँदा यहाँ हायूजातिको विभिन्न संस्कारहरू छोटकरी रूपमा प्रस्तुत गरिएको छ।

(क) जन्मसंस्कार (न्वारान)

हायूहरूको बच्चा जन्मेको ३ देखि ५ दिनमा न्वारान गरी सूतकबाट चोख्याइन्छ। बच्चा जन्मनेबित्तिकै अरू जातिले जस्तै सालनाल काटेर बच्चालाई नुहाई घरको धुरीभन्दा देब्रेतर्फको आधा भागमा मात्र वस्न दिइन्छ। धुरूदेखि दाहिने भागमा देऊ वस्ने स्थान मानिएकोले उनीहरूलाई त्यता जान दिइँदैन। न्वारान कार्य ब्राह्मणबाट गराइँदैन बरु आफ्ना चेलीबेटीबाट सालको धूप हालेर गाइको गहुँत घरमा छर्कनुको साथै सूतक पर्ने सवैलाई सो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खान दिएर न्वारान गरिन्छ। बच्चको नामकरणचाहिँ बाबुले गर्छ र उसले जन्मेको बारको नामकरणचाहिँ बाबुले गर्छ र उसले जन्मेको बारको नामअनुसार नै बच्चाको नाम राख्छ। न्वारानमा आफन्त तथा छिमेकीहरूलाई बोलाई कुखुराको भाले वा खसीको मासु, दाल, भात, जाँड, रक्सी आदि भोज खुवाइन्छ। सूतक लाग्ने अरू घरमा पनि गहुँत छरेर र खाएर चोख्याइन्छ। सुत्केरीले चाहिँ २० दिन सम्म मूलढोकाबाट आवत-जावत गर्नु हुँदैन। २० दिनपछि चाहिँ गहुँत खाएर पूरा चोखिन्छ।

(ख) पास्नी

हायूजातिको पास्नी कार्यलाई त्यति महत्त्व दिइँदैन। कुनै परिवारले रहरले यो कार्य गरेमा अरू जातिसरह नै गर्दछन्।

(ग) छेवर

छेवर हायूजातिको ब्राह्मणक्षत्रीको व्रतबन्ध गर्नेजस्तै जात कर्म गर्ने एक विधि हो। यो संस्कार हायूको आफ्नै विशेषताले परिपूर्ण देखिन्छ। ३ वा ५ वा ७ वर्षमा छेवर गर्ने चलन छ। यस कार्यका लागि छेवर गरिने बालकका मामाले गाईको गोठमा दाम्लोले बाँधी भान्जाको कपाल काट्दछन्। कपाल काट्दा कैँचीले मात्र काट्दछन्। यस कार्यको लागि एक टपरी राखेर त्यसमा कपाल थाप्नुपर्छ। यस कार्य गरेबापत मामाले टोपी र चौबन्दी दौरा, फूल र सकेको दक्षिणासहित भान्जालाई शुभाशिष् दिने परम्परा छ। यसरी काटेको कपाल मामाले अमलाको बोटमुनि सेलाउने गर्दछन्। छेवर संस्कारमा अतिथिहरूलाई रोटी, जाँड, रक्सी, भात, मासु खुवाउने प्रचलन रहेको छ।

(घ) विवाह

(१) **मागी विवाह :** हायूजातिको विवाह केटा-केटीको उमेर पुगेपछि २० वर्षबाहेक अरू जुनसुकै वर्षमा गरिन्छ। हायूको छोरो विवाह गर्न लायक भयो वा भएन भन्ने जाँच बाबुले गर्दछ। बाबुले छोरालाई परक्षिण गर्दा कुनै काम अराउँदा छोराले अटेर गरेमा छोरालाई गालीगलौज गर्न लाग्दछ र छोराले पनि धम्की दिएमा छोरलाई कुट्न बाबु अघि सर्छ तथा छोराले पनि हात फर्काई कुस्ती परेर बाबुलाई पछारेमा छोरो बिहे गर्न लायक सम्झी बाबुचाहिँ केटी खोज्न सुरुवात गर्दछ। हायूजातिको केटातर्फका मानिस केटीको घरमा केटी माग्न जाँदा पहिलेदेखि नै छुट्टै तयार पारेको ४ माना चामलको जाँड, (जसलाई पुङ भनिन्छ), रक्सी र भाले लिएर जान्छन्। केटीतर्फ पनि माग्न आउने कुरा थाहा हुन्छ र उनीहरूले पनि जाँड बनाइराखेका हुन्छन्। यस वेलाको दुवैतर्फको जाँडको स्वादबाट केटाकेटीको ग्रह परीक्षा हुन्छ। जाँड मीठो भएमा ग्रह मिल्ने तथा नमीठो भएमा ग्रह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नमिलेको मानिन्छ। दुवैतर्फको जाँड मीठो भएमा केटाकेटीको ज्यादै मेलमिलाप हुन्छ भन्ने धारणा छ। हायूको ग्रहनक्षत्र आदिको परीक्षा यही जाँडबाट हुन्छ। यसरी केटाको तर्फबाट लगिएको मीठो जाँडको पुङ भुइँमा राख्नु हुँदैन। केटीतर्फका बाबु, आमा वा दाजुको हातमा दिँदै तपाईंको छोरी वा बहिनी मेरो छोरा वा भाइलाई माग्न आएको भनिन्छ। यस अघि हातमा जाँडको पुङ ठड्याएर केटीको घरमा पुग्नेबित्तिकै "अमुतको फूल देखेर आयौं, हामीलाई अमुतको फूल दिने किन नदिने, सुनको सँघार, रूपको द्वार घुरुक्क उघार" भनेर हातमा पुङ दिइन्छ। केटी पक्षकाले पुङ लिएमा दिने मन्जुर गरेको मानिन्छ। यसरी थापेको पुङ केटी पक्षकाले पछि मिलेर खान्छन्।

पुङ लिएको केही दिनपछि फेरि विहेको दिन तोक्न केटातर्फबाट जाँड वा रक्सी, दही आदि लिएर जानुपर्छ। केटीतर्फबाट यस बेला रीतको माग गरिन्छ। रीतमा गच्छेअनुसार २००-३०० नगद, सुँगुर, १० पाथीजतिको भातीको जाँड लिइन्छ। रीत तिर्न नसक्ने भएमा केटाले एक वर्षसम्म ससुरालीको काम गर्नु पर्छ। रीत तोकी सकेर केटीको मृत्यु भएमा विवाहपूर्व नै क्रिया केटातर्फ सर्दछ। यस प्रकार रीत लिएर दिन तोकेपछि विवाहको कार्य गरिन्छ। विवाह गर्दा केटापर्त्तबाट जन्ती जान्छन् र स्वयंवर गरिन्छ। जन्तीमा पनि जाँड, कुखुराको भाले, एक ठेकी दही, टीकाको लागि एक माना चामल, एक पेरुङ्गो माछा तथा चारदाम केटाले लानुपर्छ। विवाहमा जन्ती अक्षताले पर्सिएर स्वयम्भर गरिन्छ। जग्गे गरिँदैन। त्यसपछि रातभरि मादल तथा ढोल ठोकेर बाजा बजाई नाचगान गरिन्छ। भोलिपल्ट घरतर्फकाले दुलहीलाई पिठ्यूँमा बोकेर लैजान्छन्। दुरान फर्काउँदा पनि रोटी, रक्सी, भाले, जाँड आदि वस्तु केटातर्फबाट लानुपर्छ।

(२) **चोरी विवाह :** केटीको बाबु आमाले केटी दिन इन्कार गरेमा केटातर्फका केही व्यक्तिहरू मिलेर केटीलाई बलजफ्ती समातेर वा फकाएर स्वीकृति वेगर नै गरिने विवाहलाई चोरी विवाह भनिन्छ। हायूहरूको यस्तो विवाह हुँदा पनि केटीका बाबुआमालाई तिर्नुपर्ने रीतपछि पनि तिर्नुपर्छ। अन्यथा केटीलाई बाबुआमाले फर्काएर लान पाउने अधिकार समाजले उनीहरूलाई प्रदान गर्छ।

(३) **जारी विवाह :** एउटा हायूको विवाहित श्रीमतीलाई अर्को हायूले लगेमा पहिलेको लोग्नेलाई क्षतिपूर्ति स्वरूप रु.४००।- देखि ५०० सम्म जारी तिर्नु पर्छ। बच्चासमेत लगेमा रु.१०००।- सम्म पनि तिर्नुपर्छ। हायूहरूको जार काट्ने चाहिँ चलन छैन।

(४) **विधवा विवाह :** कुनै विवाहित हायू स्त्रीको लोग्ने मरेमा एक वर्षपछि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उक्त स्त्री कन्यासरह मानिन्छ र उसले फेरि विवाह गर्ने हक हुन्छ। उक्त कन्या आमा बाबुसँग रहेर उनीहरूकै इच्छाअनुसार विवाह गरिन्छ।

(५) **प्रेमविवाह :** हायूहरूको प्रेमविवाह भएको प्रमाण पाइँदैन। केटा-केटी मिलेर विवाह गरे पनि मागी विवाहको रीतचाहिँ पुऱ्याउनैपर्छ।

(ङ) मृत्युसंस्कार

हायूजातिको मानिसको मृत्यु हुँदा मुर्दालाई नुवाइ-धुवाइ गरेर तेल लगाइन्छ र नाडीमा कालो धागो बाँधिन्छ। पुरुष मरेको भएमा उसलाई सेतो दौरा, सुरुवाल र फेटा लगाइन्छ। महिला भएमा सेतो चोलो, फरिया लगाइन्छ र पलेटी कसाएर एकछिन राखिन्छ। मलामी जाने मानिसहरू र सबै आफन्तहरू आइपुगेपछि मुर्दाको काखमा जोडको डबका राखिन्छ जसलाई रस्याउने भनिन्छ। त्यसपछि बाँसको डन्डीमा मान्द्रो राखी सो मान्द्रोमा मुर्दालाई बेरेर बाँसको चोयाले तीन ठाउँमा बाँधी लास चलाइन्छ। सकेसम्म छोराले लास बोक्नुपर्छ छोरा नभए हकदार वा आफ्नो जातिका अरू मानिसबाट बोकिन्छ। हुन त लास गाड्ने र पोल्ने दुवै चलन छ भनिन्छ, तापनि यहाँका हायूहरू लासलाई गाड्ने नै गर्दछन्। लास गाड्न खनिएको खाडलमा मृतकको गच्छे अनुसारका उसलाई मन पर्ने समपत्ति पनि गाडिन्छ। लासलाई उत्तानो पारेर सुताई त्यसको मुखमा बाँसको ढुङ्ग्री अड्याइन्छ र नलड्ने गरी माटोले पुरिन्छ। त्यसपछि प्रत्येक दिन सोही ढुङ्ग्रीबाट खाना र पानी लासलाई दिइन्छ। उक्त ढुङ्ग्रीबाट गन्ध आएर वरिपरि जान नसकिने भए पछि सो लासबाट सास गएको मानिन्छ र खाना पानी दिइदैन। घरको मूली मरेमा घर नै सार्नुपर्छ यदि सार्ने ठाउँ छैन भने छाना उघारेर नयाा छाउनु पर्छ। क्रिया गर्दा किरिया बस्नेले कपाल खौरिई सेतो कपडाको छोपो टाउकोमा बाँध्नुपर्छ। त्यही दिन डामेको रोटी र अलिनो आलु मात्र खान मिल्छ। ३ देखि ५ दिनसम्ममा सानो काम (क्रिया) गरेपछि मात्र नून खान हुन्छ। सानो काम गरेको भोलिपल्ट गाउँका सबै घरमूलीहरूको रोहबरमा गहुँत खाने, ख्वाउने गरेर मात्र जुठोबाट चोखिन्छ। गहुँत खुवाउने काम चेलीबेटीहरूले गर्दछन्। यही दिन मलामीहरूलाई जाँड, दाल, भात, तरकारी, मासु आदि खुवाइन्छ। जुठो सकिएपछि चेलीबेटीहरूलाई भाँडाकुँडा आदि दान दिइन्छ। तर ठूलो कामचाहिँ बालीनाली लगाउने काम सकिएपछि तिहारको औँसीमा गरिन्छ। ठूलो काममा पनि पूरै गाउँलेलाई भोज ख्वाएर चेलीबेटीहरूलाई दान सकेसम्म दिइन्छ। हायूहरूको श्राद्ध गर्ने चलन छैन।

४.४. हायूजातिले मान्ने चाडपर्वहरू

हायूजाति हिन्दू धर्मावलम्वी भएकोले उनीहरूले मानने चाडपर्वहरू पनि अरूरू हिन्दूहरूले मानने चाडपर्व नै हुन्। अन्य जनजातिले मानने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चाडपर्वहरूको वर्णन **प्रथम खण्डको दोस्रो परिच्छेदमा** गरिसकिएकोले यहाँ हायूजाति विशेषले मात्र मान्ने केही अनौठा चाडपर्वहरू तथा तिनीहरूको संस्कार बारेमा छोटकरीमा वयान गरिएको छ ।

(क) देवाली र कुलपूजा

हायूजातिले मनाउने चाडपर्वमध्ये देवाली सवभन्दा खर्चिलो पर्व हो । यो हुन त वर्षेनी गर्नु पर्ने हो तापनि धेरै खर्चिलो हुने हुँदा ४-५ वर्ष विराएर मात्र गरिन्छ । यो पर्वमा हायूको अतिरिक्त अन्य जातिका मानिसलाई पनि निम्ता दिइन्छ र देवालीको काम १५ दिनसम्म लगातार गरिन्छ । यस पर्वमा गाउँको मूलीवाट कुखुरा, सुँगुर, खसी आदिको वली दिइन्छ । आँगनको बीचमा बाँसको ठूलो टाँड बनाएर त्यही टाँडमाथि नै पूजाआजा गर्ने, नाँच्ने, गीत गाउने तथा खाने काम गरिन्छ । यस अवधिमा टाँडमाथि कुनै हायू कामेमा उसलाई देवताले रुचाएर देउ चढेको मानिन्छ । देउ चढेको मानिसले भने अराएवमोमिजका सवै कुरा अरूले पुऱ्याउनुपर्छ । देउ चढेकाले भनेको कुरा नमानेमा देउता रिसाउने डर हुन्छ र घरमा अनिष्ट हुन्छ भनिन्छ । यो पर्वमा धान मात्र ७-८ मुरी खर्च हुन्छ भने बलिको खर्च त महँगो पर्ने नै भयो ।

हायूजातिको कुल पूजा प्रत्येक वर्ष वैशाखे पूर्णिमामा गरिन्छ । यसलाई देउपूजा पनि भनिन्छ । आफ्नो कूल देवताको साथसाथै स्थानीय देवी देवतालाई बोका, पाठी, परेवा, कुखुरा आदिको बलि दिएर धूप वत्तीसहित गरिने यस पूजामा पुजारीले वोल्नु हुँदैन र सुँगुरको बली पनि यस पर्वमा चल्दैन । देवताको रूपमा गहुँको पीठोको सोल्मा बनाइएको हुन्छ र यही सोल्मामा पर्ने गरी बलि दिएको वस्तुको रगतको सिर्का पारिन्छ । यसपछि धूप र सालधूप, बाटेको धूप वा गाईको नौनीको धूप हाल्दछन् र जग्गामा राखेको धनुमा यस दिन देउ वर्षेको मानिन्छ र पुजारी वा अरूलाई धनुद्वारा वाण हान्न लगाइन्छ । धनुमा ताँदो चढाई १० हात जति टाढा सालको रूखमा एउटा निशाना बनाई हानिन्छ । धनुद्वारा वाण निसानामा नलागेसम्म दिनभर पनि वाण हानिन्छ । निसाना लागेपछि जाँड, पानी चढाइन्छ र उक्त पूजाका सामानलाई सफा र सुग्घर स्थानमा लगी सेलाइन्छ ।

(ग) सिकारी पूजा

गाईको गोवरले लिपेको ठाउँमा रूखको नजिकै वा रूखमुनि एउटा ढुङ्गा अड्याई सिकारी स्थापना गरेर सिन्दूर, अक्षता, टटलाको फूल, धूप द्वारा हायूहरूले सिकारीको पूजा गर्ने परम्परा छ । यस पूजामा सच्चा धनु र तीरको स्थापना गरी तेर्स्याई राखिन्छ । यसै धनुमाथि एउटा निक्खर सेतो भाले काटेर रगत पारिन्छ । त्यस भालेको मासु त्यहाँ उपस्थित हुने सवैले खान पाउँछन्, तर घरमा लगेर वा कसैलाई बोलाएर खान दिनु हुँदैन । मासु खाने समयमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफैँ आइपुग्ने जोसुकैले पनि त्यहाँ बसेर त्यो मासु खान हुन्छ। यो पूजा गर्दा केवल मासु र जाँड मात्र खान पाइन्छ, अन्य खानेकुरा खानु हुँदैन। मासु खाइसकेपछि धनुद्वारा तीर हान्ने काम गरिन्छ। धनुद्वारा तीर निसानामा नलागेसम्म कोही पनि त्यहाँबाट अन्यत्र जानु हुँदैन। तीर निसानामा नलागेसम्म तीर हान्ने काम चलिरहन्छ र निसानामा लागेपछि धनुलाई घरको दैलोमाथि भुन्ड्याएर राखिन्छ र यसरी सिकारी पूजा समाप्त हुन्छ ॥

उपसंहार

नेपालको जनकपुर अञ्चल सिन्धुली जिल्लाभित्र पर्ने डाढी गुराँसे गाउँ विकास समिति एउटा भित्री मधेसको पिछडिएको क्षेत्र हो। आकारमा सानो भए पनि यस क्षेत्रमा ब्राह्मण, क्षत्री, तामाङ, मगर, हायू, भुजेल, कँवर, सुनुवार, नेवार, माझी, सार्की, कामी र दमाई जस्ता विभिन्न जातिका गरी जम्मा ४०२९ जना बासिन्दाहरू रहेका छन्। मुख्य पेसा कृषि भए पनि यहाँका बासिन्दाहरू केही वर्ष विराएर अन्य पेसा समात्न बाध्य हुन पुगेका छन्, किनभने यस क्षेत्रमा बग्ने मरिण र यसका सहायक नदीले यहाँ समयसमयमा बाढी आई जग्गाजमिन सखाप पारेर बगाउँदछ र पुराना बासिन्दाहरू यस क्षेत्र छाडी अन्यत्र बसाइँ सर्ने प्रवृत्तिको विकास भएको छ।

यस डाढी गुराँसे गा.वि.स. क्षेत्रभित्र रहने विभिन्न जातिका मानिसहरूमध्ये हायूजाति पनि एक हो। यो हायूजाति नेपाल अधिराज्यको जनसङ्ख्यामा नगण्य छ र यसको वस्ती रामेछाप र सिन्धुली जिल्लामा मात्र रहेको छ। सिन्धुली जिल्लाको यस गा.वि.स. क्षेत्रमा जम्मा ३२ घरपरिवारका २०८ जना हायूहरू रहेका छन्। यहाँ हायूहरूको बस्ती भएका स्थानहरू यातायात, सञ्चार, खानेपानी, सिञ्चाइ, शिक्षा आदि जस्ता विकासका पूर्वाधारहरूबाट वञ्चित छन्। हायूजातिको शिक्षाको स्तर शून्य छ। समाजमा उनीहरू आफूलाई अपहेलित सम्झन्छन् र यी दुई जिल्लाबाहेक अन्यत्र जाँदा आफ्नो जात नै ढाँटेर राई हौँ भन्छन्। यस्तै क्रम रहिरहेमा कुनै दिन हायूजाति नेपालबाटै लोप हुन सक्ने सम्भावना छ। नेपाल सरकारले पनि यस जातिको जातीय उत्थानको निमित कुनै प्रयास गरेको देखिँदैन। हायूहरू अशिक्षित भएकोले राजनीतिमा पनि उनीहरूको स्थान छैन र आफ्ना भनाइ समाजमा राख्न पनि सक्दैनन्। यी हायूहरूको निमित्त पनि नेपाल सरकार तथा गैरसरकारी संस्थाहरूबाट चेपाङजातिको उत्थानका लागि सञ्चालन गरिएजस्ता केही योजना र कार्यक्रमहरूको थालनी भएमा यस समस्याको केही हदसम्म समाधान हुने थियो।

सन्दर्भग्रन्थ

१. केन्द्रीय तथ्याङ्क विभाग, *नेपाल इन फिगर्स १९९३*।
२. केन्द्रीय तथ्याङ्क विभाग, *सांख्यिकीय झलक नेपाल २०५०*।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल प्रज्ञा-प्रतिष्ठान

9789937589383

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal